CC-0. In Public Domain. Digitization by eGangotri

महेशराज पन्त

को हुन् त नयराज पन्त



संशोधन-मण्डल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को हुन् त नयराज पन्त

महेशराज पन्त

संशोधन-मण्डल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग
काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०
४३०१०२५
४४३५७४९

ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ

प्रकाशनमिति– वि.सं. २०७१ आश्विन

मूल्य– रु. ७५०।-

लेआउट– पुरुषोत्तम महर्जन
फोन नं. ४३१२५९३
ई-मेल– kalakarpm@gmail.com

ISBN: 978-9937-2-8665-7

मुद्रक– श्री प्रेस
एकान्तकुना, जावलाखेल
ललितपुर, नेपाल
फोन नं. ५५३२८२२
ई-मेल– shreepress@wlink.com.np

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यही पुस्तकको विषयमा

वि.सं. २०४३ चैतदेखि वि.सं. २०७१ जेठसम्मको २७ वर्ष २ महीनाभित्र नयराज पन्तको विषयमा मेरा छापिएका कुरा समेटिएर यो पुस्तक निकालिएको छ। ती लेखमध्ये एउटा छोडेर अरू सबै नयराज पन्त परलोक भएपछि लेखिएका र छापिएका हुन्।

शेषराज सिवाकोटी नयराज पन्तको जन्मदिन र मरणदिनमा गरी भ्याएको खण्डमा वर्षको २ वटा कृति वा अझ बढी प्रकाशमा ल्याउन खोज्नुहुन्छ। नयराज पन्तले लेखेका, पृथ्वीनारायण शाहसम्बन्धी लेखको सङ्ग्रह तयार पार्ने जिम्मा शेषराज सिवाकोटीले मलाई दिई त्यो सङ्ग्रह वि.सं. २०७० कार्तिक १८ गते नयराज पन्तको मरणदिनको अवसरमा छपाउने विचार गर्नुभएको थियो। लेख जतिको त सम्पादन भई तिनको कम्प्युटरमा टाइप भयो। ती लेखको विषयमा मेरो धारणा किंवा परिशीलन परेको मुखबन्ध पनि गाभ्नुपर्छ भनी उहाँले जोड दिनुभएकोले र त्यो लेख्न मैले नभ्याएकोले पुस्तक छापिन सकेन।

अब वि.सं. २०७० चैत १६ गते धनवज्र वज्राचार्यको जन्मदिनको अवसरमा पृथ्वीनारायण शाहसम्बन्धी, नयराज पन्तका लेखको सङ्ग्रह छाप्ने योजना शेषराज सिवाकोटीको बन्यो। लेखपढकै काम भए पनि नानाथरी काममा समय बाँड्नुपरेकोले र पृथ्वीनारायण शाहको विषयमा त्यसताका मैले खास चिन्तनमनन पनि नगरेकोले त्यस वेला पनि उहाँको इच्छा पुऱ्याउन सकुँला जस्तो मलाई लागेन।

धनवज्र वज्राचार्यको जन्मदिनको अवसरमा नयराज पन्तको आफ्नै वा उनको विषयमा एउटा न एउटा कृति त अवश्य छाप्नुपर्छ, पृथ्वीनारायण शाहसम्बन्धी लेखसङ्ग्रह छाप्न नसके पनि तपाईँले नयराज पन्तको विषयमा प्रकाश गरिसक्नुभएका लेख जति सङ्ग्रह गरी छापौँ, यसमा खास परिश्रम पनि पर्दैन भनी शेषराज सिवाकोटीले भन्नुभयो। उहाँले यस्तो भन्नुभए पनि यो सङ्ग्रह निकालिहाल्ने मेरो विचार थिएन। तर उहाँले जोड दिनुभएकोले यसैअनुसार काम अगाडि बढ्यो। उहाँले यसको सम्पादनमा खास परिश्रम पर्दैन भने पनि केलाएर हेर्ने मेरो स्वभाव भएकोले परिश्रम निकै पऱ्यो। आखिरमा सङ्ग्रह तयार भयो र शेषराज सिवाकोटीको ज्ञानगुनसाहित्यप्रतिष्ठानद्वारा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छापिने भई प्रेसमा पुग्यो पनि । धनवज्र वज्राचार्यको जन्मदिनको अवसरमा अरू ३ वटा पुस्तिका पनि त्यही छापाखानामा शेषराज सिवाकोटीले छपाइरहनुभएकोले प्रेसले नभ्याउने भएर होला, त्यस अवसरमा यो सङ्ग्रह निस्किएन ।

तयार भइसकेको यो सङ्ग्रह यसै नछापेर राख्न मलाई मन लागेन र संशोधन-मण्डलको तर्फबाट यसलाई छपाउने सल्लाह भयो । अनि सौरमानअनुसार नयराज पन्तको एक-सय-दुइऔँ जन्मदिन अर्थात् वि.सं. २०७१ साउन २६ गते यो पुस्तक निकाल्ने विचार गरी काम गर्दै गएँ । काम गर्दै जाँदा पहिलेबाट नगाभिएका केही लेख पनि यसमा गाभिएकाले पुस्तकले ठूलै आकार लियो । अखबारी लेखलाई पनि प्रमाणद्वारा पुष्ट गरिनु पनि आकार बढ्नुको अर्को कारण हो । तर त्यस मितिमा पनि निकाल्न सकिएन र त्यसको एक महीनापछि अहिले भदौमा मात्र यो पुस्तक छापाखानामा पठाउन सकियो ।

२७ वर्षभन्दा बढी समयको अन्तरालमा थरीथरीका पाठकलाई लक्ष्य गरेर लेखिएका यी लेखका शैलीमा ऐकरूप्य नहुनु अस्वाभाविक होइन । अघिल्ला लेखमा भएका कुरा पछिल्ला लेखमा कहीँ कहीँ दोहरिएका पनि छन् । धेरै नै दोहरिएको ठाउँमा तिनलाई हटाइए पनि अन्यत्र चलाइएको छैन । कुनै लेखमा नयराज पन्तसँग सम्बद्ध कुरा छन् भने त्यस लेखको सम्बद्ध भाग मात्र यहाँ उतारिएको छ, समग्र लेख उतारिएको छैन ।

कुनै लेख नयराज पन्तसँग आफ्नो नाता जोडेर र आदरार्थी शब्दको प्रयोग गरेर मैले लेखेको छु त कुनै लेखमा नाता नजोडेर आदरार्थी शब्दको प्रयोग नगरेर लेखिएको छ । जसरी ती लेखिएका थिए, त्यसरी नै अहिले छापिएका छन् ।

छापिएको कालक्रमअनुसार ती लेख यस पुस्तकमा अगाडिपछाडि पारिएका छन् । यहाँ लेख समेट्दा ती लेख २ खण्डमा बाँडिएका छन् । पहिलो खण्डमा नयराज पन्तको विषयमा लेखिएका कुरा मात्र भएका लेख लेखिएको कालक्रमअनुसार राखिएका छन् । दोस्रो खण्डमा परेका लेखचाहिँ नयराज पन्त र उनीसँग कुनै न कुनै प्रकारले सम्बद्ध र सामानकालिक मसीजीवी तथा नयराज पन्तको दर्शन आदिको विषयमा छन्, तिनलाई लेखिएको कालक्रमअनुसार यहाँ राखिएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*यो पुस्तक तयार पार्दा काम लिइएका साधनको तालिका*मा मूल लेखहरूमा सोझै उद्धरण गरिएका कृति मात्र नपरी लेख लेख्दा परोक्ष रूपले उपयोग गरिएका कृतिका नामनमेसी पनि पारिएका छन् ।

नेपालको विद्यासम्बन्धी इतिहासको परिशीलनको एउटा कडीको रूपमा लेखिएका यी निबन्ध मेरो बुत्ताले भ्याएसम्म अत्यन्त इमानदारीसँग र उत्तिकै सावधान भएर मैले लेखेको छु । नयराज पन्तलाई जसरी मैले हेर्ने गरेको छु, त्यो कुरा यी लेखमा निष्कपट ढङ्गले व्यक्त छन् ।

कुनै कुनै निबन्धमा परेका गल्ती पछि मैले आफैँले भेट्टाउँदा त्यस्तो ठाउँमा संशोधन गर्ने गरेको छु । पछि प्रकाशमा आएका सामग्रीको आधारमा पनि कुनै कुनै ठाउँमा मैले सच्याएको छु, यसो गर्दा कुनै लेखमा पहिलेबाट छापिएको मिति दिँदा दिँदै पनि पछिल्लो मितिमा छापिएको कृतिको सन्दर्भ आउन सक्छ ।

यस पुस्तकमा जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो । यस्तो चिह्न खालि संस्कृत शब्द अशुद्ध हुँदा मात्र हालिएको छ ।

यी लेख पहिलोपटक छापिएपछि गढेर पढ्ने पाठकहरूमध्ये (वर्णक्रमअनुसार) एकारत्न आचार्य, दिनेशराज पन्त, प्रकाश ए. राज, राउप्र पोखरेल र शेषराज सिवाकोटीबाट कुनै कुनै लेखमा भएका कमी र गल्तीको विषयमा सुझाव पाउँदा अहिले ठाउँठाउँमा तिनलाई सुधारिएको छ । यी सबै लेख पुस्तकाकारमा आएपछि माथिदेखि तलसम्म हेरी ठाउँठाउँमा सुझाव दिएर र प्रूफ हेरेर दिनेशराज पन्तले सघाएका छन् । भरत गिरिले यसको प्रूफ शुरूदेखि अन्त्यसम्म हेरिदिएकाले मुद्राराक्षसका गल्ती सच्चिएका छन् र कहीँ कहीँ वाक्य पनि सोझिएका छन् । पुरुषोत्तम महर्जन र सुजिता मा:जुले पनि यस पुस्तकको आद्योपान्त प्रूफ हेरेका छन् । हरिप्रसाद खकुरेलको तथा सिद्धिवज्र वज्राचार्य र मनवज्र वज्राचार्यको जन्ममृत्युका मिति क्रमशः रमेश खकुरेलबाट र सुमति वज्राचार्यबाट पाइएको हो । यसरी सहयोग गर्ने सबैलाई यथोचित धन्यवाद छ ।

वि.सं. २०७१।५।२३।२
इन्द्रजात्रा

- महेशराज पन्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

१. यही पुस्तकको विषयमा क-ग

पहिलो खण्ड

१. को हुन् त नयराज पन्त १-६
२. जन्मशताब्दीमा नयराज पन्तलाई सम्झँदै ७-१०
३. एउटा नयराज पन्त नजन्मेको भए ... ११-१६

दोस्रो खण्ड

१. नयराज पन्तले खोलेको पाठशाला र त्यसको वरिपरि १७-३६
२. नयराज पन्तको *हाम्रो उद्देश्य* र *कार्यप्रणाली*को लिपिबन्ध ३७-४२
३. नयराज पन्तको दृष्टिमा वि.सं. २००७-२००८ को नेपाल ४३-४५
४. नयराज पन्तको दृष्टिमा वि.सं. २००७-२००८ को नेपाल ५ खण्ड ४६-६१
५. पण्डित नयराज पन्त, वैद्य दिव्यवज्र वज्राचार्य र *आयुर्वेद-रक्षा* ६२-८९
६. धनवज्र वज्राचार्यको सन्दर्भमा नयराज पन्त ९०-१२२
७. नयराज पन्तलाई चिनाउनको लागि १२३-१३७
८. अलिकति *ज्ञानगुनका कुरा*को विषयमा १३८-१४१
९. *इतिहास-संशोधनको प्रमाण-प्रमेय*को *उपोद्घात* र त्यसको वरिपरि १४२-१६०
१०. निरन्तर चलिरहेको, विद्यासम्बन्धी एउटा अभियानको ६० वर्ष कटेको अवसरमा १६१-१६५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. नयराज पन्तको वि.सं. २००७-२००८ को डायरीको विषयमा १६६-१७१

१२. आफ्ना विद्यार्थीको लागि नयराज पन्तले वि.सं. २००९ को दशैँमा गरेको प्रार्थना १७२-१७३

१३. नयराज पन्त र नेपालमा संस्कृतविश्वविद्यालय १७४-१७९

१४. बालकृष्ण सम, अनि उनको विषयमा नयराज पन्त १८०-१८७

१५. ब्राह्मणपुत्र क्रिस्तान स्कूलमा पढ्दा नयराज पन्तको मनमा खेलेका कुरा १८८-१९२

१६. नयराजको नजरमा बी.पी.- एकाध बुँदा १९३-१९९

१७. नयराज पन्तको दृष्टिमा श्री ३ जङ्ग र वरिपरि २००-२११

१८. केही कुरा नेपाल-सांस्कृतिक परिषत्को र संशोधन-मण्डलको उद्गमको विषयमा २१२-२१८

१९. यदुनाथ खनाल, अनि उनीसँग नयराज पन्त जोडिएको कथा २१९-२२५

२०. नरहरिनाथ, अनि उनीसँग नयराज पन्त जोडिएको कथा २२६-२३३

२१. बाबुराम आचार्य, अनि उनीसँग नयराज पन्त जोडिएको कथा २३४-२४६

२२. त्रिभुवनविश्वविद्यालयले वि.सं. २०२३ मा लिएको परीक्षामा धाँधली– नयराज पन्तको भनाइतर्फ फेरि एकपल्ट २४७-२४९

यी लेख पहिले प्रकाशित भएका पत्रिका वा पुस्तकको विवरण २५०-२५३

यो पुस्तक तयार पार्दा काम लिइएका साधनको तालिका २५४-३८७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को हुन् त नयराज पन्त

यही गएको साउन २६ गते, गतेको हिसाबले नयराज पन्त (वि.सं. १९७०-२०५९)को सयौँ जयन्ती थियो । शेषराज सिवाकोटी (वि.सं. २०१६ मा जन्म)को निजी प्रयासमा बर्सेनि मनाइए जस्तै यस पालि पनि उनैको प्रयासले नयराज पन्तको जयन्ती मनाइयो । १२ दर्जन जति मान्छे त्यस सभामा जम्मा भए, तिनमध्ये झण्डै १ दर्जनले नयराज पन्तको गुणानुवाद गरे, नयराज पन्तको नाउँको शोधसम्मान ५ जना विद्वान्ले पाए । शेषराज सिवाकोटीले नै आफ्नो खर्च लगाई नयराज पन्तको चरित र दर्शन दुवै बुझ्न अत्युपयोगी, नयराज पन्तले नै लेखेको, एउटा लामो लेखको पुनर्मुद्रण गरे[१], नयराज पन्तको विषयमा केही लेखको सङ्ग्रह भएको पुस्तिका पनि निकाले[२] ।

मिडियालाई न नयराज पन्तको नाउँले तान्यो, न जयन्तीको खबरले । एउटा दैनिक[३]मा बाहेक अन्त कतै यससम्बन्धी खबरले सानो ठाउँ पनि पाएन । नयराज पन्त नेपाली जनमानसमा नपसेका बुद्धिजीवी भएको सङ्केत यताबाट आउँछ । अब प्रश्न उठ्छ, को हुन् त नयराज पन्त भन्ने । उनले त्यस्तो के काम गरे, जसले गर्दा मिडियाले उनको चर्चा गर्नुपरोस् ।

नयराज पन्त बितेको पनि १० वर्ष पुग्न लाग्यो । उनलाई घाट लगेदेखि नै मिडियामा एउटा उल्कै भएको थियो । उनको अवस्थाको विषयमा अखबारमा खबर आयो[४] र अन्लाइनमा खबर अपडेट भइरहन्थ्यो । उनी परलोक हुँदा असाध्यै चल्तीको दैनिकले पहिलो पृष्ठमा मुख्य खबर बनाएर दियो[५], *गोरखापत्र* र द *राइजिङ् नेपाल्*ले त *सम्पादकीय** नै लेखे[६], अरू अरू अखबारमा पनि खबर छापियो[७] । एउटा दैनिकले

---

१. नयराज पन्त २०६९ ख ।

२. शेषराज सिवाकोटी २०६९ ।

३. *राजधानी* २०६९ : ३ ।

४. *नेपाल समाचारपत्र* २०५९ : १ ।
कान्तिपुर २०५९ : १२ ।
नेपाल समाचारपत्र २०५९ ख: १२ ।

५. देवेन्द्र भट्टराई २०५९ : १ ।

६. *हार्दिक श्रद्धाञ्जलि* २०५९ : ४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो परिशिष्याङ्कमा धेरैजसो लेख उनकै विषयमा छाप्यो ।[८] अरू अखबारमा पनि उनको विषयमा लेख छापिए ।[९] बेपारीले खोलेको एउटा साहित्यिक संस्थाले श्रद्धाञ्जलि

इरेपूअर्अब्ल् लस् २०५९: ४ ।

७. *नेपाल समाचारपत्र* २०५९ क: १ ।
लायक् २०५९: ४ ।
कान्तिपुर २०५९ क: २ ।
गोरखापत्र समाचारदाता २०५९: ३ ।
नेपाल समाचारपत्र २०५९ ग: १२ ।
हिमालय टाइम्स २०५९: २ ।
नेपाल समाचारपत्र २०५९ घ: १० ।
*सन्ध्याकालीन** २०५९: २ ।
कमाण्डर २०५९: २ ।
छलफल २०५९: ४ ।
जनभावना २०५९: ७ ।
नेपाल समाचारपत्र २०५९ ङ: ३ ।
शैलेन्द्र साकार २०५९: ७ ।
स्पेसटाइम २०५९: २ ।
दृष्टि २०५९: ५ ।
राजधानी २०५९: ८ ।
श्रीराम पौडेल २०५९: ३ ।
हिमालय टाइम्स २०५९ क: २ ।
देशान्तर २०५९: ७ ।
स्पेसटाइम २०५९ क: १ ।
पुनर्जागरण २०५९: ५ ।

८. पुष्कर लोहनी २०५९: ३ ।
जीवनाथ धमला २०५९: ७ ।
व्याकुल पाठक २०५९: ८-९ ।
भुवनलाल प्रधान २०५९: ९ ।
नित्यराज पाण्डे २०५९: १० ।
महेश प्रसाईं २०५९: ११ ।

९. ज्ञानमणि नेपाल २०५९: १३ ।
श्रीकृष्ण आचार्य २०५९: ख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिई अखबारमा विज्ञापन छपायो ।[१०] यो क्रम उनको शुद्धशान्तिसम्म खूबै चल्यो । पछि नयराज पन्तको चर्चा अखबारमा कम कम हुँदै गयो ।

ज्ञानराशिको अनन्तपार सागरलाई मद्दे नजर गरी भन्ने हो भने नयराज पन्त त्यति ठूलो काम गरेर गएका त होइनन् । उनले गरेको मुख्य काम त दक्षिण एशियाको एउटा सानो देश नेपालको इतिहासको खोजीको परिपाटी बसाएको मात्र हो । नेपालको इतिहासका जे जति तथ्य हामीलाई अहिले थाहा छ, त्यो पत्ता लाउने कामको सयकडा पचहत्तर साँच्चि भन्ने हो भने त्यही परिपाटीबाट भएको हो । चलनचल्तीको शिक्षापद्धतिबाट त्यस्तो खोजीको काम नभएको देख्दा उनले त्यस्तो अन्वेषण गर्नको लागि चाहिने शिक्षा दिन लामो पाठ्यक्रम भएको पाठशाला नै खोले । त्यस शिक्षापद्धतिले छोटकरीमा भन्नुपर्दा नेपालको इतिहासको अन्वेषण गर्न सक्ने, अब्बल दर्जाका केही विद्वान् उत्पन्न गऱ्यो । अर्को शब्दमा भन्दा त्यस शिक्षापद्धतिले कमसेकम विद्याको एउटा हाँगामा प्रचलित शिक्षापद्धतिको अकर्मण्यता उदाङ्ग पारिदियो । तर देश-काल-स्थितिले गर्दा त्यो पाठशाला अन्ततोगत्वा सुक्यो । तैपनि त्यस पद्धतिअनुसार पढेका, अझै जीवित मानिसहरू नेपालको इतिहासको क्षेत्रमा ठूला ठूला काम गर्दैछन् ।

नयराज पन्तको यस कामले गर्दा कमसेकम विद्याको एउटा हाँगामा गुरुकिल्ली पश्चिमबाट फर्केर नेपाल आयो । खुलाएर भन्दा नयराज पन्त र उनका चेलाचपेटाको अन्वेषण प्रकाशमा आउनुभन्दा अगाडि नेपालको इतिहासको खोजीमा विदेशी विद्वान्हरूकै आधिपत्य थियो, अब रोमका रेन्यरो न्योलि (वि.सं. १९८६ मा जन्म) र लूछ्याह्रो पेतेक (वि.सं. १९७१-२०६७)का लेखमा भन्दा काठमाडौँका नयराज पन्त र उनका शिष्य धनवज्र वज्राचार्य(वि.सं. १९८८-२०५१)हरूका लेख बढी प्रामाणिक हुन्छ भन्ने भित्रबाहिर सबैतिर जनविश्वास बढ्यो । खुद लूछ्याह्रो पेतेकको मध्यकालको नेपालको इतिहासको दोस्रो संस्करणका पाना पल्टाए मात्र पनि यो कुरा छर्लङ्ग हुन्छ ।

नयराज पन्त संस्कृतविद्याका परम उपासक थिए । तर त्यो उपासना अन्धविश्वासमा आधृत थिएन । संस्कृत पढ्ने जोसुकै पनि अध्यात्मवादका प्रचारक र कर्मकाण्डी हुने

मोहन दुवाल २०५९: ५ ।
रामदयाल राकेश २०५९: ५ ।

१०. *हार्दिक श्रद्धाञ्जलि* २०५९ क: १० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयंसिद्ध नियम जस्तो भए पनि उनी त्यसको स्पष्ट अपवाद थिए । उनले उपपत्ति अर्थात् प्रमाणको आधारमा विद्या पढ्ने पढाउने, लेख्ने लेखाउने काम गरे ।

मुगल सम्राट् शाहजहाँ (वि.सं. १६४८-१७२२, राज्यकाल वि.सं. १६८४-१७१५)का छोरा दारा शिकोह (वि.सं. १६७१-१७१६)ले फारसीमा उल्था गरेका उपनिषद्हरूको ल्याटिनमा उल्था गर्ने, फरासीस विद्वान् अब्राहम ह्यसिन्थ आँक्तिल-दुपेरौं (वि.सं. १७८८-१८६१)ले **जसरी हामी ग्रीकहरूको र रोमनहरूको परिशीलन गर्छौं, त्यसै गरी भारतीयहरूको परिशीलन गरौं**[११] भन्ने इच्छा राखे पनि पश्चिमाहरूले संस्कृतविद्यामा त्यस तहको अधिकार हासिल गर्न कहिल्यै सकेनन् ।

पश्चिमा विद्वान्हरूको यस कमजोरीको अनुगमन नयराज पन्तले राम्ररी गरेका थिए भन्ने कुरा उनका तलका वाक्यबाट स्पष्ट बुझिन्छ–

> **ग्रीक, ल्याटिन आदि भाषा जसरी पश्चिमाहरूले पढे, त्यसरी संस्कृत पढ्न उनीहरूले नसकेकाले वा नखोजेकाले संस्कृतभाषाको उच्च ज्ञान उनीहरूमा आएन । संस्कृतका पश्चिमा विद्वान्हरूका चेला भारतीयहरूले पनि आफ्ना गुरुले देखाइदिएको बाटोभन्दा पर गई संस्कृत पढ्ने चेष्ट्य गरेका छैनन् । यस कारण अहिले चलेको शोधपद्धति दोषपूर्ण छ ।**[१२]

संस्कृतविद्याको शोध गर्ने परिपाटीको चलन पश्चिमा विद्वान्हरूले चलाएका हुन् तापनि उनीहरूमा संस्कृतभाषाको र शास्त्रहरूको चाहिँदो योग्यता नभएको हुनाले उनीहरूले आफ्नो लक्ष्य भेट्टाउन सकेका छैनन् भन्ने कुरा नयराज पन्तले महसूस गरेका थिए । उता संस्कृतका परम्परागत पण्डितहरूमा आलोचनात्मक पद्धतिको अभाव भएको हुनाले उनीहरूको कामबाट पनि उनी सन्तुष्ट थिएनन् । त्यसैले उनले प्राचीन ढङ्गले ग्रन्थ उपस्थित गर्ने र आधुनिक ढङ्गले शोध गर्ने विचारले काम शुरू गरे ।

प्रचलित शिक्षापद्धतिमा निष्णात मानिसहरूमा गहिरो ज्ञानको प्राय: अभाव भएको कुराको पर्दाफास गर्ने काम उनले गरेकाले साँच्चै भन्ने हो भने उनी एकलो भए । न उनी पण्डितहरूसँग मिल्न सके, न आधुनिक शोधकहरूसँग । संशोधन-परम्परा चलाउने उद्योग गर्दा आफू

---

११. विल्हेल्म हाल्ब्फास २०४४: ६६ मा उद्धृत वाक्यको उल्था ।

१२. नयराज पन्त २०३३: ९४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकलिएको कुरा उनले खुद अनुभव गरेका थिए भन्ने कुरा उनकै वाक्यबाट पनि स्पष्ट हुन्छ–

> **संशोधन-परम्परा चलाउने उद्योग गर्दा मेरा धेरै इष्टमित्रहरू (विशेष गरी मसीवृत्तिकाहरू) मसँग रिसाउनुभएको छ । यो कुरा मलाई राम्रो थाहा छ । इष्टमित्र राखूँ वा संशोधनको परम्परा चलाऊँ भन्ने दोधार मेरो मनमा नउठेको पनि होइन । तर मैले संशोधनको परम्परा चलाउन अरू कुरा छोड्नु नै बेस संझी त्यसैबमोजिम काम गर्दै आएको छु । यस कारण म एकलिन गएको छु ।**[१३]

नेपालको इतिहासको खोजीपछिको, नयराज पन्तले गरेको अर्को खोजी गणित-ज्यौतिषको इतिहासको हो । कुरा के भने पश्चिमा गणितज्ञ वा ज्योतिषीहरूको नाउँमा दरिएका केही सिद्धान्त सयौँ वर्षअगाडि संस्कृतमा लेखिएका गणित-ज्यौतिषका ग्रन्थमा भेट्टाउनु । संस्कृत गणित-ज्यौतिष र ग्रीक गणित-ज्यौतिषको तुलना गरेर नयराज पन्तले अन्वेषणात्मक निकै लेख यसै क्रममा प्रकाश गरेका छन् ।

नयराज पन्त जुन जमानामा जन्मे हुर्के र परलोक भए, त्यस जमानाका अरू बुद्धिजीवीहरूसँग दाँज्दा उनको चरित उनका दौँतरीहरूको भन्दा धेरै नै फरक देखिन्छ । लोकमा चलिआएका, उपपत्ति अर्थात् प्रमाणबाट सिद्ध नहुने धारणाको विरोधमा जान उनी कहिल्यै हिचकिचाएनन् । अङ्ग्रेजी शब्दमा भन्नुपर्दा उनको प्रकृतिमा आइकन्अक्ल्याज्म थियो ।

नयराज पन्त इतिहासविद् र गणित-ज्यौतिषज्ञको रूपमा जति प्रसिद्ध छन्, त्यति नामुद उनी कविको रूपमा छैनन् । यसो भए पनि उनको काव्यशक्ति उनका संस्कृत र नेपाली भाषाका काव्यमा देखिएको छ । उनको जमानाका नाउँ चलेका बडे बडे बुद्धिजीवीहरू जो गद्दीमा छ, उसैलाई खुशी पार्न आफ्नो काव्यशक्ति र विद्वत्ताको उपयोग गरी धन-मान जोड्न लागेका थिए त उनले भने यस्तो काममा आफ्नो काव्यशक्ति र विद्वत्ताको दुरुपयोग गरेनन् ।

नयराज पन्तको बानी एकोहोरो थियो । उनको प्रवृत्ति आलोचनात्मक भएकोले उनकै पक्षका मानिस पनि विस्तारै उनीसँग पर पर हुँदै गए । यसैले उनले गुटबन्दी कहिल्यै गरेनन् र विद्याको क्षेत्रमा **सङ्घे शक्तिः कलौ युगे अर्थात् कलियुगमा सङ्घमा शक्ति हुन्छ** भन्ने वचनमा उनको श्रद्धा थिएन । वंश विद्या र नातासम्बन्ध आदिबाट नेपालका शक्तिशाली र

१३. ऐजन २०१९ चः २ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घरानियाहरूकहाँ उनको राम्रो पहुँच भए पनि आफ्नो स्वार्थसिद्धिको लागि उनले त्यस्तो सम्बन्धबाट कति पनि फाइदा लिएनन् र त्यस्ता इष्टमित्रहरूबाट फाइदा गराउने सङ्केत आउँदा पनि उनी लाटो जस्तो भएर बसे । नयराज पन्तले प्रचलित शिक्षापद्धतिबाट खास काम हुँदैन भन्ने देखाउन जुन आन्दोलन छेडे, त्यसको लागि पर्चा पुस्तिका पत्रिका आदि छाप्न उनको र उनका शिष्यप्रशिष्यहरूको निकै पैसा खर्च भयो । अरू लेखक वा कविहरू आफ्नो रचनाबाट अर्थलाभ गरिरहेका हुन्थे भने नयराज पन्त र उनका अनुयायीहरू अर्थहानि गरिरहेका हुन्थे ।

नयराज पन्तमा राजनीतिको गहिरो चेतना भएकोले **प्रायः विदेशी विद्वान्हरू विद्याको लागि मात्रै यहाँ आउँदैनन्, उनीहरूको अरू अरू काम पनि हुन्छ**[१४] भन्ने उनको धारणा थियो । यसैले संस्कृतविद्या वा नेपालको इतिहास नृतत्त्व आदिको खोजी गर्न आउने विदेशी विद्वान्हरूसँग उनी सम्पर्क गर्दैनथे । उनको यस धारणामा कामन्दकको यस

विद्याशिल्पापदेशेन संश्लिष्योभयवेतनैः ।
कृत्यपक्षं विजानीयात् तद्भर्तुश्च विचेष्टितम् ।।१३।।

तीर्थाश्रमसुरस्थाने शास्त्रविज्ञानहेतुना ।
तपस्विव्यञ्जनोपेतैः स्वचारैः सह सम्पतेत् ।।१४।।

(*कामन्दकीयनीतिसार* १३ सर्ग)

अर्थात्

विद्या पढ्ने र कालीगढीको कामको निहुँले दुवैतिर (स्वपक्ष र परपक्ष)को पैसा खाएका मान्छेसँग सम्बन्ध राखेर कृत्यपक्ष (भड्काउँदा भड्किने मानिस)लाई र त्यहाँका राजाको चेष्ट पनि बुझ्नू । तीर्थ, आश्रम, देवतास्थानमा तपस्वीको भेष लिएका आफ्ना जासूसहरूसँग शास्त्रको चर्चा गर्ने भनेर भेट गर्नू ।

वचनबाट पनि बल मिलेको थियो । हुन पनि विदेशी विद्वान्हरूका कामकार्वाई हेर्दा निकै हदसम्म उनको धारणा ठीक हो भनी भन्न सकिन्छ ।

छोटकरीमा भन्नुपर्दा नयराज पन्त लोकोत्तर थिए र उनको कामबाट कमसेकम नेपालको इतिहासको खोजीमा विदेशीको मुख ताक्नुपर्ने अवस्था हट्यो ।

१४. ऐजन २०२९ ग: २४६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मशताब्दीमा नयराज पन्तलाई सम्झँदै

सौरमानअनुसार साउन २६ गते जन्मेका नयराज पन्त (वि.सं. १९७०-२०५९)को चान्द्रमानअनुसारको जन्मदिन श्रावणशुक्लनवमीमा पर्छ। वि.सं. २०५९ कार्तिक १८ गते परलोक भएका उनी अहिलेसम्म बाँचिरहेका भए १०० वर्ष पुग्थे। उनी नेपाली समाजमा त्यति चिनिएका मसीजीवी होइनन्। हाम्रा पत्रपत्रिका, रेडियो, टेलिभिजन आदिमा उनको चर्चा त्यति आउँदैन । ज्ञानगुनसाहित्यप्रतिष्ठानमार्फत नयराज पन्तको विषयमा सालिन्दा पुस्तिका छापी शेषराज सिवाकोटी (वि.सं. २०१६ मा जन्म)ले सभा गर्ने नगरेका भए उनको चर्चा यति पनि हुन्थेन कि जस्तो मलाई लाग्छ। अब प्रश्न उठ्छ, नयराज पन्तले त्यस्तो के काम गरे जसले गर्दा मिडियाले उनको चर्चा गर्नुपरोस्।

खास गरी सत्री अर्थात् विद्वान्को रूपमा हिँडेका राजकाजी मान्छे, बन्दी अर्थात् भाट, नागरक अर्थात् कुनै खतरा नमोली भलादमी पाराले जीवन बिताउँदै विद्याभ्यास गर्ने र घोषवृद्ध अर्थात् आफ्नो घरपरिवार वा वरपरको कुरा लेख्नु नै ठूलो ठान्नेहरूले मात्र कलम चलाइरहेको जमानामा नयराज पन्तको कामद्वारा नेपालको विद्यासम्बन्धी इतिहासमा अभूतपूर्व जागरण आयो।

नयराज पन्तले गरेको मुख्य काम नेपालको इतिहासको खोजीको परिपाटी बसाउनु हो। चलनचल्तीको पढाइबाट त्यस्तो खोजीको काम हुन नसकेको देख्दा उनले त्यस्तो खोजीको लागि विद्यार्थीहरूलाई तालीम दिन भनी वर्षौंको पाठ्यक्रम भएको, एउटा पाठशाला नै खोलेका थिए। त्यस पाठशालाले नेपालको इतिहासको खोजी गर्न सक्ने अब्बल दर्जाका केही विद्वान् उत्पन्न गऱ्यो। तिनीहरूको कामले गर्दा नेपालको इतिहासको खोजीले एकदम फड्को माऱ्यो।

यस कामले गर्दा नेपालको इतिहासको खोजीको गुरुकिल्ली अब पहिले जस्तो बाहिर रहेन, त्यो नेपालमै फर्क्यो। भनाइको मतलब के हो भने यस परिपाटीबाट गरिएको, नेपालको इतिहाससम्बन्धी अन्वेषण प्रकाशमा आउनुभन्दा अगाडि विदेशीहरूकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोलवाला थियो । भारतका भगवान्लाल इन्द्रजी (वि.सं. १८९६-१९४५),[१] बेलायतका सेसिल बेन्डल (वि.सं. १९१३-१९६२) र फ्रान्सका सिल्विं लेवि (वि.सं. १९१९-१९९३)को प्रयासले नेपालको इतिहासका प्रामाणिक साधनको खोजीको जग वि.सं. १९३७ देखि झण्डै ३० वर्षको अवधिमा बसेको थियो । यसको धेरै वर्षपछि नेपालका बाबुराम आचार्य (वि.सं. १९४४-२०२९)ले, त्यसको केही वर्षपछि नेपालकै नयराज पन्तले र पछि नेपालकै नरहरिनाथ (वि.सं. १९७१-२०५९)ले नेपालको इतिहासका साधन खोजी गर्न थाले । तर सङ्घट्टित रूपले नयराज पन्तले आफ्ना विद्यार्थीहरूसँग मिली काम गरेपछि मात्र नेपालको इतिहासको खोजीले यो फड्को मारेको हो ।

नेपालको विषयमा खोजी गर्ने विदेशीहरूले पनि हामीले गरेको अन्वेषणभन्दा नयराज पन्तको संशोधन-मण्डलले गरेको काम गतिलो हुने अनुभव गरेका थिए भन्ने कुरा उनीहरूकै अभिव्यक्तिबाट स्पष्ट हुन्छ । यसको उदाहरणको लागि *डिमक्र्याट्इक् इन्नोभ़ेशन्ज् इन् नेपाल्* र *नेपाल् : स्ट्र्याट्इजि फर् सर्भ़ाइभ़ल्*का कर्ता, क्यालिफोर्नियाविश्वविद्यालयका प्रोफेसर लिओ ई. रोज[२] (वि.सं. २०६२ मा दिवङ्गत) र *मेड्इईभ़ल हिस्टरि अफ् नेपाल्*का कर्ता, रोमविश्वविद्यालयका प्रोफेसर लूछ्याह्रो पेतेक[३] (वि.सं. १९७१-२०६७)का भनाइलाई औँल्याउन सकिन्छ ।

नयराज पन्तको कामको अर्को पाटो हाम्रो यतातिरको, विस्मृतप्राय: विज्ञानको उद्घाटन गर्नु हो । विज्ञानका अरू अरू क्षेत्रमा त होइन, गणित र ज्यौतिषको इतिहासको विषयमा उनले निकै काम गरे । खुलाएर भन्दा उनले हाम्रो संस्कृत गणित-ज्यौतिष र पाश्चात्त्य गणित-ज्यौतिषको तुलनात्मक परिशीलन गरेका थिए । यसैले उनले ग्रीक सिद्धान्तज्यौतिष र भारतीय सिद्धान्तज्यौतिषको तुलना गरी यी दुवै ज्यौतिषशास्त्रको

---

१. भगवान्लाल इन्द्रजीसँग निकै घनिष्ठ गेओर्ग ब्यूलर ([१९४५] २०४०/४१: २९२, २९७) ले ४९ वर्षको उमेरमा ई.सं. १८८८ मार्च १६ तारीखमा यिनी परलोक भए भनी लेखेका छन् । उपिन्दर सिंह (२०६१: ३३५)ले यिनको जन्ममृत्युको वर्ष ई.सं. १८३९-१८८८ दिएकी छिन् । गेओर्ग ब्यूलर र उपिन्दर सिंहले दिएको वर्ष मिलेकाले बाबुराम आचार्य (२०२६ ख: ६२ र ६३ पृष्ठको बीच)ले भगवान्लालको जन्ममृत्युको वर्ष १८९९-१९४४ भनी दिएको अशुद्ध ठहर्छ । यहाँ १८९६ हुनुपर्नेमा भ्रमवश १८९९ भएको हुन सक्छ ।

२. *अभिलेख-संग्रह* १ भाग, १ पृष्ठमा प्रकाशित ई.सं. १९५८ सेप्टेम्बर ३० (वि.सं. २०१५ असोज १४ गते)मा लिओ ई. रोजले गोकुलचन्द शास्त्रीलाई लेखेको चिठी ।

३. धूस्वां सायमि २०२४: ५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकास आआफ्नो ढङ्गले भएको हो, दुवै थरीमा एकअर्काको प्रभाव परेको थिएन भन्ने कुरा सिद्ध गरेका छन् ।

इतिहासविद् र गणित-ज्यौतिषज्ञको रूपमा जति नयराज पन्तको प्रसिद्धि कविको रूपमा नभए पनि उनको काव्यशक्ति संस्कृत र नेपाली दुवै भाषामा प्रखर रूपमा देखिएको छ । उनको पालाका ठूला ठूला कविहरू जो गद्दीमा छ, उसैलाई खुशी पार्न आफ्नो काव्यशक्तिको उपयोग गर्थे भने उनले चाहिँ आफ्नो काव्यशक्ति र विद्वत्ताको दुरुपयोग कहिल्यै गरेनन् ।

नयराज पन्तको व्यक्तित्वको अर्को पाटो उनमा भएको राजनीतिको गहिरो चेतना हो । यसैले नेपालको आफ्नो समयको राजनीतिमा उनले निकै चाख राखी आफ्नो ढङ्गले ती घटनाको टिपोट र विश्लेषण गर्ने काम उनले आफ्नो २४ वर्षको उमेरदेखि आजीवन जस्तो गरे । ती टिपोटमध्ये वि.सं. २००७-२००८ का टिपोट त निकै मननीय छन् ।

प्रायः विदेशी विद्वान्हरू विद्याको लागि मात्रै यहाँ आउँदैनन्, उनीहरूको अरू अरू काम पनि हुन्छ[४] भन्ने उनको धारणा त्यही चेतनाले गर्दा बन्न गएको थियो । यही कारणले गर्दा संस्कृतविद्या वा नेपालको इतिहास र नृतत्त्व आदिको खोजी गर्न आउने विदेशीहरूसँग उनले कहिल्यै सम्पर्क गरेनन् । उनको यस धारणामा कामन्दकको यस

> **विद्या पढ्ने र कालीगढीको कामको निहुँले दुवैतिर (स्वपक्ष र परपक्ष)को पैसा खाएका मान्छेसँग सम्बन्ध राखेर कृत्यपक्ष (भड्काउँदा भड्किने मानिस)लाई र त्यहाँका राजाको चेष्य पनि बुझ्नू । तीर्थ, आश्रम, देवतास्थानमा तपस्वीको भेष लिएका आफ्ना जासूसहरूसँग शास्त्रको चर्चा गर्ने भनेर भेट गर्नू ।**
>
> (*कामन्दकीय नीतिसार* १३।१३-१४ को उल्था)

वचनबाट पनि बल मिलेको थियो । हुन पनि विदेशी विद्वान्हरूका कामकार्वाई हेर्दा निकै हदसम्म उनको धारणा ठीक हो भनी भन्न नसकिने होइन ।

संस्कृत पढ्ने जोसुकै पनि अध्यात्मवादी र कर्मकाण्डी हुने नियम जस्तो भए पनि संस्कृतविद्याको उपासनामा जीवनभर लागेका नयराज पन्त भने त्यसको स्पष्ट अपवाद

---

४. नयराज पन्त २०२९ ग: २४६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए । उनले उपपत्ति अर्थात् प्रमाणको आधारमा विद्या पढ्ने पढाउने, लेख्ने लेखाउने काम गरे ।

नयराज पन्त जुन जमानामा जन्मे, हुर्के र परलोक भए; त्यस जमानाका अरू बुद्धिजीवीहरूसँग दाँज्दा उनको चरित उनका दौँतरीहरूको भन्दा धेरै नै फरक देखिन्छ । लोकमा चलिआएका, उपपत्ति अर्थात् प्रमाणबाट सिद्ध नहुने धारणाको विरोधमा जान उनी कहिल्यै हिचकिचाएनन् । एक शब्दमा भन्नुपर्दा उनको चरित्र आइकन्अक्ल्यास्ट अर्थात् लोकले मानिरहेका धारणा वा आदर गरिरहेका प्रथाउपर यी धारणा गलत हुन् वा यी प्रथा खतरनाक हुन् भनी जाइलाग्ने खालको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एउटा नयराज पन्त नजन्मेको भए ...

शब्द नाउँ भएको यस ज्योतिले संसारभरि प्रकाश नगर्ने हो भने पूरापूर तीनै लोकमा निस्पट्ट अन्धकार हुने थियो[1] भनी प्रसिद्ध अलङ्कारशास्त्री दण्डीले आफ्नो *काव्यादर्श* (१।४)मा लेखेको परम्परासँग जोडी भन्दा एउटा नयराज पन्त नजन्मेको भए नेपालको विद्याको क्षेत्रमा कस्तो अवस्था हुन्थ्यो भन्ने देखाउन यो लेख लेखिएको छ।

वि.सं. १९७० श्रावणशुक्लनवमी श्रावण २६ गते जन्मी, जिन्दगीभर विद्याभ्यासमा लागी वि.सं. २०५९ मा लक्ष्मीपूजाको दिन कार्तिक १८ गते परलोक भएका नयराज पन्तको कामले गर्दा नेपालको इतिहासको खोजीले निकै ठूलो फड्को माऱ्यो। उनले काम गर्नुभन्दा अगाडि विद्याका अरू अरू हाँगाबिँगामा जस्तै नेपालको इतिहासको क्षेत्रमा पनि विदेशी विद्वान्हरूकै बोलवाला थियो। नेपालको इतिहासका चल्तीका पुस्तक हेर्दा तिनमा कर्क्प्याट्रिक (वि.सं. १८१३-१८६९)[2], फ्रान्सिस बुक्यानन ह्यामिल्टन (वि.सं. १८१८-१८८६), भगवान्लाल इन्द्रजी (वि.सं. १८९६-१९४५), सेसिल बेन्डल (वि.सं. १९१३-१९६२), हरप्रसाद शास्त्री (वि.सं. १९१०-१९८८), सिल्विँ लेवि (वि.सं. १९१९-१९९३), पर्सिभल ल्यान्डन (वि.सं. १९२५-१९८४), काशीप्रसाद जायस्वाल (वि.सं. १९३८-१९९३) आदिको नाउँ मात्र देखिन्थ्यो र अलि पछि त्यस हूलमा आकलझुकल बाबुराम आचार्य (वि.सं. १९४४-२०२९) पनि देखिन थालेका थिए। वि.सं. १९९६ देखि नेपालको इतिहासको उपकरणको खोजी गर्न लागेका नयराज पन्तले वि.सं. १९९९ मा एस्.एल्.सी.को लागि एउटा पुस्तक तयार पारे। त्यो पुस्तक उनले आफ्नो खुशीले लेखेका थिएनन्। धेरै वर्ष दरबार हाईस्कूलका हेडमास्टर र त्रि-चन्द्र कलेजका प्रिन्सिपल भएका, पाठ्यपुस्तक लेखी धनमान कमाउन अभ्यस्त रुद्रराज पाण्डेय (वि.सं. १९५७-२०४३)को आग्रहमा लेखिएको थियो। इतिहास भन्नेबित्तिकै यसै तर्सिने त्यस जमानामा त्यो इतिहास छाप्न सम्भव भएन र पद्मशमशेर (वि.सं. १९३९-२०१७, शासनकाल वि.सं. २००२-

---

१. इदमन्धं तमः कृत्स्नं जायेत भुवनत्रयम्।
यदि शब्दाह्वयं ज्योतिरासंसारं न दीप्यते ॥

२. कर्क्प्याट्रिक आदिको समय खास गरी http://en.wikipedia.org/wiki/... बाट हालिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२००५) अलि उदार प्रकृतिका भएकाले उनको पालामा इतिहासको त्यो पुस्तक छापिने भयो । प्रिन्सिपल जस्तो उच्च पदमा बसेका रुद्रराज पाण्डेयले भरखर पढेर आई सरकारी जागीरमा प्रवेश गरेका नयराज पन्तसँग मिलेर पुस्तक निकाल्न यता उनलाई सङ्कोच लाग्नु स्वाभाविक थियो त उता पाठ्यपुस्तक छापेर कमाइने द्रव्यको लोभले पनि उनलाई उत्तिकै गाँजेको थियो । त्यसैले उनका ठाहिँला भाइ तोत्रराज (वि.सं. १९६७-२०१४)ले पनि इतिहासै पढेकाले र उनलाई बिकाउनु पनि परेकोले रुद्रराजले अब छापिने त्यस इतिहासमा तोत्रराज र नयराजको नाउँ राखेर छाप्ने प्रबन्ध मिलाए । अनि *नेपालको संक्षिप्त इतिहास* नाउँ राखी त्यो पुस्तक रुद्रराजको खर्चमा छापियो । एस्.एल्.सी.को पाठ्यपुस्तकको रूपमा *नेपालको संक्षिप्त इतिहास* लेखिएको भए पनि त्यस पुस्तकमा अन्त कतै नपाइने नयाँ नयाँ कुराको खजानै थियो । अर्को शब्दमा भन्नुपर्दा नयराज पन्तको नेपालको इतिहाससम्बन्धी ८ वर्षको अन्वेषणको परिणाम त्यहाँ झल्किएको थियो ।

आफ्नो परीक्षाको प्रश्नपत्रमा समेत गल्ती भेट्टाउन सक्ने ल्याकत भए पनि आफ्नो पढाइ अपूरो भएको अनुभव गरेका नयराज पन्तले वि.सं. १९९५ मा पढाइ सिद्ध्याई बनारसबाट फर्केपछि आफूले विचार गरेको ढङ्गले पढाउन भनी एउटा संस्कृतपाठशाला चलाए । चलनचल्तीको पढाइमा तीन खण्डको एक खण्ड मात्र पढे पनि परीक्षा पास गर्न सकिने भएकोले समग्र पाठ्यवस्तु उपस्थित गराई विद्यार्थीहरूलाई योग्य बनाउनु त्यस पाठशालाको उद्देश्य थियो । हुन पनि त्यस पाठशालामा २।३ वर्ष मात्र पढेका विद्यार्थीको पनि आफ्नो जन्मभाषामा जस्तै संस्कृतभाषामा अधिकार भएको कुराको अनुभव पारखीहरूले गरिसकेका थिए । संस्कृतभाषामा यसरी अधिकार भएपछि ती विद्यार्थीहरूलाई नेपालको इतिहासका उपकरणमा उपयोग गरिएका थरीथरीका लिपि सिकाउने काम भयो । नेपालको इतिहासका सयौँ वर्षका उपकरण खास गरी संस्कृतभाषामा भएकाले संस्कृत जानिसकेका ती विद्यार्थीहरू लिपि चिनेपछि ती उपकरण पढ्न र तिनको अर्थ गर्न सक्ने भए । ती विद्यार्थीमध्ये केही नेवार भएकाले तिनीहरूले र तिनीहरूको सङ्गतले अरू विद्यार्थीहरूले पनि नेवारीमा लेखिएका उपकरणको पनि अर्थ क्रमशः गर्न थाले र पुरानो नेवारीमा लेखिएका उपकरणमा भएका तथ्य पनि बिस्तारै खोतलिन गयो । अघिबाटै केही ज्यौतिष पढेका विद्यार्थीहरूले इतिहासका उपकरणमा पाइएका तिथिमिति जाँच्ने काम गर्न थाले । यसरी नेपालको इतिहासको खोजीको लागि चाहिने मुख्य मुख्य ज्ञान त्यस पाठशालाका केही विद्यार्थीमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि चलनचल्तीमा भएका पुस्तकमा परेका गल्तीको संशोधन गर्ने काम नेपालमा भरखरै जस्तो आएको प्रजातन्त्रको अधिकारको उपभोग गरी वि.सं. २००९ देखि *इतिहास-संशोधन*को नाउँले ससाना कृति त्यस पाठशालाका विद्यार्थीहरूको नाउँमा छापिन लागे । त्यसले गर्दा चलनचल्तीको ढङ्गले इतिहास पढेका मानिसहरू खासमा केही जान्ने रहेनछन् भन्ने भाव जनमानसमा पर्न गयो । यी *इतिहास-संशोधन*मा पहिले थाहा नभएका प्रशस्त कुरा भएकाले नेपालको इतिहासको खोजीले एकदमै फड्को मार्‍यो । वि.सं. २०१८ देखि संशोधन-मण्डलको नाउँले यिनीहरूले काम गर्न थाले र साँच्चि भन्ने हो भने नेपालको इतिहासका जति तथ्य बाहिर आएका छन्, त्यसको सयकडा पचहत्तर नयराज पन्त र उनका पाठशालाका विद्यार्थीहरूको खोजीबाट आएको हो । यस कामले गर्दा नेपालको इतिहासको गुरुकिल्ली विदेशबाट नेपालमा फर्किसकेको छ । एउटा नयराज पन्त नजन्मेको भए यो सम्भव हुँदैनथ्यो ।

हुन त नेपालको इतिहासको खोजी हाम्रा विश्वविद्यालयहरू र प्रज्ञाप्रतिष्ठान आदिमा भए पनि आफ्नै ढर्राले हुँदै गए पनि ती अन्वेषण कुन तहका छन् भन्ने कुरा गम्भीर रूपले परिशीलन गर्नेहरूलाई थाहा नभएको होइन । अरू त के, पीएच्.डी.का धेरैजसो थीसिसमा पनि नयाँ कुरा भेट्टाउन मुश्किलै पर्छ ।

पश्चिमा आविष्कार भनी प्रचारमा आएका, गणित-ज्यौतिषका केही सिद्धान्त हाम्रा प्राचीन ग्रन्थमा पाइएकाले तिनको बारे नयराज पन्तले लेखमाला र प्रवचनमाला चलाएका थिए । यसै गरी हाम्रो र ग्रीकहरूको सिद्धान्तज्यौतिषको तुलना गरी उनले केही लेख लेखेका छन् । यसरी गणित-ज्यौतिषको इतिहासको परिशीलन गर्ने एक मात्र नेपाली उनी हुन् भन्ने मलाई लाग्छ । एउटा नयराज पन्त नजन्मेको भए यो सम्भव हुने थिएन ।

अहिले यहाँका अरू अरू गणितज्ञहरूले पनि यसमा चाख देखाउँदै आएका छन् तापनि त्यसको लागि चाहिने आधारभूत ज्ञान उनीहरूमा नभएकोले नयराज पन्तकै लेखलाई ओल्ट्याइपल्ट्याइ गर्ने किंवा शास्त्रीय शब्दमा भन्दा चर्वितचर्वण वा पिष्टपेषण गर्ने काम मात्र भएको छ ।

हाम्रो यतातिर सिद्धान्तज्यौतिषको विकास हुनुभन्दा अगाडि वेदका ६ अङ्गमध्ये १ अङ्ग भइरहेको वेदाङ्गज्यौतिषको कालमानपद्धति चलेको थियो । त्यस वेला वर्षको शुरूवात माघशुक्लको परेवामा र अन्त्य पुसे औँसीमा हुन्थ्यो । त्यस पद्धतिअनुसार कि त आषाढमा कि त पौषमा मात्र अधिमास पर्थ्यो । त्यो पद्धति भारतमा पहिल्यै लुप्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भइसकेको भए पनि नेपालमा भने वेदाङ्गज्यौतिषअनुसारको कालमानमा सुधार गरी वर्तमान कालमानअनुसारको अधिमासपद्धति चलनचल्तीमा आइसकेपछि पनि पुरानो र नयाँ पद्धतिमा सामञ्जस्य राख्न चैत्रदेखि भाद्रभित्र अधिमास परे सो अधिमास आषाढमा मात्रै र आश्विनदेखि फाल्गुनभित्र अधिमास परे सो अधिमास पौषमा मात्रै अथवा श्रावणदेखि पौषभित्र अधिमास परे सो अधिमास आषाढमा मात्रै र माघदेखि आषाढभित्र अधिमास परे सो अधिमास पौषमा मात्रै चलन विक्रमको पन्ध्रौँ शताब्दीसम्म थियो । वेदाङ्गज्यौतिषको कालमानअनुसार नेपालको इतिहासको कालनिर्धारण गर्ने काम एउटा नयराज पन्त नजन्मेको भए हुनु असम्भव थियो ।

त्यसमाथि, नेपालमा वेदाङ्गज्यौतिषको परिशीलन गरी त्यसका निकै तथ्यको उजागर गर्ने काम पनि नयराज पन्तले नै गरेका हुन् । तर उनको अवदानको कतै चर्चै नगरी उनले गरेका खोजीलाई नै पल्लवित गरी गजूर हाल्ने काम मात्र यहाँ भइरहेछ[३] भन्नुपर्दा दुःख लाग्छ ।

प्राचीनकालमा हाम्रो यहाँ त्रयी, आन्वीक्षिकी, वार्ता र दण्डनीति गरी विद्यालाई मोटामोटी रूपमा ४ समूहमा बाँडिएको थियो । त्रयीको अर्थ ३ वेद अर्थात् ऋग्वेद, यजुर्वेद र सामवेद भन्ने भए पनि अहिलेको भाषामा भन्ने हो भने ह्यूम्यानिटिभित्र पर्ने विषय त्रयीभित्र पर्थे । आन्वीक्षिकीभित्र दर्शनका शाखाप्रशाखा सबै पर्थे । वार्ता भनेको कृषि, पाशुपाल्य र वाणिज्यको सामूहिक नाउँ हो । दण्डनीति भनेकोचाहिँ राजनीति हो ।

कालान्तरमा अध्यात्मवादको बाढी आउँदा लोकोपयोगी वार्ता र दण्डनीतिको पठनपाठन पूरै बन्द भयो, त्रयी र आन्वीक्षिकीको पनि निकै शाखाप्रशाखाको पठनपाठन बन्द भई ती २ विद्या आंशिक रूपमा मात्र बाँकी रहन गए । उदाहरणको लागि आन्वीक्षिकीमा भौतिकवादी चार्वाकदर्शनको पठनपाठन कहीँ पनि छैन । साँच्चै भन्ने हो भने एउटा *तत्त्वोपप्लवसिंह* छोडेर चार्वाकदर्शनका कुनै ग्रन्थ बाँकी छैनन् । त्यस दर्शनको विषयमा जे जति कुरा हामीलाई थाहा छ, त्यो त त्यस दर्शनका विरोधीहरूले त्यसको खण्डन वा उपहास गर्न उद्धरण गरेका अंशबाट नै भएको हो ।

अध्यात्मवादको चपेटमा परेर दण्डनीतिको कालजयी ग्रन्थ *कौटलीय अर्थशास्त्र* सयौँ वर्ष लुप्त भई फेरि प्रकाशमा आएको पनि सय वर्ष नाघिसक्यो । त्यो *अर्थशास्त्र*

३. शिवराज आचार्य कौण्डिन्न्यायन २०६२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशमा आएदेखि अहिलेसम्म संसारभरका पचासौँ संस्कृतज्ञहरूले यसको परिशीलनमा दिमाग खपाए पनि त्यसको राम्रो व्याख्या अझ हुन सकेको छैन । त्यो नहुनुको कारण अर्थशास्त्रको परम्परा उच्छिन्न हुँदा त्यसका कैयन् शब्द दुर्बोध्य किंवा अबोध्य हुनु हो ।

नेपालमा *कौटलीय अर्थशास्त्र*को पुनरुद्धार गर्ने कामको शुरूवात नयराज पन्तबाट भएको हो । विभिन्न सिद्धान्तको आधारमा इतिहासको व्याख्या गर्ने परम्परा चलेकोले मार्क्सवादको दृष्टिले इतिहासको व्याख्या गरिए जस्तै *कौटलीय अर्थशास्त्र*को दृष्टिले नेपालको इतिहासका केही कालखण्डको व्याख्या नयराज पन्तले गरेका छन् । एउटा नयराज पन्त नभएको भए *कौटलीय अर्थशास्त्र*को दृष्टिले नेपालको इतिहासको व्याख्या हुँदैनथ्यो ।

नयराज पन्तपछि अरूको त के कुरा, अर्थशास्त्रको दृष्टिले नेपालको इतिहासको व्याख्या गर्ने काममा उनले खटाएका चेला सुद्धा यतातिर नलागी गणतन्त्रको व्याख्यातिर लागेको देख्दा[४] यस परम्पराको पुनरुद्धार यहाँ हुन गाह्रै छ ।

आफ्नो जमानाका, प्रख्यात कवि लेखनाथ पौड्याल (वि.सं. १९४१-२०२२), बालकृष्ण सम (वि.सं. १९५९-२०३८), लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) आदिका कवितामा मौकापरस्ती छ, यसले गर्दा उनीहरूले कविको होइन, भाटको चरित्र देखाइरहेका छन् भन्ने कुरा सप्रमाण सिद्ध गरी नयराज पन्तले केही लेख लेखेका छन् । ती कविहरूले आफूले लेख्न थालेदेखि जीवन नबिसाएसम्म नयराज पन्तको शब्दमा यसरी

> **अहिले कसको छ हातमा प्रभु-शक्ति, प्रभुको विचारमा ।**
> **कुन वस्तु छ, के गरीकन हुन जाला प्रभुको खुशी मन ।।**
>
> **यति वस्तु गरेर चिन्तन कवितामा त्यति वस्तु ल्याउन ।**
> **अतिरम्य पदावली तथा अतिआकर्षक भावका कथा ।।**
>
> **रचना जुन गर्न जान्दछन्, कविमा श्रेष्ठ तिनै कहाउँछन् ।**
> **प्रभु-शक्ति हुँदा चलाचल कविको भाव रहन्छ चञ्चल ।।**

---

४. ज्ञानमणि नेपाल २०६६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विपरीत विचारका कुरा कवितामा क्रमसाथ आउँदा ।
कुन सत्य असत्य हो कुन यति भन्नाकन हुन्न साधन ।।

कविजी कुन सत्य हो भनी यदि सोधे कविजी रिसाउँछन् ।
बुझ कालहरू तिमी अनि यसको उत्तर मिल्छ भन्दछन् ।।

कुन सत्य असत्य हो कुन यतिमै छैन भने विवेचन ।
व्यवहार परेर आउँदा कुन विद्या मनमा उदाउला ।।[५]

लेख्ने गरेकाले उनको कामबाट तिनीहरूको कविकर्मउपर औँला ठडिन गएको छ । एउटा नयराज पन्त नजन्मेका भए तिनीहरूको रचनामा भाटगिरी झल्किन्छ भन्ने कुरा त्यति चाँडै प्रचारमा आउने थिएन कि ।

---

५. नयराज पन्त २०२७: ३३१-३३२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तले खोलेको पाठशाला र त्यसको वरिपरि

विलयमुपगतास्तास्ता मोहजाद् दुर्विपाकात्
पुनरपि भुवनेऽस्मिन् भान्तु विद्याश्चतस्रः ।
प्रतिपलमिव वृद्धिं प्राप्नुवद्भिः प्रकाशैः
प्रतिहततिमिरौघा भारती भातु नित्यम् ।।

-नयराज पन्त

(मोहबाट भएको खराप फलले गर्दा नाश हुन गएका ती चारै विद्या यस संसारमा फेरि प्रकाश होऊन् । गाढा अन्धकार हटाउने विद्या छिनछिनमा भने जस्तै बढ्दै गएका ज्योतिद्वारा सधैँ प्रकाश भइरहोस् ।)

संसारमा मनुष्यले लोकयात्राका लागि त्यससित सम्बन्ध राख्ने विभिन्न विद्या हासिल गर्नु अत्यावश्यक हुन आउँछ । हाम्रा पूर्वाचार्यहरूले विद्यालाई त्रयी(वेद), आन्वीक्षिकी (दर्शन), वार्ता (खेती, पाशुपाल्य, वाणिज्य), दण्डनीति (राजनीति) यी चार भागमा विभक्त गरेका छन्; यिनैका अङ्गप्रत्यङ्ग मानी लोकयात्रालाई चाहिने सारा विद्याहरूलाई अन्तर्भाव गरेका छन् । आफ्नो विचारअनुसार कुनै आचार्य यी चार विद्यामा कुनै एक विद्यार्थीलाई प्राधान्य दिन्थे तापनि यो चारै विद्या क्रमशः बढ्दै गइरहेका थिए । कालान्तरमा भारतमा अध्यात्मवादको बाढी आयो । मठका जोगीहरूले आन्वीक्षिकीलाई प्रोत्साहन दिन थाले । विद्या पढाउने प्राचीन गुरुकुलहरू टुटे । गुरुकुलको ठाउँ भिक्षु बस्ने मठले लियो । उनीहरूले पारलौकिक आन्वीक्षिकीसिवाय ऐहलौकिक विद्यालाई वास्ता गरेनन् । यसो हुँदा मठमा आन्वीक्षिकीबाहेक अरू विद्याको अध्ययन-अध्यापन छुटेकाले अरू विद्याको ह्रास हुनु स्वभाविक हुन आयो । अरू विद्याका विद्वान् एक दुइ जना फाट्टफुट्ट पैदा भए तापनि तिनीहरूको परम्परा चल्न छोड्यो । यसरी विद्यापरम्परा विच्छेद भएकोले पूर्वजसञ्चित विद्या पनि बिर्सिंदै जान लाग्यो, नयाँ ज्ञानको आर्जन त झन् परै रह्यो ।

यस्तै अवस्थामा दण्डनीति (राजनीति)विद्याविहीन भारतले चिरकालसम्म विदेशी मुसलमानको दासताको बन्धनमा जकडिनुपऱ्यो । अब राजकीय आश्रय नपाएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतविद्याको सर्वतोमुख ह्रास झन् हुन लाग्यो । येनकेन प्रकारेण धार्मिक रूपमा संस्कृतविद्या अलिकता अड्यो ।

उता यूरोपमा अहिलेभन्दा पाँच शय वर्षअघिदेखि ग्रीक, रोमन विद्या र भारतबाट अरबहरूले पश्चिमतिर लगेको भारतीय विद्याको योगबाट पुनर्जागर्ति हुन थाल्यो । यूरोपवासीहरूले विद्याको उत्तरोतर संस्कार र उन्नति गर्दै गएर नयाँ नयाँ वैज्ञानिक आविष्कार पनि गरे । यूरोपवासीहरूमध्ये अङ्ग्रेजहरूले यूरोपमा भएको नयाँ जागर्तिमा पाएको, दिनप्रतिदिन बढ्दै गइरहेको विद्याबल र दण्डशक्ति (सैन्यास्त्रबल)द्वारा विश्वमा प्रभुता जमाउँदै जाँदा भारतलाई पनि आफ्नो वश गराए । अब भारतमा आफ्नो साम्राज्य चलाउन अङ्ग्रेजलाई त्यहाँ आफ्नै अनुकूल हुने शिक्षा चलाउनुपर्ने हुँदा उनीहरूले भारतीयहरूलाई अङ्ग्रेजी शिक्षा दिन थाले । यसैको प्रभावमा हाम्रो नेपालमा पनि सो अङ्ग्रेजी शिक्षाको प्रचार भयो । आजभोलि त हाम्रो देशमा अङ्ग्रेजी शिक्षाले झन् ठूलो स्थान पाइरहेछ । अङ्ग्रेजी शिक्षाको प्रभावले विलास बढाई परलोकको भय कम गराइदिएकोले धार्मिक रूपमा रहेको संस्कृतविद्यालाई मरणासन्न रूपमा पुऱ्याइदिएको छ ।

हामीहरूले अङ्ग्रेजी शिक्षा लिन थालेको आज शय वर्षभन्दा बढी भयो । भारतीयहरूले लिन थालेको योभन्दा पनि धेरै वर्ष भयो । अहिले झन् जोडतोडसँग हाम्रो देशका कर्णधारहरू अङ्ग्रेजी शिक्षा-दीक्षातिर लहसिएका छन् । परन्तु अङ्ग्रेजी शिक्षामा पारङ्गत भएका हामीहरूमध्ये कसैले पनि यूरोपवासीहरूले सञ्चित विद्यापरम्परामा गहिरिएर पसी गूढ तत्त्व फेला पारी आफ्नो देशको उपकार गर्न अहिलेसम्म सकेका छैनौँ, न त नयाँ वैज्ञानिक आविष्कारका साधनको रहस्यलाई आत्मसात् गरी आफ्नो देशमा फैलाउन नै सकेका छौँ । यो नसक्नाको कारण भाषाको काठिन्य, उनीहरूको र हाम्रो विचार गर्ने शैली, परम्परागत आचारविचारको पार्थक्य तथा हाम्रो प्रतिकूल शिक्षा दिने तरीका आदि छन् । यी कारणले गर्दा हामीहरूले जेनतेन भाषासम्म अवगत गरे तापनि विद्याग्रहण गर्न आजसम्म सकेका छैनौँ । कथंकदाचित् आफ्नो सबै संस्कार बिर्सेर परिश्रमसाथ धेरै काल लाएर पाश्चात्त्यविद्याग्रहण गर्न सकिए तापनि हाम्रो देशको आचारविचार, रहनसहन, जलवायु, परिस्थिति आदि सबै कुराको पार्थक्यले गर्दा उनीहरूको अनुभवले उनीहरूको देशमा जति फाइदा दिन्छ, त्यति फाइदा हाम्रो देशमा दिन सक्तैन, बरु त्यो अनुभव असफल सिद्ध हुन आएको देखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाश्चात्त्यभाषाका शिक्षितहरू पाश्चात्त्य देशको जस्तै आचारविचार, वेषभूषाको नक्कल गरेर पाश्चात्त्य देशमा भएको विद्याको रवाफले यहाँ प्रतिष्ठित भइरहेका देखिन्छन् । पाश्चात्त्यहरूले आविष्कार गरेका वैज्ञानिक सामानको उपयोग हामीहरूले गर्नुपरिरहेछ । देश प्रतिदिन परावलम्बी हुँदै जाँदैछ । आफ्नो प्राचीन विद्यामा पनि आस्था हट्दै गयो, आधुनिक पाश्चात्त्यविद्या पनि आउन सकेको छैन । यसरी हामी अहिले त्रिशङ्कुको अवस्थामा पुगेका छौं ।

श्री ५ पृथ्वीनारायण शाहको समयमा नेपालमा विदेशीसँग मुकाबिला गर्ने शक्ति हामीहरूसँग थियो । आफ्नै परम्पराअनुसार जमाएको सेनाले हामीले विदेशीसँग लडी आफ्नो देशको स्वातन्त्र्यरक्षा गर्‍यौँ । पछि भीमसेन थापाले जनरल भई यूरोपको नक्कल गरी पुरानो स्थिति तोडेर यूरोपको ढाँचाको नयाँ फौजी व्यवस्था बाँधे । सक्कलले नक्कललाई जित्यो । भीमसेन थापाले भइरहेको राज्य पनि गुमाए । त्यस कारण पाश्चात्त्यहरूको अनुभव, कार्यतरीका, उनीहरूको देशकालपरिस्थितिअनुकूल र उनीहरूलाई फाइदा दिने भए पनि त्यसको नक्कलले हामीलाई हानि गर्छ, फाइदा दिँदैन ।

कान्तिपुरका राजा प्रताप मल्लले वि.सं. १७२७ मा[१] यहीँका कालीगड र यहीँका सामानले रानीपोखरी तथा त्यसको बीचमा मन्दिर, त्यस मन्दिरमा जाने पुल पनि बनाएथे । अहिले तीन शय वर्षभन्दा बढी भयो, सो अझसम्म अडेकै छ । श्री ३ वीरले वि.सं. १९५१ मा यूरोपको ढाँचाको नक्कल गरी पाश्चात्त्य शिक्षा पाएका स्थपति (इन्जिनीयर)द्वारा घण्टाघर बनाएका थिए । सो घण्टाघर वि.सं. १९९० को भूकम्पले ध्वस्त भयो । त्यस पद्धतिमा बनेका अरू ठूलठूला दरबार पनि सो भूकम्पमा धेरैजसो नष्टभ्रष्ट भएका थिए । अतः यूरोपवासीहरूले आफ्नो देशको माटो पानी हावा तेजमा अनुभव गरी बनाएको वास्तुविद्यालाई आफ्नो देशको पदार्थको परीक्षण नगरी उपभोग गर्दा राम्रो फल आएको देखिँदैन ।

हामीले अङ्ग्रेजी शिक्षा लिन थालेको शय वर्ष बित्यो । कार्यक्षम विद्या लिन नसकेको, लिइहाले तापनि हाम्रो देशमा त्यो सफल नभएको, त्यसले फाइदा नदिएको पनि हामीले प्रत्यक्ष देखिसक्यौँ । अब त्यसै बस्नै वेला छैन । हाम्रो आफ्नै प्राचीन विद्याको अनुसन्धान पुनरुत्थानसिवाय अब अर्को बाटो छैन । धेरै परिश्रम र धेरै समय लगाएर

१. रानीपोखरीको प्रतिष्ठा वि.सं. १७२५ मै भइसकेको कुरा नयाँ खोजीबाट प्रमाणित छ (महेशराज पन्त २०६९: २०) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि आफ्नो विद्याको अनुसन्धान र उन्नति गर्दै जानुपर्छ, आफ्नै परम्परागत अनुभव कायम राख्नुपर्छ, आफ्नै तरीका लिनुपर्छ । यसै गर्‍यौँ भने मात्र हामी स्वावलम्बी भएर आफ्नो देशको उन्नति गर्न समर्थ हुनेछौँ । हामीले आफ्नो प्राचीन विद्याको अनुसन्धान र उन्नति गर्न सकेनौँ भने त हामी स्वाबलम्बी भएर आनन्दपूर्वक लोकयात्रा चलाउन सक्नेछैनौँ ।[२]

माथि व्यक्त गरिएका यिनै र यस्तै कुराले अभिभूत भएर संस्कृविद्याको अध्ययन-अध्यापन गरी भारतीय प्राचीन विद्याद्वारा कार्यक्षमता पैदा गराउन अर्थात् प्राचीन विद्याको पुनरुद्धार गर्न वि.सं. १९९७ देखि पिताजी लागिरहनुभएको छ । पिताजीले त्यही वेलादेखि आफ्नो अत्यन्त नजीकको सम्पर्कमा आएका नातेदार वा शिष्यहरूलाई बटोली त्यस उद्देश्यको परिपूर्तिको लागि पढाउँदै आउनुभएको हो ।

संस्कृतभाषाका प्राचीन पाठ्यपुस्तक प्रायः सूत्ररूपमा लेखिएका छन् । घोक्न उध्रन सजिलो होस् भनी त्यहाँ सकेसम्म छोट्ट्याउने प्रयत्न गरिएको छ । त्यहाँ नियम मात्र दिइएका हुन्छन्, उदाहरण प्रायः दिइएका हुँदैनन् । यस कारण विद्याको परम्परा नटुट्येस्, ग्रन्थको आवृत्ति सधैँ भइरहोस् भन्ने उद्देश्यले प्राचीन ग्रन्थकारहरूले ग्रन्थ बनाएका छन् भन्ने कुरो स्पष्ट हुन्छ ।

भास्कराचार्यको *लीलावती*भन्दा आकारप्रकारमा दश गुना ठूलो भएको, यादवचन्द्र चक्रवर्तीको *अङ्कगणित*मा *लीलावती*को चौथाइ भाग मात्र परेको छ । *अङ्कगणित* जस्ता पुस्तक कण्ठस्थ गर्नु वा उध्रनु सम्भव छैन । यस कारण अनेकन् उदाहरणको अभ्यास तथा मूलग्रन्थ कण्ठस्थ नगरी संस्कृत पढ्ने मानिसमा काम गर्ने शक्ति उत्पन्न हुन सक्तैन । काम गर्ने शक्ति नभईकन लोकयात्रा सुखपूर्वक चल्न सक्तैन । यसैले संस्कृत पढ्ने मानिसमा कार्यक्षमता पैदा गर्न संस्कृतका केही मूलग्रन्थ कण्ठस्थ राख्नुपर्छ भन्ने कुरा स्पष्ट छ ।

हाम्रो देशमा आजभोलि चलेको संस्कृशिक्षापद्धतिको आधार यहाँ नरही काशीको राजकीय पाठशालामा रहेको छ । यस कारण वर्तमान संस्कृतशिक्षापद्धतिबाट काम

---

२. माथिका ८ कण्डिका पिताजीले वि.सं. २०१४ मा लेख्नुभएको अझै अप्रकाशित *हाम्रो उद्देश्य र कार्यप्रणाली*①बाट जस्ताकोतस्तै जस्तो सारिएका हुन् ।

---

① नयराज पन्त २०५९: १-७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने शक्ति किन पैदा भएन भन्ने कुरा विचार गर्न पहिले काशीको राजकीय पाठशाला कसरी कुन उद्देश्यले स्थापना भयो भन्ने कुरा विचार गर्नुपर्छ ।

भारतविजेता अङ्ग्रेजहरूले आफ्नो भारतीय साम्राज्यको राजकाज चलाउन सजिलो परोस् भनेर नै संस्कृतभाषामा पहिलेबाट चाख लिएका हुन् । भारतको शासन भारतीयै· धर्मशास्त्रअनुसार चलाउँदा फाइदा होला भन्ने विचारले इस्ट इन्डिया कम्पनीका अधिकारीहरूले आफ्ना केही सत्री (विद्वान्को रूपमा हिँडेका राजकाजी मान्छे)लाई भारतीय रीतभाँत बुझ्न खटाएका थिए । भारतीय विचारधाराको एउटा ठूलो स्रोत संस्कृतभाषा भएकोले यही सिलसिलामा वि.सं. १८४८ मा काशीमा संस्कृतपाठशालाको स्थापना भयो । सो पाठशालाको उद्देश्य संस्कृतभाषा पढ्नेहरूमा कार्यक्षमता पैदा गराउने थिएन, खालि लब्धप्रशमन (पाएको राज्य जोगाउनु)को साधन मात्र बनाउनु थियो । यो कुरा सो शिक्षाका प्रवर्तकहरूकै वाक्यबाट स्पष्ट हुन्छ । यस कारण काशीको पाठशालाको पाठ्यक्रम ग्रन्थ कण्ठस्थ राख्ने भारतीय परम्पराको प्रतिकूल त्रिखण्डी परीक्षाको रूपमा चल्न थाल्यो, जसबाट सो पढाइमा कुनै ग्रन्थ पनि तलदेखि माथिसम्म जम्मै कण्ठस्थ नगराइने हुन थाल्यो । एउटा पुस्तकको परीक्षामा निर्धारित भागको आधा वा तीन खण्डको एक खण्डसम्म पढ्दा पनि परीक्षामा उत्तीर्ण भएका विद्वान्हरू त्यस पाठशालाबाट तयार हुन थाले । **अहरहः स्वाध्यायमधीयीत - दिनकादिन आफैँ पढ्नुपर्छ** भन्ने परम्पराको उल्टो, प्रमाणपत्र साथमा भएपछि आफूले पढेको ग्रन्थ कण्ठस्थ राख्ने आवश्यकता त्यस पढाइमा भएन । जसको आधारमा आफूले काम गर्नु छ, ती ग्रन्थ पनि कण्ठस्थ नभएपछि कार्यक्षमता नआउनु स्वाभाविक कुरो हो ।[३]

यसो हुनाले वर्तमान त्रिखण्डी शिक्षापद्धति छोडी ग्रन्थ कण्ठस्थ पारी कार्यक्षमता पैदा गर्ने पाठ्यक्रम आफूले खोलेको पाठशालामा पिताजीले चलाउनुभयो । सकभर थोरै ग्रन्थ कण्ठस्थ गराई उध्रन सजिलो हुने गरी प्राचीन भारतको सूत्रपाठ्यक्रम चलाउने उद्योग त्यस पाठशालामा भएको थियो ।

पिताजीले यसरी पढाउँदै गई पाठशाला खडा गरे पनि त्यस पाठशालाकी विधिवद् उद्घाटन गर्ने काम उहाँले गर्नुभएन । तीस वर्ष जति चली दर्जनौँ विद्यार्थीले शिक्षा

३. माथिका ४ कण्डिका पनि *हाम्रो उद्देश्य र कार्यप्रणाली*[①]बाट नै जस्ताकोतस्तै जस्तो लिइएका हुन् ।

① नयराज पन्त २०५९: १४, १५-१६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाएको त्यस पाठशालाको नाउँसुद्धा कहिल्यै राखिएन । त्यसमाथि संस्कृतशिक्षासँग सयौँ वर्षदेखि टाँसिएर रहेको अध्यात्मवाद वा कर्मकाण्डको कत्ति पनि छूत लाग्न पिताजीले आफूले चलाएको पाठशालामा दिनुभएन, न त कुनै ठूलाबडाको आश्रयको छहारीमा त्यस पाठशालालाई राख्ने विचार पिताजीले गर्नुभयो ।

पिताजीले विद्यार्थी जम्मा गरी आफ्नो ढङ्गले जुन वेला पाठशाला चलाउनुभयो, त्यस अन्तरालमा मलाई थाहा भएसम्म, संस्कृतभाषाको आधारमा आफ्नो ढङ्गले शिक्षा दिने, अरू तीन पाठशाला काठमाडौँमा चलेका थिए । तिनमा पहिलो, योगी नरहरिनाथ, कविराज हरिप्रसाद खकुरेल, पण्डित बुद्धिप्रकाश पाँडेहरूले खोलेको ब्रह्मचर्याश्रम थियो । नावैँ ब्रह्मचर्याश्रम रहेको त्यस पाठशालाको बाहिरी रूप आजभोलि भारतका गुरुकुलहरूको वा नेपालका वैदिक पाठशालाहरूको जस्तो भएकोले सनातनधर्मका विधिविधानमा श्रद्धा राखी जीवनयापन गर्ने मान्छे उत्पादन गर्नु त्यसको लक्ष्य थियो जस्तो मलाई लाग्छ । त्यसो भए तापनि त्यहाँ कहिले भारतमा अङ्ग्रेजी शासनले चलाएको परीक्षाको अनुकूलको पढाइ र कहिले पिताजीले चलाउनुभएको पढाइ पढाइने भएकोले त्यस आश्रमका संस्थापकहरूको मनमा पढाइको विषयमा पक्का धारणा थिएन कि जस्तो म लाई लाग्छ ।

दोस्रोचाहिँ पण्डित शेषराज रेग्मीले नक्सालमा आफ्नै घरमा खोल्नुभएको पाठशाला थियो । पिताजीले खोल्नुभएको पाठशालाको जस्तै त्यस पाठशालाको पनि नावैँ राखिएको थिएन जस्तो मलाई लाग्छ । त्यस पाठशालामा सरकारिया पाठशालामा भन्दा बढी मिहिनेत गराई परीक्षापयोगी ढङ्गले पढाइन्थ्यो भन्ने मैले सुनेको छु र पिताजीले खोल्नुभएको पाठशालामा पढ्न छोडी एकदुइ जना विद्यार्थी पछि त्यहाँ पढ्न गएको कुरा पनि म अझै सम्झँदैछु ।

तेस्रो पाठशालाचाहिँ वैद्य दिव्यवज्र वज्राचार्यले आफ्नो घर महाबौद्ध मासंगल्लीमा खोल्नुभएको स्वास्थ्यशिक्षाश्रम हो । पिताजीले चलाउनुभएको पाठशाला पनि वैद्य दिव्यवज्र वज्राचार्यकै त्यही घरमा रहेको र त्यस पाठशालामा म पनि पढ्ने भएकोले स्वास्थ्यशिक्षाश्रमको गतिविधि मैले निकै देखेको छु । हाम्रो पाठशालाको नाउँ सुद्धा नराखिएको र त्यस नयाँ पाठशालाको स्वास्थ्यशिक्षाश्रम भन्ने नाउँ राखी ठूलाबडालाई बोलाई सभा आदि गरेको देख्दा मेरो केटाकेटी मनमा कस्तो कस्तो लागेको थियो । यस्तै वैद्य दिव्यवज्र वज्राचार्यले आफ्ना छोरा गौतमवज्रलाई आफ्नो पाठशालामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नपढाई पिताजीको पाठशालामा पढाउनुभएको कुराको पनि मेरो केटाकेटी मनले जवाफ दिन सकेको थिएन ।

नावँ स्वास्थ्यशिक्षाश्रम भएकोले त्यस पाठशालामा स्वास्थ्यसम्बन्धी शिक्षालाई बढी जोड दिइन्थ्यो भन्ने कुरा त आफसेआफ स्पष्ट छ । संस्कृतभाषाको आधारमा त्यहाँ स्वास्थ्यको शिक्षा दिइने भएकोले आयुर्वेदको पढाइ हुन्थ्यो भन्ने पनि स्पष्ट नै छ । त्यस स्वास्थ्यशिक्षाश्रममा पढ्न शहरका मानिसभन्दा नेपालखाल्डोभित्रका गाउँगाउँका मान्छे बढी आएका थिए । त्यस आश्रमको लक्ष्य संस्कृतभाषाको सामान्य पढाइको साथै आयुर्वेदको सामान्य शिक्षा दिई एक प्रकारका कामचलाउ वैद्य उत्पादन गर्ने थियो । तदनुरूप कामचलाउ केही वैद्य त्यहाँबाट निस्केका पनि थिए ।

काठमाडौँमा त्यसताका चलेका चारवटै गैरसरकारी संस्कृतपाठशाला सरकारले संस्कृतपाठशालाबाट सामान्यतया पूरा हुन नसक्ने उद्देश्यको परिपूर्तिको लागि चलाइएका थिए, तर अरू तीन पाठशालाको भन्दा पिताजीको पाठशालाको उद्देश्य ठूलो र विलक्षण थियो भन्ने कुरा पनि यहाँनिर सम्भनुपर्छ । कुरा के भने पिताजीले जुन पाठशाला चलाउनुभयो, त्यस पाठशालाको उद्देश्य कामचलाउ मान्छे उत्पादन गर्ने नभई आफ्नो विषयका पूरा विद्वान् निकाल्ने थियो, त्यस्तो उद्देश्य अरू तीन पाठशालाको थिएन र पछि गएर सरकारिया मान्यता पाएको पाठशालामै मिसिन जाने स्पष्ट वा अस्पष्ट विचार ती पाठशालाको थियो ।

यस प्रसङ्गमा मलाई अहिले सम्भना भएको एउटा कुरा पनि यहाँ लेखिहालूँ । त्यो के हे भने नेपाली भाषाको आधारमा शिक्षा दिन भनी मास्टर गोपाल पाँडेको प्रयासमा नेपाली शिक्षापरिषद् भन्ने एउटा भाषापाठशाला त्यसताका चलेको थियो । अङ्ग्रेजी वा संस्कृतको आधारमा सामान्य शिक्षा दिने पाठशाला मात्र चलेको र नेपालीको आधारमा शिक्षा दिने पाठशालामा खास गरी ऐनस्रेस्ताको मात्र पढाइ हुने स्रेस्तापाठशाला मात्र भएको र नेपालीको आधारमा सामान्य शिक्षा दिने पाठशाला नभएकोले त्यो पाठशाला नौलो किसिमको थियो । एक प्रकारले भन्ने हो भने त्यो पाठशाला अङ्ग्रेजी शिक्षाको टक्करमा चलाइएको थियो । भाषाको माध्यम फरक भए पनि दुवै पाठशालाको अभीष्ट लक्ष्य अङ्ग्रेजी शिक्षाको विरोध थियो भनी भन्दा बढ्ता बोलेको ठहर्दैन । गोपाल पाँडेले निकै नै थोरै समयमा आफ्नो पाठशालाको प्रचारप्रसार गरी प्रशस्त विद्यार्थी बटुल्न सकेकाले हामी दुवै मिली एउटै पाठशाला बनाऔँ भनी उनले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिताजीसँग भनेका थिए । तपाईँको पाठशालामा स्कूल तहको मात्र पढाइ चलेको छ, त्यसपछिको माथिल्लो शिक्षा आफ्ना विद्यार्थीहरूलाई कसरी हासिल गराउने विचार तपाईँले गर्नुभएको छ भनी पिताजीले उनीसँग सोद्धा यसपछि उनीहरू कलेजमा पढ्न जान्छन् भनी गोपाल पाँडेले जवाफ दिए । तपाईँको पाठशालामा नेपाली भाषाको आधारमा स्कूल तहको पढाइ पूरा गरी कलेजमा पढ्न जाने विद्यार्थी कलेजमा अङ्ग्रेजीको आधारमा पढाइ हुने हुनाले तलैदेखि अङ्ग्रेजी पढ्दै आएका विद्यार्थीसँग कसरी जोडकातोड गर्न सक्छन्; पछि गएर कलेजमै पढेर शिक्षा पूरा पार्ने हो भने तपाईँको नेपाली शिक्षापरिषद् अन्यथासिद्ध छ; मैले चलाएको पाठशालामा जस्तो शिक्षा दिइन्छ, त्यस्तो शिक्षा अन्त कतै दिइने नभएकोले मैले त्यो पाठशाला चलाएको हुँ; मेरा विद्यार्थीले शिक्षा पूरा गर्न अन्त कतै गएर पढ्न जरूरत छैन भनी पिताजीले गोपाल पाँडेलाई भन्नुभएको थियो । यताबाट पनि पिताजीले कामचलाउ मान्छे निकाल्न सो पाठशाला चलाउनुभएको थिएन र आफ्ना समयका अरू चिन्तकहरूले भन्दा निकै ठूलो उद्देश्य लिएर पाठशाला खोल्नुभएको थियो भन्ने यताबाट देखिन्छ ।

धर्मनीति र राजनीतिबाट पर रही, कुनै प्रकारको सङ्घट्टन नगरी, कसैलाई प्रभु नमानी, आफ्नो कामको डम्फु बनाउने जस्ता हल्लाखल्ला नगरी परम्परा टुटिसकेको, टपरे पण्डितहरूको पेवा जस्तो भएर आइरहेको संस्कृतविद्याको पुनरुत्थान गरी त्यस विद्याद्वारा कार्यक्षमता पैदा गराउने उद्देश्यले खोलिएको त्यस पाठशालाबाट जे काम भयो, नेपालको विद्याको इतिहासमा त्यसको राम्रो लेखाजोखा पछि हुने नै छ ।

भारतीय ज्यौतिषशास्त्रको चलनचल्तीको उच्च शिक्षा अत्यन्त राम्रोसँग हासिल गरिसकेर पनि आफूले पाएको शिक्षामा अपूर्णताको अनुभव पिताजीले गर्नुभएपछि उहाँले आफ्नै ढङ्गले त्यस शिक्षामा पूर्णता ल्याउने कोशिश गर्नुभयो । त्यसमा पनि साधनको अभावले गर्दा उहाँ सफल हुन सक्नुभएन तापनि उहाँको त्यस प्रयासबाट निकै ठूलो उपलब्धि भने मिल्यो ।

भारतीय ग्रन्थसँगै पाश्चात्त्य गणित वा ज्यौतिष ग्रन्थ हेर्दै जाँदा पाश्चात्त्य गणित वा ज्यौतिषका पुस्तकमा पाश्चात्त्य विद्वान्‌का आविष्कार भनी दरिएका निकै कुरा उहाँले प्राचीन भारतीय ग्रन्थमा पहिलेबाटै प्रतिपादन भइसकेका भेट्टाउनुभयो । यसबाट गणित र ज्यौतिषको इतिहासका केही बुँदामा संशोधन गर्नुपर्ने अवस्था आयो र तदनुसार पछि उहाँले यस विषयमा नेपाली र संस्कृतमा केही निबन्ध पनि लेख्नुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आजभोलि संस्कृतभाषा प्रायः टपरे पण्डितहरूले लेखपढ गर्ने भाषामा परिणत भएकोले र नेपालीमा त्यस्तो किसिमको चर्चाको परम्परै नभएकोले उहाँका ती लेखमा बाहिरका सम्बद्ध विषयका विद्वान्‌हरूको दृष्टि नै परेको छैन भने पनि हुन्छ । यसो भए तापनि पाश्चात्त्य गणित र ज्यौतिषसँग भारतीय ज्यौतिषशास्त्रको यस तुलनात्मक परिशीलनबाट संस्कृतविद्या विज्ञानको प्रतिकूल नभई अनुकूल हो र अध्यात्मवाद वा कर्मकाण्ड संस्कृतविद्याका अपरिहार्य अङ्ग होइनन् भन्ने विचार उहाँको मनमा चढ्न गयो र संस्कृतविद्याद्वारा कार्यक्षमता ल्याउन सकिन्छ भन्ने दृढ धारणा उहाँको हुन गयो ।

यसरी ज्यौतिषको पढाइमा साफल्य हासिल गर्न नसकेपछि उहाँले केटाकेटीदेखिको आफ्नो प्यारो विषय इतिहासतिर आफूलाई बढी मोड्न थाल्नुभयो । परिणामस्वरूप उहाँले आफ्नो जन्मभूमिको इतिहासका उपकरणको खोजी गर्न थाल्नुभयो । नेपालको इतिहासको लामो समयलाई बुझाउने धेरैजसो उपकरण संस्कृतभाषामा भएकोले र संस्कृतको ज्ञानलाई त्यस काममा उपयोग गर्नाले उहाँलाई ठूलो साफल्य भयो । यस कारण उहाँले आफ्नो पाठशालामा पढ्ने विद्यार्थीहरूलाई संस्कृतभाषाका व्याकरण काव्य कोषमा पाण्डित्य हासिल गराउनुभयो र उनीहरूलाई नेपालमा चलेका पुराना लिपि र पञ्चाङ्गगणनापद्धति आदि सिकाउनुभयो । यस ज्ञानबाट ती विद्यार्थीहरू नेपालमा पाइएका जतिसुकै पुराना अभिलेख पढ्न सक्ने र तिनका अर्थ र व्याख्या गर्न सक्ने भए ।

हाम्रो देशमा अङ्ग्रेजी शिक्षाको साथसाथै इतिहासको शिक्षाले पनि पाइला हालेको हो । संस्कृतशिक्षाअन्तर्गत इतिहासको पढाइ नहुने र अङ्ग्रेजी शिक्षाअन्तर्गत इतिहासको पढाइ हुने हुनाले इतिहासको विषयमा कलम चलाउने पनि अङ्ग्रेजी शिक्षा पाउने नै खास गरी थिए । यसरी अङ्ग्रेजी शिक्षा पाउनेहरू ऐतिहासिकका हैसियतले चिनिए तापनि प्राचीन विद्याको कत्ति पनि ज्ञान तिनीहरूमा नहुने भएकोले इतिहासका उपकरण केलाई नेपालको इतिहासको विषयमा कुनै नयाँ कुरा लेख्न तिनीहरूले सकेका थिएनन् र विदेशीहरूले लेखेका ग्रन्थलाई नै आकरग्रन्थ मानी तिनीहरूले कलम चलाइरहेका थिए । यसैले संस्कृतभाषाको आफ्नो उच्च ज्ञान र अरू विभिन्न विद्याको बुत्तामा नेपालको इतिहासका उपकरणको खोजी र परिशीलन गर्दै जाँदा पिताजीले नेपालको इतिहासका स्वदेशी विदेशी पुस्तकहरूमा निकै अशुद्धि फेला पार्नुभयो । ती अशुद्धिको सप्रमाण निराकरण गरी *इतिहास-संशोधन*पत्र निकाल्ने काम आफ्ना विद्यार्थीहरूद्वारा वि.सं. २००९ देखि उहाँले शुरू गर्नुभयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वदेशी सबै नराम्रो र विदेशी सबै राम्रो भन्ने दर्शनअनुरूप संस्कृतशिक्षाभन्दा अङ्ग्रेजी शिक्षालाई उत्तम ठानिने र संस्कृतशिक्षा पाएकालाई अङ्ग्रेजी शिक्षा पाएकाको दाँजोमा हीन सम्झिने धारणा हाम्रो यहाँ छ भन्दा बढ्ता बोलेको ठहरिनेछैन। धारणा यस्तो भएकोले संस्कृतशिक्षा पाएकाहरू अङ्ग्रेजी शिक्षा पाएकाहरूको दाँजोमा श्रीहीन भएका कुरा पनि हामीले नदेखेको होइन। अझ अङ्ग्रेजी पढ्नेहरूले संस्कृत पढ्नेहरूलाई आफ्ना सहायकका रूपमा राखी राम्रो फाइदा उठाउने गरेको कुरा पनि देखेसुनेकै हो। यी सबै कुराको निष्कर्ष छोटकरीमा निकाल्ने हो भने अङ्ग्रेजी पढ्नेहरूबाट संस्कृत पढ्नेहरू जहिले पनि पराजित नै भएर आइरहेका छन्।

संस्कृत पढ्ने र अङ्ग्रेजी पढ्नेहरूको लौकिक स्थितिमा यो वैषम्य रहँदा रहँदै वि.सं. २००९ देखि निस्कन थालेका *इतिहास-संशोधन*पत्रबाट एउटा गजबको कुरा भयो। नेपालको इतिहासमा कलम चलाउनेमध्ये धेरैजसोले अङ्ग्रेजी शिक्षा पाएका र तिनीहरूले लेखेका इतिहासका पुस्तकमा रहेका अशुद्धिको संशोधन *इतिहास-संशोधन*पत्रहरूमा हुँदै जाँदा परोक्ष रूपले यस कामबाट अङ्ग्रेजी शिक्षालाई नै हाँक मिल्न गएको थियो। यो कुरा अङ्ग्रेजी पढी इतिहासको उच्च शिक्षा पाएका मानिसहरूले पनि राम्ररी बुझेका थिए भन्ने कुरा आफ्नो *मध्यकालीन** *नेपाल*को सप्रमाण खण्डन वि.सं. २०१० मा *इतिहास-संशोधन*पत्रमा निक्लेपछि आगो भएका प्रिन्सिपल भैरवबहादुर प्रधानले वि.सं. २०१२ मा यस्तो लेखेकोबाट पनि बुझिन्छ–

> **इतिहासकारतय् दृष्टिकोण फरक जुइफु मतभेद जुइफु मतभेद जुइवं हे मेपिंस च्वःगु खँयात हे मखु धया थुकिया इतिहास संशोधन धका च्वयां तुन्थी च्वह्म ब्यांँचा फुले जुइथें जुया क्यनेगु थःगु दुर्बलता जक क्यनेगु जुइ।**[४]
>
> **(ऐतिहासिकहरूको दृष्टि फरक हुन सक्छ, मतभेद हुन सक्छ। मतभेद हुँदा नै अरूहरूले लेखेको कुरालाई हुँदै होइन भनेर यसको *इतिहास-संशोधन* भनेर लेखी इनारमा बस्ने भ्यागुतो फुले जस्तै फुलेर देखाउनु आफ्नो दुर्बलता मात्र देखाउनु हुन्छ।)**
>
> **ठदार दृष्टि विचारयाय मफुपिं मतभेद जुइवं मेपिं इतिहासकारतयत अनेक अपशब्द प्रयोग याना लालाथे धाइपिँ न्ह्यागु देशे नं दु। दृष्यन्त स्वरूप**

४. भैरवबहादुर २०१२: २।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्णैल टडं राजस्थानया वंशावली व लेख बांलाक ब्वना पुरातत्व अनुसंधान याना राजपूतानाया इतिहास च्वत । तर संस्कृत भाषा जक ब्वना तःपिं पाश्चात्य* शिक्षाया विरोधी जुयाच्वपिं, अंग्रेजी शिक्षा काःपिं सिबय् जिपिं छु खँय् कम जुगु दु धका गर्व याना च्वपिंसं शिला लेखया जक आधार कया कर्णेल टडया मत अर्थात् सिद्धान्तया तीव्र आलोचना यात । कर्णैल टडं भ्रम फैलेयाःगु खः राजपूतानाया इतिहास च्वःह्मसिके रजपूततयगु बारे ज्ञान मदुगु आश्चर्य खः धका इतिहास संशोधन पिकाल, तर पुरातत्व*या अनुसन्धान याना च्वंपिं अंग्रेजी शिक्षा तथा पूर्वीय* शिक्षाय् योग्यता दया च्वंपिं आपा विद्वान्तसें थौं तक कर्णैल टडयागु सिद्धान्तयात हे समर्थन याना च्वंगु दु ।[५]

(उदार दृष्टिले विचार गर्न नसक्नेहरूले मतभेद हुँदा अरू ऐतिहासिकहरूलाई अनेक अपशब्दको प्रयोग गरेर मनपरी भन्नेहरू जुनसुकै देशमा पनि छन् । दृष्यन्तस्वरूप कर्णेल टडले राजस्थानका वंशावली र लेख राम्ररी पढेर पुरातत्त्वको अनुसन्धान गरेर राजपूतानाको इतिहास लेखे । तर संस्कृतभाषा मात्र पढेका, पाश्चात्त्य शिक्षाका विरोधी, अङ्ग्रेजी शिक्षा लिनेहरूभन्दा हामी कुन कुरामा कम छौँ भनी गर्व गर्नेहरूले शिलालेखको मात्र आधार लिएर कर्णेल टडको मत अर्थात् सिद्धान्तको तीव्र आलोचना गरे । कर्णेल टडले भ्रम फैलाएको हो, राजपूतानाको इतिहास लेख्नेसँग रजपूतहरूको बारे ज्ञान नहुनु आश्चर्य हो भनी [तिनीहरूले] इतिहास-संशोधन निकाले, तर पुरातत्त्वको अनुसन्धान गर्ने, अङ्ग्रेजी शिक्षा तथा पूर्वी शिक्षामा योग्यता भएका धेरै विद्वान्हरूले आजतक कर्णेल टडको सिद्धान्तलाई नै समर्थन गरिरहेका छन् ।)

अङ्ग्रेजी शिक्षा पाएकाहरूको एकाधिकार जस्तो भएर आएको इतिहासविषयलाई पिताजीको यस कामबाट हाँक मिल्न गएकोले उनीहरूले यस कामलाई निमिट्यान्न पार्न भरमगदूर कोशिश नगरेका पनि होइनन् । यसरी त्यस पाठशालाबाट संस्कृतशिक्षा पाउनेहरूकै गौरव बढ्न गए तापनि, चेतना नभएका र कसैलाई प्रभु नमानी बस्न नसक्ने पण्डितजीहरू पनि यस कामका कम विरोधी भई निस्केनन् ।

---

५. ऐजन २०१२ः ४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफूले लेखेका अशुद्ध कुराको सप्रमाण खण्डन हुँदा प्रिन्सिपल भैरवबहादुर प्रधानले संस्कृतशिक्षालाई नै होच्याई पिताजीले थाल्नुभएको संशोधनकार्यको निन्दा गरे जस्तै, त्यस्तै त्यस्तै परिस्थिति पर्दा प्रोफेसर कमलप्रकाश मल्लले प्रिन्सिपल भैरवबहादुर प्रधानले गरेकाभन्दा चौखण्ड बढी अपहेलना संस्कृतशिक्षाको गरेर र संशोधनकार्यको पनि उग्र निन्दा गरी वि.सं. २०४१ मा पुस्तिकै प्रकाश गरेको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

संस्कृतशिक्षालाई कमलप्रकाश मल्ल कतिसम्म होच्याउन पुगेका छन् भन्ने कुराको नमूनाको लागि उनको सो पुस्तिकाबाट केही वाक्य उद्धृत गर्नु अप्रासङ्गिक ठहरिनेछैन–

> **Mahes Raj Pant the son was brought up on "the traditional method". It consists of memorizing "fundamental texts" (fundamental to *whom*, and for *what* purpose?). He had, not only to memorize them but also to regularly "recapitualte (*sic*) the whole text for the achievement of sound scholarship" (Mahes Raj pant, 1979: 17 and ff.). The training consists of critically applying the knowledge of these canonical texts, so painfully gained by rote learning, to the analysis and interpretation of Nepal's historical and cultural data. The apotheosis of the training consists in testing, verifying, and rectifying views on Nepalese history on the basis of evidence.**[६]
>
> **([नयराज पन्तका] छोरा महेशराज पन्त "परम्परागत पद्धति"मा हुर्केका थिए । यस (पद्धति)मा "मौल ग्रन्थ" (कसको लागि मौल ? केको लागि मौल ?) कण्ठ पार्ने काम हुन्छ । उनले ती [ग्रन्थ] खालि कण्ठ मात्र पार्नुपर्ने नभई "राम्रो विद्वत्ताको निष्पत्तिको लागि पूरा ग्रन्थ" नियमित रूपले "उध्रनु" पनि पर्थ्यो (वि.सं. २०३५ मा छापिएको महेशराज पन्तको *अन् स्यान्स्क्रिट् एड्युकेशन्* (संस्कृतशिक्षाको विषयमा) का १७ र त्यसपछिका पृष्ठ) । कण्ठ पारेर यति कष्टसँग हासिल गरेको ज्ञानलाई नेपालको इतिहास र संस्कृतिसम्बन्धी तथ्यको विश्लेषण र व्याख्यामा आलोचनात्मक ढङ्गले प्रयोग**

६. कमलप्रकाश मल्ल २०४१: १-२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने काम त्यस तालीममा हुन्छ । त्यस तालीमको गुणगान प्रमाणको आधारमा नेपाली इतिहाससम्बन्धी मतको पारख गर्ने, तहकीकात गर्ने र सच्याउने काममा छ ।)

If a sound knowledge of the Sanskrit language alone makes me a sound historian, the greatest historian of Nepal probably sits unsung in the obscurity of the shady rooms of Rānīpokharī Sanskrit Pāṭhaśālā. If an impeccable competence in Nepalese palaeography alone makes me a sound historian, the scribes in the National Archives of Kathmandu, dispensing one colophon per rupee, are perhaps incomparable and impeccable historians of Nepal. As for the knowledge of Hindu astrology, astronomy, and mathematics, there is a whole host of their popularisers lined up on all sides of the Ratna Park.[७]

(संस्कृतभाषाको गतिलो ज्ञानले मात्र मलाई गतिलो ऐतिहासिक बनाउँछ भने, नेपालको सबभन्दा ठूलो ऐतिहासिक रानीपोखरी संस्कृतपाठशालाका सेपिला कोठाहरूमा नावैँ नचलेको अवस्थामा प्रशंसितै नभईकन बसिरहेको होला । नेपाली लिपिशास्त्रमा निर्दोष दक्षताले मात्र मलाई गतिलो ऐतिहासिक बनाउँछ भने एउटा पुष्पिका एक रुपियाँमा दिने, काठमाडौंको राष्ट्रिय अभिलेखालयका लेखन्दास नेपालका अनुपम र निर्दोष ऐतिहासिक होलान् । हिन्दू फलितज्यौतिष, गणितज्यौतिष र गणितको ज्ञानको हकमा भने यिनको प्रचार गर्नेहरूको पूरा जमात रत्नपार्कको सबैतर्फ लाइन लागेर बसेको छ ।)

प्राचीन कालमा नेपाल ठूलो थियो र नेपाल भन्नु नै चारभञ्ज्याङ मात्र होइन भनेर वि.सं. २००४ मा छापिएको आफ्नो *नेपालको संक्षिप्त इतिहास*मा तोत्रराज पाण्डेय र पिताजीले सप्रमाण सिद्ध गर्नुभएको थियो । यसपछि खुद पिताजी, उहाँका हामी शिष्यहरूले तथा जगदीशचन्द्र रेग्मीहरूले प्राचीन कालमा पनि नेपालखाल्डोमा मात्र नेपाल सीमित थिएन भन्ने धारणालाई आआफ्ना खोजीले बढी पुष्ट पार्यौं । यसो भए

---

७. ऐजन: १८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तापनि नेपालको राष्ट्रिय गौरव बढाउने विचारले प्रमाणाभासको आधारमा प्राचीन कालमा नेपाल ठूलो थियो भनी सिद्ध गर्न यो काम भएको होइन, ऐतिहासिक सामग्रीहरूको ऊहापोह गरी यो निर्णय गरिएको हो ।

नेपालीहरूमा इतिहासको खोजी सबभन्दा पहिले ऐ.शि. बाबुराम आचार्यले गर्नुभएको हो । उहाँका लेख नेपालबाट नेपाली भाषामा छापिएकाले नेपाली जनजीवनमा भिजेको विक्रसंवत्को प्रयोग तिनमा हुने गरेको थियो । विश्वइतिहासको सन्दर्भमा हाम्रो इतिहासको अध्ययन गर्न स्वदेशी विदेशी सबैलाई सजिलो होस् भन्ने आशय राखेर विक्रमसंवत् छोडी ईसवी संवत्को सहारा पछि उहाँले लिन थाल्नुभयो ।

हाम्रो राष्ट्रिय संवत्मा विशेषण गराएर जोडिएको विक्रम शब्द सार्थक नदेखिएको र वैशाख आदि हाम्रा नाक्षत्र सौरमास अशास्त्रीय भएकाले स्वदेशी तिथिमिति छोडी ईसवी संवत्को आश्रय लिनुपरेको कुरा बाबुराम आचार्यले वि.सं. २०२४ मा लेख्नुभयो । यसपछि विक्रमसंवत्को विक्रम शब्दको सार्थकता सिद्ध गर्न र हाम्रा नाक्षत्र सौरमासको शास्त्रीयता किंवा वैज्ञानिकता सिद्ध गर्न पिताजीले कुरा खुलाएर निकै लामो लेख तत्कालै जसो *पूर्णिमा*को १५ अङ्कमा प्रकाश गराउनुभयो ।

एक थरी नेवारहरूले विक्रमसंवत्लाई अराष्ट्रिय भनी त्यसको ठाउँमा नेपालसंवत्लाई राष्ट्रिय संवत्को मान्यता दिनुपर्छ भनी हल्लीखल्ली गर्दै आएको देखेर विशुद्ध ऐतिहासिकको हैसियतले यस विषयमा बोल्नु मैले आवश्यक ठानेँ । परम्परादेखि चल्दै आएको, नेपाली जनजीवनमा भिजेको विक्रमसंवत्लाई खारेज गरी नेवारहरूमा मात्र चलेको नेपालसंवत्लाई राष्ट्रिय मान्यता दिँदा मुलुकको एकतामा खलल पर्ने डर भएकोले त्यस मागको विरोध गरी ऐतिहासिक प्रमाण दिई मैले वि.सं. २०३८ मा लेखेको थिएँ ।

प्रमाणको आधारमा हामीले भन्दै आएका यिनै कुरालाई संशोधन-मण्डलवालाहरूले विश्वास गर्नैपर्ने कुरा, तिनीहरूका अन्धविश्वास वा अघोषित सिद्धान्त, तिनीहरूले गर्ने लिँडे ढिपी वा तिनमा एउटा कुरा राजनीतिसँग सम्बन्ध भएको मनगढन्त कुरा र अर्कोचाहिँ संस्कृतिसँग सम्बन्ध भएको पक्षपाती कुरा हुन्, तिनीहरूले मन पराएका कुराका यी नमूना हुन् भनी कमलप्रकाश मल्लले लेखेको कुराको उद्धरण यस प्रसङ्गमा गर्नुपरेको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

In this *gurukula*, however, what is or is not an evidence is decided a *priori* by certain articles of faith or superstition. What I wish to examine here is not the training– which doesn't interest me– but some of the articles of their undeclared faith. Among others, let me discuss just two:

1. **In ancient period (when?), Nepal was big (how big?). It had, not only stable, but also fixed political borders. It became fragmented in medieval period (when?).**
2. **Vikram Era is central to Nepalese history and culture, and therefore to Nepalese historiography.**

I wish to examine these two dogmas of the school– a political myth and a cultural bias– in some detail. By now Naya Raj Pant and his son have come to believe seriously that Nepalese historiography is their private estate and that anyone who questions their pet views is trespassing their territory.[८]

(यसो भए तापनि यस गुरुकुलमा कुन प्रमाण हो र कुन प्रमाण होइन भन्ने कुरा विश्वास वा अन्धविश्वासका निश्चित नियमद्वारा पहिलेबाटै निर्णय गरिएको हुन्छ । यहाँ मैले परीक्षा गर्न खोजेको कुरा त्यो तालीम– यसमा मलाई चाख लाग्दैन– होइन, तर तिनीहरूको अघोषित विश्वासका नियममध्ये केही हो । अरूमध्ये खालि दुइवटाको मात्र चर्चा मलाई गर्न दिनुहोस्–

१. प्राचीन कालमा (कहिले?) नेपाल ठूलो (कत्ति ठूलो?) थियो । यस राज्यको सिमाना स्थिर मात्र नभई निश्चित पनि थियो । यो मध्यकालमा (कहिले?) टुक्रियो ।

२. विक्रमसंवत् नेपालको इतिहास र संस्कृतिमा मुख्य छ, यसै कारण यो नेपालको इतिहास लेख्दा पनि मुख्य हुन्छ ।

---

८. ऐजन: २ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस पाठशालाका दुइवटा यी लिँडे ढिपी– [एउटा,] राजनीतिसँग सम्बन्ध भएको मनगढन्त कुरा र [अर्को,] संस्कृतिसम्बन्धी पक्षपातको परीक्षा– केही खुलस्तसँग गर्ने मेरो इच्छा छ । नेपालको इतिहास लेख्ने काम हाम्रो निजी हक हो र हामीले मन पराएका कुरामा जोसुकैले सवाल गर्छ, त्यसले हाम्रो इलाकामा अनधिकार प्रवेश गरिरहेको हुन्छ भन्ने कुरा नयराज पन्त र उनको छोरोले अहिलेसम्म साँच्चिकै ठान्न थालिसकेका छन् ।)

पिताजी र पिताजीका शिष्यहरूका लेख खास गरी नेपाली भाषामा प्रकाश भएकाले बाहिरफेर वर्षौंसम्म ती लेखको प्रभाव परेन भने पनि हुन्छ । चर्वितचर्वण नगरी इतिहासका अनेकन् अज्ञात वा अल्पज्ञात बुँदामा प्रकाश पार्न प्रकाशित अप्रकाशित ऐतिहासिक उपकरणको मनन गरी ती लेख लेखिएकाले नेपाली इतिहासका बाहिरिया प्रौढ विद्वान्हरूको ती लेखतर्फ अन्ततोगत्वा दृष्टि पर्न गयो र उनीहरूबाट ती लेखको प्रशंसा हुन थाल्यो । यस कुरालाई अङ्ग्रेजी शिक्षा पाई इतिहासमा कलम चलाउने गरेका स्वदेशी बन्धुहरूले आफ्नो एकाधिकारमा खलल पर्न जाने प्रक्रियाको शुरूवातको रूपमा लिन थालेका छन् र संशोधन-मण्डलको अवदान सर्वसाधारणको दृष्टिमा सकेसम्म कम पार्न तिनीहरू भरमगदूर कोशिश गरिरहेका छन् । यी कुराको उदाहरण प्रोफेसर प्रयागराज शर्माका तल उद्धरण गरिएका वाक्यमा पनि पाइँदैन भनेर म त भन्न सक्दिनँ–

It is true that among all the recent foreign authors writing on Nepal Slusser has been the most generous in acknowledging her indebtedness to the work done by native scholars in Nepali and other local languages. This is evident from her bibliographical listing of their works, including even the smallest works, and in some cases unrelated works. In this she shows an especial prediliction (*sic*) for the writings of the earstwhile (*sic*) members of a pioneering Nepali historians' group which calls itself the Itihasa Samsodhana Mandala. One reason for this may be that two of her principal research assistants were members of this group. For local readers in Nepal who are familiar with the importance of the work done by this group and

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

who are also familiar with some of their favourite view-points and pet theories, it is not too difficult to discern Slusser's total dependence on them for her interprative(*sic*) wisdom.[९]

(नेपालको विषयमा हालै लेख्ने विदेशीहरूमध्ये नेपाली विद्वान्हरूले नेपाली र अरू स्थानीय भाषाहरूमा गरेको काममा आफ्नो ऋण जनाउनमा सबैभन्दा उदार स्लसर भएकी छिन् भन्ने कुरा साँचो हो। यो कुरा उनले आफ्ना सहायकग्रन्थको सूचीमा तिनीहरूका सानासेसाना र कहीँ कहीँ असम्बद्ध कृतिसमेत दरेकोबाट स्पष्ट हुन्छ। आफूलाई इतिहाससंशोधनमण्डल भन्ने गरेको, अगुवा नेपाली ऐतिहासिकहरूको डफ्फाका अहिलेका सदस्यहरूका कृतिको निमित्त उनले यसमा खास पक्षपात देखाएकी छिन्। उनका मुख्य अन्वेषणसहायकमध्ये दुइ जना यस डफ्फाका सदस्य हुनु यसको एउटा कारण हुन सक्छ। यस डफ्फाले गरेको कामको महत्त्वसँग परिचित भएका र तिनीहरूलाई मन पर्ने दृष्टिकोण र तिनीहरूले मन पराएका सिद्धान्तमध्ये केहीसँग पनि परिचित भएका स्थानीय नेपाली पाठकहरूको निमित्त आफ्नो व्याख्यात्मक बुद्धिको लागि स्लसरको तिनीहरूमाथिको पूरापूर भरपराइ छुट्याउन त्यति गाह्रो पर्दैन।)

कमलप्रकाश मल्लले मेअरी शेप्अर्ड स्लसरको *नेपाल् मण्डल्*को विषयमा लेखेको लेख[१०] र संशोधन-मण्डललाई तथानाम गाली गरी उनै मल्लले छपाएको *इम्पेक्अब्ल् हिस्टोरिओग्रफि इन् नेपाल्, अ रिबुट्ल्* भन्ने पुस्तिका पढेका मानिसहरूको लागि माथि भरखरै उद्धरण गरिएका, प्रयागराज शर्माका वाक्यमा नयाँ कुरा केही छैन। खालि मल्लले बेलिविस्तार लाएर भनिसकेका कुराको पिष्टपेषण मात्र छोटकरीमा यहाँ गरिएको छ। यसो भए तापनि मल्लको लेखाइमा संशोधन-मण्डलउपर जुन द्वेष र आक्रोश उदाङ्गिएका छन्, त्यो यहाँ उदाङ्गिसकेको छैन भनेर चाहिँ विवेकी पाठकले भन्न सक्छ। मल्लसँग संशोधन-मण्डलको भिडन्त भइसकेको र शर्मासँग भने त्यो अझै नभएकोले मात्र शब्दसाधुत्व रहेको हो भन्ने कुरा पनि नेपालको इतिहासलेखाइमा

९. प्रयागराज शर्मा २०४१: २५८।

१०. कमलप्रकाश मल्ल २०४०: १२५-१३३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाख राख्दै गरेका पाठकहरूलाई ठम्याउन गाह्रो पर्दैन होला जस्तो मलाई लाग्छ ।

वि.सं. २०१२ मा संशोधनकार्यप्रति भैरवबहादुर प्रधानले जस्तो तीतो पोखेका थिए, त्यस्तो तीतो तीस वर्षपछिसम्म पनि पोखिँदैछ भन्ने कुरामा शङ्का छैन भन्ने कुरा यताबाट स्पष्ट भएको छ ।

संशोधनकार्य चल्दै गयो भने कि आफूले पनि कसिएर पढ्नुपर्ने, कि अन्वेषकको पगरी उतार्नुपर्ने अवस्था आउन सक्छ भन्ने डरले आक्रान्त भएका मानिसहरूले लोकको दृष्टिमा यस कामलाई नै हेय ठहर गराउन सकेको खण्डमा संशोधकहरू आफसेआफ निष्प्रभ भई जान्छन् भन्ने ठानी यस्तो प्रचार गर्नु उनीहरूको नीतिज्ञता हो भन्ने मैले ठानेको छु । यसमा उनीहरू सफल पनि भएका छन् भन्ने कुरा थुप्रै संशोधकहरूले यो काम छोडेर मात्र नपुगी, सबभन्दा पहिले *इतिहास-संशोधन* प्रकाश गर्ने तीन जनामध्ये एक जनाले संशोधनकार्यलाई हेय ठहऱ्याई लेखैं प्रकाश गराउनुपरेकोले[११] र भित्रबाहिर सबैतिर संशोधन-मण्डलका वरिष्ठ प्रतिनिधि भनी

---

११. यिनैताक श्री नयराज पन्तजीले नयां परिपाटी अनुसार संस्कृतको अध्ययन अध्यापनको ढांचा निकाल्नु भएको रहेछ । हाम्रा भिनाजु श्री चूडानाथ भट्टरायको उहांसंग राम्रो परिचय भएको र यता आफ्ना ससुराको पनि संस्कृततिरको झुकाउ देखेर उहांकै माध्यमबाट पिताजीले मलाई नयराज पन्तको जिम्वा लगाई दिनुभयो । अब मेरो नयां गुरू* हुनुभयो श्री नयराज पन्त । सानो भए तापनि उहाँमा निक्कै बिद्वत्ता* छ भन्ने कुराको बोध मलाई श्री नयराजजीबाट पाएको हूं । त्यहां गए पछि ४ वर्षसम्म बास्तविक* संस्कृतको पढाई भएको अनुभव भयो र त्यही ४ वर्षको अध्ययनले पछि मलाई उच्च शिक्षासम्मको संस्कृतको पढाईलाई राम्ररी मद्दत गरेको थियो । तर ४ वर्ष पछि त श्री नयराजजीका पनि पढाईका सिलसिलामा सैथिल्यता* आउन लागेको जस्तो लाग्न लाग्यो । यो समय सम्ममा "बिद्या*" भन्ने के चीज रहेछ र यसको उपादेयता जीवनमा कत्तिको पर्दछ भन्ने राम्ररी ज्ञान भई सकेकोले– गुरू*जीका उत्तर भागका गतिबिधि*मा बैशम्य* आएको कुरा ठाउं देखिनै बुझेको थिएं । गुरू*जीको पछिको विचारमा संस्कृतको पढाई चांडो न सिध्याउने थियो । उहां पनि आफू अंग्रेजीको केही ज्ञान प्राप्त गरेको भएता पनि अंग्रेजी शिक्षा प्रति मेरो पिताजी जत्तिकै शुष्क भाव राख्ने हुनुहुन्थ्यो । 'म कहांको पढाई चांडो सकेर यी छात्र अंग्रेजी पढ्न अन्त जालान्' भन्ने गुरू*जीको मुख्य डर थियो । त्यसैले पछि पढाईतिर भन्दा यिनीहरूले आफ्नो सम्पर्क नछोडुन् भन्नेतिर गुरू*को ध्यान जान लाग्यो । हामीलाई इतिहास संशोधन तिर अभिमुख गराएर यतैतिर धेरै व्यस्त बनाउने उहाँको पछिल्लो बिचार* भने हामीलाई स्पृहणीय हुन सकेन । माध्यम भएर श्री चूडानाथ भट्टराय रहनु भएता पनि उहांले पनि नयराजजीको पछिल्लो परिपाटीलाई राम्ररी केलाउन सक्नु भएन भनुं या कोशिश गर्नु भएन । पिताजीलाई भने मेरो पढाईको विषयमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहलिएका मानिस सुद्धाले *सावधान-पत्र* र *इतिहास-संशोधन* प्रकाशित गरी आफूले निकम्मा ऐतिहासिक साबित गरेको मानिसको नै **वैज्ञानिक ढंगले अनुसन्धान र विश्लेषण गरी ऐतिहासिक ग्रन्थहरू तयार पारेको**[१२] भनी माहात्म्य गराउनुपरेकोले

पटक्कै चिन्ता थिएन, जुवाइलाई जिम्मा लगाएकोले– उहां त एकदम ढुक्क हुनुहुन्थ्यो । हामी (गु. छत्रनाथका छोरा- महेन्द्रनाथ अधिकारी, गुरुज्यूकै भतिजा सुरेन्द्रनाथ अधिकारी, पेशल कुमार पोखरेल र म) सहपाठी ४ छात्र भने उकुसमुकुसीएका थियौं– पठन पाठन नदेख्दा । घरमा पढाईको अस्तव्यस्तताको कुरा गऱ्यो– कसैलाई विशेष चासो लागेको जस्तो लाग्दैन थियो । कसैलाई के भनुं । दाजुहरूबाट कहिल्यै पढाई विषयमा एक लवज उच्चारण भएको मलाई थाहा छैन– त्यसैले उहांहरूलाई आफ्नो गुनासो पोख्ने कुरै भएन– आमामा दुःख बिसाउथे बेला मौकामा धोको फुकाएर– तर आमाबाट सिफारिश भएता पनि पिताजीले यस विषयमा पटक्कै कुरा खानु भएन । मेरो अभिभाबक*लाई भने त्यो समयमा संभवतः आफ्नै तानामाना मिलाउदैमा फुर्सद थिएन हाम्रो पढाई बिसे चाख लिने या श्री नयराजजीको विश्वासले यता फर्कने जरूरत संझनु भएन क्यार । अब के गर्ने ? हामी पऱ्यौ हत्यमा । चारैतिर कुरा सुन्यो हेऱ्यो सबै पढदैछन्, आफ्नो भने बाटै बन्दछ । अनि भित्र भित्रै आफैमा बिद्रोह* पैदा हुन थाल्यो । पिताजीको जाडो याममा संधै गाऊ "मणिग्राम" जाने चलन । उहां गाउं गएको बखत मौका पारी एक कडा चिठी लेखे– 'म बिग्रन आटे । पढाई शून्य छ । मेरो विषयमा कुरा सुन्ने र हेर्ने कोही छैन । किंकर्तब्यबिमूढ* भएको छु । पछि कसरी मैले जीवन यापन गर्ने हो भन्ने महान् पीरले मलाई आज भोलि कुनै कुरामा लगनै लाग्न दिंदैन इत्यादि आशयका कुरा लेखी गीताको तेश्रो अध्यायको अर्जुनले श्री भगवान् कृष्णलाई मार्ग निर्देशनको निमित्त भनेको–

ब्यामिश्रेणेव* वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं बद* निश्चित्य येन श्रेयोहाप्नुयाम्* ।

भन्ने श्लोक उद्धृत गरी लेखेर पठाए पछि बल्ल पिताजीलाई छोएछ र सांच्चै होकित भन्ने परेछ । मलाई आफ्नो बाटो पैल्हाउन यत्रो बिधि तुल्कराम गर्नु परेको कुरा मैले कहिल्यै बिर्सन सकेको छैन । यस्तै उधेडबुनमा ३ बर्ष* खेर फाले पछि गुरू* श्री नयराजजीको सम्पर्क छोडी घरमा प्राइभेट जस्तै गरी संस्कृतमा जांच दिंदै रूमलिएको वातावरणबाट गोरेटो खोज्न थालेको हूं । अंग्रेजी अध्ययन तिरको सिलसिलामा श्री बलराम प्याकुरेल तथा श्री तारानाथ शर्माहरुबाट मैले आफूलाई निकै लाभान्वित गराउन सकेको कुरा संझदा उहांहरु प्रतिको मेरो आन्तरिक* हृदयमा उठेका श्रद्धाका तरंग*हरू श्री नयराजजीसंगबाट पाएका संस्कृत र नैतिकताका ज्ञान तन्तुहरुमा अद्यापि झंकृत भैरहेको अनुभव गर्दैछु ।

(केशव मणि आचार्य दीक्षित २०४३: ९-११)

१२. *साप्ताहिक विमर्श* २०४२ माघ ११ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र संशोधन-मण्डलका वर्तमान विरोधीहरूका अगुवा कमलप्रकाश मल्लको आश्रयमा घुस्रिन जान परेकोले स्पष्ट भएको छ ।

विद्याको निरन्तर साधनामा लागेका मानिस एकलै परे पनि ज्ञानमार्गबाट नबिच्किएका उदाहरण इतिहासमा नपाइने होइनन् । आफूले आर्जन गरेको सच्चा ज्ञानलाई नै त्यस अवस्थामा साथीको रूपमा वरण गर्न सक्ने मानिस नै इतिहासमा स्मरणीय हुन पुगेका छन् भन्ने कुरा बुद्धिजीवीहरूको इतिहासमा चाख राख्नेहरूलाई थाहा भएकै कुरा हो । यस कारण चौडा र सजिलो बाटो छोडी ज्ञानको ज्योति जगाउन पुरानो बेचल्तीको बाटो हिँड्नुबाहेक अर्को विकल्प नभएको मानिसले अझ कस्ता कस्ता अवस्था भोग्दै सकस खाएर काम गर्नुपर्ने हो, केही भन्न सकिँदैन । जुन संस्थामा धेरै मान्छे छन्, त्यस संस्थालाई राम्रो र जहाँ कम मान्छे छन्, त्यस संस्थालाई नराम्रो सम्झने सिद्धान्त भएका मानिसहरूको घैँटोमा यस्ता कुराबाट घाम भने लाग्दैन भन्ने कुरामा शङ्का छैन ।

वहति न पुरः कश्चित् पश्चान्न कोऽप्यनुयाति मां
न च नवपदक्षुण्णो मार्गः कथं न्वहमेकक्कः ।
भवतु विदितं पूर्वव्यूढोऽधुना खिलतां गतः
स खलु बहलो वामः पन्था मया स्फुटमुज्झितः ।।

–धर्मकीर्ति[१३]

(अगाडि कसैले डोऱ्याउँदैन, मेरो पछाडि पनि कोही छैन, न त बाटै नयाँ पाइलाले खुँदिएको छ, कसरी म एक्लै परेँ । भैगो, थाहा भयो, पुर्खाहरूले फराकिलो पारेको बाटो अहिले बेचल्तीको हुन गएको रहेछ, चौडा र सजिलो बाटो मैले पक्कै छोडिसकेको रहेछु ।)

---

१३. यो पद्य दामोदर धर्मानन्द कोसम्बी र भी.भी. गोखले २०१४: २९७ बाट उद्धरण गरिएको हो । त्यहाँ **ऊर्जितः** पाठ छापिएको छ । ड्यान्यल हेन्रि होम्ज इन्गल्ज २०२२: ५८२ मा **ऊर्जितः लेफ्ट्, अब्यान्डन्ड्. ऊज्झितः** भनी लेखिएकोले **उत्सर्ग (छोड्नु)** भन्ने अर्थ भएको **उज्झ्** धातुकै अर्थमा **ऊर्जितः** प्रयोग भएको हो भन्ने इन्गल्ज़को भनाइ देखिन्छ । **ऊ (ऊ)र्ज्** धातु **बलप्राणनयोः (बल हुनु र जीवन हुनु)** अर्थमा मात्र भेटिएकोले यो धातु **उज्झ्**को पर्याय कसरी हुन्छ भन्ने कुरा मैले बुझ्न सकिनँ । जे भए पनि **बल र प्राणन** अर्थको यस पद्यमा सङ्गति नमिल्लाले **ऊज्झितः** पाठ मैले सकारेको हुँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली*को लिपिबन्ध

चलनचल्तीमा रहेको शिक्षापद्धतिबाट असन्तुष्ट भई बुबा नयराज पन्त (वि.सं. १९७०-२०५९)ले संस्कृतभाषाको आधारमा प्रयोगात्मक शिक्षा दिने परिपाटी वि.सं. १९९७ मा शुरू गर्नुभए तापनि यस परिपाटीको कार्यप्रणाली त्यस वेला लिखित रूपमा आइसकेको थिएन ।

बुबाले चलाउनुभएको पाठशालामा वि.सं. २००७ को हिउँदमा मैले पढ्न थालेको हुँ । त्यहाँ भर्ना हुँदा म ६ वर्ष पुगी ७ वर्षमा हिँड्दै थिएँ। त्यस बेला पनि यसको कार्यप्रणाली लेखिइसकेको थिएन ।

वि.सं. २०१० तिर जस्तो लाग्छ, अहिले प्रकाशमा आउन लागेको *हाम्रो उद्देश्य र कार्यप्रणाली*को केही अंश बुबाले बोलेर गुरु शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६)को हस्ताक्षरमा लिपिबन्ध भएको । त्यसरी लिपिबन्ध भएकोमा त्यस पुस्तकमा ९ नं. को जुन प्रश्न-उत्तर छ, त्यो पनि परेको थियो । बाक्लो जिल्द भएको, लामो मोटो कापीमा त्यो लेखिएको थियो । लिपिबद्ध त्यो अंश पाँच सात पृष्ठभन्दा बढी थिएन जस्तो मलाई लाग्छ । त्यस कापीका केही पाना मात्र भरिएकाले पछि त्यसका बाँकी भएका पानालाई विद्यार्थीको हाजिरकापीको रूपमा उपयोग गरिएको थियो । हाजिरकापी भएकोले त्यो कापी सधैँ पल्टिइरहन्थ्यो र यसैले त्यसको जिल्द पछि खुस्कियो र कालान्तरमा तलमाथिका केही पाना पनि च्यातिएर गए । बाँकी भए जति भाग पछि संशोधन-मण्डलको सङ्ग्रहमा सुरक्षा गरी राखिएको छ र त्यो अब ऐतिहासिक महत्त्वको हुन गएको छ ।

यस परिपाटीका पहिला विद्यार्थी बुबाका कान्छा मामाका जेठा छोरा चन्द्रनाथ पाँडे (वि.सं. १९८७-२००३) भएको कुरा बुबाले धेरै ठाउँमा लेखिसक्नुभएकोले यस विषयमा यहाँ बढी कुरा लेखिरहनु आवश्यक छैन । अहिले प्रकाश हुन लागेको यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो उद्देश्य र कार्यप्रणाली[१] लिपिबद्ध हुँदा उनै मामाका कान्छा छोरा कारणी जस्तो भएको कुरा कहीँ चर्चामा नआएकोले यस विषयमा यहाँ केही लेख्नु उचित नै होला ।

वि.सं. २०१४ को कुरा हो । त्यस बेला हाम्रो पाठशालामा विद्यार्थी घटिसकेका थिए । मेरोभन्दा दुइ तह माथिल्लो पाठमा ४ जना विद्यार्थी भएकोमा घटेर एक जना गौतमवज्र वज्राचार्य (वि.सं. १९९७ मा जन्म) मात्र बाँकी रहेको, मेरोभन्दा एक तह माथिल्लो पाठमा ६ जना विद्यार्थी भएकोमा एक जना मोहननाथ पाँडे (वि.सं. १९९६ मा जन्म) मात्र बाँकी रहेको र मेरो पाठमा २ जना विद्यार्थी भएकोमा म महेशराज पन्त (वि.सं. २००१ मा जन्म) मात्र बाँकी रहेकोले हामी तीन जनाको एउटै पाठ बनाइएको थियो ।

यही वर्ष बर्खाको कुनै दिन गौतमवज्र वज्राचार्य घुम्दै जाँदा लाजिमपाटको धोबीचौरको एउटा शिवलिङ्गमा कुँदिएको अभिलेखमा उनको आँखा परेछ । त्यो शिवलिङ्ग त पहिल्यैदेखि त्यहाँ थियो, तर त्यसको जलहरीको धेरैजसो भाग जमीनमा गाडिएर रहेको थियो । त्यस बेला कसैले भरखरै खनेकोले जलहरीमा कुँदिएको अभिलेख देखिन गएको थियो । यसपछि त्यस अभिलेखको छापा लिएर आउने काम भयो र मानदेवकी रानी क्षेमसुन्दरीको त्यो अभिलेख मोहननाथ, गौतमवज्र र मेरो नाउँमा छपाउने निर्णय भयो । हाम्रा गुरु धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१) र उहाँका पनि गुरु बुबाको निर्देशनमा हामीले त्यस अभिलेखको पाठ तयार गर्‍यौँ र छापाको आधारमा त्यस अभिलेखको हरेक अक्षर उतार्ने र त्यस अक्षरको देवनागरी रूप दिने काम गरेर केही दिन बितायौँ ।

तर त्यही बीचमा कसैले नचिताएको एउटा अनौठो घटना घट्यो । कुखुरेबैँसका, तर हामी तीन जनामध्ये सबभन्दा जेठा, मोहननाथ एक दिन अचानक बेपत्ता भए । केही दिनसम्म उनको अत्तोपत्तो भएन । पछि उनी रघुनाथपुरमा आफन्तको घरमा बस्न गएको खबर आयो । यो पढाइ छोडी अङ्ग्रेजी पढ्न जानको लागि नै घर छोडेर गएको भन्ने कुरा प्रचारमा आयो र पछि उनी अङ्ग्रेजी पढ्न पनि गए ।

हामी ३ जनाको नाउँमा छापिन लागेको, क्षेमसुन्दरीको त्यो अभिलेख पछि हाम्रा गुरु धनवज्र वज्राचार्यकै नाउँमा *इतिहास-संशोधन* ४१ सङ्ख्याको रूपमा छापियो । त्यो छापिइसकेपछि तात्कालिक शिक्षासचिव केशरबहादुर खत्री क्षत्री (वि.सं. १९६४-

---

१. नयराज पन्त २०५९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२०५३)सँग हाम्रो तकरार परेको कुरा त बुबाले अन्यत्र खुलाएर लेखिसक्नुभएकोले र यसको प्रसङ्ग यहाँ नपरेकोले पनि यसलाई अब अघि नबढाऔँ ।

आफू डेढ वर्षको हुँदा आफ्ना बुबाको परलोक भएपछि मेरा बुबा आफ्ना मावलीबाजे भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)को आश्रयमा हुर्कनुभएको कुरा उहाँले धेरै ठाउँमा लेखिसक्नुभएको छ । बुबाका बुबा अर्थात् मेरा बाजे कृष्णदत्त पन्त (वि.सं. १९७१ मा दिवङ्गत)को पुर्खौली घर गोरखा धुवाँकोटमा थियो । बनारसमा व्याकरणविषय पढी उहाँ रानीपोखरी पाठशालामा व्याकरणका अध्यापक हुनुभएको थियो । बुबा उहाँकी कान्छी स्वास्नीपट्टिका छोरा हुनुहुन्थ्यो । एउटा छोरा पाई मेरी सौताने बज्यै नन्दकुमारी परलोक भएपछि मेरा बाजेले दोस्रो विवाह गर्नुभएको थियो । पहिलो विवाहबाट जन्मेका छोरा काशीप्रसाद (वि.सं. १९५१-१९७३) बाबु परलोक हुँदा झण्डै २१ वर्षको लक्का जवान हुनुहुन्थ्यो र उहाँको विवाह पनि भइसकेको थियो ।

संस्कृतशिक्षाविभागका हाकिम तात्कालिक बडागुरुज्यू कुवलयराज (वि.सं. १९२९-२०१६)को अनुग्रह नपाउँदा मेरा बाजेको जागीर खोसिएको थियो भन्ने मैले सुनेको हो । अरू कुरा त मलाई थाहा छैन, आफूलाई *भागवत* र व्याकरण आउँछ भनी देखाउन र कोटिहोमको टिकटको आस गरी उहाँले राजगुरुलाई प्राञ्जल संस्कृतमा लेखेको चिठीको नक्कल हाम्रो सङ्ग्रहमा छ ।[२]

काठमाडौँमा घर नभएका मेरा बाजे जागीर खोसिएपछि गोरखा फर्कनुभयो । मेरी बज्यै यज्ञप्रिया (वि.सं. १९४५-२०२३)चाहिँ शहरिया भएकोले होला, लोग्नेसँग जानुभएन र छोरा लिई माइतमै बसिरहनुभएको थियो । आफ्नी आमा चाँडै परलोक भएकीले विधुर बाबुको र कच्चा उमेरका भाइबहिनीको देखरेख गर्ने जिम्मेवारी पनि उहाँकै काँधमा भएकोले पनि मेरी बज्यैलाई गोरखा नजान बल मिलेको हो कि जस्तो मलाई अहिले लाग्छ ।

यत्तिकैमा वि.सं. १९७१ फाल्गुनकृष्णएकादशी माघ २७ गते बाजे परलोक भएको खबर माघ २९ गतेको चिठीद्वारा काठमाडौँ आउँदा बज्यैले काठमाडौँमै लोग्नेको

---

२. कृष्णदत्त पन्तले संस्कृतमा र नेपालीमा लेखेका चिठीको लागि महेशराज पन्त २०६२ ग: २९ = ऐजन २०६२ ङ: ४२ ।
ऐजन २०६२ ग: ३५-३७ = ऐजन २०६२ ङ: ४७-४८ ।
ऐजन २०६२ ग: ४१ = ऐजन २०६२ ङ: ४९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाकर्म गर्नुभयो । अनि बर्खी सिद्धिएपछि वि.सं. १९७२ वैशाख २ गते बाजेको सम्पत्तिको अंशबण्डा गर्ने काम भयो । त्यसअनुसार उहाँको चल-अचल सम्पत्ति जे जति थियो, त्यसको तीन भाग लाग्यो । तीन भागमा एक भाग बज्यैले, एक भाग जेठा बुबाले र एक भाग बुबाले पाउनुभयो ।[३] मेरा बाजेले सङ्ग्रह गर्नुभएका व्याकरण, काव्य र इतिहास-पुराणका केही पुस्तक अझसम्म पनि हामीसँग भएको कुरा यस प्रसङ्गमा भन्नु उचित नै होला ।

मेरा बाजेका गुरु, रानीपोखरी संस्कृतप्रधानपाठशालाका हेडपण्डित विष्णुहरि रिमाल (वि.सं. १९०१-१९७१) र ऐतिहासिकशिरोमणि बाबुराम आचार्य (वि.सं. १९४८-२०२९)का बुबा, वि.सं. १९६७ मा मेरा बाजेले वर्षको मोरु. ३६०। खाँदा वर्षको मोरु. २४०। खाने, पण्डित धर्मदत्त आचार्य (वि.सं. १९१९-१९७६) पनि बाजेका असामी भएकोले हाम्रो घरको अंशबण्डाको कागतमा त्यस सापटीको पनि उल्लेख भएको छ । अंशबण्डा हुँदा विष्णुहरि रिमाल परलोक भइसक्नुभएकोले उहाँसँग लिनुपर्ने मोरु. ४०१। को त्यस मितिसम्मको ब्याज कृष्णदत्त पन्तका तीन जना अँशियारले बुझिलिई सावाको ३ खण्ड गरी हरेकको भागमा मोरु. १३३।६६ पर्ने गरी विष्णुहरि रिमालका छोरा नारायणप्रसाद रिमालले अलग अलग तमसूक लेखिदिनुभएको थियो । धर्मदत्त आचार्यसँग लिनुपर्ने मोरु. ४१। चाहिँ बज्यै र बुबाको अंशमा पारिएको थियो ।

मेरा बुबाको मावलीले पुस्तौँदखि ज्योतिषी पेशा अँगालेको थियो । मेरा बुबाका मावलीबाजेका बराजु लक्ष्मीपति पाँडे (वि.सं. १८१५-१८८८) आफ्नो समयका नामुद ज्योतिषी हुनुहुन्थ्यो । बुबाका मावलीबाजेको सङ्ग्रहमा लक्ष्मीपतिले आफैँले बनाएका र सङ्ग्रह गरेका गरी निकै पुस्तकपात्रा थिए । ती पुस्तकपात्रा बुबाका मावलीबाजे भुवननाथ र भुवननाथका एक जना दाजु धीरनाथको अंशमा परेका मात्र भएकाले लक्ष्मीपतिको पुस्तकसङ्ग्रह ठूलो थियो भन्ने कुरा सहजै अडकल गर्न सकिन्छ । बुबाका मावलीबाजे ज्यौतिषका अध्यापक मात्र नभई अत्यन्त विद्याव्यसनी पनि हुनुभएकोले उहाँले ती पुस्तकपात्रा बडो जतनसाथ सुरक्षा गरेर राख्नुभएको थियो ।

---

३. महेशराज पन्त २०६२ ख: १९-२० ।
ऐजन २०६२ ग: ४३-४४ = ऐजन २०६२ ङ: ५०-५१ ।
ऐजन २०६२ ग: ४५-५६ = ऐजन २०६२ ङ: ५२-६१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाँच वर्षको उमेरदेखि बाजेसँगै बाजेकै कोठामा सुत्ने बस्ने गर्न थाल्नुभएका बुबाको त्यस लक्ष्मीपतिसङ्ग्रहमा यति ममता र मोह बस्यो कि त्यसको रक्षा गर्ने काम पछि उहाँको जीवनका प्रमुख लक्ष्यमध्ये एक हुन गयो ।

वि.सं. १९९५ मा पढाइ सिद्धयाई बुबा बनारसबाट फर्कनुभयो । १३ वर्षको उमेरमा १२ वर्षकी, गुरुपुरोहित जनकराज (वि.सं. १९३४-२०२०)की राहिँली छोरी बुधकुमारी (वि.सं. १९७१-२०११)सँग उहाँको विवाह भएको हो । आफ्नो थोरबहुत पैतृकसम्पत्ति, आफूले कमाएको पैसा र ससुरालीबाट आफूलाई मिलेको पैसाबाट वि.सं. १९९७।९८ मा उहाँको निजी घर ठडियो । मावलीसँग अलग हुन नपरोस् भन्ने विचारले, उहाँको विशेष जोडले मावलीसँगैको एउटा पुरानो सानो घर र पातालजग्गा उहाँको नाउँमा किनियो र त्यही पातालजग्गामा त्यो पुरानो सानो घर र मावलीघरको बीचमा बुबाले नयाँ घर बनाउनुभयो । मावलीघर र बुबाको घरको भिन्नाभिन्नै भरेङ भए तापनि ती दुइ घरमा गारो लागेन र वि.सं. २०२८ सम्म मामाभानिजको भातभान्सा एकै ठाउँमा हुँदै रह्यो ।

आफ्नो घर खडा भइसकेपछि र आफ्नो कमाइ भइसकेपछि पनि बुबा यसरी मावलीसँगै टाँसिएर बसेको उहाँका बाजे, आमा, स्वास्नी र ससुरा कसैलाई मन परेको थिएन । यस प्रसङ्गमा यो पनि भन्नुपर्छ कि मेरा बुबाकी कान्छी माइज्यू र मेरी आमा साख्खै दिदीबहिनी हुनुहुन्थ्यो । तर बुबाको बालसुलभ निच्छल व्यवहार र विद्याले अभिभूत भएर होला, वर्षौंसम्म उहाँलाई उहाँका हितचिन्तकहरूले मावलीसँग अलग्गिएर बस्नको लागि कसै गरेर पनि मनाउन सकेनन् । यसैबीचमा उहाँका बाजे, स्वास्नी, ससुरा र आमा क्रमशः बितेर गए । तर उहाँ टसको मस हुनुभएन । पछि निकै तीतो अनुभव गरेर ५८ वर्षको उमेरमा आफ्ना छोराहरूको दवाबमा उहाँ मामासँग अलग्गिनुभयो ।

अङ्ग्रेजी पढ्नको लागि घर छोडेर भाग्ने मोहननाथ ऐरेगैरे विद्यार्थी थिएनन् । बुबासँग एउटै भान्सामा खाने, बुबाका खुद आफ्नै मामाका छोरा थिए । यसरी आफ्नो घरमै, आफूले चलाएको पढाइको विरोध भएकोले यस पढाइमा जो कोहीलाई यसै हुल्न हुँदो रहेनछ भन्ने भाव उहाँलाई फुऱ्यो र यस पढाइको उद्देश्य र कार्यप्रणालीलाई विशद रूपमा प्रकट गर्न उहाँलाई प्रेरणा मिल्यो । म अहिले झलझल सम्झन्छु, दिनकादिन यस पुस्तकको केहीनकेही भाग लेखिँदै गएको, जब यो वि.सं. २०१४ कार्तिकमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तयार भयो, त्यस पाठशालामा बाँकी रहेका सब विद्यार्थीले एकएक प्रति सारेको र महीनौँ लगाएर यसको मनन गरेको ।[४]

छोटकरीमा भन्नुपर्दा यो पुस्तक जुन दर्शनको लागि बुबाले आफ्नो जीवन समर्पित गर्नुभयो, त्यस दर्शनलाई प्रतिपादन गर्ने ग्रन्थ हो । बुबाले चिताउनुभए जस्तो गरी काम गर्न पाउनुभएको भए यस पाठशालाले ब्रिटिश साम्राज्यले चलाएको संस्कृत र अङ्ग्रेजी शिक्षापद्धतिको नक्कलमा चलेका शिक्षणसंस्थामा पढाइने केही विषयलाई अन्यथासिद्ध गरिदिने थियो र यसले एउटा सानो सानो तर ठोस विश्वविद्यालयको रूप लिने थियो । त्यसो हुन सकेन तापनि यस पाठशालामा पढेकाले नेपालको इतिहासमा जुन काम गरे, त्यसबाट हरेक विषयमा विदेशीलाई प्रामाणिक मान्ने र विदेशीभन्दा आफूलाई हीन मान्ने परिपाटीको अन्त्य कमसेकम नेपालको इतिहासको क्षेत्रमा भयो ।

बुबाले चिताए जस्तो गरी प्राचीन विद्याको पठनपाठन हुँदै जाँदो हो त विदेशी वेधयन्त्रले वाल्मीकिविद्यापीठ अलङ्कृत हुने थिएन र मूर्ख खनाति वैद्यराज र मिसमासे आयुर्वेद पढी कविराज बन्ने थिएनन् । अझ बढी भन्ने हो भने हरेक कुरामा विदेशीको मुख ताक्नुपर्ने थिएन र पचास वर्षसम्म पनि नेपाल विकासोन्मुखको विकासोन्मुखै र पिछडिएको पिछडिएकै रहने थिएन ।

यस पुस्तकको लिपिबन्ध भएको पनि ४५ वर्षभन्दा बढी भइसक्यो । हाम्रो पाठशाला चल्न छोडेको पनि ३२ वर्ष जति भइसक्यो । बुबाको स्वर्गवास भएको पनि आज १ महीना ९ दिन भयो । अब यो ऐतिहासिक दस्तावेज बन्न पुगेको छ र ६५ वर्षसम्म कायेन वाचा मनसा विद्याको उत्थानमा समर्पित एकजना चिन्तक विद्वान्को पद्धति बुझ्न खोज्नेको लागि यो अब आकरग्रन्थ हुन गएको छ ।

---

४. *हाम्रो उद्देश्य र कार्यप्रणाली*मा धनवज्र वज्राचार्यको पूरा विश्वास भएको कुरा जनाउन वि.सं. २०१४।७।२५।१ मा उनले लेखेको पत्रको लागि धनवज्र वज्राचार्य २०६४ क = ऐजन २०७० हेर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तको दृष्टिमा वि.सं. २००७-२००८ को नेपाल

वि.सं. २००७ कार्तिक २२ गते श्री ५ ज्ञानेन्द्र (वि.सं. २००४ मा जन्म)को सिंहासनारोहण भएदेखि वि.सं. २००८ को अन्त्यसम्मका घटनालाई लिएर मेरा बुबा नयराज पन्त (वि.सं. १९७०-२०५९)ले प्राञ्जल संस्कृतमा चम्पूरूपमा लेखेको डायरी छ। छोटकरीमा भन्नुपर्दा आफ्नो ३७ देखि ३८ वर्षसम्मको उमेरमा नयराज पन्तले लेखेको त्यस डायरीमा गद्यमा खास गरी घटनाको बयान र पद्यमा चाहिँ ती ती विषयमा आफ्नो मनमा लागेको कुरा छ। गद्य र पद्यमा लेखिएको त्यस डायरीलाई **गद्यपद्यमयं काव्यं चम्पूरित्यभिधीयते** अर्थात् **गद्य र पद्य भएको काव्य चम्पू कहिन्छ** भन्ने लक्षणको सामान्य अनुसरण गरी मैले त्यसलाई **चम्पूरूप**को भन्दा मानिसहरूको मनमा *नलचम्पू* जस्ता पुस्तकको कल्पना आउला। मैले त्यस डायरीलाई **चम्पू** भन्ने साहस गरे पनि **चम्पू** भनी कहिएका पुस्तकमा पाइने कल्पनाको उडान र शब्दको खेल त्यसमा कत्ति पनि छैन। यसै प्रसङ्गमा कविवर बालकृष्ण सम (वि.सं. १९५९-२०३८)ले आफ्नो आत्मकथा *मेरो कविताको आराधन* (वि.सं. २०२३ मा प्रकाशित)लाई **चम्पू** भनी लेखेको कुराको सम्झना आउँछ। गद्यमा लेखिएको त्यस आत्मकथामा आफूले पहिले पहिले लेखेका पद्यको उद्धरण भएकोले त्यसलाई **चम्पू** भनी उनले नाम राखेको देखिन्छ।

नेपालकै विषयवस्तु लिएर संस्कृतमा कहीँ गद्य कहीँ पद्यमा काशीका प्रसिद्ध विद्वान् गङ्गाधर शास्त्री (वि.सं. १९१०-१९७०)द्वारा लेखाई आचार्य सदाशिव दीक्षितको नाउँमा छापिएको *आचार्यवंशावली*[१] (वि.सं. १९५९ मा प्रकाशित)सँग त्यस डायरीलाई झ्वाट्ट हेर्दा दाँज्न सकिएला। तर त्यो पनि मिल्दैन। किनभने वि.सं. १४५२ मा जयस्थिति मल्ल परलोक भएका र वि.सं. १६१६ मा मात्र द्रव्य शाह राजा भएकाले द्रव्य शाहको राज्याभिषेकको साइत हेर्ने वेदराज आचार्यका नाति जयभद्र आचार्य जयस्थिति मल्लको शरणमा आएको कुरा त्यस *आचार्यवंशावली*मा लेखिएको[२]

---

१. आचार्य सदाशिव दीक्षित १९५९।
केशवमणि आचार्य दीक्षित २०५६।

२. लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ ङ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र बेलायतका बादशाहलाई **ईश्वरको खटनले विश्वविजयी भएका सम्राट्**, आफ्ना ठाहिँला बाबुलाई गोली ठोकी जेठा बाबुहरूका छोरानातिको ज्यानधन लिई नेपालका हर्ताकर्ता हुन पुगेका श्री ३ वीरशमशेर (वि.सं. १९०९-१९५७, शासनकाल १९४२-१९५७)लाई **विश्वनाथको अवतार** र आफ्ना सहोदर दाजुलाई भुक्याई निकाल्ने अङ्ग्रेजका भक्त श्री ३ चन्द्रशमशेर (वि.सं. १९२०-१९८६, शासनकाल १९५८-१९८६)लाई **गोरखनाथको अवतार**[३] जस्ता कुरा *आचार्यवंशावली*मा भएकाले त्यो पुस्तक आफ्नो कुलको माहात्म्यको जसरी भए पनि प्रख्यापन गर्न र मालिक रिझाउन लेखिएको रहेछ भन्ने स्पष्ट हुन्छ, तर बुबाको यो डायरी पढ्दा आफ्नो दृष्टिअनुसार घटनाको विश्लेषण गरेको मात्र देखिन्छ, कुनै उद्देश्यविशेषको पूर्ति गर्न कलम चलाएको देखिँदैन ।

यस डायरीको मूल खुद बुबाकै हस्ताक्षरमा र त्यसको साफी उहाँका शिष्य ज्ञानमणि नेपाल (वि.सं. १९८९ मा जन्म)को हस्ताक्षरमा छ। मूल र साफी दुवै अहिले लक्ष्मीपति-नयराजसङ्ग्रहमा राखिएका छन् ।

यस डायरीको केही अंश बुबा भएकै समयमा वि.सं. २०४१ मा *पूर्णिमा* ६१ पूर्णाङ्क,[४] ६३ पूर्णाङ्क[५], ६४ पूर्णाङ्क[६]मा छापिएको छ। अर्को केही अंश उहाँ परलोक भइसकेपछि वि.सं. २०६० मा *पूर्णिमा* १०५ पूर्णाङ्क[७]मा छापिएको छ । उहाँ हुँदै छापिएका अंशको, मैले नेपालीमा गरेको उल्था पनि सँगसँगै छापिएको छ ।[८]

---

३. भोलानाथ पौडेल २०१२ = ऐजन २०१६ ।

४. नयराज पन्त २०४१: ३२-४१ ।

५. ऐजन २०४१ क: २८-३१ ।

६. ऐजन २०४१ ख: ३४-३७ ।

७. ऐजन २०६० ङ: ३७-६४ ।

८. महेशराज पन्त २०४१: ४१-४४ ।
ऐजन २०४१ क: ३२-३४ ।
ऐजन २०४१ ख: ३७-३९ ।
नयराज पन्त २०४१ मा छापिएको अंशको चाहिँ गद्यभागको उल्था मात्र परेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*पूर्णिमा*को ६१ पूर्णाङ्कमा यस डायरीको केही अंश छाप्न लाग्दा यसको नाउँ के राख्ने भन्ने कुरा उठ्यो र खुद बुबाले *वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा* भनी यसको नाउँ राखिदिनुभयो र त्यही नाउँले *पूर्णिमा*का ६१, ६३ र ६४ पूर्णाङ्कमा काम चलाइयो । यस डायरीको खेस्रा कापीमा टाउकोमा *प्रजातन्त्रारम्भको इतिहास* भनी लेखिएको देखिएकोले पछि १०५ पूर्णाङ्कमा शीर्षक राख्दा ती दुवै नाउँको संस्कृतमा उल्था गरेर राखियो ।

प्रजातन्त्रारम्भको इतिहास भनी यसको नाउँ राखिए तापनि यसको प्रकृति हेर्दा **वि.सं. २००७-८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा** भन्ने नाउँ नै उपयुक्त छ जस्तो मलाई लाग्छ ।

अहिले यस डायरीको सम्पूर्ण मूलभाग र यसको नेपालीमा मैले गरेको अविकल उल्था कम्प्यूटरमा चढिसकेका छन् । अब यसको वाङ्मुख लेख्न मात्र बाँकी छ । त्यो लेखिसकेपछि ग्रन्थाकारमा यो डायरी नेपाली उल्थासहित संशोधन-मण्डलबाट प्रकाश गर्ने हाम्रो योजना छ ।

शेषराज सिवाकोटी (वि.सं. २०१६ मा जन्म)ले मसीजीवीहरूको विषयमा चर्चाविचर्चा गराउने एउटा नौलो काम गर्नुभएको छ । उहाँले त्यस्तो लेख लेखिदिने आग्रह बराबर मसँग प्रेम र श्रद्धापूर्वक गरे पनि आफ्नो एकोहोरोपनाले भनूँ कि, आफ्नै छाँटको लेखपढमा अत्यन्त लग्गू भएकोले फुर्सद नपाएर भनूँ कि, उहाँका नायकहरूको विषयमा मैले अहिलेसम्म कलम कोरेको छैन । आजकल म पनि बुबाको त्यस डायरीको सम्पादनमा लागेको र शेषराज सिवाकोटीले पनि बुबाको विषयमा पुस्तिका निकाल्न लाग्नुभएकोले त्यस डायरीको प्रकाशमा नआइसकेको नेपाली उल्थाको केही अंश प्रकाश गर्न भनी शेषराज सिवाकोटीलाई बुझाएको छु ।

यहाँ छापिएको अंशको मूल *पूर्णिमा* १०५ पूर्णाङ्क[९]मा प्रकाश भइसकेको छ । मैले यो उल्था गर्दा दायाँबायाँ नपरोस् भनी सकेसम्म शब्दशब्दको उल्था गर्नमा जोड दिएको छु । यो उल्था मूलसँग दाँजेर हेर्न तज्ज्ञहरूसँग मेरो प्रार्थना छ ।

---

९. नयराज पन्त २०६० ङ: ४९-५०, ५०-५१, ५१-५२, ५२-५३, ५८-६० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तको दृष्टिमा वि.सं. २००७-२००८ को नेपाल

५ खण्ड

वि.सं. २००७ कार्तिक २२ गते श्री ५ ज्ञानेन्द्र (वि.सं. २००४ मा जन्म)को सिंहासनारोहण भएदेखि वि.सं. २००८ को अन्त्यसम्मका घटनाको विषयमा बुबा नयराज पन्त (वि.सं. १९७०-२०५९)ले प्राञ्जल संस्कृतमा कहीँ गद्यमा कहीँ पद्यमा लेखेको डायरी छ। छोटकरीमा भन्नुपर्दा गद्यमा खास गरी घटनाको बयान र पद्यमा चाहिँ तत्तद्विषयमा आफ्नो मनमा लागेको कुरा छ। यसको केही अंश छापिइसकेको छ[1] र त्यसमध्ये धेरैको, मैले गरेको नेपाली उल्था पनि प्रकाशमा आइसकेको छ[2]। मूलचाहिँ छापिइसकेको, उल्था भने छापिन बाँकी रहेको अंशमध्ये केहीको प्रकाशन अहिले यहाँ गरिँदैछ।[3] यहाँ जति उल्था छापिएको छ, त्यसको मूल पद्यमा छ।

मैले यो उल्था गर्दा दायाँबायाँ नपरोस् भनी सकेसम्म शब्दशब्दको उल्था गर्नमा जोड दिएको छु[4] भनी अन्यत्र लेखिसकेको छु। त्यसरी उल्था गर्दा ठाउँठाउँमा नेपाली भाषाको मिठास हराएको पनि मैले अनुभव नगरेको होइन। मैले गरेको यस उल्थाले मूललाई कति न्याय गरेको छ भनी जाँच्न विद्वान्हरूसँग म प्रार्थना गर्छु।

आफ्नो ३७।३८ वर्षको उमेरमा बुबाले लेख्नुभएको यो डायरीमा उहाँको विचारधारा राम्ररी झल्किएको छ। अहिले यहाँ छापिएको अंशकै विषयमा केही कुरा गरूँ।

---

१. नयराज पन्त २०४१: ३२-४१।
ऐजन २०४१ क: २८-३१।
ऐजन २०४१ ख: ३४-३७।
ऐजन २०६० ङ: ३७-६४।

२. महेशराज पन्त २०४१: ४१-४४.
ऐजन २०४१ क: ३२-३४।
ऐजन २०४१ ख: ३७-३९।
ऐजन २०६२ क: १३१-१४१।
ऐजन २०६२ घ: २-१४।

३. ऐजन २०६३: ४१-५७।

४. माथि ४५ पृष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २००७ मार्ग २९ गते उहाँले लेख्नुभएका १२ र पौष २४ गतेको परिवर्तनपछि लेख्नुभएका २६ गरी जम्मा ३८ पद्यमध्ये केहीको चर्चा सबभन्दा पहिले गरूँ । मूल पद्य *पूर्णिमा* ६१ पूर्णाङ्कमा छापिएका छन् ।

श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११) राज्य छोडी गएको र उनको ठाउँमा श्री ५ ज्ञानेन्द्रलाई सिंहासनमा राखेको बयान गरी बुबाले यी पद्यभन्दा अगाडि २ अंश लेख्नुभएको छ । पहिलो अंश श्री ५ ज्ञानेन्द्रले सिंहासनारोहण गरेकै दिन अर्थात् कार्तिक २२ गते र दोस्रो अंश श्री ५ त्रिभुवन दिल्ली उड्ने पक्का भइसकेपछि २४ गते लेखिएको हो । यिनको मूल *पूर्णिमा* ६१ पूर्णाङ्कमा र उल्था पनि त्यही पूर्णाङ्कमा छापिएका छन् । दोस्रो अंशको उपसंहारमा वसन्ततिलकामा लेखिएका ३ पद्यको अर्थ भने अहिलेसम्म छापिएको छैन । यसपछि तेस्रो अंशको रूपमा यी ३८ पद्य लेखिएका हुन् ।

वि.सं. २००७ कार्तिक २१ गते श्री ५ त्रिभुवन हिन्द दूतावासमा शरण लिन गएपछि श्री ३ मोहन (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७)ले भोलिपल्ट श्री ५ त्रिभुवनलाई पदच्युत गरी उनका ३ वर्षका माहिला नाति श्री ५ ज्ञानेन्द्रलाई गद्दीमा राखे । यो काम श्री ३ ले आफ्नो इच्छाअनुसार गरेको नभई भारादारी र संसत्का सदस्यहरूको रायअनुसार भएको हो भन्ने प्रचार गरिएको थियो र श्री ५ त्रिभुवनलाई हटाई श्री ५ ज्ञानेन्द्रलाई गद्दीमा राख्नुपर्छ भन्ने पत्रमा २६० जना गण्यमान्य मानिसहरूको सहीछाप परेको थियो ।[८] इतिहासको गलत व्याख्याअनुसार राणाविरोधमा प्रत्यक्ष वा परोक्ष रूपमा लागेका भनेर र प्रजातन्त्रवादी भनेर कहलिएका बालकृष्णशमशेर जङ्गबहादुर राणा (पछि बालकृष्ण सम) (वि.सं. १९५९-२०३८),[९] शङ्करदेव पन्त (वि.सं. १९६६-२०३०) र पूर्णप्रसाद ब्राह्मण (वि.सं.

५. नयराज पन्त २०४१: ३७-४१ ।

६. ऐजन: ३२-३७ ।

७. महेशराज पन्त २०४१: ४१-४४ ।

८. *गोरखापत्र* २००७ ।
ग्रीष्मबहादुर देवकोटा २०३६: २६-३२ ।
*गोरखापत्र*मा नाउँ किटिएका मान्छे गन्दा २६० पुग्यो र ग्रीष्मबहादुर देवकोटा २०३६ मा चाहिँ २५८ मानिसको नाउँ दिइएको छ । दुवैको बेहोरा धेरै ठाउँमा मिल्छ तापनि कहीँ कहीँ फरक छ ।

९. बालकृष्णशमशेरको चरित्रको विषयमा यसै प्रसङ्गमा यही डायरीमा बुबाले लेख्नुभएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९७९-२०४६) जस्ता मानिस पनि तिनमा थिए। यो भारादारी र संसत्का सदस्यहरूलाई **केही बोल्न नसक्ने र श्री ३ मोहनका दास** भनी बुबाले लेख्नुभएको छ।[१०]

राणाराज्यको पतनका कारण खुलाउँदै जाँदा राणाहरूको विलासमय जीवनको परिणामस्वरूप असवर्ण यौन सम्बन्धबाट राणावंशमा थरीथरीका जातभातको सृष्टि हुनु र आफ्नै वंशका मान्छेहरूका विरोधले निर्धो हुनु पनि हो भनी बुबाले एक ठाउँमा लेख्नुभएको छ।[११] असवर्ण संयोगबाट जन्मेका राणाजीहरूको रोल झेल गरी पछि काटिनाले तिनीहरू राणाराज्यकै नाश गर्न लागी परेका थिए, श्री ५ त्रिभुवन भारतमा शरण पर्न गएको मौका छोपी तिनै बेरोलवाला राणाजीहरूले आफ्नो पैसाको बलले विद्रोह चम्काए भनी उहाँले अर्को ठाउँमा लेख्नुभएको छ।[१२]

राणाहरू लोकको हित गर्दैनथे, प्रजालाई दास जस्तो व्यवहार गर्थे, राजालाई बन्दी बनाएर राखेका थिए, दीनदुःखीलाई पिरेर आएको राजस्व विदेशी ब्याङ्कमा लगेर थुपार्थे, पश्चिमी ढङ्गको मोजमज्जामा चुर्लुम्म डुबेका थिए, त्यसमाथि अल्छी थिए र नीतिअनुसार काम गर्दैनथे भनी राणाराज्यको चरित्रचित्रण गर्दा बुबाले लेख्नुभएको छ। यी सबैको परिणामस्वरूप दुनियाँमा साहसको लोप भयो, विद्वत्ता अस्तायो र चापलूसी चारैतिर फैलियो भनी उहाँले लेख्नुभएको छ।[१३]

अङ्ग्रेजको ताबेदारी गरेको भरमा आफ्नो राज्य राणाजीहरूले अडाउन खोजी ६० वर्षभन्दा बढी समय बिताए भनेर पनि बुबाले लेख्नुभएको छ।[१४] राणाराज्य वि.सं. १९०३ मा खडा भएको र बुबाले वि.सं. २००७ मा यस्तो लेख्नुभएकोले राणाराज्य १०४ वर्ष रहँदा रहँदै पनि किन ६० वर्षभन्दा बढी भनी लेखियो भन्ने कुरा खोतल्नुपरेको छ।

वामा यूयमहो भन्ने निबन्ध नयराज पन्त २०४१ क: २८-२९ पृष्ठमा र त्यसको उल्था महेशराज पन्त २०४१ क: ३२-३३ मा छापिएको छ।

१०. नयराज पन्त २०४१: ३७ मा ३ पद्य, उल्था यही पुस्तकको ५२ पृष्ठमा।

११. नयराज पन्त २०४१: ४० मा २७-२८ पद्य, उल्था यही पुस्तकको ५४ पृष्ठमा।

१२. नयराज पन्त २०४१: ३७ मा ४-५ पद्य, उल्था यही पुस्तकको ५२ पृष्ठमा।

१३. नयराज पन्त २०४१: ३८ मा ६-७ पद्य, उल्था यही पुस्तकको ५२ पृष्ठमा।

१४. नयराज पन्त २०४१: ३८ मा ८ पद्य, उल्था यही पुस्तकको ५२ पृष्ठमा।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ३ जङ्ग (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९३३) विदेशी भूमिमा स्वदेशी पैसा लगेर राख्ने प्रथाको घोर विरोधी थिए भन्ने कुरा उनले बनाएको *मुलुकी ऐन* मात्र हेरे पनि स्पष्ट हुन्छ ।[१५] उनले सरकारी नगद आफ्नो गराए पनि त्यो बाहिर नलगी इनार खनेर राखेका थिए भन्ने कुरा हामीले सुन्दै आएको हो । आफ्ना ठाहिँला बाबु श्री ३ रणोद्दीप (वि.सं. १८८१-१९४२, शासनकाल १९३३-१९४२)लाई मारेर शमशेरबन्धुहरूले आफ्ना बाबुका दाजुहरूको सम्पत्ति हात पारे । पैसा स्वदेशमै राखे आपत् पर्दा हाम्रा ठूलाबाबुहरूका सन्तानको जस्तो गति हाम्रो हुन्छ भन्ने शिक्षा उनीहरूलाई यताबाट मिल्यो र बाहिर पैसा ओसार्ने काम शुरू भयो ।[१६] श्री ३ रणोद्दीपलाई मारी शमशेरबन्धुहरूले वि.सं. १९४२ मा सत्ता हत्याएकाले बुबाले वि.सं. २००७ मा यस्तो लेख्दा ६५ वर्ष बितेको थियो । वीरशमशेर (वि.सं. १९०९-१९५७, शासनकाल १९४२-१९५७) श्री ३ भएदेखिको घटनालाई विषय बनाई बुबाले ६० वर्षभन्दा बढी भनी लेख्नुभएको देखिन्छ ।

राणाशासनले थरीथरीका धर्मावलम्बी र जातिलाई दबाइरहेकोमा राणाशासन गएपछि तिनीहरू फेरि आफ्नो पुरानै स्थितिमा आइरहेछन् भनी बुबाले एक ठाउँमा लेख्नुभएको छ ।[१७] हामी वर्णव्यवस्थाभित्र पर्ने पनि होइनौँ र वर्णव्यवस्था मान्ने जाति पनि होइनौँ भन्ने वा हामीमाथि कालान्तरमा वर्णव्यवस्था लादिएको हो भनी ठान्ने जातिहरू केही वर्ष यतादेखि जुरमुराइरहेका छन् र कुनै पनि धर्मलाई राज्यको आश्रय मिल्नु हुँदैन भन्ने जोडदार आवाज पनि तिनीहरूले उठाइरहेका छन् । यी भाव वि.सं. २००७ अगाडिदेखि नै उठेको यताबाट स्पष्ट हुन्छ र पछि भित्रबाहिर सबैतिरबाट मलजल पाई क्रमशः झाँगिदै गएको देखिन्छ ।

पाश्चात्त्य शिक्षाको प्रभावले भारतमा वर्णव्यवस्था नष्ट भयो, नेपालमा पनि वर्णव्यवस्था क्रमशः नष्ट हुनेछ भन्ने कुरा राणाशासनको पतनको प्रसङ्गमा बुबाले लेख्नुभएको छ । त्यहाँ **भारतमा** भन्न **भरतस्य वर्षे** र **नेपालमा** भन्न **नेपालमण्डले** भन्ने पदको प्रयोग भएको छ ।[१८] अङ्ग्रेजको पालाको वा वर्तमान भारतको अर्थमा यस डायरीमा अन्त

१५. श्री ३ जङ्गले बनाएको *मुलुकी ऐन*को *दत्त गुठी*को १ दफा = *श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन*का ८-१० पृष्ठ ।

१६. ज्ञानमणि नेपाल २०३७: २०-२५ ।
ऐजन २०३९: १५-२२ = ऐजन २०५५: ३५९-३६६ ।

१७. नयराज पन्त २०४१: ३९ मा १२ पद्य, उल्था यही पुस्तकको ५३ पृष्ठमा ।

१८. नयराज पन्त २०४१: ३९ मा १३ पद्य, उल्था यही पुस्तकको ५३ पृष्ठमा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि **भारतवर्ष**[१९] वा **भरतवर्ष**[२०] शब्द आएको छ । सनातनपद्धतिअनुसारको भुवनकोशीय विभाजनअनुसार ९ वटा **वर्ष** अर्थात् **भाग**मध्ये एउटा **भारतवर्ष** भएको र त्यहींभित्र नेपालको पनि अवस्थिति भएकोले सङ्कल्प गर्दा **भारतवर्षे नेपालदेशे** भनी उच्चारण गर्ने प्राचीन परिपाटी हो तापनि वर्तमान भारतको अर्थमा **भरतस्य वर्षे**, **भारतवर्ष** वा **भरतवर्ष**को प्रयोग सुहाउँदैन । यिनको प्रयोग पद्यमा मात्र भएकोले र एउटा पद्यमा त **भारत** र **भारतवर्ष** उही अर्थमा आएकाले[२१] छन्दोऽनुरोधले यस्तो लेखिएकोमा शङ्का छैन ।

नेपालखाल्डोमा केन्द्र भएका ३ जिल्ला र त्यसको वरिपरिका अरू ९ वटा जिल्लालाई नेवारहरूको गढ मानी त्यति इलाका बुझाउन आजभोलि एक थरी मानिसहरूले **नेपालमण्डल** भन्ने शब्द चलाउन थाले पनि कमसेकम लिच्छविकालदेखि चलनचल्तीमा देखिएको यो शब्दले प्राचीन कालमा कति इलाका बुझाउँथ्यो र **नेपालमण्डल** र **नेपालभुक्ति**मा के फरक थियो भन्ने कुरा तिनीहरूले स्पष्ट गर्नु आवश्यक छ ।[२२] **नेपालमण्डल** शब्दको यो दुष्प्रयोग नेवारी भाषाको अर्थमा **नेपालभाषा**को प्रयोग भएको जस्तै हो । बुबाले यहाँ भलै छन्दःपूर्ति गर्न **नेपालमण्डल** शब्दको प्रयोग गर्नुभएको छ तापनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको **नेपाल देश** बुझाउन नै यसको प्रयोग भएको हो भन्नेमा कौनै शङ्का छैन ।

वि.सं. २००७ पौषशुक्लप्रतिपदा सोमवारको दिन नेपाल देशमा नयाँ राजनीतिले खुट्टा टेक्यो भनी बुबाले एक ठाउँमा लेख्नुभएको छ ।[२३] सौरमानअनुसार यो दिन पौष २४ गते पर्छ । भारत गई बसेका श्री ५ त्रिभुवनलाई श्री ५ ज्ञानेन्द्रको ठाउँमा पुनःस्थापना गर्ने र सकेसम्म छिटो वैधानिक सभाको लागि आम चुनाव गराउने घोषणा श्री ३ मोहनले यही दिन गरेका थिए ।[२४] यही घटनालाई **नूलया राजनीत्या स्वचरणविनिवेशोऽकारि नेपालदेशे** अर्थात् **नेपाल देशमा नयाँ राजनीतिले खुट्टा**

---

१९. नयराज पन्त २०४१: ३१, ३८ मा उदाहरणको लागि २, ५, ८ पद्य ।

२०. २००८।८।११।२ मा लेखिएको पहिलो पद्य = नयराज पन्त २०६० ङ: ६१ ।

२१. नयराज पन्त २०४१: ३७ मा ५ पद्य, उल्था यही पुस्तकको ५२ पृष्ठमा ।

२२. यस विषयमा मेरो लेख पछि छापिन्छ ।

२३. नयराज पन्त २०४१: ३९ मा १९ पद्य, उल्था यही पुस्तकको ५३ पृष्ठमा ।

२४. ग्रीष्म बहादुर देवकोटा २०३६: ४०-४५ पृष्ठ ।
यो घोषणा हुने दिन सरकारिया जागीरदार भएकोले बुबालाई पनि सिंहदरबारमा उर्दी थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टेक्यो भनी उहाँले लेख्नुभएको हो ।

नेपाली सेनाको विस्तारको विषयमा बुबाले लेख्नुभएको एउटा कुराको चर्चा अब गरूँ । नेपालले कोशी आदि नदीमा नौसेनाको परिचालन गर्नुपर्थ्यो र जमानाअनुसार नेपालको हवाई सेना पनि हुनुपर्थ्यो भनी उहाँले राणावंशको पतनको प्रसङ्गमा लेख्नुभएको छ ।[२५]

विदेशी राष्ट्रहरूसँग लड्न हामी सक्दैनौँ, यस कारण यत्रो खर्च गरेर सेना किन राख्ने, खालि भित्री सुरक्षाको लागि थोरै सैनिक राखी नेपालमा सेना घटाउनुपर्छ भन्ने जोडदार आवाज भोलिको नेपालमा रजाइँ गर्न तम्सेकाहरू अहिले उठाइरहेछन् । यो नौलो आवाज होइन, यस्तो कुरा गान्धीवादीहरूले भारत स्वतन्त्र भएपछि र हाम्रा स्वदेशी बन्धुहरूले पनि २००७ सालपछि गरेका थिए । दण्डोपनत राज्यका अधिकारी मात्र परमुखापेक्षी भई यस्तो बोल्न सक्छन् । बेपारी वा मगन्ते नभएर बाँच्ने हो भने कुनै पनि राष्ट्र सेनाविना अड्न सक्दैन । छिमेकीले जति थिचोमिचो गरे पनि तिनैकहाँबाट पोल्टा थापी ल्याएको भीखको भरमा राजकाज गर्छु भनी आँट्नेहरूले यसो भनेकोमा हामीहरूले आश्चर्य पनि मान्नुपर्दैन । राज्यका ७ अङ्गमध्ये १ अङ्ग सेना हो[२६] भनी सानैदेखि घोक्दै आएका हामीहरूलाई यस्ता कुराले असर भने पार्दैन ।

अब ती पद्यको उल्था–

> **बलियो बन्धनबाट फुत्कन खोज्ने महाराजाधिराज त्रिभुवन वि.सं. २००७ कार्तिककृष्णएकादशी[२७] सोमवार दिनमा शिकार खेल्न जाने बहानाले २ जना महारानी र शाहजादाहरूसँग दरबारबाट सुटुक्क निस्की भारतवर्षका राजदूत चन्द्रेश्वरकहाँ सवारी भयो । प्रभुत्वशाली मन्त्रिपदमा र राज्यमा सय वर्षदेखि एकैपल्ट बलजफ्तीसँग कब्जा गरी हैकम चलाइरहेको राणावंश काँप्यो ।। १–२ ।।**

श्री ३ पद्मको आफूले लेखेको जीवनीमा आफ्नै आँखाले देखेको यो घटनाको अलिकति चर्चा उहाँले गर्नुभएको छ ।[①]

२५. नयराज पन्त २०४१: ४१ मा ३८ पद्य, उल्था यही पुस्तकको ५५ पृष्ठमा ।

२६. उदाहरणको लागि *अमरकोष* २।८।१७-१८–

स्वाम्यमात्यसुहृत्कोशराष्ट्रदुर्गबलानि च ।
राज्याङ्गानि

२७. कार्तिक २१ गते ।

---

① नयराज पन्त २०३५ ख: २३६ = ऐजन २०३६: ७८ मा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही बोल्न नसक्ने आफ्ना दासहरूलाई हडबडसँग बोलाई यी महाराजाधिराज छिटै राज्यच्युत भई नजरबन्दीमा परून्, हाम्रो प्रभुता ज्यादा भइरहोस् भन्ने आशाले श्री ३ मोहनले महाराजाधिराजका ३ वर्षका बालक नातिलाई राजा बनाउनुभयो ।। ३ ।।

छलकपट गरी रोल छोडाइएका, धेरै अंशियारहरूले रिसले उद्वेजित भई मोहनशमशेरको लक्ष्मीको नाश गर्न हृदयैदेखि कोशिश गरिरहेका थिए। आफूलाई प्रजाका नायक ठान्ने तिनीहरूले आफ्नो हित हुने समय आएको ठानी प्रजाहरूमा धेरै [राणा]द्रोह बढाए ।। ४ ।।

पढेगुनेका केही मानिसहरू स्वभावैले राणाद्रोही थिए। तिनीहरूकै बलले तिनीहरूले (बेरोलवाला राणाजीहरूले) तराईमा विद्रोह गराए। भारतको सल्लाह पाएर चन्द्रेश्वरको आडबाट भारतवर्षको राजधानी दिल्लीमा हवाई जहाजबाट महाराजाधिराजको सवारी भयो ।। ५ ।।

लोकको हित नगर्ने, प्रजालाई दास बनाउने, महाराजाधिराजलाई छल गरी बन्दी जीवनमा राख्ने, दीनदुःखीहरूलाई पिरेर बलजफ्तीसँग मुलुकबाट जम्मा गरेर धनको राश ग्ढाको मुलुकमा आफैँ बगाउने, पाश्चात्त्य विलासमा सर्वात्मना रस लिने, अल्छी, नीतिको अनुसरण नगर्ने, राणावंशको राज्यमा साहसको लोप भयो; विद्वत्ता अस्तायो; धनसम्पत्ति बढाउने, चापलूसहरूको तल्लो तहको कुरा चारैतिर फैलियो ।। ६-७ ।।

बलले सारा भारतवर्षलाई आफ्नो भोग्य वस्तु बनाउने अङ्ग्रेजहरूको पाउ नै राणाजीहरूको निरन्तरको एक मात्र आश्रय भयो। हरे, यही रीतिले ६० भन्दा बढी दुःखद वर्ष बिते। गरीबीको मार परेका प्रजाहरू दिनकादिन तलतल गए ।। ८ ।।

प्रजाको हित गर्ने काम छोडेर आफ्नो सुखको इच्छा गर्ने, नानाथरीका विलासले समय बिताउन खोज्ने राणावंशले महाराजाधिराजमा भक्ति गरेन, पराईबाट पाएको नाश चूपचापसँग सह्यो ।। ९ ।।

अङ्ग्रेजको आश्रय लिएको, आफ्नो चतुऱ्याइँले तिनीहरूको जागीरदारको [जस्तो] काम पनि पाएको राणावंशले इच्छाअनुसार र बलजफ्तीसँग भोगिएको नेपालले अहिले गति खोजिरहेको छ जस्तो छ ।। १० ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अपशोच । पाश्चात्त्य भावले दूषित मन भएका, लोकस्थिति नबुझेका, विलास गर्न खोज्ने जनताले[२८] लिएको लोकयात्रा पनि कष्टप्रद हुन्छ ।। ११ ।।

राणारूपी सूर्यको तेजले दबाइएका, लुकेका, थरीथरीका धर्म र जातिरूपी नक्षत्रका ती ताँती त्यसले (राणावंशले) पश्चिमाचलको टुप्पोमा आश्रय लिँदा फेरि आफ्नो पुरानो पदमा पुगी चारैतिर सुहाइरहेछन् ।। १२ ।।

२००७।८।२९।५

पाश्चात्त्य शिक्षाको जोडले भारतवर्षमा यो वर्णव्यवस्थाको नाश भयो । यस नेपालमण्डलमा पनि थोरै दिनमा त्यो पद्धति क्रमशः नाश हुनेछ ।। १३ ।।

६० वर्षका, निःसन्तान, विश्वास गर्ने, आफ्नै काकालाई छल गरी मारेर; १० वर्षका महाराजाधिराजबाट राज्यको सारा अधिकार [आफ्नो नाउँमा] लेखाएर; जम्मै अंशियारहरूलाई बलपूर्वक हटाएर; महाराजाधिराज र प्रजाहरूलाई एकैपल्ट जबरदस्ती अँठ्याएर सबैलाई अज्ञानरूपी अन्धकारले विवश पार्न खोज्ने वीरले भाइहरूसँगै धेरै समय साफल्य पाए ।। १४-१५ ।।

राणावंशरूपी गाढा अन्धकार चारैतिर बढ्दा, शाहरूपी सूर्य अत्यन्त दीन अवस्थामा पुग्दा मानिसहरूको मन सुत्याइँ छोडेर क्रमशः नुहुँदै गएर सय वर्षसम्म [राणाको] चाकडीदार भयो ।। १६ ।।

हरेक मानिसहरूमा भएका ती सबै शक्ति क्रमपूर्वक बनाइएका उपायद्वारा आफ्नो अधीन पार्ने, सारा राज्यलाई निजी राज्य बनाउन खोज्ने शासकले समयमा आफ्नो सहायक पाएन ।। १७ ।।

मनलागी गरी विलासपूर्वक समय बिताउन खोज्ने, पराईबाट दरिलो आड खोज्ने, मालिक र नोकरका ती विलासले मुलुकलाई धेरै समय प्राणहीन नै बनाए ।। १८ ।।

वि.सं. २००७ पौषशुक्लप्रतिपदा[२९] सोमवारको दिन नेपाल देशमा नयाँ राजनीतिले खुट्टा टेक्यो ।। १९ ।।

---

२८. यो पद्यको तेस्रो पाउमा आत्मानमेव दधता च महाजनेन छ । अघिल्ला ३ शब्दले के बुझाउन खोजेको हो, मलाई त्यति स्पष्ट नभएकोले तिनको अर्थ छोडिदिएकोछु ।

२९. पौष २४ गते ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो देशका मानिसहरूलाई दास जस्तै बनाउन खोज्ने, विदेशले गाएको कुनै पनि प्रशंसा खोज्ने, अहिभय अर्थात् धोका दिने डरलाई पनि हठपूर्वक हेय ठान्ने शासक बाहिरियाको नीतिले गर्दा अशुभ गतिमा पुग्यो ।। २० ।।

किसिमकिसिमका कोशिशद्वारा रक्षकहरूलाई भगाएर, जेललाई सजिलैसँग निस्कन [सकिने] बनाएर, दुष्कर्मले बुद्धि नष्ट भएका, अपराधी मानिसहरूलाई जनसैनिकता पाएका भनी राणावंशको नाशको इच्छा गर्ने मानिसहरूको नीतिज्ञताहीन बुद्धिले गरिएका अनेक थरीका ती ती काम धेरै प्रजाहरूका धेरै नाशका साधन भए ।। २१-२२ ।।

बाहिरियाले भड्काइएका, नीति नजान्ने, मनलागी प्रलाप गरेर हिँड्ने जनताको ठूलो स्वरले पूरै शहरमा लामो गडबडी भइरहला भन्ने डर शासकलाई भयो ।। २३ ।।

बलियो जीउ भएका, हातमा बन्दूक लिएका, आफ्ना सैनिकहरूलाई काठमाडौँका मूल मूल सडकमा रातोदिन राख्ने शासकले शहरियाको सबै गति बलजफ्तीसँग रोक्यो ।। २४ ।।

आफ्नो पैतृक राजसी पदमा बसे पनि राजामा हुनुपर्ने विनयले नहिँड्ने महाराजाधिराज राजेन्द्रविक्रमले आफ्नो वंशलाई धेरै समय राणावंशको वशवर्ती बनाइदिए ।। २५ ।।

त्यो बलियो बन्धनबाट फुत्कन खोज्ने, अहिलेका महाराजाधिराज यहाँबाट निहुँ पारी भागेर भारत पुग्दा भारतले गरेको सत्कारले राणावंशले आफ्नो शिर निहुऱ्यायो ।। २६ ।।

मानिसहरू धन पाएर प्रायः विलासमा लग्गू हुन्छन् । जुन [विलास] कारण भएको, थरीथरीका वर्ण भएको वंश आफ्नो गौरव दृढ पार्न सक्दैन ।। २७ ।।

राणावंश पनि आफ्नै वंशका मान्छेहरूको विरोधले निर्धो भएर महाराजाधिराजको कामकार्वाईले काँप्यो । मौका पर्खेर बसेका, आफ्नो हित गर्न खोज्ने, आफूलाई नेता भन्नेहरू खुशी भए ।। २८ ।।

जनता आफ्नो भावनाको आड लिई गति लिन सक्दैन । धूर्तहरूद्वारा चलाइने मन भएका यिनीहरू अनि अरूले जे गऱ्यो, केही अंशमा त्यही गर्छन् ।। २९ ।।

एक रूपबाट अर्को रूपमा वेगले बदलिएको लोकस्थिति र दिनकादिन नाश भएका आफ्ना दुनियाँ देख्दा नीतिले बताएको बाटोमा गति लिन राणावंशले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहिल्यै यत्न गरेन ।। ३० ।।

संसारको स्थिति गर्ने सबै विद्या छोडेर दासत्व गर्ने जनसमूहको सम्पर्कबाट मानिसको बुद्धि भ्रष्ट भई ऊ निन्दनीय हुन्छ भने शासक्को त के कुरा ।। ३१ ।।

अङ्ग्रेजहरूलाई ठूला बुद्धिमान् र बलिया देखेर धेरै काल तिनको पाउको आश्रयमा रहेका, नेपालका शासकहरूको षाड्गुण्य हेर्ने बुद्धि विलासले गर्दा क्रमशः हरायो ।। ३२ ।।

विद्वान्हरूको हृदय तत्त्व कुरा खोज्ने नहुँदा र यिनीहरूले आफ्ना सबै इन्द्रियले दासता गर्दा हित गर्ने पुरानो लोकस्थितिको धेरै काल रक्षा गर्न कसैले पनि चेष्ट्य गरेन ।। ३३ ।।

अनि बिस्तारै पुरानो पद्धतिको नाश भयो, नयाँ पद्धति पनि दरिलोसँग आएन। लोकयात्रा उल्येपुल्ये भयो। दुःखी प्रजाहरूको दिनक्रदिन नाश भइरहेछ ।। ३४ ।।

सारा देश आफ्नो सम्पत्ति बनाउन खोज्ने, सारा प्रजाहरूलाई आफ्नो दासतामा लगाउन खोज्ने, आफ्नो धन बलजफ्तीसँग बाहिर लग्न खोज्ने राणावंशमा जनताको मन कसरी रमाओस् ।। ३५ ।।

समर्थ आफ्ना मानिसहरूलाई पनि छिटै छोड्न खोज्ने, चाकडीबाजहरूलाई ठूलो कृपाद्वारा पकडमा राख्न खोज्ने, मनलागी गरी विलासका साधनले समय बिताउन खोज्ने राणावंशमा जनताको मन कसरी रमाओस् ।। ३६ ।।

आफ्नो देश जोगाउन गर्नुपर्ने साङ्ग्रामिक कुरा पनि सबै बुझ्न नखोज्ने, अरूको आडमा आनन्दसँग बस्न खोज्ने राणावंशमा जनताको मन कसरी रमाओस् ।। ३७ ।।

कोशी आदि धेरै नदीहरूले घेरिएको आफ्नो देशमा पनि नौसेना राख्न नखोज्ने, समयअनुसार हवाई सेना पनि नभएको राणावंशमा जनताको मन कसरी रमाओस् ।। ३८ ।।

वि.सं. २००८ कार्तिक ७ गते श्री ५ त्रिभुवनले भारतीय जानपद आइ.सी.एस. गोविन्दनारायणलाई आफ्नो सेक्रेटरीमा नियुक्त गरे।[३०] त्यही विषयवस्तु लिएर कार्तिक

३०. ग्रीष्म बहादुर देवकोटा २०३६: ११५-११६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८ गते बुबाले ३ वटा पद्य लेख्नुभयो । मूल पद्य *पूर्णिमा* १०५ पूर्णाङ्क[३१]मा छापिएका छन् ।

जसरी २०० वर्षअगाडि काठमाडौँका राजा जयप्रकाश मल्लले विदेशीहरूलाई भित्रिया बनाई आफ्ना प्रजाहरूलाई दुःख दिएका थिए, त्यस्तै काम विदेशीलाई सेक्रेटरी बनाएका श्री ५ त्रिभुवनबाट हुने हो कि भन्ने शङ्का ती पद्यमा व्यक्त छ । जयप्रकाश मल्लले विदेशीहरूलाई भित्रिया बनाएको भनी यहाँ जे लेखिएको छ, त्यो उनले नगरकोटी सैनिक राखेको कुरालाई सङ्केत गरेको देखिन्छ ।

अब ती पद्यको उल्था–

> **काठमाडौँका, अहिलेभन्दा २ सय वर्षअगाडिका राजा जयप्रकाश मल्लले विदेशीहरूलाई कुनै शङ्कै नगरीकन भित्रिया बनाएका थिए ।**
>
> **उता हाम्रा अहिलेका महाराजाधिराजले पनि गोविन्दनारायण भन्ने बाहिरिया मानिसलाई आफ्नो सेक्रेटरी बनाई जयप्रकाश मल्लको नक्कल गरेका हुन् कि ।**
>
> **मल्ल राजाले आफ्नो नीतिले गर्दा उहिले जसरी आफ्ना प्रजाहरूलाई दुःख दिएका थिए, त्यसै गरी त्यस्तै काम शाहवंशका राजाले गर्ने हुन् कि भन्ने मेरो मनमा लागेको छ ।**

२००८।७।१८

यहाँ थेरवाद पहिले थिएन । वज्राचार्य-शाक्यहरूबाटै बौद्ध धर्मको पूजाआजा चल्थ्यो । पछि थेरवादले प्रवेश पायो । यसै प्रसङ्गमा बुद्धका चेला शारिपुत्र र मौद्गल्यायनका अस्थि वि.सं. २००८ कार्तिकमा काठमाडौँ ल्याइयो र त्यसको ठूलो राजकीय सत्कार भयो ।[३२] यही विषय लिएर बुबाले वि.सं. २००८ कार्तिक २० गते ८ पद्य र मङ्सीर ७ गते *अहो अहिंसा* भन्ने लेख लेख्नुभयो । *अहो अहिंसा* गद्यमा छ र त्यसको उपसंहारमा एउटा पद्य छ । ती ८ पद्य *पूर्णिमा* १०५ पूर्णाङ्क[३३]मा र *अहो अहिंसा* पनि त्यही अङ्क[३४]मा छापिएका छन् । *अहो अहिंसा*को उल्था *नेपालका बौद्धिक विभूति नयराज पन्त*[३५]मा छापिएको छ ।

---

३१. नयराज पन्त २०६० ङ: ५३-५४ ।

३२. ऐजन: ६३-६४ ।

३३. ऐजन: ५४ ।

३४. ऐजन: ५८-६० ।

३५. महेशराज पन्त २०६२ क: १३८-१४१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकादशीको दिन पनि मासु खान नछोड्ने श्री ५ त्रिभुवन र सयभन्दा बढी मान्छे मार्ने गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले गरेको अस्थिदर्शनको त्यो उत्सव आफूले त्यति गह्रियाइसँग नलिएको कुरा बुबाको *अहो अहिंसा*बाट बुझिन्छ ।[३६]

ती अस्थिको पूजाआजा ठाउँठाउँमा भएको थियो । काठेसिम्भूमा ती अस्थि राखिँदा आफू इतिहासरसिक भएकोले[३७] बुबा पनि हेर्न पुग्नुभएको थियो । त्यो दृश्य देख्दा आफ्नो मनमा उठेका भावको अभिव्यक्ति उहाँले यसरी गर्नुभएको छ–

> **हातमा बन्दूक लिएका मुक्तिसेनाले चारैतिरबाट घेरिएको सानो मण्डपमा पहेँलो लुगा लाएका, भक्तहरूलाई फूल दिने र पूजा लिने दुइ जना भिक्षुहरूले अगाडि राखेको अस्थिको बट्टा त्यहाँ हेर्दा मेरो मनमा के अहिंसा भनेको यही हो भन्ने विचार सहसा आयो ।**
>
> **हातमा बन्दूक लिएका, हजारभन्दा बढी मान्छे मार्ने, रक्षादल भन्ने अर्को नाउँ भएका यी मुक्तिसेना (काङ्ग्रेसका अनुचर सिपाही) नहुने हो भने राज्य, हतियार, धन र घर छोडेर प्रव्रज्या लिएका; ध्यानको महिमाले बुद्धत्व पाएका तथागतको महिमा पनि हुँदो रहेनछ भन्ने कुरा यो काम देख्नाले स्पष्ट हुन्छ ।**[३८]

ती ८ पद्य *अहो अहिंसा*को गद्यभागमा लेखिएका कुराकै काव्यात्मक किञ्चित् रूपान्तर हो भनी भने हुन्छ ।

अब ती पद्यको उल्था–

> **भारतमा जरा गाडेको बौद्ध धर्मले शुद्ध आचारहरूद्वारा यो लोक पवित्र पार्दै राजादेखि दुनियाँसम्म लामो कालसम्म प्रतिष्ठा पायो ।**
>
> **बुद्धिमान्हरूको श्रद्धाले बढेको, लोककल्याण गर्न खोज्ने त्यो धर्ममा केही धूर्तहरूले स्वार्थको पुनरुज्जीवन गर्न कुनै ढोका आफू पस्नको लागि बनाए ।**
>
> **तिनीहरूको स्वार्थको जालोमा फसेको यो धर्मको रूप नै अर्को हुँदा भारत मुसलमानहरूको हातमा पुग्दा तिनीहरूका हतियारले [यसको] जरा काटियो ।**

---

३६. नयराज पन्त २०६० ङ: ५८ मा मूल र महेशराज पन्त २०६२ क: १३८ मा उल्था ।

३७. यो बुबाकै शब्द हो (नयराज पन्त २०६० ङ: ५९ मा मूल र महेशराज पन्त २०६२ क: १३९ मा उल्था) ।

३८. नयराज पन्त २०६० ङ: ५९ मा मूल र महेशराज पन्त २०६२ क: १३९ मा उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मभाव भएको यो नेपालमा दुनियाँहरू धर्मको श्रद्धापूर्वक सेवा गर्थे । आपसआपसमा प्रतिस्पर्धा गर्ने दुनियाँहरू पनि धर्मलाई शुद्ध दृष्टिले हेर्थे ।

त्यसै कारणले यो नेपालमा धर्मसम्बन्धी झगडा भएन । शैव, बौद्ध, वैष्णव र तान्त्रिकहरू आआफ्ना धार्मिक आचार गर्थे ।

अहिले बाहिरिया नीतिको कारणले गर्दा मानिसहरू धर्मलाई नीतिको दृष्टिले हेर्छन् । मनलागी गर्ने मानिस कुनै धर्मलाई आफ्नो साधन बनाउँछ ।

बुद्धको पुरानो धर्मलाई नयाँ रूपको बनाउन खोज्ने भिक्षुको मित्रता पाउन खोज्ने, नयाँ रूप लिएको बौद्ध मार्गद्वारा आफ्नो स्वार्थ सिद्ध गर्न खोज्ने, पाश्चात्यहरूको वचनअनुसार वारंवार काम गर्ने, नेपालका यी नयाँ शासक अलिकति बाँकी रहेको अस्थिको सत्कार केही धन खर्च गरी गर्छन् ।

२००८।७।२०

वि.सं. २००८ मङ्सीर २ गते लेख्नुभएका २ पद्यमा बुबाले श्री ५ त्रिभुवनको चरित्रचित्रण गर्नुभएको छ । मूल पद्य *पूर्णिमा* १०५ पूर्णाङ्क[३९]मा छापिएका छन् । श्री ५ त्रिभुवनमा पुरानो र नयाँ कुनै पनि राजनीतिको ज्ञान थिएन भनी त्यहाँ लेखिएको छ । पुरानो भनेर सयौँ वर्षदेखि परम्परा विच्छिन्न भइसकेको अर्थशास्त्रको परिशीलनलाई त उहाँले अवश्य भन्नुभएको होइन होला । *रामायण, महाभारत* र थरीथरीका पुराणमा आएका राजधर्म वा नीतिका कुरालाई नै उहाँले सङ्केत गर्नुभएको देखिन्छ ।

आफ्नो परम्पराको राजनीति बुझ्ने कोशिश नेपालका २ जना शासकले गरेको कुराको सम्झना यसै प्रसङ्गमा मलाई भएको छ । वि.सं. १८७२ मा अङ्ग्रेजसँग हारेपछि तात्कालिक नेपालका हर्ताकर्ता ज. भीमसेन थापा (वि.सं. १८३२-१८९६, शासनकाल वि.सं. १८६३-१८९४)ले आफ्नो परम्पराको राजनीतिको श्रवण गर्ने कोशिश गरेका थिए ।[४०] अर्थशास्त्रको परम्परा हटिसकेको हाम्रो यतातिर शासकलाई राजनीति बुझाउने काम संस्कृतमा लेखिएका कुराको अर्थसम्म गर्न सक्ने टपरे बाहुनहरूबाट हुने गरेकोले भीमसेन थापा सफल हुन सकेनन् जस्तो मलाई लाग्छ । राजनीतिमय काव्य भनी प्रख्यात *किरातार्जुनीय* संस्कृतमहाविद्यालयका प्रिन्सिपल साहित्याचार्य रामनाथ

---

३९. नयराज पन्त २०६० ङ: ५७ ।

४०. ऐजन २०१८ ङ: ६३-९४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्यसँग पञ्चायती कालमा श्री ५ महेन्द्र (वि.सं. १९७७-२०२८, राज्यकाल वि.सं. २०११-२०२८)ले सुनेका थिए भनी त्यसैताका सुनिएको हो । बडाकाजीको दर्शन पाउने लालसाले उनको फलँचा कुरेको र त्यो कुरेको भरमा श्री ५ महेन्द्रको अगाडि पर्ने अवसर पाएका, राजनीतिको चेतनादेखि कोसौँ दूर रहेका रामनाथले गरेको *किरातार्जुनीय*को पदार्थबाट श्री ५ महेन्द्रलाई उनको षाड्गुण्यमा के कति फाइदा भयो, त्यो त मलाई थाहा छैन ।

श्री ५ त्रिभुवनमा राजनीतिको शास्त्रीय ज्ञान मात्र होइन कि व्यावहारिक ज्ञान पनि थिएन भन्ने कुरा बुबाले **अदृष्टक्रिय** भन्ने शब्दले व्यक्त गर्नुभएको छ । आफ्नो हित पनि उनी बुझ्न सक्दैनथे भन्ने कुरा पनि उहाँले लेख्नुभएको छ । हुन पनि राजनीतिमा उनको पकड भएको भए नेपालको र खुद उनका सन्तानको पनि अन्ततः यस्तो अवस्था हुँदैनथ्यो कि जस्तो मलाई लाग्छ । ऐश्वर्य र आनन्दको प्राप्ति नै उनको अभीष्ट थियो र उनी पाश्चात्त्य शैलीको विलासमा चुर्लुम्म डुबेका थिए भनी बुबाले लेख्नुभएको छ । दुश्चरित्र र धूर्त नेताहरूले ठगिएका बबुरा श्री ५ त्रिभुवनले जनताको भलो कसरी गर्न सक्छन् भनी अन्त्यमा उहाँले लेख्नुभएको छ ।

अब ती पद्यको उल्था–

> **राणाहरूको पतन गराएकोले ठूलो ख्याति पाउन खोज्ने, भावुक, ऐश्वर्य र आनन्दको इच्छा गर्ने, अल्छी, आफूलाई नेता भन्नेहरूको भर पर्ने, प्रज्ञापराधले गर्दा आफ्नो हित पनि विचार गर्न नसक्ने, बबुरा महाराजाधिराजले लोकको हित अहिले कसरी गरून् ।**
>
> **पाश्चात्त्यहरूले फैलाएका विलासविषयसम्बन्धी खेलबाड गर्ने; अदृष्टक्रिय; पुरानो वा नयाँ राजनीतिको ज्ञानबाट धेरै टाढा रहेका; खराब चरित्र भएका, धूर्त, आफूलाई नेता ठान्नेहरूद्वारा सर्वात्मना ठगिएका; बबुरा महाराजाधिराजले जनताको हित अहिले कसरी गरून् ।**

२००८।८।२

केसरशमशेर (वि.सं. १९४८-२०२१)ले १ लाख रुपियाँ र आफ्नै क्याम्पाको एउटा घर दिई नेपाल-सांस्कृतिकपरिषत् खोलेका थिए । त्यो दान नेपालका तात्कालिक शक्तिशाली गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९)लाई खुशी पार्न गरेको हो भन्ने कुरा चर्चामा आएको पनि हो । राम्री युवतिले अशोकको रूखमा लात्तीले हान्दा त्यसमा फूल फुल्छ भन्ने कविसमय भए जस्तै हामी धेरै कालसम्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोहान्धकारमा थियौँ, अहिले विश्वेश्वरप्रसाद कोइरालाको पादाघातले त्यो अन्धकारबाट हामी हट्यौँ भनी केसरशमशेरले भनेका थिए भन्ने कुरा मैले पछि सुनेको हुँ ।[४१]

नेपाल-सांस्कृतिकपरिषत्को तेस्रो बैठक वि.सं. २००८ आषाढ २३ गते बस्दा इतिहास र पुरातत्त्व, कला, नाटक र नृत्य तथा साहित्यको अनुसन्धान गर्न ४ थरी समितिको गठन गरिएको थियो र त्यहाँ इतिहास र पुरातत्त्वको कामचाहिँ बाबुराम आचार्य (वि.सं. १९४४-२०२९), नयराज पन्त र बालचन्द्र शर्मा (वि.सं. १९७६-२०३३)को जिम्मा लगाइएको थियो ।[४२] १० ठाउँमा नाचेर हिँड्ने विद्वद्ब्रुवहरूसँग मिलेर काम हुँदैन भन्ने धारणा यस्ता समितिमा पहिले पहिले बस्दा बुबाको मनमा जमिसकेकोले होला, आफूलाई समितिमा राखे पनि उहाँ कुनै दिन पनि बैठकमा जानुभएन ।[४३] आयोजकहरूले ज्यादै कर गरेकाले बुबाले आफ्नो प्रतिनिधिको रूपमा ज्ञानमणि नेपाल (वि.सं. १९८९ मा जन्म)लाई एकपटक पठाइदिनुभएको थियो । ईश्वर बराल (वि.सं. १९८०-२०५४) नेपाल-सांस्कृतिकपरिषत्का सचिव बनेपछि उनको प्रबन्धबाट हाम्रा *जयरत्नाकरनाटक*, *त्रिरत्नसौन्दर्यगाथा* र *ऐतिहासिक पत्रसंग्रह*का १-२ भाग गरी ४ वटा पुस्तक छापिए । साँच्चै भन्ने हो भने नेपाल-सांस्कृतिकपरिषद्ले गरेको काम ती ४ वटा पुस्तकको प्रकाशन र *नेपाल-सांस्कृतिक परिषद्-पत्रिका**का ३ अङ्क निकाल्नु हो ।

बुबाले वि.सं. २००८ मङ्सीर १२ गते लेख्नुभएका ३ पद्यमा केसरशमशेरले विद्याको लागि थुप्रो पैसा दिएको कुरा लेखिएको छ । ती पद्य *पूर्णिमा* १०५ पूर्णाङ्क[४४] मा छापिएका छन् । जनताको हितको लागि पहिले कुनै काम गरेको रेकर्ड नभएका, तर स्वास्नी र सन्तानलाई थुनेर राख्ने रेकर्ड भएका केसरशमशेरले यो दान गर्नुको कारण आफ्नो वंशबाट राज्याधिकार हट्दा पनि आफू प्रतिष्ठित भएर बस्न सक्नु हो भन्ने भाव बुबाका ती पद्यबाट आउँछ । हुन पनि केसरशमशेरका दुवै दाजु श्री ३ मोहनशमशेर

---

४१. यस विषयमा ज्ञानमणि नेपालले लेखेको कुराको लागि तल २१२-२१३ पृष्ठ हेर्नू ।

४२. *नेपाल-सांस्कृतिक परिषद्को* कार्यविवरण* २००९: ५७ ।

४३. आफ्नै हस्ताक्षरमा वि.सं. २००९ तिर लेख्नुभएको आफ्नो जीवनीसम्बन्धी टिपोटमा **२००८ नेपाल सांस्कृतिकपरिषद्*को निम्तोमा ३, ४ पटक आग्रह गर्दा पनि आफ्नो पढाइमा धेरै समय लागेकोले सहयोग दिन नसकेको** (नयराज पन्त २०६० ठ: ३५-३६) कुरा यो वेला सम्झन योग्य छ ।

४४. नयराज पन्त २०६० ड: ६१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र मिनिस्टर बबरशमशेर (वि.सं. १९४४-२०१७) यहाँ टिक्न नसकी पछि विदेशिए, उनीचाहिँ कम्यान्डर-इन-चीफ, अनि रक्षामन्त्री, त्यसपछि मन्त्रिमण्डल तहको शाही परामर्शदात्री समितिका प्रमुख परामर्शदाता र पछि फील्ड मार्शल र हिज हाइनेस सुद्धा भई सरकारिया हाईहाईमै बिते ।

केसरशमशेरकी जेठी रानी श्री ५ पृथ्वीवीरविक्रमकी जेठी शाहजादी हुन् । लोग्नेस्वास्नीको बीचमा राम्रो नभएकोले शाहजादीले लोग्नेको हातको कुटाइ बराबर खानुपर्थ्यो र उनी नजरबन्दमा परेकी थिइन् भन्ने कुरा हामीले सुनेका हौँ । केसरमहल पसेकी, शहीद भनेर कहलाएका[४५] शुक्रराज शास्त्री (वि.सं. १९५०-१९९७)की बहिनी चन्द्रकान्ता मल्ल (वि.सं. १९५५ मा जन्म)ले यो कुरा लिपिबद्ध पनि गरेकी छिन् ।[४६]

केसरशमशेरको दानको विषयमा बुबाले लेख्नुभएका ती पद्यको उल्था अब दिइन्छ–

> **श्रीकेसरले जनताको हितको लागि पहिले कहिल्यै केही काम गरेको हामीलाई थाहा छैन । स्वास्नी र छोराछोरीलाई एकैपल्ट थुनेर उनले मनलागी गरे भन्ने हामीलाई स्पष्ट छ ।**
>
> **यस्ता मानिसले पनि राणावंशले यहाँ राज्य छोड्दा शत्रुहरूले उक्साएको, सत्री अर्थात् विद्वान्को रूपमा हिँडेका राजकाजी मान्छेहरूमा आश्रित, खालि पढ्नु मात्र साध्य भएको शुभ काममा थुप्रो धन घाँस दिए जस्तै गरी खुशी भई दिएका छन् ।**
>
> **[राणा]वंशजहरूका मन्त्रीहरूको (श्री ३ आदिको) अधिकार जाँदा राणाकुलको कीर्तिले गर्दा नै तिनले शत्रुको हातबाट दिइएको ठूलो पद पाएका छन् । यो देखेर मानिसको मनमा के पर्ला ।**

---

४५. शुक्रराज शास्त्री साँच्चिकै शहीद हुन् त ? भन्ने विषयमा मेरो लेख पछि छापिन्छ ।① हुन त हूलदङ्गामा मर्ने जति जम्मैलाई शहीद घोषणा गर्ने अहिलेको स्थितिमा शुक्रराज शास्त्रीको शहादतमा शङ्का गर्नु पनि व्यर्थै हो ।

४६. चन्द्रकान्ता मल्ल २०३६: ६३-६८ ।

---

① यस विषयमा महेशराज पन्त २०६९ कमा लेखिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डित नयराज पन्त, वैद्य दिव्यवज्र वज्राचार्य र *आयुर्वेद-रक्षा*

मेरा बुबा पण्डित नयराज पन्त (वि.सं. १९७०-२०५९) र वैद्य दिव्यवज्र वज्राचार्य (वि.सं. १९७६-२०५६) को धेरै राम्रो दोस्ती थियो। यो मैत्री हुनुमा पहिलो कारण त दुवै जना पण्डित देवीदत्त पराजुली (वि.सं. १९३०-२०१०)का चेला भएर होला। अर्को कारण दुवैको घरको बीचमा ५ मिनेट जतिको दूरी भएर पनि यो मित्रता बढेको होला। झन् अर्को कारण बुबाका मामा (कान्छा मावली बाजे वैकुण्ठनाथका कान्छा छोरा) श्रीनाथ पाँडे (हाल दिवङ्गत) दिव्यवज्र वज्राचार्यका घनिष्ठ साथी भएर पनि यस मित्रतामा पुट मिलेको होला। अझ अर्को कारण बुबा पहिले वटु मूबहालका वैद्य जीवमङ्गल वज्राचार्यको औषधि खानुहुन्थ्यो, जीवमङ्गल परलोक भएपछि उहाँले महाबौद्धको पीयूषवर्षी औषधालयको औषधि खान थाल्नुभयो। त्यो औषधालय दिव्यवज्रका बाजे नीलवज्रले खोलेको हो र नीलवज्रकै पालामा वि.सं. २००१ मै उनका जेठा नाति दिव्यवज्रले त्यो औषधालय राम्ररी चलाइसक्नुभएको थियो। यी सबै कारण हुँदा हुँदै पनि बुबा र दिव्यवज्रलाई जोड्ने मुख्य तत्त्व दुवै संस्कृतविद्याका उपासक र अहिलेको जमानामा पनि संस्कृत पढेर अङ्ग्रेजी विद्यालाई हाँक दिन सकिन्छ भन्ने दुवैको प्रबल धारणा हो भन्ने मैले सम्झेको छु।[१]

वि.सं. १९९७ देखि संस्कृतभाषाको आधारमा विद्या पढाउने प्रयोगात्मक उद्योग बुबाले थाल्नुभएको हो। त्यो उद्योग नेपालमा चलेका शिक्षापद्धतिको विरोधमा उठेको हो। पछि दिव्यवज्रले आफ्ना कान्छा भाइ धनवज्र (वि.सं. १९८८-२०५१)लाई यस पढाइमा लगाएपछि बुबा र दिव्यवज्रमा घनिष्ठता बढ्दै गयो। पहिले त बुबाले खोल्नुभएको पाठशालाको पढाइ रानीपोखरी संस्कृतपाठशालाको एउटा कोठामा हुन्थ्यो। पछि त्यो पाठशाला दिव्यवज्रकै घरमा सऱ्यो। फेरि दिव्यवज्रले आफ्ना जेठा छोरा गौतमवज्र (वि.सं. १९९७ मा जन्म)लाई पनि त्यही पाठशालामा भर्ना गर्नुभएको थियो र उहाँकी जेठी छोरी श्रीमतिको पनि केही वर्ष त्यहीँ पढाइ भएको थियो।

१. नयराज पन्तको यससम्बन्धी धारणा नयराज पन्त २०५९ मा राम्ररी व्यक्त छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृत पढेर अङ्ग्रेजी विद्यालाई हाँक दिन सकिन्छ भन्ने त्यही धारणा वि.सं. २०१० मा छापिएको, दिव्यवज्रका १३ वर्ष पनि नपुगेका छोरा गौतमवज्रको तलको कवितामा झल्किएको छ भनी भन्दा बढ्ता बोलेको ठहरिँदैन होला–

वैद्य

वैद्य तिमी छौं सबको प्यारो
शत्रु पनी छौं यमको सारो ।
नाश गरी त्यो रोग र घाउ
डाक्टरलाई दूर पठाऊ ।। १ ।।

औषधि सारा डाक्टरको त्यो
व्यर्थगरी द्यौ अव चाँडैनै ।
बन्छु म तिम्रो साथि ल जाऊ
डाक्टरलाई दूर पठाउ ।। २ ।।

डाक्टरले झैं शुल्क नलेउ
जनताको धन वेस्सरी चुस्ने
पहिले उन्नति गर्दै जाऊ
डाक्टरला दूर पठाऊ ।। ३ ।।

जङ्गलमा गै खोज तलास
गर्दै ल्याउ औषधि खास
धक्का वलियो सँग दिएर
डाक्टरलाई दूर पठाउ ।। ४ ।।

हेरी पुस्तक वैद्यहरूले
लेखेको त्यो ज्ञान कमाऊ
अंग्रेजीको नक्कल गर्ने
डाक्टरलाई दूर पठाउ ।। ५ ।।[२]

अंग्रेजीको नक्कल गर्ने डाक्टरलाई दूर पठाउ भन्ने कुराको प्रतिध्वनि यसको ७ वर्षपछि दिव्यवज्रले १ जना नेपाली डाक्टरको खण्डन गर्दा लेखेका यी वाक्य

> **स्वदेशी कुराको निन्दा गर्दै, विदेशी वेषभूषाको नक्कल गरी आफूलाई शिक्षित संझी शास्त्रको मर्म नबुझी जथाभावी वक्नु भिन्नै कुरा हो । ज्ञान कमाउनु भिन्नै कुरा हो**[३]

हुन् भनी भन्दा अत्युक्ति नहोला ।

---

२. गौतमवज्र वज्राचार्य २०१०: १६-१७ ।

३. दिव्यवज्र २०१७: मुखपृष्ठ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामी भारतीय र गोराहरूसँग दबेर बस्नु हुँदैन, हामीले आफ्नो शक्तिको पुनरुज्जीवन गर्नुपर्छ भन्ने कुरा बुबा र दिव्यवज्रको बीचमा बराबर हुन्थ्यो । त्यही भावना दिव्यवज्रका काहिँला भाइ मनवज्र (वि.सं. १९८७-२०५७)को, वि.सं. २०१० मा छापिएको तलको कवितामा झल्किएको छ–

अव के गर्ने ?

कता गयो? त्यो सुखको स्वराज
अनात्मविश्वास लिएर आज ।
तथापि चैतन्य लिनू परै छ
वेहोसमा झै, जनता कता छ ? ॥

(१)

विर्सेर आफ्नो जनशक्तिलाई
गोरा र काला विचमा डराई ।
गर्ने यहाँ के अव कृत्य संझी
छोडेर आफ्नो पुरुषार्थलाई ॥

(२)[४]

दिव्यवज्रले हाम्रो पाठशालामा आयुर्वेद पढाउने काम पनि शुरू गर्नुभएको थियो । स्वस्थ भएर लामो कालसम्म बाँच्न इच्छा गर्नेले यस्तो गर्नुपर्छ यस्तो गर्नु हुँदैन भन्ने खालका कुरा *चरकसंहिता* आदि ग्रन्थबाट छानी छानी उहाँ हामीलाई पढाउनुहुन्थ्यो । आयुर्वेदको त्यस कक्षामा पढ्ने सबैजसो विद्यार्थी त्यति संस्कृत बुझ्ने भइसकेकाले त्यो कक्षा ज्यादै रमाइलेसँग चल्दै गएको थियो र मलाई पनि त्यस कक्षामा निकै रस बसिसकेको थियो । तर एकदुइ जना उच्छृङ्खल विद्यार्थीले गर्दा हाम्रो पाठ्यक्रममा अनिवार्य नभएको आयुर्वेदको त्यो पढाइ केही महीना चली बन्द भयो ।

दिव्यवज्र व्यापारी घरानाका भएका हुनाले बुबाले जस्तो पैसालाई लात मारी काम गर्ने विषयमा सोच्नसम्म पनि उहाँ सक्नुहुँदैनथ्यो । दिव्यवज्र र उहाँका माहिला भाइ सिद्धिवज्र (वि.सं. १९८१-२०६०)ले औषधि गरेर भएको आम्दानीले नै ५ भाइको संयुक्त परिवारको पालनपोषण भएको थियो तापनि परिवार थपिँदै गएको र महँगी बढ्दै गएकोले आम्दानीका अरू अरू मुहान खोज्ने काममा उहाँहरू लाग्नुभयो । यसै सिलसिलामा वि.सं. २०१० मा दिव्यवज्रले आयुर्वेदको शिक्षा दिने, स्वास्थ्यशिक्षाश्रम भन्ने पाठशाला खोल्नुभयो । त्यो पाठशाला आयुर्वेदको उच्चशिक्षा दिने पाठशाला नभई चलनचल्तीको शब्दमा भन्ने हो भने प्यारामेडिकल छाँटको थियो । त्यहाँ पढ्न

४. मनवज्र वज्राचार्य २०१०: १ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौँका केही र गाउँगाउँका निकै केटा जम्मा भएका थिए। त्यहाँको पाठ्यक्रम कस्तो थियो भन्ने त मलाई याद छैन, तर त्यो पाठ्यक्रम एक डेढ वर्षको भन्दा लामो थियो जस्तो मलाई लाग्दैन। त्यतिञ्जेलसम्म ती विद्यार्थी आआफ्नो घरबाट ल्याएको र आआफ्ना गाउँमा भिक्षाटन गरेको सामलले काम चलाउँथे र नपुग खर्च दिव्यवज्र आफैँले बेहोर्ने गरेको जस्तो मलाई लाग्छ।[५] ती विद्यार्थीहरू तयार भएपछि तिनीहरू आआफ्ना गाउँमा गएर वैद्यको काम गर्न जान्थे र यताबाट पीयूषवर्षी औषधालयले बनाएका औषधिको बिक्री हुन्थ्यो।

बुबाको लक्ष्यचाहिँ मध्यमस्तरका मानिस निकाल्नु थिएन, उहाँ सबभन्दा माथिल्ला स्तरका विद्यार्थी नै हामीले निकाल्नुपर्छ भन्नुहुन्थ्यो।[६] यसैले दिव्यवज्रको यस कामबाट बुबा प्रसन्न हुनुहुन्थेन। यसै क्रममा आफ्नो स्वास्थ्यशिक्षाश्रमको प्रचार गर्न दिव्यवज्रले आफ्नै घरमा आयुर्वेदसम्बन्धी प्रदर्शनी गर्ने विचार गर्नुभयो। बुबा यस्तो कामलाई स्वाध्यायको विरोधी ठान्नुहुन्थ्यो र मनुका यी

यात्रामात्रप्रसिद्ध्यर्थं स्वैः कर्मभिरगर्हितैः।
अक्लेशेन शरीरस्य कुर्वीत धनसंचयम्॥ ३॥
सर्वान् परित्यजेदर्थान् स्वाध्यायस्य विरोधिनः।
यथा तथाध्यापयंस्तु सा ह्यस्य कृतकृत्यता॥ १७॥

(*मनुस्मृति* ४ अध्याय)

(आफ्ना अनिन्दित कामद्वारा जीउलाई दुःख नदिईकन खालि निर्वाह गर्नको लागि मात्र धनसञ्चय गर्नू। आफ्नो पठन-पाठनसँग विरोध पर्ने सबै कुरालाई छोड्दिनू, जे गरेर भए पनि पढाउनू। विद्वान्को सफलता भनेको यही हो।)[७]

५. पीयूषवर्षी औषधालयपरिवार २०६३: म पृष्ठअनुसार २०१० सालमा आयुर्वेदको उत्थान गर्ने उद्देश्यले उहाँले आयुर्वेद पढाउने पाठशाला "स्वास्थ्य शिक्षा श्रम" खोली आफ्नै निजी खर्चमा विभिन्न गाउँका विद्यार्थीहरु बटुली उनीहरुलाई खाने बस्ने समेत प्रबन्ध मिलाई निस्वार्थरुप*ले अध्यापन कार्यमा लागे।

६. महेशराज पन्त २०४३: ८-११।

७. तल्लो श्लोकको अर्थ नयराज पन्त २०१९ क: १ बाट सारिएको हो।
पढाइ सिद्ध्याई घर फर्केको स्नातकले पालना गर्नुपर्ने नियमको प्रसङ्गमा पछिल्लो श्लोक आएको हो। यसैले हरेक स्नातकले पढाउनु नै पर्ने नियम नभएकोले स्वाध्यायसँग विरोध पर्ने सबै कुरा छोड्नू भन्ने लेख्दा यहाँ अध्यापयन् भन्ने शब्दको प्रसङ्ग नमिलेको जस्तो मलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धान्तमा उहाँको अटल विश्वास थियो ।

वि.सं. २०१० मा प्रदर्शनी हुने भयो । प्रदर्शनी गर्नको लागि धेरै ठाउँ चाहिने भएकोले केही हप्ताको लागि हाम्रो पाठशाला दिव्यवज्रको घरबाट उहाँकै प्रबन्धद्वारा महाबौद्धमै नर्स विद्यावती कंसकारको घरमा सारियो ।

त्यस प्रदर्शनीको उद्घाटन प्रधानमन्त्री मातृकाप्रसाद कोइराला (वि.सं. १९६८-२०५४)बाट हुने भयो । प्रधानमन्त्रीले उद्घाटन गर्ने प्रदर्शनीमा निकै गण्यमान्य डाकिने नै भए । बुबालाई यस्तो काम मन नपर्ने हुनाले उहाँलाई निम्ता पठाउने कि नपठाउने भन्ने कुरामा दिव्यवज्रलाई दोधार भएछ र उहाँले बुबालाई नै ठाडै सोध्नुभएछ, यहाँलाई म निम्ता पठाऊँ कि नपठाऊँ भनेर । बुबाले पनि ठाडै जवाफ दिनुभएछ, निम्ता पठाउने नपठाउने तपाईँको अधिकार, आउने नआउने मेरो अधिकार, निम्ता पठाए पनि म आउन्नँ, नपठाए पनि आउन्नँ भनेर । बुबाको नाउँमा मात्र होइन, मेरो नाउँमा सुद्धा भिन्नै निम्ता आएको थियो, बुबा भने जानुभएन । निम्ता आएकोले आमा बुधकुमारी (वि.सं.

पहिल्यैदेखि लागिरहेको थियो तापनि त्यो निर्क्योल्न मैले भ्याएको थिइनँ । अहिले यसै प्रसङ्गमा *मनुस्मृति*का आफूसँग रहेका टीकाहरू हेर्दा लागेको कुरा तल म लेख्दैछु ।

*मनुस्मृति*का एक जना टीकाकार गोविन्दराजले यस श्लोकको प्रतीक दिँदा **सर्वानिति । यथा तथा यापयंस्त्विति** भनी लेखेकाले यस श्लोकमा **अध्यापयन्**को अवकाश नभई त्यसको ठाउँमा **यापयन्** भएको स्पष्ट हुन्छ । अर्का टीकाकार सर्वज्ञनारायणले **यापयन्** पाठ दिई त्यसको पर्यायमा **क्षपयन्** लेखेका छन् । फेरि अर्का टीकाकार नन्दनले पनि **यापयन्** नै पाठ दिएका छन् र त्यसको पर्यायमा **प्राणयात्रां कुर्वन्** भनी लेखेका छन् । *मनुस्मृति*का प्राचीनतम टीकाकार मेधातिथिले अधिपूर्वकको इङ् धातुको चर्चै गरेका छैनन् र त्यहाँ भावार्थ गर्दा **जीवयति** लेखेका छन् । *मनुस्मृति*का प्रसिद्धतम टीकाकार कुल्लूकले यस ठाउँमा मानेको पाठ त के हो त्यत्ति स्पष्ट छैन, तर त्यहाँ **जीवयन्** लेखिएकोले त्यहाँ **अध्यापयन्**को अवकाश नभएको त स्पष्ट छ । तर अरू ३ जना टीकाकार अर्थात् राघवानन्द, रामचन्द्र र मणिरामले चाहिँ **अध्यापयन्** नै पाठ मानेको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।[1] *मनुस्मृति*का ६ वटा टीकाका सम्पादक विश्वनाथ नारायण मण्डलिक (१९४२: ४६१)ले, *मनुस्मृति*का ९ वटा टीकाका सम्पादक जयन्तकृष्ण हरिकृष्ण दवे (२०३२: ३०१)ले र मूल पाठको परीक्षण गरी *मनुस्मृति*को सम्पादन गर्ने प्याट्रिक ओलिवेल[2] (२०६२: ५०६-५०७)ले मानेको पाठ पनि **यापयन्** नै छ ।

---

① जयन्तकृष्ण हरिकृष्ण दवे २०३२: ३०१-३०२ ।

② प्याट्रिक ओलिवेल २०६२: २६९ मा *मनुस्मृति* ४।१७ को विषयमा लेखिएको टिप्पणी पनि हेर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९७१-२०११)सँग म र मेरी माहिली दिदी धन (वि.सं. १९९८-२०४२) प्रदर्शनी हेर्न गएको सम्झना मलाई छ। बुबालाई यस्तो प्रदर्शनी मन नपरे पनि आफ्ना जहानबच्चालाई त्यहाँ जान नरोकेकोले उहाँमा आफ्नो विचार अरूमाथि लाद्ने भावना ज्यादै कम थियो भन्ने कुराको पनि यताबाट पुष्टि हुन्छ।

मैले सम्झेसम्म त्यो प्रदर्शनी हाम्रो सनातनपद्धतिको चतुर्वर्गसिद्धान्तअनुसार सङ्गट्टित थियो। त्यहाँ एकातिर **धर्म**को, अर्कोतिर **अर्थ**को, अनि अर्कोतिर **काम**को र झन् अर्कोतिर **मोक्ष**को खण्ड थियो। **अर्थ**को खण्डमा नेपालको इतिहाससँग सम्बद्ध फोटाको प्रदर्शन भएको पनि मलाई राम्रो सम्झना छ। हरेक फोटोको मुनि तोत्रराज पाण्डेय (वि.सं. १९६७-२०१४) र बुबाको *नेपालको संक्षिप्त इतिहास*को आधार लिई धनवज्र गुरुले राम्रो अक्षरमा रातो र कालो मसीमा लेख्नुभएको क्याप्शन थियो। शरीरका अङ्गप्रत्यङ्गको विषयमा मनवज्रले बनाएका माटाका मूर्ति पनि त्यस प्रदर्शनीमा राखिएको म सम्झन्छु।

बुबा र दिव्यवज्रको सम्बन्धमा कहिलेकहीँ अलिकति तलमाथि पर्थ्यो तापनि दुवैमा संस्कृतविद्याको आधारमा काम गर्नुपर्छ भन्ने प्रबल भावना भएर होला, उहाँहरू निकै नजिकिनुभएको थियो। हाम्रो घरमा कोही बिरामी पर्दा दिव्यवज्र हेर्न आउनुहुन्थ्यो, त्यहीँ बिरामी जाँच्ने काम सिद्धिसकेपछि २ जनाको बीच घण्टौँ कुरा हुन्थ्यो।

वि.सं. २००९ देखि बुबाले आफ्ना विद्यार्थीहरूद्वारा *इतिहास-संशोधन*पत्र प्रकाश गराउन थाल्नुभयो। त्यो प्रकाश गराउनुको मुख्य उद्देश्य नेपालमा चलेका शिक्षाप्रणालीको निस्सारता देखाउनु थियो। पहिलो *इतिहास-संशोधन* केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीको नाउँमा निस्कियो।[८] त्यसमा अम्बिकाप्रसाद उपाध्याय[९], रामजी उपाध्याय[१०] र बालचन्द्र शर्मा[११]ले लेखेका नेपालको इतिहासको खण्डन भएको थियो। यी ३ जनामध्ये अघिल्ला उपाध्याय पटना हाइ कोर्टमा एड्भोकेट थिए। जुन वेला त्यो *इतिहास-संशोधन* निक्लियो, त्यस वेला उनी परलोक भइसकेका थिए। पछिल्ला उपाध्यायचाहिँ बनारसमा बसी पुस्तकको

८. केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी २००९।
९. अम्बिकाप्रसाद उपाध्याय १९८६।
१०. रामजी उपाध्याय २००७।
११. बालचन्द्र शर्मा २००८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार गर्थे । शर्माजीचाहिँ त्यस वेला नेपालमै बसी राजनीति गर्थे र ठूला ठूला पद ओगट्ने क्रममा थिए ।

दोस्रो[१२] *इतिहास-संशोधन* धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको नाउँमा निस्कियो ।[१३] त्यसमा ह्योखाको कन्यामन्दिर हाइ स्कूलमा इतिहास विषय लिई पढ्ने नेवार्नी केटीहरूको लागि भैरवबहादुर प्रधान (वि.सं. १९५८-२०३५)ले नेवारीमा लेखेको *मध्यकालीन* नेपाल*[१४]को खण्डन थियो । भैरवबहादुर प्रधान त्रिचन्द्र कलेजमा इतिहासका प्रोफेसर थिए र उनी आफैँले दरबार कलेज भन्ने नाउँले इन्टर्मीडिअट कलेज खोली आफू त्यसको प्रिन्सिपल भएका थिए ।

वि.सं. १९९५ मा बुबा पढाइ सिद्ध्याई बनारसबाट फर्केपछि उहाँले नेपालको इतिहासको खोजी गर्न थाल्नुभयो । रुद्रराज पाण्डेय (वि.सं. १९५७-२०४३) हाम्रा आफन्त भएका र राणाजीको दरबारमा उनको राम्रो पहुँच भएकोले बुबाले गर्न थाल्नुभएको नेपालको इतिहासको अन्वेषणमा सरकारी अड्डामा कागतपत्र खोतल्ने; त्यसको लागि सहायक जुटाइदिने विदेशीले लेखेका, नेपालमा बजारमा नपाइने, तर राणाजीका सङ्ग्रहमा रहेका पुस्तक हेर्न पाउने जस्ता काममा रुद्रराजबाट बुबालाई मदत मिलेको थियो ।

रुद्रराज पाठ्यपुस्तक छापी पैसा कमाउने काममा लागेका र बुबाचाहिँ नेपालको इतिहास लेख्ने काममा लागेकोले र राणाशासनमा नेपालबाट नेपालको इतिहास छाप्नु असम्भवप्राय: भएकोले दरबारिया रुद्रराजले बुबामाथि चारो हाल्ने राम्रो मौका भेट्टाए । एस्.एल्.सी.लाई उपयुक्त हुने, नेपालको इतिहास लेख्ने प्रस्ताव रुद्रराजले राखे । रुद्रराज आफैँले त दुइचारवटा किताब पनि लेखेर छपाइसकेका हुनाले र आफू सरकारिया कलेजको प्रिन्सिपल जस्तो उच्च पदमा बसेकोले पनि होला, भरखर पढेर आई सरकारी जागीरमा प्रवेश गरेको ठिटो अर्थात् बुबासँग मिलेर पुस्तक निकाल्न उनलाई सङ्कोच लाग्नु स्वाभाविक थियो, पाठ्यपुस्तक

---

१२. यसभन्दा अगाडि २ वटा *इतिहास-संशोधन* भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको नाउँ (भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० क: १-८ र ऐजन २०१० ख: ४३-४६)मा *संस्कृत-सन्देश*मा छापिएका थिए । अलग्गै पुस्तिका वा पर्चाको रूपमा ती नछापिएकाले तिनलाई माथि चर्चा नगरिएको हो ।

१३. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० ।

१४. भैरव बहादुर प्रधान २०१० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छापेर कमाइने द्रव्यको लोभले पनि उनलाई उत्तिकै गाँजेको थियो । त्यसैले उनका ठाहिँला भाइ तोत्रराजले पनि इतिहासै पढेकाले र उनलाई बिकाउनु पनि परेकोले रुद्रराजले अब लेखिने इतिहासमा तोत्रराज र बुबाको नाउँ राखेर छाप्ने प्रस्ताव राखे ।

अब लेखिने पुस्तक एस्.एल्.सी.को पाठ्यपुस्तकको रूपमा लेखिने भए तापनि बुबाको भित्तै पुगेर काम गर्ने स्वभाव भएकोले त्यस पुस्तकमा आजभोलिको शब्दमा भन्नुपर्दा उहाँको फर्स्ट्-रेट् रिसर्च् झल्किएको छ । अर्को शब्दमा भन्नुपर्दा अन्त कतै नलेखिएका कुराले त्यस पुस्तकका निकै पाना ओगटेका छन् । त्यो किताब जुद्धशमशेर (वि.सं. १९३२-२००९, शासनकाल १९८९-२००२)को पालामा लेखिए पनि छापिनचाहिँ प्रजातान्त्रिक विचारधारा भएका पद्मशमशेर (वि.सं. १९३९-२०१७, शासनकाल वि.सं. २००२-२००५)को पालामा वि.सं. २००४ मा मात्र सम्भव भयो ।[१५] तर पनि राणाकालको विषयमा लेख्दा बुबाले अलिकति सम्झौता पनि गर्नुपऱ्यो । त्यो के हो भने जङ्गबहादुर (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९३३)को विषयमा एक अध्याय नै लेखिए पनि त्यहाँ जङ्गबहादुरको दोष देखाउने चेष्टा गरिएको छैन । जति जति पछिल्लो कालको इतिहास लेख्दै गयो, त्यति त्यति सम्झौता गर्दै जानुपर्ने भएर होला, बुबाले *नेपालको संक्षिप्त इतिहास* जङ्गबहादुरमै टुङ्ग्याइदिनुभएको छ ।

जङ्गबहादुरको गुण मात्र देखाई आफ्नो मन मोसेर इतिहास छाप्नुपरेकोमा बुबालाई पछिसम्म पनि अप्ठ्यारो लागिरहेको थियो भन्ने कुरा *नेपालको संक्षिप्त इतिहास*मा परेका अशुद्धिहरूको संशोधन गर्न उहाँका चेलाहरूले पहिलेपटक निकालेको *इतिहास-संशोधन*मा लेखिएको तलको वाक्यबाट पनि स्पष्ट हुन्छ–

> **अन्त सवै ठाउँमा निष्पक्षपात बुद्धिले गुण दोष परीक्षा गरिएको र जङ्गवहादुरको वर्णनमा उनको गुणमात्र देखाइएकोले पुस्तकको आखिरी भाग भद्दा भएको छ ।**[१६]

नेपालमा विश्वविद्यालय खोल्नको लागि वि.सं. २००० मा एजुकेशनल बोर्डको स्थापना भएको थियो । त्यस बोर्डका सदस्यमध्ये बुबा र भैरवबहादुर प्रधान पनि हुनुहुन्थ्यो । त्यो बोर्ड धेरै वर्ष कायम रह्यो र त्यसबीचमा भैरवबहादुर प्रधानसँग बुबाको धेरैपटक

१५. तोत्रराज पाण्डेय र नयराज पन्त २००४ ।

१६. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ञ: १८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उठबस भयो । कालान्तरमा रुद्रराजका भाइसँग मिली बुबाले लेख्नुभएको *नेपालको संक्षिप्त इतिहास* प्रकाशमा आइसकेको थियो । आफूसरहका रुद्रराजले नयराजलाई चारो हाली नेपालको राम्रो इतिहास छापेको देख्दा भैरवबहादुरलाई पनि लोभ लाग्यो र बुबासँग मिली काम गर्ने प्रस्ताव उनले राखे ।

भारतबाट इतिहास पढी आएका यी अङ्ग्रेजीबाजहरूमा विद्या भन्ने कुनै वस्तु हुँदैन, यिनीहरू खालि पैसा र नाउँ कमाउनको लागि यतातिर लागेका हुन्, यिनीहरूलाई अन्वेषणमा रुचि पनि छैन, खालि बाहिरी टिपटापले यिनीहरू प्रतिष्ठित भएर बसिरहेछन् भन्ने धारणा त्रिचन्द्र कलेजका प्रिन्सिपल रुद्रराज पाण्डेय र उनका ठाहिँला भाइ तोत्रराज पाण्डेयसँगको घनिष्ठ सङ्गतबाट बुबाको मनमा जमिसकेको थियो । यस कारण बुबाले भैरवबहादुरलाई पन्छाउन प्रोफेसर साहेबको गुहु सुँघ्ने बानी कत्तिको छ भनी प्रश्न गर्नुभयो । भैरवबहादुर जिल्ल परे र **इतिहास लेख्नसँग यसको के सम्बन्ध** छ भनी उनले बुबालाई सोधे । **इतिहासको लागि काम लाग्ने शिलापत्र ताम्रपत्र आदि मन्दिरवरपर हुन्छन्, त्यहाँ दिसापिसाब गरी फोहर गरिरहेको हुन्छ, यस कारण गुहु सुँघ्ने बानी नबसाईकन इतिहासको अन्वेषण गर्न सकिँदैन** भनी बुबाले उनलाई टारिदिनुभयो ।

रुद्रराज, भैरवबहादुर दुवै राणाजीका दरबारमा ट्यूशन गर्थे । यस कारण आफ्नो अड्डाको कामबाहेक ट्यूशन पनि गर्ने हुनाले उनीहरूलाई कत्ति पनि फुर्सत थिएन । त्यसैलाई सङ्केत गरी धनवज्र र ज्ञानमणिको नाउँमा छापिएको, भैरवबहादुरको *मध्यकालीन** नेपाल्को खण्डन गर्न लेखिएको *इतिहास-संशोधन*को प्रस्तावनामा यस्तो लेखिएको थियो–

> **अव उप्रान्त श्रीप्रिन्सिपलजीले यस्ता प्रलपवाट इतिहास लेख्ने चेष्यलाई छोडेर सुनौला माहुरी वटुल्ने आफ्नो समयलाई गल्ली गल्लीमा छरिएका ढुङ्गा र कुना काप्चामा कोचिएका कागतपत्र हेर्न तर्फ लगाई वास्तव इतिहास लेख्न र बुझ्नतिर उहाँ लाग्नुहोला भनी हामी सद्भावना पूर्ण सल्लाह उहाँलाई दिन्छौं ।**[१७]

यो *इतिहास-संशोधन* छापिएपछि दिव्यवज्र अत्यन्तै रुष्ट हुनुभयो र बुबासँग बाझ्न आउनुभयो । यो कुरा सूत्ररूपमा बुबाले लेख्नु पनि भएको छ ।[१८] नेवारलाई आक्रमण

१७. ऐजन २०१०: *प्रस्तावना* ।

१८. तल ८८ पृष्ठमा उद्धृत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको रूपमा दिव्यवज्रले *इतिहास-संशोधन*लाई लिई त्यसमा मेरो आफ्नै भाइलाई झोसी **कण्टकेनैव कण्टकम्** अर्थात् **काँडाले नै काँडा हटाउनुपर्छ** भन्ने नीतिको अवलम्बन नयराजले गरेको हो भनी दिव्यवज्रले ठान्नुभयो भनी बुबाले सम्झनुभयो। प्रचलित शिक्षाप्रणालीको अकिञ्चित्करिता देखाउन र मेरो शिक्षाप्रणालीको कार्यक्षमता देखाउन यो काम गर्नुपरेको हो; यस्तो काम गरिएन भने मसँग पढ्ने, तपाईँका भाइछोराले वृत्ति पाउन सक्दैनन्; तपाईँलाई मैले उठाएको यो काम राम्रो लाग्दैन भने तपाईँले आफ्ना भाइछोरालाई मेरो पाठशालाबाट हटाए राम्रो हुन्छ भनी बुबाले जवाफ दिनुभयो। दिव्यवज्रले यो विवाद भद्रतावश अगाडि बढाउनुभएन र केही कालपछि २ जनाको सम्बन्ध पुरानै छाँटमा आयो।

भैरवबहादुरको खण्डनमा लेखिएको *इतिहास-संशोधन*को विरोध दिव्यवज्रले खालि नेवारको आलोचना गरेको भनेर मात्र गरेको हो जस्तो मलाई लाग्दैन। उहाँलाई *इतिहास-संशोधन*को पद्धति नै मन नपरेको र नेवार भैरवबहादुरको आलोचना भएकोले आगोमा घिउ थपिएको जस्तो मात्र मलाई लाग्छ। दिव्यवज्रले *इतिहास-संशोधन*को विरोध गर्नमा उहाँको आफ्नो घरको संस्कारले पनि काम गरेको मैले ठानेको छु। त्यो के हो भने उहाँका बाजे नीलवज्र श्री ३ चन्द्र (वि.सं. १९२०-१९८६, शासनकाल वि.सं. १९५७-१९८६)को दरबारमा वैद्य हुनुहुन्थ्यो। चन्द्रशमशेर बितिसकेपछि पनि उनका छोरा केसरशमशेर (वि.सं. १९४८-२०२१), शङ्करशमशेर (वि.सं. १९६६-२०३३) र मदनशमशेर (वि.सं. १९७५-२०१०) नीलवज्रको भागमा परेका थिए। नीलवज्र अशक्त भएपछि दिव्यवज्र मदनशमशेरको ढोकामा जान थाल्नुभयो र उहाँबाट मदनशमशेरका रानी-नानीहरूको उपचार गरिन्थ्यो। मदनशमशेर विषयभोगमा चुर्लुम्म डुबेर बिरामी हुन थालेपछि उनका नोकरचाकरहरूमा दरबारको हालीमुहाली हत्याउने काममा प्रतिस्पर्धा शुरू भयो र तिनमा प्रतिद्वन्द्वीहरूमध्ये केदारमणि आ.दी. (वि.सं. १९६१-२०४९) र नीलवज्रका नातिहरू पनि थिए भन्ने मैले सुनेको हुँ। यही प्रतिद्वन्द्वितामा केदारमणिबाट पछारिएपछि दिव्यवज्र मदनशमशेरको ढोकाबाट बाहिरिनुपर्‍यो।[१९] यति

---

१९. केदारमणि आ.दी.का छोरा कमल दीक्षित (वि.सं. १९८६ मा जन्म) (२०७१: १२) मदनशमशेरको ढोकासँग दिव्यवज्रको सम्बन्धको विषयमा यस्तो लेख्छन्–

> **मैले पीयूषवर्षीलाई सम्झिने अर्को कारण त्यस आयुर्वेदिक औषधालयका संस्थापक 'नीलो टोपी गुभाजु' भनिने नीलवज्र वैद्यराज श्रीदरबारका पनि दरबन्दीवाला 'वैद्यबा' हुनु हो। श्री ३ बडामहारानी बालकुमारीका दरबारिया वैद्य रहेका उनी महारानीको**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्नाको मतलब के हो भने मालिक मान्ने संस्कारमा हुर्केका मान्छेलाई *इतिहास-संशोधन* जस्तो रूढिभञ्जक काम मन नपर्नु स्वाभाविक हो। त्यसो हुँदा हुँदै पनि आफ्ना भाइछोरालाई *इतिहास-संशोधन*मा लगाउन उहाँलाई आफ्नो मन निकै मोस्नुपऱ्यो होला जस्तो मलाई लाग्छ।

केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीको *इतिहास-संशोधन*मा जुन जुन इतिहासको खण्डन भएको थियो, ती सबैका ग्रन्थकार पर्वते बाहुन भएकाले नेवारको अपमान गर्न *इतिहास-संशोधन*को थालनी भएको हो भन्ने कुराको खण्डन आफसेआफ हुन जान्थ्यो तापनि नेवारको विरोधमा *इतिहास-संशोधन* उठेको हो भन्ने आरोप हटाउन बुबाले आफन्तमध्ये इतिहासमा कलम चलाउने र पुरातत्त्वविभागका बहालवाला डाइरेक्टर रुद्रराज पाण्डेयले लेखेको कुराको खण्डन गर्न आफ्ना विद्यार्थीहरूलाई निर्देशन दिनुभयो र रुद्रराजको विषयमा धनवज्र र ज्ञानमणिको नाउँमा एउटा *इतिहास-संशोधन* निस्कियो।[२०] त्यसको शुरूआत यसरी गरिएको थियो–

> श्रीसरदार रुद्रराज पांडे एम्.ए.ले 'परोपकार' मासिक पत्रिकाका वर्ष २ अङ्क १ मा 'हाम्रो गौरवमय इतिहास' भन्ने आफ्नो एक लेख छपाउनुभएकोछ। त्यसमा उहाँले नेपालका भूतपूर्व विद्वान्हरूका उल्लेख र गौरवको पनि दिग्दर्शन गराउनुभएकोछ। आफ्नो देशको गौरवमय इतिहासको खोजी गर्नु प्रचार गर्नु देशहित गर्नुहो। परन्तु त्यसमा असावधानी हुन गएमा उल्टो फल हुन आउँछ। ठूला वडाले गरेको सानो कुराले पनि दुनियाँमा ठूलो असर पार्छ। श्री ५ राजेन्द्रविक्रमशाहको एकरातको असावधानीले कोतमा त्यत्रो नरसंहार भयो, पुराना भारदाहरूले टाउको उठाउनै नपाउने भए। स्वयं राजेन्द्रविक्रम र उनका सन्तानले पनि यत्रो लामो कालसम्म एउटा अनिष्ट वन्धनमा जकडिनुपऱ्यो। अतः सरकारीया पुरातत्त्वविभागको डाइरेक्टर जस्तो उच्चपदमा रहेका लेखक संघका सूत्रधार अधिकारसम्पन्न विद्वान्ले अतिसावधानीसाथ आफ्नो कलम चलाउनुपर्नेमा सो नभएको हुँदा सत्य कुराको

स्वर्गवासपछि मदनशमशेर जर्साबको दर्बारका वैद्य भए। त्यही नाताले मैले पनि उनको हातबाट पाचक र केही औषधि खाएको छु। नीलवज्रको निधनपछि त्यो दरबन्दीमा उनका नाति दिव्यवज्र 'नातिवैद्य' भर्ना भए। 'नातिवैद्य' सँग मेरो बढी सम्पर्क भएन, सात सालको प्रजातन्त्रपछि उनले त्यो जागीर छाडेकाले।

२०. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ घ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशको लागि हामीले केही भन्ने साहस गरेका छौं। हितबुद्धिले गरिएको हाम्रो यो साहस अनुचित ठहरोइन।[२१]

इतिहास-संशोधन चल्दै गयो। एकताका त यसले आन्दोलनकै रूप लिएको थियो। त्यसताकाको नेपालमा राजनीतिसम्बन्धी आन्दोलन त प्रशस्त हुन्थ्यो, लेखपढसम्बन्धी आन्दोलन त यही एउटा मात्र थियो। वि.सं. २००९ असोज ५ गतेदेखि छापिन थालेको *इतिहास-संशोधन* वि.सं. २०१२ को माघपूर्णिमासम्म राम्रैसँग चल्यो र सानाठूला गरी ३७[२२] वटा *इतिहास-संशोधन*पत्र प्रकाशित भए।[२३] यसैबीचमा यो

---

२१. ऐजन: २।

२२. माथि ६८ पृष्ठमा १२ सङ्ख्याको टिप्पणी हेर्नू।

२३. केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी २००९।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१०।
घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ क।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ घ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ क।
ऐजन २०११ ख।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ङ।
घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ख।
रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी २०११ ख।
घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ग।
ऐजन २०११ च।
श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपाल २०११।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ञ।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ ङ।
श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपाल २०११ क।
ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ च।
ऐजन २०११ छ।
महेश्वरराज सुवेदी र महेशराज पन्त २०११।
श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपाल २०११ ख।
ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ क।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम सेलाउँदै गयो र २१ जना इतिहास-संशोधकमध्ये घट्दै घट्दै ८ जना मात्र बाँकी रहे। यसपछि बुबाले १६ महीना जति यो काम रोक्नुभयो र बाँकी रहेका विद्यार्थीहरूलाई अझ तिखारी उनीहरूको योग्यता बढाउने काममा लगाउनुभयो। यस अवधिमा भैरवबहादुरकै खण्डन गरी २ वटा *इतिहास-संशोधन* मात्र बाँकी रहेका इतिहास-संशोधकमध्ये सबभन्दा बढी जान्ने धनवज्र वज्राचार्यद्वारा निक्लिए।[२४] ती २ *इतिहास-संशोधन*मध्ये पहिलो यस्तो थियो–

> **अहिलेभन्दा दुइ वर्ष अगाडि प्रि० श्रीभैरवबहादुर प्रधानले प्रकाश गर्नुभएको 'मध्यकालीन नेपाल' भन्ने पुस्तकमा रहेका अशुद्धिमध्ये ९ वटा अशुद्धिलाई हामीले त्यसैवेला खण्डन गरी शास्त्रार्थका लागि उहाँलाई आह्वान गरेका थियौं। उहाँले बाहिर बाहिर मानिस हेरी मन लागेको कुरा बोलेर हिड्नुभएको भए ता पनि हाम्रो लेखको खण्डन प्रकाश गर्न शक्नुभएको थिएन। हाम्रा अरू साथीहरूले पनि उहाँका लेख़लाई खण्डन गर्नुभएको छ। उहाँले फैलाउन खोज्नुभएको जातिगत द्वेषको भ्रमात्मक कुरोलाई पनि हाम्रा साथीहरूले खण्डन गरी प्रकाश**

लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ ज।
महेशराज पन्त र नयनाथ पौडेल २०१२।
ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०१२।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२।
ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०१२।
रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी २०१२।
महेशराज पन्त र नयनाथ पौडेल २०१२ क।
लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२ क।
ऐजन २०१२ ख।
ऐश्वर्यधर शर्मा र गौतमवज्र वज्राचार्य २०१२।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१२।
श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपाल २०१२।
भोलानाथ पौडेल २०१२।
लक्ष्मण सत्याल, ऐश्वर्यधर शर्मा, अक्रूर कुइँकेल र गौतमवज्र वज्राचार्य २०१२।
२४. धनवज्र वज्राचार्य २०१२।
ऐजन २०१३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नुभएको थियो। ६ महीनामै सो खण्डनको द्वितीय संस्करण पनि उहाँहरूले गराइसक्नुभएको छ।

अहिले अकस्मात् 'नेपाल' पत्रिकाको वर्ष ४ संख्या ५ मा प्रिन्सिपलजीले हामीले प्रकाश गरेका नौ दोष मध्येको एक दोषको खण्डन गर्ने चेष्टा गर्नुभएको छ। यसबाट अरू दोष उहाँले स्वीकार गरेको कुरा उहाँकै लेखबाट सिद्ध हुन्छ।

प्रिन्सिपलजीले खण्डन गर्न खोज्नुभएको बिषय*–

नेपाल खाल्डाका पछिल्ला मल्ल राजाहरूले आफूलाई एकै मुख भई कर्णाटवंश्य भनी स्वीकार गरेका छन्। यस कुरामा प्रिन्सिपलजीले शंका* उठाउन खोज्नुभएको छ। हामी कसैको वंश निर्णय गर्दा उ र उसका गोतियाहरूले भनेको कुरैलाई प्रमाण मान्दछौं। प्रिन्सिपलजी 'प्रधान' हुनुहुन्छ भन्ने कुरा उहाँकै लेखबाट सिद्ध भइसकेको छ। 'प्रिन्सिपलजी प्रधान हुनुहुन्छ वा मल्ल' ? भन्ने शंका* उठाउनु हामी समयको दुरुपयोग मात्र संझन्छौं।

आफूले बोलेको कुरा सिद्ध गर्ने प्रमाण उहाँसंग भए सो उहाँले प्रकाश गरिदिनुभए हुन्थ्यो। नभए अरू लामो गन्थन गर्नु आफ्नै कमजोरी मात्रै देखाउनु हो।[२५]

अर्को *इतिहास-संशोधन*को अन्त्य यसरी गरिएको थियो–

प्रिं श्री भैरववाहादुर प्रधानको निराधार कल्पनाको खण्डन

"ध्वया राज्यारोहण जुसेंलि नेपाले मल्लवंशया पुनर्संस्थापन जुलयिनको (स्थितिमल्लको) राज्यारोहण भएपछि मल्लवंशको पुनः संस्थापन भयो" भनी प्रिं. भैरब*वहादुर प्रधानले लेख्नुभएको थियो हामीले यस कुराको र अरु यस्तै आठकुराको समेत गरी जम्मा नौ दोष उहाँको पुस्तकमा देखाइदिएका थियौं

हाम्रो इतिहास-संशोधनको यो एककुराको खण्डन

उहाँले छेउनटुप्पोको एक लेख 'नेपाल' पत्रिकामा प्रकाशित गराउनु भएको छ। त्यस लेखमा उहाँ लेख्नुहुन्छ–

२५. ऐजन २०१२: १-२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"जयराजमल्लदेव जयार्जुनदेवपिं हरिसिंहदेवं च्यूत याम्ह मल्ल जुजुया सन्तान जुइगु यक्व हे संभव दु, तर प्रमाण मलूनि ...... मल्वंश*या शासन तुतय मजू धका धायत नान्यदेव हरिसिंहदेवपिनि नेपालविजययात ऐतिहासिक हे मखु धका धाय मानि" ['नेपाल' २३[२६] पू.*]

(जयराजमल्लदेव जयार्जुनदेवहरु हरसिंहदेवले राज्यच्युत गरिएका मल्ल राजाका सन्तान हुनु धेरै संभव छ, तर प्रमाण भेट्टाइएको छैन...

मल्लवंशको शासन टुटेको थिएन भनी भन्नालाई नान्यदेव हरसिंहदेवहरुको नेपालविजयलाई ऐतिहासिकै होइन भनी भन्नु पर्छ)

परन्तु हरसिंहदव* र उनका मन्त्रीले दोलखातिर आफ्नो अधिकार जमाएतापनि नेपाल उपत्यकाभित्र विजय गर्न सकेका थिएनन् भन्ने कुरा माथिको उद्धरणवाट स्पष्ट भइसकेको छ। यसकारण 'हरसिंहदेवको नेपाल उपत्यका विजय ऐतिहासिक होइन भनी सिद्ध गर, अनि मेरो कुरा खण्डन गर' भनी कुर्लने प्रिं. भैरवबाहादुरजीको इतिहासको अज्ञान प्रकट हुन्छ।

यसरी प्रिं. भैरवबाहादुरजीले आफ्नो दोष ढ़ाक छोप गर्न जानाजान कल्पनाजालले नेपालको इतिहासलाई धमिल्याइ दिने चेष्टा गर्न लागनुभएको छ। "इतिहास-संशोधन धका च्वया तुन्थी च्वह्म व्यांचा फुले जुइथें फुले जुया क्यनेगु थःगु दुर्वलता* जव क्यनेगु जुई" (इतिहास संशोधन भनि लेखी कूवाको भ्यागुतो फुले जस्तै फुलेर देखाउनु आफ्नै दुर्वलता* मात्रदेखाउनु हो) भनी इतिहास-संशोधनको परम्परा नचलोस् भन्ने मनोभाव प्रिन्सिपलजीले देखाउनु भएको छ।

मानिसले भूल गर्नु स्वाभाविक छ। तर बुद्धिमान् मानिस आफ्नो पहिलेको भूल सुधार गरी सुमार्गतिर लाग्दछ। भारतमा मुगल साम्राज्यका संस्थापक बावरले जरफ्शाको पूलको लड़ाइँमा शैवानीको जुन चालद्वारा समरकन्दको राज्य गुमाउनु परेथ्यो, पछि ठही चालले हिन्दुस्थानको राज्य प्राप्त गरेथे।

२६. यो अंश २३ पृष्ठमा नभई ५ पृष्ठमा छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रिन्सिपलजी! तपाईले पहिले जानेर वा नजानेर ठूलठूला भूल गर्नुभएको थियो। ती भूलले तपाईंको अज्ञानको साथसाथै दुनियाँमा भ्रमात्मक विचार फैलने हुनाले ती भूलको सुधार होस् भनी हामीले तपाईंलाई सल्लाह दिएका थियौं। परन्तु तपाई झन बढता भूल गर्न लाग्नुभएको छ। आफूले बोलेको कुरा सिद्ध गर्न शक्ने प्रमाण तपाईंसंग छ भने देखाउनुहोस्, नभए आफ्नो भूल स्वीकार गर्नुहोस्। भूल स्वीकार गरेर मानिस सानो हुँदैन। हामीले तपाईंलाई मात्रै भनेका होइनौं। हामीले गरेका संशोधन कतिले स्वीकार गरिसके तपाईंले स्वीकार नगर्दैमा साँचो कुरा झुटो हुँदैन। केवल तपाईंको दुराग्रह मात्र देखिन आउँछ। पछिका इतिहासकारहरुले तपाईंको दुराग्रहलाई धिक्कारनेछन्। यदि तपाईंलाई आत्म विश्वास छ भने आउनुहोस् शास्त्रर्थ*को परम्परा चलाऔं। 'आफ्नो देशको वास्तव इतिहास तयार होस्' भनी परिश्रमसाथ अन्बेषण* र अध्ययन गरी इतिहास-संशोधन गर्नुलाई तपाई 'कूपमण्डूकता भन्नुहुन्छ। अरुले खोजी प्रकाशित गरी सकेको कुरोलाई समेत उपयोग गर्न नसकी अशुद्ध इतिहास लेखी भ्रम फैलाउनु चाहिं के तपाईंको दृष्टिमा विद्वत्ता हो ? योद्धाको बल युद्धमा र विद्वान्को वल* शास्त्रार्थमा देखिन्छ। यसैले को बलियो, को नबलियो छुट्याउन हामीले शास्त्रार्थ गर्न तपाईलाई आह्वान गरेका थियौं। हाम्रो सो आह्वान अहिले पनि छदैछ।

'तद्गृह्णीमो यत्परीक्षोपपन्नम्'

(गंगाधर*शास्त्री)

परीक्षाद्वारा जुन कुरो ठीक ठहरिन्छ, हामी त्यही लिन्छौं।

हामी दुराग्रह गर्दैनौं। प्रमाणद्वारा हाम्रो भूल देखाइदिनुहोस्। हामी स्वीकार गर्छौं।[२७]

त्यसको २ महीनापछि अर्थात् वि.सं. २०१३ फागुन २६ गते बाध्य भएर हामीले एउटा पर्चा निकाल्नुपर्‍यो। त्यस पर्चाको शीर्षक *पुरातत्त्व-विभाग सावधान भई काम गरोस्* भन्ने थियो।[२८] ज. सुरशमशेर ज.ब.रा.को क्याम्पमा भेट्टाइएको, प्रताप मल्लको नेपाली

---

२७. धनवज्र वज्राचार्य २०१३: ९-१२। टिप्पणीमा लेखिएका कुराको उद्धरण यहाँ गरिएको छैन।

२८. मोहननाथ पाण्डे, गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाको शिलापत्रको अर्को प्रति वि.सं. २०११ मै ज्ञानमणि नेपालका चेला, हाम्रो पाठशालाका विद्यार्थीहरूले छपाइसकेकोमा[२९] वि.सं. २०१३ फागुन २५ गतेको *गोरखापत्र*मा *पुरातत्त्व-विभागको नयाँ खोज* भनी छापिएको खबरको खण्डन त्यस पर्चामा थियो ।

अब धनवज्र वज्राचार्य कसिएर शोधखोजको काममा लाग्नुभयो र परिणामस्वरूप वि.सं. २०१४ जेठ १२ गतेदेखि २०१५ वैशाख १६ गतेभित्र ३ वटा *इतिहास-संशोधन*पत्र उहाँले निकाल्नुभयो ।[३०]

बुबाले पनि अबदेखि *विद्या-रक्षा*को नाउँले आफ्नो लेखमाला चलाउने विचार गर्नुभयो र वि.सं. २०१५ फागुन १४ गते *विद्या-रक्षा* १ संख्या निकाल्नुभयो ।[३१]

वि.सं. २०१३ फागुन २६ गते निस्केको *पुरातत्त्व-विभाग सावधान भई काम गरोस्* भन्ने पर्चालाई *सावधान-पत्र* १ संख्या मानी वि.सं. २०१६ जेठ २२ गते *सावधान-पत्र* २ संख्या निकालियो ।[३२] अनि मङ्सीर १५ गतेदेखि माघ १ गतेभित्र धनवज्र वज्राचार्यका ३ वटा *इतिहास-संशोधन* निस्किए ।[३३] त्यसपछि माघ २७ गते *विद्या-रक्षा* २ संख्या निस्कियो ।[३४] अनि फागुन १ गते *इतिहास-संशोधन* ४८ क्रमागत संख्या निस्कियो ।[३५] यसको २२ दिनपछि अर्थात् फागुन २३ गते *इतिहास-संशोधन* ४९ क्रमागत संख्या प्रकाशित भयो ।[३६]

---

२९. श्यामराज पोखेल आदि २०११ क: ९३-९७ ।

३०. धनवज्र वज्राचार्य २०१४ ।
ऐजन: २०१४ क ।
ऐजन: २०१५ ।

३१. नयराज पन्त २०१५ ।

३२. धनवज्र वज्राचार्य २०१६ ।

३३. ऐजन: २०१६ क ।
ऐजन: २०१६ ख ।
ऐजन: २०१६ ग ।

३४. नयराज पन्त २०१६ ग ।

३५. धनवज्र वज्राचार्य २०१६ घ ।

३६. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१६ क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०१६ फागुन २८ गतेदेखि दिव्यवज्र वज्राचार्यले *इतिहास-संशोधन*पत्रको शैलीमा *आयुर्वेद-रक्षा* निकाल्न थाल्नुभयो।[३७] त्यहाँ आयुर्वेदका, वर्तमानकालका नेपाली र भारतीय वैद्यहरूले वा नेपाली डाक्टरहरूले लेखेका गलत कुराको खण्डन आयुर्वेदका शास्त्रीय ग्रन्थको आधारमा गरिन्थ्यो। बुबाले यसको १ वर्ष जतिअगाडि अर्थात् वि.सं. २०१५ फागुन १४ गतेदेखि निकाल्न थाल्नुभएको *विद्या-रक्षा*[३८]को छाँटमा यसको नाउँ *आयुर्वेद-रक्षा* राखिएको थियो।

यसपछि वि.सं. २०१६ चैत्र १५ गते *इतिहास-संशोधन* ५० क्रमागत संख्या निस्कियो।[३९] यसको १ महीना नाघेपछि वि.सं. २०१७ वैशाख २० गते *आयुर्वेद-रक्षा* २ संख्या निस्कियो।[४०] अनि असार १० गते *इतिहास-संशोधन* ५१ क्रमागत संख्या निस्कियो।[४१] यसको १९ दिनपछि असार २९ गते *आयुर्वेद-रक्षा* ३ संख्या निस्कियो।[४२] साउन १७ गते र भाद्र २ गते गरी *विद्या-रक्षा* ३ र ४ संख्या निस्किए।[४३] भदौ १६ गते *आयुर्वेद-रक्षा* ४ संख्या[४४] र धन्वन्तरित्रयोदशीको दिन *आयुर्वेद-रक्षा* ५ संख्या[४५] छापियो। वि.सं. २०१२ माघपूर्णिमा[४६]देखि छापिन लागेको *व्याकरण-संशोधन*को ६ संख्या[४७] वि.सं. २०१७ कार्तिक ७ गते प्रकाशित भयो। अनि कार्तिक ३० गते *आयुर्वेद-रक्षा* ६ संख्या निस्कियो।[४८] त्यसपछि मङ्सीर १५ गते *व्याकरण-संशोधन*

---

३७. दिव्यवज्र २०१६।
३८. नयराज पन्त २०१५।
३९. धनवज्र वज्राचार्य २०१६ ङ।
४०. दिव्यवज्र २०१७।
४१. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७।
४२. दिव्यवज्र २०१७ क।
४३. नयराज पन्त २०१७।
ऐजनः २०१७ क।
४४. दिव्यवज्र २०१७ ख।
४५. ऐजनः २०१७ ग।
४६. भोलानाथ पौडेल २०१२ क।
४७. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ क।
४८. दिव्यवज्र २०१७ घ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७ संख्या प्रकाशित भयो ।[४९] पूस ५ गते *आयुर्वेद-रक्षा* ७ संख्या निस्कियो ।[५०] अनि पूस १४ गते *सावधान-पत्र* ३ संख्या[५१] र ३० गते *व्याकरण-संशोधन* ८ संख्या[५२] निस्कियो । यसपछि माघ २२ गते *आयुर्वेद-रक्षा* ८ संख्या छापियो ।[५३] अनि फागुन १८ गते *व्याकरण-संशोधन* ९ संख्या प्रकाशित भयो ।[५४] अन्त्यमा चैत्र २७ गते *आयुर्वेद-रक्षा* ९ संख्या निस्कियो ।[५५]

वि.सं. २०१८ देखि तीन तीन महीनामा हाम्रो नियमित प्रकाशन हुन थाल्यो । यसभन्दा अगाडि हाम्रो पाठशालाको नाउँसुद्धा राखिएको थिएन । वि.सं. २०१८ देखि हामीले आफ्नो संस्थाको नाउँ संशोधन-मण्डल राखी काम गर्न थाल्यौँ । यसपछि छाप्नको लागि आआफैँले पुरानै छाँटले पैसा हालिरहनुपरे तापनि बुबा र उहाँका शिष्यप्रशिष्यका कृतिको प्रकाशक संशोधन-मण्डल भयो, वैद्य दिव्यवज्रको *आयुर्वेद-रक्षा*को प्रकाशनचाहिँ उहाँ आफैँले गरिरहनुभयो ।

वि.सं. २०१८ वैशाखसङ्क्रान्तिको दिन संशोधन-मण्डलको पहिलो प्रकाशन *अभिलेख-संग्रह* १ भाग छापियो ।[५६] त्यसपछि जेठ ५ गते *विद्या-रक्षा* ५ संख्या प्रकाशित भयो ।[५७] अनि जेठ २४ गते *आयुर्वेद-रक्षा* १० संख्या छापियो ।[५८] श्रावणसङ्क्रान्तिको दिन *अभिलेख-संग्रह* २ भाग[५९] र कार्तिकसङ्क्रान्तिको दिन ३ भाग[६०] निस्कियो । अनि कार्तिक ६ गते *आयुर्वेद-रक्षा* ११ संख्या[६१] र धन्वन्तरिजयन्तीको दिन

---

४९. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ ख ।

५०. दिव्यवज्र २०१७ ङ ।

५१. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ ग ।

५२. ऐजन: २०१७ घ ।

५३. दिव्यवज्र २०१७ च ।

५४. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७ ङ ।

५५. दिव्यवज्र २०१७ छ ।

५६. रामजी तेवारी आदि २०१८ ।

५७. नयराज पन्त २०१८ ख ।

५८. दिव्यवज्र २०१८ ।

५९. रामजी तेवारी आदि २०१८ क ।

६०. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८ ।

६१. दिव्यवज्र २०१८ क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२ संख्या[६२] छापियो । संशोधन-मण्डलबाट *विद्या-रक्षा* ६ संख्या[६३] र जगदम्बा-प्रकाशनबाट *गल्लीमा फ्याँकिएका कसिंगर*[६४] गरी मार्गसङ्क्रान्तिको दिन हाम्रा सानाठूला २ कृति छापिए । त्यसको १३ दिनपछि *विद्या-रक्षा* ७ संख्या छापियो ।[६५] त्यसपछि पूस १ गते *इतिहास-संशोधन* ५२ क्रमागत संख्या,[६६] माघे सङ्क्रान्तिको दिन *अभिलेख-संग्रह* ४ भाग,[६७] माघ १५ गते *इतिहास-संशोधन* ५३ क्रमागत संख्या[६८] र माघ २१ गते *व्याकरण-संशोधन* १० संख्या[६९] प्रकाशित भयो ।

अभिलेख-संग्रह ५ भाग[७०] र *इतिहास-संशोधन* ५४ क्रमागत संख्या[७१] गरी वि.सं. २०१९ वैशाखसङ्क्रान्तिको दिन हाम्रा २ कृति छापिए । अनि वैशाख १२ गते *विद्या-रक्षा* ८ संख्या,[७२] वैशाख २४ गते ९ संख्या[७३] र असार १५ गते १० संख्या[७४] प्रकाशित भए । अनि असार १८ गते *आयुर्वेद-रक्षा* १३ संख्या छापियो ।[७५] श्रावणसङ्क्रान्तिको दिन *अभिलेख-संग्रह* ६ भाग[७६] र कार्तिकसङ्क्रान्तिको दिन ७ भाग[७७] छापिए । अनि कार्तिक ७ गते *विद्या-रक्षा* ११ संख्या प्रकाशित भयो ।[७८] वि.सं. २०१२

---

६२. ऐजन: २०१८ ख ।
६३. नयराज पन्त २०१८ घ ।
६४. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१८ ।
६५. नयराज पन्त २०१८ च ।
६६. गौतमवज्र वज्राचार्य २०१८ ।
६७. नयनाथ पौडेल २०१८ ।
६८. महेशराज पन्त २०१८ ।
६९. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१८ क ।
७०. रामजी तेवारी आदि २०१९ ।
७१. गौतमवज्र वज्राचार्य २०१९ ।
७२. नयराज पन्त २०१९ क ।
७३. ऐजन: २०१९ ख ।
७४. ऐजन: २०१९ ग ।
७५. दिव्यवज्र २०१९ ।
७६. रामजी तेवारी आदि २०१९ क ।
७७. ऐजन: २०१९ ख ।
७८. नयराज पन्त २०१९ घ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फाल्गुनपूर्णिमा[७९]देखि छापिन थालेको *पञ्चाङ्ग-संशोधन*को ४ संख्या[८०] वि.सं. २०१९ कार्तिक ९ गते छापियो । त्यसको भोलिपल्ट धन्वन्तरिजयन्तीको दिन *आयुर्वेद-रक्षा* १४ संख्या छापियो ।[८१] अनि कार्तिक २२ गते *पञ्चाङ्ग-संशोधन* ५ संख्या छापियो ।[८२] यसपछि मङ्सीर ११ गते *आयुर्वेद-रक्षा* १५ संख्या निस्कियो ।[८३] यसको ५ दिनपछि *विद्या-रक्षा* १२ संख्या प्रकाशित भयो ।[८४] मङ्सीरमा र पूस २७ गते गरी वि.सं. २०१९ मा एउटा *इतिहास-संशोधनको प्रमाण-प्रमेय* [८५] र अर्को *त्रिरत्न-सौन्दर्य-गाथा* [८६] गरी हाम्रा २ वटा मोटा कृति छापिए । तिनमा पहिलो जगदम्बा-प्रकाशनबाट र दोस्रो नेपाल-सांस्कृतिक-परिषद्बाट प्रकाश भएको हो । त्यसपछि माघे सङ्क्रान्तिमा *अभिलेख-संग्रह* ८ भाग,[८७] श्रीपञ्चमीको दिन *इतिहास-संशोधन* ५५ क्रमागत संख्या[८८] छापियो । अन्त्यमा चैत ७ गते *सावधान-पत्र* ४ संख्या छपाएर हामीले २०१९ साल पूरा गर्‍यौँ ।[८९]

वि.सं. २०२० को वैशाखसङ्क्रान्तिमा *अभिलेख-संग्रह* ९ भाग[९०] र अक्षयतृतीयाको दिन *इतिहास-संशोधन* ५६ क्रमागत संख्या[९१] प्रकाशित भयो । जेठ १८ गते *सावधान-पत्र* ५ संख्या[९२] र जेठ २८ गते ६ संख्या[९३] निस्कियो । असार ७ गते *इतिहास-*

---

७९. रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी २०१२ क ।
८०. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र शङ्करमान राजवंशी २०१९ ।
८१. दिव्यवज्र २०१९ क ।
८२. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र शङ्करमान राजवंशी २०१९ क ।
८३. दिव्यवज्र २०१९ ख ।
८४. नयराज पन्त २०१९ ङ ।
८५. धनवज्र वज्राचार्य २०१९ ।
८६. ऐजन २०१९ क ।
८७. रामजी तेवारी आदि २०१९ ग ।
८८. महेशराज पन्त २०१९ ।
८९. गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१९ ।
९०. रामजी तेवारी आदि २०२० ।
९१. महेशराज पन्त २०२० ।
९२. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० ।
९३. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संशोधन ५७ क्रमागत संख्या,[९४] ८ गते *सावधान-पत्र* ७ संख्या,[९५] ९ गते *इतिहास-संशोधन* ५८ क्रमागत संख्या[९६] र *पञ्चाङ्ग-संशोधन* ६ संख्या,[९७] १७ गते *इतिहास-संशोधन* ५९ क्रमागत संख्या,[९८] २४ गते *सावधान-पत्र* ८ संख्या[९९] र २५ गते *सावधान-पत्र* ९ संख्या[१००] प्रकाशित भयो । साउने सङ्क्रान्तिको दिन *अभिलेख-संग्रह* १० भाग,[१०१] साउन ७ गते *सावधान-पत्र* १० संख्या,[१०२] २८ गते *इतिहास-संशोधन* ६० क्रमागत संख्या[१०३] निस्कियो । भाद्र १५ गते *सावधान-पत्र* ११ संख्या छापियो[१०४] र भाद्र १८ गते *आयुर्वेद-रक्षा* १६ संख्या निस्कियो[१०५] । यही नै *आयुर्वेद-रक्षा*को अन्तिम संख्या बन्न गयो ।

यसरी वि.सं. २०१६ फागुन २८ गतेदेखि वि.सं. २०२० भाद्र १८ गतेसम्मको झण्डै साढे ३ वर्ष *आयुर्वेद-रक्षा* हाम्रै पाठशालाको कृति जस्तो भई प्रकाशित भयो । भनाइको मतलब के हो भने बुबा आफ्नो कृति र आफ्ना शिष्यप्रशिष्यका कृतिको सम्पादनमा जसरी समय खर्च गर्नुहुन्थ्यो, झण्डै झण्डै त्यस्तै छाँटले बुबाले *आयुर्वेद-रक्षा*मा आफ्नो समय लगाउनुहुन्थ्यो । *आयुर्वेद-रक्षा*का सबै संख्या छापिनुअगाडि बुबालाई बाचेर दिव्यवज्र सुनाउनुहुन्थ्यो र आवश्यक सुधार दुवै जना मिली गर्नुहुन्थ्यो, अनि मात्र त्यसलाई प्रेसमा पठाइन्थ्यो । आयुर्वेद त बुबाको आफ्नो विषय नभएको हुनाले विषयवस्तुमा बुबाले खास थपघट गर्न सक्नुहुन्थ्यो जस्तो मलाई लाग्दैन, प्रस्तुतीकरणमा भने बुबाको निकै हात थियो ।

---

९४. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० क ।

९५. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क ।

९६. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० ख ।

९७. रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल र शङ्करमान राजवंशी २०२० ।

९८. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० ग ।

९९. देवीप्रसाद भण्डारी २०२० ।

१००. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ख ।

१०१. रामजी तेवारी आदि २०२० क ।

१०२. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ग ।

१०३. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२० घ ।

१०४. गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० घ ।

१०५. दिव्यवज्र २०२० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०१० मा भैरवबहादुर प्रधानको लेखको आलोचना गर्दा बाइन आउने दिव्यवज्रले ६ वर्ष ४ महीनापछि त्यही शैलीमा लेख्न थाल्नुभयो । संस्कृतविद्याबाट काम लिने हो भने विद्वान्को रूपमा लोकमा प्रतिष्ठित, तर वास्तवमा अनवबुद्ध मानिसहरूका लेखको खण्डन गरी तिनीहरूको पर्दाफास गर्नुबाहेक अर्को बाटो छैन भन्ने कुरामा बुबाको दृढ विश्वास भएकोले र आयुर्वेदलाई कार्यक्षम बनाउने हो भने हामीले इतिहासको फाँटमा गरे जस्तै काम अब तपाईँले आयुर्वेदको फाँटमा गर्नुपर्छ, होइन भने मसँग सङ्गत गरेर केही फाइदा छैन भनी बुबाले वारंवार भन्नुभएकोले नै उहाँ यस काममा आधा मनले लाग्नुभएको जस्तो मलाई लाग्छ ।

यस कामबाट दिव्यवज्रका धेरै इष्टमित्र तोडिए । *आयुर्वेद-रक्षा*को आरम्भ नै उहाँका सजातीय एक जना कविराजको लेखको खण्डनबाट भएको थियो ।[१०६] उहाँले गुरु मान्नुभएका कविराज मुक्तिनाथ ढुङ्गेलको पनि *आयुर्वेद-रक्षा*मा आलोचना भएको थियो ।[१०७] यी १६ वटा *आयुर्वेद-रक्षा*मध्ये ७ वटा राणाराज्यमा र पछि पनि दरबारका भित्रिया हुन सफल,[१०८] त्यसताकाका वैद्य-कविराजमध्ये प्रतिष्ठिततम, सरदार पदले विभूषित, आयुर्वेदाचार्य, प्र.गो.द.बा. कविराज शिवनाथ रिमाल (वि.सं. १९४४-२०२१)[१०९] वा उनका भाइ[११०]भतिजा[१११]का लेखको खण्डनमा लेखिएका थिए । कविराज शिवनाथ रिमालका भाइ नरेन्द्रनाथ रिमाल (वि.सं. १९५७-२०४०)को खण्डन ४ वटा *आयुर्वेद-रक्षा*मा भएकोमा अघिल्ला ३ वटामा उनका दाजु शिवनाथ रिमाललाई मुखपृष्ठमै लतारिएको छ ।[११२] ती वाक्य पढ्दा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको

---

१०६. ऐजन: २०१६ ।

१०७. ऐजन: २०२० ।

१०८. शिवनाथ कविराजका कम्युनिस्ट भतिजाले गाएको उनको प्रशस्तिको लागि अरविन्द रिमाल २०६२: ५१८-५३५ हेर्नू ।

१०९. दिव्यवज्र २०१७ घ र २०१७ ङ ।

११०. ऐजन: २०१७ क, २०१७ ख, २०१७ ग र २०१८ ख ।

१११. ऐजन: २०१७ च ।

११२. ऐजन: २०१७ क ।
ऐजन: २०१७ ख ।
ऐजन: २०१७ ग ।
सवभन्दा पछिल्लो (दिव्यवज्र २०१८ ख: मुखपृष्ठ)मा शिवनाथ कविराजको नाउँ नदिए तापनि त्यस *आयुर्वेद-रक्षा*को अन्त्यमा यस्तो लेखिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०१२ मा छापिएको *इतिहास-संशोधन* ५ सङ्ख्यामा केशरबहादुर खत्री क्षत्रीको खण्डन गर्दा उनका उपकारी जूजेप्पे तुच्चिलाई लतार्दै लेखिएका वाक्यको अनुकरणमा *आयुर्वेद-रक्षा*मा त्यस्ता वाक्य लेखिएका थिए भनी सहजै भन्न सकिन्छ ।[११३]

पाटीवास भोग्नुपरे पनि म आफ्नो जीवनभर विद्याको पठन-पाठनमै लागिरहनेछु[११४] भन्ने भीष्मप्रतिज्ञा भोलानाथ पौडेलले वि.सं. २०१२ मा गरे जस्तै त्यसको ५६ महीना जतिपछि दिव्यवज्र वज्राचार्यले यस्तो लेख्नुभएको थियो–

> **अतः संस्कृत नपढेका आयुर्वेद-शास्त्रको मर्म नबुझेका यूरोपको विचार धारामा रङ्गिएका केही मानिसहरूले लेखेका कुरा सारी आयुर्वेदलाई नाश गर्ने काम गर्न क० नरेन्द्रनाथजी लाग्नुभएको छ भन्ने कुरा यसवाट स्पष्ट छ । यस्तो काम गरी डाक्टरको पुच्छर वनी उहांहरू वस्नुहुन्छ भने वस्नुहोस् । मलाई कपाल दुखेको छैन । तर आयुर्वेद–महारथी* वनी उहांहरू यस्तो कामहरू गर्नुहुन्छ भने मेरो प्राण रहेसंम म यस्तो कुराको विरुद्ध बोलि नै रहन्छु । किनभने आयुर्वेदको नाममा यूरोपका अधकल्चा विचार प्रचार भएको म हेर्न सक्तिनं ।**[११५]

दिव्यवज्रको यो काम उहाँका घरपरिवारलाई पनि मन परेको थिएन ।[११६] अरू त के कुरा, यही शैलीमा *इतिहास-संशोधन* चलाइरहेका उहाँका भाइ धनवज्र पनि *आयुर्वेद-*

> **शास्त्र पढ्ने पढाउने काममा नलागी चाकडी र दाउपेचका भरले आफ्नो स्वार्थ सिद्ध गरी विद्याको अवनति गर्ने परंपरामा लागेका कविराज श्रीशिवनाथ र उहांका अनुयायीहरूका लेखमा पत्रैपिच्छे थुप्रा अशुद्धि हुनु स्वाभाविक छ । तिनलाई म क्रमशः देखाउंदै जानेछु । दुई चारवयको मुख हेरी विद्याको नाश गर्न सकिंदैन ।**

११३. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१२: मुखपृष्ठ र २० ।

११४. भोलानाथ पौडेल २०१२: ३ = ऐजन २०१६: ४ ।

मैले अन्यत्र (महेशराज पन्त २०६०: ६) यस विषयमा यस्तो लेखेको थिएँ–

> **अझ त्यसमाथि मेरो हकमा त जसले जस्तोसुकै खिचलो गरे पनि पाटीवास भोग्नु परे पनि म आफ्नो जीवनभर विद्याको पठन-पाठनमै लागिरहनेछु भनी भीष्मप्रतिज्ञा गर्ने एक मात्र मान्छे भोला गुरु नै हुनुहुन्छ ।**

११५. दिव्यवज्र २०१७ ख ।

११६. दिव्यवज्रका छापिएका र छापिन बाँकी केही लेखहरूको सङ्कलन गरी उहाँका सन्तानले हालै निकालेको पुस्तिका (दिव्यवज्र वज्राचार्य २०६३)को पछाडिको जिल्दमा उहाँका कृतिको सूची छापिएको छ । उहाँले खोल्नुभएको स्वास्थ्यशिक्षाश्रममा पढ्ने १४ जना विद्यार्थीको नाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रक्षाको विरोधमा हामीसँग कुरा गर्नुहुन्थ्यो । आफूचाहिँ त्यही शैलीमा काम गर्दै जाने, अर्को मान्छेले त्यही शैलीको अनुसरण गरी काम गरेकोमा हाम्रो बल बढ्यो भनी सम्झनुपर्नेमा झन् उल्टो विरोध गरेको देखेर धनवज्रमा आफूले गरिरहेको काममा श्रद्धा वा विश्वास छैन रहेछ, बुबापछिका हाम्रा अगुवा त यस्ता छन् भने हाम्रो काम कसरी सफल होला भन्ने मलाई लाग्थ्यो । हुन पनि त्यस्तै रहेछ । नेपाल-अध्ययनसंस्थानमा सानो मौका पाउनेबित्तिकै उहाँले यस शैलीमा काम गर्न चटक्क छोडिदिनुभयो ।

यसरी *आयुर्वेद-रक्षा* निक्लँदै जाँदा यसको प्रतिवादको रूपमा एकदुइ जनाले लेख पनि नलेखेका होइनन् । तिनमा सबभन्दा मुखर भई शिवनाथ कविराजका एक जना भतिजा आएका थिए र उनले *पुरुषार्थपरिचय* भन्ने पर्चासमेत छपाएका थिए ।[११७]

गौतमवज्र वज्राचार्यको वि.सं. २०१९ को वैशाखसङ्क्रान्तिमा निस्केको *इतिहास-संशोधन*[११८]मा बुबाहरूको *नेपालको संक्षिप्त इतिहास*मा परेका केही अशुद्धिको पनि खण्डन गरिएकोले आफ्ना चेलाहरूले आफ्नो खण्डन गर्दा त्यसको स्याबासी दिने परम्परा[११९] आफूले बसाएअनुसार त्यसमा बुबाले लेख्नुभएको *अभिनन्दन* पनि छापिएको छ । त्यही *अभिनन्दन*मा बुबाले लेख्नुभएको केही कुराको उद्धरण यहाँ गर्नु प्रासङ्गिक नै होला–

छापिएको *शार्ङ्गधरीय शब्दकोश*लाई त्यहाँ दिव्यवज्रको नाउँमा दर्ता गरिएको छ । तर दिव्यवज्रको आफ्नै नाउँमा छापिएका १६ वय *आयुर्वेद-रक्षा*को चाहिँ नामोनिशान नहुनाले र त्यही पुस्तिकामा छापिएको, उहाँका घरपरिवारले उहाँको गुणानुस्मरण गरी लेखेको लेख (पीयूषवर्षी औषधालयपरिवार २०६३: ब-ल)मा पनि उहाँका अरू क्रियाकलापको चर्चा गर्दा *आयुर्वेद-रक्षा*को प्रकाशनको विषयमा एक शब्द पनि नपर्नाले मैले माथि लेखेको कुराको पुष्टि हुन्छ ।

११७. *आयुर्वेद-रक्षा* ३-५ संख्या (दिव्यवज्र २०१७ क, ख र ग) मा आफ्ना बाबु कविराज नरेन्द्रनाथ रिमालको र *आयुर्वेद-रक्षा* ६-७ संख्या (दिव्यवज्र २०१७ घ र ङ)मा आफ्ना जेठा बाबु सरदार कविराज शिवनाथ रिमालको खण्डन आउँदा नरेन्द्रनाथका छोरा मुकुन्दनाथ रिमालले *आयुर्वेद-रक्षा*को प्रतिवाद गरी *पुरूपार्थ* परिचय* निकालेका थिए । त्यसको खण्डन *आयुर्वेद-रक्षा* ८ सङ्ख्या (दिव्यवज्र २०१७ च)मा छ ।

११८. गौतमवज्र वज्राचार्य २०१९ ।

११९. नयराज पन्त २०११ ख ।
ऐजन: २०१६ ।
ऐजन: २०१६ क ।
ऐजन: २०१६ ग ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले नानी गौतमवज्र वज्राचार्यले श्रीतोत्रराज र मेरो संयुक्त परिश्रमको रूपमा निस्केको नेपालको संक्षिप्त इतिहासमा परेको अशुद्धिलाई भेट्टाई प्रकाश गर्न लागेका छन् । यिनले आफ्ना कान्छा बाबु नानी धनवज्र वज्राचार्यसँग पढेका हुन् । यिनले आफ्ना पिता वैद्य दिव्यवज्र वज्राचार्यबाट प्रेरणा पाएका हुन् तथा अलिकता मसँग पनि पढेका छन् ।

संस्कृतभाषा धार्मिक कर्मको लागि नै उपयुक्त छ भन्ने कुरामा आजभोलि साधारण विश्वास जम्न गएको छ । त्यस कारण संस्कृतभाषामा पौरोहित्यवृत्ति नभएकाहरूको रुचि नहुनु स्वाभाविक हुन गएको छ । हुनत धर्मात्मा कहलाएकाहरूसँग मेरो संगत विशेष छैन तथा मेरो पौरोहित्यवृत्ति पनि छैन भने हुन्छ । तैपनि संस्कृतभाषाको भक्त म भएको हुनाले पौरोहित्यवृत्ति नगर्ने वंशमा जन्मेकाहरू प्रायः मकहाँ पढ्न आउँदैनन् । इतिहास-संशोधन गर्नाले धर्म हुने वा जजमानी गर्न सजिलो हुने होइन । तैपनि इतिहास-संशोधन गर्ने २१ जनामा २० जना पौरोहित्यवृत्तिमा अधिकार पाएकाहरू नै थिए । अहिले बाँकी ८ जनामा पनि ५ जना ब्राह्मण र २ जना वज्राचार्य (गुभाजू) छन् । एकजना नानी शङ्करमान राजवंशी मात्र पौरोहित्य नगर्ने कुलका छन् ।

हाम्रो देशमा आजभोलि चलेको इतिहासको पढाइलाई अंग्रेजी शिक्षाले ल्याएको हो । यस कुरालाई खुलाएर इतिहास-संशोधन ४८ क्रमागत संख्यामा लेखेको छु । अंग्रेजी शिक्षालाई काम लाग्ने भनी कहलाएको इतिहासलाई र धर्मकर्मका लागि काम लाग्ने भनी कहलाएको संस्कृतलाई एक ठाउँमा मिलाउन खोज्दा साधारण मनुष्यको दृष्टिमा मेरो स्थिति अचम्मको बन्न गएको छ । मेरो तर्कलाई प्रत्यक्ष खण्डन गर्ने युक्ति नपाउँदा शास्त्रार्थका मैदानमा मेरा कुरा काट्न मानिसहरू नउत्रे तापनि कोठे गफको रूपमा मेरा कुरा काट्नेहरू प्रशस्त छन् । इतिहास-संशोधनहरूले केही धूर्तको स्वार्थमा बाधा दिएको छ । यस कारण उनीहरूले कुरा काट्नु स्वाभाविक थियो । यसो नभई साधारण मनुष्यहरू पनि कुना काप्चामा बसी मेरो जो कुरा काट्छन्, त्यसको हेतु सोही वैचित्र्य नै छ ।

पौरोहित्यवृत्तिमा शुद्ध संकल्प भनेको र अशुद्ध संकल्प भनेकोमा प्रत्यक्ष फल यहाँ नदेखिने हुनाले र हतौडीहरूको भरमा नै विशेष काम चल्ने हुनाले त्यस वृत्तिमा

ऐजनः २०१६ घ ।
ऐजनः २०१६ ङ ।
ऐजनः २०१८ छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागेकाहरूमा अहिले सूक्ष्म चिन्तनको केही कमी देखिन्छ । मन शुद्ध भयो भने सबै शुद्ध हुन्छ भन्ने व्यापक भनाइले पनि त्यतातिर विद्या बढ्न दिएको छैन । हुनत निष्काम कर्म गर्नु बढिया हो, तर व्यवहारमा यो कुरो गर्नु सजिलो छैन । यो कुरामा मनुहरूले बहस नउठाएका पनि होइनन् । जस्तै–

कामात्मता न प्रशस्ता न चैवेहास्त्यकामता ।

(मनुस्मृति २।२)

(कुनै कामना राखी काम गर्नु बढिया होइन, तर कामना नराखेको देखिँदैन ।)

अकामस्य क्रिया काचिद् दृश्यते नेह कर्हिचित् ।
यद्यद्धि कुरुते किंचित्तत्तत्कामस्य चेष्टितम् ।।

(मनुस्मृति २।४)

[कामना नभएको मनुष्यले यहाँ कहिले केही काम गरेको देखिँदैन, जे जे काम गरिन्छ, त्यो सबै कामनाकै फल हो ।] इत्यादि

संस्कृत शिक्षाको लौकिक उपयोग केही नदेखिएकोले यतातिर मनुष्यको रुचि नभएको हो भन्ने कुरा देखाउन मैले यति बोलेको हुँ ।

यस्तो हुँदाहुँदै वैद्य दिव्यवज्र वज्राचार्यबाट पढाउनाका लागि स्थान बाह्रौं वर्षदेखि जो मैले पाइरहेछु, उहाँका भाइ छोराले मेरो अनुशासनमा रहेर आजसम्म जो पढ्नु पढाउनु गरिरहेछन्, यसमा वैद्य दिव्यवज्रको मनःस्थितिले स्पष्टतः काम गरेको छ । सो मनःस्थितिको विषयमा सकेसम्म मैले सूक्ष्म विचार गरेको छु । दिव्यवज्रजीलाई सफल वैद्य भई काम गर्ने इच्छा छ । आयुर्वेदको गम्भीर अध्ययन गर्नु यसको लागि अनिवार्य छ । आयुर्वेदले संस्कृतलाई अत्यावश्यक बनाएको छ । यही कारणले वैद्य दिव्यवज्रको घर मेरो पढाउने ठाउँ बन्न सकेको हो । हुनत वैद्य दिव्यवज्रजीलाई पनि शुरू शुरूमा इतिहास-संशोधन अप्रिय नभएको होइन । यस अवस्थामा उहाँको मनमा दोधार पनि उठ्यो होला । तर आखिरमा संस्कृतको प्रेमले उहाँलाई मबाट पर जान दिएन । वैद्य दिव्यवज्रको हातबाट आयुर्वेद-रक्षा जो निस्किरहेछन्, यसको प्रत्यक्ष प्रमाण यही हो ।

यस कारण अहिले वैद्य दिव्यवज्र, नानी धनवज्र, नानी गौतमवज्रहरूको साथसाथै आयुर्वेद-रक्षा र यस इतिहास-संशोधनको अभिनन्दन गर्नु मैले आफ्नो कर्तव्य सम्झेको छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

> **नानी गौतमवज्रले देखाएका मेरा दोषलाई मैले हृदयदेखि नै स्वागत गरेको छु। यस्ता संशोधन-पत्र अरू अरू निकाल्दै गई यिनी सफल इतिहासकार बनून् भन्ने मेरो आशीर्वाद छ। मेरो आशीर्वाद लाग्छ कि लाग्दैन भन्ने कुरा भविष्यमा भर पर्दछ।**[१२०]

बुबाले यस्तो लेख्नुभएको झण्डै डेढ वर्षसम्म *आयुर्वेद-रक्षा* चल्यो र अरू ४ वटा *आयुर्वेद-रक्षा* छापिए।[१२१] यसपछि *आयुर्वेद-रक्षा* प्रकाशित हुन छोड्दा इतिहास र ज्यौतिषको फाँटमा आफूले चलाए जस्तै संस्कृतविद्याका अरू अरू शाखाप्रशाखामा ती ती विषयका विद्वान्हरूद्वारा आन्दोलन चलाई भारतीय प्राचीन विद्याद्वारा कार्यक्षमता पैदा गराउने अर्थात् प्राचीन विद्याको पुनरुद्धार गर्ने एउटा कडीको रूपमा थालिएको काम बन्द भयो। परिणामस्वरूप मूर्ख खनाति पनि वैद्यराज[१२२] हुने र मिसमासे आयुर्वेद पढी कविराज बन्ने परम्परा झन् झन् फस्यउँदै गइरहेछ।

---

१२०. ऐजन २०१९: ३-७। टिप्पणीमा लेखिएको कुराको उद्धरण यहाँ गरिएको छैन।

१२१. दिव्यवज्र २०१९।
ऐजनः २०१९ क।
ऐजनः २०१९ ख।
ऐजनः २०२०।

१२२.
गर्थे भने जिजुहरू अघि वैद्य-काज।
मूर्खै खनाति पनि बन्दछ वैद्य-राज॥
जो जो सुझ्यो ठहि गऱ्यो, रुपियाँ[①] निकाल्यो।
रोगी मऱ्यो, कुपथको निहुँ पारि यल्यो॥

(*सत्यकलिसंवाद* १३१ पद्य)

---

① त्यहाँ रूपियाँ छापिएको छ। रू दीर्घ गर्दा छन्दोभङ्ग हुन्छ। अघिल्ला संस्करणमा के थियो, ती संस्करण नहेरेकोले भन्न सकिएन। जे भए पनि छन्दसँग मिलान गर्न यहाँ ह्रस्व गरिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनवज्र वज्राचार्यको सन्दर्भमा नयराज पन्त

१

गते त म सम्झन्नँ, यही गएको चैत महीनाको कुनै शुक्रवार शेषराज सिवाकोटीजी (वि.सं. २०१६ मा जन्म) आफूले निकाल्न लागेको *धनवज्र वज्राचार्य: स्मृति र स्पन्दन*को प्रस्तावना लेखिदिनुपर्‍यो भनी मकहाँ आउनुभयो र छापिएका पृष्ठ बाँधी पुस्तक बनाएको प्रति छोडी जानुभयो । मैले अन्त लेखे जस्तै **म आफ्नो कितापमा अरूलाई भूमिका लेखाउने पक्षमा छैन र त्यस पद्धतिमा मेरो आस्था पनि छैन ।**[1] मेरो निजी विचार यस्तो भए पनि आफ्नो पुस्तक अरूको प्रस्तावनाले सजाई बजारमा ल्याउने चलन छ । त्यो प्रस्तावना लेख्ने मान्छे लब्धप्रतिष्ठ छ भने त मुखपृष्ठमै विशेष अक्षरमा फलानाको प्रस्तावनासहित भनी छापेको पनि नदेखिएको होइन । आफ्नो कृतिमा अरूलाई प्रस्तावना लेख्न नदिने, अरूको कितापमा पनि प्रस्तावना लेख्न मन नपराउने, म जस्तो मान्छेबाट शेषराजजीले प्रस्तावना लेखाउन किन खोज्नुभयो, त्यो त उहाँलाई नै थाहा होला ।

हुन त लेख्नेपढ्नेबाहेक अरू काम म नगर्ने भए पनि मलाई शेषराजजीले अह्राउनुभएको जस्तो काममा समय दिन फुर्सत पनि छैन । म २० वर्ष नपुग्दै वि.सं. २०२१ वैशाखदेखि तीन तीन महीनामा छाप्ने भनी शुरू गरेको *पूर्णिमा* पत्रिकाका १७३ अङ्क छापिइसक्नुपर्नेमा १२६ अङ्क मात्र अहिलेसम्म छापिएकोले मेरो उमेर बढेर गएको अनुपातमा *पूर्णिमा*का अङ्क बढेका छैनन् भन्ने स्पष्ट छ । यो अन्तराल सकेसम्म घटाऊँ भन्ने उद्योगमा म हिजोआज लागेको छु । *पूर्णिमा*को काम गरी उब्रेको समयमा मैले गर्ने गरेका काम पनि निकै नै छन् । हरेकको लागि सालाखाला ३।४ महीना छुट्ट्याउन सकेको खण्डमा प्रकाशमा आउने अवस्थामा पुगिसकेका, सानाठूला गरी मेरा ८ वटा पुस्तक यसै छन् । बुबा (नयराज पन्त)ले संस्कृतमा लेख्नुभएको वि.सं. २००७-२००८ को डायरीको मूल र उल्थाका केही अंश छापिए[2] पनि समग्र डायरीको

---

१. महेशराज पन्त २०६०: १ ।

२. नयराज पन्त २०४१: ३२-४१ ।
महेशराज पन्त २०४१: ४१-४४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादन र उल्था पुस्तकाकारमा अहिलेसम्म निकाल्न सकेको छैन। *पूर्णिमा*कै ढाँचाको, अङ्ग्रेजीमा आकलभुकल छाप्ने गरेको *आदर्श*को तेस्रो अङ्कमा पनि फाइनल टच दिन बाँकी नै छ। आफ्नै कामले नभ्याएकोले पनि बाहिरफेर लेख छपाउन मलाई जाँगर चल्दैन।

आफूले सम्पादन गरेका अघिल्ला अघिल्ला कृतिमा पनि प्रस्तावना लेखिदिन शेषराजजीले आग्रह गर्दा गर्दै पनि म अहिलेसम्म टर्दै आइरहेको थिएँ। यसपालि भने उहाँले जित्नुभयो।

ब्राह्मणस्य वाचि क्षुरो निहितस्तीक्ष्णधारः अर्थात् **बाहुनको बोलीमा धारिलो छुरा राखेको हुन्छ** भने जस्तै छाँटको, मेरो यो लेख **वाङ् नावनीती**[३] अर्थात् **नौनी जस्तो नरम बोली** भएका, गरीबको छोरा भई जन्मेर धनीको बाबु हुने दौडमा लागेका, पढेको कुरा खालि जीविका चलाउन मात्र उपयोग गर्ने, **ज्ञानपण्य वणिक्** अर्थात्

नयराज पन्त २०४१ क: २८-३१।
महेशराज पन्त २०४१ क: ३२-३४।
नयराज पन्त २०४१ ख: ३४-३७।
महेशराज पन्त २०४१ ख: ३७-४९।
नयराज पन्त २०६० ङ: ३७-६३।
महेशराज पन्त २०६२ क: १३१-१४१।
ऐजन २०६२ घ: २-१४।
ऐजन २०६३: ४१-५७।
नयराज पन्त २०६३: ७०।
महेशराज पन्त २०६३ ख: ७०।
नयराज पन्त २०६३ क: ३३।
ऐजन २०६३ ख: ३४।
महेशराज पन्त २०६३ घ: ३३, ३५।
नयराज पन्त २०६३ ग: ६४-६५।
महेशराज पन्त २०६३ ङ: ६६-६७।

३. **नावनीतं हृदयं ब्राह्मणस्य वाचि क्षुरो निहितस्तीक्ष्णधारः।**
विपरीतमेतदुभयं क्षत्रियस्य वाङ् नावनीती हृदयं तीक्ष्णधारम्॥

(*महाभारत* १।३।१३२)

(बाहुनको मन नौनी जस्तो कमलो हुन्छ, बोलीमा धारिलो छुरा राखेको हुन्छ। छेत्रीमा यो दुइटै उल्ट्ये हुन्छ, बोली नौनी जस्तो कमलो र मन [छुरा जस्तो] धारिलो हुन्छ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान बेच्ने बनियाँ[४] हरूलाई अवश्य मन पर्दैन; यो मलाई राम्ररी थाहा छ । त्यसो भए पनि जुन दर्शनको अनुयायी भई म वर्षौंदेखि लेखपढमा लागेको छु, त्यो दर्शन छोडी पृथग्जनलाई मन पर्ने गरी **वचने का दरिद्रता** अर्थात् **बोल्दैमा के गरीब भइन्छ र** भनी मीठो बोल्न म सक्दिनँ । २८ वर्षयतादेखि आकलझुकल भए पनि मेरो र शेषराजजीको सङ्गत हुँदै आएकोले मेरो यो मनोभाव उहाँले बुझ्नुभएको छैन होला भन्ने म ठान्दिनँ । त्यसैले मबाट उहाँले *धनवज्र वज्राचार्य: स्मृति र स्पन्दन*को प्रशंसा अवश्य खोज्नुहुन्न भन्ने ठानी कलम चलाउँछु ।

२

शेषराज सिवाकोटीजी २० वर्षयतादेखि *ज्ञानगुनका कुरा* भन्ने नामले बीचबीचमा सँगालो छाप्दै हुनुहुन्छ । काल बित्दै जाँदा त्यस सँगालोको प्रकृति फरक हुँदै गएको छ । उठानउठानका भाग सामान्य ज्ञान समेटेर छापिन्थे र ती भाग विद्यार्थीहरूको वा जागीरको लागि प्रतिस्पर्धामा उत्रने मान्छेहरूको लागि पनि काम लाग्ने खालका हुन्थे ।

*ज्ञानगुनका कुरा*का सबै भाग शेषराजजीले हामीलाई दिनुभएको थियो तापनि केही भाग जागीर खान खोज्ने एक जना आफन्तले लिएर गई नफर्काएकाले पनि सबै भाग मसँग अहिले छैनन् । म अहिले जुन जुन विषयमा अन्वेषण गर्दैछु, *ज्ञानगुनका कुरा*बाट तिनमा लाभ नहुने भए पनि हतभाग्य,[५] एक्काइसौँ शताब्दीको नेपाल देशको इन्टिलेक्ट्युअल हिस्टरिको लागि खासाको खजाना त्यो पनि हुन सक्ने हुनाले त्यसका सबै भाग आफ्नो सङ्ग्रहमा राख्नु मैले आवश्यक ठानेको छु । त्यसैले

---

४. लब्धास्पदोऽस्मीति विवादभीरोस्तितिक्षमाणस्य परेण निन्दाम् ।
यस्यागमः केवलजीविकायै तं ज्ञानपण्यं वणिजं वदन्ति ।।

(*मालविकाग्निमित्र* १।१७)

(पद पाएकै छु भनी वादविवाद गर्न जो डराउँछ, अरूले गरेको निन्दा जो सहन्छ, आफूले पढेको कुरा खालि जीविकाको लागि मात्र जसले उपयोग गर्छ, त्यसलाई ज्ञान बेच्ने बनियाँ भन्छन् ।)

५. पाश्चात्त्य ग्रहगणितलाई भारतीय भाषामा पहिलोपल्ट भित्र्याउने, प्रसिद्ध महाराष्ट्रिय ज्योतिषी केरो लक्ष्मण छत्रे (वि.सं. १८८१-१९४०)ले भारतको सन्दर्भमा **हतभाग्य देश** शब्दको प्रयोग गरेका छन् (१९९५: १) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वारंवार शेषराजजीलाई अनुरोध गर्दा पुस्तकाकारमा आइसकेका केही भाग लिन सके पनि मेरो सङ्ग्रहमा *ज्ञानगुनका कुरा* अझ अपूरै छ ।

भागभागमा छापिने गरेको *ज्ञानगुनका कुरा*को प्रकृति वि.सं. २०४८ मा छापिएको तेह्रौँ भागबाट फेरियो र नाउँ कमाएर परलोक भएका बुद्धिजीवीहरूको विषयमा थरीथरीका मानिसहरूले लेखेका लेखको सँगालो त्यो हुन पुग्यो । त्यसको थालनी नेपालका नामी गायक भनी कहलिएका नारायणगोपाल गुर्वाचार्य (वि.सं. १९९६-२०४७)बारे छापिएको भागबाट भयो ।

सर्वसाधारण पठित मानिसहरूमा नेपालका लोकभाषा बोल्न र ती भाषामा लेख्नको लागि मात्र पनि नभई नहुने संस्कृतज्ञानको घोर अभाव हुँदै गएकोले र संस्कृतविद्याको लाइसेन्स पाई राजस्वको गौचरनमा निस्फिक्री चरी डुक्रन पाउनेहरूमा जनभाषाको लागि आवश्यक शब्दशुद्धि गर्ने काममा ल्याकत भए पनि चाख वा चाख भए पनि ल्याकत नभएकोले अशुद्ध शब्द हाम्रा जनभाषाका अविभाज्य अङ्ग हुन गएका छन् । त्यसको नमूना गवैया नारायणगोपालको थर **गुरुवाचार्य** लेखिने गरेकोबाट मात्र पनि स्पष्ट हुन्छ र *ज्ञानगुनका कुरा*मा छापिएको खुद शेषराजजीका लेख पनि त्यसको अपवाद छैनन् ।[६]

हुँदा हुँदा *ज्ञानगुनका कुरा*मा नेपालीहरू मात्र होइन, बङ्गालीमा सिनेमा बनाउने, ख्यातनामा सत्यजित राय (वि.सं. १९७८-२०४९) पनि समेटिन पुगे ।[७] दिवङ्गत मात्र होइन, जीवित मसीजीवीहरू पनि *ज्ञानगुनका कुरा*मा पछि पछि समेटिन थाले । अन्तबाट पुरस्कृत भइसकेका शक्तिशाली मसीजीवीहरूको पनि शेषराजजीले गरेको अभिनन्दन उनीहरूले अन्यथासिद्ध ठानेकाले खास मन पराएनन् भन्ने हल्ला पनि सुनियो । जसको कदर भएको थिएन, त्यस्ता मानिसहरूको प्रतिष्ठाको लागि त *ज्ञानगुनका कुरा* प्रमाणपत्र नै हुनगयो ।

*ज्ञानगुनका कुरा*का वि.सं. २०५४ देखि २०५८ भित्र निस्केका ३१, ४२ र ५० भाग[८]मा छापिएका लेख नै अहिले *धनवज्र वज्राचार्य: स्मृति र स्पन्दन*को रूपमा आउन लागेको हो ।

---

६. शेषराज सिवाकोटी २०४८: छ ।
ऐजन २०४८ क: २५१ ।

७. ऐजन २०४९ ।

८. **३१ भागको प्रकाशन मिति २०५४ वैशाख १ गते र ४२ भागको चाहिँ २०५५ वैशाख १ गते**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३

नेपालको इतिहासको अन्वेषणमा धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१)को ठूलो हात छ। संशोधन-मण्डलमा बस्दाखेरि र त्यहाँबाट बाहिर गइसकेपछि पनि उनले निकै काम गरेकाले नेपालको इतिहासका कैयन् गुप्त कुराको उद्घाटन भएको छ। लिच्छविकाल, मल्लकाल र शाहकाल यी तीनै कालको इतिहासका उपकरणको पाठ, उल्था र व्याख्या उनले अप्रतिहत रूपले गरे। यसरी तीनै कालमा कलम चलाउने ऐतिहासिक कमै छन्। संशोधन-मण्डलको परिपाटीमा शिक्षित अरूको भन्दा उनको वैशिष्ट्य उनी सर्वतोभावले नेपालको इतिहासका उपकरणको खोजीमा डुबेका थिए। भनाइको मतलब अरूको जस्तो उनको लेख अरू अरू विषयमा छरिएको छैन भने पनि हुन्छ।[९] उनले इच्छा गरेको भए उदाहरणको लागि आफ्ना सहपाठी जस्तै उनी पनि नेपालमा रचिएका संस्कृत र पुरानो नेपालीका काव्यको सम्पादनतिर पनि हात हाल्न नसक्ने थिएनन्। अझ संशोधन-मण्डलभन्दा पनि पल्तिर हेर्ने हो भने *नेपाल भाषा साहित्यया जात:*[१०]भन्दा प्राचीन नेवारी वाङ्मयको धेरै गतिलो यान्थल्अजि

भनी ती ती भागमै लेखिएको छ। ५० भाग कहिले छापियो, यो कुरा त्यसबाट खुल्दैन। मलाई शेषराजजीले दिनुभएको प्रतिमा उहाँले आफ्नो हस्ताक्षरमा समर्पणवाक्य लेख्दा २०५८।४।१७ को मिति हालुभएकोले त्यसैताका ५० भाग छापिएको देखिन्छ।

९. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१४ तथा भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१८ मध्ये अघिल्लो संस्कृतनाटकको सम्पादन र उल्था तथा पछिल्लोचाहिँ संस्कृतनाटक आदिको नेपाली उल्थाको सम्पादन भएकोले मैले भरखरै माथि लेखेको कुरा यसले काटिन्छ जस्तो देखिन्छ। तर ती २ पुस्तकको उपयोगिताको विषयमा लेख्दा अघिल्लो (नयराज पन्त २०१४: २७)मा यदि शक्तिवल्लभले आफ्नो नाटकमा ऐतिहासिक विषयको समावेश नगरेका भए नाटकको दृष्टिबाट तल्लो श्रेणीमा आउने जयरत्नाकर नाटकको विशेष केही महत्त्व रहँदैनथ्यो भनेर र पछिल्लो (ऐजन २०१८: १०)मा नेपाली भाषामा अनुवाद भएको मुद्राराक्षस नाटकका एघाइ पत्र पनि सो सूचीपत्रमा परेका र मुद्राराक्षसको अनुवादबाट नेपालका शासक बनेका भीमसेन थापाको राजकाज केही बुझिने र नेपाली भाषाको इतिहासलाई पनि केही काम लाग्ने जस्तो मैले संझेकोले यिनै एघाइ पत्रलाई पहिले प्रकाश गराउनु मैले उचित संझे भनी नयराज पन्तले लेखेकाले दुवै पुस्तक प्रकाश गर्नुको खास उद्देश्य नेपालको इतिहासको परिशीलन हो भन्ने बुझिन्छ। त्यसमाथि यी दुवै पुस्तक धनवज्र वज्राचार्यका मात्र नभई संयुक्त परिश्रमका उपज हुन्। धनवज्र वज्राचार्यको इतिहाससँग सोझै सम्बन्ध नभएको लेख मैले अहिले सम्झेसम्म धनवज्र वज्राचार्य २०३३ हो।

१०. चित्तधर 'हृदय' २०२८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्ल्यासिक्ल् नेवारी लिट्अर्इचर् : अ स्केच्[११]भन्दा प्राचीन नेवारी वाङ्मयको इतिहासको धेरै गहकिलो इतिहास र *नेपाल भाषाया प्राचीन काव्य सिर्जना*[१२]भन्दा प्राचीन नेवारी काव्यको धेरै खँदिलो पुस्तक उनीबाट आउन नसक्ने थिएन ।

४

यही ग्रन्थमा पनि छापिएको, त्रिभुवनविश्वविद्यालयका एक जना नामी अध्यापकको लेखमा **शोधार्थीहरूको लागि उहाँलाई म दानवीर कर्ण भन्न चाहन्छु**[१३] भनी धनवज्र वज्राचार्यको विषयमा लेखिएको छ । हुन पनि ती अध्यापकले सोधी सोधी आफूले शोध गर्दा धनवज्र वज्राचार्यबाट प्रशस्त फाइदा उठाएकाले धनवज्र वज्राचार्यलाई उनले त्यसो भनेकोमा आश्चर्य मान्नुपर्दैन । धनवज्र वज्राचार्यलाई **नेपालका दिनेशचन्द्र सरकार** भनेर पनि तिनै अध्यापकले अन्यत्र लेखेका रहेछन् ।[१४] धनवज्र वज्राचार्यको विषयमा १ वर्ष लाएर शोध गर्नेले पनि उनलाई त्यही पदवीले विभूषित गरेका छन् ।[१५] यसैले यस विषयमा केही लेख्नु अप्रासङ्गिक नहोला ।

कुनै प्रसिद्ध मानिसको समानधर्मा जस्तो देखिने कुनै मानिसलाई अघिल्लोसँग तुलना गर्नु मलाई त्यति राम्रो लाग्दैन तापनि यो चलन चलिआएको छ । अझ कालिदासलाई भारतका शेक्स्पियर, पृथ्वीनारायण शाहलाई नेपालका बिस्मार्क भनी आफ्ना नायकभन्दा धेरैपछि जन्मेका मानिससँग पनि दाँज्ने गरिएको छ । यसरी दाँज्दा दाँज्ने मानिसको मनमा रहेको हीनभावना अर्थात् हामी विदेशीभन्दा साना हौँ, हामीकहाँ यस्ता मानिस पनि जन्मेका छन्, जसले गर्दा हाम्रा केही मानिस नामी नामी विदेशीहरूसँग दाँजिन सक्छन् भन्ने उसको विचार झल्कन्छ । त्यसो भए पनि धनवज्र वज्राचार्य र

---

११. कमलप्रकाश मल्ल २०३९ ।

१२. जनकलाल वैद्य २०५९ ।

१३. तुलसीराम वैद्य २०६४: १५०-१५१ ।

१४. तुलसीराम वैद्य २०५३ । यो लेख मैले देखेको छैन । सुरेन्द्र के.सी. (२०५९: १३७, १५०)ले यसको उद्धरण गरेका छन् ।
तुलसीराम वैद्य २०५४: १०० ।

१५. सुरेन्द्र के.सी. २०५९: १५० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीनेश[१६]चन्द्र सरकारको उपमानोपमेयभाव जनकलाल शर्मा (वि.सं. १९७८-२०५६)लाई **नेपालका कनिङ्घम**[१७] र नयराज पन्त (वि.सं. १९७०-२०५९)लाई **नेपालका सुकरात**[१८] भनेकोभन्दा कता हो कता मिल्छ ।

५

भारत र नेपालको सुदीर्घकालको इतिहासको परिशीलनको लागि नभई नहुने संस्कृतभाषा दीनेशचन्द्र सरकार (वि.सं. १९६३-२०४१)[१९]लाई भन्दा धनवज्र वज्राचार्यलाई कता हो कता बढी आउँथ्यो भन्ने कुरा ती २ जनाले संस्कृतमा लेखेका कुरा दाँजेर हेरे मात्र पनि छर्लङ्ग हुन्छ । खुलाएर भन्दा

उता ३६ वर्षको उमेरमा दीनेशचन्द्र सरकार यस्ता

विक्रमाङ्कप्रकाशाय गौडाम्बरविवस्वते ।
कोविदकुलरत्नानां पालकायामितौजसे ।।

हिन्दुरायसुरत्राणगुप्तकिरीटचारवे ।
श्रीलश्यामाप्रसादाय पुण्याशुतोषजन्मने ।।

प्राच्यविद्योदधेरिन्दोरुज्ज्वलज्ञानकर्मणः ।
सुरेः[२०] श्रीहेमचन्द्रस्य स्वल्पज्ञेनान्तवासिना ।।

ढाकेति विषयस्थिते फरीदपुरमण्डले ।
जातेन भिषजः कवेर्यज्ञेश्वरस्य सत्पितुः ।।

---

१६. सुरेन्द्र के.सी.ले लेखे जस्तो **दिनेश** नलेखी मैले **दीनेश** लेख्नुको कारण तल उद्धरण गरिने, उनका श्लोकमा उनको नाउँ यसरी लेखिएकोले हो ।

१७. शेषराज सिवाकोटी २०५४ क ।

१८. ऐजन २०५५ क ।

१९. दीनेशचन्द्र सरकार वि.सं. २०४१ पौष २८ गते परलोक हुँदा उनको उमेर ७८ वर्षको[①] भएकोले उनको जन्म वि.सं. १९६३ मा भएको देखिन्छ । यस कारण वि.सं. १९९९ मा यी श्लोक लेख्दा उनी ३६ वर्षका थिए भन्ने देखिन्छ ।

२०. प्रूफको गल्तीले **सुरेः** छापिएको जस्तो छ, किनभने पछि पछि छापिएको, उनको त्यही श्लोकमा **सूरेः** छ ।

---

① वार्ता २०४१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मातुश्च कुसुमाद्यायाः कुमार्यास्तनुजन्मना ।
दीनेशाह्वेन दीनेन कृतिरियं समर्प्यते ।।[२१]

५८ वर्षको उमेरमा यस्ता

प्राच्यविद्योदधेरिन्दोरुज्ज्वलज्ञानकर्मणः ।
सूरेः श्रीहेमचन्द्रस्य रायचतुर्धरस्य च ।।
भाण्डारकरवंशाब्जदेवदत्तस्य धीमतः ।
प्रत्नलिपिप्रगल्भस्य स्वल्पज्ञेनान्तवासिना ।।
ढक्केति विषये वङ्गे फरीदपुरमण्डले ।
कवेर्वैद्याग्रगण्यस्य यज्ञेश्वरस्य सत्पितुः ।।
मातुश्च कुसुमाद्यायाः कुमार्यास्तनुजन्मना ।
दीनेशेन कृतिश्चेयं कायस्थेन विरच्यते ।।[२२]

र ६७ वर्षको उमेरमा यस्ता

प्राच्यविद्योदधेरिन्दोरुज्ज्वलज्ञानकर्मणः ।
सूरेः श्रीहेमचन्द्रस्य रायचतुर्धरस्य च ।।
भाण्डारकरवंशाब्जदेवदत्तस्य धीमतः ।
प्रत्नलिपिप्रगल्भस्य स्वल्पज्ञेनान्तवासिना ।।
कवेर्वैद्याग्रगण्यस्य यज्ञेश्वर्यस्य सत्पितुः ।
मातुश्च कुसुमाद्यायाः कुमार्यास्तनुजन्मना ।।
दीनेशेन कृतिश्चेयं कायस्थेन समर्प्यते ।
लुविरेणुसुधीन्द्राय वेदविद्याविवस्वते ।।[२३]

श्लोक रची आफ्ना ग्रन्थ समर्पण गर्थे भने

यता २२ वर्षका धनवज्र वज्राचार्य यस्ता

यदि सन्धेरुपायं त्वं विधातुं नहि शक्नुयाः ।
आटिस्यतटिनीतीरादाशतद्रुं ततस्य च ।।

---

२१. दीनेशचन्द्र सरकार १९९९: समर्पणश्लोक ।

२२. ऐजन २०२१: समर्पणश्लोक ।

२३. ऐजन २०३०: समर्पणश्लोक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यस्य मामकीनस्य भवेद् रक्षा सुदुष्करा ।
मध्येराज्यं स्थापयेयुः पादं प्रत्यर्थिनो यदि ।।

सीमयोरुभयो रक्षा तर्हि जायेत दुष्करा ।
पश्चादपसृतिं कृत्वा सार्धं सैन्यैश्च साधनैः ।।

अन्येनैव प्रकारेण कर्तव्यं युद्धमित्यपि ।
त्वं निश्चिनोषि चेत् कर्तुं तच्च शक्नोषि सर्वथा ।
तस्य हेतोः प्रतीच्यां[२४] तैर्नियुक्तैः सकलैरपि ।।

योद्धमुख्यैः[२५] संगमनं तव श्रेयस्करं भवेत् ।।
यस्मिन् देशस्य भूभागे वयं सुविहितासनाः ।
आनेपालं स्वविषयं शक्नुमः परिरक्षितुम् ।
इति संजायते स्वान्ते संकल्पः सुदृढस्तव ।।

तत्रैवापसरस्थाने[२६] समवेतो जनैः स्वकैः ।
त्वया कार्ये विधौ शिष्टिरियमेव विभाव्यताम् ।।[२७]

पौरस्त्यदेशस्थकिरातवर्गोपजापहेतोः प्रतिपक्षवर्ग्यैः ।
प्ररोचनापत्रमपि प्रकाशं नीतं सिताङ्गैरिति ते वचोऽस्ति ।।

पौरस्त्यदेशाश्रयिणः किराता बध्नीयुरांग्लै[२८]र्यदि तैरजर्यम् ।
अन्याः प्रजाश्चापि किरातवंश्याः ततस्तु तस्यानुकृतिं विदध्युः ।।

आदुग्धकोशीसरितस्ततश्चाभेरीस्रवन्तीमवशिष्टमेतत् ।
राष्ट्रं च भावत्कभुजप्रतापैः सुरक्षितं नैव भवेच्चिराय[२९] ।।[३०]

श्लोक रची नेपाली भाषामा लेखिएका चिठीपत्रको उल्था गर्थे ।

---

२४. प्रूफ राम्ररी नहेर्दा त्यहाँ **प्रतिच्या** हुन गएको छ ।

२५. प्रूफ राम्ररी नहेर्दा त्यहाँ **°मुरव्यैः** हुन गएको छ ।

२६. प्रूफ राम्ररी नहेर्दा त्यहाँ **स्थाने** अलग्गै बसेको छ ।

२७. धनवज्र वज्राचार्य २०१०: २४-२५ ।

२८. प्रूफ राम्ररी नहेर्दा त्यहाँ **°राग्लै°** हुन गएको छ ।

२९. प्रूफ राम्ररी नहेर्दा त्यहाँ **भवेतच्चिराय** हुन गएको छ ।

३०. धनवज्र वज्राचार्य २०१० कः ३७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३१ वर्षको अन्तरालमा ३ पटक छापिएका, दीनेशचन्द्र सरकारका माथि उद्धरण गरिएका पद्य मूलतः उही रचना हो र त्यसमै केही श्लोक थपघट गरेको र केही पद फरक पारेको मात्र हो । पहिलोपटक **ढाकेति विषयस्थिते फरीदपुरमण्डले** लेख्दा **विषयस्थिते** यस पदले गर्दा छन्द नमिलेकोले दोस्रोपटक त्यसको ठाउँमा **विषये वङ्गे** गरी सच्याइएको छ । पहिलोपटक **जातेन भिषजः कवेर्यज्ञेश्वरस्य सत्पितुः** भनी लेख्ने दीनेशचन्द्र सरकार यस श्लोकार्धमा छन्दोभङ्ग भएकोले दोस्रोपटक **कवेर्वैद्याग्रगण्यस्य यज्ञेश्वरस्य सत्पितुः** भनी छाप्छन् । यसरी सच्याउँदा अघिल्लो पाउमा छन्द मिल्यो तापनि पछिल्लोमा अझै नमिलेकोले तेस्रोपटक आफ्नो बाबुको नाउँमै संशोधन गरी **कवेर्वैद्याग्रगण्यस्य यज्ञेश्वर्यस्य सत्पितुः** भनी लेख्न उनी पुग्छन् । **यज्ञेश्वरलाई यज्ञेश्वर्य** बनाउँदा छन्द त मिल्यो, सन्धि सुद्धा बिग्रन गएको चाहिँ उनलाई होशै भएन । पहिलोपटक **दीनेशाह्वेन दीनेन कृतिरियं समर्प्यते** छापिँदा छन्दोभङ्ग भएकोले दोस्रोपटक **दीनेशेन कृतिश्चेयं कायस्थेन विरच्यते** र तेस्रोपटक **दीनेशेन कृतिश्चेयं कायस्थेन समर्प्यते** भनी काम चलाइएको छ । **अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित्** अर्थात् **माषलाई मष बनाउनू, छन्दोभङ्गचाहिँ कवै नगर्नू** भन्ने सिद्धान्तको अनुसरण गर्दा गर्दै पनि हतवृत्तताको पूरै निराकरण यहाँ भएको छैन, त्यसमाथि यी पद्य भाषा र काव्यको दृष्टिले निकृष्ट भने पनि बढ्ता नहुने छन् ।

धनवज्र वज्राचार्यका पद्यचाहिँ प्रौढ, प्राञ्जल र व्याकरणको दृष्टिले शुद्ध छन् भनी भनिरहनु नपर्ला ।

हुन त मैले त्यति गहिरिएर दाँजी हेरेको छैन, तथापि दुवै पुरालिपिज्ञका कृति हेरिरहेको हैसियतमा म यति त भन्न सक्छु कि सोझै उत्कीर्ण लेखको पाठसम्पादन र उल्थामा पनि धनवज्र वज्राचार्यको जति अवदान छ, त्यति दीनेशचन्द्र सरकारको छैन ।[३१] यसो भए पनि दीनेशचन्द्र सरकारका कृति अङ्ग्रेजीमा भएकाले उनी धनवज्र वज्राचार्यभन्दा कता हो कता प्रसिद्ध भए, धनवज्र वज्राचार्यचाहिँ लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६)को शब्द सापटी लिने हो भने **विद्वान्-पण्डितजीहरू जस्तै चाउरिएर बसे** ।[३२]

३१. दीनेशचन्द्र सरकारले गोरालाई आप्तवाक् मानेको र अभिलेखको पाठमा शङ्का उठ्दा निर्णय गर्न नसकेको विषयमा ज्ञानमणि नेपाल (२०५६: १७-१८)ले अलिकति लेखेका छन् ।

३२. [...] हाइ । अंग्रेजी । तँ जागीर पाउँछस् दर बसालेको, तैं भाइसरायसँग हात

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६

पढाइ सिद्ध्याई वि.सं. १९९५ मा बनारसबाट फर्केपछि नयराज पन्त (वि.सं. १९७०-२०५९) नेपालको इतिहासका उपकरणको खोजी गर्न थाले । वि.सं. १९९६ ज्येष्ठ ४ गते बुधवारदेखि लिच्छविकालका उत्कीर्ण लेखका मूलपाठ, उल्था र व्याख्यासमेत हाली पुस्तक तयार गर्ने उद्योगमा उनी लागे र वि.सं. २००२ सम्म त्यसका ३ कापी तयार भइसकेका थिए । त्यसै वेलातिर सो पुस्तक सिद्ध्याई प्रकाश गराउने आफ्नो विचार भएको कुरा नयराज पन्तले लेखेका पनि छन् ।[३३]

राणाकालमै छाप्ने विचार गरी तयार गर्दै गएको, आफ्नो लिच्छविकालका उत्कीर्ण लेखसम्बन्धी पुस्तक कहाँबाट कसरी छाप्ने भन्ने विषयमा नयराज पन्तले केही लेखेको नभए पनि यस विषयमा मलाई पछि थाहा भएअनुसारको कुरा यस प्रसङ्गमा लेख्नु त्यति अप्रासङ्गिक नहोला ।

नयराज पन्तको हृदयमा बाबुराम आचार्य (वि.सं. १९४४-२०२९)उपर त्यसताका अत्यन्त आदर भएकोले लिच्छविकालका उत्कीर्ण लेखसम्बन्धी आफ्नो ग्रन्थ बाबुराम आचार्यलाई समर्पण गर्ने विचारले उनले संस्कृतमा पद्यसमेत बनाइसकेका थिए ।[३४] आफ्ना भक्त विद्वान् नयराज पन्तको पुस्तक छापिनु बाबुराम आचार्यको पनि अभीष्ट थियो । सूर्य्य विक्रम ज्ञवाली (वि.सं. १९५५-२०४२)ले *पृथ्वीनारायण शाह*[३५] र *अमरसिंह थापा*[३६] लेख्दा बाबुराम आचार्यले उनलाई धेरै मदत गरेकाले[३७] उनीसँग बाबुराम आचार्यको त्यसताका निकै बाक्लो सम्बन्ध थियो । सूर्य्य विक्रम ज्ञवालीसँग

मिलाउँछस्, तेरै रवाफ हामी खाएर बसिरहेछौं, जहाँ विद्वान्–पण्डितजीहरू चाउरिएर बस्तछन् ।

(लक्ष्मीप्रसाद देवकोय [२००२] २०६१: ५०)

३३. नयराज पन्त २०२९: १२७-१२८ ।

३४. ती पद्य ऐजन: १२८ मा छापिएका छन् ।

३५. सूर्य्य विक्रम ज्ञवाली १९९२ ।

३६. ऐजन २००० ।

३७. बाबुराम आचार्य २०२९ ज: ६७-८९, ९४-९६, ९७-१०६ ।
सूर्य्य विक्रम ज्ञवाली १९९२: २ ।
ऐजन २०००: ख ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तको पनि बनारसमा पढ्न बस्दाखेरिदेखि नै चिनजान थियो ।[३८] त्यसैले दार्जिलिङको नेपाली साहित्यसम्मेलनसँग सूर्य्य विक्रम ज्ञवालीको सम्बन्ध भएको र नेपालको इतिहाससम्बन्धी, उनका पुस्तक त्यहाँबाट छापिएकाले[३९] नयराज पन्तले तयार गरेको लिच्छविकालका उत्कीर्ण लेखको पुस्तक पनि दार्जिलिङबाट छाप्ने कुरा भयो । सूर्य्य विक्रम ज्ञवालीले लेखेका, शाह राजाहरूका जीवनचरित्रमा यसैबीच यहाँ एक प्रकारको बन्देज लाग्यो र नेपाली साहित्यसम्मेलन राणाराज्यको कालो सूचीमा पऱ्यो[४०] यसैले लिच्छविकालका उत्कीर्ण लेखको पुस्तक छाप्ने नयराज पन्तको इच्छा त्यसै तुहियो ।

नेपालको इतिहासमा नयराज पन्तले गरेको अन्वेषणको केही अंश वि.सं. २००९ देखि उनका शिष्यप्रशिष्यहरूको नाउँमा खण्डशः छापिन थालेका *इतिहास-संशोधन*पत्रमा र वि.सं. २०१० देखि नरहरिनाथले चलाउन थालेको *संस्कृत-सन्देश*मा खुद नयराज पन्तको, बाबुराम आचार्य र उनको तथा उनका शिष्यप्रशिष्यहरूको नाउँमा आउन थाल्यो । त्यस वेलासम्म प्रकाशमा नआएका, लिच्छविकालका ४ वटा उत्कीर्ण लेख बाबुराम आचार्य र नयराज पन्तको नाममा र त्यति नै सङ्ख्याका उत्कीर्ण लेख नयराज पन्तका शिष्यप्रशिष्यको नाउँमा *संस्कृत-सन्देश*मा यही प्रसङ्गमा छापिए ।[४१] वि.सं. २०१८ देखि संशोधन-मण्डलले ३ वर्षसम्म त्रैमासिक रूपमा *अभिलेख-संग्रह* र वि.सं. २०२१ देखि ३।३ महीनामा *पूर्णिमा* पत्रिका छाप्न थालेपछि लिच्छविकालका उत्कीर्ण लेख कुनै नयाँ र कुनै नयराज पन्तले नै खोजी पढी तथा उल्था गरी राखेका छापिन थाले ।

---

३८. नयराज पन्त २०२५ क: २ ।

३९. सूर्य्य विक्रम ज्ञवाली १९८९, १९९०, १९९२ र २००० ।

४०. वासुदेव शर्मा लुइँटेल (२०४६: ३७ = उही २०४६ क: २३१)को [...] नेपाली साहित्य सम्मेलन लेखिएको देखियो भने त्यस नामैले नै जफत भयो भन्ने वाक्यको सम्झना यस प्रसङ्गमा हुन्छ ।①

४१. बाबुराम आचार्य र नयराज पन्त २०१० क, २०१० च, २०११ ख र २०११ ग ।
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१० क र २०११ च ।
घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ घ ।
रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशी २०११ ग ।

---

① वासुदेव शर्मा लुइँटेल २०४६ कमा नेपाली साहित्य सम्मेलनलाई यस्तो ' ' चिह्नभित्र राखिएको छ र ऐजन २०४६ मा देखियोभने त्यो नामैले छापिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी सबै अन्वेषण र प्रकाशनको परिबृंहित रूप नै धनवज्र वज्राचार्यलाई अतिप्रसिद्ध पार्ने, जापानीमा पनि उल्था भइसकेको (काजूहीको साएगी २०५६), उनको म्याग्नम ओपस *लिच्छविकालका अभिलेख* हो। भनाइको मतलब वि.सं. १९९६ देखि चलेको लिच्छविकालका उत्कीर्ण लेखको अन्वेषण र परिशीलन गर्ने कामको परिणति वि.सं. २०३० मा छापिएको, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* हो र त्यसमा धनवज्र वज्राचार्यको मात्र होइन, नयराज पन्तको धेरै र उनका अरू शिष्यप्रशिष्यहरूको पनि धेरथोर पसिना चुहिएको छ। यो कुरा बुझ्नेले बुझेका पनि छन्–

> **नेपालको इतिहासमा विशिष्ट योगदान दिने यस ग्रन्थ (*लिच्छविकालका अभिलेख*)को लागि यद्यपि श्रीधनबज्र* बज्राचार्य*ले मदन पुरस्कार पाउनु भएको छ, तर यो पुरस्कार अप्रत्यक्ष रुप*मा नेपालको अप्रमाणित र कल्पित इतिहासलाई संशोधन गर्न अथक प्रयासमा संलग्न संशोधन मण्डलले पाएको ठान्नु पर्छ जस्तो मलाई लाग्छ। प्रस्तुत ग्रन्थ त्यसै मण्डलको विद्वद्-मण्डलीको प्रयासको फल हो। यसको लागि श्रीधनबज्र* तथा संशोधन-मण्डल कै गुरु पं. नयराज पन्तको नेतृत्वको ठूलो हात छ। यो कुरा हामी "लिच्छविकालका अभिलेख" मा संग्रहित* अभिलेख, व्याख्या, अनुवाद आदि संशोधन मण्डलद्वारा प्रकाशित २०२१ वैशाखदेखि चलिरहेको इतिहास-प्रधान त्रैमासिक पत्रिका 'पूर्णिमा' मा पहिले नै प्रकाशित कुराहरू निकै हुनाले थाहा पाउँछौ। श्रीधनबज्र* बज्राचार्य*ले उक्त पत्रिकामा शुरु देखि २०२३ श्रावण (पूर्णांक* १०) सम्म प्रबन्धक भएर र त्यसपछि २०२६ चैत (पूर्णांक* २४) सम्म प्रकाशक तथा प्रबन्धकको हैसियतले काम गर्नु भएको देखिन्छ। यस अवधिमा 'पूर्णिमा'–मा उहाँको लिच्छविकालीन* अभिलेख सम्बन्धी अटूट लेखहरू प्रकाश भएका देखिन्छन्।**[४२]

७

धनवज्र वज्राचार्यका निकै पुस्तक र लेख छापिएकाले उनी क्रमशः प्रसिद्ध हुँदै गए। कतिले त उनलाई उनका गुरु नयराज पन्तभन्दा पनि ठूलो विद्वान् सम्झन पुगे।[४३]

---

४२. काशीनाथ तमोट २०३१: १५-१६।

४३. जगदीशचन्द्र रेग्मी २०६४ क: १०५ मा जगमान गुरुङको भनाइ हेर्नू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब यो काम गर्न नानी धनवज्र वज्राचार्य समर्थ भएका छन् भन्ने सम्झी मैले यो काम उनैको जिम्मा लाइदिएको छु[४४] भनी नयराज पन्तले आफूले लेखिरहेको विषय अकाण्डमा छोडी धनवज्र वज्राचार्यको काँधमा हालिदिएकोबाट पनि उनले धनवज्र वज्राचार्यलाई आफू सरह मानेको देखिन गएको छ ।[४५] संशोधन-मण्डलको परिपाटीमा नयराज पन्तसँग पढ्ने विद्यार्थीहरूमा उनी प्रसिद्धतम मात्र होइन, कुनै वेला उनलाई उछिन्ने विद्वान् नयराज पन्तका चेलाचपेटामा थिन पनि थिएनन् ।[४६] तर विद्याका

सुरेन्द्र के.सी. २०५९: १४१ ।

४४. नयराज पन्त २०२५ ख: १८१ ।

४५. वि.सं. २०२० मा नयराज पन्त (२०६०: १६)ले यस्तो

> **अहिले रहेका संशोधन-मण्डलका सदस्यहरू मेरो यही रुचिले बटुलिएका मनुष्य हुन् । यिनीहरूको योग्यता विभिन्न प्रकारको छ । कसैको योग्यता इतिहासको विषयमा मेरो जत्तिकै छ, कसैको धेरै तलको छ । संस्कृतभाषाको योग्यता कसैले मेरो जत्तिकै सम्पादन गरेका छन्, कसैले आफ्नो योग्यतालाई विशेष रूपमा बढाएका छैनन् । कच्चा उमेरका विद्यार्थीहरूले दुवैतिर आफ्नो योग्यता बढाउने पर्याप्त मौका छ । काम गर्दै गए उमेर पुगेकाले पनि बिस्तारैसँग आफ्नो योग्यता बढाउन सक्तछन् । गणितविषयमा भने मेरो कुरा बुझिदिने मानिस पनि मैले अहिलेसम्म तयार गर्न सकेको छैन तापनि यस विषयमा म कोशिश गर्दैछु ।**

लेखेकाले त्यस वेला संशोधन-मण्डलमा बाँकी रहेकामध्ये कसैको इतिहासविषयको योग्यता आफ्नो जत्तिकै, कसैको संस्कृतभाषाको योग्यता आफ्नो जत्तिकै उनले मानेको देखिएको छ ।

४६. धनवज्र वज्राचार्यको विषयमा शोध गर्ने (सुरेन्द्र के.सी. २०५९: ९९) ले [...] **पं. नयराज पन्तले वज्राचार्यलाई आफूले पढाएका शिष्यमध्ये सबैभन्दा योग्य रहेको मूल्याङ्कन गरेका छन्** [...] भन्ने लेखी यसको प्रमाणको लागि **नयराज पन्तका सबैजसो लेखरचना र ग्रन्थहरूमा यस्तो स्पष्टोक्ति पाइन्छ** (ऐजन: १०८ मा ७१ सङ्ख्याको टिप्पणी) भनी हल्का ढङ्गले कुरा टुङ्ग्याइदिएका छन् । धनवज्र वज्राचार्य २०६४ को गातामा उनको प्रशस्ति गाउने प्रसङ्गमा नयराज पन्तको **"मैंले पढाएका शिष्यहरूमध्ये सबैभन्दा योग्य"** भन्ने वाक्यको उद्धरण गरिएको छ । यो वाक्य त्यहाँ कहाँबाट उतारिएको हो भन्ने कुरा त्यहाँबाट खुल्दैन तापनि त्रिरत्न मानन्धरको भनी त्यही गातामा उद्धरण गरिएको वाक्य धनवज्र वज्राचार्यको विषयको त्यही शोधग्रन्थ (सुरेन्द्र के.सी. २०५९: ९९)मा त्यही पृष्ठमा हूबहू भएकोले नयराज पन्तको वाक्यमा **आफूले**को ठाउँमा **मैंले** र **शिष्यमध्ये**को ठाउँमा **शिष्यहरूमध्ये** गरी त्यही शोधग्रन्थबाट नै उतारिएको हो कि जस्तो देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारदृश्वा नयराज पन्तको जोडा लाग्न सक्ने विद्वान् उनी होइनन् । नयराज पन्तको ल्याकत राम्ररी थाहा पाउनेले नयराज पन्त सरहका विद्वान् धनवज्र वज्राचार्य हुन् भन्ने कुरा पत्याएका थिएनन् भन्ने जनकलाल शर्माको **यसै पाठशालाका अधुरा विद्यार्थी हुन् आजका प्रसिद्ध अन्वेषक ज्ञानमणि नेपाल र स्व. धनवज्र वज्राचार्य**[४७]बाट मात्र पनि स्पष्ट हुन्छ[४८] ।

धनवज्र वज्राचार्यले ज्यौतिष पनि पढेका थिए भन्ने भ्रम अरूलाई त पऱ्यो पऱ्यो[४९], उनको विषयमा शोध गर्नेलाई पनि परेको रहेछ[५०] । ज्यौतिषको त के कुरा, इतिहासका उपकरणका तिथिमितिको सामान्य गणना गर्न पनि आफूले नसक्ने भएकोले त्यस्तो गणना उनी आफ्ना सहयोगीद्वारा गराउँथे भन्ने कुरा उनका कृति हेरे छर्लङ्ग हुन्छ ।

८

प्रचलित शिक्षाप्रणालीअनुसार अत्यन्त राम्रो ढङ्गबाट पढी आफूले उत्तर दिनुपर्ने प्रश्नपत्रमा समेत गल्ती औँल्याउन सक्नेसम्मको योग्यता हासिल गरेर परीक्षा पास गरे पनि आफूले पाएको शिक्षामा अपूर्णताको अनुभव गरी[५१] नयराज पन्तले आफ्ना चेलाहरूलाई आफूभन्दा धेरै विद्वान् बनाउने अभिप्रायले पाठशाला चलाए । प्रचलित शिक्षाप्रणालीअनुसार १०० नम्बरको प्रश्नमा जसोतसो गरी ३३ नम्बर ल्याई पास भई विद्वान् कहलाउने पद्धतिको उनी घोर विरोधी थिए । आफ्नो पाठ्यवस्तु समग्र रूपमा यावज्जीव उपस्थित हुनुपर्छ भन्ने भारतीय शिक्षापद्धतिको आदर्श[५२]अनुसार उनी आफैँ पनि आफ्नो शरीरले जबसम्म साथ दियो, तबसम्म विद्यार्थीकै रूपमा रहे[५३] र आफ्ना विद्यार्थीहरूबाट पनि उनले त्यही इच्छा राखे ।

---

४७. जनकलाल शर्मा २०५५: २ = माधवप्रसाद पोखरेल र सुमन ढकाल २०६०: १३१ ।

४८. जगदीशचन्द्र रेग्मी २०६४ क: १०५ पनि हेर्नू ।

४९. मुनीन्द्र रत्न वज्राचार्य २०५३: ९ र श्रीराम उपाध्याय २०६४: ९१ हेर्नू ।

५०. सुरेन्द्र के.सी. २०५९: ८१ ।

५१. नयराज पन्त २०१९: २-७ ।

५२. महेशराज पन्त २०३५: २९-३४ ।

५३. नयराज पन्तले वि.सं. २०३३ मा लेखेको एउटा पद्य यहाँ उद्धरणीय छ –

पाएँ अध्यापकपद, भएँ पढ्नमा सक्तचित्त,
गर्दै अध्यापन बितिगयो धेर मेरो उमेर ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारिया प्रचलित शिक्षाप्रणालीअनुसार आफैँले आचार्यसम्म पढाई तयार गरेका १६ जनै विद्यार्थीहरूमध्ये **कुनैले आफूले पढेको विषयमा केही गहकिलो काम गरेका छन् जस्तो मलाई लाग्दैन**[५४] भनी ती सबै विद्यार्थीहरूको ल्याकतको विषयमा आफ्नो असन्तुष्टि छापेरै जाहेर गरे जस्तै संशोधन-मण्डलको परिपाटीअनुसार पढेका विद्यार्थीहरूको विषयमा उनले नलेखे[५५] पनि उनी ती विद्यार्थीहरूको विद्यासम्पत्तिबाट पनि त्यति सन्तुष्ट थिएनन् । संशोधन-मण्डलपाठशालाको मूल पाठ्यग्रन्थ *अष्टाध्यायी* उपस्थित राख भनी गुरुले चेलाहरूलाई वारंवार भन्नुपरेको र अरूको त कुरै छोडूँ, खुद धनवज्र वज्राचार्यको लेखमा पनि *अष्टाध्यायी*बाट अशुद्ध ठहर्ने शब्दको प्रयोग भएको[५६]ले विद्यार्थीहरूले गुरुले चिताए जति विद्यालाभ गर्न नसकेको स्पष्ट हुन्छ ।

संस्कृतभाषा र वाङ्मयको ज्ञानको कमीले धनवज्र वज्राचार्यका लेखमा गल्ती हुन गएका केही उदाहरण मैले अन्यत्र देखाइसकेको हुनाले तिनलाई यहाँ दोहऱ्याइ-रहनुपर्दैन ।[५७] [शक]संवत् ५१६ (वि.सं. ६५२)को भक्तपुर तुलाछेँटेलको अभिलेखमा

पैले पढ्थे जुन मसँग, ती छन् बडा विज्ञ आज,
विद्यार्थीकै सदृश छु अझै, छन् ठनै कामकाज ।।

(नयराज पन्त २०३४: ५९ मा ९ श्लोक)

५४. ऐजन २०५० क: १३ ।

५५. संशोधन-मण्डलका सदस्यहरूमध्ये रामजी तेवारीको[①] र शङ्करमान राजवंशीको[②] विद्या कच्चा भएको विषयमा नयराज पन्तले लेखेका छन् । यी दुवै जनाले जगैदेखि संशोधन-मण्डलको परिपाटीअनुसार पढेका होइनन् ।

५६. धनवज्र वज्राचार्य २०३०: ९५ मा **'शासक र शासित'**, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ २०३५: २७ मा **'शासक र शासित'** र उही: ३४ मा सामन्तशासित लेखिएको छ । दोस्रो पुस्तकको नयराज पन्तको निजी प्रतिका दुवै पृष्ठमा आफ्ना सहायक देवीप्रसाद भण्डारीको हस्ताक्षरमा **शासित** रूप हुँदैन । **शिष्ट** हुन्छ भनी नयराज पन्तले लेखाएको चाखलाग्दो छ ।

५७. महेशराज पन्त २०३२ ।
ऐजन २०४२ ।
ऐजन २०४४ ।
ऐजन २०६० ख: ५-८ ।

---

① नयराज पन्त २०४३: ३-५ ।

② ऐजन २०३३ क: १७८-२०३, २०३५: ११८-१२९, २०३५ क: १४९-१५३ र २०४७ क: ३०-३१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको **आसूर्यविध्वद्याग्रात्**[५८]को अर्थ **सूर्य चन्द्र रहेदेखि अहिलेसम्म**[५९] भनी धनवज्र वज्राचार्यले गरेको देखी **यो अर्थ अशुद्ध हो आसूर्यविध्वद्याग्राद्को अर्थ अहिलेदेखि सूर्यचन्द्र रहेसम्म अर्थात् प्रलय नभएसम्म भन्ने हुन्छ** भनी धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*को आफ्नो निजी प्रतिमा नयराज पन्तकै हस्ताक्षरमा लेखिएको कुराको सम्भना यस प्रसङ्गमा हुन्छ ।

९

गुरुले चिताए जति विद्या हासिल गर्न नसके पनि संशोधन-मण्डलको परिपाटीबाट शिक्षा पाएकाहरूले नेपालको विद्यासम्बन्धी इतिहासमा युगान्तकारी काम गरे । नयराज पन्त र उनका शिष्यप्रशिष्यहरूले नेपालको इतिहासको खोजी गर्न थाल्नुभन्दा अगाडि छापिएका इतिहासका चलनचल्तीका साधारण पुस्तक र अहिले बजारमा चलिरहेका पुस्तक दाँजेर हेर्ने हो भने त्यसको धेरैजसो भाग गुरु र उनका शिष्यप्रशिष्यहरूको खोजीबाटै निस्केको हो ।

१०

संशोधन-मण्डलको परिपाटीअनुसार काम गर्दा कुनै प्रकारको भौतिक लाभ नभएकोले धनवज्र वज्राचार्य सम्पन्न घरका भए पनि क्रमशः विपन्न अवस्थामा पुगे । अवस्था यतिसम्म भयो कि उनलाई पकेटखर्च जुगाड गर्न पनि गाह्रो भयो । यो कुरा यही ग्रन्थमा छापिएको, उनकै जेठा छोराको लेख[६०]बाट पनि स्पष्ट हुन्छ । *पूर्णिमा* पत्रिका शुरू गर्दा हामी १० जना थियौँ । *पूर्णिमा*को हरेक अङ्क छाप्न चाहिने रकम दामासाहीले यी १० जनाबाट उठाइने व्यवस्था थियो । पछि पछि *पूर्णिमा*को ग्राहक बनाएर आएको र *पूर्णिमा* बिक्री भई आएको पैसाबाट *पूर्णिमा*को छपाइमा केही भरथेग हुने गरेको थियो तापनि त्यो पर्याप्त थिएन । *पूर्णिमा* छपाउन नै आफ्नो खल्तीको पैसा हाल्नुपर्ने अवस्थामा *पूर्णिमा*बाट आम्दानी गर्ने त आकाशकुसुम नै थियो । त्यसैले आम्दानीको जरिया खोज्ने सिलसिलामा धनवज्र वज्राचार्यले बाहिरतिर पनि लेख

---

५८. धनवज्र वज्राचार्य २०३०: २५३ = ६२ संख्यामा ३ पङ्क्ति ।

मूलमा **आसूर्यविध्वद्याग्रान्निवासिनः** छ । सन्धि छुट्याई अघिल्लो शब्द मात्र माथि मैले लेखेको हुँ ।

५९. ऐजन २०३०: २५४ ।

६०. अशोकवज्र वज्राचार्य २०६४: ७७-७८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छपाउने विचार गरे । त्यसको लागि राम्रो पत्रिका *गोरखापत्र* र जहाँबाट *गोरखापत्र* छापिन्छ, त्यहीँबाट छापिने *मधुपर्क* नै थियो । त्यसमाथि उनका बाल्यावस्थाका गुरु, जेठा दाजु दिव्यवज्र वज्राचार्य (वि.सं. १९७६-२०५६) र गुरु नयराज पन्तका साथी ऋषभदेव शर्मा (वि.सं. १९७०-२०४७) *गोरखापत्र*को सम्पादकमण्डलमा र आफ्ना घरेलु पुरोहित पनि गोरखापत्र करपोरेशनमै काम गर्ने भएकाले उनीहरूले पनि ती पत्रिकामा त्यहाँ लेख छपाउन हौस्याए र धनवज्र वज्राचार्य जस्तो नाउँ धेरै नै चलिसकेको मान्छेको लेख छपाउन पाउँदा गोरखापत्र करपोरेशन पनि खुशी नै हुने भयो । त्यसैले दैनिक *गोरखापत्र*मा र मासिक *मधुपर्क*मा धनवज्र वज्राचार्यका केही लेख छापिए ।[६१] यसबाट मिलेको थोरै पैसाबाट पनि आफ्नो केही गर्जो टरेको उनले अनुभव गरे पनि आफ्नो पत्रिका *पूर्णिमा*मा नछपाई बाहिरिया पत्रिकामा लेख छाप्नुपरेकोमा उनी चुकचुकाएका थिए ।

११

धनवज्र वज्राचार्य जागीरको खोजीमा क्रमशः लाग्दै गए र वि.सं. २०२७ श्रावण २६ गते ३ वर्षे करार गरी अन्ततः त्रिभुवनविश्वविद्यालयमा पसे ।[६२] धनवज्र वज्राचार्यको विषयमा शोध गर्नेको शब्दमा **एउटा महान् तथा युगान्तकारी अभियानबाट उनी एउटा वृत्तिमुखी जीवनमा प्रवेश गरे ।**[६३]

१२

वि.सं. २०२७ को चैत्रको पछिल्लो हप्तामा *पूर्णिमा* २४ पूर्णाङ्क निस्कियो । वि.सं. २०२७[६४] चैत्र २३ गते आदित्यवार रामनवमीको दिन नयराज पन्तले धनवज्र वज्राचार्यलगायत संशोधन-मण्डलका सदस्यहरूले गर्नुपर्ने कार्यक्रमको विषयमा नियम बनाए । त्यसमा धनवज्र वज्राचार्यको सम्बन्धमा यस्तो लेखिएको थियो–

---

६१. धनवज्र वज्राचार्यका, *गोरखापत्र* र *मधुपर्क*मा छापिएका लेखको सूचीको लागि सुरेन्द्र के.सी. २०५९: १३२ हेर्नू ।

६२. ऐजनः ८७-८८ र परिशिष्ट खण्ड २९ ।

६३. ऐजनः ८७ ।

६४. ऐजनः ८९ मा भ्रमवश २०४७ छापिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नानी धनवज्रको लिच्छवि विषयको इतिहासको लेखले म अत्यन्त प्रसन्न छु र, यस्तै इतिहास लेखियोस् भनी मैले धेरै वर्ष अगाडि देखेको सपना साकार भएजस्तो मलाई लाग्दछ। धनवज्रले त्रिभुवनविश्वविद्यालयमा अस्थायी अध्यापक पाएकोमा म अत्यन्त प्रसन्न छु। उनको यो पद स्थायी होस्। विश्वविद्यालयका उच्च प्राध्यापकहरूले पाएसरह सम्मान तथा वृत्ति उनलाई प्राप्त होस्। उनको आदर्शले संशोधन मण्डलका अरू सदस्यहरूको पनि प्रगति हुन सकोस् भन्ने मेरो भित्री इच्छा छ। यसकारण मैले अहिले धेरै विचार गरी एउटा कार्यक्रम बनाएको छु जो यसप्रकार छ–

धनवज्र वज्राचार्य प्रतिसप्ताह एक दिन आफूले पढेका अष्ट्याध्यायी, महाकाव्य*, अमरकोष, रघुवंशहरू कण्ठस्थ सुनाउन् र हर्षचरितको अर्थ गरुन्। उनको लेख प्राञ्जल भइसकेको हुनाले उनले लेख देखाउनुपर्ने आवश्यकता छैन।[६५]

तर यसले धेरै दिन काम गरेन। वि.सं. २०२८ आषाढ २६ गते शनिवार धनवज्र वज्राचार्यले संशोधन-मण्डलबाट राजीनामा गरे।[६६]

यस राजीनामाको विषयमा नयराज पन्तको प्रतिक्रिया धनवज्र वज्राचार्यको विषयमा शोध गर्नेको शब्दमा यस्तो थियो–

वास्तवमा वज्राचार्यको यो राजिनामा उनको संशोधन अभियानप्रति घट्दो सोचाइ र जागिरे जीवनप्रति बढ्दो समर्पणको द्योतकबाहेक केही पनि थिएन।[६७]

त्रिभुवनविश्वविद्यालय पसेपछिका धनवज्र वज्राचार्यबारे उनको विषयमा शोध गर्नेले लेखेका तलका वाक्य पनि यस प्रसङ्गमा सम्झन लायक छन्–

फेरि त्रिभुवन विश्वविद्यालयको जागिरले धनवज्रलाई यति लिप्त पाऱ्यो, उनले पछाडि फर्केर हेर्ने मौकासम्म पाएनन्। उनको जीवनको लक्ष्य नै कहाँबाट कहाँ पुग्यो। हुन त आधारभूत रूपमा नयराज पन्तको पाठशालामा गुरुले सिकाएको इतिहासलेखनको कौशललाई उनले परित्याग गरेनन्। त्यहाँ पनि नयाँ-नयाँ कृतिहरू लेख्ने, छपाउने कार्य जारी नै रह्यो। प्रामाणिक र विचारोत्तेजक

६५. ऐजनः ८९।

६६. ऐजनः ८९-९० र परिशिष्ट खण्ड ३।

६७. ऐजनः ८८।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

> लेखरचनाहरू प्रकाशित हुँदै रहे । तर संशोधन अभियानको जुन गुरुत्वपूर्ण कार्य उनीसमेतको समूहले संशोधन मण्डलमा रहेर गर्ने गरेको थियो अब त्यो संलग्नता, प्रतिबद्धता र अभियान भने उनको जीवनको लक्ष्य रहेन । अब त वृत्ति र पदोन्नति जीवनको मूल मन्त्र बन्न पुग्यो । [...] अब त कृतिमूल्याङ्कनद्वारा विश्वविद्यालयको प्राध्यापक हुने दौडमा सामेल हुनु नै जीवनको धोको बन्न पुग्यो ।[६८]

संशोधन-मण्डलका वरिष्ठ सदस्य धनवज्र वज्राचार्यले जीवनवृत्ति चलाउन अर्थलाभ गर्ने अवसर पाएकोलाई संशोधन-मण्डलविरोधी काम नसम्झी त्यसबाट संशोधन-मण्डलका अरू सदस्य पनि अनुप्राणित भई काम गरून्[६९] भन्ने गुरु नयराज पन्तको विचार भएकोले संशोधन-मण्डलमा उनी झन् कसिएर लाग्नुपर्ने थियो । तर त्यसो भएन । उल्टो उनले संशोधन-मण्डल चटक्क छोडिदिए । उनको मनमा संशोधन-मण्डलको दर्शनमा आस्था नभएको[७०] र यतिञ्जेल त्यहाँ उनी बसिरहेको पनि अनन्यगतिक भएर नै रहेछ भन्ने यताबाट देखिन आयो ।

१३

> नेपालीको हक मासी नेपालको ऐतिहासिक सामान विदेशीलाई सुम्पन पल्केका भलाद्मी र तिनका आशामुखीहरूले जस्तोसुकै खिचोला गरे पनि मेरो प्राण रहेसम्म म इतिहास-संशोधन बन्द हुन दिने छैन । [त्यस्ता भलादमीले सरकारी ओहोदामा बसी धाक त्रास देखाई मलाई इतिहास-संशोधन गर्ने कामबाट विमुख पार्न ठूलो उद्योग गरेकोले यस कुरामा विशेष जोड दिनुपरेको हो । हुनत तीनै थरी धूर्त (विदेशीका भक्त, चाकडीबाज, जातिगत भ्रमात्मक कुरा फैलाउने) तथा टप्पर्टुय्याँदेखि हामीले सावधान भई रहनुपरेको छ र तिनको रहस्योद्घाटन गर्दै जानुपरेको छ । सो काम म एकलै भए पनि प्राणले भ्याएसम्म गरीछाड्नेछु ।][७१]

---

६८. ऐजन: ९० ।

६९. माथि १०८ पृष्ठ हेर्नू ।

७०. यस दर्शनमा धनवज्र वज्राचार्यको आस्था नभएको कुराको थप प्रमाणको लागि माथि ८५-८६ पृष्ठ हेर्नू ।

७१. संशोधकहरू २०१६ क: ४-५ मा गाभिएको, धनवज्र वज्राचार्यको प्रतिज्ञा ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी प्रतिज्ञा गर्ने धनवज्र वज्राचार्यले यस्तो काम छोडेकाले **Promises and pie-crust are made to be broken** अर्थात् प्रतिज्ञाहरू तोड्नको लागि नै गरिन्छन् र पाइ (एक प्रकारको परिकार)का पाप्रा फुयल्नको लागि नै बनाइन्छन् भनी जोनथन स्विफ्टले लेखेको कुरा चरितार्थ भयो ।

New opinions are always suspected, and usually opposed, without any other reason but because they are not already common अर्थात् **नयाँ विचारमा सधैँ शङ्का उठाइन्छ र त्यसको अक्सर विरोध हुन्छ, यसको लागि कुनै कारण चाहिँदैन, किनभने ती विचार पहिले चलनचल्तीमा आएका हुँदैनन्** भनी जान लकले भने जस्तै समाजले नयाँ विचार अङ्गीकार नगरेको र जो मानिस संशोधन-मण्डलमा लागे तिनीहरू पनि नयाँ विचारले खास अनुप्राणित नहुँदा यस्तो परिणाम आएकोमा आश्चर्य मान्नुपर्दैन ।

१४

आफ्नो विषयमा यस्तो

धर्मात्माहरु भन्दछन् किन तिमी बेकाममा लाग्दछौ
हाम्रो साथ दियौ भने सब कुरा विस्तार भेट्टाउँछौ ।
बाठा नीतिकलाप्रवीण जनका अर्कै कुरा सुन्दछु
विद्वन्मण्डलको विचारसरणी अर्कै थरी देख्तछु ।।

इत्यादि प्रथित प्रपञ्च-सरणीभन्दा निकै पल्तिर
सानो एक दलानमा अघचमा यी लेखको खातिर ।
राखी थोर मनुष्यलाइ सँगमा गर्दैछु धेरै श्रम
निन्दा धेर सुनेँ, म मूर्ख गनिएँ, तै काम यो छाड्दिनँ ।।

आधा जीवन ता बितेसरि भयो एकाध छन् साथमा
पख्लास् होश गरेस् भनीकन बडा गर्छन् उता गर्जना ।
यस्तैमा पनि धैर्य साहस लिई जोड्दैछु यी साधन
जे होला पछि लौ, परन्तु अहिले यो काम ता रोक्तिनँ ।।[७२]

संशोधनको परम्परा चलाउने उद्योग गर्दा म एकलिन गएको छु[७३]

७२. नयराज पन्त २०१८ ङ: १६५ ।

७३. ऐजन २०१९ च: १ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सच्चा नै इतिहासजन्य घटना यो देशमा फैलियून्,
विद्यार्थीहरु पाठ्यपुस्तक पनि प्रामाणिकै नै पढून् ।
भन्ने आशयले कडा श्रम गरी यो साधना गर्दछु,
धेरैका ननिका कुराकन सही बाँचीरहेको म छु ।।[७४]

लेख्ने गुरु नयराज पन्त आफ्नो सत्यप्रतिको निष्ठा, कसैलाई मालिक नमान्ने प्रवृत्ति, निर्लोभिता, छाती फर्काएर बोल्न सक्ने तागतले गर्दा जो कोहीको लागि अगम्य थिए त नयराज पन्त जतिकै विद्वान् भनी कहलाएका, मिलनसार स्वभावका धनवज्र वज्राचार्यचाहिँ मित्रलाभ गर्न संशोधन-मण्डलको परिपाटीबाट आएको गरमपनालाई क्रमशः सेलाउन दिँदै झन् झन् नौनी जस्तो हुँदै गए । उनको स्वभावमा आएको यस परिवर्तनको अनुभव अरूहरूले पनि नगरेका होइनन्–

Almost in a complete reversal of his youthful crusading role, in his more mellow years he never offended anyone with discouraging or critical opinion. More often than not, he offered constructive suggestions to his colleagues and younger scholars in his field. As an editor of *Contributions to Nepalese Studies* he was often embarrassed to have to reject or ask anyone to revise, paper offered for publication.[७५]

अर्थात्

[नाउँ चलेका मानिसहरूको विरोधमा] **जवानीमा** [शिक्षाविषयक][७६] **जिहाद छेड्ने कामबाट झण्डै पर्लक्क पल्टी आफू बढी नरम हुँदा उनले कहिल्यै**

---

७४. ऐजनः ५० ।

७५. प्रयागराज शर्मा र कमलप्रकाश मल्ल २०५१: १ = ऐजन २०५२: i-v ।

७६. ऐजन २०५१: १ = ऐजन २०५२: i मा यस्तो

Almost as a consummation of this phase of his career, *Itihāsa-Saṃśodhanako Pramāṇaprameya,* Part I—a consolidated volume of these pamphlets–was edited by Dhanavajra and others in 1962 with a historical summary of their findings in a decade of academic crusade against established reputations.

लेखिएकोले अर्थ स्पष्ट पार्न माथि कोष्ठकमा मैले केही पद थपेको हुँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कसैलाई खिस्रिक पारेर वा कसैको आलोचना गरेर चित्त दुखाएनन्। आफ्नो क्षेत्रका, आफूसँगै काम गर्ने साथीहरू र कम उमेरका विद्वान्हरूलाई उनी धेरैजसो सदाशयमय सुझाव दिन्थे। *कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्मा* छापिन आएको लेखको विषयमा त्यस पत्रिकाका सम्पादकको हैसियतले यहाँ यो लेख नछापिने भयो वा सच्याएर ल्याऊ भनी कसैलाई भन्न पनि उनी अक्सर धकाउँथे।[७७]

१५

संशोधन-मण्डल छोडेपछि उनको चालचलन मात्र फरक भएन, बाहिरी रङ्गरूप पनि फरक भयो। पाश्चात्त्य वेषभूषा नलाउने नियम संशोधन-मण्डलको भएकोले[७८] कमीजसुरुवाल वा दौरासुरुवालमा हिँड्ने धनवज्र वज्राचार्य अब पाश्चात्त्य वेषभूषामा देखिन थाले। उनका गुरुको शब्द सापटी लिई भन्ने हो भने अङ्ग्रेजी शिक्षा पाएका काला अङ्ग्रेज[७९]भन्दा बाहिरी रङ्गरूपमा उनी फरक भएनन्। पढ्न आएदेखि गुरुपूर्णिमाको दिन गुरुपूजा गर्न र दसैँमा टीका थाप्न गुरुकहाँ आउने धनवज्र वज्राचार्य बिस्तारै ती पर्वमा पनि आउन छोडे। गुरुचेलाको सामान्य भलाकुसारी पनि बाटामा भेट हुँदा मात्र हुन थाल्यो।

---

७७. धनवज्र वज्राचार्यको विषयमा शोध गर्ने (सुरेन्द्र के.सी. २०५९: १५१)का तलका वाक्य पनि यस प्रसङ्गमा सम्झनुपर्छ–

> हुन त संशोधन अभियानताका प्रकाशित कृति खासगरी संशोधनपत्र तथा सावधानपत्रहरूमा प्रयुक्त भाषावली र दृष्टिकोणमा वज्राचार्य निकै कठोर देखा नपर्ने होइनन्। तर उनका उच्च कृतिहरूमा कतै पनि कठोरता देखा पर्दैनन्। उनका प्रत्येक कृतिमा तथ्याङ्क र स्रोतहरूलाई नै बढी आधार बनाइएको हुन्छ। त्यसो गर्दा आफ्ना पूर्ववर्ती लेखकहरूका मतहरू खण्डित हुन पुग्दछन् भने पनि उनका लागि पर्वाहको विषय बन्दैनथ्यो। उनका कृतिहरू प्रायः मौलिक स्रोतमै आधारित हुन्थे भने मौलिक स्रोत नै पनि तोडमोड वा पाठ सार्दा नै तलबितल हुने स्थिति बन्नाले कतिपयका कृतिहरूमा अशुद्धि रहे। यस्तो परिबन्दमा परेको अवस्थामा पनि वज्राचार्यद्वारा ती कृतिमा पाइएका त्रुटि पक्षको उपहास गरिएन। एउटा आदर्श लेखकले झैँ केवल आफ्नो प्रस्तावना मात्र प्रस्तुत गरियो। वास्तवमा संशोधन मण्डल परित्यागपछिको वज्राचार्यको व्यक्तित्व त्यसपूर्वका झैँ हस्तक्षेप र मुठभेड गर्न चाहने खालको रहेन बरु सम्झौतापरस्त, मृदुभाषी,* आत्मकेन्द्रित, स्वाध्ययन र निरपेक्षवादी रहन पुग्यो।

७८. नयराज पन्त २०५९: ३१-३३।

७९. ऐजन: १९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६

विद्यावृद्ध नभए पनि आफूभन्दा वयोवृद्ध भएकाको नाउँ खुद आफूले लेखेको पुस्तकमा अगाडि र आफ्नो नाउँचाहिँ तल राखी नयराज पन्तले आफ्नो पुस्तक छपाउनुपरेको थियो ।[८०] धनवज्र वज्राचार्यले त झन् उनको खुट्टामा पनि बाँध्न नसुहाउने भने पनि हुने, कालिदासको शब्द सापटी लिने हो भने **नायं मे पादरजसापि तुल्यः**[८१] अर्थात् **मेरो खुट्टाको धूलो बराबर पनि यो छैन** जस्ता, आफूभन्दा विद्या र वयस् दुवैबाट कान्छाको नाउँ अगाडि राखी आफ्ना पुस्तक छपाउनुपर्‍यो ।[८२]

यसरी सबैसँग मिली अर्थात् हीनसन्धि गरी काम गर्दा धनवज्र वज्राचार्यलाई भौतिक लाभ क्रमशः हुँदै गयो । कमलप्रकाश मल्ल (वि.सं. १९९२ मा जन्म)लाई उनले निकै पोसेकाले उनीमार्फत धनवज्र वज्राचार्य नेपालसम्बन्धी अन्वेषण गर्ने जर्मन र जापानीका माझ पनि क्रमशः भिज्दै गए, तर अङ्ग्रेजी नजानेकोले उनी खुम्चिएका थिए ।[८३]

१७

यत्र विद्वज्जनो नास्ति श्लाघ्यस्तत्राल्पधीरपि ।
निरस्तपादपे देशे एरण्डोऽपि द्रुमायते ।।

---

८०. तोत्रराज पाण्डेय र नयराज पन्त २००४ = ऐजन २०६० ।

यस पुस्तकको रचनाको सन्दर्भमा अलिकति कुरा माथि ६८-६९ पृष्ठमा छ । धनवज्र वज्राचार्यले वि.सं. २०१५ वैशाख १३ गते ज्ञानमणि नेपाललाई लेखेको चिठी पनि यस प्रसङ्गमा पठनीय छ (ज्ञानमणि नेपाल २०५४: १७६-१७७) । नेपाली हिस्ट्येरिओग्रफिको इतिहासमा ठूलो स्थान भएको यस पुस्तकको र यसको कर्तृत्वको विषयमा लामै लेख लेख्नुपरेको छ ।①

८१. *मालविकाग्निमित्र* १।१२+ ।②

८२. तुलसीराम वैद्य र धनवज्र वज्राचार्य २०२९ ।
हेमन्त राणा र धनवज्र वज्राचार्य २०२९ ।

८३. साफल्य अमात्य [२०५२: ग] [२०५७: २०] २०६४: ४६ हेर्नू ।

---

① यस विषयमा अलि बढी कुरा तल १४४-१४८ पृष्ठमा छ ।

② श्लोकको सङ्ख्या बुझाउने अङ्कपछि आएको यस्तो + चिह्नले श्लोकपछि आएको गद्यवाक्य बुझाउँछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्

> **जहाँ विद्वान् छैनन्, त्यहाँ अलिकति पढेको मानिसको पनि सङ्गनी हुन्छ । रूख नभएको ठाउँमा अँडीरको बोट पनि रूख कहलाउँछ ।**

भने जस्तै **यूनिभर्‌सिटि-इन्‌टिलेक्‌ट्युअल**[८४] अर्थात् मेरो परिभाषामा कीर्तिपुरका अल्पपठित अध्यापकहरूको माभ्क उनी हीरो भए । **His worst is better than any other person's best** अर्थात् **उनको सबभन्दा नराम्रो अरू कसैको सबभन्दा राम्रोभन्दा राम्रो छ** भनी विल्यम हेज्‌लिटले लेखे जस्तै उनको साधारण ज्ञान पनि अरूको लागि अहो भयो ।

१८

त्रिभुवनविश्वविद्यालयमा जागीरे, इतिहासका अरू अरू अध्यापक-अन्वेषकहरूभन्दा धनवज्र वज्राचार्यको ल्याकत कता हो कता माथिल्लो भए पनि प्रचलित पद्धतिबाट उनी पराजित हुन पुगे । त्यही पराजयको विषादले गर्दा उनी क्रमशः आधिव्याधिग्रस्त भई अकालमै कीर्तिशेष भए । प्रचलित पद्धतिबाट पराजित हुँदा उनले पाउनै पर्ने र उनी आफैँले इच्छा गरेको जस्तो लाभ उनलाई मिल्न सकेन । यो कुरा जगदीशचन्द्र रेग्मीको तलका वाक्यमा पनि भल्किएको छ–

> **इतिहास ज्ञानको भण्डार उहाँसँग हुँदै त्यस क्षेत्रमा सक्रिय हुन खोज्नेहरू उहाँसँग स्वाभाविक रूपले लहसिएका हुन्थे र फाइदा पनि उठाउँथे तर उहाँ भने आफ्नै ठाउँमा । कुनै डिग्री नहुनाको र विशेष 'स्रोत' नहुनाले उहाँ अब चिन्तित स्तरमा पुग्न थाल्नुभयो । यता 'सुगर'को रोग पनि पहिलेदेखि थियो र उहाँको खुट्टा तानिदिने हुन थाल्यो ।**[८५]

नयराज पन्तले बाबुराम आचार्यको सन्दर्भमा भनेको कुरा

> **उठ्ता कुनै प्रश्न कुनै तिमीकन सोधेर बन्थे स्वयमेव विज्जन ।**
> **कुनै तिमीलाइ दुही दुहीकन लेखेर गर्थे धनमान आर्जन ॥**[८६]

---

८४. पद्म देवकोट २०६४: ५ ।

८५. जगदीशचन्द्र रेग्मी २०६४: १७ ।

८६. नयराज पन्त २०२९: १४१ मा २३ श्लोक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनवज्र वज्राचार्यको सन्दर्भमा पनि उद्धरण गर्न नमिल्ने होइन ।

१९

धेरै भएको छैन खालि १७२ वर्ष मात्र भयो, भारतमा अङ्ग्रेजी शिक्षाको जग हालेको । त्यो जग हाल्दा भारतमा शासन गर्ने अङ्ग्रेजहरूको उद्देश्य यस्तो थियो–

> **We must do our best to form a class who may be interpreters between us and the millions whom we govern; a class of persons Indian in blood and colour, but English in taste, in opinions, words and intellect.**[८७]

अर्थात्

> हामीहरू र जसलाई हामी शासन गर्छौं ती करोडौं मानिसहरूको बीच दोभासे हुन सक्ने वर्ग अर्थात् रगत र रङ्गको हिसाबले भारतीय भए पनि रुचि विचार बोलीचाली र बुद्धिले अङ्ग्रेज भएका मानिसहरूको वर्ग बनाउन हामीले भरसक कोशिश गर्नुपर्छ ।

२०

नयराज पन्तले लेखे जस्तै मुसलमानसँग टक्कर लिने विजयनगर जस्ता ठूला राज्य त संस्कृतका उद्धारकै भएका थिए । अकबरको उदार नीतिले गर्दा ठूलठूला हिन्दू रजौटहरू अकबरका विश्वासपात्र सेनापति बनेका थिए । *रामविनोद, टोडरानन्द* आदि संस्कृत ग्रन्थ तिनीहरूले नै लेखाएका हुन् । मुगलकालमा अरबी फारसी र संस्कृतका ग्रन्थहरू परस्परमा अनुवाद भए । कमलाकर जस्ता गणितज्ञहरूलाई यही युगले जन्मायो । [...] वेधालय स्थापना गर्ने तथा वेधक्रियालाई चाहिने अनेकन् ग्रन्थ संस्कृतमा लेखाउने जयसिंह जस्ता रजौटा मुगलकालमा जन्मेथे, तर ब्रिटिशकालमा त्यस्ता रजौटहरूको नामनिशानै पाइँदैन ।[८८] विषयान्तरकै भए पनि यस फेहरिस्तमा अलङ्कारशास्त्री पण्डितराज जगन्नाथको नाम पनि सहजै जोड्न सकिन्छ ।

---

८७. मकौलीको ई.सं. १८३५ (वि.सं. १८९१)को मिनिटको अंश (सुन्दर लाल २०२७: ६९३ बाट उद्धृत) ।

८८. नयराज पन्त २०५९: ५५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्ग्रेजी शासन शुरू हुनुभन्दा अगाडिको भारतवर्षमा संस्कृतविद्याको स्थितिको विषयमा शेल्डन पाल्लक (वि.सं. २००५ मा जन्म)ले निकै काम गरेका छन् र **Concurrently with the spread of European power, however, this dynamism diminished so much that by 1800, the capacity of Sanskrit thought to make history had vanished**[८९] अर्थात् **यूरोपियन प्रभुत्वको विस्तारसँगसँगै यो गति यति बिदि घट्यो कि इतिहास बनाउन सक्ने संस्कृत चिन्तनको सामर्थ्य वि.सं. १८५७ सम्म ओझेल भइसकेको थियो** भन्ने उनको निष्कर्ष छ।[९०]

यसरी संस्कृतविद्याको उच्छेद गरी अङ्ग्रेजहरू भारतीयहरूलाई अङ्ग्रेज बनाउन सफल भए।

२१

भारतमा ६०० वर्ष मुसलमानले राज गर्दा पनि त्यहाँका चालचलन, रीतिरिवाज, लवाइखवाइ, पढाइलेखाइ आदिमा त्यति टड्कारो फरक आएन, जति अङ्ग्रेजी शासनले ल्याइदियो। त्यसको असर नेपालमा पनि बिस्तारै बढ्दै गयो। कति कुरामा त हामीहरू अङ्ग्रेजहरूभन्दा बढी अङ्ग्रेज भइसकेका छौँ भन्ने कुरा प्रजातन्त्रपछि बनेका हाम्रा ऐनकानूनबाट मात्र होइन, हाम्रो दिनकादिनको घरव्यवहारबाट पनि छर्लङ्ग हुन्छ।

२२

लामो काल अध्यापन-अन्वेषणमा बिताएका, वृद्धावस्थामा प्रवेश गरिसकेका विद्वान्सँगसँगै काम गरेका, उनको अन्वेषणबाट परिचित समानधर्मा वा उनका चेलाहरूले ती विद्वान्को अन्वेषणको परिधिभित्र पर्ने विषयमा थप अनुसन्धान गरी लेखेका लेख र ती विद्वान्को चरित र उनको लेखसूची पनि समेटिएका दुइचारवटा लेखसमेत हाली

---

८९. शेल्डन पाल्लक २०५८: ३९४।

९०. यस विषयमा शेल्डन पाल्लक २०५८ सँगै उही २०६१ र २०६२ पनि पठनीय छन्। भारतमा पाश्चात्त्य देशहरूको अधिकार हुन थाल्नुभन्दा ठीकअगाडि त्यहाँ संस्कृतविद्याको स्थिति कस्तो थियो भन्ने विषयमा Sanskrit Knowledge Systems on the Eve of Colonialism नाउँको प्रोजेक्ट पनि शेल्डन पाल्लकले चलाइरहेको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ती विद्वान्को अभिनन्दनग्रन्थ निकाल्ने चलन पाश्चात्त्यविद्वत्परम्परामा छ । त्यस्ता कृति ती विद्वान्को विषयमा बुझ्नको लागि भन्दा उनले जुन विषयको अन्वेषण गरे, त्यस विषयमा थप अन्वेषण भएको बुझ्न उपयोगी हुन्छ । बितिसकेका विद्वान्हरूको विषयमा पनि त्यस्ता ग्रन्थ निस्कन्छन् । जीवित विद्वान्को अभिनन्दन गर्न र मृत विद्वान्को सम्झना गर्न निकालिएका त्यस्ता ग्रन्थको प्रकृति मूलतः उस्तै हुन्छ ।

मरेका विद्वान्को सम्झना र बाँचेका विद्वान्को अभिनन्दन गरी पुस्तक निकाल्ने चलन अङ्ग्रेजी हावाले नै हामीकहाँ ल्याएको हो । तर हामीकहाँबाट छापिने त्यस्ता कृतिमा ती विद्वान्ले गरेका काम अगाडि बढाउने विषयमा प्रकाश पार्ने लेख वा ती विषयमा थप काम गरी लेखिएका लेख झण्डै झण्डै देखिँदैनन् नै भने हुन्छ र अन्धोले हात्ती छामे जस्तो गरी ती विद्वान्को जीवनका सामान्य घटनाको विषयमा समेत लेख लेखिएको हुन्छ । त्यस्ता लेख पनि थरीथरीका मानिसले लेखेकाले र सम्पादकले आफ्नो कर्तव्य पूरा नगरेकाले त्यस्तो पुस्तकमा पुनरुक्ति वारंवार हुन्छ ।

छोटकरीमा भन्ने हो भने बाहिरबाट छापिएका त्यस्ता कृति पढ्न मनोयोग चाहिन्छ, हाम्रो यतातिरबाट छापिएका कृतिचाहिँ अखबार पढे जस्तो मनोरञ्जनको लागि पढे हुन्छ ।

भारतबाट पनि यस्ता कृति नछापिने होइनन् । त्यस्ता कृतिको प्रकृति पश्चिमबाट छापिने र हामीकहाँबाट छापिने कृतिको बीचमा हुन्छ । अर्को शब्दमा भन्नुपर्दा जसको अभिनन्दन वा स्मरण गर्न कृति निकालिएको छ, तिनको चरितको विषयमा पश्चिमबाट छापिने कृतिको तुलनामा बढी नै लेख छापिन्छन् तापनि अन्वेषणात्मक लेख पनि थुप्रै हुन्छन् ।

हुन त पाश्चात्त्यविद्वत्परम्परामा बाह्रौँ शताब्दीदेखि विश्वविद्यालयको धारणा विकसित भई विद्वान्हरूको आश्रय विश्वविद्यालय भएकोले राज्यभङ्ग गर्न खोज्ने विद्वान्हरूलाई छोडेर अरूहरू विश्वविद्यालयको परिधिभित्रै रही अन्वेषण गर्ने भएकाले र त्यस्ता विद्वान्हरूको जिन्दगी एकनास जस्तो हुने हुनाले उनीहरूको व्यक्तित्वमा त्यति साह्रो ध्यान दिन नपरेको पनि हुन सक्छ ।

नेपालमा विश्वविद्यालय धेरैपछि खडा भएको हो तापनि पाश्चात्त्य ढाँचाका पाठशाला र स्कूल-कलेजको स्थापना राणाकालमै भइसकेको हो । तर त्यस्ता संस्थामा काम गर्नेले कहिल्यै अन्वेषण गरेनन् र उनीहरू धनी-मानीका घरमा जजमानी वा ट्यूशन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने र कलम चल्छ भने भाटगिरी गर्ने काममा नै लिप्त भए भनी भन्दा अत्युक्ति हुँदैन भने पनि हुन्छ । जे जति अन्वेषण भयो, त्यो त्यस्ता शिक्षासंस्थाभन्दा बाहिर बसेका वा त्यस्ता शिक्षासंस्थामा बसे पनि शिक्षासंस्थाको सहयोगमा होइन कि शिक्षासंस्थाले भाँजो हाल्दा हाल्दै पनि निजी रुचिले काम गर्नेबाट भयो ।

टाढा किन जानु, बाबुराम आचार्यकै कुरा गरूँ । उनले धेरै वर्ष सरकारी अड्डामा बिताए । उनले जुन अन्वेषण गरे, त्यो उनको जागीरको लागि थिएन, स्वान्त:सुखाय थियो । कतिपटक त अन्वेषण गर्दा उनले मालिकहरूबाट झापटसमेत खानुपऱ्यो ।[९१] त्यस्तै, नयराज पन्तकै कुरा लिऊँ, उनी उठानदेखि नै सरकारी शिक्षासंस्थामा जागीरे थिए तापनि उनले जुन अन्वेषणपरम्परा चलाए, त्यसमा सरकारको समर्थन वा सहयोग केही थिएन ।

यसै भएर पनि मूल धारबाट हटेका, नेपालका अभिनन्दनीय व्यक्तिहरूको चरितमा बढी प्रकाश पारेको खण्डमा ती मानिसहरूलाई भिन्नाभिन्नै पक्षबाट हेर्न सकिन्छ भन्ने तर्क पनि यस प्रसङ्गमा गर्न नसकिने होइन । तैपनि *ज्ञानगुनका कुरा*को फितलो पक्ष खालि त्यस्तै त्यस्तै कुराले भरिएका लेखहरूको बाहुल्य तिनमा हुनु हो र ती अभिनन्दनीय व्यक्तिले गरेको काम अगाडि बढाउने खालका लेख त्यहाँ झण्डै झण्डै निमिट्यान्न हुनु हो ।

शेषराजजीले धनवज्र वज्राचार्यको स्मरण गरी लेखसङ्ग्रह छाप्न थाल्नुभन्दा २ वर्षअगाडि नेपाल र एशियाली अनुसन्धानकेन्द्रले आफ्नो पत्रिकाको १ अङ्क धनवज्र वज्राचार्यको सम्झनामा निकालेको कुरा यसै प्रसङ्गमा सम्झन म पुगेँ । धनवज्र वज्राचार्यको चरितको विषयमा एउटा लेख र अरू नेपालसम्बन्धी अन्वेषणमा लागेका ११ जना नेपाली र ६ जना पाश्चात्त्य विद्वान्‌हरूका लेख त्यसमा छापिएका छन् । ती लेखमा कुनै लेख धनवज्र वज्राचार्यले गर्ने खालका अन्वेषण वा त्यस्ता अन्वेषणबाट निकाल्न सकिने नतीजास्वरूपका छन् र कुनैचाहिँ त्यस परिधिभन्दा

९१. नयराज पन्त २०२९ क ।

राहुल साङ्कृत्यायन, तिलकशमशेर थापा, बाबुराम आचार्य र म आफैं पनि काशीप्रसाद जायसवालसँग स्वयम्भू गएका थियौं, स्वयम्भूमा मुसलमानले हमला गरेको कुरा भएको अभिलेख हामीले उनलाई देखायौं, भारत फर्केपछि काशीप्रसाद जायसवालले त्यस हमलाको विषयमा *अमृत बजार पत्रिका*मा लेख छपाए, उनीसँग स्वयम्भू जाने हामीहरूध्ये केहीले अनि श्री ३ बाट गाली खानुपऱ्यो भनी डिल्लीरमण रेग्मी (मिति नभएको: ५०-५१)ले लेखेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाहिरका लेख छन् ।[९२] यस कारण त्यस अङ्कको प्रकृति पाश्चात्त्यपरम्परासँग बढी मिल्ने भनी भन्नुपर्छ ।

२३

यस सँगालोमा पहिलो लेख[९३] नेपालका च्यान्टे च्यान्टे पत्रकारहरू[९४]मध्ये अग्रगण्य चिन्तक मदनमणि दीक्षित (वि.सं. १९७९ मा जन्म)को छ । धनवज्र वज्राचार्यको प्रशंसा गर्ने प्रसङ्गमा उनी यहाँ संशोधन-मण्डलको पनि प्रशंसा गर्न पुगेका छन् ।[९५] **अव्यवस्थितचित्तानां प्रसादोऽपि भयङ्करः** अर्थात् **चित्त ठेगान नभएकाहरूको निगाह पनि डरलाग्दो हुन्छ** भने जस्तै कहिले उनी [...] **दम्भ र हठको प्रदर्शन हेर्न नचाहने तथा अपशब्द पूर्ण फोहोर गाली सुन्न नरूचाउने त्यो संस्थाको नाउको उच्चारण गर्न समेत चाहँदैनन्**[९६] भनी संशोधन-मण्डलको विषयमा लेख्छन् त कहिले संशोधन-मण्डलका संस्थापक नयराज पन्तलाई **यो शताब्दीको सबैभन्दा अग्लो नेपाली**[९७] भनी प्रशंसा गर्छन् ।

२४

नेपाली इतिहासका एक विद्वान् जिसेप टचीले यो देशको इतिहाससम्बन्धी महत्त्वपूर्ण कागतपत्र तथा अभिलेखहरू एक प्रकारले लुटेरै यहाँबाट लग्ने

९२. प्रेमकुमार खत्री आदि २०५२ । यस अङ्कमा छापिएका २० वटा लेखमध्ये एउटा नेपालसम्बन्धी पुस्तकको रिभ्यू र अर्कोचाहिँ त्यही पत्रिकामा छापिएका लेखको सूची हो ।

९३. मदनमणि दीक्षित २०६४: १-५ ।

९४. केही अपवाद छोड्ने हो भने नेपालबाट छापिने पत्रिकाका विषयवस्तु च्यान्टे च्यान्टे नै हुन्छन् । यस विषयको उपक्रम महेशराज पन्त २०६०: ५ मा गरिएको छ ।

९५. ऐजनः ३, ४ ।

९६. सुधांशु[①] २०४१: ३ । *पूर्णिमा*का सम्पादक २०४१: १२-१४ मा १ सङ्ख्याको टिप्पणीको रूपमा सुधांशुको यो लेख यथावद् उद्धृत छ ।

९७. मदनमणि दीक्षित २०५९: ९२ ।

① यो लेख लेख्नेले आफ्नो खास नाउँ नदिई नम ड प्लूममा यो छापिएको छ । मदनमणि दीक्षित सम्पादक/प्रकाशक भएको पत्रिकामा यो छापिएकोले र शेषनागका हजार जिब्रा भने झैँ उनका पनि निकै नामान्तर भएकाले यो लेख पनि उनैले लेखेका हुन् भनी ठहऱ्याउने साहस गरेको हुँ । यसको सप्रमाण खण्डन कतैबाट आए त्यो मात्र म तयार छु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

> गरे । तैपनि ती प्रखर विद्वान्को दृष्टिमा धनवज्र वज्राचार्य कस्ता थिए भन्ने कुरा १३ माघ २०५१ मा श्री केदारमान व्यथितले मलाई बताउनुभएको एउटा घटनाबाट थाहा पाउन सकिन्छ ।
>
> केही वर्ष पहिले फ्रान्स र जर्मनीका उस्तै विख्यात शोध संस्थाले धनवज्रलाई आफ्ना देशका विद्वान्हरूसित विचार आदान प्रदान निम्ति आमन्त्रित गरेका समयमा इयलीका टचीले पनि धनवज्रलाई रोमका विद्वान्हरूसित भेटघाट निम्ति रात्रीभोजमा निम्ता दिए । सो निम्ता भर्न टुचीले बोलाएका सभाकक्षमा धनवज्र प्रवेश गर्दा रोमका अति विख्यात्* साठीजना जति शोधकर्ता विद्वान्हरूले आफ्ना मेचबाट उठेर एक समान करतल ध्वनि गर्दै धनवज्र वज्राचार्यप्रति न्यानो सम्मान र हार्दिक अभिनन्दन अर्पित गरेका थिए ।[९८]

भनी मदनमणि दीक्षितले यहाँ लेखेको कुरामा केही टिप्पणी गर्नुपरेको छ ।

भारतीय र यूरोपियनहरूले अघिबाटै छपाइसकेका, लिच्छविकालका अभिलेख सरह धनवज्र वज्राचार्यका गुरु, धनवज्र वज्राचार्यका गुरुले पनि मानेका ऐतिहासिकशिरोमणि, खुद धनवज्र वज्राचार्य, धनवज्र वज्राचार्यका सहपाठी, सतीर्थ्य र चेला आदिले छापिसकेका अभिलेखलाई अघिबाटै छापिइसकेका भन्ने नमानीकन झण्डै झण्डै अप्रकाशितै रूपमा देखाउने जूजेप्पे तुच्चि (वि.सं. १९५१-२०४०) र उनको मण्डली[९९]ले केही वर्षअगाडि गरेको, धनवज्र वज्राचार्यको सम्मान जूजेप्पे तुच्चि जन्मेको १०० वर्ष पुगेको उत्सव मनाउन हनूमान्ढोकादरबारमा वि.सं. २०५१ माघ ८-९ गते भएको सभाको ४ दिनपछि केदारमान व्यथितले सम्झन पुगेको जस्तो गरी गरे कि गरेनन्, मलाई थाहा छैन ।[१००] तर धनवज्र वज्राचार्य बितेको ७ महीना पनि नपुग्दै हनूमान्ढोकादरबारमा आयोजना गरिएको सभामा भरखरै परलोक भएका

---

९८. ऐजन २०६४: ३ ।

९९. रेन्यरो न्योलि २०१३: *प्रिफेस्* (प्रस्तावना) ९ ।

जूजेप्पे तुच्चि र उनको मण्डलीले गरेको यस कामको प्रतिवाद रामजी तेवारी आदि २०१८: १९-२१ मा छ ।

१००. धनवज्र वज्राचार्यको विषयमा शोध गर्ने (सुरेन्द्र के.सी. २०५९: १५६)ले पनि धनवज्र वज्राचार्यको अन्तर्राष्ट्रिय* व्यक्तित्वको विषयमा लेख्दा मदनमणि दीक्षितको यही लेखको सन्दर्भ दिएका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनवज्र वज्राचार्यको बारे एक शब्द पनि नबोलेको[१०१] देख्दा र त्यही सभाको लागि रेन्यरो न्योलि (वि.सं. १९८६ मा जन्म)का एक जना चेलाले लेखेको लेखमा जगदीशचन्द्र रेग्मी (वि.सं. २००१ मा जन्म)ले धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*को विषयमा यस्तो **'His approach to the subject seems to be less scientific in comparison to Dr Gnoli**[१०२] अर्थात् **विषयप्रति उनको** (धनवज्र वज्राचार्यको) **पहुँच डा. न्योलिको दाँजोमा कम शास्त्रीय देखिन्छ** भने भनी लेखिएकोले नेपालको इतिहासको खोजी गर्ने इटालियनहरूमा धनवज्र वज्राचार्यउपर आदर नभएको र अझ भन्ने हो भने रेन्यरो न्योलिभन्दा उनलाई नीचो देखाउनु नै उनीहरूको अभीष्ट रहेछ भन्ने देखिन्छ ।

२५

यहाँनिर अर्को एउटा कुरा पनि भन्न मन लाग्छ । कुरा के हो भने आफ्नो मध्यकालको नेपालको इतिहासको दोस्रो संस्करण तयार गर्दा धनवज्र वज्राचार्यबाट पनि मदत पाएको कुरा लूछ्याह्नो पेतेक (वि.सं. १९७१-२०६७)को त्यही पुस्तकको प्रस्तावनाबाट थाहा पाइन्छ[१०३] र लेखोट रूपमै रहेको, धनवज्र वज्राचार्यको मध्यकालको उत्कीर्ण लेखसम्बन्धी ग्रन्थ पनि उनले हेर्न पाएको कुरा उनको त्यही पुस्तकबाट बुझिन्छ[१०४] । त्यति मात्र होइन, लेखोट रूपमै रहेको आफ्नो अर्को पुस्तक पनि उनले लूछ्याह्नो पेतेकलाई हेर्न भनी दिएका थिए[१०५] र कमलप्रकाश मल्ललाई पत्याउने हो भने आफ्नो मध्यकालको नेपालको इतिहासको दोस्रो संस्करणमा त्यस अप्रकाशित पुस्तकको [नामै नलिईकन] लूछ्याह्नो पेतेकले प्रशस्त उपयोग गरेका छन्[१०६] ।

हनूमान्ढोकामा भएको त्यस सभामा लूछ्याह्नो पेतेकको लेख पनि पढिएको थियो ।[१०७] भरखरै जसो परलोक भएका धनवज्र वज्राचार्यबारे नेपालको इतिहाससम्बन्धी त्यस

१०१. जिओभान्नि भेरार्दि २०५३/५४ ।

१०२. रिक्कार्दो गार्बिनि २०५३/५४: १२७ मा १ सङ्ख्याको टिप्पणी ।

१०३. लूछ्याह्नो पेतेक २०४०: *प्रिफेस्* (प्रस्तावना) ।

१०४. ऐजन: १७०-१७१ मा १७ सङ्ख्याको सामग्री ।
महेशराज पन्त र दिनेशराज पन्त २०६३: ५ मा १४ सङ्ख्याको टिप्पणी पनि हेर्नू ।

१०५. कमलप्रकाश मल्ल २०६४: xii ।

१०६. ऐजन ।

१०७. लूछ्याह्नो पेतेक २०५३/५४: २३-२५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सभामा अरूको लेखमा केही नलेखिए पनि उनको खोजीको प्रभाव मात्र नपरी आफ्नो खोजीमा उनबाट सहयोग र उनका अप्रकाशित पुस्तकको उपयोग गर्नसमेत पाएका लूछ्याह्लो पेतेकको लेखमा पनि उनको बारे एक शब्द नलेखेको देख्दा आफ्नो मध्यकालको नेपालको इतिहासको प्रस्तावनामा धनवज्र वज्राचार्यसँगै धन्यवाद पाउने, तीनपुस्ते वज्राचार्य इन्फर्म्यान्टभन्दा उनलाई इटालियनहरूले ठूलो नठानेको स्पष्ट हुन्छ।

२६

जगदीशचन्द्र रेग्मीको नियतबारे पनि यस प्रसङ्गमा केही लेख्नुपरेको छ। कुरा के भने धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* उनको दृष्टिमा त्यति नचद्दा नचद्दै पनि[१०८] धनवज्र वज्राचार्य परलोक भइसकेपछि त्यसको दोस्रो संस्करण गर्नुपर्दा त्यस ग्रन्थको पहिलो संस्करणमा नपरेका, १३ वटा अभिलेख दोस्रो संस्करणमा परिशिष्टको रूपमा राख्न उनी कुन स्वार्थले पुगे। धनवज्र वज्राचार्यले आफैँले सम्पादन गरेका अभिलेखका पाठको तहसँग उनको त्यस पुस्तकमा परिशिष्टमा राखिएका अभिलेखको सम्पादनको तह अत्यन्त निकृष्ट भएकोले[१०९] धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*मा द्वेषबुद्धिले मात्र जगदीशचन्द्र रेग्मीले खोट देखाएको भन्दा बढ्ता बोलेको ठहरिनेछैन।

---

१०८. माथि १२१ पृष्ठ हेर्नू।

१०९. महेशराज पन्त २०५८: ६९।
ऐजन २०६० क: ३३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तलाई चिनाउनको लागि

संस्कृत नबुझ्ने, तर नेपाली भाषाका प्रबुद्ध पाठकहरूलाई नयराज पन्त (वि.सं. १९७०-२०५९)को विचार बुझ्न मदत हुने खालका, छापिइसकेका, उनका संस्कृत लेखको उल्था मद्वारा गराई आफ्नो *ज्ञानगुनका कुरा*मा छाप्ने इच्छा शेषराज सिवाकोटी (वि.सं २०१६ मा जन्म)ले मसँग प्रकट गरेको पनि धेरै नै भइसक्यो । विदेशीको पुरा नस्याहारी आफ्नै बलबुत्ताले नेपालमा गरिएका, सार्थक, ज्यादै थोरै उद्योगमध्ये एउटा निकै ठूलोचाहिँ नयराज पन्तले उठाएको काम हो भन्ने मेरो दृढ धारणा भएकोले लेखपढसम्बन्धी अरू अरू काममा नै म लागेको हुँदा हुँदै पनि केही समय ती कामबाट फुर्सत निकाली म अहिले यतातिर लागेको हुँ ।

नयराज पन्तले संस्कृत गद्यपद्यमा लेखेका, उनी परलोक भएपछि *पूर्णिमा*मा छापिएका ११ वटा फुटकर लेख[१]को उल्था मैले अहिले गरेको छु[२] । यी ११ वटा लेखमध्ये २[३] र ४[४] नम्बरका लेख छोडेर अरू जम्मै पद्यमा छन् । ती २ वटाको पनि उपसंहारचाहिँ प्राचीन शैलीको अनुसरण गरी पद्यमा लेखिएको छ । पद्यमा भएका ९ वटा लेखमध्ये

---

१. नयराज पन्त २०६०: १३-१४ ।
ऐजन २०६० ख: २५ ।
ऐजन २०६० ग: २५ ।
ऐजन २०६० घ: २६ ।
ऐजन २०६० ङ: २६ ।
ऐजन २०६० च: २७ ।
ऐजन २०६० छ: २७ ।
ऐजन २०६० ज: २८ ।
ऐजन २०६० झ: २८-२९ ।
ऐजन २०६० ञ: २९-३० ।
ऐजन २०६० ढ: ४ ।

२. महेशराज पन्त २०६५ ।

३. नयराज पन्त २०६० ञ ।

४. ऐजन २०६० ढ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८ नम्बरको[८]लाई छोडेर अरू सबै आफैँले छनोट गरी प्रकाश गर्न भनी ठिक्क पारेका, आफ्ना संस्कृत पद्यहरूको सँगालो *हृदयदोह*मा नयराज पन्तले पारेका छन् ।

११ वटा लेखमध्ये अघिल्ला ४ वटा[६]मा यी लेख कहिले लेखिए भनी जनाउन मिति हालिएका छन् । वि.सं. २००७।८।२९ देखि वि.सं. २००८।१२।१ सम्मको १५ महीनाको अवधिभित्र यी लेख लेखिएको यताबाट देखिन्छ । बाँकी ७ वटामा मिति नदिइए पनि यी पनि मिति दिइएका लेख जुन जुन कापीमा लेखिएका छन्, तिनै कापीमा भएकाले त्यसैताका लेखिएका हुन् भनी भन्न सकिन्छ । यताबाट आफ्नो ३७।३८ वर्षको उमेरमा नयराज पन्तले यी लेख लेखेको ठहर्छ ।

सबभन्दा पहिलो लेख नै लिऊँ ।[७] लेख त के भन्नु, यो एउटा पद्य न हो । जुन वेला वि.सं. २००७ मा यो पद्य रचियो, त्यस वेला नेपालमा राणाशासन ढल्ने उपक्रममा थियो, ढलिसकेको भने थिएन । श्री ५ त्रिभुवन दिल्लीमा शरण लिन पुगेको १ महीना नाघिसकेको थियो र उनलाई पदच्युत गरी उनका माहिला नाति ज्ञानेन्द्रलाई श्री ५ महाराजाधिराज बनाइसकेको अवस्था थियो । आफ्नो आडमा नेपालमा रजाइँ चलाएर आएका राणाहरूको वर्तमान नेपालमा अझ कति पकड छ भनी बुझ्न ब्रिटिश सरकारका प्रतिनिधि काठमाडौँ आएको ९ दिनपछि यो पद्य रचिएको थियो ।

यो पद्य वि.सं. २००७-२००८ को नेपालको राजनीतिको अवस्थाको विषयमा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुराहरू दिनकादिन जस्तो लेखी तयार गरिएको, नयराज पन्तको डायरीमा पनि गाभिएको छ[८] र त्यसको नेपाली उल्था पनि त्यस ग्रन्थको सम्बद्ध अंशको उल्था छाप्ने क्रममा प्रकाश भइसकेको छ[९] । आफ्नो *हृदयदोहः*मा शीर्षकसमेत हाली यो पद्य पनि नयराज पन्तले गाभेकाले आफ्नो यस पद्यलाई उनले खास मानेको देखिन्छ ।

---

५. ऐजन २०६० छ ।

६. ऐजन २०६० ङ ।
ऐजन २०६० ।
ऐजन २०६० ग ।
ऐजन २०६० ढ ।

७. ऐजन २०६० ङ, महेशराज पन्त २०६५: २० मा उल्था ।

८. नयराज पन्त २०४१: ३८ मा १२ श्लोक ।

९. महेशराज पन्त २०६३: ४९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राणाशासनले दबाइएका, थरीथरीका धर्म र जातिमा बाँडिएका नेपालीहरू राणाहरूको राज्यमा पकड कमजोर हुँदा फेरि जुरमुराउन थालेका छन् भन्ने भाव यस पद्यमा छ।

राणाशासन आउनुभन्दा अगाडि नै भीमसेन थापा (वि.सं. १८३२-१८९६, शासनकाल वि.सं. १८६३-१८९४)को शासन शुरू भएदेखि सबै जातको फूलबारी ठान्ने पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१)को आदर्श नेपाल राज्यमा ओझेलमा पर्न थालिसकेको थियो र राणाकालमा राणाहरू गर्भैदेखि जर्नेल भए झैँ भीमसेन थापाको शासनभर उनको परिवारबाहेक अरू कोही जर्नेल भएको दुनियाँले देख्न पाएन। भीमसेन थापाले राज्य अँठ्याउँदा काटिनेमा उनी सरहका गुरुङ र नेवार काजी पनि थिए। यस कारण पृथ्वीनारायण शाहको उदयसँगै देशका थरीथरीका जाति र भाषा दबाउने कामको शुरूवात भयो भनी राजकाजको डाडुपन्यूँ आफ्नो हातमा लिएकाहरूले जुन प्रचार गरिरहेका छन्, प्रमाणद्वारा त्यसलाई पुष्ट गर्न सकिँदैन। हुनत यस विषयमा एउटा लामै लेख लेख्न नसकिने होइन, तर यहाँ अहिले त्यसको अवकाश नभएकोले त्यो विषय यसै छोड्नुपरेको छ।

पश्चिमबाट अनाक्रान्त आधुनिकता[१०]बाट सम्पन्न नयराज पन्तले आजभन्दा झण्डै ५८ वर्षअगाडि नै पहिल्याएको, तत्तज्जाति र तत्तद्धर्मसम्बन्धी पहिचानको अभिव्यक्ति अहिले पराकाष्ठामा पुगेको छ। १ श्लोकमा कुरा टुङ्ग्याइएकोले होला, जातिहरूको त्यस जुरमुर्‍याहटको परिणामको विषयमा नयराज पन्तले केही लेखेका छैनन्।

एथ्नोशोभिनिज्म भनी परिभाषित गर्न मिल्ने, त्यस जुरमुर्‍याहटले हद नाघ्नु भनेको देश फेरि पृथ्वीनारायण शाह आउनुभन्दा अगाडिकै अवस्थामा फर्कने सम्भावनातिर अघि बढ्नु हो। छोटकरीमा भन्दा युरोपियन कुशिक्षाले देशलाई कवलित गर्दा यस्तो अवस्था आएको हो।[११] यस्तो अवस्था नेपालमा मात्र होइन, युरोपियन उपनिवेशबाट मुक्त थुप्रै देशमा कतै धेरै, कतै थोरै नभएको होइन। यो देश त अन्त्यजहरूको हो,

---

१०. हिन्दीका नामुद ग्रन्थकार हजारीप्रसाद द्विवेदी (वि.सं. १९६४-२०३६)को विषयमा लेख्दा हिन्दीका वर्तमानकवि तथा भारतको ललितकला अकादेमीका अध्यक्ष अशोक वाजपेयी (२०६५)ले उनमा प्रयोग गरेको मुहावरा **पश्चिम से अनाक्रांत* आधुनिकता की परंपरा** नै मैले माथि नयराज पन्तमा लगाएको छु।

११. ब्राह्मणमहासम्मेलनद्वारा लक्ष्मण शास्त्रीको गुणानुवाद गरी लेखेको पद्यमा भारतमा लगाइएको विशेषण मैले माथि सापट लिएको छु। पूरा लेख यस्तो छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिमीहरू यहाँ आगन्तुक हौ भन्ने भाव व्याप्त हुँदा नै यस्तो अवस्था आएको हो भन्ने विषयमा सनातन वर्णाश्रमधर्मको रक्षाको लागि उद्यत ब्राह्मणमहासम्मेलननाउँको संस्थामा लागेका, नेपालका जगन्नाथ गुरागाञी (वि.सं. १९५९-२०३३[१२])ले झण्डै पौने

श्रीमद्धर्मप्राण-पूजनीयचरणा लक्ष्मणशास्त्रिणो महानुभावा

विजयन्ते

यूरोपीय-कुशिक्षया कवलिते धर्माश्रिते भारते,
लोके मानस-काय-कर्म-वचनैर्दासेयतामापिते ।
दुःशिक्षां व्यपनीय धर्मधनुषोद्धर्तुं पुनर्भारतं,
सर्वस्वेन कृतोद्यमान्गुरुवरान्साष्ट्यङ्गपातं नुमः ।।

(अनन्तकृष्ण शास्त्री, हाराणचन्द्र शास्त्री, राजेश्वर शास्त्री द्रविड
र श्रीजीव न्यायतीर्थ १९८७)

(श्रीमान्, धर्मप्राण, पाठपूजा गर्न लायक्का, महानुभाव लक्ष्मणशास्त्रीको जय होस् । धर्ममा आश्रित भारत युरोपियन कुशिक्षाले ग्रस्त हुँदा मन, शरीर, काम र बोलीद्वारा दुनियाँ दासत्वमा पुऱ्याइँदा दुःशिक्षा हटाएर धर्मरूपी धनुद्वारा भारतको फेरि उद्धार गर्न सबै तरहले उद्योग गर्ने गुरुवरलाई साष्ट्यङ्ग दण्डवत् गर्छौं ।)

१२. जगन्नाथ गुरागाञीको अवदानको चर्चा गर्ने डिल्लीराम तिमसिना (२०३०)ले यिनको जन्ममिति दिएका छैनन्, खालि यिनी परलोक भएको मिति मात्र दिएका छन् (उही: १५) । त्यसअनुसार ई.सं. १९६६ नोभेम्बर १ तारीखमा यिनी परलोक भए । यसलाई हाम्रो मितिमा परिवर्तन गर्दा वि.सं. २०२३ कार्तिक १६ गते हुन्छ । कमलमणि दीक्षित, शरद्चन्द* शर्मा र घटराज भट्टराई २०५३: २९० मा तथा घटराज भट्टराई २०५६: २३५ मा चाहिँ यिनको जन्म र मृत्यु दुवैको साल दिइएको छ । अघिल्लो पुस्तकमा यिनी वि.सं. १९५९ मा जन्मी वि.सं. २०२६ मा बितेको लेखिएको छ त पछिल्लोमा भने जन्मवर्ष त्यही नै कायम गरिए पनि यिनको मृत्युचाहिँ वि.सं. २०२२ मा भयो भनी लेखिएको छ ।

यिनको बारेमा डिल्लीराम तिमसिनाले 'मधुपर्क' ६/७ मा एक गहकिलो लेख छपाएका छन् भनी डिल्लीराम तिमसिनाको माथि चर्चा गरिएको लेखको चर्चा कमलमणि दीक्षित, शरद्चन्द्र* शर्मा र घटराज भट्टराई २०५३: २९० मा जगन्नाथ गुरागाञीको विषयमा लेख्दा गरिएको छ । तर जगन्नाथ गुरागाञी वि.सं. २०२६ मा परलोक भए भनी लेख्ने यिनीहरूले जगन्नाथ गुरागाञीको मृत्युसंवत् वि.सं. २०२३ दिने, डिल्लीराम तिमसिनाको कुराको खण्डन किन गरेनन् ।

यस्तो हेलचक्र्याइँ कमल दीक्षितबाट अन्त पनि भएको सम्झना यस प्रसङ्गमा अनायास हुन्छ । कुरा के भने यिनको जीवनी यिनका नाति प्रकाश ए. राजले २०३५ सालमा प्रकाशित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शताब्दीअगाडि नै तात्कालिक भारतको सन्दर्भमा लेखेको कुरा पनि यहाँ अप्रासङ्गिक हुन सक्दैन ।[१३] यो सब हुनुको कारण एक वाक्यमा भन्दा दुर्गृहीत पाश्चात्त्यशिक्षा र पृथ्वीनारायण शाहले लिएको नीतिको परित्याग नै हो । अर्को वाक्यमा भन्ने हो भने अरबी भाषामा शिक्षा पाएका मुसलमान राजनीतिज्ञसँग दबी भारत टुक्र्याउने, भारतीय

गरेका छन् । त्यसमा यिनका बारेमा जान्नुपर्ने[①] सबै कुरा पाइन्छन् भनी कमल दीक्षित (२०५०: ४००)ले चर्चा गरेको, हेमराज पण्डितका नातिले लेखेको पुस्तक (प्रकाश ए. राज २०३५)मा आफ्ना बाजेको जन्मसंवत् उनले **वि.सं. १९३५** दिँदा दिँदै हेमराज पण्डितको विषयमा लेख्दा कमल दीक्षित यिनको जन्मसंवत् **वि.सं. १९३९** लेख्न पुगेका छन् ।

चन्द्रप्रसाद न्यौपाने (२०७१: ७)ले जगन्नाथ गुरागाञीको जन्मसंवत् अन्त जस्तै वि.सं. १९५९ दिए पनि मरणको मितिचाहिँ वि.सं. २०३३ कार्तिक १६ गते भनी किटेर दिएका छन् । डिल्लीराम तिमसिनाले पनि यसै गरी जगन्नाथ गुरागाञीको मरण भएको दिनको पूरै मिति दिए पनि चन्द्रप्रसाद न्यौपानेले जस्तो, जगन्नाथ गुरागाञीको, वि.सं. २०२६ मा छापिएको *मन्त्रीको गुणदोष* भन्ने पुस्तकको चर्चा नगरेकाले जगन्नाथ गुरागाञी र डिल्लीराम तिमसिना दुवैले बनारसमा धेरै वर्ष बिताएकाले डिल्लीराम तिमसिनालाई जगन्नाथ गुरागाञीको बारे बढी थाहा होला भन्ने ठान्दा ठान्दै पनि जगन्नाथ गुरागाञीको मृत्युसंवत् चन्द्रप्रसाद न्यौपानेअनुसार हालेको हुँ ।

१३. जगन्नाथ गुरागाञीको यससम्बन्धी अविकल लेख यस प्रकारको छ–

गोपूजा

अद्य माता हैन्दवी गौः, प्राकृतैः संहार्यते १
काऽप्यनर्था क्लिष्ट-भाषा, भारते विस्तार्यते (ध्रु)
भव्यभावानार्यशावान्, स्कूल-कोष्ठाभ्यन्तरे,
सम्प्रवेश्योन्मादकर्त्री, काऽपि शिक्षा धार्यते (अद्य माता०)
सारहीनैरप्रमाणै,[②] र्हन्त मिथ्या कल्पितैः,
स्वानुकूलैश्चेतिहासै, रायुरेषां हार्यते १ (अद्य माता०)
एष देशस्त्वन्त्यजाना[③] यूयमत्राऽभ्यागताः,
इत्थमध्याप्य स्वदेश-स्वत्वमेषां खण्ड्यते १ (अद्य माता०)
स्त्रीभिरत्रत्याभिरार्याः सङ्गताश्चेत्यादिभिः,
वर्णसाङ्कर्य्योद्भवत्वं तेषु तैरारोप्यते १ (अद्य माता०)

---

① त्यहाँ भ्रमवश जानुपर्ने भई छापिएको छ ।

② त्यहाँ **सारहीनै रप्रमाणै,** छापिएको छ ।

③ त्यहाँ **देश स्त्वन्त्यजानां** छापिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याको मूल स्रोत संस्कृतभाषादेखि विमुख काला अङ्ग्रेजहरू[१४]ले थुकेर फालिदिएको जूठो[१५]मा रमाउने नीतिको नतीजा यो हो भन्दा पनि फरक पर्दैन ।

पृथ्वीनारायण शाहलाई अहिले नेपाल राज्यले नै प्रतिनायक बनाइसकेको छ र कहलिएका ऐतिहासिकहरूबाट त्यसको समर्थन गर्ने काम पनि शुरू भइसकेको छ[१६] । तर नेपाल

भारतीयत्वं स्वकीयं रक्षितुं चेदिष्यते,
आर्यमाता कामदा गौः सेव्यतां भो हिन्दवः १

(जगन्नाथ गुरागाञी १९९१: १)

(गाईपूजा

हिन्दूहरूकी आमा गाई आज गँवारहरूद्वारा मारिन्छिन् । कुनै, अनर्थक, गाह्रो भाषा भारतमा फैलाइन्छ । (ध्रु)

राम्रो विचार भएका, आर्यका बच्चाहरूलाई स्कूलको कोठाभित्र हुलेर उन्मत्त पारिदिने, कुनै शिक्षा लिन लाइन्छ । (हिन्दूहरूकी आमा०)

अपशोच लाग्छ; सारहीन, अप्रामाणिक, झूठा कल्पना गरी बनाइएका, आफ्नो अनुकूलका इतिहासहरूद्वारा यिनीहरूको आयु हरिन्छ । (हिन्दूहरूकी आमा०)

यो देश त अन्त्यजहरूको हो, तिमीहरू यहाँ आगन्तुक हौ, यसरी पढाएर स्वदेशमा यिनीहरूको अधिकार नष्ट पारिन्छ । (हिन्दूहरूकी आमा०)

यहाँका स्वास्नीमान्छेहरूसँग आर्यहरूले सम्पर्क गरे इत्यादि कुराद्वारा वर्णसाङ्कर्यबाट तिनीहरूको जन्म भएको कुराको आरोप तिनीहरूद्वारा लगाइन्छ । (हिन्दूहरूकी आमा०)

आफ्नो भारतीयत्वको रक्षा गर्न खोज्ने हो भने हे हिन्दूहरू, इच्छा पुऱ्याइदिने, आर्यहरूकी आमा गाईको सेवा गर ।)

१४. माथि लेखिएको कुराको भाव र धेरैजसो शब्द मैले नयराज पन्त २०५९: ९ बाट लिएको हुँ ।

१५. लाइसेन्स पाएका नेपाली विद्वान्हरूको र जनादेश पाएका नेताहरूको मनःस्थिति उस्तै भएकोले नेपालको इतिहासको खोजीको सन्दर्भमा नयराज पन्त २०११ ख: ७-८ मा लेखिएको वाक्यबाट यी शब्द मैले लिएको हुँ ।

१६. जल्दोबल्दो पञ्चायतकालमा पटक पटक मन्त्री भई श्री ५ महेन्द्रको विशेष कृपा पाएका र रबर छन्दमा कविता लेख्नुपछिको सबभन्दा सजिलो काम ठानी अल्पश्रुतहरू तर मार्न भनी ओइरिने गरेको, इतिहास लेख्ने काममा लागी पछि ऐतिहासिकको रूपमा प्रतिष्ठित हुन पुगेका भुवनलाल प्रधान (२०६५)ले पृथ्वीनारायण शाहको विषयमा हालै व्यक्त धारणालाई यसको उदाहरणको रूपमा देखाउन सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्य अडाउने हो भने उनले आफ्नो उपदेशमा बोलेको धेरैजसो भाग मननीय मात्र होइन, त्यसलाई लागू गर्नुपर्ने अवस्था छ ।

पृथ्वीनारायण शाहको महत्ताको विषयमा यस्तै खालको भाव नयराज पन्तका तलका पद्यमा राम्ररी झल्किएकाले तिनको उद्धरण यहाँ गर्नु अप्रासङ्गिक नहोला–

भिन्नाभिन्नै मातृभाषा भएका ।
धर्मै भिन्नै इवाट्ट हेर्दा लिएका ।।
नेपालीले माथ ठाडो गरेर ।
बाँच्नालाई गर्नुपर्नेछ धेर ।।[१७]

हाम्रा छैनन् विश्वविख्यात विद्वान्,
हाम्रा छैनन् दूरदर्शी कलावान् ।
हाम्रो आफ्नो छैन केही पदार्थ,
जेले पारौं विश्वमा उच्च माथ ।। १ ।।
हाम्रो यस्तो दीनता क्यै हटाई
हामीलाई हौसला क्यै दिलाई ।
पार्ने हाम्रो चित्तमा सद्विवेक
जन्मेका छन् राजनीतिज्ञ एक ।। २ ।।[१८]

दोस्रो लेख[१९] प्राचीन कालमा विद्यार्थीले गर्ने गरेको भिक्षाटनको वकालतमा छ ।

विद्या पढ्दा विद्यार्थीहरूले घरघरमा भिक्षा मागी ल्याएको अन्नले नै विद्यार्थीहरूको र परिवारसहितका गुरुको वृत्ति चल्ने हुनाले सयौँ वर्षसम्म यसै गरी शिक्षा चल्यो र यसले गर्दा शिक्षाको खर्च चलाउन राजकीय कोषलाई अहिले जस्तो बोझ पर्थेन र अहिले जस्तो जो गद्दीमा बस्यो, त्यसको आदर्शअनुसार शिक्षाले मोडिनुपर्ने अवस्था

---

१७. नयराज पन्त २०२१: ठ पृष्ठ ।

१८. ऐजन २०२५ क: १५ ।

१९. ऐजन २०६०, महेशराज पन्त २०६५: २०-२४ मा उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आउँथेन । त्यही भिक्षाटनको नाटकीय रूप अहिले पनि हामीकहाँ शैवमार्गीहरूको व्रतबन्ध र नेवार बौद्धमार्गीहरूको त्यस्तै खालको संस्कारमा देख्न पाइन्छ ।

विद्यार्थिकालमा गरिने त्यस्तो भिक्षाटनको महत्ता नयराज पन्तले राम्रोसँग बुझेका थिए र त्यसको प्रयोग राजधानीको मुटुमा रहेको उनको पाठशालामा नभए पनि उनका चेला भोलानाथ पौडेलले गाउँघरमा खोलेको पाठशालामा भएको थियो ।[२०]

धीरशमशेर (वि.सं. १८८४-१९४१)का छोरा वीरशमशेर (वि.सं. १९०९-१९५७, शासनकाल १९४२-१९५७)हरूले आफ्ना ठाहिँला बाबु श्री ३ रणोद्दीपसिंह (वि.सं. १८८१-१९४२, शासनकाल १९३३-१९४२)लाई मारेपछि त्यही जरियाबाट क्रमशः धनी हुँदै गएका, काँठे बाहुन शिरोमणि आचार्य (वि.सं. १८८१-१९५८)ले आफ्नो पूर्वावस्थामा गरीबीको मारले भिक्षा माग्दै काशीमा पढेको कुरा उनकै एक जना छोराको नाउँमा दरिएको, आचार्यहरूको वंशावलीमा लेखिएको छ । त्यो पुस्तक आचार्यहरूको वंशावली लेख्ने निहुँमा मालिक रिझाउन गाँसिएका कथा-उपकथाहरूको सँगालो हो भन्ने भाव धेरै कालदेखि नयराज पन्तको मनमा खेलिरहेको थियो । त्यस पुस्तकमा राजा द्रव्य शाहको राज्याभिषेकको साइत हेर्ने एक जना आचार्य ब्राह्मणका नातिले राजा जयस्थिति मल्लबाट जग्गा पाए भनी कथेको कथा असत्य भएको देखाउन वि.सं. १६१६ मा राज्याभिषेक हुने द्रव्य शाहको राज्याभिषेकको साइत हेर्ने ब्राह्मणका नातिले वि.सं. १४५२ मा परलोक भइसकेका स्थितिराज मल्लबाट कसरी जग्गा पाउन सक्छन् भनी नयराज पन्तका २ जना ठिटा प्रशिष्यको नाउँमा छापिएको एउटा *इतिहास-संशोधन*मा यस्तो शीर्षक

हे शिरोमणि

भिक्षावृत्ति गरी विद्या पढेका तपाईँले भिक्षावृत्ति

गरी पढ्न लागेका हामीहरूलाई बाटो देखाइदिनुहोस् ।।

द्रव्यशाह अगाडि र जयस्थितिमल्ल पछाडि हुन सक्तैनन् ।।[२१]

---

२०. गुहनाथ पौडेल २०६०: १० ।

२१. लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०११ ङः १ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राखी त्यसको प्रस्तावनाको एक अंशमा यस्तो

> **दारिद्र्यले व्याप्त भएको यस देशमा गरीवहरूले पनि विद्या पढ्ने हो भने शिरोमणिको पहिलो जीवन चरित्रको नक्कल गर्नु सिबाय अर्को वाटो अहिलेसम्म हामीले देखेका छैनौँ । यस कारण हामी पनि शिरोमणि जस्तै भिक्षावृत्ति गरी पढ्न लागेका छौँ । मासु भात डम्म खुवाई पालिएको विदेशी कुक्कुरलाई अगिल्तिर राखी बैठकमा बसी देशोद्धारको चर्चा गर्न फुर्सत पाएका भलाद्मीहरू शिरोमणिको पहिलो जीवनको महत्व* वुझ्न सक्तैनन् । जिज्ञासुगरीबले ता विवश भएर सो कुरा वुझ्नुपरेको छ ।**[२२]

लेखिएको कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ ।

तेस्रो लेख ३ वटा पद्यरूपको छ[२३] र ती पद्यमा विद्याप्रतिको आफ्नो आसक्ति नयराज पन्तले काव्यात्मक रूपमा व्यक्त गरेका छन् । **श्वसितमपि मदीयं भावना सा विधत्ते** अर्थात् **मेरो सासफेराइले पनि त्यही भावनामा लगाउँछ** भन्ने शीर्षक भएको यो कविता झ्वाट्ट हेर्दा आत्मश्लाघा जस्तो देखिन सक्छ । तर नयराज पन्तलाई नजीकबाट देख्नेहरूको लागि त्यस्तो लाग्दैन र विद्यामा उनी सर्वतोभावले समर्पित भएकाले त्यही भावनाको काव्यात्मक अभिव्यक्ति यसलाई भन्न सकिन्छ । विद्या चलाउन धनीमानीको आश्रयमा जानु हुँदैन भन्ने भावनाले उनी अभिभूत थिए भन्ने कुरा **मां [...] धनिजनमुखवीक्षायाश्च दूरीकरोति** अर्थात् **धनी मानिसहरूको मुख ताक्नुबाट मलाई यढा पार्छ** भनी यहाँ लेखिएकोबाट मात्र होइन, उनको चरित्र र उनका अरू लेखबाट पनि स्पष्ट हुन्छ । यही दृढ धारणाले नै उनले संशोधन-मण्डललाई बरु टुट्न दिए, तर शासक र धनीमानीको आश्रयमा जान भने दिएनन् । मलाई पूरै त आउँदैन, शिखरिणी छन्दमा लेखिएको, शायद अहिलेसम्म नछापिएको, तलको पद्यार्धमा पनि त्यो भाव छ–

धनीको पैसाको मधुर रसको स्वाद मनमा
गडेका विद्वान्को मन धनिककै हुन्छ वशमा ।

---

२२. ऐजनः २ ।

२३. नयराज पन्त २०६० ग, महेशराज पन्त २०६५: २४-२५ मा उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो मनमा केही कालयता खेलिरहेका, एकाध कुरा पनि यस प्रसङ्गमा लेखिहालूँ ।

घरमावली दुवैतर्फबाट नयराज पन्तको परिवार सरकारिया संस्कृतशिक्षासँग सम्बद्ध थियो र खुद उनको जीविका पनि त्यही सरकारिया संस्कृतशिक्षाबाट चलेको थियो । राणाकालमा मात्र होइन, प्रजातन्त्र आइसकेपछि पनि केही समयसम्म संस्कृतशिक्षाको हर्ताकर्ता राजगुरुहरू नै थिए । त्यसैले सरकारिया संस्कृतशिक्षाका हर्ताकर्ता नायब बडागुरुज्यू हेमराज पण्डित (वि.सं. १९३५-२०१०)को आश्रयमा नयराज पन्त धेरै कालसम्म रहे । त्यो सेव्यसेवकभाव हेमराज पण्डितको तानामाना उडेपछि पनि कायम रह्यो । अर्को शब्दमा भन्दा हेमराजका प्रतिद्वन्द्वी र हेमराजकै भैयाद, राजपुरोहित जनकराज पण्डित (वि.सं. १९३४-२०२०)का साक्षात् जुवाइँ नयराज पन्तले राणाकालोत्तर नेपालमा पनि शक्तिमान् रहन सफल आफ्ना ससुरालाई मन नपर्दा नपर्दै पनि निरधिकार हेमराज पण्डितसँग सम्बद्धविच्छेद गरेनन् ।

अरू अरू पण्डितहरूले जस्तो नयराज पन्तले हेमराज पण्डितसँग अर्थलाभको लागि सम्बन्ध राखेका थिएनन्[२४] र हेमराज पण्डित बितिसकेपछि पनि उनका छोराबाट नयराज पन्तभन्दा धेरै धेरै सम्पन्न भइसकेका पण्डितले पछिसम्म पनि अर्थलाभ गरिरहेको अवस्थामा[२५] हेमराज पण्डितका छोराहरूले आफ्ना बाबुका पुस्तकपात्रा बेच्ने र उनका कागजात फाल्ने काम गरेकाले[२६] हेमराज पण्डितका छोराहरूबाट निराश भई उनीहरूसँग सम्बन्धविच्छेद मात्र होइन, कृष्णजीका दाजु बलरामको कुरा काट्ने प्रसङ्गमा सात्यकिको मुखबाट निकालिएको, *महाभारत*को एउटा श्लोक (५।३।३)

एकस्मिन्नेव जायेते कुले क्लीबमहाबलौ ।
फलाफलवती शाखे यथैकस्मिन् वनस्पतौ ।।

---

२४. सोमनाथ सिग्देल (वि.सं. २०४१-२०२९) आदि पण्डितहरूले जस्तो हेमराज पण्डितबाट वर्षौँ वर्ष नियत वृत्ति पाई नयराज पन्तले उनको सङ्गत गरेका होइनन् । प्रत्युत विशुद्ध विद्याप्रेमले हेमराज पण्डितको नजीक उनी गएका हुन् । हेमराज पण्डितबाट उनलाई भएको अत्यल्प अर्थलाभको लागि नयराज पन्त २०२९ ख: २२० को टिप्पणी हेर्नू ।

२५. रामचन्द्र पौडेल २०६३: २८ ।

२६. हेमराज पण्डितका कागजात जलाइएको कुरा एन्‌रिक गर्‌जिल्‌लि (२०५७/५८: ११६ मा ७ सङ्ख्याको टिप्पणी)ले लेखेकी छिन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

को उद्धरण हेमराज पण्डितका जेठा छोराको प्रसङ्गमा गरी त्यसको यस्तो उल्था

हुन्छन् पादपमा प्रशस्त फलले हाँगा कुनै शोभित,
देखिन्छन्, त्यस वृक्षमा पनि कुनै हाँगाहरू निष्फल ।
जन्मन्छन्, पुरुषार्थका घरसरी कोही महापूरुष,
जन्मन्छन् त्यस वंशमा पनि कुनै अत्यन्त निष्पौरुष ।।[२७]

छपाउन पनि त्यही विद्याप्रेम नै नयराज पन्तको प्रेरक थियो ।

श्री ५ महेन्द्र (वि.सं. १९७७-२०२८, राज्यकाल वि.सं. २०११-२०२८)लाई नयराज पन्तका मातामह पण्डित भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)ले पढाएका थिए । नम्बरी पण्डित र सरकारिया माथिल्ला जागीरदारको रूपमा नयराज पन्त दरबार जाँदा आफ्ना गुरुका नातिको रूपमा श्री ५ महेन्द्र उनलाई स्निग्ध दृष्टिले हेर्थे । श्री ५ महेन्द्रले नयराज पन्तसँग पटक पटक सम्बन्ध बढाउन खोजे पनि धनीमानीको संसर्गमा नजाने आफ्नो नीतिले गर्दा उनी जहिले पनि पन्छेर हिंड्ने गर्थे । त्रिभुवनविश्वविद्यालयको परीक्षामा आफूले फेल गरेका विद्यार्थी पछि पास भएर आएपछि मात्र त्यस विश्वविद्यालयको कुलपतिको हैसियतले श्री ५ महेन्द्रसँग दर्शनभेट मागी उनी भेट्न गएको कुराको सम्भना यस प्रसङ्गमा हुन्छ ।[२८] श्री ५ महेन्द्रसँग उनको एक मात्र भेटघाट त्यही नै हुन जानुको कारण त्यही विद्याप्रेम नै हो भनी भन्न नसकिने होइन ।

चौथो लेखको शीर्षक **न वयं शवपाला भवितुमर्हामः** भन्ने छ र यसको उल्था **हामीहरू मुर्दाको रखवाला हुन सक्दैनौं** भन्ने हुन्छ ।[२९] संस्कृतलाई खालि प्राचीन भाषा वा विद्या भनी त्यसको रक्षा गर्नुपर्छ भन्ने तर्क गर्नेहरूको लागि यस लेखबाट राम्रो जवाफ मिल्छ । नयराज पन्तको संस्कृतविद्याप्रतिको आस्था मूलतः यो प्राचीन भएर होइन, यसको उपयोग आजको जमानामा पनि हुन्छ भन्ने सिद्धान्तमा आधृत थियो । यो कुरा आफूले खोलेको पाठशालाको कार्यप्रणालीको विषयमा लेखिएको पुस्तकको उठानमै भएको तलको वाक्यबाट मात्र पनि स्पष्ट हुन्छ–

२७. नयराज पन्त २०३० कः १०४ ।

२८. तल २४७-२४८ पृष्ठ ।
नयराज पन्त २०७१: ३०५-३१० ।

२९. ऐजन २०६० ढ, महेशराज पन्त २०६५: २६-२७ मा उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतविद्याको अध्ययन-अध्यापन गरी भारतीय प्राचीन विद्याद्वारा कार्यक्षमता पैदा गराउन अर्थात् प्राचीन विद्याको पुनरुद्धार गर्न संस्कृत-भाषाको अध्ययन-अध्यापनमा हामीहरू लागेका छौँ ।[३०]

त्यही आस्थाअनुसार संस्कृतको अध्यात्मवाद होइन कि उपयोगितावादतर्फ उनी लागेका थिए । त्यसैले अध्यात्ममा होइन कि सिद्धान्तज्यौतिष र आयुर्वेदमा उनले आफू वा आफ्ना नजीकका मान्छेद्वारा कामको प्रारम्भ गराएका थिए । अङ्ग्रेजी विद्याको पेवा जस्तो भएर रहेको, इतिहासको क्षेत्रमा उनको प्रयासबाट जुन युगान्तकारी कामको प्रारम्भ भई तदनुसार काम चलिरहेको छ, त्यो पनि त्यही उपयोगितावादको परिणति हो । अर्को शब्दमा भन्दा संस्कृतविद्याबाट पराङ्मुख, अल्पश्रुत, अङ्ग्रेजीबाज भनाउँदा ऐतिहासिकहरू आफूले पढी टेपलेको इतिहासविद्याबाट धनमान कमाउन सफल भए पनि उनीहरूबाट यस विषयमा कुनै खास काम नभएको र नयराज पन्त वा उनको पद्धतिबाट शिक्षा पाएका मानिसहरूले लेखेका कुरालाई नै तिनीहरूले शब्दान्तर वा भाषान्तरमा शास्त्रीय भाषामा भन्दा चर्वितचर्वण वा पिष्टपेषण गरिरहेकोबाट पनि यसतर्फ संस्कृतविद्याको उपयोग गर्न सकिने कुरा छर्लङ्ग भएको छ । अहिलेको जमानामा संस्कृत पढेर केही काम छैन भनी हिँड्ने, आफूलाई बुज्रुक सम्झने मानिसहरूले नेपालको इतिहासको अन्वेषणको लागि संस्कृत अपरिहार्य छ भनी आजभोलि भन्न थाल्नु पनि त्यही उद्योगको परिणाम हो भनी भन्न नसकिने होइन ।

पाँचौँचाहिँ एउटा पद्य हो[३१] र अरूको अगाडि डिच्चिएर लाभ उठाउन खोज्नेहरूप्रति उनको घृणा त्यसमा झल्किएको छ ।

छैटौँचाहिँ प्राचीन कालका भारतीय विद्वान्हरूको मनःस्थितिको बारे लेखिएका २ वटा पद्यरूपको छ ।[३२] आलस्यले लोभ आउँछ, लोभबाट डाह हुन्छ, डाहबाट मोह र मोहबाट धूर्तता आउँछ, धन भएका मानिसमा सजिलैसँग आलस्यले वास गर्ने हुनाले प्राचीन कालका विद्वान्हरूले व्यवहार चलाउनको लागि मात्र धन कमाउनुपर्छ भन्ने मान्यता राखेका थिए भनी त्यहाँ लेखिएको छ ।

३०. नयराज पन्त २०५९: १ ।

३१. ऐजन २०६० ख, महेशराज पन्त २०६५: २७ मा उल्था ।

३२. नयराज पन्त २०६० घ, महेशराज पन्त २०६५: २७ मा उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी श्लोकको टिप्पणीमा मनुको तलको श्लोक

यात्रामात्रप्रसिद्ध्यर्थं स्वैः कर्मभिरगर्हितैः ।
अक्लेशेन शरीरस्य कुर्वीत धनसञ्चयम् ।। ३ ।।

(*मनुस्मृति* ४ अध्याय)

(आफ्ना अनिन्दित कामद्वारा जीउलाई दुःख नदिईकन खालि निर्वाह गर्नको लागि मात्र धनसञ्चय गर्नू ।)

उद्धरण गरिएकोले यहाँ मनुको त्यही श्लोकको व्याख्या आफ्नो ढङ्गले गरिएको देखिन्छ ।

वि.सं. २००७ पछि नेताको रूपमा रजाइँ गर्न जो आए, तिनको कामकार्वाई देख्दा नयराज पन्तको मनमा उठेको भावनाको काव्यात्मक रूप नै सातौँ लेख हो ।[३३] नेताहरूको त्यस्तो कामकार्वाइ झण्डै साठी वर्ष बितिसक्दा अहिले झन् झन् घीनलाग्दो रूपमा देखिँदै गएकोले उनी जीवित र उनको दिमागले काम गरी नै रहेको भए उनको प्रतिक्रिया कस्तो हुन्थ्यो भनी सोच्न मन लाग्छ ।

आठौँचाहिँ वर्तमान शिक्षापद्धतिमा आचारमा जोड नदिँदा हुन गएको प्रतिफलको विषयमा लेखिएका २ वटा पद्य हुन् ।[३४] यी २ पद्यअनुसार जब आचार हुँदैन, तब बुद्धि अस्थिर हुन्छ, बुद्धि चञ्चल भएपछि धैरै वर्ष लगाएर पढेको विद्याले पनि शङ्का मात्र उत्पन्न गराउँछ ।

प्राचीन कालमा ३ प्रकारका स्नातक हुन्थे भन्ने कुरा हामीलाई थाहा छ । जो राम्रोसँग पढाइ सिध्याउँथे, तिनीहरू विद्यास्नातक कहिन्थे । जो पढाइमा भने त्यति राम्रो नभए पनि नियत कालसम्म गुरुकुलमा बसी आचारमा राम्रो गर्थे, तिनीहरू व्रतस्नातक कहिन्थे । जो विद्या र आचार दुवैमा गुरुलाई चित्त बुझाई गुरुकुलबाट निस्कन्थे, तिनीहरू विद्याव्रतस्नातक कहलाउँथे ।[३५]

---

३३. नयराज पन्त २०६० च, महेशराज पन्त २०६५: २८ मा उल्था ।

३४. नयराज पन्त २०६० छ, महेशराज पन्त २०६५: २८-२९ मा उल्था ।

३५. उदाहरणको लागि

त्रयः स्नातका भवन्ति विद्यास्नातको व्रतस्नातको विद्याव्रतस्नातक इति ।। ३२ ।।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवाँचाहिँ आजभोलि बुज्रुगहरूले हिन्दू धर्मको कोढको रूपमा चित्रण गर्ने गरेको वर्णव्यवस्थाको वकालतमा लेखिएका ४ वटा पद्य हुन् ।[३६] वर्णव्यवस्थाको मूल सिद्धान्त कोही पनि भोको नरहोस् र कसैले पनि सम्पत्ति थुपार्न नपाओस् भन्ने हो भनी त्यहाँ लेखिएको छ ।

दशौँचाहिँ प्राचीन विद्याको लोप हुँदा लोकयात्रामा आएको उथलपुथलको विषयमा लेखिएका ३ वटा पद्य हुन् ।[३७] पश्चिमको प्रभावले हाम्रो विद्या नष्ट हुँदै जाँदा दानका भरमा जीविका गर्नेहरूको हातमा त्यो विद्या पर्न गयो, नयाँ पद्धतिले पनि यहाँ जरो नगाडेकोले लोकयात्रामा उल्टोपाल्टो निकै भयो र दुनियाँहरूको दुःख बढ्यो भन्ने भाव ती पद्यको हो ।

एघाह्रौँचाहिँ विद्यार्थिकालमा भिक्षाटन गरी पढ्ने जुन चलन थियो, त्यो हराउँदै जाँदा विद्यामा पर्न गएको असरबारे लेखिएका २ वटा पद्य हुन् ।[३८] भिक्षाटन गर्ने चलन हराउँदा धनी मान्छेबाट पाएको नगद र घरखेतबाट विद्याको पठनपाठन चल्न थाल्यो । राजा-महाराजहरू र धनी-मानीहरूको अनुग्रहबाट ठूला ठूला अग्रहार पाएका गुरुहरूले पाठशाला चलाउन थाल्दा पाठ्यक्रमबाट व्यवहारोपयोगी विद्या हट्दै गए र अध्यात्मवादले हाम्रो प्राचीन शिक्षापद्धतिलाई नराम्रोसँग अँठ्यायो भन्ने भाव तिनमा काव्यात्मक रूपले व्यक्त छ ।

समाप्य वेदमसमाप्य व्रतं यः समावर्तते स विद्यास्नातकः ।। ३३ ।। समाप्य व्रतमसमाप्य वेदं यः समावर्तते स व्रतस्नातकः ।। ३४ ।। उभयर्ठं समाप्य यः समावर्तते स विद्याव्रतस्नातक इति ।। ३५ ।।

(*पारस्करगृह्यसूत्र* २ काण्ड, ५ कण्डिका)

(विद्यास्नातक व्रतस्नातक र विद्याव्रतस्नातक गरी ३ थरी स्नातक हुन्छन् ।। ३२ ।। वेद सिद्ध्याएर व्रत नसिद्ध्याएर जो फर्कन्छ (जसको समावर्तन हुन्छ), त्यो विद्यास्नातक हुन्छ ।। ३३ ।। व्रत सिद्ध्याएर वेद नसिद्ध्याएर जो फर्कन्छ, त्यो व्रतस्नातक हुन्छ ।। ३४ ।। दुवै सिद्ध्याएर जो फर्कन्छ, त्यो विद्याव्रतस्नातक हुन्छ ।। ३५ ।।)

३६. नयराज पन्त २०६० ज, महेशराज पन्त २०६५: २९ मा उल्था ।

३७. नयराज पन्त २०६० झ, महेशराज पन्त २०६५: २९ मा उल्था ।

३८. नयराज पन्त २०६० ञ, महेशराज पन्त २०६५: ३० मा उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारीले एक जनाको मात्र अन्न खानु हुँदैन (**नैकान्नादी भवेद् व्रती**) र सधैँ भीख मागेर काम चलाउनुपर्छ (**भैक्षेण वर्तयेन्नित्यम्**) भन्ने आदर्श क्रमशः क्षीण हुँदै जाँदा यस्तो अवस्था आएको हो भन्ने कुरा प्राचीन भारतीय शिक्षापद्धतिको इतिहास पढेकाहरूको लागि नौलो कुरा होइन । अर्को शब्दमा भन्नुपर्दा विद्यार्थीलाई भीख दिँदा धर्म हुन्छ भन्ने भावनाले भन्दा लोकयात्राको लागि आवश्यक सबै खालका विद्या अर्जन गर्ने काममा आफूले टेवा पुऱ्याउने भावनाले काम गरेको थियो । जब पठनपाठनको खर्च राजा-महाराजहरू र धनी-मानीहरूले उठाउन थाले, तब त्यसबाट पुण्य कमाउने भावनाको विकास भयो । यसले गर्दा धर्म र अध्यात्मसम्बन्धी विद्याको पठनपाठनमा बढी जोड दिइन थाल्यो र कृषि, पाशुपाल्य, वाणिज्य, ज्यौतिष, आयुर्वेद, अर्थशास्त्र र शिल्प जस्ता विद्या क्षीण हुँदै गए र यिनमध्ये कति विद्याको त पठनपाठन ठ्याम्मै बन्द भयो ।

आफूले २ वटा पद्यमा व्यक्त गरेको कुरा नै आफूले खोलेको पाठशालाको कार्यप्रणालीसम्बन्धी पुस्तकमा खुलाएर नयराज पन्तले लेखेको पनि यस प्रसङ्गमा सम्झनुपर्छ ।[३९]

मठहरूमा नोकर र चेलामा कुनै भेद नहुने भएको देखेर नै यहाँ एक ठाउँमा **नामभेदं विधाय दासान् छिष्यानिति हि लपताम्** अर्थात् **नाउँ फरक पारी दासहरूलाई चेला भन्ने** भनी नयराज पन्तले लेखेको देख्दा **यच्च शिष्येण कर्तव्यं कार्यं दासेन वा पुनः** (*वाधूलगृह्यागमवृत्तिरहस्य* ४।२२) अर्थात् **जुन काम कि चेलाले गर्नुपर्छ कि दासले गर्नुपर्छ** जस्ता शास्त्रीय वाक्यको र गुरुकुलमा बस्दा शिष्यले खालि पढ्ने काम मात्र नगरी गुरुको सेवा पनि गर्नुपर्थ्यो, तर पछिल्लो कालमा त्यस्तो सेवा झन् झन् बढी गर्नुपर्ने भयो भनी प्राचीन भारतीय शिक्षापद्धतिका ऐतिहासिक अनन्त सदाशिव अलतेकर (२००५: ६०)ले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

---

३९. ऐजन २०५९: १-५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलिकति *ज्ञानगुनका कुरा*को विषयमा

१. कुरा यही असार ९ गते बिहीवारको हो । *ज्ञानगुनका कुरा*का सम्पादक शेषराज सिवाकोटी (वि.सं. २०१६ मा जन्म)ले फोन गर्नुभई भोलिपल्ट शुक्रवारको दिन मकहाँ आउने कुरा गर्नुभयो । मैले हुन्छ भनें । शुक्रवार उहाँले फेरि फोन गर्नुभयो र त्यस दिन अपराह्णमा उहाँ आउनुभयो । ३ जना मसीजीवीको प्रशस्तिरूपका, *ज्ञानगुनका कुरा*का भरखरै निस्किएका ३ भाग मलाई दिई आफूले सम्पादन गरेको, ज्ञानमणि नेपाल (वि.सं. १९८९ मा जन्म)को प्रशस्तिको रूपमा निस्कन लागेको *ज्ञानमणि नेपाल– अक्षरको अभिवादन*को भूमिका लेखिदिने आग्रह मसँग गर्नुभयो । मैले अन्त अन्त लेखे जस्तै, म आफ्नो किताबमा अरूलाई भूमिका लेखाउने र अरूको किताबमा आफूले भूमिका लेख्ने प्रथाको विपक्षमा छु ।[१] त्यसो भए पनि एकाधचोटि यस नियमको व्यतिक्रम मबाट भएको छ ।

धनवज्र वज्राचार्य (वि.सं १९८८-२०५१) बितिसकेपछि शेषराज सिवाकोटीको सम्पादकत्वमा निस्केको, धनवज्र वज्राचार्यको प्रशस्तिरूपको लेखसङ्ग्रहमा सम्पादकको आग्रहवश मैले भूमिका लेखेको छु ।[२] त्यस लम्बेतानको भूमिकाबाट नेपालको, विद्यासम्बन्धी इतिहासमा केही प्रकाश परे पनि मेरो र औँलामा गन्न पुग्ने सत्यान्वेषीको बाहेक अरू कसैको पनि ईप्सितसिद्धि भएन जस्तो मलाई लाग्छ । त्यसमाथि, मेरो त्यस लेखबाट आफूलाई अप्ठेरो परेकामध्ये एक जनाले आफैँले *ज्ञानगुनका कुरा*मा लेखेर[३] र अर्काले आफ्ना मित्रलाई लेखाई आफ्नै पत्रिका *रचना*मा छपाएर[४] आवाज पनि उठाएका थिए । तिनको विरोधमा लेख्नुपर्ने त थियो, तर त्यसभन्दा आवश्यक काममा म फसिरहेकोले त्यतातिर फर्कन सकेको छैन ।

---

१. महेशराज पन्त २०६०: १ र ऐजन २०६४: १ ।

२. ऐजन २०६४ ।

३. जगदीशचन्द्र रेग्मी २०६४ ख ।

४. उपेन्द्र गौतम २०६४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. शेषराजजी जसरी विद्वत्पूजा गर्नुहुन्छ, त्यसको पनि आलोचना मैले धनवज्र वज्राचार्यको प्रशस्तिरूपको लेखसङ्ग्रहको भूमिकामा गरेको छु ।[५] आफ्नो आलोचना भएको कुरा पनि आफ्नो निजी पैसा खर्च गरी शेषराजजीले छपाएकोमा धेरैले उहाँलाई बेवकूफ पनि भने भन्ने सुन्नमा आएको छ । शेषराजजीको कार्यपद्धतिको आलोचना मैले गरे पनि किन हो, उहाँ मसँग परसपरस भने अझ हुनुभएको छैन ।

३. ***ज्ञानगुनका कुराका* सम्पादक [...] ठूला ठूला काममा नलागी मैले यसरी पौरोभाग्य वा निट्-पिक्इङ गर्दैमा र मीनमेख निकाल्दैमा Publish or Perish अर्थात् कि छाप् कि मर् भन्ने आजको जमानामा *ज्ञानगुनका कुरा*को तह बढाउने काममा जाँगर चलाउलान् जस्तो मलाई लाग्दैन**[६] भनी धनवज्र वज्राचार्यको प्रशस्तिरूपको लेखसङ्ग्रहको भूमिकामा मैले लेखेको थिएँ । त्यसको १७ दिनअगाडि र १२ दिनपछाडि गरी क्रमशः नयराज पन्त (वि.सं. १९७०-२०५९)सम्बन्धी, *ज्ञानगुनका कुरा*को एउटा भाग[७] र नयराज पन्तको प्रशस्तिरूपको सातौँ लेखसङ्ग्रह[८] शेषराजजीको सम्पादकत्वमा निस्किए। ती दुवैमा एक जना जापानी विद्वान्ले नयराज पन्तको विषयमा जापानी भाषामा लेखेको लेखको नेपाली उल्था पनि छापिएको छ ।[९] ती दुवैमा लेख टुङ्गिइसकेपछि लेखको विषयमा **जापानी भाषामा प्रकाशित मिचिहिरो नारिताद्वारा लिखित मूल प्रतिबाट नेपालीमा अनुदित*- सम्पादक** भनी लेखिएको छ । वास्तवमा यो लेख **मिचिहिरो नारिता**को नभई **मिचिओ यानो**को हो । जसलाई शेषराज सिवाकोटीले रचयिताको ठाउँमा उभ्याउनुभयो, उनले त खालि जापानीमा लेखिएको लेखको नेपालीमा उल्था गरेका मात्र हुन् । **नयराज पन्तज्यू [...]का वारेमा मिचिओ यानोका –"ज्योतिषहरूको भारत" नामक पुस्तकमा 'जीवित पण्डित' भनेर निम्नानुसार वर्णन गरिएको छ** भनी यो लेख उल्था गर्नेले आफ्नो तर्फबाट लेखेकोबाट पनि यो लेख मिचिहिरो नारिताको होइन भन्ने खुलस्त हुन्छ । यो उल्था

५. माथि ९२-९३ पृष्ठ ।

६. महेशराज पन्त २०६४: ५३ ।

७. शेषराज सिवाकोटी २०६४ ।

८. ऐजन: २०६४ क ।

९. मिचिहिरो नारिता २०६४: ६५-६९ र २०६४ क: ६५-६९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलोपटक छापिएपछि यो ठूलो गल्ती भयो, सच्याउनुपर्छ भनी शेषराजजीलाई मैले भनेँ। दोस्रोपटक छापिइसकेपछि पनि त्यही कुरा दोहऱ्याएँ। तर अहिलेसम्म त्यो गल्ती सच्चिएको छैन। यही एउटा उदाहरणले मात्र पनि शेषराजजीको काम गर्ने शैलीको स्तर बढेको छैन भनी भन्न सकिन्छ।

४. हतभाग्य यस देशको अल्पपठित वा कुपठित, तर विद्वद्ब्रुव वा विद्वन्मन्य समाजमा विद्वत्पूजा गर्ने शैली यही नै हो कि जस्तो पनि मलाई लाग्छ। यसरी होहल्ला गर्दा विस्मृतप्राय विद्वान्हरूको नाउँ सुन्ने मौका कमसेकम एक दिन भए पनि समाजले पाउँछ। ती विद्वान्हरूका ग्रन्थ पढी तिनको आलोचना-प्रत्यालोचना गर्ने अवकाश र ल्याकत त थोरैमा मात्र हुन्छ भनी भनिरहनुपर्दैन।

५. हामीकहाँ वित्तैषणाले कलम चलाउनेहरूको त कुरै छोडौँ, लोकैषणाले कलम चलाउनेहरूको पनि लेखाइ र प्रस्तुति धेरैजसो विद्वद्ग्राह्य छैन। यो कुरा आफूखुशी लेख्ने मात्रमा होइन कि विश्वविद्यालयमा उपाधिको लागि गरिएका शोधपत्रमा सुद्धा लागू हुन्छ। यही स्थितिमा विद्वद्ब्रुव वा विद्वन्मन्य समाज रमाइरहेछ र **परस्परं प्रशंसन्तौ अहो रूपमहो ध्वनिः अर्थात् गजबको रूप, गजबको आवाज भनी परस्परमा तारीफ गर्ने** भने जस्तै परस्परको बखान चलिरहेछ ।

जबसम्म आफूले जुन काम गर्न लागेको हो त्यो काम गर्ने ल्याकत आफूमा हुँदैन र काम गर्ने मानिस आफूले लिएको काममा रमाउँदैन, तबसम्म स्थितिमा फरक आउला जस्तो मलाई लाग्दैन।

६. शेषराजजीले गरेको विद्वत्पूजामा थरीथरीका अवदान भएका मान्छे मात्र नपरी घटीबढी अवदान भएका मानिससमेत परेका छन्। तिनको प्रशस्ति गाउने काम मात्र नभई प्रशंसित विद्वान्हरूको नाममा आफूले विद्वान् ठहऱ्याएका, नयाँ पुस्ताकाको सम्मान गर्दै जाने चलन पनि उहाँले चलाइसक्नुभएको छ। पहिलो वा दोस्रो पुस्ताका प्रशस्य विद्वान्हरूको पालो सिद्धिएपछि नयाँ नयाँ मानिस पनि श्रेणी चढ्दै जाने सम्भावना यताबाट देखिएको छ।

७. नयराज पन्तको नाउँमा पनि यसै गरी शेषराजजीले केहीको सम्मान गर्दै जानुभएको छ । नयराजपन्तसम्मान पाउने ती भट्टाचार्य वा भट्टाचार्याहरूमध्ये धेरैजसोसँग आफ्नो जाज्वल्यमान अवस्थामा नयराज पन्तले भेट गर्नुपर्ने भएको भए **नपढ्ने मान्छे मेरो**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कोठामा नपस्नू भन्नसम्म पनि उहाँले तिनीहरूलाई बाँकी राख्नुहुन्थेन जस्तो मलाई लाग्छ ।

८. नयराज पन्तको खास अवदान मेरो दृष्टिमा प्राचीन भारतीय ज्ञानबाट कार्यक्षम विद्यार्थी निकाल्ने प्रयत्न हो जस्तो लाग्छ । उहाँको परम्पराबाट खास गरी नेपालको इतिहासका धेरै अज्ञात वा अल्पज्ञात तथ्यको उद्घाटन भयो तापनि त्यतिमै अल्झिने उहाँको इच्छा थिएन । केही काम त गणितको इतिहासमा उहाँले एकलै गर्नुभयो, राजनीति-इतिहासमा जस्तो यस विषयमा शिष्यपरम्परा भने उहाँले तयार गर्न सक्नुभएन । आफूले पढाएका, ज्यौतिषका कुनै पनि विद्यार्थीको ज्ञानको तहमा उहाँ सन्तुष्ट हुनुहुन्थेन भन्ने कुरा उहाँको लेखबाट नझल्किने होइन ।[१०] इतिहास पढाउने लाइसेन्स उठानउठानमा पाउने प्रोफेसरमध्ये एक जना भैरवबहादुर प्रधान (वि.सं. १९५८-२०३५)को विषयमा लेख्दा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल (२०१०: प्रस्तावना)ले प्रयोग गरेको मुहावरा सापटी लिई भन्ने हो भने नयराज पन्तका ज्योतिषी शिष्यहरूमध्ये धेरैजसो कि फलादेश गरी **सुनौला माहुरी बटुल्ने** कि भारतमा डेढ सय वर्षअघिदेखि चल्दै आएको झगडा नेपालमा भित्र्याई हजारौँ वर्षदेखि चलिआएको धर्ममा खलल ल्याउने पञ्चाङ्ग विवेकशून्य शासकहरूका आडमा हुकूमप्रमाङ्गीले चलाउने काममा लागेका छन् जस्तो मलाई लाग्छ ।

१०. नयराज पन्त २०५० क: १३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास-संशोधनको प्रमाण-प्रमेयको उपोद्घात र त्यसको वरिपरि

१. यही आषाढ २६ गते मङ्गलवारको कुरा हो। आउने साउन २६ गते सधैँ झैँ यसपालि पनि नयराज पन्त (वि.सं. १९७०-२०५९)को जयन्ती मनाउने विचार ज्ञानगुनसाहित्यप्रतिष्ठानले गरेको छ, यसपालि उहाँको एकसयौँ जयन्ती परेकोले मैले विशेष कार्यक्रम गर्ने विचार गरेको छु, प्रकाशनको हकमा, वि.सं. २०१९ मा छापिएको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा छापिएको, उहाँको उपोद्घातको पुनर्मुद्रण गर्ने पनि विचार गरेको छु, यहाँले भूमिका लेखिदिनुपर्‍यो भनी शेषराज सिवाकोटी (वि.सं. २०१६ मा जन्म)ले दाङबाट फोन गरी मलाई भन्नुभयो।

नयराज पन्तको एकसयौँ जयन्तीदेखिको १ वर्षभित्र उनका अघिबाट नछापिएका केही कृति छाप्ने, उनका केही कृतिको पुनर्मुद्रण गर्ने, उनको विषयमा अरूले लेखेका कृति छाप्ने र यस वर्षभित्र म लागिपरेर जुन जुन कृति छापिन्छन् तिनलाई नयराज पन्तको जयन्तीसँग जोडी १२ वटा कृति छाप्ने मेरो योजना छ। *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा छापिएको, उनको उपोद्घातबाट उनको चरित मात्र नभई जुन दर्शनले प्रेरित भई उनले काम गरे, त्यो पनि धेरै मात्रामा बुझिने हुनाले त्यो र उनले आफ्नो बारे वा आफ्नो दर्शनबारे अन्यत्र छिटफुट लेखेका कुरासमेत समेटी सिलसिलेवार ढङ्गले उनकै शब्दमा उनको चरित र दर्शन प्रस्तुत गर्ने मेरो विचार थियो। त्यो काम समयसाध्य भएकोले त्यो अहिले लगत्तै नगरी केही महीनापछि गर्ने मेरो विचार थियो। अहिले शेषराजजीले *इतिहास-संशोधनको प्रमाण-प्रमेय*को उपोद्घात मात्रै भए पनि छापिहालौँ, अरू अरू समेट्ने काम पछि गरौँला भनी भन्नुभएकोले उहाँको इच्छाअनुसार त्यति मात्रको पुनर्मुद्रण हुने भयो।

२. यो उपोद्घातखण्ड *इतिहास-संशोधनको प्रमाण-प्रमेय*बाट जस्ताकोतस्तो उतार्दा त्यसको शुद्धिपत्रमा टिपिएका जति गल्ती मूल भागमा नै सच्याइएका छन्, व्याकरणमै द्विरूप भएका शब्द यस उपोद्घातको पहिलो संस्करणमा कहीँ एउटा रूपमा र कहीँ अर्को रूपमा छपिएकोमा यस संस्करणमा ऐकरूप्यमा जोड दिइएको छ। आफूले देखे जति थप गल्ती पनि हटाइएको छ। यही उपोद्घातको एक प्रकरणको शीर्षक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म गोबरगणेश बनेछु नै यस पुनर्मुद्रित उपोद्घातको शीर्षक राख्ने निर्णय भने शेषर ाज सिवाकोटीको हो ।

३. आफ्नो ८९ वर्षको दीर्घ जीवनमा नयराज पन्तको धेरै समय अङ्ग्रेजी शब्द सापटी लिएर भन्ने हो भने अगेन्स्ट् द कर्अन्ट् भएर बित्यो । उनी आफ्ना दौँतरीभन्दा निकै फरक प्रकारका थिए । उनको जीवनवृत्ति सरकारी जागीरबाट चले पनि उनको चरित्र अङ्ग्रेजी शब्दमा भन्ने हो भने आइकन्अक्ल्यास्ट्को थियो ।

*इतिहास-संशोधनको प्रमाण-प्रमेय*को उपोद्घात छापिँदा नयराज पन्तको उमेर ५० वर्ष पनि पुगेको थिएन । यो छापिएपछि अरू ४० वर्ष उनी बाँचेकाले उनको जीवनमा घटेका, विद्यासम्बन्धी खास खास घटना यहाँ नपरेका भए पनि उनको दर्शन बुझ्न यो काफी छ जस्तो मलाई लाग्छ । यसैले यस उपोद्घातको वरिपरि मेरो यो लेख घुम्छ ।

४. यस *उपोद्घात*को उठानमै नयराज पन्तले यस्तो

> **इतिहास-संशोधनको रचना गर्ने रचयिताहरू जम्मा २१ जनामध्ये अहिले यो पुस्तक्को संपादन गर्न आठ जना मात्र बाँकी रहेका छन् । छोड्ने १३ जनामध्ये १ जना मात्र पढेको (*अष्टाध्यायी*सम्मको) पाठ सुनाई सन्तोषपूर्वक बिदा भई गएका छन् । छोड्नेहरूमध्ये १२ जनाले यस पढाइमा असन्तोष देखाई यो काम छोडेका हुन् । [...]**
>
> **यस ग्रन्थको सम्पादकको रूपमा उत्रेका बाँकी रहेका आठ जना यस काममा अहिले सन्तुष्ट देखिन्छन् तापनि यिनको भित्र मनको अवस्था सन्तोषपूर्ण छ वा छैन भन्ने कुरा भविष्यका घटनाले देखाउनेछन् ।**

लेखेकाले उनले बाँकी रहेका इतिहास-संशोधकहरूलाई पनि पूरापूर विश्वास गरेका रहेनछन् भन्ने झल्को नआउने होइन । हुन पनि त्यस्तै भयो । एक एक गरेर सबैले उनलाई छोडेर गए, हुँदा हुँदा उनका एका-घरका मात्र बाँकी रहे भने पनि हुन्छ ।

५. दायाँबायाँ तलमाथि कतै आँखा नलाई, जनसम्पर्क नगरी, कसैलाई प्रभु नमानी, गुटबन्दी नगरी, आफ्नो कामको डम्फु बजाउने जस्ता हल्लाखल्ला नगरी, आफ्नो निजी पैसा खर्च गरी प्रचलित शिक्षापद्धतिमा आमूल परिवर्तन गर्ने आकाङ्क्षाले भूभार उठाएर नयराज पन्तले काम गर्दा नेपालको विद्यासम्बन्धी इतिहासमा अश्रुतपूर्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवदान भयो । नेपालको इतिहाससम्बन्धी जे जति तथ्य बाहिर आएका छन्, तिनमध्ये सयकडा पचहत्तर नयराज पन्त वा उनका शिष्यप्रशिष्यको खोजीले आएको हो भन्दा बढ्ता हुँदैन ।

यही कुरालाई त्रिभुवनविश्वविद्यालयका अध्यापक सुरेन्द्र के.सी (२०६२: १६३)ले यसरी व्यक्त गरेका छन्–

> **इतिहास विषयमा 'प्राडा' भएका हामीहरूले 'प्राडा' कमाउनकै लागि खोज अनुसन्धान गरेका थियौं भन्ने तथ्य हाम्रा कृति साक्ष्य छन् । वास्तवमा इतिहास र संस्कृतिका कुनै पनि 'प्राडा' ले संशोधन अभियान र अभियन्तासरहको कृति दिन सकेको छैन भन्ने तथ्यलाई स्वीकार गर्नमा कञ्जुस्याइँको आवश्यकता छैन । फलस्वरूप नयराज बितेको यस ३ वर्षको अन्तरालमा पनि केही सीमित पार्टी इतिहास र राजनीतिक इतिहासको विवरण बाहेक लिच्छविकालका अभिलेख जस्तो मौलिक ग्रन्थले फेरि यस धर्तीमा जन्म लिन सकेन । नतः पण्डितजीले सुरु गरेको अभियानको पुनरावृत्ति हुने कुनै सोच फेरि यस धर्तिमा प्रकट हुन सक्यो । इतिहासप्रेमी नेपालीका लागि यसभन्दा दुःखद कुरा अरू के हुन सक्छ ?**

६. नयराज पन्तको इतिहाससम्बन्धी पहिलो कृति *नेपालको संक्षिप्त इतिहास* (तोत्रराज पाण्डेय र नयराज पन्त २००४ = ऐजन २०६०) हो । हुन त त्यो एस्.एल्.सी.को पाठ्यपुस्तकको रूपमा छापिएको हो तापनि नेपालको इतिहाससम्बन्धी, अङ्ग्रेजी शब्द उधारो लिएर भन्ने हो भने, फर्स्ट्-रेट् रिसर्च् त्यहाँ परेको छ । पछि वि.सं. २००९ देखि छापिन थालेका *इतिहास-संशोधन*हरूमध्ये केहीको बीजरूप त्यसमा छ । नेपालको इतिहास-रचनाको पनि इतिहास बुझ्न खोज्नेहरूलाई काम लागोस् भनी यसै प्रसङ्गमा यस इतिहासको रचनाको उठान र बैठान कसरी भयो भन्ने विषयमा केही लेख्नुपरेको छ ।

वि.सं. १९९५ मा पढाइ सिध्याई बनारसबाट फर्केपछि नयराज पन्त नेपालको इतिहासको खोजी गर्न थाले । वि.सं. १९९६ मा रुद्रराज पाण्डेय (वि.सं. १९५७-२०४३)लाई प्रसङ्ग[1]वश भेट्न उनी गए र राणाजीको दरबारमा रुद्रराज पाण्डेयको राम्रो पहुँच भएकोले नयराज पन्तले गर्न थालेको नेपालको इतिहासको अन्वेषणमा सरकारी

१. यो प्रसङ्ग बुझ्न नयराज पन्त २०१९ च: २६-२८ हेर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अड्डाखानामा कागतपत्र खोतल्ने; त्यसको लागि सहायक जुटाइदिने; विदेशीले लेखेका, नेपालमा बजारमा नपाइने, तर राणाजीका सङ्ग्रहमा रहेका पुस्तक हेर्न पाउने जस्ता काममा रुद्रराज पाण्डेयबाट नयराज पन्तलाई मदत मिलेको थियो ।

रुद्रराज पाण्डेय पाठ्यपुस्तक छापी पैसा कमाउने काममा लागेका र नयराज पन्तचाहिँ नेपालको इतिहास लेख्ने काममा लागेकाले र राणाशासनमा नेपालबाट नेपालको इतिहास छाप्नु असम्भवप्रायः भएकोले दरबारिया रुद्रराज पाण्डेयले नयराज पन्तमाथि चारो हाल्ने राम्रो मौका भेट्टाए । एस्.एल्.सी.लाई उपयुक्त हुने, नेपालको इतिहास लेख्ने प्रस्ताव रुद्रराज पाण्डेयले राखे । रुद्रराज पाण्डेय आफैँले त दुइचारवटा किताब पनि लेखेर छपाइसकेका हुनाले र आफू सरकारिया कलेजको प्रिन्सिपल जस्तो उच्च पदमा बसेकोले पनि होला, भरखर पढेर आई सरकारी जागीरमा प्रवेश गरेको ठिटो अर्थात् नयराज पन्तसँग मिलेर पुस्तक निकाल्न उनलाई सङ्कोच लाग्नु स्वाभाविक थियो, पाठ्यपुस्तक छापेर कमाइने द्रव्यको लोभले पनि उनलाई उत्तिकै गाँजेको थियो । त्यसैले उनका ठाहिँला भाइ तोत्रराज पाण्डेय (वि.सं. १९६७-२०१४)ले पनि इतिहासै पढेकाले र उनलाई बिकाउनु पनि परेकोले रुद्रराजले अब लेखिने इतिहासमा तोत्रराज पाण्डेय र नयराज पन्तको नाउँ हालेर छाप्ने प्रस्ताव राखे ।

अब लेखिने पुस्तक एस्.एल्.सी.को पाठ्यपुस्तकको रूपको हुने भए पनि नयराज पन्तको भित्तै पुगेर काम गर्ने स्वभाव भएकोले त्यस पुस्तकमा अन्त कतै नलेखिएका कुराले त्यसका निकै पाना ओगटेका छन् । त्यो किताब श्री ३ जुद्धशमशेर (वि.सं. १९३२-२००९, शासनकाल १९८९-२००२)को पालामा वि.सं. १९९९ मा लेखिए पनि छापिनचाहिँ प्रजातान्त्रिक विचार भएका श्री ३ पद्मशमशेर (वि.सं. १९३९-२०१७, शासनकाल वि.सं. २००२-२००५)को पालामा वि.सं. २००४ मा मात्र सम्भव भयो । तर पनि राणाकालको विषयमा लेख्दा नयराज पन्तले अलिकति सम्झौता पनि गर्नुपऱ्यो । त्यो के हो भने श्री ३ जङ्गबहादुर (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९३३)को विषयमा एक अध्याय नै लेखिए पनि त्यहाँ श्री ३ जङ्गबहादुरको दोष देखाउने चेष्टा गरिएको छैन । जति जति पछिल्लो कालको इतिहास लेख्दै गयो, त्यति त्यति सम्झौता गर्दै जानुपर्ने भएर होला, नयराज पन्तले *नेपालको संक्षिप्त इतिहास* श्री ३ जङ्गबहादुरमै टुङ्ग्याइदिएका छन् ।

श्री ३ जङ्गबहादुरको गुण मात्र देखाई आफ्नो मन मोसेर इतिहास छाप्नुपरेकोमा नयराज पन्तलाई पछिसम्म पनि अप्ठ्यारो लागिरहेको थियो भन्ने कुरा *नेपालको*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*संक्षिप्त इतिहास*मा परेका अशुद्धिको, संशोधन गर्न उनका चेलाहरूले पहिलोपटक निकालेको *इतिहास-संशोधन* (धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ञः १८)मा लेखिएको तलको वाक्यबाट पनि स्पष्ट हुन्छ-

> **अन्त सवै ठाउँमा निष्पक्षपात बुद्धिले गुण दोष परीक्षा गरिएको र जङ्गबहादुरको वर्णनमा उनको गुणमात्र देखाइएकोले पुस्तकको आखिरी भाग भद्दा भएको छ ।**[२]

यो पुस्तक खुद तोत्रराज पाण्डेयले लगानी लगाई आफैँ प्रकाशक भएकोले होला, पुस्तकको बिक्रीमा उनलाई खास चिन्ता लागेको थियो । बिक्रीको काममा नयराज पन्तलाई पनि जोत्ने उनको विचार थियो भन्ने कुरा उनले काशीबाट ई.सं. १९४८ डिसेम्बर ६ तारीखमा (वि.सं. २००५ मार्ग २१ गते) नयराज पन्तलाई लेखेको चिठीबाट पनि झल्कन्छ ।[३] *नेपालको संक्षिप्त इतिहास* एस्.एल्.सी.को पाठ्यपुस्तक भएकोले र यस पुस्तकका प्रकाशक नै यसको बिक्रीको लागि हारगुहार गरी लागिपरेकाले यसको बजारमा राम्रै खपत भयो ।

अब यस पुस्तकको प्रतिसंस्कार र परिवर्द्धन गरी यो पुस्तक फेरि छपाउने निर्णय रुद्रराज पाण्डेयले गरे । यसको लागि उपकरणहरूको सङ्ग्रह गर्न नयराज पन्तको जिम्मामा ५००।- रुपैयाँ रुद्रराज पाण्डेयले वि.सं. २०१० मा दिए । उपकरणहरूको सङ्ग्रह गर्ने काममा नयराज पन्तले रामजी तेवारी (वि.सं. १९७३-२०४०) र शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६)लाई खटाए । *नेपालको संक्षिप्त इतिहास*को पहिलो संस्करणमा जङ्गबहादुरको पालासम्मको इतिहास मात्र परेकोले अब छापिने दोस्रो संस्करणमा वि.सं. २००७ सम्मको अर्थात् राणाकालसम्मको इतिहास पनि गाभ्ने निधो भएको थियो । यसैले रामजी तेवारी र शङ्करमान राजवंशीले सो अन्वेषणकार्य गर्दा राणाकालका उपकरणपट्टि खास चासो लिई राणाकालका निकै उपकरणको सङ्ग्रह

---

२. १४४ पृष्ठको पाँचौँ कण्डिकादेखि १४६ पृष्ठको दोस्रो कण्डिकासम्म मूलतः माथि ६८ पृष्ठको तेस्रो कण्डिकादेखि ६९ पृष्ठको चौथो कण्डिकाबाट उतारिएको हो ।

३. दिनेशराज पन्त २०६४: ३८ मा उद्धृत । त्यसको ई.सं.को मितिलाई वि.सं.कोमा परिवर्तन गर्दा उही: ३७ मा भ्रमवश **वि.सं. २००४ मार्ग २१ गते** छापिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरे ।[४] उपकरणहरूको सङ्ग्रह गर्न रामजी तेवारी र शङ्करमान राजवंशी जुन जुन दिन जान्थे, गएको दिनको जनही दश रुपैयाँ उनीहरूले पाउँथे ।

रुद्रराज पाण्डेयलाई इतिहासका उपकरणको सङ्ग्रहमा खास चासो थिएन । उनलाई त एस्.एल्.सी.को पाठ्यपुस्तकमा राख्न मिल्ने गरी नेपालको एकसरो इतिहास छाप्नु थियो । नयराज पन्तको निर्देशनमा रामजी तेवारी र शङ्करमान राजवंशी इतिहासका उपकरणहरूको सङ्ग्रह अझै गर्दै थिए । त्यस सङ्ग्रहको अनुशीलन गरी नयराज पन्तले इतिहास लेख्न थाल्नु त झन् धेरै टढाको कुरा थियो । त्यो कुरा बेपारी रुद्रराज पाण्डेयलाई सह्य भएन । यसैले आफ्नो बेपार चलाउने विचारले रुद्रराज पाण्डेयका जेठा छोरा माधवराज पाण्डेयको नाउँमा छापिएको, साल र प्रकाशकको नाउँगोतासमेत नराखिएको *नेपाल इतिहास को एक झलक* नाउँको, एउटा मसिनो पुस्तक बजारमा देखा पऱ्यो । त्यस पुस्तकको जङ्गबहादुरसम्मको खण्ड मूलतः *नेपालको संक्षिप्त इतिहास*कै छोटकरी रूपको थियो । यसरी आफ्नो पुस्तकको अपहरण गरी रुद्रराज पाण्डेयले आफ्ना छोराको नाउँमा दर्ता गरेको देखेर नयराज पन्त अत्यन्त क्रुद्ध भए र रुद्रराज पाण्डेयसँग सम्बन्धविच्छेद गर्ने मनःस्थितिमा उनी पुगे । हुनत रुद्रराज पाण्डेयकहाँबाट आएको रुपैयाँको केही अंश रामजी तेवारी र शङ्करमान राजवंशीलाई उपकरणहरूको सङ्ग्रह गर्ने गरेको कामबापत दिँदा खर्च भइसकेको थियो तापनि उनीकहाँबाट आएको पूरै रकम नयराज पन्तले फिर्ता गर्ने भए । एक एक रुपैयाँका पाँच सय डबलले भरिएका, कपडाका दुइटा थैली मलाई अर्थात् छोरा महेशराज पन्त (वि.सं. २००१ मा जन्म)लाई बोकाई उनी रुद्रराज पाण्डेयकहाँ पुगे । नयराज पन्तको र रुद्रराज पाण्डेयको घरमा ५ मिनेटको पनि दूरी नभए पनि म सानै भएकोले होला, मलाई ती थैली बोक्न गाह्रै भएको थियो । मैले सम्झेअनुसार त्यसवेला रुद्रराज पाण्डेयकहाँ भजन चलिरहेको थियो । भजनसजनमा रुचि नभएका नयराज पन्त त्यहाँ अचानक आएको देखेर रुद्रराज पाण्डेय अतालिए । संक्षिप्त भलाकुसारीपछि नयराज पन्तले आफू अकस्मात् आउनाको कारण बताई थैली उनलाई बुझाए । यस घटनाबाट स्तब्ध रुद्रराज पाण्डेयले तपाईँलाई पश्चात्ताप होला भनी नयराज पन्तलाई मनाउन निकै कोशिश गरे । पश्चात्ताप भए फेरि आउँला भनी नयराज पन्त फर्के ।

४. खास गरी रामजी तेवारी २०३१: १८३-१८४ बाट यस कण्डिकामा परेका कुरा उतारिएका हुन् । यहाँ परेको रकमको अङ्कचाहिँ मैले आफ्नै सम्झनाको भरमा लेखेको हुँ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसको भोलिपल्टै जस्तो रुद्रराज पाण्डेयका भतिजा अर्थात् तोत्रराज पाण्डेयका जेठा छोरा ध्रुवराज पाण्डेय नयराज पन्तकहाँ आए। ध्रुवराज पाण्डेयले नयराज पन्तकी सालीकी छोरी बिहे गरेकाले नाताले उनी नयराज पन्तका जुवाइँ पर्ने भए। मेरा ठूलोबुबाका छोरा दाइ माधवराज पाण्डेयले यस्तो काम गरे पनि हाम्रो खास परिवारको यसमा केही हात छैन, बितिसक्नुभएका मेरा बुबाको कीर्ति राख्न म जे गर्न पनि तयार छु, जसरी भए पनि यस पुस्तकको दोस्रो संस्करण हुनैपर्छ भनी उनले निकै जोड गरे। त्यसपछि पनि उनी पटक पटक नयराज पन्तकहाँ आए। यो काम गर्ने नै हो भने तिमीले पनि यहाँका अरू विद्यार्थी सरह पाठ बुझाई इतिहास पढ भनी रामजी तेवारीलाई लगाई पाठ कसरी पढ्ने भन्ने विधि पनि देखाए। यस किसिमको पढाइको गन्ध पनि नपाएका, इन्जिनीयर भइसकेका ध्रुवराज पाण्डेयले फेरि विद्यार्थी हुने आँट गरेनन् र कुरा त्यसै ट्यो।[५]

*नेपालको संक्षिप्त इतिहास*को यसरी अपहरण भएको विषयमा नयराज पन्तले यस उपोद्घात (२०१९ च: ४५)मा छोटकरीमा यसरी लेखेका छन्–

> **पुस्तक छपाई व्यापार गर्ने इच्छा मलाई थिएन। यस कारण *नेपालको संक्षिप्त इतिहास* अगाडि बढ्न सकेन। *नेपालको संक्षिप्त इतिहास*को सार झिकी इच्छानुसार थपघट गरी विद्वान् कहलाएका व्यापारीहरूले नानाथरीका अशुद्धिबहुल पुस्तक निकाली दुनियाँलाई मूर्ख आफूलाई धनी बनाइरहेछन्। विद्या र राष्ट्रको दृष्टिबाट सो काम अत्यन्त निन्दनीय हो।**

७. नयराज पन्तको कामले कमसेकम नेपालको इतिहासको क्षेत्रमा गुरुकिल्ली पश्चिमबाट फर्केर नेपाल आयो। खुलाएर भन्दा रोमका रेन्यरो न्योलि (वि.सं. १९८६ मा जन्म) र लूछ्याह्नो पेतेक (वि.सं. १९७१-२०६७)का लेखमा भन्दा काठमाडौँका धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१)हरूका लेख बढी प्रामाणिक हुन्छ भन्ने भित्रबाहिर सबैतिर जनविश्वास बढ्यो। खुद लूछ्याह्नो पेतेकको *मेड्इईभ़ल हिस्टरि अफ् नेपाल्* (२०४०)का पाना पल्याए मात्र पनि उनको नजरमा इतिहास-संशोधकहरूको प्रामाणिकता छर्लङ्ग हुन्छ।

---

५. यी घटना मैले प्रत्यक्ष देखेको हुँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. नेपालको इतिहासको खोजीमा मात्र सीमित हुन नयराज पन्तले भूभार उठाएका थिएनन् । उनको मुख्य ध्येय त संस्कृतविद्याको पुनरुत्थान थियो । नयराज पन्तमा भएको ज्ञानले कमसेकम काव्य कोष र व्याकरण, ज्यौतिष, अर्थशास्त्र, नेपालका लिपि र इतिहास, भारतवर्षको प्राचीन इतिहास र नेपाली भाषामा खोजी गर्न भ्याउँथ्यो । यसैले उनले आफ्नो मुख्य विषय भारतीय ज्यौतिषको इतिहासमा पनि केही काम गरे र वैद्य दिव्यवज्र वज्राचार्य (वि.सं. १९७६-२०५६)लाई आयुर्वेदको क्षेत्रमा काम गर्न प्रेरणा दिएका थिए ।[६] उनका चेलाहरूलाई उनले पुरानो नेवारीको अनुशीलनमा प्रेरित गरेकाले नै नेवारी आकरका आधारमा इतिहासका अज्ञात वा अल्पज्ञात तथ्यको उद्घाटन गर्ने काम भएको थियो । नयराज पन्तको प्रयासबाट खास गरी नेपालको इतिहासको खोजीमा अभूतपूर्व काम भयो र त्यो काम अझै पनि चल्दै गइरहेको छ भन्ने कुरा संशोधन-मण्डलबाट प्रकाशित *पूर्णिमा* पत्रिकाका पानापानाले बताइरहेका छन् ।

९. नयराज पन्तकै शैलीमा विद्याका अरू अरू क्षेत्रमा पनि काम भएको भए विद्याका केही हाँगाबिगाको केन्द्र नेपाल बन्थ्यो र अहिले जस्तो सबै क्षेत्रमा परमुखापेक्षी हुँदैनथ्यो । नेपाली विद्वन्मन्य वा विद्वद्ब्रुवहरूको काम हाम्रा गुरुले यसो भन्नुभयो भनी उनीहरूका सिद्धान्तको रिले गर्ने मात्र हुने थिएन, उनीहरू आफैँ आचार्यत्वमा प्रतिष्ठापित हुने थिए । न त नोबेलपारितोषिक पाउने विद्वान्हरूकहाँ आफ्नो पहुँच हुनुमा नै कृतकृत्य हुने विद्वद्ब्रुव[७]को प्रतिष्ठा हुने थियो । भनाइको मतलब के हो भने विद्याको ज्यादै सानो क्षेत्रमा भए पनि नयराज पन्तको कामले आचार्यत्व नेपालीमै आएको छ । नेपालको इतिहासको खोजीमा अग्रपङ्क्तिमा नयराज पन्तका शिष्यप्रशिष्य नै रहेका छन् । स्थिति यसो भए पनि नयराज पन्तले चलाएको विद्यापरम्पराको नैरन्तर्य पछि गएर टुट्नेमा शङ्का नभएकोले केही वर्षअगाडि नै सुरेन्द्र के.सी. (२०६२: १६२)ले **फलस्वरूप नेपालको इतिहास लेखनको ठेक्का पुनः विदेशीहरूकै हातमा फर्केर गयो** भनी लेखी पनि सकेका छन् ।

१०. नयराज पन्तले संशोधन-मण्डलको पाठशालामा जे जति विद्यार्थी जम्मा गरे, ती विद्यार्थी कुनै छनोट गरेर लिइएका थिएनन् । तिनीहरू उनकै भाइछोरा, सरकारी

६. नयराज पन्त र दिव्यवज्र वज्राचार्यको सम्बन्धको विषयमा माथि ६२-८९ पृष्ठ हेर्नू ।

७. उदाहरणको लागि दयानन्द वज्राचार्य २०६९ हेर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाठशालामा उनले पढाइसकेका विद्यार्थी वा इष्टमित्रका सन्तान थिए। कुनै प्रकारको सङ्गठन नगरी आफ्नो एकलो प्रयासमा उनले पाठशाला थालेका थिए। तिनीहरूले पाएको शिक्षा उत्कृष्ट भए पनि त्यसको प्रचारप्रसार त्यति हुन सकेन र त्यसको रूप घरेलु पाराको भयो। निकै विद्यार्थीको जिन्दगी गाँसिएको त्यस पाठशालाको समाजमा पनि खास प्रतिष्ठा भएन।

११. सरकारी विद्यालयमा दिइने शिक्षा र त्यस पाठशालामा दिइने शिक्षाको भेद देखाउन नै मेरो विचारमा *इतिहास-संशोधन*पत्र आदिको प्रकाशन शुरू गरिएको थियो। बडे बडे उपाधि हासिल गरी इतिहासको क्षेत्रमा विद्वान् कहलाएकाहरूको ज्ञानको कुन तहको छ भन्ने देखाउन नै *इतिहास-संशोधन*हरू लेखिएका थिए। यसैले कमलप्रकाश मल्ल (२०६४: vi)ले लेखेको यो कुरा

> **In the mid 1950s, a vocal campaign was launched by the denizens of this *gurukula*, attacking Principal Bhairav Bahadur Pradhan, Bal Chandra Sharma, Dilli Raman Regmi, Kaiser Bahadur K.C. and Surya Bikram Gyewali, above all –all trained in the Western-style Indian institutions. In this campaign of public defamation, Dhanavajra was, of course, in the forefront. They issued little booklets of corrections– in all 64 issued in about two decades, challenging publicly all the established names in Nepali history-writting to come to meet them for open public debate, for *"śāstrārtha"*.**

अर्थात्

> **प्रिन्सिपल भैरवबहादुर प्रधान, बालचन्द्र शर्मा, डिल्लीरमण रेग्मी, केशरबहादुर खत्री क्षत्री र सूर्यविक्रम ज्ञवाली– सर्वोपरि सबै जना पश्चिमा शैलीका भारतीय संस्थाहरूमा तालीम पाएकाहरू– लाई हमला गर्दै १९५० को दशकको मध्यमा यस गुरुकुलका बासिन्दाहरूले एउटा मुखर अभियान थाले। मानहानि गर्ने यस अभियानमा धनवज्र पक्कै पनि अगाडि थिए। नेपालको इतिहास लेख्ने काममा प्रतिष्ठित मानिसहरूलाई खुला बहसको लागि, शास्त्रार्थको लागि आफूहरूसँग भेट्न हाँक दिँदै तिनीहरूले झण्डै २ दशाब्दीभित्र संशोधनका, जम्माजम्मी गरेर**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६४ वटा[८] ससाना पुस्तिका निकाले ।

बुझेरै लेखेको देखिन्छ ।

१२. नयराज पन्तको विचार संशोधन-मण्डललाई कस्तो रूप दिने भन्नेमा त्यति स्पष्ट थिएन कि जस्तो मलाई लाग्छ । उनको पहिलो विचार त विद्यार्थीहरूलाई पढाई उनीहरूलाई अन्वेषण गर्न सक्ने विद्वान् बनाउने र उनीहरू बाहिर गई विभिन्न ठाउँमा काम गर्न सक्ने बनाउनु थियो कि जस्तो मलाई लाग्छ । यो कुरा

> **नानी धनवज्रको लिच्छवि विषयको इतिहासको लेखले म अत्यन्त प्रसन्न छु र, यस्तै इतिहास लेखियोस् भनी मैले धेरै वर्ष अगाडि देखेको सपना साकार भएजस्तो मलाई लाग्दछ । धनवज्रले त्रिभुवन विश्वविद्यालयमा अस्थायी अध्यापक पाएकोमा म अत्यन्त प्रसन्न छु । उनको यो पद स्थायी होस् । विश्वविद्यालयका उच्च प्राध्यापकहरूले पाएसरह सम्मान तथा वृत्ति उनलाई प्राप्त होस् । उनको आदर्शले संशोधन मण्डलका अरू सदस्यहरूको पनि प्रगति हुन सकोस् भन्ने मेरो भित्री इच्छा छ ।[९]**

> **संशोधन-मण्डल पाठशाला भएको हुनाले र पाठशालामा विद्यार्थीहरू जीवनभर बस्ने नियम पनि नहुने हुनाले संशोधन-मण्डलका कार्यकर्ताहरूले यसलाई छोड्नु स्वाभाविक कुरो हो ।[१०]**

भनी नयराज पन्तले लेखेकाले स्पष्ट हुन्छ । तर बाहिरिया संस्थामा गई काम गर्दा जुन प्रकारको आदर्शले अनुप्राणित भई वर्षौं साधना गरी उनीहरू शिक्षित र दीक्षित भए, त्यस्तै आदर्श अन्यत्र नहुने हुनाले उनीहरू प्रसन्न हुन सकेनन् जस्तो मलाई लाग्छ । प्रचलित शिक्षापद्धतिको विरुद्ध गई उनीहरूले शिक्षा हासिल गरेका हुनाले प्रचलित शिक्षापद्धतिमा शिक्षित र दीक्षितहरूबाट उनीहरूको उचित परख पनि भएन ।[११]

---

८. वास्तवमा सवा १६ वर्षको अवधिभित्र जम्माजम्मी ६८ वटा *इतिहास-संशोधन*पत्र छापिएका हुन् ।

९. सुरेन्द्र के.सी. २०५९: ८९ मा उद्धृत ।

१०. नयराज पन्त २०२८: ५ ।

११. यसको राम्रो प्रतिविम्ब ज्ञानमणि नेपाल २०५४ मा छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१३. वर्तमान शिक्षापद्धतिबाट कार्यक्षम विद्वान् पैदा नहुने देखेर नै नयराज पन्तले भिन्नै पाठ्यक्रम चलाएका हुन् । त्यसकै कार्यक्षमता देखाउन वि.सं. २००९ देखि विद्यार्थीहरूको नाउँमा *इतिहास-संशोधन*पत्रहरू निस्कन थाले र त्यसबाट इतिहास पढाउन लाइसेन्स पाएका वा इतिहासको क्षेत्रमा लब्धप्रतिष्ठ विद्वान्हरूको ज्ञानको तह देखिएकोले जनमानसमा पनि नाउँ कमाएकाहरूको ज्ञानमा शङ्का उठ्न गयो । लोकमा प्रतिष्ठा पाएका र शासनमा अधिकार भएका तिनीहरूले साम-दान-दण्ड-भेदद्वारा यो काम बन्द गराउन निकै उद्योग गरे । यस्तै यस्तै कारणले गर्दा २१ जना इतिहास-संशोधकमध्ये *इतिहास-संशोधनको प्रमाण-प्रमेय*को सम्पादन गर्न ८ जना मात्र बाँकी रहे । तिनमा पनि गुरु नयराज पन्त र शिष्यप्रशिष्य ८ जनामध्ये धनवज्र वज्राचार्यको खास प्रयत्नबाट *इतिहास-संशोधनको प्रमाण-प्रमेय*को जन्म भयो ।

१४. कमलप्रकाश मल्ल (२०६४: vi)ले

> **In the list of 100 books the students were recommended, circulated only recently, there is almost none on the social sciences nor any on historiography.**

अर्थात्

> **हालै मात्र प्रकाशमा आएको, [नयराज पन्तका] विद्यार्थीहरूलाई पढ्नको लागि सिफारिश गरिएका १०० वटा पुस्तकको सूचीमध्ये करीब करीब कुनै पनि न समाजशास्त्र न इतिहासरचनाशास्त्रविषयको पुस्तक छ ।**

भनी लेखेका छन् । यसको मतलब संशोधन-मण्डलको इतिहासरचनाको दर्शन के हो भन्ने प्रश्न उनले उठाएका छन् । हो, संशोधन-मण्डलको रचनापद्धतिको दर्शन पाश्चात्त्य विचारकहरूको दर्शनबाट अनुप्राणित नभई भारतीय मनीषीहरूको विचारबाट अनुप्राणित थियो भन्ने कुरा *इतिहास-संशोधन*पत्रहरूमा उद्धृत तिनीहरूका वाक्यबाट स्पष्ट हुन्छ । खास गरी *इतिहास-संशोधन*को लेखाइको आदर्श प्रसिद्ध भारतीय ज्योतिषी भास्करको शैली थियो । यस शैलीको विषयमा नयराज पन्तले यही उपोद्घात (२०१९ च: ३७-४०)मा खुलाएर लेखिसकेको पनि हो । आफ्नो विपक्षलाई कडा शब्दको प्रयोग गरेर लेख्ने शैली अरू अरू भारतीय मनीषीहरूको पनि भएको कुरा हामीलाई थाहा नभएको होइन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५. त्यही भारतीय शैलीको धेरै मात्रामा अनुसरण गरी *इतिहास-संशोधन*हरू निस्किएकाले व्यक्तिगत आक्षेप भयो भनेर एक प्रकारले चर्को जनविरोध पनि इतिहास-संशोधकहरूले खप्नुपर्‍यो । त्यही जनविरोध मत्थर पार्न भनेर होला, यस्तो

> **इतिहास-संशोधनको मुख्य उद्देश्य देशको शुद्ध र सर्वाङ्गीण इतिहास तयार गर्दै जानु हो, कसैको मान वा अपमान गर्नु होइन भन्ने कुरा माथि परिसकेको छ । यस कारण फलानाले यस्तो अशुद्ध लेखे भन्ने कुरा दोहर्‍याइरहनु आवश्यक देखिँदैन । यसैले फैलिरहेका अशुद्ध कुरा यी हुन्, प्रमाणद्वारा सिद्ध शुद्ध कुरा यी हुन् भन्ने देखाए पुग्ने हुनाले अशुद्ध, शुद्ध, प्रमाणका रूपमा १ देखि ५० क्रमागत संख्यासम्मका इतिहास-संशोधनका सारभाग यहाँ दिइएका छन् ।**[१२]

लेखियो ।

संशोधन-मण्डलका कृतिलाई त्रिभुवनविश्वविद्यालयका पाठ्यपुस्तकमा घुसाउँदा विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरूमा पनि खोजी गर्नुपर्छ भन्ने चेतना आउला भन्ने विचार नयराज पन्तको भएर पनि होला, पर्चा वा पुस्तिकाका रूपमा छापिएका *इतिहास-संशोधन*पत्रलाई सँगेटी पुस्तकाकारमा ढाल्दा व्यक्तिगत आक्षेपको दोष नलागोस् भन्ने आशयले तिनको रूपपरिवर्तन गरी *इतिहास-संशोधनको प्रमाण-प्रमेय* निकालेको ।

त्रिभुवनविश्वविद्यालयका दम्भी अधिकारीहरू भने संशोधन-मण्डलको खोजीलाई सितिमिती मान्यता दिने पक्षमा थिएनन् । नयाँ खोजले आप्लावित हुने मनःस्थिति पनि उनीहरूको थिएन । ड्यान्यल राइटको वि.सं. १९३३ मा छापिएको *हिस्टरि अफ् नेपाल्* नै उनीहरूको लागि कुरुक्षेत्र थियो । निकै सङ्घर्षपछि वि.सं. २०२३ आश्विन २४ गते मात्र संशोधन-मण्डलका कृतिले त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रममा ठाउँ पाए । त्यसको पनि एउटा रमाइलो कथा छ ।

१६. वि.सं. २०२० आश्विनमा त्रिभुवनविश्वविद्यालयको इतिहास र संस्कृतिको पाठ्यक्रमनिर्धारणसमितिमा नयराज पन्तलाई बोलाइयो र पत्रैपिच्छे भने जस्ता अशुद्धिले परिपूर्ण, बालचन्द्र शर्माको *नेपालको ऐतिहासिक रूपरेखा* र संशोधन-मण्डलले गरेको, बालचन्द्र शर्माको पुस्तकको आलोचनामा भ्रम पार्न दोधारे कुरा लेखी नेपालको इतिहासलाई बिगार्ने दुश्चेष्टा गरिएको, सूर्यविक्रम ज्ञवालीको *नेपाल उपत्यकाको*

---

१२. सम्पादकहरू २०१९: ६२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यकालीन इतिहास* पाठ्यपुस्तक बनेको कागतमा नयराज पन्तको सहीछाप गराउने चेष्टा गरियो । त्यसमा नयराज पन्तले यस्तो

> **नेपालको प्रामाणिक इतिहास तयार होस् तथा पाठ्यपुस्तक बनोस् भनी मैले धेरै वर्षदेखि प्रयत्न गर्दै आएको छु । नेपालका इतिहासका विषयमा ग्रन्थ कम पाइने भएका हुनाले पुस्तकको छानबीन गर्न पाठ्यपुस्तकको निर्धारण गर्ने समितिलाई गाह्रो हुनु स्वाभाविक छ । यस कारण पाएसम्मका पुस्तकलाई पाठ्यपुस्तकमा निर्धारण गर्ने नीति लिइएको हुनुपर्छ । यस्तो भए तापनि अशुद्ध भनेर थाहा पाइसकेका कुरालाई विद्यार्थीलाई घोकाई विद्यार्थीको जीवन बिगारिदिनु विश्वविद्यालयको कर्तव्य होइन ।**
>
> **श्रीबालचन्द्र शर्माको 'नेपालको ऐतिहासिक रूपरेखा'**
>
> **श्रीभैरवबहादुर प्रधानको 'मध्यकालीन नेपाल'**
>
> **श्रीसूर्यविक्रम ज्ञवालीको 'नेपाल उपत्यकाको मध्यकालीन इतिहास'**
>
> **यी तीन पुस्तकको संशोधन-मण्डलले प्रशस्त संशोधन गरेको छ । ती संशोधन अप्रामाणिक हुन् भने ग्रन्थकारद्वारा र अरूद्वारा तिनको खण्डन हुनुपर्छ । होइन भने संशोधनसमेत ती पुस्तक पढाइनुपर्दछ ।**
>
> **यस कारण यस्ता पुस्तकलाई संशोधनविना पढाउने कुरामा सहमति दिन म सक्तिनँ ।**

टिप्पणी लेखे । उनको रायको वास्ता गरिएन । उल्टो त्रिभुवनविश्वविद्यालयबाट धम्की दिई लेखिएको पत्र उनीकहाँ आयो ।[१३]

संस्कृतमहाविद्यालयमा आचार्यसम्मको पढाइ भइरहेकोमा आइन्दा त्रिभुवनविश्वविद्यालय कलेजमा आचार्य कक्षाको पढाइ गर्ने निर्णय भएपछि संस्कृतमहाविद्यालयका ज्यौतिषविभागका वरिष्ठ प्रोफेसर नयराज पन्तको जरूरत त्रिभुवनविश्वविद्यालय कलेजमा पर्न गयो । त्यसको लागि वि.सं. २०२२ आश्विन ३ गते नयराज पन्तकहाँ त्रिभुवन-विश्वविद्यालयका असिस्टेन्ट रजिस्ट्रारले चिठी पठाए । त्रिभुवनविश्वविद्यालयको इतिहास

१३. नयराज पन्त २०२५ ग: २३६-२३७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र संस्कृतिको पाठ्यक्रमनिर्धारणसमितिको वि.सं. २०२० आश्विनमा भएको बैठकमा राय बझाई लेखेको कुरामा नै खास जोड दिएर र यस्तो कुरा

> **रायल नेपाल एकेडेमी र त्रिभुवन-विश्वविद्यालयका उच्च अधिकारीहरूको साँठगाँठबाट नेपालको प्रामाणिक इतिहास तयार गर्ने काममा पर्न आएको यस प्रकारको बाधा नहटेसम्म त्रिभुवन-विश्वविद्यालयभित्र म पसेमा विश्वविद्यालयलाई र मलाई पनि राम्रो नहुने हुनाले अहिलेलाई विश्वविद्यालयबाट म बाहिर नै रहेमा नै विश्वविद्यालयलाई र मलाई पनि राम्रो होला भन्ने मैले सम्झेको छु ।**

पनि हाली नयराज पन्तले वि.सं. २०२२ कार्तिक ११ गते त्रिभुवनविश्वविद्यालयका भाइस्‌चान्सलरलाई चिठी लेखे ।[१४]

यसको झण्डै १ वर्षपछि मात्र संशोधन-मण्डलका कृति पनि त्रिभुवनविश्वविद्यालयका पाठ्यपुस्तक बने ।

अरू अरू पुस्तकमा नपरेका, नयाँ नयाँ कुरा ती पुस्तकबाट विद्यार्थीहरूले थाहा पाऊन् भनी तिनलाई पाठ्यपुस्तक बनाइएको नभई तिनलाई पाठ्यक्रममा समाविष्ट नगरे परम्परादेखि चल्दै आएको, ज्यौतिषाचार्यको पढाइ चलाउन अपरिहार्य ठानिएका नयराज पन्तले आफू ज्यौतिष पढाउन त्रिभुवनविश्वविद्यालयमा नआउने अड्डी लिएकाले नै विवश भई संशोधन-मण्डलका कृति पाठ्यपुस्तकमा दरिन पुगेको स्पष्ट छ ।

१७. नयराज पन्तलाई आक्षेप गर्ने क्रममा कमलप्रकाश मल्ल (२०६१:५)ले **नौसिन्दा, मुखिया र खर्दारहरू जम्मा गरेर 'गुरुकुल' चलाई 'बौद्धिक क्रान्ति' शुरु गर्ने पं. नयराज** [...] भनी लेखेका छन् । यसको मतलब तल्लो तहको जागीर खाएका मानिसहरूबाट नयराज पन्तले काम चलाए भन्ने भनाइ उनको देखिन्छ । एक त, आफ्नो ज्ञान सुहाउँदो काम सबैले पाउँछन् भन्ने पनि छैन । त्यसमाथि इतिहास-संशोधकहरूमध्येबाट जो तल्लो तहको जागीर खान गए, तिनीहरू संशोधन-मण्डलीय परम्परामा पूरै शिक्षित पनि थिएनन् । संशोधन-मण्डलको परम्परामा आउनुभन्दा अघिबाट जुन पद्धतिअनुसार उनीहरूले पढेका थिए, त्यहीअनुरूपको जागीर पाएका थिए । त्यही जागीरको भरमा आफ्नो जीवनयात्रा चलाई संशोधनको काम पनि अघि बढाएका थिए ।

---

१४. ऐजन: २३६-२३७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८. नयराज पन्तमा अन्वेषणसम्बन्धी खास ज्ञान छैन भन्ने देखाउने क्रममा कमलप्रकाश मल्ल (२०६१: ६)ले यस्तो

> **ज्योतिषशास्त्रमा विशिष्टता प्राप्त गरेका पं. नयराज पन्त आदिका ग्रन्थसूचीमा *Journal for the History of Astronomy* जस्ता ख्यातिप्राप्त अनुसन्धान-प्रधान प्रकाशनदेखि Hermann Jacobi आदिको एउटा सामान्य लेखको उल्लेखसम्म पनि यस गुरुकुलको ग्रन्थसूचीमा नपर्नु अभिष्ट*सूचक नै मान्नु पर्ला। *सिद्धान्त शिरोमणि* रटेर कण्ठपार्नु एउटा कुरा हो तर भारतीय ज्योतिष सम्बन्धी आधुनिक भारतीय र पाश्चात्य* अनुसन्धानसँग परिचित हुनु अर्को कुरा हो। नयराज जस्तो अंग्रेजी-शिक्षा र पाश्चात्य* विद्याका कट्टर विरोधीलाई यो कुरा सुहाउने पनि भएन।**

लेखेको विषयमा अलिकति लेख्नुपरेको छ।

आकर जसलाई उपस्थित छ, खण्डनमण्डन नगर्ने हो भने उसलाई त्यस विषयमा लेखिएका ग्रन्थादिको खास ज़रूरत पर्दैन। यसो भए पनि नयराज पन्तले पाश्चात्त्य वा पाश्चात्त्य सरणिका अनुयायीहरूका लेख नहेरेको पनि होइन। ती लेख नहेरेको भए नयराज पन्तका निकै ग्रन्थ वा लेख निस्कने थिएनन् (नयराज पन्त २०३९, २०४०, २०४३ क, २०४५, २०४६, २०४६ क, २०४७, २०४७ ख, २०४८, २०५१, २०५३ इत्यादि)। नयराज पन्तको महत्त्व घटाउन कमलप्रकाश मल्ल कतिसम्म तल गिर्न सक्दा रहेछन् भन्ने कुराको नमूना उनका, माथि उद्धरण गरिएका वाक्य पनि हुन्।

१९. कमलप्रकाश मल्लले संशोधन-मण्डलको परम्परालाई जतिसुकै होच्याए पनि कमसेकम नेपालको इतिहासको क्षेत्रमा परमुखापेक्षी हुने अवस्था हटेर गयो भनी भन्न सकिन्छ। नयराज पन्त (२०११ ख: ८)का शब्द उधारो लिएर भन्ने हो भने **यस परम्परालाई खराब भन्ने हो भने विदेशीले थुकेर फालिदिएको जूठोमा नै हामीले आफ्नो जीवन बिताउनुपर्नेछ भन्ने मेरो दृढ विश्वास छ।**

२०. वि.सं. २०२७ चैतमा *पूर्णिमा*को २४ अङ्क निस्केपछि धनवज्र वज्राचार्यले वि.सं. २०२८ आषाढमा संशोधन-मण्डल छोडे। त्यस वेलासम्म संशोधन-मण्डलले जति काम गऱ्यो, त्यसमा नयराज पन्त र धनवज्र वज्राचार्यको नै ठूलो हात थियो। त्यसपछि २०२८ मार्गमा मात्र *पूर्णिमा*को २५ अङ्क निस्कियो। एवंक्रमले २०६९ ज्येष्ठ अर्थात्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साढे ४० वर्षको अन्तरालमा *पूर्णिमा*का २५ देखि १३५ अङ्कसम्मका १११ अङ्क निस्किए । तर कतिले थाहा पाउँदा पाउँदै बूझ पचाएर र कतिले थाहा नपाईकनै धनवज्र वज्राचार्यले छोडेपछि *पूर्णिमा* चल्न छोड्यो भन्ने हल्ला पिटाए । केही मानिसलाई त्यस हल्लाले अझै पनि असर पारेको छ भन्ने कुराको अनुभव *पूर्णिमा* अहिलेसम्म पनि चल्दैछ भन्दा तिनीहरू आश्चर्य भएको देख्दा हुन्छ । कतिले *पूर्णिमा*को तह धनवज्र वज्राचार्य हुँदाको जस्तो छैन भन्ने हल्ला पनि नपिटाएका होइनन् । संशोधन-मण्डलमा पुरुषसम्पद् घटेकोले *पूर्णिमा*मा छापिने लेखमा वैविध्य घटे पनि लेखको तह घटेको छैन, बरु बढ्दै गएको छ भन्ने अनुभव केही परीक्षकहरूले नगरेका होइनन् । स्थिति यस्तो भए पनि धनवज्र वज्राचार्यले छोडेपछि संशोधन-मण्डल ओह्रालो लाग्यो भन्ने हल्ला बाहिर पनि पुग्यो ।[१५]

---

१५. Sous la houlette de Nayaraj Pant, un sanscritiste formé à l'école des pandits indiens, une poignée d'historiens népalais fonda en 1961 une association, le *Itihâsa Samshodhana Mandala*, avec pour objectif de rectifier les erreurs contenues dans les manuels d'histoire en usage à l'époque.[25]

25. L'association fut créé en 1961, mais fonctionnait en fait de manière informelle depuis 1952. Dhanavajra Vajracharya en fut le secrétaire de 1961 à 1971. Cette école déclina ensuite rapidement. Son fondateur, Nayaraj Pant, est décédé le 4 november 2002.

Ce groupe se réunit autour de la revue *Pûrnimâ*, un mot au sens religieux chargé puisqu'il désigne la «pleine lune»[26].

26. Le premier numéro de la revue quadriennale *Pûrnimâ* fut publié en 1964. La revue existe toujours.

Il regroupa des érudits indo-népalais mais aussi néwar, dont Dhanavajra Vajracharya (1932-1994), un grand épigraphiste qui fit beaucoup pour déchiffrer les vieilles inscriptions et les textes néwari les plus anciens de la vallée du Népal (Sharma et Malla 1996).

(जेरार्ड तोफाँ २०६५/६६: ४५)

(भारतीय संस्कृतज्ञ पण्डितहरूको परम्परामा शिक्षित नयराज पन्तको नेतृत्वमा मुट्ठीभरका नेपाली ऐतिहासिकहरूले त्यस वेला चलनचल्तीमा रहेका इतिहासका पुस्तकमा परेका गल्ती सच्याउने उद्देश्यले इतिहाससंशोधनमण्डलनामक संस्था वि.सं. २०१८मा खडा गरे ।[२५]

२५. वि.सं. २००९ देखि अनौपचारिक ढङ्गले काम गर्दै आएको यस संस्थाको स्थापना वि.सं. २०१८ मा भयो । वि.सं. २०१८ देखि वि.सं. २०२७ सम्म धनवज्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२१. कमलप्रकाश मल्ल (२०४१: १)ले *पूर्णिमा* पत्रिकालाई **फ्याम्इलि जर्नल्** अर्थात् **एउटा परिवारको पत्रिका** भन्ने विशेषण लगाएका छन् । *पूर्णिमा* पत्रिका शुरू गर्दा मुखपृष्ठमा नाउँ नभएका नयराज पन्तलाई नगन्दा पनि ९ जना थिए । कमलप्रकाश मल्लले **एउटा परिवारको पत्रिका** भनी *पूर्णिमा*लाई जुन वेला लेखे, त्यस वेला नयराज पन्तलाई नगन्दा ३ जना मात्र थिए । ३ जनामध्ये १ जना देवीप्रसाद भण्डारी भएकाले उनी कसरी एउटै परिवारका भए, बुझ्न सकिएन । कमलप्रकाश मल्लको जनगणनामा देवीप्रसाद भण्डारी तिरोजानपद भएको यताबाट देखिएको छ । वि.सं २०५६ श्रावण १७ गते देवीप्रसाद भण्डारीको देहावसान भएपछि छापिएका *पूर्णिमा* ९९ पूर्णाङ्कदेखि नयराज पन्तलाई नगन्दा २ जना मात्र बाँकी रहे । अब बल्ल *पूर्णिमा* पत्रिकालाई एक परिवारको पत्रिका भन्न सुहायो । वि.सं. २०५९ कार्तिक १८ गते नयराज पन्तको मृत्यु भएपछि छापिएका *पूर्णिमा*का १०४ अङ्कदेखि त साँच्चिकै २ जना दाजुभाइ मात्र बाँकी रहे ।

यहाँनिर एउटा कुरा गर्नु छ । एउटा परिवारले यस्तो अन्वेषणमूलक पत्रिका चलाएकोमा राष्ट्रले नै गौरव मान्नुपर्ने हो । तर कमलप्रकाश मल्ल किन यसलाई होच्याउन पुगे । कमलप्रकाश मल्लमा सद्बुद्धि हुँदो हो त एउटा परिवारले चलाएको उच्च स्तरको

वज्राचार्य त्यस संस्थाका सचिव थिए । त्यसपछि त्यो संस्था छिटै ओझ्यालो लाग्यो । त्यसका संस्थापक नयराज पन्तको देहान्त वि.सं. २०५९ कार्तिक १८ गते भयो ।

धार्मिक रूपले अर्थ भएको, पूर्ण चन्द्र बुझाउने *पूर्णिमा* भन्ने शब्दले नाउँ राखिएको पत्रिकाले त्यस समूहलाई एकै ठाउँमा जमघट गरायो ।[२६]

२६. त्रैमासिक पत्रिका *पूर्णिमा*को पहिलो अङ्क वि.सं. २०२१ मा छापियो । यो पत्रिका अहिलेसम्म चल्दैछ ।

यसले पर्वते र नेवार विद्वान्हरूलाई सङ्घट्टित गऱ्यो । तिनीहरूमध्ये धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१) ठूला उत्कीर्णलेखज्ञ भए । उनले नेपालखाल्डोका प्राचीनतम उत्कीर्ण लेख र नेवारी लेख पढ्ने धेरै काम गरे । (वि.सं. २०५२ मा छापिएको *कन्ट्रिबुयुशन्ज् टु नेपालीज् स्टड्इज्* २३ ठेली १ अङ्कका i–v पृष्ठमा छापिएको, प्रयागराज शर्मा र कमलप्रकाश मल्लको इन् *मेमअरिः धनवज्र वज्राचार्य (१९३२-१९९४)* (धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१)को सम्झनामा) ।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वेषणमूलक पत्रिकालाई गिनीस् बुक्को रेकर्डमा चढाउन भित्रबाहिर पहुँच भएका उनले उद्योग गर्नुपर्ने होइन त ।

२२. यही वि.सं. २०६९ श्रावण १५ गतेका अखबारमा एउटा खबर[१६] पढेर मेरो मनमा कुरा खेल्यो । कुरा के भने गोपाल पाँडे (वि.सं. १९७०-२०३५)ले खोलेको नेपाली शिक्षापरिषत्को हीरकजयन्तीको अवसरमा नेपालसरकारले हुलाकटिकट निकालेको रहेछ । नेपाली शिक्षापरिषत्को अहिलेको कार्यकलाप सरकारी निकायमा पोल्टा थापी ल्याएको पैसा नेपाली भाषासाहित्यका साधक भनी दरिएका मान्छेलाई दिनेमा नै खास गरी सीमित छ भन्ने जस्तो मलाई लाग्छ । त्यस संस्थाको उत्कर्ष हुँदा पनि त्यसको काम निस्सहाय बबुराहरूलाई अर्थात् संस्कृतमा गति नभएका वा अङ्ग्रेजी पढ्न सक्ने हैसियत नभएकाहरूलाई संस्कृत वा अङ्ग्रेजी नपढीकनै नेपाली भाषाको आधारमा शिक्षा दिई आफ्नो छाँटको प्रवेशिका परीक्षामा उत्तीर्ण गराई सानोतिनो जागीर खान समर्थ पार्नु थियो । आफ्नो नेपाली शिक्षापरिषद् र संशोधन-मण्डलको पाठशाला मिसाई एउटै पाठशाला बनाऔँ भनी कुनै वेला गोपाल पाँडेले नयराज पन्तसँग भनेका थिए । तपाइँको पाठशालामा स्कूल तहको मात्र पढाइ चलेको छ, त्यसपछिको माथिल्लो शिक्षा आफ्ना विद्यार्थीहरूलाई कसरी हासिल गराउने विचार तपाईँले गर्नुभएको छ भनी नयराज पन्तले उनीसँग सोद्धा यसपछि उनीहरू कलेजमा पढ्न जान्छन् भनी गोपाल पाँडेले जवाफ दिए । तपाईँको पाठशालामा नेपाली भाषाको आधारमा स्कूल तहको पढाइ पूरा गरी कलेजमा पढ्न जाने विद्यार्थी कलेजमा अङ्ग्रेजीको आधारमा पढाइ हुने हुनाले तलैदेखि अङ्ग्रेजी पढ्दै आएका विद्यार्थीसँग कसरी जोडकातोड गर्न सक्छन्; पछि गएर कलेजमै पढेर शिक्षा पूरा पर्ने हो भने तपाईँको नेपाली शिक्षापरिषद् अन्यथासिद्ध छ; मैले चलाएको पाठशालामा जस्तो शिक्षा दिइन्छ, त्यस्तो शिक्षा अन्त कतै दिइने नभएकोले मैले त्यो पाठशाला चलाएको हुँ; मेरा विद्यार्थीले शिक्षा पूरा गर्न अन्त कतै गएर पढ्न जरूरत छैन भनी नयराज पन्तले गोपाल पाँडेलाई भनेको कुरा म सम्झन पुगेँ ।[१७] यो देख्दा यताउता आँखा लाउने, जनसम्पर्क गर्ने, प्रभु मान्ने, गुटबन्दी गर्ने, आफ्नो कामको डम्फु बजाउने जस्ता हल्लाखल्ला गरेको खण्डमा

१६. गोरखापत्र समाचारदाता २०६९ः १ ।
नेपाल समाचारपत्र २०६९ः ५ ।

१७. यो कुरा मूलतः माथि २३-२४ पृष्ठबाट उतारिएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्यथासिद्ध कामबाट पनि प्रतिष्ठा कमाउन सकिँदो रहेछ भन्ने सन्देश जनतालाई दिएको जस्तो मलाई लाग्यो ।

२३. आफ्नो मरण हुनुभन्दा झण्डै १ वर्षअगाडि वि.सं. २०५८ कार्तिक ४ गते नयराज पन्तले बोलेको कुरा

> **जहाँसम्म हाम्रो अभियानको सफलता-असफलताको प्रश्न छ, जबसम्म त्यो अभियान जारी रहन्छ त्यस बेलासम्म यसको सफलता-असफलताको प्रश्नै उठ्दैन । हाम्रो अभियान जारी छ । म मेरो मूल्य-मान्यतामा अडिग छु । सही कुरा भनेर हिँड्छु । समाज र राष्ट्रले त्यसलाई अपनाउँदैन भने करबल गर्ने अधिकार र हैसियत त मसँग अवश्य पनि छैन र त्यो मेरो कुरा पनि भएन । हाम्रो आन्दोलन रोकिन्छ भने मात्र हामी सफल-असफल के भएका छौं त्यसबारे भन्न सकिनेछ ।**[१८]

अहिले पनि लागू छ र हाम्रो काम चलेसम्म संशोधन-मण्डलको सफलता वा विफलताको प्रश्नै उठ्दैन भन्ने कुरामा म पनि जोड दिन्छु ।

---

१८. सुरेन्द्र के.सी. २०६०: २८ मा उद्धृत ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरन्तर चलिरहेको, विद्यासम्बन्धी एउटा अभियानको ६० वर्ष कटेको अवसरमा

आजभन्दा ठीक ६० वर्षपहिले वि.सं. २००९ असोज ५ गते नेपालको विद्यासम्बन्धी इतिहासमा एउटा बीजारोपण भएको थियो । त्यसताका पार्टीहरूले जस्तो पर्चाबाजी गर्थे, त्यस्तै पर्चा विद्याको विषयमा पनि त्यस दिन छापियो । कुरा के भने काठमाडौँका मल्ल राजाहरूको वंशक्रममा छोरा बाबु र बाबु छोरा भएर सयौँ वर्षदेखि फैलिरहेको भ्रम हटाउन त्यस दिन ४ पृष्ठको त्यो पर्चा निकालिएको थियो । त्यस पर्चाको नाउँ *इतिहास-संशोधन* राखी त्यसको मुनि *संख्या १* लेखिएकोले यस्ता संशोधन अरू पनि आउने सङ्केत त्यसले दियो । त्यो पर्चा नाउँ नसुनिएका ३ जना मानिसको नाउँमा निकालिएको थियो ।[१] ती तीनै जना नयराज पन्त (वि.सं. १९७०-२०५९)ले चलाएको शिक्षाप्रणालीअनुसार चलिरहेको पाठशालाका विद्यार्थी थिए ।

आफूले पाएको शिक्षा अपूरो अनुभव गरेर आफ्ना नजीकका केटाहरूलाई भेला गरी नयराज पन्तले वि.सं. १९९७ मा यस शिक्षाप्रणालीको थालनी गरेका थिए । उनले तात्कालिक शिक्षाप्रणालीअनुसार बनारसबाट सिद्धान्तज्यौतिषमा प्रथम श्रेणीमा आचार्य पास गरेका थिए । तर त्यस शिक्षापद्धतिमा सम्पूर्ण ग्रन्थ उपस्थित गर्नु नपर्ने, सोधिएका प्रश्नको तृतीयांश मात्रको उत्तर दिए पनि परीक्षा पास गर्न सकिने भएको हुँदा त्यसरी पढेर आएकाले कुनै काम पर्दा पढेको विद्याबाट उनीहरूले खास काम गर्न नसकेको प्रत्यक्ष देखिन्थ्यो । त्यसैले नयराज पन्तले प्राचीनसंस्कृतपरम्पराअनुसार समग्र ग्रन्थ उपस्थित राख्ने पद्धतिको पुनरुद्धार गर्ने अभिप्रायले पढाउन थालेका थिए ।

त्यो पाठशाला र त्यो पाठ्यक्रम दुवै नै सरकारबाट स्वीकृत थिएनन् । स्वीकृतिको लागि नयराज पन्तले कोशिश पनि कहिल्यै गरेनन् । एउटा मानिसको मनमा धेरै वर्षअघिदेखि उठेको भावनालाई मूर्त रूप दिन त्यो पाठशाला खडा गरिएको थियो । कहाँसम्म भने त्यस पाठशालाको नाउँ सुद्धा कहिल्यै राखिएन । पढ्ने विद्यार्थी ४४ जना भइसकेका थिए । ८ वर्षको पाठ्यक्रम भएको त्यस पाठशालामा पढ्ने विद्यार्थीमा ३ वर्ष पुग्दा नपुग्दै संस्कृतभाषामा राम्रो अधिकार भइसक्थ्यो । तिनीहरूलाई

१. केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी, सुरेन्द्रनाथ अधिकारी २००९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको इतिहासका फरक फरक कालमा चलेका लिपिको पनि रफत गराउने काम भएको थियो । त्यसैले पूरा पढाइ नसिद्ध्याउँदै तिनीहरूमध्ये केही विद्यार्थी नेपालको विभिन्न कालका अभिलेख मूलब्राटै अर्थात् शिलापत्र, ताम्रपत्र, ताडपत्र र कागतपत्रबाट पढ्ने मात्र होइन, त्यसको उल्था र व्याख्या गर्न सक्नेसमेत भइसकेका हुन्थे । उता प्रचलित प्रणालीअनुसार इतिहासमा उच्च उपाधि हासिल गरी कलेजमा पढाई प्रोफेसर भइसकेकाहरू भने मूल अभिलेख पढ्न, उल्था गर्न र व्याख्या गर्न सक्ने सामर्थ्य आफूमा नभएकोले उन्नाइसौँ शताब्दीमा लेखिएको, ड्यान्यल राइटले अङ्ग्रेजीमा उल्था गराई *हिस्टरि अफ् नेपाल्*को नाउँले वि.सं. १९३३ मा छपाएको वंशावली नै च्यापी हिँड्थे र त्यही पुस्तकमै उनीहरू नेपालको समग्र इतिहास भेट्टाउँथे ।

राणाशासन भएसम्म त स्वतन्त्र प्रकाशनमा बन्देज जस्तै भएकोले प्रकाशनसम्बन्धी नयराज पन्तको काम खास चलेको थिएन । प्रजातन्त्र भएपछि अभिव्यक्तिमा स्वातन्त्र्य भएकोले त्यसको उपयोग गर्ने विचार गरी उनले *इतिहास-संशोधन* शुरू गराएका हुन् । यस्ता *इतिहास-संशोधन* वि.सं. २००९ देखि २०२५ सम्मको सवा १६ वर्षको अन्तरालमा कुनै साना कुनै ठूला गरी जम्माजम्मी ६८ वटा निस्किए र जम्मा २१ जना विद्यार्थी इतिहास-संशोधक भई निस्किए । *इतिहास-संशोधन*को यो काम गुरुशिष्यपरम्परामा चलेको थियो । नयराज पन्तले थालेको यस काममा धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१) तथा उनका सहपाठी ज्ञानमणि नेपाल (वि.सं. १९८९ मा जन्म) र भोलानाथ पौडेल (वि.सं. १९७८-२०६६) मुख्य थिए । बाँकी १८ जनामध्ये ३ जना नयराज पन्तका सोझै शिष्य थिए, अरू बाँकी १५ जना भने धनवज्र वज्राचार्य र उनका २ जना सहपाठीका शिष्य थिए । यसरी विद्यार्थीका ७।८ डफ्फाले *इतिहास-संशोधन* प्रकाशित गर्न थाले । यस कारण विद्यार्थीका डफ्फाको परस्परको केही प्रतिस्पर्धामा भने जस्तै वि.सं. २०११ मा *इतिहास-संशोधनपत्र*हरू अरू सालमा भन्दा बढी प्रकाशित भए । त्यस साल एकै दिनमा दुइटासम्म पनि *इतिहास-संशोधनपत्र* निस्किएका थिए ।

४ वर्ष जति त इतिहास-संशोधनले आन्दोलनकै रूप लियो । विद्वान्को हैसियतले प्रतिष्ठा कमाएकाहरूको ज्ञानको घेरा यताबाट छर्लङ्ग भएकोले लब्धप्रतिष्ठ धेरै मानिस यस पद्धतिको विरोधी भई निस्के । त्यसैले पछि पछि इतिहास-संशोधकको सङ्ख्या क्रमशः घट्दै गयो र २१ जनामा ८ जना मात्र बाँकी रहे ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*इतिहास-संशोधन*को यस कामले कमसेकम नेपालको इतिहासको खोजीको लागि प्रचलित शिक्षाप्रणालीबाट काम हुन सक्दैन भन्ने भावना जनमानसमा फैलियो । तर यस्तो कामको लागि चाहिने भौतिक आधार त्यस पाठशालाले जगेर्ना नगरेकोले र बाहिर यसको चर्को विरोध भएकोले यस काममा सुस्ती आयो ।

बाँकी रहेका ८ जना इतिहास-संशोधकहरू वि.सं. २०१८ मा नयराज पन्तको मातहतमा संशोधन-मण्डलको नाउँमा सङ्घटित भई काम गर्न थाले । नियत समयमा छापिने प्रकाशनको जरूरत सम्झेर वि.सं. २०१८ वैशाखसङ्क्रान्तिदेखि तीतीनमहिनामा *अभिलेख-संग्रह*को प्रकाशन हुन थाल्यो । यसमा अभिलेखहरूको खोजी गर्नेमा आठै जना लागेका भए पनि अभिलेखहरू पढ्ने काम खास गरी धनवज्र वज्राचार्यले गरेका थिए । स्थिति यस्तो भए पनि आठै जनाको नाउँमा *अभिलेख-संग्रह* छापिन्थ्यो । कहिल्यै प्रकाशमा नआएका शिलापत्र आदि उत्कीर्ण लेखको प्रकाशन *अभिलेख-संग्रह*मा हुन्थ्यो र हरेक भागमा १२ वटा त्यस्ता ऐतिहासिक सामग्री नयराज पन्तको वक्तव्यसहित छापिन्थे । यसरी ३ वर्षसम्म *अभिलेख-संग्रह* चल्यो र १२×१२=१४८ वटा[२] नयाँ ऐतिहासिक सामग्री प्रकाशमा आए ।

त्यसपछि वि.सं. २०२१ मा *अभिलेख-संग्रह*को ठाउँ इतिहास-प्रधान त्रैमासिक पत्रिका *पूर्णिमा*ले लियो । त्यसको प्रकाशनमा नयराज पन्तको मातहतमा ८ जना इतिहास-संशोधकहरू र १ जना नयाँ विद्यार्थीसमेत गरी ९ जना लागेका थिए । त्यसमा पनि मुख्य गरी धनवज्र वज्राचार्यकै पसिना भिजेको थियो । त्यस पत्रिकाको ६ अङ्क निस्किएपछि ९ जनामध्ये १ जनाले संशोधन-मण्डल छोडे र १० अङ्क निस्किएपछि अर्का १ जनाले छोडे, २० अङ्क निस्किएपछि अर्का १ जनाले छोडे र २४ अङ्क निस्किएपछि अरू २ जनाले छोडे । २४ अङ्क निस्किएपछि छोड्ने २ जनामध्ये १ जना धनवज्र वज्राचार्य हुन् । यसरी *पूर्णिमा*मा लागेका ९ जनामध्ये ५ जनाले संशोधन-मण्डल छोडे, अब ४ जना मात्र बाँकी रहे । यसरी धेरैले संशोधन-मण्डल छोड्नुमा मुख्य कारण यस कामबाट वृत्ति नचल्नु नै भए पनि यस पद्धतिमा विश्वास वा श्रद्धा नहुँदा एउटा सानो अवसर पाउनेबित्तिकै यस्तो अवस्था आएको हो ।

४ जना बाँकी रहेकामध्ये एक जना वि.सं. २०४० मा परलोक भएपछि *पूर्णिमा*को ५५ अङ्कदेखि ३ जना मात्र बाँकी रहे र अर्को एक जनाको मृत्यु वि.सं. २०५६ मा

२. यी १४४ उत्कीर्ण लेखमध्ये एउटा अंशतः र अर्को पूरै अघिबाटै छापिइसकेका हुन् (महेशराज पन्त २०६६ कः २३९ पृ.मा ३० सङ्ख्याको टिप्पणी) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि ९९ अङ्कदेखि २ जनाले मात्र *पूर्णिमा* चलाइरहेका छन् । यस पद्धतिका संस्थापक नयराज पन्तको वि.सं. २०५९ कार्तिक १८ गते देहान्त भएपछि त साँच्चिकै खालि २ जना मात्र यस काममा बाँकी रहन गए । यसो भए पनि *पूर्णिमा*का १०४ अङ्कदेखि १३५ सम्म गरी ३२ वटा अङ्क यस अन्तरालमा निस्किए । अरू २ अङ्क यही असोज महीनाभित्र निस्कन्छन्, अरू १० अङ्क कमोबेश तयार छन् । दिमाग र शरीरले साथ दिएमा *पूर्णिमा*का अङ्कको सङ्ख्या अझ निकै नै थपिएला जस्तो लाग्छ ।

*पूर्णिमा*बाहेक साना ठूला गरी नेपालको इतिहास, गणितज्यौतिषको इतिहास, संस्कृतसाहित्य, व्याकरण र पञ्चाङ्गका गरी संशोधन-मण्डलको अन्वेषणबाट निकै कृति प्रकाशमा आएका छन् । नेपालको इतिहासको ज्ञात तथ्यमध्ये सयकडा पचहत्तर संशोधन-मण्डलकै खोजीबाट प्रकट भएको छ । यो कुरा संशोधन-मण्डलले खोजी गर्न थाल्नुभन्दा पहिले प्रकाश भएका, नेपालको इतिहासका पाठ्यपुस्तक र अहिले चलनचल्तीमा भएका पाठ्यपुस्तक मात्र जाँची हेरे मात्र पनि छर्लङ्ग हुन्छ । संशोधन-मण्डलको यस कामबाट कमसेकम नेपालको इतिहासको खोजीमा भने विदेशीको मुख ताक्ने पद्धतिको अन्त्य भएको छ ।

संशोधन-मण्डलको मुख्य उद्देश्य संस्कृतविद्याको क्षेत्रमा उच्चस्तरको काम गर्नु थियो । संशोधन-मण्डलको पाठशाला राम्रोसँग चल्दै भएको भए कमसेकम संस्कृत काव्य कोष र व्याकरण, गणितज्यौतिष, नेपालको इतिहास र नेपालका केही भाषाको राम्रो पाठशाला त्यो हुन्थ्यो । तर सङ्घटित रूपमा काम नगरेकोले र यस काममा सरकारको वा दुनियाँको सहयोग नभएकोले त्यो पाठशाला सुक्यो र त्यो बन्द भएको पनि ४० वर्ष नाघिसक्यो ।

संशोधन-मण्डलको पाठशाला चलिरहेको भए देशको कुनै हानि हुने थिएन । उल्टो यसबाट देशलाई मात्र होइन, विद्याको क्षेत्रमा पनि निकै लाभ हुन्थ्यो । वास्तवमा संशोधन-मण्डलले गरेको कामबाट विद्याको क्षेत्रमा रहेको एउटा खाँचोको पूर्ति भएको छ । संशोधन-मण्डलले तयार गरेको पुरुषसम्पद् अर्थात् आजभोलिको भाषामा भन्ने हो भने जनशक्तिबाट हाम्रा विश्वविद्यालयका केही विभागले गर्न नसकेको काम हुन्थ्यो । अहिले हाम्रा विश्वविद्यालयहरूमा नेपालको प्राचीन इतिहासको जुन पढाइ चलिरहेछ, त्यसबाट ठोस काम केही भएको छैन । यो कुरा विश्वविद्यालयहरूका नाउँ चलेका विद्वान् वा विदुषीहरूका कृति हेर्दा स्पष्ट हुन्छ । कतिले त संशोधन-मण्डलले नै गरिसकेको कामलाई ओल्टाइपल्टाइ गर्ने वा शास्त्रीय भाषामा भन्ने हो भने चर्वितचर्वण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वा पिष्टपेषण गरी मानु पकाइरहेका छन् । **इतिहासविषयमा 'प्राडा' भएका हामीहरूले 'प्राडा' कमाउनकै लागि खोज अनुसन्धान गरेका थियौं भन्ने तथ्य हाम्रा कृति साक्ष्य छन् । वास्तवमा इतिहास र संस्कृतिका कुनै पनि 'प्राडा' ले संशोधन अभियान र अभियन्तासरहको कृति दिन सकेको छैन भन्ने तथ्यलाई स्वीकार गर्नमा कन्जुस्याइँको आवश्यकता छैन** भनी त्रिभुवनविश्वविद्यालयका, इतिहासका प्रोफेसर सुरेन्द्र के.सी. (२०६२: १६३) ले लेखेको कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ ।

त्रिभुवनविश्वविद्यालयको इतिहाससम्बन्धी पाठ्यक्रममा अशुद्धिबहुल पुस्तक पढाउँदै आएकोमा संशोधन-मण्डलले गरेको खोजी अन्तर्भूत गरी पढाउने व्यवस्था गर्न पनि निकै सङ्घर्ष गर्नुपरेको थियो । त्रिभुवनविश्वविद्यालयका पाठ्यपुस्तकमा नपरेका, नयाँ नयाँ कुरा ती पुस्तकबाट विद्यार्थीहरूले थाहा पाऊन् भनी तिनलाई पाठ्यपुस्तक बनाइएको नभई तिनलाई पाठ्यक्रममा समाविष्ट नगरे परम्परादेखि चल्दै आएको, ज्यौतिषाचार्यको पढाइ चलाउन अपरिहार्य ठानिएका नयराज पन्तले आफू ज्यौतिष पढाउन त्रिभुवनविश्वविद्यालयमा नआउने अड्डी लिएकाले नै विवश भई संशोधन-मण्डलका कृति त्रिभुवनविश्वविद्यालयका पाठ्यपुस्तकमा दरिन पुगेका थिए ।

संशोधन-मण्डलको अर्को वैशिष्ट्य विदेशी पैसा वा प्रभुत्वविना स्वतन्त्र ढङ्गले अन्वेषण चलाउनु हो । अहिले नेपालमा जे जति अन्वेषण चलेका छन्, ती सबै मुख्यत: विदेशी सहयोगमा आश्रित छन् । उदाहरणका लागि मार्टिन चौतारी, सोशल साइन्स बहा: जस्ता संस्था यस प्रसङ्गमा औँल्याउनु पर्याप्त होला ।

संशोधन-मण्डललाई कुनै पारितोषिक अर्थात् आजभोलि चलेको शब्दमा भन्ने हो भने पुरस्कार दिँदैमा अब धेरै काल यस्तो काम चल्न सक्दैन, किनभने नयाँ पुस्ता यो काममा लागेको छैन । हो, यस्ता पारितोषिकले हामीलाई हाम्रा कृति प्रकाश गर्न केही सहूलियत त होला, तर नयाँ मान्छे यो पद्धतिमा नआउँदा यस पद्धतिको अन्त्य अवश्यम्भावी छ । यो पद्धति मरेको खण्डमा विदेशी विद्वान्हरूका वाणी प्रसारण गर्ने विद्वान्हरू मात्र नेपालमा हुनेछन् र गुरुकिल्ली फेरि विदेशमै फर्कनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तको वि.सं. २००७-२००८ को डायरीको विषयमा

खास गरी सत्री अर्थात् विद्वान्को रूपमा हिँडेका राजकाजी मान्छे, बन्दी अर्थात् भाट, नागरक अर्थात् कुनै खतरा नमोली भलादमी पाराले जीवन बिताउने र घोषवृद्ध अर्थात् आफ्नो घरपरिवारको विषयवस्तु नै ठूलो ठान्नेहरूले मात्र कलम चलाइरहेको जमानामा नयराज पन्त (वि.सं. १९७०-२०५९)को कामद्वारा नेपालको विद्यासम्बन्धी इतिहासमा अभूतपूर्व जागरण आयो । यही कार्तिक १८ गते नयराज पन्त परलोक भएको १० वर्ष पूरा हुने प्रसङ्गमा उनको कामको एक पाटेको विषयमा केही लेख्नु उपयुक्त हुनेछ ।

संस्कृतका पण्डितहरूमा सामान्यतया नपाइने राजनीतिको चेतना नयराज पन्तमा भरपूर थियो । त्यस चेतनाको आविर्भाव उनको विद्यार्थिकालमै भइसकेको थियो भन्ने कुराको दसी उनले डायरीको रूपमा लेख्ने गरेका विषयवस्तुले देखाउँछन् । त्यसको एक अंश *पूर्णिमा* १३५ अङ्कमा हालै छापिई पनि सकेको छ ।[१] नेपाली भाषामा लेखिएको त्यस अंशमा वि.सं. १९९४ देखि १९९९ सम्मका घटना समेटिएका छन् । उदाहरणार्थ वि.सं. १९९५ मा शुक्रराज शास्त्रीले इन्द्रचोकमा गरेको, गीताविषयक व्याख्यान र गङ्गालालले गरेको भाषणको विषयमा लेखी त्यसमा केही टिप्पणी पनि जोडिएको छ ।

त्यही टिपोटको एउटा अर्को खण्ड भाषा नेपाली नै भए पनि लिपि भने गुप्तकालको भारत र लिच्छविकालको नेपालमा चलेको गुप्तलिपि छ । गुप्तलिपिमा लेख्नुको कारण आफ्नो लेख गोप्य राख्नको लागि नै हो जस्तो मलाई लाग्छ । महावीर स्कूलसँग नयराज पन्तको केही सम्बन्ध थियो भन्ने मैले सुनेको हुँ । त्यसैले उनले आफ्ना मामाकी माहिली छोरीलाई त्यहाँ भर्ना गराएका थिए । ९७ सालमा नयराज पन्तकहाँ पनि सामान्य जाँचपडताल हुँदा उनका ससुरा, श्री ३ जुद्धका प्रियपात्र, राजपुरोहित जनकराज (वि.सं. १९३४-२०२०) अत्यन्त चिन्तित भए, तर केही ननिस्किँदा उनले सन्तोषको सास फेरेका थिए भन्ने मैले सुनेको हुँ ।

१. नयराज पन्त २०६९ क: ४३१-४३५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तो डायरी पछि पछि पनि नयराज पन्त लेख्दै गए। उनी परलोक हुनुभन्दा केही वर्षअगाडिसम्म पनि त्यस्तो डायरी लेखिँदै थियो। अहिले यहाँ खास चर्चा गर्न लागिएको डायरी भने वि.सं. २००७ कार्तिक २२ गते श्री ५ ज्ञानेन्द्र गादी चढेदेखि वि.सं. २००८ को अन्त्यसम्मको घटना समेटेर नयराज पन्तले प्राञ्जल संस्कृतमा गद्य र पद्यमा लेखेको डायरी हो। त्यस डायरीको नाउँ *प्रजातन्त्रारम्भको इतिहास* भनी उनले अघिबाट राखे पनि उनी हुँदै वि.सं. २०४१ मा त्यस डायरीको केही अंश छापिन लाग्दा उनले त्यसको नाउँ *वि.सं. २००७-०८ मा आफूले देखेसुनेका र आफ्ना मनमा लागेका कुरा* राखी त्यो छाप्न शुरू गराएका थिए। त्यस टिपोटको केही अंश उनको जीवनकालमै मूल संस्कृत र मेरो नेपाली उल्थासहित *पूर्णिमा* ६१, ६३, ६४ अङ्कमा छापिएका छन्। उनी परलोक भएपछि *पूर्णिमा* १०५ अङ्कमा मूल संस्कृतको धेरै भाग छापिएको छ। मूल छापिइसकेको भागको केही अंशको मैले गरेको उल्था पछि *नेपालका बौद्धिक विभूति नयराज पन्त* भन्ने नाउँको पुस्तकमा र *असाधारण विद्वान् नयराज पन्त* भन्ने नाउँको पुस्तकमा व्याख्यासहित छापिएको छ। फेरि अरू अंश *पूर्णिमा* १२३-१२५ अङ्कमा मूल संस्कृत र मेरो उल्थासहित छापिएका छन्।

अब नयराज पन्त तात्कालिक घटना कसरी हेर्थे भन्ने कुराको केही नमूना।

वि.सं. २००७ कार्तिक २१ गते श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११) हिन्द दूतावासमा शरण लिन गएपछि श्री ३ मोहन (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७)ले भोलिपल्ट त्रिभुवनलाई पदच्युत गरी उनका ३ वर्षका माहिला नाति ज्ञानेन्द्र (वि.सं. २००४ मा जन्म)लाई गद्दीमा राखे। यो काम श्री ३ ले आफ्नो इच्छाअनुसार गरेको नभई भारादारी र संसत्का सदस्यहरूको रायअनुसार भएको हो भन्ने प्रचार गरिएको थियो र त्रिभुवनलाई हटाई ज्ञानेन्द्रलाई गद्दीमा राख्नुपर्छ भन्ने पत्रमा २६० जना गण्यमान्य मानिसहरूको सहीछाप परेको थियो। इतिहासको गलत व्याख्याअनुसार राणाविरोधमा प्रत्यक्ष वा परोक्ष रूपमा लागेका भनेर र प्रजातन्त्रवादी भनेर कहलिएका बालकृष्णशमशेर जङ्गबहादुर राणा (पछि बालकृष्ण सम) (वि.सं. १९५९-२०३८), शङ्करदेव पन्त (वि.सं. १९६६-२०३०) र पूर्णप्रसाद ब्राह्मण (वि.सं. १९७९-२०४६) जस्ता मानिस पनि तिनमा थिए। यो भारादारी र संसत्का सदस्यहरूलाई केही बोल्न नसक्ने र मोहनशमशेरका दास भनी उनले लेखेका छन्।

राणाराज्यको पतनका कारणमध्ये राणाहरूको विलासमय जीवनको परिणामस्वरूप असवर्ण यौन सम्बन्धबाट राणावंशमा थरीथरीका जातभातको सृष्टि हुनु र आफ्नै वंशका मान्छेहरूका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विरोधले निर्धो हुनु पनि हो भनी नयराज पन्तले लेखेका छन् । असवर्ण संयोगबाट जन्मेका राणाजीहरूको रोल फेल गरी पछि काटिनाले तिनीहरू राणाराज्यकै नाश गर्न लागिपरेका थिए, त्रिभुवन भारतमा शरण पर्न गएको मौका छोपी तिनै बेरोलवाला राणाजीहरूले आफ्नो पैसाको बलले विद्रोह चम्काए भनी उनले लेखेका छन् ।

राणाहरू लोकको हित गर्दैनथे, प्रजालाई दास जस्तो व्यवहार गर्थे, राजालाई बन्दी बनाएर राखेका थिए, दीनदुःखीलाई पिरेर आएको राजस्व विदेशी ब्याङ्कमा लगेर थुपार्थे, पश्चिमी ढङ्गको मोजमज्जामा चुर्लुम्म डुबेका थिए, त्यसमाथि अल्छी थिए र नीतिअनुसार काम गर्दैनथे भनी राणाराज्यको चरित्रचित्रण गर्दा उनले लेखेका छन् । यी सबैको परिणामस्वरूप दुनियाँमा साहसको लोप भयो, विद्वत्ता अस्तायो र चापलूसी चारैतिर फैलियो भनी उनले कुरा टुङ्ग्याएका छन् ।[२]

राणाशासनले थरीथरीका धर्मावलम्बी र जातिलाई दबाइरहेकोमा राणाशासन गएपछि तिनीहरू फेरि आफ्नो पुरानै स्थितिमा आइरहेछन् भनी उनले लेखेका छन् ।[३] हामी वर्णव्यवस्थाभित्र पर्ने पनि होइनौँ र वर्णव्यवस्था मात्रै जाति पनि होइनौँ भन्ने वा हामीमाथि कालान्तरमा वर्णव्यवस्था लादिएको हो भनी ठान्ने जातिहरू केही वर्ष यतादेखि जुरमुराइरहेका छन् र कुनै पनि धर्मलाई राज्यको आश्रय मिल्नु हुँदैन भन्ने जोडदार आवाज पनि तिनीहरूले उठाइरहेका छन् । यी भाव वि.सं. २००७ अगाडिदेखि नै उठेको यताबाट स्पष्ट हुन्छ र पछि भित्रबाहिर सबैतिरबाट मलजल पाई क्रमशः झाँगिदै गएको देखिन्छ ।

नेपाली सेनाको विस्तारको विषयमा उनले लेखेको एउटा कुराको चर्चा अब गरूँ । नेपालले कोशी आदि नदीमा नौसेनाको परिचालन गर्नुपर्थ्यो र जमानाअनुसार नेपालको हवाई सेना पनि हुनुपर्थ्यो भनी उनले राणावंशको पतनको प्रसङ्गमा लेखेका छन् ।[४]

विदेशी राष्ट्रहरूसँग लड्न हामी सक्दैनौँ, यस कारण यत्रो खर्च गरेर सेना किन राख्ने, खालि भित्री सुरक्षाको लागि थोरै सैनिक राखी नेपालमा सेना घटाउनुपर्छ भन्ने जोडदार आवाज भोलिको नेपालमा रजाइँ गर्न तम्सेकाहरू अहिले उठाइरहेछन् । यो नौलो आवाज

२. यो कण्डिका र यसभन्दा अघिल्ला २ कण्डिका माथि ४७-४८ पृष्ठबाट उतारिएका हुन् ।

३. नयराज पन्त २०४१: ३८ मा १२ श्लोक = महेशराज पन्त २०६३: ४९ मा १२ श्लोकको उल्था ।

४. नयराज पन्त २०४१: ४१ मा ३८ श्लोक = महेशराज पन्त २०६३: ५१ मा ३८ श्लोकको उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

होइन, यस्तो कुरा गान्धीवादीहरूले भारत स्वतन्त्र भएपछि र हाम्रा स्वदेशी बन्धुहरूले पनि २००७ सालपछि गरेका थिए। दण्डोपनत अर्थात् आश्रित राज्यका अधिकारी मात्र परमुखापेक्षी भई यस्तो बोल्न सक्छन्। बेपारी वा मगन्ते नभएर बाँच्ने हो भने कुनै पनि राष्ट्र सेनाविना अड्न सक्दैन। छिमेकीले जति थिचोमिचो गरे पनि तिनैकहाँबाट पोल्य थापी ल्याएको भीखको भरमा राजकाज गर्छु भनी आँट्नेहरूले यसो भनेकोमा हामीहरूले आश्चर्य पनि मान्नुपर्दैन।

वि.सं. २००८ कार्तिक ७ गते त्रिभुवनले भारतीय जानपद अर्थात् आजभोलिको भाषामा नागरिक आइ.सी.एस. गोविन्दनारायणलाई आफ्नो सेक्रेटरीमा नियुक्त गरे।[५] त्यही विषयवस्तु लिएर उनले लेखेका पद्यमा जसरी २०० वर्षअगाडि काठमाडौँका राजा जयप्रकाश मल्लले विदेशीहरूलाई भित्रिया बनाई आफ्ना प्रजाहरूलाई दुःख दिएका थिए, त्यस्तै काम विदेशीलाई सेक्रेटरी बनाएका त्रिभुवनबाट हुने हो कि भन्ने शङ्का व्यक्त छ।[६] जयप्रकाश मल्लले विदेशीहरूलाई भित्रिया बनाएको भनी यहाँ जे लेखिएको छ, त्यो उनले नगरकोटी सैनिक राखेको कुरालाई सङ्केत गरेको देखिन्छ।

नेपालमा प्रजातन्त्र आएपछि पाश्चात्त्य ढङ्गको विलास प्रचुर मात्रामा बढ्यो र त्यसमा राजपरिवार र राणापरिवारको ठूलो हात थियो। जावलाखेलमा श्री ३ जुद्धको दरबारमा उनका नाति युवराजशमशेरले नेपाल होटलको नाउँले एउटा होटल र त्यहीँ नाइट क्लब खोलेका थिए। त्यस क्लबको प्रवेशशुल्क मात्र १५ सय रुपियाँ थियो। त्यहाँ त्रिभुवन बराबर जान्थे। त्यतिले मात्र नपुगी नारायणहिटीदरबारमा पनि बराबर बल डान्स हुन्थ्यो। त्यहाँ मन्त्री आदि ठूलठूला मानिस पत्नीसहित जान्थे र नाचगान खानपान हुन्थ्यो। त्यहाँ लोग्नेमान्छे र स्वास्नीमान्छे छ्यासमिस भएर नाच्ने हुनाले र मद्यपान पनि चल्ने हुनाले यसले केही दिनमै पतिव्रताधर्मको ठाउँ लेला भन्ने कुरा मानिसहरूले गर्न थालेका थिए। यसो हुँदैन, किनभने हाम्रा महाराजाधिराजले मात्र जे मन लाग्यो त्यही गरेका होइनन्, धन कमाउन कष्ट गर्न नपर्ने मानिसहरू प्रायः यस्तै हुन्छन्, पुराना नाटक र कथाहरूमा पनि राजाहरूका यस्तै चरित्र वर्णित छन् भनी रघुवंशमा राजा अग्निवर्णको विषयमा लेखिएका केही पद्यको उद्धरण नयराज पन्तले गरेका छन्।[७]

---

५. ग्रीष्मबहादुर देवकोटा [२०१६] २०३६: ११५-११६।

६. नयराज पन्त २०६० ग: ५३-५४ मा छापिएका, वि.सं. २००८।७।१८ मा लेखिएका पद्य = महेशराज पन्त २०६३: ५२ मा उल्था।

७. नयराज पन्त २०६० ग: ४९-५० = महेशराज पन्त २०६२ क: १३१-१३३ मा उल्था।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तले त्रिभुवनको चरित्रचित्रण पनि गरेका छन् । उनमा पुरानो र नयाँ कुनै पनि राजनीतिको ज्ञान थिएन भनी त्यहाँ लेखिएको छ । पुरानो भनेर सयौँ वर्षदेखि परम्परा विच्छिन्न भइसकेको अर्थशास्त्रको परिशीलनलाई त नयराज पन्तले भनेको होइन होला । *रामायण, महाभारत* र थरीथरीका पुराणमा आएका राजधर्म वा नीतिका कुरालाई नै उनले सङ्केत गरेको देखिन्छ ।

त्रिभुवनमा राजनीतिको शास्त्रीय ज्ञान मात्र होइन कि व्यावहारिक ज्ञान पनि थिएन भन्ने कुरा उनले **अदृष्टक्रिय** भन्ने शब्दले व्यक्त गरेका छन् । आफ्नो हित पनि उनी बुझ्न सक्दैनथे भन्ने कुरा पनि उनले लेखेका छन् । हुन पनि राजनीतिमा त्रिभुवनको पकड भएको भए नेपालको र खुद उनका सन्तानको पनि अन्ततः यस्तो अवस्था हुँदैनथ्यो होला । ऐश्वर्य र आनन्दको प्राप्ति नै उनको अभीष्ट थियो र उनी पाश्चात्त्य शैलीको विलासमा डुबेका थिए भनी नयराज पन्तले लेखेका छन् । दुश्चरित्र र धूर्त नेताहरूले ठगिएका बबुरा त्रिभुवनले जनताको भलो कसरी गर्न सक्छन् भनी उनले यो प्रकरण टुङ्ग्याएका छन् ।[८]

राणाशासनको विरोधको अभियोगमा वि.सं. १९८८ मा जेल परेका खड्गमानसिंह बस्नेत प्रजातन्त्र भएपछि वि.सं. २००७ मा छुटे । उनी खद्दर लाएर हिँड्थे । उनी आफूलाई गान्धीवादी भन्थे । पछि त्रिभुवनको कृपाले उनी मन्त्री पनि भए । हतियार भिरेका थुप्रै सिपाहीहरूलाई आफ्नो अगाडिपछाडि लगाउँदै सुनको झल्लरीवाल छाता ओढ्दै चारघोडे बग्गीमा चढेर कुनै साहेबज्यूकी बूढीकन्या छोरीसँग उनको विवाह भयो । यसरी धूमधामसँग आफ्नो विवाहयात्रा सबै जनतालाई देखाएर नयाँ प्रकारको त्यागको मार्ग खड्गमानसिंहले आफ्नो बुद्धिले आविष्कार गरेका हुन् कि भनी नयराज पन्तले यस विवाहसम्बन्धी प्रकरण टुङ्ग्याएका छन् ।[९]

नयराज पन्त चरित्रशुद्धिमा निकै ध्यान दिन्थे भन्ने कुरा भूतपूर्व गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले आफूले पढेको, काशीको हरिश्चन्द्र कलेजलाई ५ हजार रुपियाँ चन्दा दिएको विषयमा उनले टिप्पणी गरेकोबाट बुझिन्छ । कुरा के भने विश्वेश्वर ९ महीना गृहमन्त्री भए, उनले महीनाको १५ सय रुपियाँ तलब पाउने हुनाले ९ महीनामा उनले जम्मा १३ हजार ५ सय रुपियाँ बुझे, उनी घरका सम्पन्न पनि होइनन्, त्यस्ता मान्छेले त्यति धेरै धन कसरी

---

८. नयराज पन्त २०६० ग: ५७ मा छापिएका, वि.सं. २००८।८।२ मा लेखिएका पद्य = महेशराज पन्त २०६३: ५५ मा उल्था ।

९. नयराज पन्त २०६३: ७० = महेशराज पन्त २०६३ ख: ७० मा उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चन्दा दिए ? यो सुन्दा कौटल्यको धेरै खर्च गर्नेलाई शङ्का गर्नू भन्ने सूत्रको सम्झना हुन्छ भनी उनले लेखेका छन् ।[१०]

केसरशमशेरले १ लाख रुपियाँ र आफ्नै क्याम्पाको एउटा घर दिई नेपाल-सांस्कृतिकपरिषत् खोलेका थिए । त्यो दान नेपालका तात्कालिक शक्तिशाली गृहमन्त्री विश्वेश्वरलाई खुशी पार्न गरेको हो भन्ने कुरा चर्चामा आएको पनि हो । राम्री युवतिले अशोकको रूखमा लात्तीले हान्दा त्यसमा फूल फुल्छ भन्ने कविसमय भए जस्तै हामी धेरै कालसम्म मोहान्धकारमा थियौँ, अहिले विश्वेश्वरजीको पादाघातले त्यस अन्धकारबाट हामी हट्यौँ भनी केसरशमशेरले भनेका थिए भन्ने कुरा मैले पछि सुनेको हुँ ।[११]

जनताको हितको लागि पहिले कुनै काम गरेको रेकर्ड नभएका, तर स्वास्नी र सन्तानलाई थुनेर राख्ने रेकर्ड भएका केसरशमशेरले यो दान गर्नुको कारण आफ्नो वंशबाट राज्याधिकार हट्दा पनि आफू प्रतिष्ठित भएर बस्न सक्नु हो भनी नयराज पन्तले लेखेका छन् ।[१२] हुन पनि केसरशमशेरका दुवै दाजु श्री ३ मोहनशमशेर र मिनिस्टर बबरशमशेर यहाँ टिक्न नसकी पछि विदेशिए, उनीचाहिँ कम्यान्डर-इन-चीफ, अनि रक्षामन्त्री, त्यसपछि मन्त्रिमण्डल तहको शाही परामर्शदात्री समितिका प्रमुख परामर्शदाता र पछि फील्ड मार्शल र हिज हाइनेस सुद्धा भई सरकारिया हाईहाईमै बिते ।

---

१०. नयराज पन्त २०६३ क: ३३ = महेशराज पन्त २०६३ घ: ३३ मा उल्था ।

११. ज्ञानमणि नेपाल (२०६३: १७)ले यस विषयमा लेखेको कुरा तल २१२-२१३ पृष्ठमा उद्धृत छ ।

१२. नयराज पन्त २०६० ग: ६१ मा छापिएका, वि.सं. २००८।८।१२।३ मा लेखिएका पद्य = महेशराज पन्त २०६३: ५७ मा उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना विद्यार्थीको लागि नयराज पन्तले वि.सं. २००९ को दशैँमा गरेको प्रार्थना

नयराज पन्त (वि.सं. १९७०-२०५९)ले दिनकादिन जस्तो केहीनकेही लेख्ने गरेका, कलेजी रङ्गका, झण्डै ४०० पृष्ठ भएका, फुल्स्केप साइजका, २ वटा सजिल्द कापी छन् । तिनमध्ये एउटा कापीबाट झिकिएका, २ वटा लेख *पूर्णिमा* १३५ पूर्णाङ्कको ३६० पृष्ठमा[१] र १३६ पूर्णाङ्कको ४४१ पृष्ठमा[२] छापिएका छन् । अहिले अर्को त्यस्तै कापीको ३३८ पृष्ठमा आफ्नो ३९ वर्षको उमेरमा नयराज पन्तले संस्कृतमा लेखेको कुरा यहाँ छपाइँदैछ । अघिल्लो कापीमा जस्तै बाँसको कलमले कालो पाको मसीले यो लेखिएको छ । तेस्रो पद्य छोडेर अरू बाँकी उनकै हस्ताक्षरमा छ र त्यो पद्यचाहिँ उनकी माहिली छोरी धन (वि.सं. १९९८-२०४२)को हस्ताक्षरमा छ ।[३]

वि.सं. २००९ को घटस्थापनादेखि षष्ठीसम्म अर्थात् आश्विन ६ गते आदित्यवारदेखि आश्विन १० गते बृहस्पतिवारसम्मका ५ दिनभित्र दिनको एउटा एउटा गरेर यी पद्य रचिएको देखिन्छ । पहिलो पद्य जुन दिन रचियो, त्यो दिन *इतिहास-संशोधन*को प्रकाशनको थालनी भएको दिन थियो अर्थात् त्यो दिन केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीको *इतिहास-संशोधन* निस्किएको थियो ।

यी पद्य दशैँकोठामा देवीको अगाडि बस्दा बस्दै नयराज पन्तले रचेको देखिन्छ ।

रूपं देहि जयं देहि भगं भगवति देहि मे ।
पुत्रान् देहि धनं देहि सर्वान् कामान् प्रदेहि मे ।।

अर्थात्

हे भगवती मलाई रूप दिनुहोस्, जय दिनुहोस्, भाग्य दिनुहोस्, छोराछोरी दिनुहोस्, धन दिनुहोस्, सबै इच्छा पुऱ्याइदिनुहोस् ।

---

१. नयराज पन्त २०६९ ।
२. ऐजन २०६९ ग ।
३. ऐजन २०६९ ङ: ९१-९२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी प्रार्थना गर्ने वंशपरम्पराका नयराज पन्तले यी पद्यमा आफ्ना शिष्यहरूको विद्यावृद्धिको कामना उनले गरेका छन्। मेरा चेलाहरू ठूलो विद्वान् होऊन् र तिनले यस देशलाई विदेशीको दासताबाट मुक्त गर्न सकून् भन्ने भाव पहिलो पद्यमा व्यक्त छ। यसको मतलब आफ्ना विद्यार्थीहरू ठूला विद्वान् मात्र नभई नेपालमा विद्याको क्षेत्रमा रहेको, विदेशीको प्रभुत्व आफ्ना चेलाहरूले हटाउन सकून् भन्ने उनको कामना रहेको बुझिन्छ। विदेशीको भनाइ नै प्रामाणिक ठान्ने, मिहीन दृष्टि नभएका विद्यार्थीहरू मेरो जीवनको सार भएको पाठशालामा कहिल्यै नआऊन् भनी उनले चारौँ पद्यमा लेखेकाले विदेशी प्रभावको भरमा डीङ हाँक्नेहरूबाट आफू टाढा बस्ने उनको इच्छा भएको बुझिन्छ। विद्वान् भनाउँदा र आफूलाई विद्वान् ठान्ने तथा अरूलाई चाकरी गराउने मानिसहरूबाट आफ्ना चेलाहरू टाढै बसून् भन्ने उनको कामना पाँचौँ पद्यमा व्यक्त छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्त र नेपालमा संस्कृतविश्वविद्यालय

संस्कृतभाषामा विशाल वाङ्मय छ भन्ने कुरा पश्चिमाहरूले थाहा पाएपछि संस्कृतविद्याको पठनपाठन र अन्वेषण उनीहरूबाट शुरू भए पनि हजारौँ वर्षदेखि चलिआएको संस्कृतशिक्षामा एक प्रकारले कुठाराघात भयो । कुरा के भने अतिप्राचीनकालदेखि भारतमा अङ्ग्रेजी शासनले आफ्नो शिक्षानीति नबनाएसम्म संस्कृतशिक्षा आफ्नै ढङ्गले चलिरहेको थियो । भनाइको मतलब शिक्षामा सरकारको सरोकार थिएन, शासकले धर्मबुद्धिले शिक्षामा धन खर्च गर्थे तापनि खर्च गर्नैपर्छ भन्ने कुनै नियम थिएन । विद्या सरकारी खर्चको भरमा चलेको थिएन । गुरुकुलमा बसेका विद्यार्थीहरू घरघरमा गएर भिक्षा माग्थे, त्यो भिक्षा गुरुकहाँ ल्याई बुझाउँथे र यसरी शिक्षा चलेको थियो । भिक्षावृत्तिवाट पठनपाठन चल्ने कुराको नाटकीय झलक अहिले पनि व्रतबन्धमा देखिँदैछ ।

अङ्ग्रेजी शासन मजबूत हुँदै गएपछि त्यो पद्धति क्रमशः हट्दै गयो । अङ्ग्रेज शासकले भारतमा चल्दै आएका विभिन्न पद्धतिको ठाउँमा आफ्नो ढाँचाका पद्धति चलाउँदै गएकाले शिक्षा पनि त्यसको अपवाद भएन र शिक्षामा सरकारी लगानी र नियन्त्रण सँगसँगै हुँदै गयो । यसैले वि.सं. १८४८ मा काशिकराजकीयसंस्कृतपाठशाला वा बनारस स्यान्स्क्रिट कलेज खोली संस्कृत पढाउन थालियो । संस्कृतशिक्षामा तलब लिएर पढाउनु अर्थात् भृतकाध्यापन गर्नु अत्यन्त निन्दनीय भए पनि त्यस कलेजमा गुरुहरूको तलब तोकियो । त्यो पाठशाला खुलेको झण्डै ३० वर्षसम्म पनि त्यहाँबाट परीक्षा पास गरेका विद्यार्थीहरूलाई प्रमाणपत्र दिने चलन भने चलेको थिएन, आफूले पढेको कुरा विद्यार्थीले विद्वत्सभामा प्रस्तुत गर्न सक्नुपर्थ्यो, त्यो राम्रोसँग गर्न सके त्यहीँ नै पढेको प्रमाण हुन्थ्यो । फलाना गुरुसँग फलाना फलाना ग्रन्थ फलाना विद्यार्थीले पढेका हुन् भनी त्यस पाठशालाबाट प्रमाणपत्र दिने निधो वि.सं. १८७७ मा मात्र गरियो । वि.सं. १९३७ मा गेओर्ग फ्रीद्रिख़ विलियम थीबो (वि.सं. १९०४-१९७१) प्रिन्सिपल भएपछि मात्र मध्यमा र आचार्य उपाधिको चलन त्यस पाठशालामा चलेको हो ।[१]

---

१. महेशराज पन्त २०६७: ७०-७२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अब निश्चित पाठ्यक्रम एकसरो सिद्ध्याएपछि जाँच लिँदा विद्यार्थीले न्यूनतम अङ्क पाए मात्र उसलाई कक्षा चढाई उत्तीर्ण गर्ने पद्धति चल्यो । यसबाट जाँचको वेलामा हाट्टहुट्ट गरी न्यूनतम अङ्क पाए पनि उसले पढेको ठहरिने प्रथा क्रमशः बस्दै गयो । यसले गर्दा सम्पूर्ण ग्रन्थ उपस्थित गर्न जरूरत भएन । **यावज्जीवमधीते विप्रः** अर्थात् **बाहुन जिन्दगीभर पढ्छ** भन्ने आदर्शको अन्त्य भई **अहरहः स्वाध्यायमधीयीत** अर्थात् **दिनकादिन स्वाध्याय गर्नू** भन्ने आदर्श पनि बिस्तारै हराउँदै गयो ।

नेपालमा मात्र होइन, आधुनिक समयमा कहीँ पनि नयराज पन्त (वि.सं. १९७०-२०५९) ले जति संस्कृतशिक्षामा अरूले विचार पुऱ्याएको जस्तो मलाई लाग्दैन । नयराज पन्तले पनि यही उपाधिप्रणालीअनुसार शिक्षा पाएको भए पनि स्वतःस्फूर्त प्रतिभाले होला, उनले यस प्रणालीमा दोष देखेकाले ग्रन्थ उपस्थित राख्ने प्राचीन पद्धतिअनुसार आफ्नो शिक्षा पूरा गरे र आफ्नो परीक्षामा आफूले हल गर्नुपर्ने प्रश्नपत्रमा समेत गल्ती भेट्टाउन सक्ने ल्याकत उनले हासिल गरे ।[२] पढाइ सिद्ध्याई बनारसबाट फर्केपछि वृत्तिको लागि काठमाडौँको संस्कृतपाठशालामा पढाउन थाले पनि उनले सँगसँगै प्राचीन ढङ्गले पूरा ग्रन्थ उपस्थित राख्ने पद्धतिले पनि पढाउन थाले । संस्कृतशिक्षामा खास नचलेको अन्वेषणपद्धति पनि आफूले निजी ढङ्गले खोलेको पाठशालामा नयराज पन्तले शुरू गर्दा संशोधन-मण्डलको जग बिस्तारै बस्न गयो । त्यस पाठशालाले संस्कृतविद्याका शाखाप्रशाखामा धेरै काम गर्न नसके पनि नेपालको इतिहासको खोजीमा भने अतुलनीय काम गऱ्यो र कमसेकम विद्याको एउटा सानो हाँगामा हामीले विदेशी विद्वान्हरूको भर पर्नुनपर्ने अवस्थाको सिर्जना भयो । वृत्तिको लागि सरकारी पाठ्यक्रमअनुसार नयराज पन्त सरकारी पाठशालामा पढाउँथे तापनि उनको दिलोज्यान भने आफूले खोलेको निजी पाठशालामा थियो ।

अङ्ग्रेजी शिक्षाको लहैलहैमा संस्कृततर्फ पनि वि.सं. २००८ मा कलेज खुल्यो । त्यसभन्दा अगाडिसम्म संस्कृतशिक्षाको तलदेखि माथिसम्म अर्थात् प्रथमादेखि आचार्यसम्मको पढाइ सरकारी पाठशालामा कम खर्चमा हुन्थ्यो । कलेज खुलेपछि नयराज पन्त पनि कलेजतर्फ सरुवा भए । मैले पाठशालामा तल्लो कक्षादेखि माथिल्लो कक्षासम्म पढाउँदा आफूले पढेका ग्रन्थको अभ्यास मेरो हुन्थ्यो, अहिले महाविद्यालय

२. नयराज पन्त २०१९ चः ५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खुलेपछि मैले तल्लो कक्षाका ग्रन्थ पढाउनुपरेन, त्यसमाथि माथिल्लो कक्षाका ग्रन्थ पनि थोरै घण्टा मात्र पढाउनुपर्ने भयो, तलब त पाठशालामा भन्दा यहाँ मेरो धेरै छ, विद्याको अभ्यास भने घट्‌दै गयो भनी उनी गुनासो गर्ने गर्थे।

प्रचलित नियमअनुसार कलेज भएपछि यूनिभ्रर्सिटि पनि चाहिने नै भयो। नेपालमा अङ्ग्रेजीतर्फ राणाशासनमै वि.सं. १९७५ मा त्रिचन्द्र कलेज खुलिसकेकोले राणाकालको अन्त्यतिर यूनिभ्रर्सिटि खोल्ने पहल शुरू भइसके पनि खुल्न भने वि.सं. २०१६ मा मात्र त्रिभुवनविश्वविद्यालय खुल्यो।

अब संस्कृततर्फ पनि विश्वविद्यालयको माग बढ्‌दै गयो। संस्कृतविश्वविद्यालय खोल्नको लागि योगी नरहरिनाथ (वि.सं. १९७१-२०५९)को अगुवाइमा वि.सं. २०२४ मा दाङमा ठूलो सभा भयो। त्यस सभामा नेपालबाट मात्र होइन, भारतबाट पनि संस्कृतका ठूला ठूला विद्वान्‌हरू आए। संस्कृतविद्याको त्यसरी विकास हुन्छ भन्ने कुरामा नयराज पन्तको विश्वास नभएकोले उनीचाहिँ त्यस सभामा गएनन्। राजा महेन्द्र (वि.सं. १९७७-२०२८, राज्यकाल वि.सं. २०११-२०२८)बाट त्यस सभाको उद्घाटन भयो। त्यस सभाबाट संस्कृतशिक्षामा राम्रो नराम्रो जे असर परे पनि हामीले **हाम्रा पुस्तकालयहरूमा भएका ग्रन्थहरूको अध्ययन र अनुसन्धान निष्पक्ष ढङ्गले गर्दै गयौँ भने हामीले यो पनि फेरि एक दिन देख्नेछौँ कि विज्ञान पश्चिमी सभ्यताको मात्र पेवा होइन। हामीसँग पनि एकसेएक वैज्ञानिक ग्रन्थहरू छन्। जसबाट जीवशास्त्र, वनस्पतिशास्त्र, आयुर्वेद र रसायनशास्त्रमा ठूलो असर पर्न सक्दछ। विज्ञानज्ञाताहरूलाई संस्कृतको ज्ञान भएन र संस्कृतज्ञहरूलाई विज्ञानमा अभिरुचि भएन भने अब हामीले यो समस्या हल गर्न सक्दैनौँ र यी दुवैको समन्वय हुनुपर्दछ। अनि मात्र शुद्ध अनुसन्धानको वातावरण बन्दछ**[३] भनी राजा महेन्द्रले बोलेको कुराचाहिँ बडो घतलाग्दो छ।

दाङका जमीनदारहरूले थुप्रै जग्गा संस्कृतविश्वविद्यालयको लागि दिएकाले दाङमा संस्कृतविश्वविद्यालय खोल्ने कुरा भएको हो। प्रचलित संस्कृतशिक्षा लोकोपयोगी नभएकोले संस्कृतशिक्षाको विस्तारको लागि शासकहरूमा खास उत्साह नहुँदा संस्कृतविश्वविद्यालय खोल्ने कुरा यसै टाँगिएर रहेको थियो। यस्तै अवस्थामा वि.सं. २०२८ मा राजा महेन्द्र पनि परलोक भए। त्यसपछि त्यो कुरा झनै टाँगियो।

---

३. महेशराज पन्त २०३५: १०१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिवङ्गत श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११)को कीर्ति राख्न उनको नाउँमा त्रिभुवनविश्वविद्यालय खुलेको उदाहरण पाइएकोले उनका छोरा दिवङ्गत श्री ५ महेन्द्रको कीर्ति राख्ने अभिप्रायले वि.सं. २०४३ मा उनको नाउँमा महेन्द्रसंस्कृतविश्वविद्यालय खुल्यो । जसरी त्रिभुवनविश्वविद्यालय भारतका अङ्ग्रेजी विश्वविद्यालयहरूको नक्कलमा खुलेको थियो, त्यसै गरी महेन्द्रसंस्कृतविश्वविद्यालय पनि बनारसमा अङ्ग्रेजले खोलेको संस्कृत कलेजको परिवर्धित रूप सम्पूर्णानन्दसंस्कृत-विश्वविद्यालयको अनुकृतिमा खडा भएको थियो । सक्कललाई नक्कलले नभेट्टाउने हुनाले सम्पूर्णानन्दसंस्कृतविश्वविद्यालयको दाँजोमा महेन्द्रसंस्कृतविश्वविद्यालयको स्थापना निकै कमजोर ढङ्गले भयो ।

आफ्नै ढर्रामा महेन्द्रसंस्कृतविश्वविद्यालय चल्दै थियो । पछि अकस्मात् राजतन्त्र हटी लोकतन्त्र आयो । लोकतन्त्र आएपछि राजारानीको नाउँमा खोलिएका संस्थाका नाउँ रातारात बदल्ने लहर चल्यो र महेन्द्रसंस्कृतविश्वविद्यालय पनि त्यसको अपवाद भएन । त्यस विश्वविद्यालयको नाउँ अब नेपालसंस्कृतविश्वविद्यालय भयो । धन्य, त्रिभुवनविश्वविद्यालयको चाहिँ नाउँ फेरिएन । संस्कृतका पण्डितहरू कालअनुसार चल्न खप्पिस हुन्छन् भन्ने कुराको राम्रो उदाहरण यस नामपरिवर्तनमा देखियो ।

अहिले नेपालसंस्कृतविश्वविद्यालय ठूलो उल्झनमा अल्झिरहेको छ जस्तो मलाई लाग्छ । यसले एकातिर हजारौँ हजार वर्षदेखि चल्दै आएको संस्कृतविद्याको बोझ थाम्नमा औत्सुक्य देखाउनुपरेको छ, अर्कोतिर पाश्चात्त्यविद्या पनि अन्तर्भूत गरी आफूलाई लोकोपयोगी किंवा आधुनिक देखाउनुपरेको छ, त्यसमाथि राजसत्ता हटेपछि अनेकन् जातजाति अत्यन्त मुखर भई आफ्नो पहिचान र हकको लागि उत्रेकाले तिनीहरूलाई पनि थामपुर पार्नुपरेको छ । यसैले संस्कृतविश्वविद्यालयले न हाँसको न कुखुराको चाल भन्ने कहावतलाई अहिले चरितार्थ गरेको छ ।

प्राचीनकालमा हाम्रा पूर्वजहरूले विद्यालाई मोटामोटी रूपमा ४ समूहमा बाँडेका थिए– त्रयी, आन्वीक्षिकी, वार्ता र दण्डनीति । कालान्तरमा अध्यात्मवाद किंवा वैराग्यको बाढी आउँदा लोकोपयोगी वार्ता अर्थात् कृषि पाशुपाल्य र वाणिज्य तथा दण्डनीति अर्थात् राजनीतिको पठनपाठन पूरै बन्द भयो, त्रयी अर्थात् वेद र आन्वीक्षिकी अर्थात् दर्शनको पनि निकै शाखाप्रशाखाको पठनपाठन बन्द भई ती २ विद्या आंशिक रूपमा मात्र बाँकी रहन गए । उदाहरणको लागि आन्वीक्षिकीमा भौतिकवादी चार्वाकदर्शनको पठनपाठन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कहीँ पनि छैन । साँच्चै भन्ने हो भने एउटा *तत्त्वोपप्लवसिंह* छोडेर चार्वाकदर्शनका कुनै ग्रन्थ बाँकी छैनन् । त्यस दर्शनको विषयमा जे जति कुरा हामीलाई थाहा छ, त्यो त त्यस दर्शनका विरोधीहरूले त्यसको खण्डन गर्न वा उपहास गर्न उद्धरण गरेका अंशबाट नै भएको हो ।

अध्यात्मवादको चपेटामा परेर दण्डनीतिको कालजयी ग्रन्थ *कौटलीय अर्थशास्त्र* सयौँ वर्ष लुप्त भई फेरि प्रकाशमा आएको पनि सय वर्ष नाघिसक्यो । त्यो *अर्थशास्त्र* प्रकाशमा आएदेखि अहिलेसम्म संसारभरका पचासौँ संस्कृतज्ञहरूले यसको परिशीलनमा दिमाग खपाए पनि त्यसको राम्रो व्याख्या अझ हुन सकेको छैन । त्यो नहुनुको कारण अर्थशास्त्रको परम्परा उच्छिन्न हुँदा त्यसका कैयन् शब्द दुर्बोध्य किंवा अबोध्य हुनु हो । ४ विद्यामध्ये एक, दण्डनीतिको प्रमुख ग्रन्थ *कौटलीय अर्थशास्त्र*को अर्थको पुनरुद्धार गर्नतर्फ हाम्रो संस्कृतविश्वविद्यालयको ध्यान कत्ति पनि गएको छैन, उल्टो त्यहाँ पाश्चात्त्य राजनीतिको एकसरो पढाइ पोलिट्इक्ल् साइअन्स्अन्तर्गत चलेको छ ।

४ विद्यामा पछिल्ला २ विद्या अर्थात् आन्वीक्षिकी र दण्डनीतिको पढाइ त पूरै लुप्त भइसक्यो । त्रयी पनि यथावद् रूपमा छैन भन्ने कुरा वेदका षडङ्गमध्ये धेरैको सामान्य पठनपाठन सुद्धा हाम्रो संस्कृतविश्वविद्यालयमा चलेको छैन । संस्कृतविद्याको पुनरुद्धार गर्नतर्फ नलागी ज्यौतिषशास्त्रका ग्रन्थमा बताए जस्तो वेधशाला नबनाई विदेशी वेधयन्त्रले वाल्मीकिविद्यापीठको कौसी अलङ्कृत भइरहेछ । काशीका पञ्चाङ्गको नक्कलमा नेपालसंस्कृतविश्वविद्यालयको विशाल पात्रो छापिइरहेको छ । आयुर्वेदको नाउँमा एलोपेथी मिसाई भारतमा छ्यासछ्यासती चलेको पढाइ भित्र्याइएको छ । संस्कृतका आर्ष ग्रन्थमा विद्यार्थीलाई कसरी पढाउने भन्ने विषयमा गरिएको धेरै विचारको वास्तै नगरी संस्कृतविश्वविद्यालयमा बी.एड.को पढाइ चलाइएको छ ।

अङ्ग्रेजको पालामा संस्कृतशिक्षामा उपाधिको प्रथा चलाउँदा उपाधिको नाउँ संस्कृतभाषामै प्रथमा, मध्यमा, शास्त्री र आचार्य गरी राखिन्थ्यो । अहिले आयुर्वेदको पढाइ पूरा गरेकालाई **ब्याचलर् अफ् आयुर्वेदिक् मेडिसिन् यान्ड् सर्जरि** भन्ने प्रथा शुरू भयो र यस उपाधिका मुख्य मुख्य आद्याक्षर लिई **बीएएम्एस्** भनियो र यसरी संस्कृतविश्वविद्यालयले दिइने उपाधिमा समेत अङ्ग्रेजी भाषा हावी भएको छ । **इन्स्टिट्यूट् अफ् संस्कृत स्टडिज् आदि खडा गरेर अङ्ग्रेजी नजानेको खण्डमा संस्कृतभाषा पनि पढ्न सकिँदो रहेनछ भन्ने भाव पारेको जस्तो लाग्छ** भनी नयराज पन्त (२०६३: ७८)ले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी प्राचीन विद्याको पुनरुद्धार गर्नतर्फ नेपालसंस्कृतविश्वविद्यालय सफल छैन त शोधतर्फ पनि यसले खास काम गर्न सकेको छैन । प्राचीन ग्रन्थको सम्पादन कसरी गर्नुपर्छ भन्ने सिद्धान्तमा धेरै विद्वान्हरूले आफ्नो दिमाग खियाएका छन् । तिनको विषयमा बेखबर रही एउटै ग्रन्थका एकभन्दा बढी लेखोट पुस्तक पाएको खण्डमा खालि **कपाठः** र **खपाठः** जस्ता टिप्पणी हाली काम चलाइएको छ र **एपीए** वा **एम्एलए** कुन नीतिअनुसार पादटिप्पणी हाल्ने कुरामा शोधार्थीहरू अलमलिरहेका छन् ।

आफ्ना प्राचीन भाषा ग्रीक र ल्याटिनको सामञ्जस्य संस्कृतसँग भएको देखेपछि संस्कृतवाङ्मयमा शोधको शुरूवात पाश्चात्त्यहरूबाट भएको हो । त्यस विषयमा पश्चिममा धेरै नै शोध भइसकेको छ । हाम्रो संस्कृतविश्वविद्यालयमा भने ग्रीक र ल्याटिनको सामान्य पढाइ पनि चलेको छैन । उल्टो पृथग्जनलाई सन्तुष्ट पार्न लिम्बूभाषाको पढाइको उपक्रम भइरहेछ । संस्कृतविद्याबाट कोसौँ दूर मानिसहरूबाट सांस्कृतिक केन्द्र चलाउने काम भइरहेछ । संस्कृतविश्वविद्यालय सांस्कृतिक केन्द्रको सट्टा संस्कृतकेन्द्र खोल्ने साहस किन गर्दैन भन्ने प्रश्न यस प्रसङ्गमा उठ्छ ।

छोटकरीमा भन्ने हो भने नयराज पन्तले आफ्नो ढाँचाले संस्कृतविश्वविद्यालयको खाका कोरिसकेका थिए । त्यही खाकाअनुसार अत्यन्त सानो रूपमा संशोधन-मण्डलको पाठशाला चलिसकेको थियो । त्यसैअनुरूप सानै रूपमा भए पनि संशोधन-मण्डलको खोजले शोधविधि बसालिसकेको छ । नयराज पन्तले लेखेको *हाम्रो उद्देश्य र कार्यप्रणाली*- अनुसार नै संस्कृतविद्याको पठनपाठन र अन्वेषण चलाए मात्र संस्कृतविश्वविद्यालय साँच्चिकै विश्वविद्यालय बन्छ, नत्र भने वेङ्कटेश रामकृष्ण केतकर (१९९४ प्रस्तावनाः २०)को शब्दमा भन्दा त्यो **विश्वविद्यालय विद्याको आलय** अर्थात् **विद्याको घर** नभई त्यस **विश्वविद्यालयमा विद्याको लय** अर्थात् **विद्याको नाश** मात्र हुन जान्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बालकृष्ण सम, अनि उनको विषयमा नयराज पन्त

अखिल भारतवर्षका अरू अरू नव्यभाषामा जस्तै नेपाली भाषामा पनि काव्यबन्धको शुरूवात संस्कृत काव्यको ढाँचामा भएको हो र कविहरूका उपजीव्य ग्रन्थ पनि *रामायण महाभारत* आदि संस्कृतकै ग्रन्थ हुन्। त्यो परम्परा धेरैपछिसम्म नेपाली भाषामा चलेको थियो। बालकृष्णशमशेर जङ्गबहादुर राणा (वि.सं. १९५९-२०३८)को नेपाली साहित्यमा प्रवेश भएपछि त्यस परम्परामा केही परिवर्तन आयो र उनका केही कृतिका उपजीव्य ग्रन्थ संस्कृतवाङ्मयका भए पनि लेखाइको शैली फरक हुँदै गयो। उनका प्रमुख नाटक अङ्ग्रेजीका कवीन्द्र विल्यम शेक्स्पियरका नाटक ब्ल्याङ्क् भर्स्मा छन्दोबद्ध भए जस्तै अनुष्टुभ्मा छन्दोबद्ध छन्। बालकृष्णशमशेरले लेख्न थाल्नुभन्दा अगाडिका, नेपाली भाषाका कृतिमा आफ्नो भाषामा लेखिएको कृति हो भन्ने ममता नराख्ने हो भने संस्कृतसाहित्यमा पैठ भएकाहरूलाई आकर्षणको विषयवस्तु खास छैन। तिनमा भएका सूक्ति पनि संस्कृतसाहित्यवाटै अनुप्राणित हुन्थे। तर बालकृष्णशमशेरका सूक्तिचाहिँ अलि फरक ढङ्गका छन् र त्यस्ता सूक्ति सहृदयका जिब्रामा सजिलै झुण्डिन्छन्–

अब चित्त बुझ्यो, छोडे गधे-पच्चीस वर्षले,
एक एक गरी फेरि उम्रे बत्तीस दन्त यी,
आशा थियो, गयो; संख्या बढ्यो केवल वर्षको,
यसको मूर्खता उस्तै छ जस्तो पहिले थियो,

(*मुटुको व्यथा* १ अङ्क, १ दृश्य)

को गरीब बनी सुन्ला लेखेको यो गरीबले,
यस्तो गरीब शैलीमा यो गरीब विचारले,
आँटेर तैपनी लेख्यो, आठै रस गुमे पनि
घृणा सबैको पाएमा बीभत्स-रस मान्दछ।

(उही)

अभागी म जहाँ जाऊँ, साथी मेरो अभाग्य छ,

(उही)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनको चाहना छैन, मन साफा भए पुग्यो,
धुरी चाहिन्न धनको, खालि पेट भरे पुग्यो ।

(उही १ अङ्क, ३ दृश्य)

एक्को घर रित्तिन्छ, अर्कोले घर भर्दछ,
सप्रँदैन कुनै अर्को नबिग्रेर कहीँ पनि

(उही २ अङ्क, २ दृश्य)

गठेमंगलका औंठी आए कति गए कति,
विवाहको हुँदो हो ता अनि बात जुदै थियो,

(उही ५ अङ्क, ३ दृश्य)

बत्ती तेल जलाएर आफै जल्दछ आखिर,
रहन्छ बाँकी निस्सार खरानी मात्र आखिर ।

(उही)

सहू सहू सहू बाबु सहनै नसके पनि

(ध्रुव २ अङ्क, १ दृश्य)

मुठी बाँधी यहाँ आयो, मुठी खोलेर जानु छ

(मुकुन्द इन्दिरा २ अङ्क, २ दृश्य)

स्वास्नीमानिसको जाल लोग्नेमानिसको बल
दुवै सँगै रहे हुन्थे सबै मानिस राक्षस ।

(उही)

देशभक्ति त मर्दैन, चुत्थै देश भए पनि

(उही ४ अङ्क, ४ दृश्य)

आफ्नो १७ वर्षको उमेरमै नयराज पन्त (वि.सं. १९७०-२०५९) बालकृष्णशमशेरका कृतिसँग परिचित भइसकेका थिए र उनी बालकृष्णशमशेरको लेखाइबाट प्रभावित थिए भन्ने कुरा वि.सं. १९८६ तिरै मेरो हातमा कवि बालकृष्णशमशेरको मुटुको व्यथा पऱ्यो । व्याकरणअनुसार लेख्ने कविजीको प्रवृत्तिले म अत्यन्त प्रभावित भएँ । त्यसै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरी लेखहरू लेख्न सके त बढिया हुँदो हो भन्ने भाव मेरो मनमा उब्ज्यो भनी उन (२०५० क: ७)ले लेखेकोबाट स्पष्ट हुन्छ ।

प्रह्लादनामक नाटक नेपाली भाषामा लेखिएको विचारप्रधान भएको पहिलो नाटक हो । यस नाटकका कर्ता नेपाली भाषाका बलियो खामो बनेका प्रसिद्ध विद्वान् हुन् । यिनै विद्वान्को उद्योगले हामीले नेपाली भाषामा योग्य नाटकहरू हेर्न पाएका छौं । अझ साञ्चि भनूँ भने त यिनै नाटककारको नाटक देखेर नै यस प्रबन्धको लेखकले नाटक भन्ने वस्तु सर्वप्रथम चिह्नेको हो । यस कारण यी नाटककारलाई यस प्रबन्धको लेखकले सोझै नभए तापनि आफूभन्दा ५०० वर्ष अघि भएका ब्रह्मगुप्तलाई भास्करले आफ्नो गुरु मानेभन्दा त वरैको नाताले गुरु मानेको छ भनी नयराज पन्त (२००७ घ: २९५)ले लेखेकाले बालकृष्णशमशेरलाई उनी एक प्रकारले गुरु मान्थे भन्ने देखिन्छ ।

बालकृष्णशमशेर त्यस कालका मुट्ठीभर विशिष्ट विचारकमध्ये पर्छन् । उनमा बौद्धिक भोक उग्र थियो । राणाकुलमा जन्मेर पनि मसीजीवीको वृत्ति लिई उत्कृष्ट कविको रूपमा प्रतिष्ठित बालकृष्णशमशेरको चरित पनि केही मात्रामा लोकोत्तर थियो । सयौँ वर्षदेखि एक प्रकारले टपरे बाहुनको पेवा जस्तो भएको संस्कृतभाषा आफ्नो एक मात्र छोरा जनार्दनशमशेर (वि.सं. १९८४-२०३९)लाई परम्परागत ढङ्गले पढाउनु पनि उनको लोकोत्तर चरितको एउटा नमूना हो जस्तो मलाई लाग्छ ।

बालकृष्णशमशेरको चरितको एक पाटो लोकोत्तर भए पनि अर्को पाटो मौकापरस्ती हो । मौकापरस्तीको उदाहरणको रूपमा वि.सं. १९९७ मा बी.ए.को नेपाली भाषाको जाँचको उत्तरपुस्तिकामा परीक्षार्थी लक्ष्मीनन्दन चालिसे (वि.सं. १९७०-२००२)ले **नपुंसक राणाजीहरू** भनी लेख्दा आफूभन्दा माथिल्ला अधिकारीहरूले त्यस कुरालाई नचम्काई दबाउने सल्लाह गर्दा गर्दै श्री ३ जुद्धकहाँ उत्तरपुस्तिका पुऱ्याई ती परीक्षार्थीलाई थुनाई आफूले प्रमोशन खाएको, छोरा जनार्दनशमशेरलाई जागीरे गराएको र राणाशासन जाने जाने वेलामा उनी राणाविरोधी भई बालकृष्ण सम भएको हामी सबैलाई थाहा भएको कुरा हो ।

वि.सं. १९९७ को मङ्सीर महीनामा आफ्नो २७ वर्षको उमेरमा नयराज पन्तले भाषानुवादपरिषद्मा जागीर खाए । त्यस अड्डाको हाकिम पुष्करशमशेर (वि.सं.१९५८-२०१८) थिए । उतापट्टि नेपालीभाषाप्रकाशिनी समितिमा चाहिँ उनका भाइ बालकृष्णशमशेर हाकिम थिए । नयराज पन्तको इच्छा भाषानुवादपरिषद्मै जागीर खाई बस्ने भए पनि आफ्ना बाजे भुवननाथ पाँडे (वि.सं. १९२०-२०००)को जोडले गर्दा ३ महीना नपुग्दै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनी रानीपोखरी संस्कृतपाठशालामा जागीर खान पुगे पनि उनको सम्बन्ध भाषानुवादपरिषद् र नेपालीभाषाप्रकाशिनी समितिसँग पछिसम्म थियो ।[१] उनकै शब्दमा **कवि बालकृष्णशमशेरज्यूको वाक्चातुरीले पनि मलाई आनन्द दिलाउँथ्यो । बालकृष्णशमशेरज्यूले सोध्नुभएका कुरा आफूले बुझेका भए भनिदिन्थेँ** ।[२] नयराज पन्त नेपालीभाषाप्रकाशिनी समितिको उपसमितिको सदस्य वि.सं. १९९९ मा र शिक्षासमितिको सदस्य वि.सं. २००० मा भए ।[३] त्यहाँ छापिन आएका पुस्तकहरू सदस्यहरूले आफूहरूमा भाग लगाई संशोधन गर्ने चलन भएकोले नयराज पन्तले पनि त्यो काम उत्साहपूर्वक गरे । यसको साथसाथै आफूले लेखेका *इतिहास-सहायक, ज्यौतिष, बीजगणित* र लेखनाथ पौड्याल (वि.सं. १९४१-२०२२) को *बुद्धिविनोद*को समश्लोकी उत्तर उनले नेपालीभाषाप्रकाशिनी समितिमा छाप्न दिए । त्यस समितिको उपसमितिले वि.सं. २००४ मा ती पुस्तक प्रकाश गर्न स्वीकृति पनि दिएको थियो ।[४]

बालकृष्णशमशेरका छोरा जनार्दनशमशेरको *प्रेमी प्रतीक्षा*नाउँको पुस्तक नयराज पन्तले संस्कार गरेको कुरा मैले सुनेको हुँ, पछि त्यो छापियो पनि । त्यसपछि जनार्दनशमशेरले जमानाअनुसार साम्यवाद किंवा समाजवादबाट अनुप्राणित कृति लेखेर नयराज पन्तलाई देखाउन खोज्दा बाबुसाहेब, हजुरले यस्तो कृति लेख्नुभन्दा अगाडि राणाकुलमा जन्मेर पाएको विशिष्ट अधिकारको पगरी उतार्नुपर्छ भनी त्यो पुस्तक नहेरेको नयराज पन्तकै मुखबाट मैले सुनेको छु । बालकृष्णशमशेरकहाँ धेरै वर्ष सहायक भई काम गरेका लीलाध्वज थापा (वि.सं. १९८२-२०४२)को वि.सं. २००२ मा छापिएको *अमरमाया*नाटकमा पनि नयराज पन्तले[५] लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६),[६] पुष्करशमशेर,[७] बालकृष्णशमशेर[८] र शेषराज शर्मा (वि.सं. १९६८-२०४५)[९]

१. नयराज पन्त २०१९ चः ३०-३१ ।
२. ऐजनः ३१ ।
३. ऐजनः २३-२४ ।
४. ऐजन २०१४ कः ६ ।
५. ऐजन २००२ ।
६. लक्ष्मीप्रसाद देवकोटा २००२ ।
७. पुष्करशमशेर ज.ब.रा. २००२ ।
८. बालकृष्णशमशेर ज.ब.रा. २००२ ।
९. शेषराज शर्मा २००२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सँगै त्यस नाटकको विषयमा लेखेका थिए । यी सबै कुराको मतलब के हो भने उनको सम्बन्ध बालकृष्णशमशेरसँग धेरै नजीकको भइसकेको थियो ।

वि.सं. २००३ मा बालकृष्णशमशेरको *म* नाटक छापियो । त्यस नाटकको विषयवस्तु लोग्नेलाई मन नपरेकी स्वास्नीले उसलाई आफूतर्फ तान्न लोग्नेकी प्रेमिकाको रूप लिई उसलाई फसाउँदा लोग्नेले उनीलाई मन पराएको छ । त्यस्तै विषयवस्तु दण्डीको *दशकुमारचरित*को छैटौँ उच्छ्वासमा परेको एउटा कथाको छ । त्यस कथाको उल्था गरी नयराज पन्तले *म* नाटक छापिएको लगत्तैजसो *शारदा* पत्रिकाको वि.सं. २००३ फागुन-चैतको अङ्कमा छपाए ।[१०] त्यसले गर्दा बालकृष्णशमशेरको अपूर्व कल्पनाशक्तिमा शङ्का उठ्न गयो । त्यसैले त्यो कथा अहिल्यै किन छपाउनुपर्‍यो भनी उनले नयराज पन्तलाई भनेको सुनिएको हो ।

नयराज पन्तले आफ्ना, माथि नाउँ लिइएका, ४ वटा पुस्तक प्रकाशित गर्न भनी नेपालीभाषाप्रकाशिनी समितिमा बुझाएपछि अहिले पुस्तक छोडेर रोयल्टी लिएर जाऊ, यी बिस्तारै छापिन्छन् भनी समितिका हाकिम बालकृष्णशमशेरले भनेछन् । पहिला पुस्तक छापियून्, अनि रोयल्टी लैजाउँला, म पुस्तक नछापिईकन रोयल्टी लिएर जान्नँ भनी नयराज पन्तले जवाफ दिएछन् । लक्ष्मीप्रसाद देवकोटाले पनि रोयल्टी लगे त भइहाल्छ नि पण्डितजी भने रे । तर नयराज पन्तले पुस्तक नछापी रोयल्टी बुझ्दिनँ भनेपछि तिमी त्यसै भन्छौ होइन त ? भनेर बालकृष्णले ३ चोटि फर्केर सोधे रे ।[११]

किताब छापिनुभन्दा अघिबाटै किताब लेखेबापत पाइने रकम लिएर जाऊ भनी हाकिमले अनुग्रह गर्दा पनि पैसा लिन अस्वीकार गरेकोले बालकृष्णशमशेरसँग नयराज पन्तको सम्बन्ध चिसिन थाल्यो जस्तो मलाई लाग्छ । त्यसैले छापिने भनी वि.सं. २००४ मै पास भएका ४ वटा पुस्तकमध्ये कुनै पनि तत्काल छापिएनन् । आखिरमा वि.सं. २००७ मा मात्र *इतिहास-सहायक*,[१२] त्यसको ३ वर्षपछि वि.सं. २०१० मा *ज्यौतिष*[१३]

---

१०. नयराज पन्त २००३ ।

११. गुहनाथ पौडेल २०६५: ५४-५५ ।

१२. नयराज पन्त २००७ छ ।

१३. ऐजन २०१० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र वि.सं. २०१५ मा *बुद्धिविनोद*को उत्तर[१४] छापिए, बीजगणितको पुस्तकचाहिँ नछापिईकनै बेपत्ता भयो ।

वि.सं. २००७ असोजको *पुरुषार्थ* पत्रिकामा *एउटा शङ्का* भन्ने शीर्षकमा नयराज पन्तको एउटा लेख छापियो । त्यस लेखमा वि.सं. १९९५ मा प्रकाशित बालकृष्णशमशेरको *प्रह्लाद* नाटकको प्रशंसा गर्दा गर्दै त्यस नाटकमा नारदले प्रह्लादलाई सङ्खिया विष खान सिकाएको र त्यो विष प्रह्लादलाई पचिसकेकोले उनलाई गोमन साँपले टोक्न लाउँदा उल्ट्ये गोमन मरेको, प्रह्लादलाई भने केही नभएको कुरा त्यस नाटकमा लेखिएकोले **दैत्यहरू विष खुवाएर मात्रै मार्दैनन्, पर्वतवाट खसाल्छन्, आगोमा हाल्छन्, तरवारले ठुङ्ठुङ्याउँछन्, हात्तीले कुल्चाउँछन् भन्ने यति जाबो कुरा पनि नारदको बुद्धिमा सुइदैनथ्यो ? फेरि नारदलाई 'परमेश्वरको नामले सारा आपत हयउन सक्तछ' भन्ने कुरामा विश्वास थियो थिएन ? थिएन भने बिचरा बालकलाई सुत्याएर कालको मुखमा पठाएर तिनलाई के फाइदा थियो ? थियो भने विष्णु परमेश्वरको नाम साथसाथै संखियाको अम्मल सिकाउनाको के जरूरत ?**[१५] भनी कुरा टुङ्ग्याइएको छ ।

बालकृष्णको चरित्रचित्रण गरी नयराज पन्तले वि.सं. २००७ चैत ८ गते बुधवारको दिन आफ्नो डायरीमा यस्तो लेखेको देखिएको छ–

तिमीहरू त बाँउँठे रहेछौ

बालकृष्णशमशेर नेपाली भाषाका प्रख्यात कवि हुनुहुन्छ । *मुटुको व्यथा, ध्रुव, मुकुन्द इन्दिरा, प्रह्लाद, अन्धवेग, भक्त भानुभक्त,* मनाउँका आफूले बनाएका नाटकले गर्दा उहाँ कवि प्रसिद्ध हुनुहुन्छ । उहाँको *नियमित आकस्मिकता*नाउँको ग्रन्थ पनि प्रकाशित भएको छ । उहाँका अरू साना कथा पनि प्रकाशित भएका छन् ।

उहाँका कृतिमा सर्वत्र गरीबउपर दया देखाइएको हुन्छ । यताबाट कविजी दयालु हुनुहुँदो रहेछ भन्ने बुझिन्छ । राजामा र स्वदेशमा उहाँको गाढा भक्ति भएको पनि

---

१४. ऐजन २०१५ क ।

१५. ऐजन २००७ घ: २९६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँबाट स्पष्ट हुन्छ । उहाँको स्वभाव पनि मिलनसार छ । तर्करसिक उहाँ कवि आफ्नो मीठो बोलीले गर्दा सर्वसाधारणलाई र विद्वान्हरूलाई पनि रत्याउन सक्नुहुन्छ । तसवीर लेख्नमा नाउँ चलेका उहाँ कविवर नाटक खेल्न र गानाबजानामा पनि सिपालु हुनुहुन्छ ।

यसरी आफ्ना मीठा कविताले र कलाले गर्दा नेपालीहरूमा उहाँ कविवरको ठूलो नाउँ छ ।

यसरी यढाबाट हेर्दा सज्जन देखिनुहुने उहाँ कविवरलाई गढेर हेर्ने हो भने उहाँ अर्कै जस्तो देखिनुहुन्छ ।

वि.सं. १९९७ मा परीक्षार्थी कवि लक्ष्मीनन्दनले बी.ए.को जाँचमा नेपाली भाषाको उत्तरपुस्तिकामा प्रसङ्गवश नपुंसक राणाजीहरू भनी लेखेको लेख मुखले धेरै किसिमले जनहितको कुरा फलाकेर हिँड्ने उहाँ कविले श्री ३ जुद्धशमशेरकहाँ पठाउनुभएछ । जसले गर्दा राणासरकारले ती लक्ष्मीनन्दनलाई झ्यालखानामा हाल्यो । बूढा भएका बाबुआमालाई रुवाउँदै, भरखरकी स्वास्नी र सानो छोरो छोडेर ती बिचरा परीक्षार्थी तीन चार वर्षपछि झ्यालखानामै मरे । यसो गरी राणाराज्यलाई दरिलो पार्न उद्योग गर्ने उहाँ कविवरलाई राणासरकारले मन पराएको थियो ।

वि.सं. २००७ कार्तिकमा श्री ५ त्रिभुवनवीरविक्रमलाई राज्यच्युत गर्न भेला भएका, श्री ३ मोहनका अनुयायीहरूमा उहाँ कवि पनि हुनुहुन्थ्यो । श्री ५ त्रिभुवनवीरविक्रमलाई राज्यच्युत गर्न लेखिएको पत्रमा प्रकाशित नामावलीमा बालकृष्णशमशेर भन्ने नाउँ सबैले हेर्न सक्छन् । श्री ५ ज्ञानेन्द्रवीरविक्रमको सिंहासनारोहण हुँदा उहाँ कविवर छोरासमेत आफूसरहका अरूहरूसँगै फोटेग्राफर भएर आउनुभएको हामीहरूले आफ्नै आँखाले देखेको हो ।

रोलबाट हटइएका राणाजीहरू चन्द्रशमशेरका छोराहरूको रीसले काङ्ग्रेससँग मिल्न गई नेपालमा विद्रोहको आगो बाल्दा, श्री ५ त्रिभुवनवीरविक्रम भारत सवारी भएकोले मौका छोपी नेपाललाई सर्वथा आफ्नो प्रभावमा राख्न भारतले मध्यस्थको स्वाङ गर्दा, झूटे लोभ देखाएकोले मन चञ्चल भएका दुनियाँहरूले सबैतिर राणावंशको द्वेष फैलाउँदा, आफ्नो दुर्नीतिको फल प्रकट भएको देखी चन्द्रशमशेरका छोराहरूले बिलखबन्दमा परेर भारतको उपदेशले आफ्नो अधिकार छोड्न लाग्दा उहाँ कविवर जनहित गर्ने मान्छेको स्वाङ गर्दै १५ दिन थुनामा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बसी देशोद्धारक बन्नुभयो । काङ्ग्रेसीहरूको निगाहले उहाँले फेरि इज्जत र पुरानै जागीर पाउनुभयो ।

मुखले अर्कै कुरा भनेर, मनले अर्कै कुरा विचार गरेर, कामले अर्कै कुरा गरेर आएका, स्वार्थले आँखा टालिएकोले विवेक गर्ने शक्ति हराइसकेका मानिसको लागि गर्न नहुने काम पृथ्वीतलमा के छ र ?[१६]

नेपालीभाषाप्रकाशिनी समितिमा आफ्ना पुस्तक छाप्न दिँदा समितिका हाकिम बालकृष्णशमशेरले आफूलाई अनुग्रह गरी अघिबाटै रोयल्टी दिँदा आफूले पुस्तक छापिनुभन्दा अगाडि नै त्यो लिन नमानेकोले त्यसको फल कस्तो भयो भन्ने विषयमा नयराज पन्तले वि.सं. २०१२ मा यस्तो लेखेका छन्–

दुइ पुस्तक बल्लतल्ल प्रकाशित भए । दुइ पुस्तक कहाँ छन् पत्तो छैन । यसैले मैले बुझेँ, काम मात्रै गरेर हुँदो रहेनछ । विषम-समको ताल पनि बुझ्नुपर्दो रहेछ । भइगयो, मेरो वेला आएको रहेनछ भनी म लेख्तै थन्क्याउने तथा पढ्ने-पढाउने कामतिर लागेँ ।[१७]

बालकृष्णको मौकापरस्तीको विषयमा नयराज पन्त (२०३१ क: २४३)ले वि.सं. २०३१ मा प्रसङ्गवश छोटकरीमा लेखेको कुराबाट अब यो लेख टुङ्ग्याइन्छ–

राणाकालमा बालकृष्णशमशेर [...]का ग्रन्थमा राणा शासकका स्तुति हुन्थे, पछि यी झिकिए, यो कुरो मलाई थाहा छ । बलेको आगो ताप्ने सिद्धान्तको फल यो हो । बालकृष्णशमशेरका लेखमा आदर्श रूपमा रहेका राणा शासकहरू बालकृष्ण समका लेखमा निन्द्यचरित्र भई देखा परे, कोइराला शासकचाहिं आदर्श भई अगाडि आए, यो कुरो पनि मलाई थाहा छ ।

---

१६. नयराज पन्त २०४१ क: २८-३१ = महेशराज पन्त २०४१ क: ३२-३३ मा उल्था ।

१७. नयराज पन्त २०१४ क: ६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणपुत्र क्रिस्तान स्कूलमा पढ्दा नयराज पन्तको मनमा खेलेका कुरा

नयराज पन्त (वि.सं. १९७०-२०५९)ले दिनकादिन जस्तो केहीनकेही लेख्ने गरेका कलेजी रङ्गका, झण्डै ४०० पृष्ठ भएका, फुल्स्केप साइजका, २ वटा सजिल्द कापी छन् । तिनमध्ये एउटा कापीबाट झिकिएका, २ वटा लेख पहिल्यै छापिइसकेका छन् (नयराज पन्त २०६९: ३६० र २०६९ ख: ४४१) । त्यही कापीको १२० पृष्ठमा आफ्नो ३८ वर्षको उमेरमा नयराज पन्तले संस्कृतमा वसन्ततिलका छन्दमा लेखेका अढाइ पद्य अहिले यहाँ छापिँदैछन् ।[1]

वि.सं. १९८० देखि त्रिचन्द्र कलेजको सम्बन्ध कलकत्ताविश्वविद्यालयबाट पटनाविश्वविद्यालयमा सऱ्यो (गोपीनाथ शर्मा २०५०: १०९) । त्यसले गर्दा नेपालमा हुने, पटनाविश्वविद्यालयको जाँच यहाँ चलाउन त्यस विश्वविद्यालयबाट एक जना प्रोफेसर काठमाडौँ आई जाँच चलुञ्जेल एक महीना जति यहीँ बसी उत्तरपुस्तिका साथै लिई फर्कने गरेका थिए । त्यसताकाको काठमाडौँमा पटनाको दाँजोमा भौतिक सुविधा कम भएकोले एकचोटि आएको प्रोफेसर अर्कोचोटि आउन मन गर्थेनन् र यसैले कसलाई खटाउने भनी निर्णय गर्न गाह्रो पर्न लाग्यो (डोनल्ड ए. मेसर्श्मिड्ट २०५३/५४: १५५) ।

खास गरी अङ्ग्रेजी भाषा र रहनसहनमा पोख्त बनाउन क्रिस्तान स्कूलमा आफ्ना सन्तानलाई भर्ना गर्ने लहर भारतका धनी-मानीमा चलेको थियो । नेपालमा यस्तो स्कूल नभएकोले यहाँका धनी-मानीका सन्तान भारतमा गई क्रिस्तान स्कूलमा पढ्ने गर्थे । जेज़्युइट अर्थात् सेन्ट जेभियर्'ज़ स्कूल पटनामा पनि वि.सं. १९९६ माघ २ गते (ई.सं. १९४० जनवरी १५ तारीखमा) खुल्यो (ऐजन: १३८) । त्यस स्कूलका प्रिन्सिपल फादर मार्शल डेनिस मोरान (वि.सं. १९६३-२०४८) भए । त्यस स्कूलमा पनि नेपालका केही धनीमानीहरूका छोराहरू पढ्ने गर्थे । नेपालको शिक्षाविभागका तात्कालिक डाइरेक्टर जनरल मृगेन्द्रशमशेर जङ्गबहादुर राणा (वि.सं. १९६३-२०३१) जाँचको कामको लागि पटना आउँदा फादर मोरानसँग उनको उठबस भयो (ऐजन:

१. नयराज पन्त २०६९ च ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१५४) । यस्तै छाँटले नेपालका पढैया कहलिएका अरूहरूसँग पनि फादर मोरानको सम्बन्ध बढ्यो (ऐजन: १५३) । सेन्ट जेभियर्'ज़ स्कूलका प्रिन्सिपल भई बसेका फादर मोरान पटनाविश्वविद्यालयका अधिकारीहरूसँग बिस्तारै नजीकिँदै गए । वि.सं. २००४ मा उनी पटनाविश्वविद्यालयको सिनेटको मेम्बर पनि बने (ऐजन: १४८-१४९) । यता फादर मोरान नेपाल जान निकै उत्सुक भएकाले र उता पटनाका प्रोफेसर त्यहाँ जान नखोज्ने भएकाले उनलाई पटनाविश्वविद्यालयले जाँचको कामको लागि नेपाल पठाउने विचार गऱ्यो । अनि वि.सं. २००६ आश्विन १५ गते (ई.सं. १९४९ अक्टोबर १ तारीखमा) उनी नेपालतर्फ हिँडे (ऐजन: १५६-१६०) । पटनादेखि नै चिनजान भएका, जनरल मृगेन्द्रशमशेरसँग फादर मोरानको फेरि भेट परीक्षा चलाउन काठमाडौँमा आउँदा भयो । मृगेन्द्रशमशेरमार्फत नै उनले श्री ३ महाराज मोहनशमशेर (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७)को दर्शन पाए (ऐजन: १६०-१६१) । यसको अर्कोन वर्ष फेरि त्यही जाँचको कामको लागि काठमाडौँ आउँदा नेपालमा जेज़्युइट स्कूल खोल्ने कुरा उनले उठाए । मृगेन्द्रशमशेरको यसमा समर्थन भए पनि इवाट्ट यो कुरा अघि बढाउने आँट उनको भएन । तर स्कूल कुन ठाउँमा खोल्दा उपयुक्त होला भनी ठाउँठाउँमा घुम्न हरेक शनिवार मृगेन्द्रशमशेर १ जना प्रोफेसरलाई फादर मोरानसँग घुम्न खटाइदिन्थे । कहिले ककनी, कहिले नगरकोट, कहिले सुन्दरीजल, कहिले गोदावरी आदि गरी धेरै ठाउँमा फादर मोरान घुमे (ऐजन: १६५) । यति गर्दा गर्दै नेपालमा बस्ने उनको समय सिद्धियो र अब पटना फर्कने वेला भयो । फर्कनुभन्दा अगाडि श्री ३ को दर्शन गर्न उनी जाने भए । यति वेलासम्म जनरल मृगेन्द्रसँग उनको घनिष्ठता भइसकेकोले काठमाडौँमा पनि जेज़्युइट स्कूल खोल्न पाएको खण्डमा नेपालीहरूलाई पटनासम्म गएर पढ्नुपर्ने झञ्झटबाट मुक्ति मिल्थ्यो भन्ने कुरा जनरल साहेबलाई उनले भने । आज श्री ३ महाराजसँग यहाँ स्कूल खोल्ने विषयमा कुरा गरूँ त भनी सोद्धा मृगेन्द्रले हुन्छ भने । अनि उनले यो कुरा श्री ३ मोहनलाई भने, उनले पनि समर्थनै गरे । गोदावरीमा स्कूल खोल्ने निधो गरी फादर मोरान फर्के । पटना फर्किएपछि उनले स्कूल खोल्ने विषयमा विधिवत् प्रबन्ध गर्न पाए हुन्थ्यो भन्ने भावले जनरल मृगेन्द्रलाई चिठी लेखे । नेपालमा जेज़्युइट स्कूल खोल्ने विषयमा श्री ३ सँग कुरा अगाडि बढिरहेको छ भनी जनरल मृगेन्द्रले छिटै जवाफ दिए (ऐजन: १६६-१६७) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछिका १ वर्षभित्र फादर मोरानकहाँ काठमाडौँबाट आकलझुकल चिठी आइरहे पनि स्कूल खोल्ने विषयमा निधो गरी केही लेखिएन। वि.सं. २००७ कार्तिक १६ गते (ई.सं. १९५० नोभेम्बर १ तारीखमा) जनरल मृगेन्द्रले पटनामा फादर मोरानलाई भेटी जेज़्युइटहरूलाई गोदावरीमा स्कूल खोल्न दिन नेपालसरकार तयार छ भन्ने खबर सुनाए (ऐजनः १६७)।

यसको पाँचौँ दिन अर्थात् कार्तिक २१ गते श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११) हिन्द दूतावासमा शरण लिन पुगेको र कार्तिक २६ गते हवाई जहाजद्वारा उनी दिल्ली पुगेकाले राणाशासन डाँवाडोल भयो। गोदावरीमा जेज़्युइट स्कूलको भौतिक प्रबन्ध गर्न भनी यस्तै अवस्थामा फादर मोरान आफ्ना अधिकारीहरूसँग काठमाडौँ आए। उनले हामीहरू आउँदैछौँ भनी जनरल मृगेन्द्रलाई खबर गरेका थिए र जनरलले उनलाई काम अघि बढाउन अनुमति दिएका थिए (ऐजनः १६९)। देशको यस्तो अवस्थामा पनि विदेशी विधर्मी यहाँ आई आफ्नो छाँटले चलखेल गर्न सकेकाले नेपालको राजकाज त्यसै वेला कमजोर भइसकेको यताबाट देखिएको छ।

वि.सं. २००७ पौष २३ गते श्री ५ त्रिभुवन र राणापक्षको बीचमा सुलह भयो। अब राणापक्ष र विरोधी पक्ष दुवै भएको मन्त्रिमण्डल बन्ने भयो। फाल्गुन ४ गते श्री ५ त्रिभुवन दिल्लीबाट फर्के। वि.सं. २००७ फागुन ७ गते नेपालमा राणाशासन हटी प्रजातन्त्रशासन आएको भए पनि त्यस मन्त्रिमण्डलमा को को मन्त्री हुने भन्ने निर्णय अघिबाटै भएकोले होला, नेपालमा जेज़्युइट स्कूल खोल्ने फादर मोरानको प्रस्ताव भावी शिक्षामन्त्री नृपजङ्ग राणा (वि.सं. १९४८-२०१४)ले श्री ५ त्रिभुवन फर्केकै दिन अपराह्णमा औपचारिक ढङ्गले स्वीकार गरी उनीकहाँ **कम् याट् वन्स्** अर्थात् **तुरुन्त आउनुहोस्** भन्ने तार यहाँबाट गयो (ऐजनः १६९-१७०)। मन्त्रिमण्डल नबन्दै नै भावी शिक्षामन्त्रीले क्रिस्तान स्कूल खोल्न अनुमति दिएकाले राज्यको बागडोर हात लाउन आफुसआफुसमा लुछाचुँडी गरे पनि विदेशी विधर्मीको अगाडि शासकहरू नतमस्तक हुने उदाहरण यसमा पाइएको छ।

यो तार पाएको केही हप्तापछि दलबलसहित फादर मोरान यहाँ आई स्कूलको तयारी गरे। पटनाको सेन्ट जेभियर्'ज़ स्कूलमा पढिरहेका १० जना नेपाली विद्यार्थी पनि उनीसँगै आए। अब गोदावरीमा खुल्ने सेन्ट जेभियर्'ज़ स्कूलको लागि दरखास्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माग्दा विद्यार्थीका आमाबाबुले दरखास्त हाले । यसरी ३०० विद्यार्थीको लागि दरखास्त पऱ्यो । त्यस दरखास्तको छनौट त्रिचन्द्र कलेजका प्रिन्सिपल सरदार रुद्रराज पाण्डेय (वि.सं. १९५७-२०४३), शिक्षाविभागका कर्मसचिव अर्थात् सेक्रेटरी नेत्रबहादुर थापा, शिक्षाविभागका सदस्य तारामान सिंह र त्रिचन्द्र कलेजका प्रोफेसर जगत्बहादुर बूढाथोकीले गरे । अनि वि.सं. २००८ श्रावण १७ गते (ई.सं. १९५१ अगस्ट १ तारीख) बुधवार गोदावरीमा सेन्ट जेभियर्'ज़ स्कूल विधिवत् खुल्यो (ऐजन: १७३-१७७ पृष्ठ)। क्रिस्तान बनेका नेपाली चेलाचपेटासमेत यहाँबाट पृथ्वीनारायण शाह (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१)ले धपाएका पादरीहरू त्यसको साढे एक सय एकासी वर्षपछि उनका जनातिका जनाति त्रिभुवन सर्वशक्तिसम्पन्न राजा हुँदा स्कूल खोली नेपालीहरूलाई चेला बनाउन भनी फेरि नेपाल भित्रिए ।

नेपालका धनी-मानी मानिसका छोराहरू त्यस जेज़्युइट स्कूलमा पढ्न ओइरिए । विद्वच्छिरोमणि नायब बडागुरुज्यू हेमराज पण्डितज्यू (वि.सं. १९३५-२०१०) पनि आफ्ना जेठा नाति, अहिलेका प्रसिद्ध बुद्धिजीवी प्रकाश ए. राज (वि.सं. २००० मा जन्म)लाई डोऱ्याई त्यस स्कूलमा भर्ना गराउने विचारले गएका थिए, त्यस स्कूलको होस्टेलमा बसेर पनि मेरो नातिले ब्राह्मणको नीतिनियम पालन गर्न सक्छ कि सक्दैन भनी गुरुज्यूले फादर मोरानसँग सोध्दा गैरब्राह्मणले पकाएको भात खानुपर्ने भएकोले र क्रिस्तान धर्मका केही धर्मोपदेश पनि श्रवण गर्नुपर्ने सम्भावना भएकोले ब्राह्मणको नीतिनियम पालन गर्न सम्भव नहुने थाहा हुँदा आफूलाई त्यहाँ भर्ना गरिएन भनी खुद प्रकाश ए. राज (२०३५: ४८)ले लेखेका छन् ।

उता नायब बडागुरुज्यूका भैयाद, राजाका मूलपुरोहित जनकराज पण्डितज्यू (वि.सं. १९३४-२०२०)ले पटनाको जेज़्युइट स्कूलमा अघिबाटै आफ्ना नातिहरूलाई भर्ना गराएका थिए । पछि यहाँ फादर मोरानले त्यस्तै स्कूल खोलेपछि जनकराजका नातिहरू त्यहाँ पनि पढ्न गए । नयराज पन्तका ससुरा जनकराज भएकाले त्यसरी राजाका पुरोहितले सुद्धा आफ्ना सन्तानलाई क्रिस्तान स्कूलमा पढ्न पठाउँदा आफ्ना मनमा खेलेको कुरा उनका यी पद्यमा व्यक्त छ ।

यथा राजा तथा प्रजा अर्थात् **राजा जस्ता हुन्छन्, प्रजा पनि त्यस्तै हुन्छन्** भन्ने सूक्तिअनुसार नेपालका शासकहरूले आफ्ना सन्तानलाई क्रिस्तान स्कूलमा भर्ना गरेकाले नै उनका भाइभारदारहरूले त्यसैको अनुसरण गरेका हुन् । श्री ५ महेन्द्रले आफ्ना छवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जना सन्तानलाई दार्जिलिङको क्रिस्तान स्कूलमा भर्ना गरेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

गोदावरीमा सेन्ट जेभियर्'ज़ स्कूल खोल्नमा नजीकैबाट लागेका भनी प्रसिद्ध रुद्रराज पाण्डेय र नेत्रबहादुर थापा (डोनल्ड ए. मेसर्‌श्मिड्ट २०५३/५४: १९१ मा १ सङ्ख्याको टिप्पणी) नामी अध्यात्मवादी र सन्त-महन्तका भक्त मात्र नभई अघिल्ला *संत-दर्शन*का रचयिता (रुद्रराज पाण्डे २०५० र २०५१) र पछिल्ला *गीता–सारशती*का रचयिता (नेत्रबहादुर थापा २०३०) थिए । उनीहरूको हिन्दू धर्ममा भक्ति र क्रिस्तान स्कूलमा आसक्तिको मिलन कसरी भयो, यो अनुसन्धेय छ ।

ज्ञान हासिल गर्न आवश्यक कुरामध्ये यी कुरा

विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ।।

(*भगवद्गीता* १३।१०)

(एकान्त ठाउँमा बस्नु, मान्छेको जमातमा बस्न मन नलाग्नु)

पनि आवश्यक भन्ने ठानिरहेका हामीलाई

त्रिभुवनविश्वविद्यालयका भूतपूर्व भाइस्‌चान्सलर त्रैलोक्यनाथ उप्रेतीले फादर मोरानको प्रशंसामा बोलेका यी

Father Moran was at every party in those days. If a visitor did not see father Moran in Kathmandu, his trip was not really complete.

(डोनल्ड ए. मेसर्‌श्मिड्ट २०५३/५४: १९५ मा उद्धृत)

(फादर मोरान त्यसताका हरेक भोजभतेरमा हुन्थे । बाहिरबाट आउने कुनै मान्छेले फादर मोरानलाई काठमाडौँमा भेटेन भने उसको यात्रा साँच्चिकै पूरा हुन्थेन ।)

वाक्य देख्दा सच्चा विद्वान्मा हुने चरित्र फादर मोरानमा नदेखिएकोले पादरीहरूलाई **सत्री** अर्थात् विद्वान्को रूपमा **हिँडेका राजकाजी मान्छे** भनी नयराज पन्तले लेखेको कुरा ठीक देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराजको नजरमा बी.पी.– एकाध बुँदा

अक्सर संस्कृतका पण्डितमा नहुने, राजनीतिको गहिरो चेतना नयराज पन्त (वि.सं. १९७०-२०५९)मा भएकोले नेपालको तात्कालिक राजकाज उनले सूक्ष्म दृष्टिले हेरिरहेका थिए भन्ने कुरा वि.सं. २००७-२००८ मा लेखिएको, उनको त्यस डायरीका पन्नापन्नाले देखाउँछन् । त्यो डायरी हेर्दा उनका श्रद्धाका पात्र त्यस वेलाको नेपालमा कोही पनि देखिँदैनन् । राणाशासनको उनले जति निन्दा गरेका छन्, त्यति नै निन्दा प्रजातन्त्रशासनको गर्न पनि बाँकी राखेका छैनन् । विद्यासम्बन्धी उनको नीति अतिस्पष्ट भए जस्तो राजनीतिसम्बन्धी नीतिचाहिँ स्पष्ट नभएको त्यस डायरीबाट झल्कन्छ ।

संशोधन-मण्डलको *पूर्णिमा* पत्रिकामा वि.सं. २०४१ देखि त्यस डायरीका मूल र नेपाली उल्था तथा ज्ञानगुनप्रकाशनको *ज्ञानगुनका कुरा*मा वि.सं. २०६२ देखि त्यस डायरीका उल्थाका अंश छापिँदै आएका छन् ।

सम्पादकशिरोमणि मदनमणि दीक्षित (वि.सं. १९७९ मा जन्म)ले **यो शताब्दीका सबभन्दा अग्लो नेपाली**[१] भनी वर्णित नयराज पन्तको र प्रजातन्त्रोत्तर नेपालको प्रयोक्तृचूडामणि विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९)को सम्पर्क कहिल्यै भएन भने पनि हुन्छ । प्रयोक्ता अर्थात् राजनीतिमा लागेकाको नजीक नपर्ने नीति नयराज पन्तको भएकोले र नेपालका प्रयोक्ताहरूमा उनको श्रद्धा पनि नभएकोले यस्तो अवस्था आएको हो । यसो भए पनि राजनीतिको गहिरो चेतनाले युक्त नयराज पन्तले त्यस डायरीमा विश्वेश्वरप्रसाद कोइराला (आइन्दा बी.पी.)को विषयमा ठाउँठाउँमा निकै लेखेका छन् । तिनमध्ये एकाध बुँदाको चर्चा यस सानो लेखमा गरिन्छ ।

नयराजको डायरीमा बी.पी.को विशेषणमा एकपटक मात्र होइन, पटक पटक **सुवर्णशमशेरक** अर्थात् **नेता सुवर्णशमशेर भएका** भनी लेखिएको छ । यसरी बी.पी.लाई प्राधान्य नदिई सुवर्णशमशेर (वि.सं. १९६७-२०३४)लाई शासनपरिवर्तनमा नयराजले प्राधान्य दिएको देखिएको छ । सबभन्दा पहिले बी.पी.को नाउँमा **सुवर्णशमशेरक** भन्ने यो विशेषण गोरखादलका महामन्त्री भरतशमशेरको पक्षका केही मानिसहरू वि.सं. २००७ चैत ३० गतेको दिन त्रिपुरेश्वरमा गृहमन्त्री बी.पी.कहाँ गई खुकुरी उजाई

१. मदनमणि दीक्षित २०५९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हमला गर्न जाँदाको घटना त्यही दिन आफ्नो डायरीमा लेख्दा आएको छ ।[२] **नेता सुवर्णशमशेर भएका बी.पी. आदि अहिले नेपालमा प्रजातन्त्रको नाममा स्वतन्त्र भई हिँडिरहेका छन्** भनी वि.सं. २००८ श्रावण १८ गतेको डायरीमा लेखिएको छ ।[३] यसै गरी वि.सं. २००८ आश्विन १५ गतेको डायरीमा **मठ्याहा राणाहरूको मदत लिएर कोइरालाले प्रभुता पाएपछि तिनको आचरण अप्रजातन्त्रात्मक भन्ने रेग्मी नेता सुवर्णशमशेर भएका कोइरालाहरूको आँखाका कसिंगर भए** भनी फेरि लेखिएको छ ।[४]

त्यस डायरीमा वि.सं. २००७ चैत २३ गते लेखिएको अंशबाट केही कुरा यहाँ उद्धरण गर्दा नेता सुवर्णशमशेर भएका भनी बी.पी.मा लगाइएको विशेषणको अर्थ स्पष्ट हुन्छ–

> **राज्य हडप्न राजकुमारहरूले कस्ता कस्ता दुराचार गरे भन्ने कुरा इतिहास पढेकालाई थाहै छ । मुगलका दाजुभाइमा द्वेष र उनीहरूले बाबुलाई थुनामा राखेको कुरा पनि सबैलाई थाहै छ । मुगलहरूमा मात्र यस्तो भएको होइन । धेरैजसो राजवंशमा यस्तै दुरवस्था थियो । यसै कारणले राजकुमारहरू बाबुलाई खाने गँगट्य जस्ता हुन्छन् भनेर आचार्य कौटल्यले पनि भनेका छन् ।**
>
> **अहिले नेपालमा राणावंशको पतन पनि कौटल्यको सूत्रअनुसारै भएको छ भन्ने कुरा विद्रोहीहरूका सेनापति सुवर्णशमशेर भएकाले प्रमाणित हुन्छ । सुवर्णशमशेरको पछि लागेका महावीरशमशेर, गोपालशमशेरहरू पनि राणाजी नै हुन् । तिनीहरूकै पैसाले जोडिएको फौजले राणावंशसँग विद्रोह गर्न हतियार उठायो । धेरै मानिसको हर्षको कारण भएको प्रजातन्त्र त्यही फौजले नेपालमा ल्यायो ।**[५]

बी.पी.लाई महत्त्व नदिई सुवर्णशमशेरलाई महत्त्व दिई नयराजले लेखेको कुरा सुवर्णशमशेरका बाबु हिरण्यशमशेर वि.सं. २००८ श्रावण २४ गते परलोक भएपछि

२. नयराज पन्त २०६० ङ: ३९-४० ।

३. ऐजन: ४८-४९ ।

४. ऐजन: ५२-५३ ।

५. ऐजन २०४१ क: ३०-३१ बाट उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही प्रसङ्गमा त्यस डायरीमा पर्सिपल्ट २६ गते लेखिएको तलको कुराबाट पनि स्पष्ट हुन्छ–

> वि.सं. २००८ साउन २४ गते हिरण्यशमशेर परलोक भए। यिनी श्री ३ भीमशमशेरका भित्रिनीपट्टिका छोरा हुन्। यिनको जन्म वि.सं. १९४३ मा भएको हो। मठ्याहा भएका हुनाले श्री ३ वीर र चन्द्रको पालामा श्री ३ को रोलमा यिनलाई राखिएको थिएन। श्री ३ चन्द्र वि.सं. १९८६ मा परलोक भएपछि भीम श्री ३ हुँदा यिनलाई यिनका बाबुले भाइहरू र छोराहरूसमेत रोलमा चढाए। श्री ३ चन्द्रका छोरा र अरूहरूले विवश भई त्यो चूपचाप सहे। श्री ३ वीरका मठ्याहा छोरा रुद्रशमशेरहरूचाहिँ आफ्नो पक्षको वृद्धि भएकोले खुशी भए। यसरी अप्रज्ञप्त नियमले राणाकुलको दुर्विपाक आयो। त्यसपछि राणाकुलमा ठ्याहा र मठ्याहा पक्षमा परस्परमा प्रतिस्पर्धा बढ्दा वि.सं. १९८९ मा श्री ३ भीम परलोक भएपछि नयाँ श्री ३ जुद्धले ठ्याहाहरूको पक्ष लिएकाले श्री ३ चन्द्रका छोराहरू बलिया भए। भूकम्पपछि वि.सं. १९९० को चैतमा श्री ३ जुद्धले मठ्याहा जति सबै राणाहरूलाई रोलबाट हटाए। ठाउँठाउँमा तिनीहरूलाई बडाहाकिम बनाई राखियो। यी हिरण्यशमशेरले पहिले पूर्वपट्टिको अधिकार पाएका थिए, पछि वीरगञ्जको अधिकार पाए।
>
> वि.सं. २००२ मा श्री ३ जुद्धले राज्य छोड्दा श्री ३ भीमका ठ्याहा छोरा पद्मशमशेर श्री ३ भएपछि तिनका भाइ हिरण्यशमशेरले फेरि पनि नेपालमा ठूलो पद पाउन कोशिश गरे। त्यस काममा तिनलाई मदत गर्ने काम तिनकै छोरा वर्तमान अर्थमन्त्री सुवर्णशमशेरले गरेका थिए।
>
> यसरी सुवर्णद्वारा प्रेरित श्री ३ पद्मले भारतमा अङ्ग्रेजहरूले राज्य छोडेपछि नेपालमा पनि राजकाजमा प्रजाहरूको प्रवेश हुनु राम्रो भनी ठाने। त्यसको फलचाहिँ वि.सं. २००४ को वैधानिक कानून हो। तर त्यस कानूनको घोषणा भएपछि श्री ३ चन्द्र र श्री ३ जुद्धका छोराहरूले ज्यादै दुःख दिएकाले श्री ३ पद्म नेपालमा बस्न पनि नसक्ने भए। उनी रुँदै नेपालबाट निस्केको त सबैले देखेकै हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारत गई भारतका प्रधानमन्त्री आदिसँग भेटेर श्री ३ पद्मले २ महीनाभन्दा बढी समय बिताए, तर राजीनामाचाहिँ दिएनन् । त्यसपछि मोहनशमशेरहरूले साम र दान (वर्षको ३ लाख रुपियाँको भत्ता)को प्रयोग गरेकाले श्री ३ पद्मले अन्त्यमा त्यागपत्र दिएं । त्यसको फल वि.सं. २००५ मा मोहनशमशेर श्री ३ भए ।

आफ्नो अधिकार घटाएर प्रजाहरूलाई दिएको थोरै अधिकार पनि मोहनशमशेर र उनका भाइहरूलाई मन परेन । यस कारण देखाउँछु भनेको बजेट पनि देखाइएन । न त कुनै पनि विषयमा प्रजाहरूको प्रवेश नै गराइयो । बाबु अर्थात् श्री ३ चन्द्रले देखाएको बाटेमा हिँड्ने इच्छा श्री ३ मोहनको पक्कै थियो ।

त्यसपछि वि.सं. २००६ को हिउँदमा भारत जान खोजेका श्री ३ मोहनले भारतको दृष्टिमा आफूलाई पनि प्रजातन्त्रवादी घोषित गराउन नाम मात्र अधिकार भएको पञ्चायतको स्थापना गरे । यिनलाई भारतमा ठूलो सत्कार गरी सम्मान गरियो । आफूलाई नटेर्ने हिरण्यशमशेरको सम्पत्ति त्यहाँबाट फर्केपछि श्री ३ मोहनले रोक्का गरे । राणाद्रोह गर्ने काङ्ग्रेससँग हिरण्यशमशेरहरूको सम्बन्ध पक्कै पनि थियो । तर त्यस वेलासम्म न त काङ्ग्रेसमा त्यस्तो शक्ति थियो, न त हिरण्यहरूले राणाद्रोह प्रत्यक्ष रूपले गरेका थिए ।

त्यसपछि त हिरण्यहरूले राणाद्रोह स्पष्टसँग गरे । तिनका छोरा सुवर्ण त राणाद्रोहीहरूका अग्रणी भए । तिनकै धनले निर्धन कोइरालाहरूको ठूलो उपकार गऱ्यो । यसरी मठ्याहा राणाहरूको धन र त्यही धनबाट जोडिएको फौजबाट काङ्ग्रेसले सर्वत्र राणाद्रोह फैलायो, जसको फल हाम्रो अगाडि प्रत्यक्ष छ ।[६]

रोलमा चढिसकेका राणाजीहरूको यसरी रोल काट्नु उचित थिएन भन्ने कुरा त्यस डायरीमा वि.सं. २००८ मङ्सीर १५ गते लेखिएका, तलका वाक्यबाट स्पष्ट हुन्छ–

राणाहरूले यस नेपाल राज्यलाई आफ्नो पैतृक सम्पत्ति नै सम्झेका थिए । तिनीहरूको दृष्टिमा सबै वर्णका मानिस तिनीहरूको दासता गर्न ब्रह्माले पठाएका थिए । आफ्नो हातमा राज्य दृढ गर्ने इच्छा भएका चन्द्रशमशेर आदि केही

६. ऐजन २०६० ङ: ५१-५२ बाट उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

> **धूर्तहरूले आफ्ना अंशियारहरूलाई यढा पार्न दासीपुत्रहरूलाई तिनको अधिकारबाट हटाए ।**[७]

भित्रेनीपट्टिका छोराहरूलाई अधिकार अर्थात् रोलबाट चन्द्रशमशेर (वि.सं. १९२०-१९८६, शासनकाल १९५८-१९८६)ले हटाए भनी यहाँ लेखिएको कुरामा केही टिप्पणी गर्नु आवश्यक छ । भित्रेनीपट्टिबाट जन्मेका राणाजीहरूको रोल श्री ३ जुद्ध (वि.सं. १९३२-२००९, शासनकाल १९८९-२००२)को पालामा वि.सं. १९९० मा मात्र काटिएको भए पनि यसको जग श्री ३ चन्द्रकै पालामा हालिइसकेको थियो भन्ने कुरा आमाको जातको आधारमा राणाजीहरूलाई ए बी सी क्लासमा छुट्ट्याएको कुरा श्री ३ चन्द्रको पैसा खाई पर्सिभ्ल ल्यान्डनले लेखेको, वि.सं. १९८५ मा प्रकाशित *नेपाल्* मात्र हेरे पनि पुग्छ । फलस्वरूप श्री ३ जुद्धपछि लगत्तै श्री ३ हुन पाउने रुद्रशमशेर (श्री ३ वीरका भित्रेनीपट्टिका छोरा) (वि.सं. १९३४-२०१९), मोहनशमशेर (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७)पछि लगत्तै बबरशमशेर (वि.सं. १९४४-२०१७)भन्दा अगाडि श्री ३ हुन पाउने प्रतापशमशेर (श्री ३ वीरका भित्रेनीपट्टिका छोरा, वि.सं. १९४३ मा जन्म)हरूको र चन्द्रशमशेरपछि श्री ३ भएका उनका भाइ भीमशमशेर (वि.सं. १९२२-१९८९, शासनकाल वि.सं. १९८६-१९८९)ले रोलमा चढाइएका आफ्ना भित्रेनीपट्टिका छोरा हिरण्यशमशेर, रामशमशेरहरूको र उनीहरूका छोरा महावीरशमशेर-सुवर्णशमशेरहरूको रोल वि.सं. १९९० चैत ५ गते काटियो ।

गोरखा दलका भरतशमशेरको पक्षका मानिसहरू वि.सं. २००७ चैत ३० गतेको दिन गृहमन्त्री बी.पी.लाई हमला गर्न जाँदाको घटना लिएर नयराज पन्तले त्यही दिन आफ्नो डायरीमा यस्तो लेखेका छन्–

> **आज बिहान गोरखा दलका महामन्त्री भरतशमशेरलाई गृहमन्त्री विश्वेश्वरको आज्ञाले आइजीपी तोरणशमशेरले पक्री ठानामा थुने । मुक्तिसेना भनी कहिएको काङ्ग्रेसी फौजका सिपाहीहरू ठानामा खटइए । अपराह्णमा भरतशमशेरलाई झ्यालखानामा लगियो । त्यसपछि जम्मा भएका, गोरखादलका कार्यकर्ताले झ्यालखानाबाट भरतशमशेरलाई निकाली टुँडिखेल घुमेर आफ्ना अनुयायीहरूलाई**

७. ऐजनः ६२-६३ बाट उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखाए । भरतशमशेरले भनेको पत्याएर सैनिक र गैरसैनिक धेरै मानिसहरूले गृहमन्त्री बसेको घरमा ढुङ्गाले हानी नोक्सान गरे । त्यहाँ केही मानिस पनि घाइते भए । विश्वेश्वरले हानेको गोलीले केही मानिस मरे । त्यसपछि मुक्तिसेनाका बन्दूकधारी सिपाहीहरूले आएर भरतशमशेरलाई जिउँदै पक्रे । नेता भरतशमशेर भएकाहरूले केहीलाई घाइते पारे । विश्वेश्वरलाई नारायणहिटीदरबारमा लगियो । भरतशमशेरको मोटरमा काङ्ग्रेसीहरूले आगो लगाइदिए । आजै गोरखा लीगका रणधीर सुब्बालाई पक्रियो । अरू पनि धेरै मानिस पक्रिए ।

यहाँ केही विचार गरिन्छ । विदेशको भरले अधिकार पाएका, सुवर्णशमशेर नेता भएका कोइरालाहरूको विरोध भरतशमशेरले गरे । भरतशमशेरलाई आफ्नो शत्रु सम्झेर कोइरालाले उनलाई पक्रेको हो भने यो पद्धति तिनीहरूको अनुकूलकै हो भनी भन्न सकिन्छ, किनभने शक्ति भएको कसले आफ्नो शत्रुलाई आनन्दसँग बस्न दिन्छ ?

हामीले प्रजातन्त्रव्यवस्था चलाउन उद्योग गरेका छौँ भनी मुखले भन्ने नेता भनाउँदा यिनीहरूले अदालतमा दोषी ठहर नभइसकेको मानिसलाई कसरी समात्लान् वा समातेर झ्यालखानामा थुन्लान् भन्न प्रजातन्त्र बुझेको कुन मानिसले भन्न सक्ला ?

एक पक्षको अन्यायमय व्यवहार रोक्न प्रतिपक्षले पनि आफ्नो प्रभुता देखाउँछ नै भन्ने वस्तुस्थिति छ । गोरखा दलकाले बन्दूक नलिएर खुकुरी लिएको देख्दा यिनीहरू साधारण मानिस हुन्, सरकारी होइनन् भनी भन्न राम्रैसँग सकिन्छ ।

यस्तो हुँदा एकतन्त्रशासनलाई मनमा राखी विश्वेश्वरलाई मालिक ठानेका मानिसहरूले नेता भरतशमशेर भएकाहरूलाई दोषी भन्लान् नै । प्रजातन्त्रपद्धति मनमा राखी देशहितको विचार गर्ने मानिसहरूचाहिँ विदेशको भर पर्ने, जे मन लाग्यो त्यही बोल्ने, जे मन लाग्यो त्यही गर्ने विश्वेश्वरकै दोष भन्छन् भन्ने मलाई लाग्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

> **आफ्नो देशमा जरो गाडेको व्यवस्था र बाहिरको वास्तव कुरा नबुझेका, केही कुरा सुनेर बुज्रुक बनेका, छट्टू मानिस जुन देशमा नेता हुन्छन्; विद्या छोडी जो मानिस राजनीति गर्छन्, त्यस देशमा यस्तै कामले सबै शान्ति क्षीण हुँदै जान्छ ।**[८]

गोरखादलका कार्यकर्ताहरूले गृहमन्त्री बी.पी.लाई हमला गर्न जाँदा गोरखा दलका नेता भरतशमशेरलाई सोझै जेल हाल्नु अप्रजातान्त्रिक हो, अदालतले फैसला नगरी यसरी जेल हाल्ने काम एकतन्त्रशासनलाई मात्र सुहाउने कुरा हो, बी.पी. प्रजातन्त्रको नीतिनियमअनुसार चल्ने खालका मान्छे होइनन् भनी नयराजले कुरा टुङ्ग्याएका छन् ।

८. ऐजनः ३९-४० बाट उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नयराज पन्तको दृष्टिमा श्री ३ जङ्ग र वरिपरि

१. वि.सं. १९७० साउन २६ गते जन्मेका नयराज पन्तको जन्मशताब्दीको अवसर पारेर वि.सं. २०६९ साउनदेखि वि.सं. २०७० साउनभित्र साना ठूला गरी नयराज पन्तका वा उनीसँग सम्बद्ध १२ वटा कृति प्रकाश गर्ने मैले मनसुबा गरेको थिएँ। ती कृतिमध्ये धेरैजसोको प्रकाशन संशोधन-मण्डलमार्फत र कुनैकुनैको चाहिँ ज्ञानगुनसाहित्यप्रतिष्ठानमार्फत गरिने व्यवस्था पनि भएको हो। त्यसैअनुसार काम गर्दै पनि गएको छु तापनि कम्प्यूटरमा त्यति राम्रो प्रावीण्य तथा सामान्य ह्रस्व दीर्घ, शकार सकार र पदयोग पदवियोग आदिको ज्ञान पनि राम्रो नभएकाहरूबाट काम लिनुपरेकोले मेरो काम धीमा गतिले चलिरहेको छ।

२. आघुँ नयराज पन्तको जन्मशताब्दी परेको छ, अरू लेखक-कविको जन्मशताब्दी मात्र सरकारले लाखौँ रुपैयाँ दिएको छ, नयराज पन्तको जन्मशताब्दी मान्नको लागि एउटा समिति बनाएर हामी पनि सरकारकहाँ जानुपऱ्यो, तपाईँ पनि यसमा सरीक हुनुपऱ्यो भनी शेषराज सिवाकोटी (वि.सं. २०१६ मा जन्म)ले वि.सं. २०६८ को हिउँदमै मसँग भन्नुभएको हो। पछि खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानका अध्यक्ष पुरुषोत्तमराज जोशी (वि.सं. १९९९ मा जन्म)ले पनि मसँग यही कुरा दोहऱ्याउनुभयो। शासकलाई भेटी आफूले इच्छा गरेको काममा सहायता माग्ने प्रवृत्ति मेरो स्वभावको प्रतिकूल भएकोले आफू त्यस्तो समितिमा बस्न मैले ठाडै नामञ्जूर गरेँ। म नबस्तैमा त्यस्तो समिति उहाँहरूले पनि किन बनाउनुभएन, थाहा भएन। कुरा यसै टरेर गयो।

३. बरु पुरुषोत्तमराज जोशीको पहलमा उहाँको संस्था खिलशर्म-राजीवलोचनजोशी-स्मारकप्रतिष्ठानले केही लाख खर्च गरी नयराज पन्तका पूर्वप्रकाशित लेखहरूको संग्रहको एउटा पुस्तक, त्रिभुवनविश्वविद्यालयका १ जना प्रोफेसरलाई त्यही प्रतिष्ठानले महीनौँ महीनावारी दिई वर्षौँ अघि लेखाएको नयराज पन्तको बृहत्काय चरित अर्थात् आजभोलिको भाषामा जीवनीको एउटा पुस्तक र नयराज पन्तको ज्यौतिषसम्बन्धी अन्वेषणको विषयमा १ जना विद्यार्थीले आचार्यपरीक्षाको लागि संस्कृतमा लेखेको थीसिसको एउटा पुस्तक गरी ३ वटा पुस्तक छाप्ने निर्णय गऱ्यो। तदनुसार २ वटा पुस्तकचाहिँ कविशिरोमणि राजीवलोचन जोशी (वि.सं. १९०५-१९८६) परलोक भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चौरासीऔँ वर्ष दिनको अवसर पारेर वि.सं. २०६९ पौषमा छापिए[१]; प्रोफेसरकर्तृक, नयराज पन्तको चरितचाहिँ अझ छापिएर आएको छैन[२]।

४. शेषराज सिवाकोटीले चाहिँ यसभन्दा अगाडि साउनमै नयराज पन्तको जन्मदिनको अवसर पारेर *इतिहास-संशोधनको प्रमाण-प्रमेय*मा छापिएको, उनको *उपोद्घात*[३]को पुनर्मुद्रण[४] मेरो *मुखबन्ध*[५]सहित गराउनुभएको हो।

५. वि.सं. २०७० को साउनमा पनि पोहर साउनमा जस्तै नयराज पन्तको जन्मदिनको अवसरमा उहाँको एउटा कृति प्रकाशित गर्ने विचार गरेको छु; जङ्गबहादुर (वि.सं. १८७४-१९३३, शासनकाल वि.सं. १९०३-१९३३)सम्बन्धी, उहाँका लेख सँगेटी प्रकाश गर्नु राम्रो होला जस्तो मलाई लाग्छ; तपाईँ के भन्नुहुन्छ भनी शेषराज सिवाकोटीले मसँग सोद्धा मैले ठीकै हो भनेँ। अनि यस कृतिमा पनि तपाईँले पोहर जस्तै सहयोग गर्नुपर्‍यो भनी उहाँले भन्दा प्रस्तुत कृति तयार भएको हो।

६. लिच्छविकालका इतिहासको लागि निकै आकर अर्थात् आजभोलिको भाषामा भन्दा निकै स्रोत पाइए पनि तिनबाट खास गरी शासकले प्रचार गर्न खोजेको कुरा मात्र बाहिर आएको र तिनलाई अरू प्रकारले परीक्षा गर्ने साधन त्यति नभेटिएकाले लिच्छविकालको इतिहास एकतर्फी छ भन्ने कुरा नयराज पन्त बराबर गर्थे। त्यसपछिको नेपालमा राज्यको सङ्ख्या क्रमशः बढ्दै गई पछि पछि त नेपालको धेरै भूखण्ड भुरे टकुरे राजाहरूको वशमा पर्न गएकोले त्यस्ता गणनीय शासक खास देखिएनन्। यसै कारणले पछिल्ला कालका शासकको हकमा सबैतिरका साधन केलाई हेर्दा नयराज पन्त जङ्गबहादुरलाई पनि देशरक्षकको दृष्टिले हेर्थे र उनलाई पनि औँलामा गन्न पनि नपुग्ने उत्तम उत्तम शासकमध्ये एक मान्थे। यसैले शेषराज सिवाकोटीले उठाएको, नयराज पन्तका जङ्गबहादुरसम्बन्धी लेखको पुनःप्रकाशन गर्ने काम मलाई राम्रै लागेको छ।

---

१. नयराज पन्त २०६९ घ।
श्याम खनाल २०६९।

२. राजाराम सुवेदी छापिन बाँकी।

३. नयराज पन्त २०१९ च।

४. ऐजन २०६९ ख।

५. माथि १४२-१६० पृष्ठमा छापिएको लेख।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

७. वि.सं. २००४ देखि २०५१ सम्मको ४७ वर्षको अन्तरालमा छापिएका, जङ्गबहादुरसम्बन्धी, नयराज पन्तका सबै लेखको सँगालो यो हो।[६] यी लेखका कर्ताको उमेर पहिलो लेख छापिँदा ३४ वर्ष र पछिल्लो लेख छापिँदा ८१ वर्ष थियो।

८. विभिन्न समय र परिस्थितिमा थरीथरीका पाठकलाई लक्ष्य गरी लेखिएका यी लेखको शैली पनि थरीथरीको छ। मूल जसरी छापिएको छ, त्यसरी नै यी लेख उतार्ने काम यहाँ गरिएको छ, खालि प्रूफका गल्ती सच्याउने र व्याकरणमा व्यत्यास परेको खण्डमा मात्र त्यसमा हेरफेर गर्ने काम यहाँ गरिएको छ।

८.१. **बालहत्या, ब्रह्महत्या, स्त्रीहत्या** जस्ता शब्दरूप मात्र व्याकरणअनुसार बन्ने र एकलै आएको **हत्या** व्याकरणविरुद्धको हुने हुनाले *नेपालको संक्षिप्त इतिहास*मा परेका व्याकरणविषयका अशुद्धिको संशोधन गर्दा यो कुरा पनि उठाइएकोले[७] त्यही *नेपालको संक्षिप्त इतिहास*बाट उतारी पहिलो लेखको रूपमा छापिएको निबन्धमा ठाउँठाउँमा परेको **हत्या**को ठाउँमा यहाँ **घात** बनाइएको छ। बूढाकाजी अमरसिंह थापा (वि.सं. १८०८-१८७३)को नाउँ पुराना कागजातमा यसै गरी लेखिएको भेटिएकोले यस लेखमा **अम्बरसिंह** भएकोमा **अमरसिंह** भनी सच्याइएको छ।

८.२. अङ्ग्रेजलाई सजिलोको लागि यी लेखमा जहाँ जहाँ **अंग्रेज** लेखिएको छ, त्यहाँ त्यहाँ सर्वत्र **अङ्ग्रेज** बनाइएको छ।

८.३. गीर्वाणयुद्ध (वि.सं. १८५४-१८७३, राज्यकाल वि.सं. १८५५-१८७३)देखि राजाहरूका नाउँपछि **विक्रम** जोडिन लागेको र उनका जनाति पृथ्वीवीर (वि.सं. १९३२-१९६८, राज्यकाल वि.सं. १९३८-१९६८)को नाउँदेखि मात्र **वीरविक्रम** जोडिन लागेको भए पनि सातौँ लेख[८]मा कहीँ **त्रैलोक्यविक्रम** र कहीँ **त्रैलोक्यवीरविक्रम** लेखिएकोमा यहाँ अहिले त्यो लेख छापिँदा **त्रैलोक्यविक्रम** बनाइएको छ।

---

६. जङ्गबहादुरसम्बन्धी, नयराज पन्तको पहिलो लेख *नेपालको संक्षिप्त इतिहास*को अन्तिम अध्याय हो। *नेपालको संक्षिप्त इतिहास* तोत्रराज पाण्डेय र नयराज पन्तको नाउँमा छापिएको भए पनि त्यस पुस्तकको रचना पूरापूर नयराज पन्तबाट भएको हो। यस विषयमा मैले अलिकति लेखी पनि सकेको छु (माथि ६८-६९, १४४-१४८ पृष्ठ हेर्नू)।

७. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१६: १२-१३।

८. नयराज पन्त २०३१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८.४. यस पुस्तिकामा आठौँ लेख[९] जहाँबाट उतारियो, त्यहाँ **बमबहादुरले हाँकिएको चार पल्टन** (५३ श्लोकको टिप्पणीमा) र **सनकसिंहले हाँकिएको पुराना गोरखपल्टन** (५५ श्लोकको टिप्पणीमा) भएकोमा यो वाक्यांश व्याकरणअनुसारको नभएकोले **बमबहादुरले हाँकेको** र **सनकसिंहले हाँकेको** भनी अहिले सच्याइएको छ।

९. ४७ वर्षभित्र नयराज पन्तले प्रकाश गरेका यी लेखमा ठाउँठाउँमा ऐकरूप्य नदेखिने र एउटा लेखमा परिसकेको कुरा अर्को लेखमा दोहरिएको पनि नभेटिने होइन। तर तिनलाई एकरूपको पार्दा र पुनरुक्ति हटाउँदा लेखको स्वरूप यथावद् नदेखिने हुनाले त्यतापट्टि चेष्टा गरिएको छैन।

१०. पहिलो लेख एस्.एल्.सी.का विद्यार्थीको लागि लेखिएको, नेपालको इतिहासको एक अध्याय हो।[१०] दोस्रो लेख तल्लो कक्षाका विद्यार्थीहरूलाई नेपालको इतिहासमा प्रसिद्ध पुरुषहरूको परिचय दिने सिलसिलामा लेखिएको हो।[११] यी दुवै पुस्तक राणाकालमा तयार भएकाले यिनमा भएको, जङ्गबहादुरको वर्णन एक प्रकारले उनको प्रशंसात्मक जीवनचरित्र हो भने हुन्छ। त्यसैले अघिल्लो पुस्तकमा परेका गल्तीको विषयमा आफ्ना चेलाहरूद्वारा संशोधन गराउँदा **अन्त सबै ठाउँमा निष्पक्षपात बुद्धिले गुण दोष परीक्षा गरिएको र जङ्गबहादुरको वर्णनमा उनको गुणमात्र देखाइएकोले पुस्तकको आखिरी भाग भद्दा भएको छ**[१२] भनी नयराज पन्तले लेखाएका हुन्। यस्तो भए पनि यी लेखमा जङ्गबहादुरको प्रशंसनीय कुराको मात्र चर्चा गरिएको छ, उनको नचाहिँदो प्रशंसा गरिएको छैन, खालि उनको दुर्गुण औँल्याउने साहस गरिएको छैन। राणाकालमा जङ्गबहादुरलाई रामचन्द्र र कृष्णजी सरह देवत्वमा प्रतिष्ठापित गर्ने पुस्तक छापिने जमाना[१३]मा जङ्गबहादुरको विषयमा त्यति लेख्न साहस गर्नु पनि ठूलो कुरा थियो।

---

९. नयराज पन्त २०३५ ख।
१०. तोत्रराज पाण्डेय र नयराज पन्त २००४ = ऐजन २०६०।
११. नयराज पन्त २००७ छ = ऐजन २०१८ ग।
१२. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०११ ञ: १८।
१३. रामचन्द्र अधिकारी २०००।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११. तेस्रो लेखदेखि अन्वेषणात्मक रचनाको शुरूवात हुन्छ ।[१४] चौ. जान शाहका छोरा काजी गोप्रसाद शाह र सरदार समरबहादुर शाह कोतपर्वमा परेपछि उनीहरूका बाबु मधेसतिर धपाइएका थिए । त्यस वेला फौजले उनीहरूको सम्पत्ति लुटेको थियो । चौ. जान शाहको लुटिएको सम्पत्ति भने फिर्ता हुँदैन, तर उनीहरूले लगाएको लगानी, राखेको नासो र यताउति परेको सम्पत्ति भने पाउने कुरा कोतपर्वको २६ वर्ष-पछि लेखी श्री ३ जङ्गले चौ. जान शाहका नातिहरूलाई रुक्का पठाएका थिए । सो रुक्का *संस्कृत-सन्देश*मा छपाउँदा संस्कृतभन्दा भिन्न भाषामा भएका उपकरणको सामान्यत: संस्कृतमा उल्था गरी छपाउने चलन त्यस पत्रिकामा भएकोले यस रुक्काको पनि संस्कृतमा उल्था गरी नयराज पन्तले छपाएका छन् ।

प्रौढ संस्कृतमा लेखिएका प्राचीनकालका शासन अर्थात् सनदको शैलीमा गरिएको यस उल्थामा नयराज पन्तको संस्कृतभाषामा पकड मात्र होइन, संस्कृतका ऐतिहासिक उपकरणमा पनि उनको पैठ भएको छर्लङ्गिएको छ ।

तात्कालिक ऐतिहासिक उपकरणहरूमा अहिले जस्तो **शाह** नलेखी **साह** लेख्ने चलन भएकोले नरहरिनाथ (वि.सं. १९७१-२०५९) **साह** रूपका पक्षपाती थिए । **शाह** मुसलमानी मूलको हो, यसैले हामीले **साह** लेख्नुपर्छ भनी उनले तर्क गरेको पनि मैले सुनेको पनि छु । तर नयराज पन्तका यसभन्दा अगाडिपछाडिका लेखमा **शाह** रूप भए पनि यस लेखमा उनको शब्दमै **साह** रूप आउनुको कारण जुन पत्रिकामा यो लेख छापियो, त्यस पत्रिकाका सम्पादक नरहरिनाथ हुनु हो जस्तो मलाई लाग्छ ।

१२. चौथो लेख जङ्गबहादुरको उत्थान कसरी भयो भन्ने विषयमा छ ।[१५] संस्कृतमा अनुष्टुभ्मा बद्ध ८९ श्लोकमा लेखिएको यस लेखमा वि.सं. १९०३ मा भएको कोतपर्वदेखि वि.सं. १९०४ मा भएको अलौपर्वसम्मका घटना समेटिएका छन् र ती घटनाको विषयमा पाइने, तात्कालिक साधनको उपयोग यस लेखमा टिप्पणीमा गरिएको छ ।

कश्मीरका राजा जयापीडलाई नेपालका राजा अरमुडिले पक्री कालीगण्डकीको किनाराको, ज्यादै अग्लो ढुङ्गे घरमा आफ्नो पत्यारका पहरेदारहरूको हातमा उनलाई सुम्पेको कुरा कल्हणको *राजतरङ्गिणी* (४।५४५)मा यसरी लेखिएको छ–

---

१४. नयराज पन्त २०१० त ।

१५. ऐजन २०१८ क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स कालगण्डिकातीराश्रयात्युच्चाश्मवेश्मनि ।
निचिक्षेप जयापीडमाप्तानां रक्षिणां करे ।।

*राजतरङ्गिणी*को त्यही श्लोकको प्रभावमा श्री ५ राजेन्द्र (वि.सं. १८७०-१९३८, राज्यकाल वि.सं. १८७३-१९०३)लाई अलौमा पक्रेर काठमाडौँमा ल्याई कुनै गुप्ती घरमा आफ्नो पत्यारका पहरेदारहरूको हातमा जङ्गबहादुरले सुम्पेको कुरा नयराज पन्तले यसरी लेखी यो लेख टुङ्ग्याएका छन्–

राजेन्द्रं वन्दिनं जङ्ग आप्तानां रक्षिणां करे ।
समर्प्य स्थापयामास गुप्ते क्वचन वेश्मनि ।।

*राजतरङ्गिणी*बाट माथि उद्धृत श्लोकको चौथो पाउ नयराज पन्तको यस श्लोकमा दोस्रो पाउ भएर आएको छ भनी भनिरहनु नपर्ला ।

१३. पाँचौँ लेखमा आफूले केटाकेटीमा कथा जस्तै गरेर सुनेका कथा परेका भए पनि तिनको पुष्टि तात्कालिक उपकरणबाट गरिएको छ ।[१६]

१४. राणा प्राइम्‌मिनिस्टरको हूलमा हतपति नपर्ने, बमबहादुर (वि.सं. १८७५-१९१४, शासनकाल वि.सं. १९१३-१९१४)को प्रधानमन्त्रित्व आफैँले बिर्सिएकोमा आत्मसंशोधन गरी लेखिएको लेख[१७] यहाँ छैटौँ लेखको रूपमा पुनः प्रकाशित छ ।

१५. राणाशासनसँग नेपालमा हुने खाने कहलिएका, धेरै परिवारको सम्बन्ध अझै पनि भएकोले होला, राणाशासनको विषयमा बुझिने गरी नेपाली भाषामा लेखिएका कृतिको यहाँ निकै खपत हुन्छ । त्यसमाथि आख्यायिका अर्थात् आजभोलिको भाषामा उपन्यासको शैलीमा लेखिएको पुस्तकको त कुरै नगरूँ । यसैले जङ्गबहादुरको विषयमा लेखिएको *सेतो बाघ*ले निकै बजार लियो । त्यस पुस्तकको आधार इतिहासबाट सिद्ध प्रमाण नभई अनुश्रुति भएकाले ठाउँठाउँमा निकै नै व्यत्यास परेको कुरा नयराज पन्तले यस लेखमा देखाएका छन् ।[१८] यस पुस्तिकाको ३१ पृष्ठ ओगटेको यस सातौँ लेखमा नयराज पन्तले लेख्नुपर्ने जति कुरा नसिद्धिएको भन्ने कुरा यस लेखको पुछारमा **अरू पछि** भनी लेखेकोबाट देखिन्छ ।

---

१६. ऐजन २०१८ = ऐजन २०६१ ।
१७. ऐजन २०३० ।
१८. ऐजन २०३१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१६. पद्मशमशेर (वि.सं. १९३९-२०१७, शासनकाल वि.सं. २००२-२००५)को पालामा वि.सं. २००४ मा *वैधानिक कानून* बनेकोले नेपालमा विधानसम्मत ढङ्गले शासन गर्ने कामको शुरूवात भयो भनी भन्न सकिन्छ। यसैले नेपालखाल्डोको इतिहासको विषयमा आफूले गरेको अन्वेषणसम्बन्धी एउटा लेख वि.सं. १९९६ मा र आफूले तयार गरेको नेपालको इतिहास वि.सं. १९९९ मा तात्कालिक शासनपद्धतिले गर्दा छाप्न नसकेका नयराज पन्तले त्यही इतिहास श्री ३ पद्मको पालामा वि.सं. २००४ मा मात्र प्रकाशत गर्न सके। अरू लेख पनि प्रकाश गर्ने इच्छा उनको भए पनि उनकै शब्दमा **श्री ३ मोहनको शासनमा त्यसो गर्नु संभव भएन**।[१९]

राणाराज्यमा लेख प्रकाश गर्न कडा प्रतिबन्ध लगाइनु आवश्यक थिएन भन्ने धारणा नयराज पन्तको भएको कुरा उनका तलका वाक्यबाट बुझिन्छन्–

> **हामी जस्ता साधारण लेखपढ गर्ने पण्डितहरूका लेख प्रकाश भएका भए तापनि राणाराज्यलाई केही हानि हुँदैनथ्यो। लेख प्रकाश गर्न नदिन कडा कानून बनाए तापनि राणाराज्य अडेन। यो कुरो मेरो मनमा वारंवार खेलिरहन्छ। त्यस कारण श्री ३ पद्म र श्री ३ मोहनका मनःस्थिति तथा राजकाजको विषयमा जानेबुझेसम्म विचार गर्नु मेरो लेखा अपरिहार्य हुन आउँछ। यसै कारण यो लेख यस रूपमा निस्केको हो।**[२०]

कविहृदय भएका नयराज पन्तले आफ्नो **विश्रामको समयमा चिन्तनको प्रवाहमा श्री ३ पद्मको भाषामा ढालेर** ४ महीना जति लगाई नेपाली भाषामा स्रग्धरामा २३३ पद्य बनाए।[२१] ती पद्यमा व्यक्त विषयवस्तु पुष्ट पार्न इतिहासका साधनको उपयोग त्यहाँ टिप्पणीमा गरिएको छ। कोतपर्व हुनु नै राणाशासनको जग बस्नु भएकोले त्यस लेखको प्रारम्भ कोतपर्व हुनुभन्दा केहीअगाडिको अवस्थाबाट गरिएको छ। अहिले त्यहीँ बाट झिकी जङ्गबहादुरको पालासम्म अर्थात् ५९ श्लोकसम्म यस पुस्तिकामा टिप्पणीसहित आठौँ लेखको रूपमा छपाइएको छ।

१७. नयराज पन्तको धेरै कालदेखिको इच्छा राणाशासनको इतिहासविषयमा गतिलो पुस्तक लेख्ने थियो। त्यस विषयमा उनका छिटपुट लेख छापिए पनि पुस्तकाकारमा

---

१९. ऐजन २०३५ खः १५८।

२०. ऐजनः उही।

२१. ऐजनः उही।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उनको केही आउन सकेको थिएन । वि.सं. २०३६ मा उनी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सदस्य भएपछि उनले आफ्नो समय राणाशासनको इतिहास लेख्ने काममा पनि खर्च्ने विचार गरी तदनुसार तीन तीन महीनामा गर्नुपर्ने प्रवचनमध्ये अघिल्ला २ वटा त्यही विषयमा गरे । उनको पहिलो प्रवचन वि.सं. २०३६ आषाढ ३२ गते *जङ्गबहादुरको अङ्ग्रेजसँगको षाड्गुण्य* भन्ने शीर्षकमा भयो । त्यही साल प्रतिष्ठानको पत्रिका *प्रज्ञा*मा छापिएको त्यही प्रवचन[२२]को पुनःप्रकाशन यस पुस्तिकामा नवौँ लेखको रूपमा छापिएको छ ।

१८. वि.सं. २०३६ कार्तिक ९ गते *जङ्गबहादुरको राजभक्ति* शीर्षकमा प्रज्ञा-प्रतिष्ठानमा नयराज पन्तको दोस्रो प्रवचन भयो । त्यो प्रवचन पनि वि.सं. २०३६ मा छापिएको, *प्रज्ञा*को २८ पूर्णाङ्कमा गाभिएको थियो । पत्रिका बजारमा जाने जाने वेलामा त्यस लेखमा छापिएको तलको

हाम्रा राजा तरङ्गी, कलुषितचरिता राजपत्नी हुनाले
धेरैले दुःख पाए, मुलुक पनि भताभुङ्ग बन्दो छ ऐले ।
पृथ्वीनारायणाख्य प्रथित नृपतिको बुद्धिले जोडिएको
हाम्रो यो देश ऐले कुमति नृपतिको कामले डुब्न आँट्यो ।।

पद्यले गर्दा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति माधव घिमिरे (वि.सं. १९७६ मा जन्म), सदस्य-सचिव विजय मल्ल (वि.सं. १९८२-२०५६), सदस्य बालकृष्ण पोखरेल (वि.सं. १९९० मा जन्म), भूपि शेरचन (वि.सं. १९९२-२०४६) र ढुण्डिराज भण्डारी (वि.सं. १९८२-२०५३)ले बबाल उठाए । **हाम्रा राजा तरङ्गी** भनेर श्री ५ वीरेन्द्र (वि.सं. २००२-२०५८, राज्यकाल वि.सं. २०२८-२०५८)लाई भनेको हो, **कलुषितचरिता राजपत्नी** भनेर श्री ५ बडामहारानी ऐश्वर्य (वि.सं. २००६-२०५८)लाई भनेको हो, राजा तरङ्गी र रानीको चरित्र राम्रो नभएकोले श्री ५ पृथ्वीनारायण (वि.सं. १७७९-१८३१, राज्यकाल वि.सं. १७९९-१८३१)ले जोडेको यस राज्यमा धेरैले दुःख पाए, मुलुक पनि अहिले भताभुङ्ग भयो, कुमति राजाले गर्दा यो देश डुब्न लाग्यो भन्ने अर्थ लाग्ने हुनाले यो श्लोक यस लेखबाट हटाउनुपर्छ भन्ने जिकिर उनीहरूको थियो ।

---

२२. ऐजन २०३६ क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो श्लोक जङ्गबहादुरको भाषामा ढालेर मैले लेखेको हो, यो पहिलोपटक छापिएको पनि होइन, *पूर्णिमा* ४० पूर्णाङ्क[२३]मा र पछि पुस्तकाकारमा *श्री ३ महाराज पद्मशमशेरका कुरा* भन्ने नाउँले छापिएको पुस्तक[२४]मा पनि परिसकेको छ, यहाँ **राजा** भनेर श्री ५ वीरेन्द्रलाई होइन कि उहाँका बराज्यूका पनि बराज्यू श्री ५ राजेन्द्रलाई भनेको हो र **राजपत्नी** भनेर चाहिँ श्री ५ राजेन्द्रकी कान्छी महारानी राज्यलक्ष्मीलाई भनेको हो, ऐतिहासिक सन्दर्भमा आएको यो श्लोक हटाएमा लेखमा क्रमभङ्ग हुन्छ, यसैले यो श्लोक हटाउन म सक्दिनँ भनी नयराज पन्तले जवाफ दिए ।

अनि आखिरमा दुवै पक्ष टसमस नभएकाले कुरा यसै टाँगिएर रह्यो । नयराज पन्त यस विषयमा न्याय पाइएला भनी कुलपति लैनसिंह बाङ्देल (वि.सं. १९८१-२०५९)कहाँ पुगे । उनले नयराज पन्तसँग लोलोपोतो गरी कुरा गरे पनि आखिरमा त्यो श्लोक नहटाईकन विरोध गर्ने सदस्यहरू मान्दैनन् भनी घुमाउरो तवरले माधव घिमिरेहरूकै पक्ष लिए । तैपनि ऐतिहासिक उपकरणहरूको आधारमा मैले श्री ५ राजेन्द्र र श्री ५ राज्यलक्ष्मीको चरित्रचित्रण जङ्गबहादुरको भाषामा गरेको हुँ भन्ने देखाउन नयराज पन्त आफूले लेखेको कुरा सिद्ध गर्न आवश्यक, भएभरका पुस्तक लिई प्रज्ञा-प्रतिष्ठान पुगे । अनि उनी ती पुस्तक पल्टाई पल्टाई आफ्नो लेखाइ ठीक भएको उनीहरूलाई देखाउन लागे । तर सुतेको मान्छेलाई कराई ब्यूँझाउन सकिन्छ, तर सुतेको अभिनय गर्ने मानिसलाई जतिसुकै चिच्याए पनि उठाउन सकिँदैन भने जस्तै त्यो श्लोक हटाउनैपर्छ भन्ने अडान उनीहरूले छोडेनन् ।

यस विवादलाई आफूलाई पक्का राजभक्त सिद्ध गर्न सक्ने अवसर सम्झी तपाईं आफ्नो यस लेखबाट यो श्लोक हटाउनुहुन्न भने यस श्लोकलाई अन्डरलाइन गरी हामी दरबार पठाउँछौँ भनी पुराना काङ्ग्रेसी, पछि पञ्चायती बनेका ढुण्डिराज भण्डारीले भन्दा अरूहरूको डाँको पनि त्यत्तिकै ठूलो थियो । तपाईं आफ्नो यस लेखबाट यो श्लोक हटाउनुहुन्न भने हामी *प्रज्ञा*बाट यो लेख च्यात्छौँ भनी उनीहरूले भन्दा तपाईंहरू बलवान् हुनुहुन्छ, च्यात्ने भए च्यात्नुहोस्, तर म कुनै हालतमा पनि यो श्लोक हटाएर लेख छाप्ने पक्षमा छैन भनी नयराज पन्तले जवाफ दिए । नभन्दै नयराज पन्तसमेत सम्पादक भएको *प्रज्ञा*बाट उनको त्यो लेख हटाएर त्यस पत्रिकाको २८ पूर्णाङ्क बजारमा आयो । त्यस पूर्णाङ्कबाट त्यो लेख हटाउँदा हुन गएको एउटा

---

२३. ऐजन २०३५ ख ।

२४. ऐजन २०३६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खाली पृष्ठ भर्न श्री ५ पृथ्वीनारायण, त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११), महेन्द्र (वि.सं. १९७७-२०२८, राज्यकाल वि.सं. २०११-२०२८) र वीरेन्द्रका महान् वाणी त्यहाँ अकाण्डमा छापिए।[२५] नयराज पन्तले त्यसपछि *प्रज्ञा*को सम्पादकमण्डलबाट राजीनामा दिए पनि उनी २०४१ मा छापिएको त्यस पत्रिकाको ४६ पूर्णाङ्कदेखि मात्र उनको नाउँ सम्पादकमण्डलबाट हटेको देखिन्छ।

नयराज पन्त पक्का काङ्ग्रेसी हो, उसले अघि पनि यस्तो

यी अत्याचारदेखिन् अतिविकल भई काम छोड्दै गएका
दब्दै दब्दै गलेका पशुसदृश भई प्राण मात्रै बचेका।
यी हाम्रा लेखनीमा जुन उदित भई शक्ति केही दिलायो,
सो संवत् सातका ती प्रकरणहरुको सम्झनामा रहोस् यो॥[२६]

श्लोक लेखी सात सालको अर्थात् काङ्ग्रेसको समर्थन गरेको हो भन्न यतिले मात्र नपुगी कुनै कुनै एकेडेमिसियनहरू दरबारसम्म पुगे। उनीहरूको अभिप्राय दरबारमा यो कुरा पुऱ्याई नयराज पन्तलाई राजद्रोही सिद्ध गरी उनलाई पदच्युत गर्नु थियो।

श्री ५ वीरेन्द्र राजा भएपछिको, उनको पहिलो जन्मोत्सवको अवसरमा पदक वितरण हुँदा श्री ५ महेन्द्रको पालासम्म कुनै तक्मा नपाएका नयराज पन्तले तेस्रो दर्जाको गोरखादक्षिणबाहु पाएका थिए। यो काण्ड घटेपछि वि.सं. २०३७ पौषमा श्री ५ वीरेन्द्रको जन्मोत्सवको अवसरमा उनी दोस्रो दर्जाको गोरखादक्षिणबाहुबाट अलंकृत भए। मौकापरस्त एकेडेमिसियनहरूले गरेको, नयराज पन्तको विरोधमा दरबारको समर्थन नभएको यताबाट देखिन आएको छ।[२७]

यस काण्डका प्रत्यक्षदर्शी, एक जना एकेडेमिसियनले यस काण्डको विषयमा लेखेको कुरा पनि यहाँ उतार्नु प्रासङ्गिक नै होला–

प्रमाणकै प्रसङ्गमा कुरा चलाउँदा गुरु नयराजको क्रोधमुद्रा पनि बिर्सन सक्तिनँ। 'जङ्गबहादुरको राजभक्ति' भन्ने शीर्षकमा २०३६ सालमा गुरुले प्रज्ञा प्रतिष्ठानमा एउटा प्रवचन दिनुभएको थियो। त्यस प्रवचनका आधारमा उहाँले 'प्रज्ञा'

२५. *महान् वाणी* २०३६: ९५।

२६. नयराज पन्त २०३५ ख: १५७।

२७. यस घटनाको विषयमा माथि लेखिएका कुरामध्ये केही दिनेशराज पन्तसँग वि.सं. २०७०।४।२१।२ मा भएको कुराकानीबाट स्पष्ट भएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्रिकामा एउटा कविता छपाउनुभयो । उहाँ स्वयं पनि त्यस पत्रिकाको सम्पादक मण्डलमा हुनुहुन्थ्यो । पत्रिका वितरण हुनुभन्दा केही समयअगावै गुरुको कवितामा अङ्कित निम्नलिखित पद्य सम्माननीय कुलपतिको ध्यानमा ल्याउने काम भएछः

हाम्रा राजा तरङ्गी कलुषितचरिता राजपत्नी हुनाले
धेरैले दुःख पाए मुलुक पनि भताभुङ्ग बन्दो छ ऐले ।

त्यस पद्यको 'कलुषितचरिता' भन्ने शब्द फेर्न लगाउन प्रतिष्ठानले ठूलो प्रयत्न गऱ्यो तर त्यसो गर्न गुरुले कदापि मान्नुभएन । एक दिन आफ्ना सहयोगीलाई पिठ्यूँभरि धोबीले लुगा बोकेजस्तो गरी एउटा तन्नाभरि किताब बोकाएर मेरो कार्यालय कोठामा पछार्नुभयो । प्रत्येक पुस्तकका विभिन्न पृष्ठको उच्चारण गर्दै आफ्ना सहायकलाई पल्टाउन भन्नुहुन्थ्यो । ती पृष्ठका पङ्क्ति पढ्दथें । सिल्भाँ लेवीलगायत अनेकौं लेखकले सोही कुरा लेखेका रहेछन्, ती पुस्तकमध्ये केही नेपाली प्रकाशकले पनि पुनः प्रकाशन गरेका रहेछन् । 'सयौं वर्ष पनि कतैबाट कसैबाट विरोध नआउने तर नयराजले लेख्दा विरोध आउने ?' भन्दै गुरुले साक्षात् ताण्डव नृत्य नै गर्नुभयो । हातको कम्पन, लडबडाएको जिब्रो, भुइँ छोडेका खुट्टा देखेर म ज्यादै त्रसित पनि भएँ । त्यो काण्ड दरवारसम्म पुग्यो । गुरुले त्यस वेलादेखि 'प्रज्ञा' को सम्पादक मण्डलबाट राजीनामा दिनुभयो ।

कुरो त्यहीं सेलाएन । सोही वर्ष २०३७ मा श्री ५ महाराजाधिराजबाट गोरखादक्षिणवाहु दोस्रा बक्स भयो गुरुलाई । [...][२८]

"म स्वभावतः एकोहोरो प्रवृत्तिको मानिस हुँ" भन्ने नयराजको चारित्रिक अभिव्यक्ति व्यवहारमा पनि प्रष्ट झल्किरहन्छ । यस सन्दर्भमा *ज्ञानगुनका कुरामा* मैले बताइसकेको कुरो फेरि देहोऱ्याऊः घटना के भयो भने गुरुले जङ्गबहादुरको राजभक्ति विषयक आफ्नो प्रवचनलाई आधार बनाएर पद्यात्मक रूपमा गरेको इतिहासको वर्णन नेराप्रप्रको *प्रज्ञा* पत्रिकामा छापिन पुग्यो, तर वितरण बाँकी थियो । यत्तिकैमा त्यस पद्यको यो अंशः

२८. तीर्थबहादुर श्रेष्ठ [२०५९ : ९] २०६० : ९ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

"हाम्रा राजा तरङ्गी कलुषितचरिता राजपत्नी हुनाले
धेरैले दुःख पाए मुलुक पनि भताभुङ्ग बन्दो छ ऐले ।"

मा विरोध र चर्चा शुरु भयो । ती शब्द फेर्न कुलपतिलगायत सबैले अनुरोध गरे, तर गुरुले त्यो मान्नुभएन । कुरा चर्कंदा-चर्कंदा दरबारसम्म पुग्यो । अन्ततः यो अंश छापिएका पाना हटाएर *प्रज्ञा* वितरण गरियो । गुरुले *प्रज्ञा*को सम्पादन मण्डलबाट तत्काल राजीनामा दिनुभयो । तर, संयोग हो वा सुनियोजित, सोही वर्ष २०३७ सालमा श्री ५ वीरेन्द्रबाट गुरुलाई तक्मा बक्स भयो ।[२९]

वि.सं. २०३६ मा *प्रज्ञा*बाट च्यातिएको लेख पछि वि.सं. २०५१ मा *पूर्णिमा*मा छापिएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ ।[३०]

१९. यस पुस्तिकामा छापिएको पहिलो लेख पहिलोपटक छापिनुभन्दा अगाडि यस पुस्तिकाले ओगटेको समयको इतिहासको खोजी कुन तहमा थियो र यहाँ छापिएको पछिल्लो लेख पहिलोपटक छापिँदा त्यस समयको इतिहासको खोजी कुन तहमा पुग्यो भन्ने कुराको राम्रो विवेचना गरेपछि मात्र नयराज पन्तका यी लेखमा कत्तिका उपज्ञा अर्थात् अरूले अघिबाट पत्ता नलगाएका र व्याख्या गर्न नसकेका कुरा छन् भन्ने विषयको निर्णय गर्न सकिन्छ ।

---

२९. ऐजन [२०५९ क: ११] [ऐजन २०६२: १७] २०६२ क: १७ ।

३०. नयराज पन्त २०५१ क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केही कुरा नेपाल-सांस्कृतिक परिषत्को र संशोधन-मण्डलको उद्गमको विषयमा

वि.सं. २००७ को परिवर्तनपछि राणाजीहरूलाई यहाँ टिक्न गाह्रो हुँदै गएकोले अन्तिम श्री ३ महाराज तथा प्रजातन्त्रोत्तरकालका पहिला प्रधानमन्त्री मोहनशमशेर (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७) र उनका माहिला भाइ, मिनिस्टर तथा प्रजातन्त्रोत्तरकालका पहिला रक्षामन्त्री बबरशमशेर (वि.सं. १९४४-२०१७) यहाँ टिक्न नसकी पछि विदेशिए। तर साहिँला भाइ केसरशमशेर (वि.सं. १९४८-२०२१)ले चाहिँ नेपाल छोडेनन् र उनी यहीँ अडेर बसे। हजुरका दाजुहरू त नेपाल छोडेर जानुभयो, हजुरचाहिँ किन जानुभएन भनी उनलाई कसैले सोध्दा दाजुहरू ढुकुर जस्तो भएर उडेर जानुभयो, मचाहिँ कुकुर जस्तो भएर बसिरहेछु भनी उनले जवाफ दिए भन्ने कुरा पनि सुनिएको हो। उनले नेपाल नछोड्नुमा एउटा कारण त उनी श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११)का भिनाजु हुनु पनि हो कि जस्तो मलाई लाग्छ।

वि.सं. २००८ को शुरूवातसँगै केसरशमशेरले १ लाख रुपियाँ र आफ्नै क्याम्पाको एउटा घर दिई नेपाल-सांस्कृतिक परिषत् खोलियो। त्यो दान नेपालका तात्कालिक शक्तिशाली गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९)लाई खुशी पार्न गरेको हो भन्ने कुरा चर्चामा आएको पनि हो।

> **बान्की परेको सुन्दर थुम्को जस्तो अशोक वृक्ष फक्रेर ढकमक्क फुल्न नसकी गर्भवती महिलाको पेट फुलेसरि मुकुला कोपिला फुलाएर कक्रिएको अवस्थामा बैंसले मस्त भएकी मदमत्त तरुणीले मुखभरि पारेको मदिरा कुलुकुलु कुल्ला गर्दै पिचिक्क थुक्दै लात्तले भुक्क हिर्काएपछि मात्र ढकमक्क भएर फुल्छ र शोभायमान बन्छ, त्यस्तै हामी राणाजी पनि आफ्नै धनमादमा आफ्नै कार्यशैली रोबरवाफमा गम्म परेर डम्म फुलेर बसेका थियौँ, तपाईंहरूको (काङ्ग्रेसको) बात (गाली) र लात पाएपछि भने फक्रक्कै शोभायमान भएर फुलिहाल्यौँ**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी कविसमय हालेर ठट्यौलो पाराले नेपाल-सांस्कृतिक परिषत्को वि.सं. २००८ वैशाख २९ गते बसेको पहिलो बैठकमा केसरशमशेरले रमाइलो छाँटले भाषण गरेका थिए ।[१]

नेपाल-सांस्कृतिक परिषद्ले **नेपाली संस्कृतिको सर्वतोमुखी* विकाश र प्राच्य पुरातन विषयको अन्वेषण** गर्ने उद्देश्यको परिपूर्तिको लागि **क) साहित्य ख) संगीत ग) कला घ) संस्कृति ङ) भाषा र अरु उपभाषाका प्रधान विभाग** खोल्ने उपक्रम गऱ्यो ।[२]

नेपालको इतिहास प्रामाणिक रूपले अहिलेसम्म नलेखिएकोले १) लालबक्सा, वंशावली, शिलालेख इत्यादिको परिशीलन गरी त्यस्तो इतिहास लेख्ने २) नेपालका भाषा र उपभाषाहरूको पारस्परिक कोष बनाउने ३) नेपालका पुरावस्तुको संरक्षण गर्ने ४) नेपालमा भएका लेखोट पुस्तकको संरक्षण र सके प्रकाशनसमेत गर्ने ५) नेपालविषयक प्रत्येक सामग्री नेपालमै सङ्ग्रहीत गर्ने ६) ऐतिहासिक महत्त्वका ठाउँमा खनन गर्ने ७) नेपालका सङ्गीत, जनगीत, लौकिक आचार, वास्तुकला, मूर्तिकला इत्यादिको परिशीलन गर्ने ८) नेपालमा भेट्टाइएका बौद्धग्रन्थको परिशीलन गर्ने त्यस परिषत्को योजना थियो ।[३]

वि.सं. २००८ वैशाख २९ गते त्यस परिषत्को पहिलो बैठकमा उपस्थित हुन नयराज पन्त (वि.सं. १९७०-२०५९)लाई पनि आमन्त्रण गरिएको थियो । १० ठाउँमा नाचेर हिँड्ने विद्वान् भनाउँदाहरूसँग मिलेर काम हुँदैन भन्ने धारणा यस्ता समितिमा पहिले पहिले बस्दा उनको मनमा जमिसकेकोले होला, उनी बैठकमा गएनन् । आयोजकहरूले ज्यादै कर गरेकाले उनले आफ्नो प्रतिनिधिको रूपमा ज्ञानमणि नेपाल (वि.सं. १९८९ मा जन्म)लाई त्यहाँ पठाइदिए ।

त्यस परिषत्को तेस्रो बैठक वि.सं. २००८ आषाढ २३ गते बस्दा इतिहास र पुरातत्त्व, कला, नाटक र नृत्य तथा साहित्यको अन्वेषण गर्न ४ थरी समितिको गठन गरिएको थियो र त्यहाँ इतिहास र पुरातत्त्वको कामचाहिँ बाबुराम आचार्य (वि.सं. १९४८-२०२९), नयराज पन्त र बालचन्द्र शर्मा (वि.सं. १९७६-२०३३)को

---

१. ज्ञानमणि नेपाल २०६३: १७ ।

२. *नेपाल-सांस्कृतिक परिषद्को* विधान* २००९: ६५ ।

३. ईश्वर बराल २००९ क: ६०-६१ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिम्मा लगाइयो ।[४] तर नयराज पन्तले त्यो जिम्मेवारी कहिल्यै लिएनन् र कुरा त्यसै टरेर गयो ।

त्यस परिषद्ले वि.सं. २००९ को वैशाखदेखि *नेपाल-सांस्कृतिक परिषद्-पत्रिका** भन्ने नाउँले बर्सेनि १ अङ्क निकाल्न थाल्यो । त्यो क्रम ३ वर्षसम्म निरन्तर चल्यो । ती ३ अङ्कमा छापिएका २१ वटा लेखमध्ये १० वटा त अघिबाटै छापिइसकेका हुन् वा होइनन् भन्ने कुरा त्यहाँ नखुलाइए पनि नेपाली भाषामा छापिएका ती लेख भारतीय पत्रपत्रिकामा छापिएका लेखका उल्था जस्तो मलाई लाग्छ । तेस्रो अङ्कमा २० पृष्ठ ओगटेको, *नेपाल-चीन-युद्धसम्बन्धी केही पत्र* भन्ने लेख त पछि वि.सं. २०१४ मा त्यही परिषद्द्वारा प्रकाशित, नयराज पन्तको उपोद्घातसहित धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१) र ज्ञानमणि नेपालद्वारा सम्पादित *ऐतिहासिक पत्रसंग्रह* १ भागमा पनि गाभिएकै हो । अनि बीचमा २ वर्ष खाली रही एकैचोटि वि.सं. २०१४ मा त्यस पत्रिकाका ४ र ५ अङ्कको संयुक्ताङ्क प्रकाशित भयो । त्यस संयुक्ताङ्कमा र माथि भरखरै नाउँ लिइएको *ऐतिहासिक पत्रसंग्रह* १ भागमा हूबहू उही विषयवस्तु भएकोले खालि अङ्क बढाउन *ऐतिहासिक पत्रसंग्रह* १ भागलाई नै पत्रिकाका ४-५ संयुक्ताङ्क मानेको देखिन्छ ।

ईश्वर बराल (वि.सं. १९८०-२०५४) नेपाल-सांस्कृतिक परिषत्का सचिव बनेपछि उनको प्रबन्धबाट नयराज पन्त र उनको शिष्यमण्डलले तयार गरेका *जयरत्नाकरनाटक*, *त्रिरत्नसौन्दर्यगाथा* र *ऐतिहासिक पत्रसंग्रह*का १-२ भाग गरी ४ वटा पुस्तक छापिए । साँच्चै भन्ने हो भने नेपाल-सांस्कृतिक परिषद्ले नेपालसम्बन्धी अन्वेषण गर्ने जति ठूलो उद्देश्य राखेको भए पनि त्यस परिषद्ले गरेको काम भन्नु नै ती ४ वटा पुस्तकको प्रकाशन र त्यस परिषत्को पत्रिकाका ३ अङ्क निकाल्नु हो ।

नेपालसम्बन्धी अन्वेषणमा नेपाल-सांस्कृतिक परिषत्को त्यति अवदान छैन भन्ने कुरा यहाँसम्मका कुराबाट स्पष्ट भएको छ । पुस्तक छाप्ने खर्च नेपाल-सांस्कृतिक परिषद्ले उठाए पनि त्यस परिषद्बाट जे जति छापियो, त्यसमध्ये धेरैजसो नयराज पन्त र उनको शिष्यमण्डलकै अवदान हो ।

नयराज पन्तले वि.सं. २००८ मङ्सीर १२ गते संस्कृतमा लेखेका ३ वटा पद्यमा केसरशमशेरले विद्याको लागि थुप्रो पैसा दिएको कुरा लेखिएको छ । नेपाल-सांस्कृतिक

४. *नेपाल-सांस्कृतिक परिषद्को* कार्यविवरण* २००९ : ५७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिषद्लाई लाख रुपियाँ दिएको कुरालाई नै यहाँ सङ्केत गरिएको हो । जनताको हितको लागि पहिले कुनै काम गरेको रेकर्ड नभएका, तर स्वास्नी र सन्तानलाई थुनेर राख्ने रेकर्ड भएका केसरशमशेरले यो दान गर्नुको कारण आफ्नो वंशबाट राज्याधिकार हट्दा पनि आफू प्रतिष्ठित भएर बस्न सक्नु हो भन्ने भाव ती पद्यबाट आउँछ । हुन पनि उनी कम्यान्डर-इन-चीफ, अनि रक्षामन्त्री, त्यसपछि मन्त्रिमण्डल तहको शाही परामर्शदात्री समितिका प्रमुख परामर्शदाता र पछि फील्ड मार्शलसम्म भई हिज हाइनेसले शुद्धा विभूषित भई सरकारिया हाईहाईमै बिते ।

केसरशमशेरकी जेठी रानी श्री ५ पृथ्वीवीरविक्रमकी जेठी शाहजादी हुन् । लोग्नेस्वास्नीको बीचमा राम्रो नभएकोले शाहजादीले लोग्नेको हातको कुटाइ बराबर खानुपर्थ्यो र उनी नजरबन्दमा परेकी थिइन् भन्ने कुरा हामीले सुनेका हौँ। केसरमहल पसेकी, शहीद भनेर कहलाएका शुक्रराज शास्त्री (वि.सं. १९५०-१९९७)की बहिनी चन्द्रकान्ता मल्ल (वि.सं. १९५५ मा जन्म)ले यो कुरा लिपिबद्ध पनि गरेकी छिन् ।

त्यसैलाई इङ्गित गरेर श्रीकेसरले जनताको हितको लागि पहिले कहिल्यै केही काम गरेको हामीलाई थाहा छैन, स्वास्नी र छोराछोरीलाई एकैपल्ट थुनेर उनले मनलागी गरे भन्ने हामीलाई स्पष्ट छ भनी नयराज पन्तले लेखेका छन् ।[5]

× × ×

वि.सं. २००९ असोजको कुरा । दसैँ लागिसकेको थियो । नयराज पन्तले खोलेको पाठशाला (पछि संशोधन-मण्डल)मा अरू अरू विद्यालयमा जस्तो दसैँको छुट्टी घटस्थापनादेखि कोजाग्रत्सम्म नभई फूलपातीदेखि द्वादशीसम्म मात्र हुन्थ्यो । घटस्थापनापछिको द्वितीया-तृतीयातिरको दिन हुनुपर्छ । यसैले पढाइ चलिरहेकै थियो । पाठशाला रहेकै घरको बगैँचामा टहरामा खोलिएको छापाखानामा छापिएको एउटा पुस्तिकाको चाङ लिई त्यस पाठशालामा दोस्रो तहमा पढ्ने ३ जना विद्यार्थी त्यो दिन दिउँसोतिर भित्र पसे । १६ पेजी फर्माको आकारमा छापिएको त्यस पुस्तिकाको म्याटर ४ पृष्ठमा अटाउने भए पनि निकै मन फुकाएर छापिएकोले ठाउँठाउँमा खाली राखी त्यो पुस्तिका ६ पेजको बनाइएको थियो । पाठशालामा दसैँको बिदा शुरू हुनुभन्दा अगाडि नै त्यो पुस्तिका छपाइसक्ने विचारले होला, त्यो साल असोज ५ गते घटस्थापना

५. यी ३ कण्डिका खास गरी महेशराज पन्त २०६३: ६३-६५ बाट उतारिएका हुन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परेकोले दसैँ शुरू हुने दिनको मिति वि.सं. २००९।६।५ त्यस पुस्तिकामा हालिएको। छाप्दा कति खर्च लाग्छ भन्ने थाहा नभएर होला, मोलचाहिँ अघिबाटै नछापी पाठशालामा ल्याइसकेपछि ती विद्यार्थीहरूले हातैले मू. ।६ लेखी मूल्यनिर्धारण गरेको। त्यसताका छापिने गरेका, राजनीतिसम्बन्धी पर्चा वा पुस्तिकाभन्दा निकै नै भिन्न प्रकृतिको शीर्षक त्यस पुस्तिकाको थियो–

इतिहास-संशोधन

इतिहासकारहरूको असावधानीले गर्दा छोरा बाबु, बाबु छोरा भएर कान्तिपुरे मल्लराजाहरूको वंशमा गडवडी हुँदा त्यस भ्रमको प्रमाण सहित निराकरण।

यसपछि मूल शीर्षक *इतिहास-संशोधन* राखिएका यस्ता पुस्तिका वा पर्चाको लर्को चल्यो। ८ तहमा बाँडिएका २१ जना विद्यार्थीको समूहबाट *इतिहास-संशोधन* निस्कन थाले। कुनै कुनै दिन त २ वटासम्म पनि *इतिहास-संशोधन* निक्लिए। वि.सं २००९ असोज ५ गते पहिलो *इतिहास-संशोधन* निस्किएकोले संशोधन-मण्डलको इतिहाससम्बन्धी प्रकाशनको शुरूवात त्यही सालको असोज ५ गते भयो भनी मान्ने गरिएको छ। यस कारण यही गएको असोज ५ गते प्रकाशनको प्रारम्भ भएको ६१ वर्ष पुगी ६२ वर्ष लाग्यो। २१ जना इतिहास-संशोधकमध्ये अहिले पनि १५ जना त जीवितै छन्। जीवितहरूमध्ये केही घरव्यवहारमा रमाएर बसेका छन् त केही दुनियाँको नजरमा चढ्ने, इवाट्ट हेर्दा विद्यासम्बन्धी काममा नै लागी चर्चित छन्। आफ्नो कैशोर्य वा यौवनमा आफूले गरेको कामको शुरूवात भएको यस दिनको सम्झना यिनीहरूमध्ये कति जनालाई भयो कुन्नि।

वि.सं. १९९७ देखि आफ्नै ढङ्गको पाठशाला खोली पढाउन थालेका नयराज पन्तले प्रजातन्त्र आउनुभन्दा अगाडिका १० वर्षभित्र केही विद्यार्थी तयार गरिसकेका थिए। त्यस पढाइले संस्कृतभाषामा ती विद्यार्थीहरूको राम्रो अधिकार भइसकेको थियो र तीमध्ये केही त त्यही छाँटको पढाइ पढाउन पनि लागिसकेका थिए। वि.सं. २००७ सम्म त लेख्ने बोल्ने छूट नभएकोले नयराज पन्तले आफूले चिताएअनुसार विद्यार्थीहरूद्वारा लेख प्रकाशन गराउने कामको शुरूवात गर्न सक्ने अवस्थै थिएन। तर त्यो काम वि.सं. २००८ मै शुरू नगरी वि.सं. २००९ को मध्यभागमा मात्र उनले किन शुरू गरे भन्ने प्रश्नको उत्तर खोज्नुपरेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सरकारिया पढाइको दाँजोमा नयराज पन्तको पाठशालाको पढाइबाट संस्कृतभाषामा कम समयमै राम्रो अधिकार भएको अनुभव गरेर ब्रह्मचर्याश्रममा पनि यही पद्धतिअनुसार पढाउने भन्ने सल्लाह भएकोले उनका २ जना चेला भोलानाथ पौडेल (वि.सं. १९७८-२०६६) र ज्ञानमणि नेपाल वि.सं. २००६ को फागुनको मासान्तदेखि त्यहाँ पढाउन गए। ब्रह्मचर्याश्रमका संरक्षक कविराज हरिप्रसाद खकुरेल (वि.सं. १९४९-२०३०) र अध्यक्ष योगी नरहरिनाथ (वि.सं. १९७१-२०५९) दुवै जना राणाशासनसँग सम्बन्ध गाँसिएका बडादमी थिए। यता त्यति प्रभाव नफैलिसकेका, शासन र राजनीतिबाट पूरै अलग्गिएर सर्वतोभावले विद्यामा लागेका, सामान्य अध्यापक नयराज पन्तका चेलाको रूपमा ब्रह्मचर्याश्रममा पढाउन गएका भोलानाथ पौडेल र ज्ञानमणि नेपालमा विद्या भए पनि उनीहरूको खास प्रभाव भएन। राणाशासनमार्फत प्रतिष्ठित, ब्रह्मचर्याश्रमका अधिकारीहरूले विद्यार्थीहरूलाई राणाशासनको समर्थनको लागि प्रयोग गर्न खोज्दा भोलानाथहरूबाट भएको विरोध उनीहरूलाई सह्य भएन र २ पक्षमा सङ्घर्ष चर्किंदै गयो। त्यसपछि ब्रह्मचर्याश्रमका अधिकारीहरूकै विरोधमा गई त्यहाँ बसिरहनु राम्रो नभएकोले १४ महीनापछि भोलानाथहरू ब्रह्मचर्याश्रमबाट बाहिरिए। यसरी राणाशासन ढल्नुभन्दा झण्डै १ वर्षअगाडि ब्रह्मचर्याश्रममा भित्रिएका भोलानाथहरू राणाशासन ढलेको ३ महीनापछि त्यहाँबाट निस्कनुपऱ्यो।[६]

नयराज पन्तले ब्रह्मचर्याश्रमको यस निष्क्रमणबाट आफ्नो पढाइ बाहिर चलाउने वेला आएको छैन भन्ने शिक्षा लिएको हो कि जस्तो आजभोलि मलाई लागिरहेछ। यसैले आफूले तयार गरेका विद्यार्थीहरूको ल्याकत देखाउने अर्को बाटोको खोजीमा उनी थिए कि जस्तो मलाई लाग्छ।

जुन दिनको मिति राखेर पहिलो *इतिहास-संशोधन* निस्कियो, त्यसको भोलिपल्ट आश्विनशुक्लद्वितीयादेखि षष्ठीसम्म अर्थात् वि.सं. २००९ असोज ६ गते आइतवारदेखि १० गते बिहीवारसम्मका ५ दिनभित्र दिनको एउटा एउटा गरेर नयराज पन्तले दसैँकोठामा देवीको अगाडि बसी संस्कृतमा रचेका ५ पद्यमा आफ्ना शिष्यहरूको विद्यावृद्धिको कामना गरिएको छ। मेरा चेलाहरू ठूला विद्वान् होऊन् र तिनीहरूले यस देशलाई विदेशीको दासताबाट मुक्त गर्न सकून् भन्ने प्रार्थना पहिलो पद्यमा छ। यसको मतलब आफ्ना विद्यार्थीहरू ठूला विद्वान् मात्र नभई नेपालमा विद्याको क्षेत्रमा रहेको, विदेशीको प्रभुत्व उनीहरूले हटाउन सकून् भन्ने उनको कामना रहेको बुझिन्छ। विदेशीको भनाइ

६. महेशराज पन्त २०६६: १७९, १८५-१८६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै प्रामाणिक ठान्ने, मिहीन दृष्टि नभएका विद्यार्थीहरू मेरो जीवनको सार भएको पाठशालामा कहिल्यै नआऊन् भनी उनले चारौँ पद्यमा लेखेकाले विदेशी प्रभावको भरमा डीङ हाँक्नेहरूबाट आफू टाढा बस्ने उनको इच्छा भएको बुझिन्छ।[७]

यसरी पहिलो *इतिहास-संशोधन* वि.सं. २००९ को दसैँमा निस्कनु र आफ्ना विद्यार्थीहरूबाट विदेशीको प्रभाव तोड्ने काम होओस् भन्ने प्रार्थना पनि नयराज पन्तले त्यही सालको दसैँमै गर्नुलाई संयोग मात्र सकिन्न। यस कारण *इतिहास-संशोधन*को प्रकाशनको प्रारम्भ दसैँमा गर्नुको अर्थ गहिरो छ जस्तो मलाई लाग्छ।

हुन त त्यस *इतिहास-संशोधन*मा अम्बिकाप्रसाद उपाध्यायको *नेपालको इतिहास* (वि.सं. १९८६), रामजी उपाध्यायको *नेपाल दिग्दर्शन* (वि.सं. २००७) र बालचन्द्र शर्माको *नेपालको ऐतिहासिक रूपरेखा* (वि.सं. २००८)मा लेखिएको कुराको सप्रमाण खण्डन गरिएको छ, त्यहाँ कुनै विदेशीले लेखेको कुराको खण्डन छैन। तर त्यो गल्ती अम्बिकाप्रसाद उपाध्याय, रामजी उपाध्याय र बालचन्द्र शर्मामध्ये कुनैको नभई उनीहरूले आफ्नो उपजीव्य ग्रन्थ ड्यान्यल राइटको *हिस्टरि अफ् नेपाल्* (वि.सं. १९३३)बाट सारेकाले मात्र हुन गएको हो। *इतिहास-संशोधन*का यस्ता कामबाट विदेशी ग्रन्थकारका लेखाइको सप्रमाण खण्डन प्रशस्त मात्रामा मात्र नभई नेपालको इतिहासविद्याको गुरुकिल्ली विदेशीको हातबाट नेपालीको हातमा आइसकेको छ। अनन्तपार विद्यासागरमा कमसेकम एउटा सानो क्षेत्रमा भए पनि नेपालीले विदेशीको मुख ताक्नु नपर्ने अवस्था अहिले छ। नेपालको इतिहासका जे जति तथ्य हामीलाई अहिले थाहा छ त्यो पत्ता लाउने कामको सयकडा पचहत्तर साँच्चि भन्ने हो भने *इतिहास-संशोधन*कै परिपाटीबाट भएको हो।

---

७. माथि १७२-१७३ पृष्ठ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदुनाथ खनाल,
अनि उनीसँग नयराज पन्त जोडिएको कथा

नयराज पन्त (वि.सं. १९७०-२०५९)लाई वि.सं. २०५३ मा र यदुनाथ खनाल (वि.सं. १९७०-२०६१)लाई वि.सं. २०५५ मा आदिकविभानुभक्तपुरस्कारले सम्मान गरेको नेपाली शिक्षापरिषद्‌ले यी २ मनीषीको जन्मशताब्दी यही आश्विन ३ गते मनायो। उमेरको हिसाबले नयराज पन्तभन्दा २ दिन कान्छा यदुनाथ खनाल उनीभन्दा झण्डै २३ महीनापछि बिते। आफूले उही पारितोषिकद्वारा सम्मान गरिएका, उही वर्ष जन्मेका यी २ विद्वान्‌को जन्मशताब्दी यसैले नेपाली शिक्षापरिषद्‌लाई एकै दिन मनाउन प्रेरणा मिलेको हुनुपर्छ।

त्यस सभामा केही विद्वान्‌हरूले दुवैका गुणानुवाद गरे। नयराज पन्त र यदुनाथ खनालको बीचमा लिखित रूपमा भएको वादविवादको चर्चा भने कसैले पनि त्यस सभामा गरेनन्। **सत्यं ब्रूयात् प्रियं ब्रूयान्न न वदेत् सत्यमप्रियम्** (*मनुस्मृति* ४।१३८) अर्थात् **साँचो कुरा बोल्नू, प्यारो कुरा बोल्नू, साँचो भए पनि अप्रिय कुराचाहिँ नबोल्नू** भन्ने वचनको अनुसरण गरेर नै ती २ मनीषीमा भएको सङ्घर्षको चर्चा यदुनाथ खनालका २ भिन्नाभिन्नै चरितका रचयिताले अर्थात् आजभोलिको भाषामा जीवनी लेख्ने[१]ले नगरे जस्तै ती वक्ताहरूले पनि नगरेको हुनुपर्छ।

यदुनाथ खनालसँग नयराज पन्त जोडिएको पहिलो प्रसङ्ग वि.सं. १९९० तिर हो। कुरा के भने उही उमेर भएका, एस्.एल्.सी.को तयारीमा लागेका यदुनाथ खनाललाई उनले २।३ महीना जति दिनको १ घण्टा जस्तै गणित खास गरी बीजगणित निःशुल्क पढाएका थिए।[२]

---

१. जयराज आचार्य २०५९।
मदनकुमार भट्टराई २०६२: ६२-७९।
ऐजन २०६२ क: ७५-८०।

२. नयराज पन्त २०३० क: ७५-७६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदुनाथ कूटनीतिमा कौटल्य र किसिन्जर दुवै बुझ्ने र आफ्नो व्यवहारमा ढाल्न सक्ने व्यापक बौद्धिक व्यक्तित्व हुन्[३] भनी यदुनाथ खनालको प्रशस्तिका कर्ताले लेखेका छन् । उनैले लेखेअनुसार **यदुनाथ खनालको जीवनीबाट नेपाल जस्तो अविकसित समाजमा एक विद्वान् समालोचक र कूटनीतिज्ञको निर्माण कसरी हुन्छ भनी बुझ्न मद्दत मिल्छ ।**[४]

राणाहरूले धर्मको दृष्टिले बाहुनका छोराहरूलाई पढ्न, बस्न र खान पैसा तिर्नु नपर्ने व्यवस्था गरिदिएकाले असम्पन्न पहाडिया ब्राह्मणकुलमा जन्मेको मान्छेले संस्कृत पढेको र पछि आँत पुरिँदै आएपछि संस्कृतको पढाइ बीचैमा छोडी अङ्ग्रेजीपट्टि लागी धनमान कमाएको सन्देश दिनुभन्दा बढी काम यदुनाथ खनालको चरित अर्थात् जीवनीबाट आउने जस्तो मलाई लाग्दैन ।

अध्यात्मवाद किंवा वैराग्यवादको बाढीले सयौँ वर्षअगाडि बगाइसकेको *कौटलीय अर्थशास्त्र*को पुनरुद्धार सय वर्षभन्दा अगाडि भएको भए पनि परम्परा टुटिसकेकोले धेरै विद्वान्हरूले निरन्तर प्रयास गर्दा गर्दै पनि अझै दुरूह नै रहेको *कौटलीय अर्थशास्त्र* यदुनाथ खनालले के बुझे होलान्, सन्तानलाई व्यवहारकुशल पार्न अघिका पुस्ताले रटाउने गरेको *चाणक्यनीति*लाई र संस्कृत पढ्दा पढ्नुपर्ने *किरातार्जुनीय*को पहिलो सर्ग र *शिशुपालवध*को दोस्रो सर्गलाई नै कौटल्यको पर्याय भनी यदुनाथ खनालका प्रशस्तिकर्ताले सम्झेको भए मलाई केही भन्नु छैन ।

रह्यो उनको दौत्यकर्म अर्थात् आजभोलिको भाषामा कूटनीतिसम्बन्धी कामको कुरा । **प्रभुसत्तासम्पन्न राष्ट्रको रूपमा सबै देशमा स्वीकृत राज्यको सरकारले कुनै पनि अवस्थामा सहिछाप नगर्नुपर्ने पत्रमा अर्थात् वि.सं. २०२१ को भारत-नेपालशस्त्रास्त्रप्राप्तिसन्धिमा हाम्रो दौत्यकर्मसम्बन्धी कर्मचारीहरूका बाबु सरह पूजनीय यदुनाथ खनाल जस्तोले पनि खुशीसाथ सही गरेकाले उनी दौत्यकर्मको कौशलमा विज्ञ थिएनन्** । त्यसो हुँदा हुँदै **पनि ह्यारोल्ड जे. लास्कीलाई सर्वज्ञ लास्की भने जस्तै गरेर होला, यदुनाथ खनाल नेपालमा अझै सर्वज्ञ खनाल भनी मानिन्छन्**[५] भनी कसैले उनको कामको विषयमा

३. जयराज आचार्य २०५९: ग ।

४. ऐजन: क ।

५. यादव खनाल २०६०: ४ बाट मैले गरेको उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखेका छन् । विशेषतः नेपालको कूटनीतिको क्षेत्रमा एकछत्र* प्रभाव पारेका व्यक्तित्व प्रा. खनाललाई कुनै पनि अन्य मुलुकमा भए यति अवसर र प्रतिष्ठा आर्जन गर्न सम्भव हुने थिएन[6] भनी कसैले उनलाई आँकेका छन् । छोटकरीमा भन्ने हो भने गरीबको छोरा भई जन्मेर धनीको बाबु हुने दौडमा लागेका[7]हरूमध्ये उनलाई पनि अग्रगण्य भने मान्नैपर्छ ।

हिमाल खबरपत्रिकामा भण्डै साढे आठ वर्षअघि छापिएको *हाई ! अङ्ग्रेजी !!*[8] भन्ने शीर्षकको एउटा लेखको सम्भना प्रसङ्गवश अहिले मलाई भयो । संस्कृत पृष्ठभूमि र अङ्ग्रेजी दक्षताका कारण नाम, प्रतिष्ठा कमाएका डा. जयराज आचार्य, महेशराज पन्त, ऋषिकेश* उपाध्याय, डा. बद्री पोखरेल आदिका प्रेरक थिए सरदार यदुनाथ खनाल[9] भनी त्यहाँ लेखिएको कुरालाई लिएर यहाँ नाउँ किटिएका अरूको विषयमा त मलाई थाहा छैन, मैले भने यदुनाथ खनालबाट कत्ति पनि प्रत्यक्ष वा परोक्ष प्रेरणा पाएको होइन र त्यसमाथि म उनलाई कुनै विषयको पनि पारङ्गत विद्वान् ठान्दिनँ । उनको बौद्धिक बेइमानीको विषयमा बुझ्न *पूर्णिमा* ३० पूर्णाङ्कका ७५-१११ पृष्ठमा र ३२ पूर्णाङ्कका २३६-२४९ पृष्ठमा छापिएको *श्रीमान् यदुनाथ खनालज्यूले आफ्नो विद्वत्ता देखाउने समय आएको छ* भन्ने लेख पढ्नु नै पर्याप्त होला । अङ्ग्रेजीमा *नेपालमाहात्म्य*को उल्था गर्ने जयराज आचार्यले लेखेको *यदुनाथ खनाल- जीवनी र विचार* भन्ने पुस्तक पनि यदुनाथमाहात्म्य हो भन्ने कुरा पनि यस प्रसङ्गमा भन्नु उचित होला भन्ने लेखी तत्कालै मैले त्यस पत्रिकामा ईमेल पठाएको थिएँ । के कति कारणले हो, त्यो छापिन भने छापिएन ।

मैले यस लेखको उठानमै जस्तो नयराज पन्त र यदुनाथ खनालको बीचमा लिखित रूपमा भएको वादविवादको कुरा उठाएको र भरखरै माथि दिइएको, *हिमाल* खबरपत्रिकामा पठाएको ईमेलमा पनि यसको चर्चा गरेको छु । यही कुरा अलि खुलाएर अब लेख्नुपरेको छ ।

---

६. मदनकुमार भट्टराई २०६२: ७३ ।

७. माथि ९१ पृष्ठ ।

८. पेशल पोखरेल २०६२: ४२-४७ ।

९. ऐजन: ४४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोमनाथ सिग्देल (वि.सं. १९४१-२०२९)को नेपालको वर्तमान संस्कृतशिक्षाको इतिहासमा ठूलो नाउँ छ। साँच्चि भन्ने हो भने नेपालमा संस्कृतशिक्षाबाट प्रतिष्ठितमध्ये धेरैजसो उनकै परम्पराका हुन्। त्यसैले उनी परलोक भएपछि उनका शिष्य नयराज पन्तले आफ्ना गुरुको प्रशंसात्मक होइन कि वास्तव चरित[१०] छपाउँदा एउटा हङ्गामा जस्तै भयो।

सोमनाथ सिग्देलको विषयमा नयराज पन्तले लेखेको कुराको विरोधमा **जसलाई हजुरका केही शिष्यहरू दोष भनी तर्कना गर्छन्, ती त मानवताका प्रतीक हुन् भन्ने कुरा चारौँ श्लोकमा लेखी त्यसको टिप्पणीमा चारौँ र पाँचौँ २ वटा पद्यमा भएको भाव श्रीनयराज पन्तले बनाएको १३ पद्यको पण्डितराजचरितमा प्रतिविम्बित चित्रको अलिकति मात्र भए पनि संशोधन होओस् भनी अभिव्यक्त छ**[११] भनी यदुनाथ खनालले लेखे।

यसरी हचुवा बोलीमा संशोधन गर्नू भनी लेखेको कुरामा चित्त नबुझाई, आफ्नो लेखमा संशोधन गर्न आफू तयार भएको, आफ्नो लेखमा कहाँ के के दोष परेको छ, ती दोष देखाइदिए बढिया हुन्थ्यो भनी नयराज पन्तले एउटा लामै लेख शास्त्रीय ढङ्गले लेखी प्रकाश गराए।[१२] **मैले नेपालको विद्यापरम्पराको इतिहासमा पण्डितराज सोमनाथ गुरुको विषयमा पूर्णिमा २८ पूर्णाङ्कमा लेखेको हुँ, स्तोत्रावली लेखेको होइन**[१३] भनेर पनि विदेशीलाई नेपालका प्राचीन ऐतिहासिक सामग्री सुम्पने केशरबहादुर खत्री क्षत्री[१४] (वि.सं. १९६४-२०५३)को वकालत गर्न पहिले आएका यदुनाथ खनाल[१५]लाई त्यही लेखमा नयराज पन्तले लेखेका छन्।

सोमनाथ सिग्देलको जमानामा आचार्यपरीक्षा पास गर्दा प्रथम श्रेणीमा उत्तीर्ण हुनेले **आचार्य** र द्वितीय श्रेणीमा पास हुनेले **उपाध्याय** उपाधि पाउने नियम थियो। यसैले सोमनाथ सिग्देल द्वितीय श्रेणीमा पास भएकाले नयराज पन्तले उनलाई **उपाध्याय**[१६]

१०. नयराज पन्त २०२९ ख।

११. यदुनाथ खनाल (विनामितिको)बाट मैले गरेको उल्था।

१२. नयराज पन्त २०३० क।

१३. ऐजन: १०८।

१४. ऐजन: ८९-९८।

१५. ऐजन: ९८-९९।

१६. ऐजन: २०५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनी लेखेकोमा चित्त नबुझाई उनका अन्धभक्तहरूले उनलाई **आचार्य** नै लेखिरहे ।[१७] त्यस्तै, माहिला गुरुज्यू हेमराज पण्डित (वि.सं. १९३५-२०१०)को आश्रयमा पहिलेदेखि बसेका सोमनाथले पछि राणाशासन गएपछि उनको आश्रय छोडे[१८] भनी लेखेको कुरामा पनि यदुनाथ खनालले विप्रतिपत्ति उठाए[१९] । त्यसको प्रतिवादमा नयराज पन्तको फेरि अर्को लेख आयो ।[२०]

भनाइको मतलब के हो भने नेपालमा आलोचनात्मक ढङ्गले कुनै विषयको वा कुनै मानिसबारे परिशीलन गर्ने पद्धति बसिसकेको छैन । एकाध मान्छेले त्यस्तो काम गरे पनि अपवादस्वरूप नै त्यो हो । यस कारण सोमनाथ सिग्देलको विषयमा यदुनाथ खनालका लेख नेपालमा परम्परादेखि चलेर आएका प्रशंसात्मक वा विद्वेषात्मक लेखका एउटा कडी मात्र हो । समालोचक भनी बहुप्रशंसित यदुनाथ खनालको समालोचनाको विसङ्गत पक्षबारे प्रकाश ए. राजको लेखको सम्झना पनि यसै प्रसङ्गमा हुन्छ ।[२१]

आइ.एस्सी. पास गरेपछि यदुनाथ खनालको इच्छा डाक्टरी पढ्ने थियो । तर शिक्षाविभागका तालुकवालाको पेचले गर्दा उनले डाक्टरी पढ्न पाएनन् [२२] अनि बाध्य भई उनले बी.एस्सी. पढ्न थाले । बी.एस्सी. गरेपछि एम्.एस्सी. नगरी उनी किन अङ्ग्रेजी साहित्यमा एम्.ए. गर्न पुगे भन्ने प्रश्न यहाँनिर उठ्छ । त्यसताका विज्ञानको पढाइमा भन्दा अङ्ग्रेजीको पढाइमा चाँदी थियो । विज्ञानका एक जना प्रोफेसर आफूले पढेको विषयबाट सन्तुष्ट नभई अङ्ग्रेजी साहित्य पढेको भए ट्युशन गर्न पाइन्थ्यो भनी कल्पने गर्थे भनी अङ्ग्रेजी साहित्यका एक जना प्रोफेसरले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।[२३] यसैले विज्ञानको पढाइबाट त्यति अर्थोत्पादन हुन नसक्ने भएकोले नै उनी अङ्ग्रेजी साहित्यतर्फ तानिएका हुन् । **काम खोज्ने सहज**

१७. रामचन्द्र पौडेल २०२९: ६२ ।
वद्रीनाथ अधिकारी र हरिनाथ ढुङ्गेल २०२९: ५ ।

१८. नयराज पन्त २०२९ ख: २१६-२२१ ।

१९. यदुनाथ खनाल २०३१: १०५-११० ।

२०. नयराज पन्त २०३१ क ।

२१. प्रकाश ए. राज २०५८: ३८-४० = ऐजन २०५८ क: ५७-६२ ।

२२. जयराज आचार्य २०५९: १४ ।

२३. दुर्गाप्रसाद भण्डारी २०६८: २ ।
ऐजन २०६९: २ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिले नै तिमी अन्त्यमा अङ्ग्रेजी साहित्यमा पुग्यौ भनी पछि पश्चिम बङ्गालका गभर्नर भएका, कलकत्ताविश्वविद्यालयका प्रोफेसर एच.सी. मुखर्जीले मलाई एकपल्ट जिस्क्याएका थिए[२४] भनी खुद यदुनाथ खनालले लेखेकोबाट पनि यो कुरा स्पष्ट हुन्छ ।

परराष्ट्रसचिव, भारत अमेरिका र चीनको लागि राजदूत, त्रिभुवनविश्वविद्यालय-सेवाआयोगको र लोकसेवा-आयोगको अध्यक्ष आदि पद यदुनाथ खनालले शासकको कृपाले नै पाएका हुन् । यो कुरा अरूले पनि नबुझेका होइनन्– नेपालको पृष्ठभूमिमा लामो समयसम्म पदमा रहिरहने व्यक्तिहरू मनग्गे छन् । प्रा. खनालजति विभिन्न ओहदामा लामो समयसम्म काम गर्ने अवसर पाइरहने र त्यसका साथै त्यति ठूलो प्रतिष्ठा लगातार आर्जन गर्न सक्ने व्यक्ति सायद अरू कमै छन् । पचास वर्षसम्म प्रशासन र कूटनीति गरी अरू एक दशकभन्दा बढी प्राध्यापन समेत गरी छ दशकमा उहाँले राणाशासकहरू, श्री ५ महाराजाधिराज, विभिन्न व्यवस्था र प्रकारका प्रधानमन्त्रीहरूको अटुट विश्वास, श्रद्धा र अनुग्रह पाए पनि मेरो मूल्याङ्कनमा कता हो कता उहाँ एक सधैँ असन्तुष्ट व्यक्तित्व हो कि भन्ने पाएको छु[२५] भनी परराष्ट्रविभागका १ जना अधिकृतले लेखेको कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ ।

म.वी.वि. शाह अर्थात् श्री ५ महेन्द्र (वि.सं. १९७७-२०२८, राज्यकाल वि.सं. २०११-२०२८)को *उसैको लागि* भन्ने काव्यको पक्षमा यदुनाथ खनालले जे लेखे, त्यो यदुनाथ खनालका प्रशंसकलाई सुद्धा नपचेको कुरा पूरा किताबमा खालि एउटा अर्थात् *उसैको लागि*को विषयमा लेखिएको निबन्ध मात्र विवादास्पदताको निकै नजीक छ[२६] र उसैको लागिको विषयमा प्रोफेसर खनालले लेखेको कुरा मलाई केही मात्रामा शङ्कास्पद लाग्छ[२७] भनी लेखेकोबाट स्पष्ट हुन्छ ।

---

२४. यदुनाथ खनाल २०५७ बाट कृष्णराज खनाल २०५८: १६७ मा उद्धृत वाक्यको मैले गरेको उल्था ।

२५. मदनकुमार भट्टराई २०६२: ७३ ।

२६. कमलप्रकाश मल्ल २०३६: १७६ बाट मैले गरेको उल्था ।

२७. ऐजन: १७७ बाट मैले गरेको उल्था ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

झण्डै चार दशक लामो मेरो कूटनीतिक र प्रशासनिक सेवाकालमा मेरो सानिध्यता* राजा श्री ५ वीरेन्द्रभन्दा श्री ५ महेन्द्रसँग बढी रहन गयो । श्री ५ महेन्द्रको 'नेटिभ इनटेलिजेन्स'बाट म साँच्चै प्रभावित छु । श्री ५ वीरेन्द्रसँग भने मौसुफ युवराजाधिराज छँदैको धेरै सानिध्यता*मात्रै हो । तैपनि मैले ३५-४० वर्षअघि नै 'आजका राजा'को 'इमेज'लाई मनमा राख्न पाएको हुँ । [...] सन् १९६४ (वि.सं. २०२२) तिरको कुरा हो । राजा श्री ५ वीरेन्द्र (तत्कालीन युवराजाधिराज) भारत, ग्वालियरका राजा माधवराव सिन्धियाको विवाहमा सवारी होइबक्सेको थियो । त्यसवेला म भारतका लागि राजदूत थिएँ । त्यही हैसियतमा सरकारसँग म पनि साथै गएको थिएँ । नैनिताल पुगेपछि युवराजाधिराजले आकस्मिक रूपमा मलाई सोधिबक्स्यो– 'यदुनाथ, म तिम्रो स्केच कोर्न चाहन्छु, अनुमति दिन्छौ ?' र, मैले पनि 'हुन्छ सरकार' भनी जवाफ दिएँ । सरकारले त एउटा खेस्रा कागजमा ५-७ मिनेटकै अन्तरमा मेरो मुखाकृति उतारिबक्स्यो । मलाई त्यसबेला रमाइलो पनि लाग्यो र सरकारको लुकेको कलाप्रतिभा मैले पहिलोपटक त्यहीं नै देख्न पाएको हुँ । त्यो स्केच पूरा भएपछि मैले सरकारसँग भनें– 'सरकार, यसमा हजुरको एउटा हस्ताक्षर पनि पाए हुन्थ्यो ।' मौसुफले तत्कालै हस्ताक्षर पनि दिइबक्स्यो[२८] भनी यदुनाथ खनालले भनेकोबाट मात्र पनि उनी श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रको कति नजीकमा पुगेका थिए भन्ने कुरा छर्लङ्ग हुन्छ ।

यी सबै कुराको मतलब के हो भने यदुनाथ खनालको लागि विद्या साध्य थिएन, त्यो त उनको जीविकाको साधन मात्र थियो, गद्दीमा बसेको मान्छेको अनुकूल भई, आफ्नो विद्याबलको उपयोग गरी शासकको विचारअनुसार काम गर्नु नै उनको लक्ष्य थियो ।

२८. देवेन्द्र भट्टराई २०५७: घ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नरहरिनाथ, अनि उनीसँग नयराज पन्त जोडिएको कथा

आज फागुन १५ गते। पर्सि फागुन १७ गते योगी नरहरिनाथ (वि.सं. १९७१-२०५९)को एक सयौँ जन्मदिन। अस्ति फागुन १३ गते तिथिको हिसाबले उनको बाह्रौँ मृत्युदिवस। १० वर्षको उमेरमा गोरखनाथी सम्प्रदायमा दीक्षित उनी पछि गएर नेपालको इतिहासको खोजी र राजनीति दुवैमा छाए। नेपालको इतिहासको खोजीमा उनको अवदान र उनका दौँतरी नयराज पन्त (वि.सं. १९७०-२०५९)सँग उनको सम्पर्कको विषयमा यिनै अवसर पारी केही लेखिन्छ।

नरहरिनाथले कहिलेदेखि रचना प्रकाश गर्न थाले भनी ठ्याक्क भन्न नसके पनि वि.सं. २००६ मै पत्रिकाप्रकाशनमा उनी अग्रेसर थिए। खुलाएर भन्दा सम्पादकमण्डलमा योगी नरहरिनाथ अध्यक्ष, संरक्षकमा मीर सुब्बा गोविन्दप्रसाद ढुङ्गाना र कविराज हरिप्रसाद खकुरेल (वि.सं. १९४९-२०३०), सम्पादकमा बुद्धिसागर पराजुली (वि.सं. १९७०-२०४९) र शेषराज रेग्मी (वि.सं. १९६८-२०४५) तथा मन्त्रीमा पूर्णप्रसाद ब्राह्मण (वि.सं. १९७९-२०४६) र ऋषभदेव शर्मा (वि.सं. १९७०-२०४७) भई वि.सं. २००६ पूसमा *पुरुषार्थ* मासिकको प्रकाशन शुरू भएको थियो। यी ७ जनामध्ये अघिल्ला ३ जना राणाशासनसँग गाँसिएका बडादमी थिए। नरहरिनाथको सम्बन्ध कम्यान्डर-इन-चीफ बबरशमशेर (वि.सं. १९४४-२०१७)सँग गाँसिएको थियो भन्ने सुनिन्छ। यी मीर सुब्बा गोविन्दप्रसाद ढुङ्गाना श्री ३ चन्द्रकी कान्छी बडामहारानीतर्फका हजुरिया रुद्रप्रसाद ढुङ्गानाका छोरा हुन्। काशीनाथ आचार्य दीक्षित (वि.सं. १९१८-१९९४)को र रुद्रप्रसाद ढुङ्गाना र उनका छोरा गोविन्दप्रसाद ढुङ्गानाको श्री ३ चन्द्रको दरबारमा अधिकारको विषयमा प्रतिस्पर्धा थियो भन्ने कुरा काशीनाथ आचार्य दीक्षितको आत्मकथाबाट थाहा हुन्छ।[१] उता हरिप्रसाद खकुरेल त श्री ३ जुद्ध (वि.सं. १९३२-२००९, शासनकाल वि.सं. १९८९-२००२)को पालादेखि शासकका प्रियपात्र भई धनमान जोड्न सफल पुरुष भइहाले।

पुरुषार्थ खास गरी सनातन धर्मको प्रख्यापनको लागि निकालिएको थियो। त्यसैले त्यसमा केही अपवाद छोडेर त्यस्तै खालका लेख छापिन्थे। अपवादात्मक लेख

---

१. काशीनाथ आचार्य दीक्षित २०३१: २३४-२३५, २४२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्नेमा खास गरी बाबुराम आचार्य (वि.सं. १९४४-२०२९) र नयराज पन्त थिए। राणाशासन अस्ताएपछि *पुरुषार्थ* पनि बिस्तारै ओरालो लाग्दै गई जेनतेन वि.सं. २०१० भाद्रसम्म चलेको थाहा छ।

खास गरी नरहरिनाथको प्रयासमा निक्लेको *पुरुषार्थ*[२]मा नयराज पन्तका १८ वटा लेख छापिए। मुख्यतः सनातन धर्मको प्रख्यापनको लागि निकालिएको त्यस पत्रिकामा त्यस धर्मको प्रख्यापनमा एक शब्द पनि नपरेका, नयराज पन्तका, त्यति विदि लेख किन छापिए भन्ने प्रश्न यहाँनिर उठ्न सक्छ। नयराज पन्त ऐहलौकिक र नरहरिनाथ आध्यात्मिक भए पनि दुवै जना संस्कृतविद्याका पक्षपाती भएकाले उनीहरू दुवैको मिलनबिन्दु संस्कृत थियो। यसैले सनातन धर्मको प्रख्यापन गर्न छापिने *पुरुषार्थ*मा नयराज पन्तका, त्यस विषयको गन्ध पनि नभएका लेख छापिन सम्भव भयो जस्तो मलाई लाग्छ।

नरहरिनाथसँग नयराज पन्त जोडिएको अर्को एउटा कुरा पनि यहाँ लेखिहालूँ। सरकारिया पढाइको दाँजोमा नयराज पन्तको पाठशालाको पढाइबाट संस्कृतमा कम समयमा राम्रो अधिकार भएको अनुभव गरेर नरहरिनाथ अध्यक्ष भएको ब्रह्मचर्याश्रममा पनि यही पद्धतिअनुसार पढाउने सल्लाह भयो। अनि उनका २ जना चेला भोलानाथ पौडेल (वि.सं. १९७८-२०६६) र ज्ञानमणि नेपाल (वि.सं. १९८९ मा जन्म) वि.सं. २००६ को फागुनको मासान्तदेखि त्यहाँ पढाउन गए। *पुरुषार्थ*का संरक्षक हरिप्रसाद खकुरेल ब्रह्मचर्याश्रमका पनि संरक्षक थिए। अध्यक्ष र संरक्षक दुवै राणाशासनसँग सम्बन्ध गाँसिएका बडादमी भएकाले विद्यार्थीहरूलाई राणाशासनको समर्थनमा प्रयोग गर्न खोज्दा त्यति प्रभाव नफैलिसकेका, शासन र राजनीतिबाट पूरै अलग्गिएर सर्वतोभावले विद्यामा लागेका, सामान्य अध्यापक नयराज पन्तका चेलाको रूपमा ब्रह्मचर्याश्रममा पढाउन गएका भोलानाथहरूबाट भएको विरोध अध्यक्ष र संरक्षकहरूलाई सह्य भएन र २ पक्षमा सङ्घर्ष चर्किंदै गयो। त्यसपछि ब्रह्मचर्याश्रमका अधिकारीहरूकै विरोधमा गई त्यहाँ बसिरहनु राम्रो नभएकोले १४ महीनापछि भोलानाथहरू त्यहाँबाट बाहिरिए। यसरी राणाशासन ढल्नुभन्दा वर्ष दिनअगाडि ब्रह्मचर्याश्रममा भित्रिएका भोलानाथहरू राणाशासन ढलेको ३ महीनापछि त्यहाँबाट निस्कनुपऱ्यो।

---

२. नरहरिनाथसँग आफ्नो सम्पर्कको विषयमा लेख्दा नयराज पन्त (२०५४: ३२५)ले *पुरुषार्थ* पत्रिकाको कुरा नउठाएकाले त्यस पत्रिकामा उनका लेख नरहरिनाथमार्फत् छापिएका होइनन् कि जस्तो लाग्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रिमण्डल सरहको परामर्शदातृमण्डलमा शिक्षासम्बन्धी तालुकवाला जनरल शारदाशमशेर ज.ब.रा., नायब बडागुरुज्यू विद्वच्छिरोमणि हेमराज पण्डित (वि.सं. १९३५-२०१०), ऐतिहासिकशिरोमणि बाबुराम आचार्य, संस्कृतमहाविद्यालयका प्रधानाध्यापक र उपप्रधानाध्यापक, संस्कृतशिक्षाका डाइरेक्टर, वीरपुस्तकालयका अध्यक्ष तथा संस्कृतशिक्षाका अरू १३ जना विद्वान्लाई भेला गराई आफूसमेत २१ जनाको सभा बसाएर वि.सं. २०१० वैशाख २६ गते नरहरिनाथले *संस्कृत-सन्देश* भन्ने नाउँले संस्कृतमा मासिक पत्रिका चलाउने निर्णय गरे ।[३] तदनुसार त्यही महीनादेखि *संस्कृत-सन्देश* छापियो । सभासमितिमा बसी काम गर्दा राम्रो प्रतिफल नआएको अनुभव गरेका नयराज पन्त त्यस सभामा त थिएनन्, तर त्यसको पहिलो अङ्कदेखि नै उनका लेख त्यहाँ छापिन थालेकाले नरहरिनाथसँग उनी तेस्रोपटक जोडिन पुगे । तेस्रो अङ्कदेखि त उनको मात्र होइन, उनका चेलाहरूको पनि लेख त्यहाँ छापिन थाल्यो । ५ अङ्कदेखि त नयराज पन्तका र चेलाहरूका लेखले त्यसका पृष्ठ झन् झन् ओगटिँदै गए । पछि पछि त उनका चेलाका पनि चेलाका लेख त्यहाँ छापिन थाले । *संस्कृत-सन्देश*को सम्पादकमा पहिलो वर्ष नरहरिनाथ र बुद्धिसागर पराजुली थिए त दोस्रो वर्षमा अरू ३ जना थपिए । थपिनेमा प्राचीन लिपि जान्ने, वीरपुस्तकालयका पण्डित रत्नबहादुर वज्राचार्य (वि.सं. १९५०-२०३२) र नयराज पन्तका २ अग्रगण्य शिष्य धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१) र ज्ञानमणि नेपाल थिए ।

पुरुषार्थ र *संस्कृत-सन्देश* यी दुवै पत्रिका खास गरी नरहरिनाथकै परिकल्पनामा चलाइएका भए पनि ती २ पत्रिकाको उद्देश्यमा भेद थियो । दुवै पत्रिकामा संस्कृतज्ञहरू नै लागिपरेका भए पनि पुरुषार्थ खास गरी सनातन धर्मको प्रख्यापनको लागि निकालिएको थियो त *संस्कृत-सन्देश*चाहिँ संस्कृतमा लेखिएका, नेपालमा पाइने, दुर्लभ, पुराना लेखोट पुस्तक चिनाउन र नेपालको इतिहासका आकर प्रस्तुत गर्न प्रकाश गरिएको थियो । कुनै आकर नेवारी वा नेपालीमा भए मूल जस्ताकोतस्तै दिई त्यसको संस्कृतमा उल्था गरी त्योसमेत त्यहाँ छापिने गरिन्थ्यो ।

*संस्कृत-सन्देश*को पहिलो वर्षका ९ अङ्क राम्ररी चलेपछि त्यसपछिको अङ्कलाई संयुक्ताङ्क बनाई १०-१२ अङ्क छापियो । त्यसपछि दोस्रो वर्षमा त्यसका २ अङ्क छापिए, तिनमा अघिल्लो १-३ अङ्कको र पछिल्लो ४-६ अङ्कको संयुक्ताङ्क छापी जेनतेन डेढ वर्ष कटाइयो ।

---

३. *संस्कृत-सन्देश* १ वर्ष १ अङ्क ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*संस्कृत-सन्देश*मा नयराज पन्त एकलैका जम्माजम्मी १६ वटा लेख, बाबुराम आचार्य र उनको नाउँमा चाहिँ ११ वटा लेख र उनका शिष्यप्रशिष्यका नाउँमा ४५ वटा लेख छापिएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।

संस्कृत-सन्देश चलुञ्जेलसम्म नयराज पन्त र नरहरिनाथको सम्बन्ध एक प्रकारले राम्रो थियो । राजनीतिको गहिरो परिशीलन गर्ने बानी भए पनि राजनीतिमा लाग्ने मनसुवा नयराज पन्तको थिएन, उता नरहरिनाथ राजनीतिमा क्रमशः आकृष्ट हुँदै गएका थिए । **अस्माभिः संस्कृतज्ञैः शिक्षामन्त्रिभिर्भवितव्यम्** अर्थात् **संस्कृत पढेका हामीहरू शिक्षामन्त्री हुनुपर्छ** भनी उनले भन्दा नयराज पन्त नसुने जस्तो गरी बस्थे । राजनीतितर्फ नरहरिनाथ तानिँदै जाँदा वि.सं. २०१२ मा उनी कर्मवीरमहामण्डल खोली साप्ताहिक *कर्मवीर* चलाउन पुगे ।

*पुरुषार्थ*बाट अभीष्टसिद्धि नहुने जस्तो भएपछि नरहरिनाथले *संस्कृत-सन्देश* पनि निकाल्न थाले । त्यसबाट पनि आफूले चिताएको नपुगेर त्यसलाई अकाण्डमै छोडी *इतिहास-प्रकाश*को प्रकाशनको लागि आफूसमेत १९ जना भएको इतिहास-प्रकाश-मण्डलको स्थापना उनले बाबुराम आचार्यको अध्यक्षतामा गरे । त्यस मण्डलमा अङ्ग्रेजीबाज र पुराना भाइभारादार नै खास गरी थिए ।[४] वि.सं. २०१२ वैशाख १ गतेको मिति हाली *इतिहास-प्रकाश*को पहिलो अङ्क छापियो । नेपाली भाषामा छापिएको त्यो पत्रिका *पुरुषार्थ* र *संस्कृत-सन्देश* जस्तो नियतकालिक थिएन । दोस्रो अङ्क ३ भागमा गरी वि.सं. २०१३ मा छापिए । *इतिहास-प्रकाश* छापिन शुरू गर्ने वेलामा नरहरिनाथसँग नयराज पन्तको सम्बन्ध पातलिसकेको थियो तापनि त्यसको पहिलो अङ्कमा नयराज पन्तको मात्र एउटा लेख छापियो[५], उनका शिष्यप्रशिष्यका परेनन् । उनका एक जना शिष्य शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६) प्राचीन लिपि र चित्रकला दुवैमा कुशल भएकाले नरहरिनाथले *इतिहास-प्रकाश*को मुखपृष्ठमा छाप्न लिच्छविकालमा चलेको गुप्तलिपिमा **श्रीः इतिहास प्रकाश** लेख्न उनलाई अह्राउँदा उनले निःशुल्क लेखिदिए । शङ्करमान राजवंशीले यो लेखिदिएको हो भनी *इतिहास-प्रकाश*को त्यस अङ्कमा छापिनुपर्छ भनी नयराज पन्तले वारंवार नरहरिनाथलाई भन्दा बडो गाह्रो मानेर उनले शङ्करमानको नाउँ राखिदिएका थिए ।

---

४. *इतिहास-प्रकाश* १ अङ्कको जिल्दको बायाँ पृष्ठ ।

५. नयराज पन्त २०१२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषार्थ र *संस्कृत-सन्देश*मा जस्तै *इतिहास-प्रकाश*मा पनि नरहरिनाथकै हालीमुहाली भए पनि अघिल्ला २ पत्रिकामा जस्तो *इतिहास-प्रकाश*को प्रस्तुति सङ्घट्टित थिएन। यसो हुनुमा *पुरुषार्थ*मा नरहरिनाथ संरक्षक, *संस्कृत-सन्देश*मा उनी सम्पादकमध्ये एक र *इतिहास-प्रकाश*मा चाहिँ उनी मात्र सम्पादक भएकाले र अघिल्ला २ पत्रिकाको दाँजोमा पछिल्लो बृहत्काय भएकोले सह्याल्न नसक्दा प्रस्तुति राम्रो नभएको हो जस्तो मलाई लाग्छ। कति लेखमा त यो कसले प्रस्तुत गरेको हो भनी बुझ्न पनि गाह्रो छ। पहिलो अङ्कमा त जसोतसो सूचीपत्र भए पनि त्यो निकै अपूरो छ र मुख्य मुख्य केही शीर्षक नै छुटेका छन्। दोस्रो अङ्कमा त सूचीपत्रसम्म पनि छैन। यसो हुँदा हुँदै पनि *इतिहास-प्रकाश* पश्चिम नेपालको खससाम्राज्यको इतिहासको लागि अपरिहार्य बन्न गएको छ। यसभन्दा अगाडि त खससाम्राज्यको एउटा मात्र अभिलेख प्रकाशमा आएको थियो।[६]

२ अङ्क निस्केपछि *इतिहास-प्रकाश* पनि बन्द भयो। त्यसपछि केही वर्ष नरहरिनाथले यस्तो पत्रिका चलाएनन्। वि.सं. २०१६ को विजयादशमीदेखि उनको उद्योगमा त्रैमासिक *हिमवत्संस्कृति*को शुरूवात भयो। ५ जनाको सम्पादकमण्डलमा उनी आफू, *संस्कृत-सन्देश*को सम्पादक भइसकेका बुद्धिसागर पराजुली, चूडानाथ भट्टराय (वि.सं. १९७५-२०५३), भीमनिधि तिवारी (वि.सं. १९६८-२०३०) र केशव 'दीपक' थिए। पत्रिकाको परिकल्पना आफैँले गरेको भए पनि उनले विनयवश आफ्नो नाउँ सबभन्दा पछाडि राखी *हिमवत्संस्कृति* निकाले। त्यसका ३ अङ्क छापिई त्यो पनि बन्द भयो।

मेरो दृष्टिमा *हिमवत्संस्कृति*को मुख्य अवदान चौधौँ शताब्दीको, पछि *गोपालवंशावली* भनी कहलिएको इतिवृत्तको प्रकाशन थियो।[७] सेसिल बेन्डल (वि.सं. १९१३-१९६२)ले वीरपुस्तकालयमा वि.सं. १९५५ मा त्यो देखी त्यसको उपादेयता बुझेर पनि लिपि र भाषा आदिको कारणले गर्दा समग्र रूपमा प्रकाश गर्ने आँट गरेनन्। उनीपछिका ऐतिहासिकहरूका पुस्तनूपुस्ताले पनि तिनै कारणले त्यो इतिवृत्त त्यसै छोडिराखेका थिए। भिन्नाभिन्नै इतिवृत्तको सँगालो भएको, *गोपालवंशावली*को १ भाग संस्कृतमा भए पनि व्याकरणले नबाँधिई अशुद्ध संस्कृतमा लेखिएको त्यो खण्ड त्यति सुबोध छैन। त्यसमाथि, तात्कालिक नेवारीमा लेखिएको खण्ड त पूरैजसो दुर्बोध

---

६. बाबुराम आचार्य र नयराज पन्त २०११ कः ५३-५५।

७. नरहरिनाथ २०१६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ । प्राचीन नेवारी लिपिको भेद भुजिमोलमा लेखिएको त्यो इतिवृत्त देवनागरीमा उतारी त्यसको संस्कृतखण्डको उल्था यथाकथञ्चित् नरहरिनाथले गरे । तर तात्कालिक नेवारीमा लेखिएको खण्ड अहिलेको चलनचल्तीको नेवारीभन्दा निकै फरक भएकोले उनले त्यसको अर्थ गर्न सकेनन् र **तात्कालिक भातगाउँले भाषाको अनुवाद गर्नेले त्यो पनि गरुन्**[८] भनी छोडिदिए ।

त्यसताका नयराज पन्तका शिष्य रामजी तेवारी (वि.सं. १९७३-२०४०), देवीप्रसाद भण्डारी (वि.सं. १९७६-२०५६), भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्य त्यस इतिवृत्तको, ऐनामा तसवीर खिँची केसरपुस्तकालयमा राखिएको प्रतिबाट त्यसको पाठनिर्णय गर्ने र त्यही निर्णीत पाठको आधारमा उल्था गर्ने काममा लागेका थिए ।[९] ती ५ जनामध्ये २ जना नेवार भएकाले त्यसको नेवारी खण्डको भाव केही बुझ्न उनीहरूलाई सजिलो भएको थियो । संस्कृतको प्रसिद्ध कोष *अमरकोष*मा भएका शब्दको नेवारी पर्याय दिई त्यही इतिवृत्त लेखिएताका तयार भएको पुस्तकको आधारमा त्यसको अर्थ गर्न तिनीहरू लागे । यसले गर्दा अर्थ गर्ने काममा तिनीहरू केही अगाडि बढे । आफूले *गोपालवंशावली* छाप्ने भएपछि त्यो उल्था हात पार्न नयराज पन्तकहाँ नरहरिनाथ आए । नयराज पन्तले थालेको इतिहास-संशोधनको कामबाट विद्वान्को हैसियतले प्रतिष्ठा कमाएकाहरूको ज्ञानको घेरा छर्लङ्ग भएकोले प्रतिष्ठित धेरै मानिसलाई आफ्नो प्रतिष्ठा र पेशामा हान्ने सम्भावनाको अनुभव हुन थाल्यो र उनीहरूले यसको विरोधमा प्रचार गर्न थाले । यस्तो कामको महत्त्व बुझ्नेहरू नै स्वार्थवश यसको विरोधी हुँदा र धेरैजसो मानिस आफैँ परीक्षा गरी हेर्न नसक्ने हुँदा लोकमा यस कामको नराम्रो प्रभाव पर्न गयो । यसैले नयराज पन्तले आफ्नो सम्पर्कमा आएकाहरूसँग आफ्नो कामको विषयमा लिखित रूपमा राय माग्न थाले । नरहरिनाथ आउँदा पनि आफ्नो कामको परख गरिदिने कुरा गर्दा उनले लेखेर दिएको राय त्यति स्पष्ट नभएकोले *गोपालवंशावली*को नेवारी उल्था छाप्ने काममा नयराज पन्तबाट उनले सहयोग पाएनन् । यसैले **तात्कालिक भातगाउँले भाषाको अनुवाद गर्नेले त्यो पनि गरुन्** भनी उनले लेखेका हुन् ।

नरहरिनाथले वि.सं. २०२२ मा *इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह* नाउँले महाकाय ग्रन्थ छापे । हाम्रो यतातिरको इतिहासको ज्ञान भएकालाई यसको शीर्षक मात्र हेर्दा यो पुस्तक

८. ऐजन: ३२ ।

९. महेशराज पन्त २०४४: २-३ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमा अङ्ग्रेजी शासन हुँदा धेरै भागमा छापिएको *अ कलेक्शन् अफ् ट्रीटिज्, इन्गेज्मेन्ट्स् यान्ड् सनद्ज्* जस्तो होला भन्ने लाग्न सक्छ। उठानका केही पृष्ठ त त्यस्तो पनि छ। सन्धिपत्र जति छापिसकेपछि ठूलो आकारमा ८०० पृष्ठ ओगटेको, *सन्धिपत्रसंग्रह* भनी नाउँ राखिएको त्यस पुस्तकमा वि.सं. २०२१ सम्म छापिएका यावत् त नभनूँ, धेरैजसो आकर गाभिएका छन्। खुलाएर भन्दा *संस्कृत-सन्देश, इतिहास-प्रकाश, पूर्णिमा, हिमवत्संस्कृति* आदिमा छापिएका अभिलेख यहाँ पाइन्छन्। अर्को कुरा, *इतिहास-प्रकाश*को सम्पादनमा देखिएको कमी कमजोरी यसमा अझ उजागर भएको छ।

प्रपन्नाचार्यको अग्रेसरतामा नरहरिनाथको अभिनन्दनग्रन्थ निकालिने भएपछि नयराज पन्तसँग पनि लेख मागिँदा उनले *योगी नरहरिनाथजीसँग मेरो सम्पर्क* भन्ने लेख दिए।[१०] त्यो लेख निकै छोटो भए पनि त्यसमा नयराज पन्तले बुँदा बुँदा दिई नरहरिनाथसँग आफ्नो सम्बन्धको विषयमा लेखेका छन्। वि.सं. २०११ ताका नरहरिनाथ राजनीतिमा लागिसकेका थिए। त्यही साल एउटा भेटमा **भवान् महनीयो विद्वान् वर्तते, राजनीतेः सम्पर्को भवतो विद्याभ्यासे काञ्चिद् बाधामुत्पादयेत्** अर्थात् तपाईं **ठूला विद्वान् हुनुहुन्छ, राजनीतिको सम्पर्कले तपाईंको विद्याभ्यासमा कुनै बाधा पुऱ्याउला** भनी नरहरिनाथलाई नयराज पन्तले भन्दा **भवानपि दरिद्रः, अहमपि दरिद्रः, द्रव्यं नास्ति, द्रव्यं विना कार्य न चलति, किं कर्तव्यम्** अर्थात् तपाईं **पनि दरिद्र, म पनि दरिद्र, पैसा छैन, पैसा नभई काम चल्दैन, के गर्ने** भनी उनले जवाफ दिए भनी त्यस लेखमा लेखिएको छ।[११] वि.सं. २००७ पछिको नेपालको इतिहासमा खोजी गर्ने मानिसले नरहरिनाथले बोलेको यस वाक्यको पनि उपयोग गरी उनको यथोचित विश्लेषण गरे राम्रो होला भन्ने मलाई लाग्छ। **यसपछि बिस्तारै योगीजीसँग मेरो सम्पर्क घट्दै गयो** भनी नयराज पन्तको त्यस लेखमा लेखिएकोले वि.सं. २०११ पछि सम्बन्ध पातलिँदै गएको देखिन्छ।

नेपालका धनाढ्यमा किंवा नवधनाढ्यमा आफ्नो आम्दानीको थोरै अंश अक्षता छरे जस्तो गरी दान गर्ने प्रवृत्ति झन् झन् बढ्दै गएको छ। यो प्रवृत्ति ठीक हो कि होइन भन्ने कुरा अहिले नलेखिहालूँ। दिवङ्गत पति बलराम जोशी (वि.सं. १९८७-२०५०)को सम्झनामा अङ्गूरबाबा जोशी (वि.सं. १९८९ मा जन्म)ले वार्षिक पुरस्कार राखेकी

१०. नयराज पन्त २०५४: ३२५।

११. ऐजन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छिन् । त्यो पुरस्कार वि.सं. २०५७ को लागि योगी नरहरिनाथलाई दिइने भएछ । नयराज पन्तको हातबाट बाहेक अरूको हातबाट पुरस्कार म थाप्दिनँ भनी नरहरिनाथले भनेकाले नयराज पन्तको हातबाट उनलाई त्यो पुरस्कार दिइने भयो । रोगावस्थामा रहेका नयराज पन्त बाहिर जान नसक्ने भएकाले उनकै घरमा वि.सं. २०५७ कार्तिक ९ गते नरहरिनाथलाई सो पुरस्कार दिइयो ।[१२] त्यस वेला नयराज पन्तले नरहरिनाथको र अङ्गूरबाबा जोशीको गुणानुवाद गरी बोलेको वक्तव्य प्रकाशित छ ।[१३] यो नै नयराज पन्त र नरहरिनाथको सम्पर्कको अन्तिम कडी हो भन्ने मैले ठानेको छु ।

यतिसम्मका कुराबाट नेपालको इतिहासको खोजीमा नरहरिनाथको अवदान र नयराज पन्तसँग उनको सम्बन्ध स्पष्ट भएको छ जस्तो मलाई लाग्छ ।

---

१२. अंगूरबाबा जोशी २०६९: ९ ।

१३. नयराज पन्त २०६२: ९६-९८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाबुराम आचार्य, अनि उनीसँग नयराज पन्त जोडिएको कथा

गएको फागुन २९ गते बाबुराम आचार्य (वि.सं. १९४४-२०२९)को एक सय सत्ताइसौँ जन्मदिन। नेपालको इतिहासको प्रामाणिक उपकरणको परिशीलन गर्ने कामको शुरूवात नेपालीहरूमध्ये उनीबाटै भएकोले आज उनलाई सम्झनु प्रासङ्गिक नै होला।

४।५ महीनाअगाडिको कुरा होला, यसपालि बाबुराम आचार्यको जन्मदिन धूमधामसँग मनाउने कुरा प्रचारमा आयो। पोहोर पनि २ थरीले उनको जन्मदिन भिन्नाभिन्नै तवरले मनाएको कुरा अखबारमा पढिएको थियो। यसपालि उनको जन्मदिन नेपाल प्रज्ञा-प्रतिष्ठानले र त्रिभुवनविश्वविद्यालयको इतिहासविभागले मिलेर मनाउने र त्यस अवसरमा पत्रपत्रिकामा छरिएर रहेका, उनका लेखको सङ्ग्रह छाप्ने निर्णय भएछ। अभिलेखसँग सम्बद्ध, उनका लेख जतिको सम्पादन र ती लेखको परीक्षा गर्ने अभिभारा मलाई दिन भनी त्रिभुवनविश्वविद्यालयको इतिहासविभागका अध्यक्ष गएको कार्तिक १४ गते मकहाँ आए। यी दुवै संस्थासँग मिलेर अहिलेसम्म मैले काम नगरेकोले र काम पूरा गर्न समय पनि अत्यन्त कम भएकोले त्यो अभिभारा लिन निकै गह्रुँगाएँ। तर निकै जोड लगाइएकोले र बाबुराम आचार्यमा आफ्नो श्रद्धा पनि भएकोले काम गर्न आखिरमा म मञ्जूर भएँ। तदनुसार त्यस विषयमा केही चिन्तनमनन गर्न पनि थालेँ। तर त्यसपछि यस विषयमा सोधपूछ केही नभएकोले त्यो काम रोकिए जस्तो मलाई लाग्यो।

बाबुराम आचार्यका इतिहाससम्बन्धी केही लेख *पुरुषार्थ*मा र *संस्कृत-सन्देश*मा छापिएका छन्। तिनैबाट उनमा भएको इतिहासज्ञानको विषयमा सबभन्दा पहिले मैले थाहा पाएको हुँ। संशोधन-मण्डलको पाठशालामा बाबुराम आचार्यको निकै आवतजावत हुन थालेपछि उनलाई सशरीर पनि मैले देखेँ। उमेर बढ्दै गएपछि राणाकालमै छापिएका, उनका *तुलनात्मक सुन्दरकाण्ड, पुराना कवि र कविता* तथा *शारदा* र *प्रगति* आदि पत्रपत्रिकामा छापिएका अरू लेख पनि पढेँ। संशोधन-मण्डलसँग रहेका, बाबुराम आचार्यका अप्रकाशित लेख उनी परलोक भएपछि *पूर्णिमा* पत्रिकामा प्रकाशित गरिँदै गइयो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन कुराको आधुनिक ढङ्गले खोजी गर्ने कामको शुरूवात नेपालमा हेमराज पण्डित (वि.सं. १९३५-२०१०) ले गरेका हुन् । त्यसपछि बाबुराम आचार्य यतापट्टि लागेका हुन् । यस्तो कामको लागि चाहिने शिक्षापद्धतिको शुरूवातचाहिँ नयराज पन्त (वि.सं. १९७०-२०५९)बाट भएको हो । त्यसको लागि उनले पाठशाला नै खोली विद्यार्थीहरूलाई पढाउन थाले ।

नयराज पन्तको उदय हुनुभन्दा अगाडि नेपालीहरूले प्राचीन लिपिमा लेखिएका अभिलेख पढ्ने उद्योग त्यति गरेका थिएनन् । हुनत वज्राचार्यहरूमा प्राचीन लिपिको सामान्य ज्ञान जीवित भएकोले अड्डाअदालतमा मुद्दामामिला पर्दा मुद्दा छिन्नको लागि र वीरपुस्तकालयको सङ्ग्रहको लागि त्यहाँका गुभाजू पण्डित कुलमान वज्राचार्य र उनीपछि उनका चेला सिद्धिहर्ष वज्राचार्य (वि.सं. १९३८-२००९) प्राचीन अभिलेखको छापा लिने, पढ्ने र उल्था गर्ने काम गर्थे तथा विदेशी संस्कृतज्ञ यहाँ आउँदा विदेशी विद्वान्‌हरूलाई पनि तिनीहरू केही मदत गर्थे । तर ती गुभाजू पण्डितहरूमा संस्कृतको ज्ञान त्यति माथिल्लो तहको नभएको र शास्त्रीय ज्ञान पनि नभएकोले तिनीहरूबाट त्यति राम्रो ढङ्गबाट काम सम्पन्न हुन सकेको थिएन भन्ने कुरा उनीहरूले पढेका अभिलेखका पाठ र तिनका उल्थाबाट प्रकट हुन्छ ।[1]

सम्पादक-प्रकाशकको र लेखक-कविहरूको तर्फबाट राणाको जयजयकार गरिएका लेख पनि छापिने गरेको *शारदा*को वि.सं. २००७ साउनको अङ्कसम्म पनि **श्री ३ महाराजको छत्र-छाँया*मा नेपालका भावना र विचारको उडान यति पर गैसकेको छ कि आज हामीले नारीअंक*सम्म निकाल्न पाएका छौं** भन्ने लेखी श्री ३ मोहन (वि.सं. १९४२-२०२३, शासनकाल वि.सं. २००५-२००७)मा **श्रद्धा र कृतज्ञताको पुष्प-वर्षा** भनी लेखिएको छ । राणाशासन ढल्न ढल्न लाग्दा वि.सं. २००७ माघको अङ्कमा भने **नेपालमा १०४ वर्षको एकतंत्री* राणाशाहीले आफ्नो अन्तको सास फेरिरहेछ, राणाहरूको कालो मनसाय र अमानुषिकता** भनी राणाशासनको बदख्वाइँ गरिएको छ । जुल्फी पालेका, पाश्चात्त्य वेषभूषामा सजिएका श्री ५ त्रिभुवन (वि.सं. १९६३-२०११, राज्यकाल वि.सं. १९६८-२०११)को तस्वीर हाली माथि **लोकराज जिन्दाबाद** र तल **श्री ५ त्रिभुवन जिन्दाबाद** भनी वि.सं. २००७ फागुनको अङ्कको मुखपृष्ठमा लेखिएको छ । **हामी सारा जनता एकै स्वरमा नेपालको क्रान्तिलाई**

१. महेशराज पन्त २०६२: १-१७ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वागत गर्छौं हामी आउन लागेको प्रजातन्त्रलाई स्वागत गर्छौं साथै यस आन्दोलनलाई सहयोग दिने श्री ५ त्रिभुवनलाई स्वागत गर्छौं भनी त्यहीँ भित्री पृष्ठमा लेखिएको छ। यसले गर्दा *शारदा* पनि कमसेकम प्रशंसा र निन्दाको हकमा *गोरखापत्र*कै कोटिको रहेछ भन्ने मलाई लाग्यो। *गोरखापत्र* त सरकारी अखबार भएकोले सरकारको नीतिअनुसार चल्न ऊ बाध्य छ, छापाखाना चलाई बेपार गर्ने ऋद्धिबहादुर मल्ल (वि.सं. १९५५-२०२५) र उनका छोराहरूले साहित्यिक पत्रिका *शारदा*को नाउँमा यस्तो मौकापरस्ती गरेको देख्दा मलाई नराम्रो लाग्यो। प्रसिद्ध कश्मीरी ऐतिहासिक कल्हणको शैलीमा राग र द्वेषलाई बाहिरपाये लगाई[२] बाबुराम आचार्यले लेखेका इतिहाससम्बन्धी लेख त्यस्तो *शारदा*का राणाशासनमा र त्यसपछि छापिएका अङ्कमा अपवादस्वरूप छापिन्थे।

शासकको प्रशंसामा लिप्त किंवा मशगूल भई लेखक-कविहरूले कलम चलाइरहेको अवस्थामा बाबुराम आचार्य र नयराज पन्त मात्र यस परम्पराका स्पष्ट अपवादको रूपमा देखिएका छन्। न राणाशासनमा छापिएका बाबुराम आचार्यका ग्रन्थमा राणाको स्तुति छ, न त पछि छापिएका उनका कृतिमा शासकको प्रशंसा छ।[३] श्री ५ महेन्द्र (वि.सं. १९७७-२०२८, राज्यकाल वि.सं. २०११-२०२८)को पालामा दरबारको वृत्तिबाट लेखिई त्यहीँकै खर्चबाट छापिएको, उनको *नेपालको संक्षिप्त वृत्तान्त* र त्यसै गरी दरबारकै वृत्तिबाट लेखिई श्री ५ महाराजाधिराजको संवादसचिवालयबाट छापिएको, उनको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी* उनले राजालाई होइन कि **समर्पण नेपालीप्रति त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये** भनी जनतालाई गरेका छन्। त्यस्तै कामले गर्दा उनी न राणाशासकका न त्यसपछिका शासकका

---

२. **श्लाघ्यः स एव गुणवान् रागद्वेषबहिष्कृता।**
भूतार्थकथने यस्य स्थेयस्येव सरस्वती॥

(*राजतरङ्गिणी* १।७)

(तिनै गुणी सह्रनी गर्न लायक हुन्छन्, बितेको कुरा भन्नमा जसको बोलीले न्यायाधीशको जस्तो राग र द्वेषलाई बाहिरपाये लगाउँछ।)

३. लेखको शीर्षकअनुसार र बिब्लियोग्राफर (साकेत विहारी ठाकुर २०२९: १२१) अनुसार बाबुराम आचार्य २०२१ कमा श्री ५ महेन्द्रको प्रशंसा परेको छ। यो लेख मैले हेर्न पाएको छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रियपात्र हुन सके । नयराज पन्तले उनको विषयमा लेखेको तलको पद्यको सम्झना यस प्रसङ्गमा अनायास हुन्छ–

थिएन तिम्रो मन चाटुकारको, थिएन बोली पनि चाटुकारको ।
अत्यन्त नै उच्च विचार यो थियो, परन्तु यो दुर्गुण नै यहाँ भयो ।।[४]

बाबुराम आचार्यका लेखमा विषयको प्रस्तुतीकरण बडो रसिलो ढङ्गको हुन्छ । खोजी नभएको, अस्पष्ट विषयलाई त्यति जोड नदिई उनले लेख्ने गरेकाले उनका लेख पढ्दा नेपालको इतिहास अपूरो छ जस्तो लाग्दैन । उनी नेपालमा धेरै घुमेकाले र उनको जनसम्पर्क पनि व्यापक भएकोले अरू ऐतिहासिकहरूको लेखमा हतपति नपाइने, भुवनकोष अर्थात् आजभोलिको भाषामा भूगोलको भित्तामा इतिहासलाई उभ्याउने काम उनले गरेका छन् । उनका सबै वाक्य भने प्रमाणकोटिमा नचढ्ने हुनाले **नामूलं लिख्यते किञ्चिन्नानपेक्षितमुच्यते**[५] अर्थात् **अप्रामाणिक कुरा लेखिँदैन, नचाहिने कुरा पनि लेखिँदैन** भन्ने मल्लिनाथीय परम्पराको विपरीत उनका लेख बहुधा गएका छन् ।

नेपाली भाषाका पहिला शास्त्रीय वैयाकरण तथा तात्कालिक नेपालमा विशिष्ट विद्वान् गनिने वीरेन्द्रकेशरी अर्ज्याल (वि.सं. १९०८-१९८८), बझाङी राजा जयपृथ्वीबहादुर सिंह (वि.सं. १९३४-१९९७) र नायब बडागुरुज्यू हेमराज पण्डितसँगको सङ्गतले बाबुराम आचार्यमा परम्परागत पण्डितहरूमा दुर्लभ चेतनाको विकास हुन गयो । त्यसैले संस्कृतपरम्परामा अपूरो शिक्षा पाए पनि उनी नेपालको इतिहासको अन्वेषणमा प्रवृत्त भए । यसभन्दा अगाडि हेमराज पण्डितले यस्तो अन्वेषणमा केही चासो देखाएको भए पनि यस विषयको व्यवस्थित परिशीलनको प्रारम्भ बाबुराम आचार्यबाटै भएको हो ।

राणाशासनको अन्त्य अन्त्य अवस्थातिर बाबुराम आचार्यका दुवै आँखा बन्द भएपछि उनको जागीर गयो । पछि उनलाई महीनाको रु. ५०।- खाने गरी फेरि नियुक्ति गरी नेपालीभाषाप्रकाशिनी समितितर्फबाट नेपालको समग्र इतिहास लेख्ने जिम्मेवारी दिइएको थियो । उनी आँखा नदेख्ने भएकाले सरकारले उनलाई लेखनदास पनि दिने प्रबन्ध गऱ्यो । त्यसताका नयराज पन्तसँग उनको बाक्लो सम्बन्ध भएकोले आफ्ना नातेदार

४. नयराज पन्त २०२९: १४२ मा २५ श्लोक ।

५. *सञ्जीवनी* ९ श्लोक ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीनाथ पाँडेलाई उनका सहयोगीका रूपमा नयराज पन्तले उनीकहाँ राखिदिए । श्रीनाथ पाँडेको अन्तै जागीर भएपछि वि.सं. २००६ भाद्रदेखि नयराज पन्तका शिष्य देवीप्रसाद भण्डारी (वि.सं. १९७६-२०५६) बाबुराम आचार्यसँग महीनाको रु. २५।- खाने गरी काम गर्ने भए । वि.सं. २००८ को मङ्सीर महीनासम्म काम गर्दा वि.सं. १८७३ सम्मको इतिहास लेख्ने काम सकिएको थियो, पुस्तक पूरा हुन भने सकेको थिएन । ६० वर्ष नाघेका जागीरदारहरूलाई खारेज गर्ने नियम वि.सं. २००८ मा लागू भएकोले बाबुराम आचार्य रिटायर्ड भए । लेखिए जति कापी नेपालीभाषाप्रकाशिनी समितिका हाकिमलाई बुझाइदिने र खेस्रा जति आफूले राख्ने काम देवीप्रसाद भण्डारीले गरेका थिए ।[६] समितिमा बुझाएका ती कापी पछि भेट्टाइएनन् भन्ने सुनियो । देवीप्रसाद भण्डारीसँग रहेका जति कापी वि.सं. २०३१ देखि २०५० भित्र संशोधन-मण्डलको पत्रिका *पूर्णिमा*मा क्रमशः छापिए ।

राणाप्रशासनकालको अन्त्यतिर आँखा बेकम्मा भएपछि पदच्युत भइयो र फेरि एक पटक नेपालको इतिहास लेख्ने काममा नियुक्त भइयो । तर इतिहासका नाममा कलङ्क लाग्ने हिसाबका पुस्तक लेख्ने आग्रह हुंदा मन लागेन र सित्तैमा दिन कटइयो[७] भनी बाबुराम आचार्यले लेखे पनि यो कुरा पूरै सत्य होइन भन्ने कुरा समितिबाट उनलाई लेखाएको इतिहासको, *पूर्णिमा* पत्रिकामा छापिए जतिको भागबाट स्पष्ट हुन्छ ।

जागीर गएपछि बाबुराम आचार्यको आर्थिक अवस्था निकै खस्कियो तापनि इतिहासको अन्वेषण गर्ने काम भने उनले छोडेनन् । राजा जयपृथ्वीबहादुर सिंहले श्री ३ चन्द्र (वि.सं. १९२०-१९८६, शासनकाल १९५८-१९८६)की छोरी बिहे गरेकाले त्यसमार्फत बाबुराम आचार्यको राणादरबारमा आवतजावत थियो र श्री ३ चन्द्रका छोराहरू उनलाई राम्ररी चिन्थे । एक दिन बाबुराम आचार्य र नयराज पन्त टुँडिखेलमा घुमिरहँदा श्री ३ चन्द्रका माहिला छोरा कम्यान्डर-इन-चीफ बबरशमशेर (वि.सं. १९४४-२०१७) घोडा चढी आए । अनि दुवैले उनलाई ब्राह्मणोचित स्वस्ति गर्दा उनले ए खरदार बाजे, तिम्रा कति जना छोरा छन् भनी बाबुराम आचार्यलाई सोधेछन् । सरकार, मेरा त एउटा र आधा छोरा छन् भनी बाबुराम आचार्यले जवाफ दिंदा कस्तो कुरा गरेको भनी बबरशमशेरले भनेछन् । के गर्नु सरकार, जेठो छोरोलाई टी.बी.

६. देवीप्रसाद भण्डारी २०३१: १५१-१५२ ।
७. बाबुराम आचार्य २०२२: प्रस्तावना ४-५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागेको छ, कान्छो छोरो सानै छ, त्यसैले जोडजाड गरेर यसो भनेको हुँ भनी उनले जवाफ दिँदा बबरशमशेर हाँस्दै गए । यो कुरा नयराज पन्तको मुखबाट मैले सुनेको हुँ । यसको मतलब के हो भने शासकसँग ख्यालठट्टा गर्न सक्ने हुँदा हुँदै पनि शासकबाट उनले केही नपाउनाको क़ारण उनको आलोचनात्मक प्रवृत्ति हो जस्तो मलाई लाग्छ ।

वि.सं. २००८ वैशाखमा प्रधान सेनापति श्रीकेसरशमशेरको उदारताले वा नेपाली काङ्ग्रेसलाई रिझाउने नीतिले नेपाल-सांस्कृतिक-परिषद् खुल्यो । त्यसबाट बाबुराम आचार्यलाई ५, ६ महीनासम्म प्रतिमहीना १५०। रु. वृत्ति मिल्यो भनी नयराज पन्त (२०२९: ४६)ले लेखेका छन् ।

आफ्नो जन्मोत्सवको अवसर पारेर वि.सं. २००८ आषाढ १७ गते श्री ५ त्रिभुवनबाट बाबुराम आचार्यलाई इतिहासशिरोमणिको पदवी मिल्यो । बाबुराम आचार्य र गणेशमान सिंह (वि.सं. १९७२-२०५४) दुवैले एउटै थालमा भात खाएकाले बाबुराम आचार्यलाई यो सम्मान मिलेको हो भनी नेपाली काङ्ग्रेसको प्रतिद्वन्द्वी नेपाली राष्ट्रिय काङ्ग्रेसको बुलेटिनमा लेखिएको छ भनी मैले सुनेको छु, हेर्न भने पाएको छैन । त्यतिसम्म नभए पनि इतिहासशिरोमणिको पदवी नेपाली काङ्ग्रेसका नेता गणेशमान सिंहमार्फत मिलेको कुरा यताबाट बुझ्नुपर्छ जस्तो मलाई लाग्छ । त्यस पदवीबापत बाबुराम आचार्यलाई महीनाको डेढ सय रुपियाँ मिल्थ्यो । धेरै समयपछि श्री ५ महेन्द्रको पछिल्लो शासनमा यो वृत्ति ३००। रु. पुगेको थियो ।[८]

नेपालको प्राचीन इतिहासको परिशीलनको लागि संस्कृतभाषा र संस्कृतवाङ्मयको ज्ञान अपरिहार्य छ । बाबुराम आचार्यको ती दुवैमा त्यति पैठ नभएकोले नेपालको प्राचीन इतिहासको परिशीलनको काम त्यति राम्रोसँग उनीबाट हुन सकेन ।

बाबुराम आचार्यको संस्कृतभाषाको ज्ञानको नमूनाको लागि उनले संस्कृतभाषामा आफू एकलैले लेखेको एउटा मात्र लेख अघि सार्न सकिन्छ । *संस्कृत-सन्देश*नाउँको मासिक पत्रिकामा वि.सं. २०१० मा *त्र इत्यस्य मानं* ३ उत ९ नाउँले छापिएको त्यस लेखमा **राजन्** शब्दको अन्त्यमा **न्** हुने भएकोले **ध्वजराज** शब्दलाई पनि उनले नकारान्त नै सम्झी **ध्वजराजानौ** लेखेकोलाई देखाउन सकिन्छ ।[९]

८. नयराज पन्त २०२९: १४६ ।

९. बाबुराम आचार्य २०१० घ: ३२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन त बाबुराम आचार्य र नयराज पन्तको नाउँमा ११ वटा लेख त्यही *संस्कृत-सन्देशमा* छापिएका छन् ।[१०] तर तिनमा बाबुराम आचार्यले एक्लै लेखेको लेखमा जस्तो व्याकरणसम्बन्धी गल्ती छैनन् र वाक्यमा पनि प्रौढि छ । तोत्रराज पाण्डेय र मेरो नाउँमा वि.सं. २००४ मा छापिएको *नेपालको संक्षिप्त इतिहास* तयार गर्दा भोटसम्बन्धी अध्याय लेख्न बाबुराम आचार्यबाट मैले निकै मदत पाएको थिएँ, त्यसैको ऋण चुक्ता गर्न *संस्कृत-सन्देशमा* छापिएका लेखमा उनको पनि नाउँ मैले राखेको हुँ भनी नयराज पन्त वारंवार भन्ने गर्थे । ती संस्कृत लेख बाबुराम आचार्य र नयराज पन्त दुवैको नाउँमा छापिएको भए पनि कामचाहिँ नयराज पन्त एक्लैको हो भन्ने कुरा यताबाट स्पष्ट हुन्छ ।

बाबुराम आचार्यमा शास्त्रीय ज्ञानको कमी भएको कुराको नमूनाको लागि **जीव-पक्ष र मृत-पक्ष भन्ने कल्पना अकबरका समयका वाराणसीमा रहेका फलितज्योतिषीहरूको एक जंजालमात्र हो । यस जंजाललाई गोर्खा र चौबीसीठकुराइका ज्योतिषीहरूले संभन नसकी यसलाई वेद-मन्त्र जस्तै मानेर राजाहरूलाई फसाउने गरेका थिए**[११] भनी उनले लेखेकोमा वि.सं. १६१२ मा गद्दीमा बसेका अकबरभन्दा धेरैपहिले लेखिएको, नेपालमै वि.सं. १३३७ मा सारिइसकेको *नरपतिजयचर्या*मा जीवपक्ष र मृतपक्षको कुरा परिसकेको कुरा अघि सार्न सकिन्छ[१२] ।

---

१०. बाबुराम आचार्य र नयराज पन्त २०१० ।
ऐजन २०१० क ।
ऐजन २०१० ख ।
ऐजन २०१० ग ।
ऐजन २०१० घ ।
ऐजन २०१० ङ ।
ऐजन २०१० च ।
ऐजन २०११ ।
ऐजन २०११ क ।
ऐजन २०११ ख ।
ऐजन २०११ ग ।

११. बाबुराम आचार्य २०२४ क: २५९ ।

१२. नयराज पन्त २०२४: २२१-२२६ ।
थप कुराको लागि ऐजन २०२९: १३५-१३७ हेर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विक्रमसंवत् र शकसंवत् कार्तिकादि पनि छ भन्ने सामान्य कुराको पनि उनलाई हेक्का थिएन भन्ने कुरा वि.सं. २०२७ मा धनवज्र वज्राचार्यले उनलाई सोधेको प्रश्नको उत्तर दिएकोबाट बुझिन्छ ।[१३]

बाबुराम आचार्य र नयराज पन्त दुवै संस्कृतपरम्पराका भए पनि संस्कृतको कर्मकाण्डीय परम्परामा उनीहरू थिएनन् । यसो हुँदा हुँदै पनि यी २ मा ठूलो भेद थियो । यो कुरा तल खुलाएर लेख्नुपरेको छ ।

ऐतिहासिक-काल र पुरातात्त्विक प्रमाणको लागि भने बाबुराम-बाजेले पनि पौराणिक काललाई नमानेर आधुनिक ऐतिहासिकहरूले मानेको काल र वस्तुलाई नै अवलम्बन गरेको देखिन्छ । त्यतिमात्र नभएर प्रसङ्ग त अर्कै हो, तर उनले पुराणको विश्वास गर्नुहुँदैन भनेर साझा शब्द पनि बोलेका छन् । यसबाट उनले कुनै कुराको तात्त्विक निर्णय पुराणको आधारमा मात्र गर्न नमिल्ने भाव दर्शाएको देखिन्छ भनी चेतोनाथ शर्मा आचार्य (२०४६: १२) ले बाबुराम आचार्यको गरेको परख नयराज पन्तमा पनि लागू हुन्छ ।

रूसमा कम्युनिस्ट शासन आएपछि त्यसको प्रभाव नेपालमा पनि पर्न गयो र यहाँका पठित, अल्पपठित, कुपठित र अपठितहरूमा कम्युनिज्मको अधकल्चो विचारधारा छायो । त्यसको फलस्वरूप धर्म, रहनसहन र चालचलन जस्ता कुरामा लोकको अश्रद्धा बढ्दै गयो । बाबुराम आचार्यको संस्कृतभाषा र शास्त्रीय ज्ञानमा त्यति पैठ नभएकोले उनी पल्लवग्राही, भारतीय लेखक राहुल सांकृत्यायन (वि.सं. १९४९-२०२०)का नेपाली संस्करण बन्न पुगी परम्पराको प्रतिकूल गए । उता नयराज पन्त भने कर्मकाण्डीय परम्परामा नहुँदा नहुँदै पनि विविध शास्त्रका ज्ञाता भएकाले **तद् गृह्णीमो यत् परीक्षोपपन्नम्** अर्थात् **परीक्षाबाट जे आउँछ, त्यही लिन्छौँ** भनी गङ्गाधर शास्त्री (वि.सं. १९१०-१९७०)ले भने जस्तै विनापरीक्षा कुनै पनि कुरामा निर्णय नदिने नीतिमा अडिग थिए ।

बाबुराम आचार्य पहिले आफ्ना लेखमा विक्रमसंवत्को प्रयोग गर्थे । पछि पश्चिमी भावनाले ग्रस्त हुँदै जाँदा उनले विक्रमसंवत् छोडे र **इस्वी संवत् प्रयोग गर्नाको कारण विश्व इतिहासको सन्दर्भमा हाम्रो इतिहासको अध्ययन गर्न स्वदेशी विदेशी सबैलाई**

---

१३. *प्रश्नोत्तरः २४ ।*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सजिलो होस्[१४] भनी ईसवी संवत् लेख्न थाले । वि.सं.मा अभ्यस्त उनले यसरी ई.सं.मा मिति दिँदा उनी ठाउँठाउँमा चिप्लिएको उदाहरण दिई **स्वदेशी तिथि-मितिलाई छोड्दा आफूलाई कण्ठस्थ भएको शुद्ध इतिहास पनि आफैँले अशुद्ध पारेको तपाईंलाई होश भएनछ । यस विषयमा एकपल्ट विचार गर्नुहोस्** भनी नयराज पन्त (२०१७: १)ले लेख्नुपरेको थियो । **तपाई अंग्रेजी भाषामा लेख लेख्न सक्नुहुन्न । यसमा तपाईंलाई खोप होला । परन्तु यसमा मलाई सन्तोष छ । किनभने तपाईंका विचारलाई हामी स्वदेशी भाषामा पढ्न पाउँछौँ । परन्तु दुर्भाग्यले भनूं वा सौभाग्यले भनूं, तपाई स्वदेशी तिथिमितिलाई विदेशी रूप दिन सक्नुहुन्छ । यसबाट विदेशीका भक्तहरूलाई तपाईंको लेख अनुवाद गर्न सजिलो हुन्छ । तपाईंले यसो गरिदिंदा हामीलाई आफ्नो देशको ऐतिहासिक घटनाक्रम मिलाउन अप्ठ्यारो पर्छ । हाम्रा धेरैजसा स्वदेशी बान्धवहरूलाई पनि सो कुरो बुझ्न अप्ठ्यारै पर्दो हो** भनी नयराज पन्त (२०१७: ३)ले त्यहीँ लेखेका छन् ।

विक्रमसंवत्को **विक्रम**शब्द हटाउने, ईसवी संवत्का महीनाको अनुकरण गरी नयाँ महीनाहरू बनाउने कुराको प्रचार वि.सं. २०२४ मा प्रकाशित आफ्नो *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*को पहिलो भागको भूमिकामा बाबुराम आचार्यले गरेका छन् । [...] **नयाँ राष्ट्रिय मिति-पत्र तयार गर्नु आवश्यक भएको छ र सो नभएसम्मका अन्तरीमकालका निमित्त अन्तर्राष्ट्रिय मितिपत्र भएको ग्रेगोरीको मितिपत्रलाई उधारो लिएर काम चलाउनुपरेको हो** (बाबुराम आचार्य २०२४: *एक दुइ कुरा*) भनी ईसवी संवत्को पक्षमा उनले वकालत गरेकाले त्यसको सप्रमाण विरोधमा नयराज पन्तले त्यही साल *पूर्णिमा*को १५ अङ्कमा ११२ पृष्ठको लेख प्रकाशित गर्नुपर्‍यो (नयराज पन्त २०२४) । त्यसले गर्दा यी २ मा गोरखाली राजकाजी भाषामा भन्ने हो भने तफावत निकै बढ्यो ।

वि.सं. २००८ मा इतिहासशिरोमणिको पदवी पाएदेखि वि.सं. २०२० तिर १० हजार रु.को त्रिभुवन-पुरस्कार नपाएसम्म बाबुराम आचार्यले कुनै प्रकारको सरकारी सम्मान वा सुविधा पाए जस्तो मलाई लाग्दैन । श्री ५ महेन्द्रबाट रायल नेपाल एकेडेमी खुल्ने निश्चय भएपछि बाबुराम आचार्य पनि त्यस एकेडेमीको सदस्य बन्ने कुरा चल्यो ।

---

१४. अर्याल २०२३: ८ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफू त्यहाँ सदस्य भएपछि तिम्रा विद्यार्थीहरूलाई म काम दिलाइदिन्छु, तिमी हामी मिली काम गरौँ भनी भन्न नयराज पन्तकहाँ उनी वि.सं. २०१३ पौष २७ गते पृथ्वीजयन्तीको दिन आए । आफूले चलाइरहेको *इतिहास-संशोधन*को काममा लिखित रूपमा सम्मति दिने आग्रह नयराज पन्तले उनीसँग गरे । उनी तत्काल सम्मति दिन तयार भए । अनि उनी बोल्दै गए, रामजी तेवारी (वि.सं. १९७३-२०४०)ले लिपिबद्ध गर्दै गए । पछि वि.सं. २०१३ शिवरात्रिमा धनवज्र वज्राचार्यको *इतिहास-संशोधन* ७ संख्या (धनवज्र वज्राचार्य २०१३)मा त्यो सम्मति छापियो । वि.सं. २०१४ आषाढ ९ गते एकेडेमी खुल्दा उनी सदस्य भएनन् । **त्यसपछि किन हो कुन्नि उहाँले एकेडेमीमा पद पाउनुभएन । यस घटनाले ऐतिहासिकशिरोमणिज्यूको मनमा चोट परेछ । मेरो सङ्गतले आफ्नो उन्नतिमा बाधा परेको उहाँले सम्झनुभएछ** भनी नयराज पन्त (२०२९: १४६)ले लेखेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।

बाबुराम आचार्यसँग नयराज पन्तको विरोध पर्नाको अर्को एउटा ठूलो कारण नयराज पन्तका शिष्यहरू र खुद उनकै शब्दमा यहाँ उतार्नु राम्रै होला–

> **यहाँनिर ऐ.शि. ज्यूसंग संशोधनमण्डलको मतभेदको मुख्य कारण पनि स्पष्ट गराउनुपरेको छ । ऐ.शि. ज्यूसँग मिली हामीले इतिहासको खोजीको काम गरेका थियौं । ती खोजहरू संस्कृतसन्देशमा प्रकाशित भएका छन् । यो कुरो वि.सं. २०१०-११ को हो । इतिहास-संशोधनलाई सबभन्दा पहिले आशीर्वाद दिने पनि ऐ.शि. ज्यू नै हुनुहुन्छ । यो घटना वि.सं. २०१३ को हो ।**
>
> **वि.सं. २०१३ मा रोमबाट रेनिइरो नोलीको 'नेप्लिज इन्स्क्रिप्सन्ज् इन् गुप्त क्यारेक्टर्स्' (नेपालका गुप्ताक्षरी अभिलेख) भन्ने पुस्तक निस्क्यो । त्यो पुस्तक २०१४ को बर्खामा हाम्रो हातमा पऱ्यो । त्यसमा भारतका भगवान्लालले छपाएका अभिलेख भगवान्लालको नाउँमा, बेलायतका बेन्डालले छपाएका अभिलेख बेन्डाल्को नाउँमा, फ्रान्सका लेभीले छपाएका अभिलेख लेभीको नाउँमा दर्ता भएका र हामी नेपालीले छपाएका अभिलेख जानाजान अप्रकाशित भनी लेखिएकोले यो हामी नेपालीको उपरमा अन्याय हो तथा हाम्रो राष्ट्रिय अपमानसमेत हो । यस कारण यसको हामीले विरोध गर्नुपर्छ भनी हामीले ऐ.शि. ज्यूसंग प्रार्थना गऱ्यौं । नोलीले अप्रकाशित भनी छपाएका अभिलेखमा ऐ.शि. ज्यू र**

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हामी मिली संस्कृतसन्देशमा प्रकाश गरेका अभिलेख पनि परेका छन् । ऐ.शि. ज्यूले हाम्रो कुरो मन्जूर गर्नुभएन । हामी नेपालीले प्रतिलिपि छपाउन नसकेकाले नोलीले अप्रकाशित भनेका हुन् भन्ने तर्क निस्सार छ । किनभने त्यसो भए भगवान्लालले प्रतिलिपि नदिई छपाएका अभिलेख उनको नाममा दर्ता नहुनुपर्ने । यस कारण नोलीको यस अन्यायको विरुद्धमा हामीले कडासँग बोल्यौं । यो कुरो ऐ.शि. ज्यूलाई मन परेन ।

स्वदेशी अन्वेषकहरूलाई विदेशी अन्वेषकले गरेको थिचोमिचोको विरुद्ध ऐ.शि. ज्यू आफै किन बोल्नुहुन्न । यो एउटा रहस्यमय कुरो छ । यस थिचोमिचोको विरुद्धमा बोल्ने मानिस पनि उहाँका प्रिय बन्दैनन् । यो झन् रहस्यमय छ ।

(*हाम्रो वक्तव्य* २०२७: २२०-२२२)

भारतीय भगवान्लाल इन्द्राजी, अङ्ग्रेज सेसिल बेन्डाल, फरासिस सिलभेन लेवीले प्रकाश गरेका नेपालका लिच्छविअभिलेखहरूलाई उनीहरूकै नामसाथमा र हामी नेपालीहरूले प्रकाश गरेका त्यस्ता लिच्छविअभिलेखलाई चाहिँ अप्रकाशित भनी रोमबाट निस्केको रेनिइरो नोलीको ग्रन्थ लेखिएको रहेछ । सो ग्रन्थ वि.सं. २०१३ मा प्रकाशित भएको रहेछ, हाम्रो हातमा वि.सं २०१४ मा पऱ्यो । नोलीले अप्रकाशित भनी छपाएका अभिलेखमा ऐ.शि.ज्यू (बाबुराम आचार्य)को र मेरो संयुक्त परिश्रमबाट छापिएका अभिलेख पनि परेका थिए । नोलीलाई कोसेली पुऱ्याउने तात्कालिक शिक्षासचिव केशरबहादुरजी हुनुहुँदो रहेछ । यस राष्ट्रिय अपमानको विरोधमा हामीले बोल्नुपर्छ भनी मैले ऐ.शि.ज्यूसँग प्रार्थना गरेँ । आफ्नो मनको अस्थिरताले गर्दा ऐ.शि.ज्यूले विरोध गर्न सक्नुभएन । हामीले सावधान-पत्र २ सङ्ख्या, अभिलेख-संग्रह पहिलो भाग २०-२१ पृ., पूर्णिमा २३ अङ्क २२०-२२२ पृ.मा यसको विरोध गरी लेखेका छौँ । यस घटनापछि ऐ.शि.ज्यूले यसको विरोध नगर्नुभएसम्म उहाँसँग मिली संयुक्त रूपमा काम गर्न मैले असमर्थता प्रकट गरेँ । किनभने स्वदेशीको पसिना विदेशीलाई खुवाएर स्वदेशमा विद्याप्रचार गर्नु असंभव छ भन्ने मेरो पक्का विचार छ ।

(नयराज पन्त २०२९: १४६-१४७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इ सं. १९५१ मा राणाप्रशासन टुटेपछि नेपालको इतिहास सम्वन्धी फाटफुट लेख प्रकाशित गरिए र तर आँखा बेकम्मा हुँदा अगाडि बढ्न सकिएन[१५] भनी बाबुराम आचार्य आफैँले लेखेकाले त्यस अवधिमा उनले खास काम पनि गर्न नसकेको स्पष्ट हुन्छ। युवराजाधिराज श्री ५ वीरेन्द्र (वि.सं. २००२-२०५८, राज्यकाल वि.सं. २०२८-२०५८) विदेशमा पढी फर्केपछि उनलाई नेपालको इतिहासको शिक्षा दिने प्रसङ्गमा श्री ५ महेन्द्रबाट बाबुराम आचार्य दरबारमा भित्र्याइए। यसको मतलब के हो भने राणाशासन गइसकेपछिको कालमा पनि इतिहासशिरोमणिको पदवी दिनुबाहेक बाबुराम आचार्यको अन्वेषणमा मदत पुग्ने कुनै पनि काम सरकारबाट भएन, खालि उपयोग गर्ने नीतिअनुसार बाबुराम आचार्य दरबार भित्रिएका हुन्।

बाबुराम आचार्यबाट श्री ५ वीरेन्द्रले के कति इतिहास सिके, त्यो त मलाई थाहा छैन। उनलाई बाबुराम आचार्यले नियमित पाठ दिई इतिहास पढाएको पनि हो कि होइन म भन्न सक्दिनँ। त्यसरी पढाएको भए पनि वीरेन्द्र पढ्ने खालका होइनन् भन्ने कुरा फरासीस भाषाका, उनका गुरुको लेखबाट थाहा पाइन्छ।[१६] बाबुराम आचार्य दरबार भित्रिएकाले एउटा काम भने भयो। वि.सं. २०२२ मा *नेपालको संक्षिप्त वृत्तान्त* नाउँले उठानदेखि रणबहादुर शाहसम्मको इतिहास परेको एउटा पुस्तक छापियो। प्रकाशकमा दरबार आफैँ नबसी दरबारसँग सम्बद्ध १ जना राणा र दरबारमै जागीरे अर्का राणालाई प्रकाशक बनाइएको थियो। त्यसमा बाबुराम आचार्यले जीवनभर आर्जन गरेका निकै नयाँ कुरा समाविष्ट भए पनि तिनको पुष्टि प्रमाणद्वारा नगरिएकोले यस किताबको निकै विरोध भयो। खास गरी जर्नेल चन्द्रबहादुर थापा (२०२३:३, २०२३ क: ४)ले त्यस पुस्तकको विरोधमा अखबारमा लेखेको म अझै सम्झँदैछु।[१७] नयाँ नयाँ खोजीले बाबुराम आचार्यको सो पुस्तक भरिएको भए पनि प्रमाण नदिँदा त्यो विद्वद्ग्राह्य हुन सकेन र उनको खोजीबाट वर्गविशेषको स्वार्थमा असर परेकोले पनि त्यसको उग्र विरोध भयो। यसैले नेपालमा पहिले पहिले इतिहास

---

१५. बाबुराम आचार्य २०२२: ५।

१६. मार्क गाबोरियो २०६८: २७८।

१७. यस पुस्तकको विरोधमा *गोरखापत्र*, *द राइजिङ् नेपाल्*, *नयाँ समाज* र *समीक्षा*मा पनि अरूहरूका लेखचा निस्किएका थिए। अहिले आफ्नो पासमा सबै नभए पनि हरिहरराज जोशी (२०२३: ३)को लेखचाहिँ आफूसँग भएकोले फेरि पढेँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पढाउने लाइसेन्स पाएकाहरूका गुरु तथा बाबुराम आचार्यभन्दा अघि नै नेपालका इतिहासशिरोमणि भइसकेका, इलाहाबादविश्वविद्यालयका प्रोफेसर ईश्वरी प्रसादको नाउँ लिँदै चन्द्रबहादुर थापाले त्यो बाबुराम के ईश्वरी प्रसाद हो र, यस्तो मनपरी लेख्ने भनी मेरै अगाडि गर्जी गर्जी अरू पनि दुर्वाच्य बोलेको म अझै सम्झँदैछु । बाबुराम आचार्यसँग लाइसेन्स भएको भए आफूलाई मन नपर्ने जेसुकै कुरा लेखे पनि राणाशासनदेखिका बफादार राष्ट्रसेवक चन्द्रबहादुर थापा नतमस्तक भएर सहँदा रहेछन् जस्तो मलाई लाग्यो ।

नेपालको इतिहासका प्रामाणिक साधनको खोजी गर्ने काम विदेशीहरूबाट मात्र भएर आएकोमा बाबुराम आचार्यको आविर्भावले नेपालीहरू पनि यस्तो काम गर्न सक्ने रहेछन् भन्ने देखिन आयो । उनको शिष्यपरम्परा नभए पनि नेपालको इतिहासमा ठोस काम गरेर गएका सूर्यविक्रम ज्ञवाली (वि.सं. १९५५-२०४२), नयराज पन्त र नरहरिनाथ (वि.सं. १९७१-२०५९) उनको सहयोग पाएर वा उनीबाट अनुप्राणित भएर यसतर्फ लागेका हुन् जस्तो मलाई लाग्छ । छोटकरीमा भन्दा उनको खास अवदान आफ्नो देशको इतिहासको खोजी गर्न हामी आफैँ समर्थ छौँ भन्ने भावना पछिल्लो पुस्ताका नेपाली अन्वेषकहरूमा आउनु हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवनविश्वविद्यालयले वि.सं. २०२३ मा लिएको परीक्षामा धाँधली

नयराज पन्तको भनाइतर्फ फेरि एकपल्ट

त्रिभुवनविश्वविद्यालयमा वि.सं. २०२३ मा भएको ज्यौतिषाचार्यको परीक्षामा त्यस परीक्षाका आयोजक प्राश्निक र परीक्षकसमेत भएका नयराज पन्त (वि.सं. १९७०-२०५९)को निर्णयको विपरीत त्रिभुवनविश्वविद्यालयका अधिकारीहरूले धाँधली गरी जाँचमा फेल भएकालाई पास गराएका थिए। त्यस परीक्षामा काम गरेबापतको मेहनतानाका चेक दिई त्रिभुवनविश्वविद्यालयका कुलसचिवले वि.सं. २०२५ असार ७ गते नयराज पन्तलाई पत्र पठाएका थिए। परीक्षामा धाँधली भएकोले ती चेक फिर्ता गर्दै **त्रिभुवन-विश्वविद्यालयको परीक्षक हुनु म आफूलाई कलङ्कित भएको सम्झन्छु** (नयराज पन्त २०२५ ग: २४३-२४४) भनी वि.सं. २०२५ असार १३ गते उनले पत्र लेखेका थिए।

नयराज पन्त परलोक हुनुभन्दा १३ महीनाअगाडि उनको एउटा लेख (नयराज पन्त २०५८) *त्रि.वि.को कर्तुत राजालाई जाहेर* भन्ने नाउँले छापिएको छ। लेख हेर्दा त्यो लेख नयराज पन्तको आफ्नै नभई उनले भनेको कुरा कसैले लेखबद्ध गरेको हो कि जस्तो मलाई लाग्छ। त्यहाँ नयराज पन्तले प्रयोग नगर्ने **ज्योतिष, कार्यकक्ष, सक्षम, तत्कालीन** जस्ता अशुद्ध शब्द परेकाले, ह्रस्वदीर्घ आदि वर्णविन्यास पनि त्यस लेखमा ठाउँठाउँमा नमिलेकोले र मैले बुझेसम्म लेखको शैली पनि उनको नभएकोले मैले यसो भनेको हुँ। जे भए पनि त्यस लेखमा उनको धारणा व्यक्त भएको कुरामा चाहिँ शङ्का छैन।

यसको अर्को महीना *झिसमिसे* पत्रिकाका सम्पादकहरूसँग आफूले गरेको कुराकानीमा पनि नयराज पन्तले परीक्षामा भएको धाँधलीको विषयमा कुरा गरे पनि *गरिमा* पत्रिकामा छापिएको लेखमा जस्तै यही कुरा जाहेर गर्न आफू राजाकहाँ पुगेको विषयमा बोलेका छैनन् (नयराज पन्त २०५८ क: २३)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वि.सं. २०२३ मा परीक्षामा धाँधली भएको विषयमा नयराज पन्तले त्रिभुवनविश्वविद्यालयका रजिस्ट्रारलाई वि.सं. २०२३ माघ २८ गते पत्र लेखेका थिए। त्यसै विषयमा कुलपति श्री ५ महेन्द्र (वि.सं. १९७७-२०२८, राज्यकाल वि.सं. २०११-२०२८)लाई भेटी जाहेर गर्न दर्शनको लागि समय मागेर उनले वि.सं. २०२३ फागुन ३ गते बिन्तीपत्र हाले। दरबारबाट जवाफ नआएकोले दर्शनको विशेष आग्रह गरी पछि फेरि चैत ६ गते चौतरिया पूर्णचन्द्र शाहको हातमा राजाका सैनिक सचिव शेर बहादुर मल्लमार्फत श्री ५ मा चढाउन भनी अर्को बिन्तीपत्र उनले पठाए। त्यही दिन भेटको लागि समय दिई दरबारबाट पत्र आयो र अनि नयराज पन्त भेट गर्न गए।

नयराज पन्तको पालाको परीक्षाकाण्डबारे आआफ्नो समझअनुसार अरूहरूले पनि कसैले छिटपुट, कसैले अलि लामो गरी लेखेका छन्।[1] तिनमा अलका शर्मा (२०६०: १४१), पुष्कर लोहनी (२०६१: २०-२२) र दिनेशराज पन्त (२०६६)का लेखबाट बढी कुरा थाहा हुन्छ। कहिल्यै राजासँग दर्शनभेट नमागेका नयराज पन्तले कुलपति श्री ५ महेन्द्रलाई यस परीक्षाकाण्डको विषयमा जाहेर गर्न भेटेको कुरा नयराज पन्त (२०५८: १६)मा र पुष्कर लोहनी (२०६१: २०-२२)मा र विष्णुप्रसाद पोखरेल (२०६२: ६८)मा परेको छ। यसो भए पनि नयराज पन्तले दर्शनभेटको लागि समय मागी श्री ५ महेन्द्रलाई लेखेका पत्र भने अहिलेसम्म छापिएका थिएनन्। ती पत्र र अझै अप्रकाशित अवस्थामा रहेको, वि.सं. २०२३ माघ २८ गते नयराज पन्तले रजिस्ट्रारलाई लेखेको पत्र अहिले यहाँ छपाइँदैछन्।[2]

१. छविलाल गजुरेल [२०४३] २०५९: ३६, हंसपुरे सुवेदी [२०५२] २०५५: ३०, सञ्जय घिमिरे [२०५३] २०६२: १२४, जनकलाल शर्मा २०५५: ३-४, हर्षनाथ शर्मा भट्टराई २०५९: ४, भरतराज पन्त २०५९: ३१-३२, कुलप्रसाद खनाल २०५९: ८४, गुहनाथ पौडेल २०६० क: २६-२७, इन्दिरा जोशी [२०६०] २०६२: ६२-६३, विश्वराज पाण्डे २०६०: ३४, अनिरुद्ध तिमसिना २०६०: १६१, गोपाल भण्डारी २०६०: १७७, नरेन्द्र चापागाईं २०६१: ८३, मेदिनीप्रसाद नेपाल २०६१: ११०, नारायण तिवारी २०६१: १५८, रोचक घिमिरे २०६१: १६८, गौरीबहादुर कार्की २०६१: १७२, रविमान लमजेल २०६१: १८३, तेजराज खतिवडा २०६१: २०१-२०२, बद्री पलिखे २०६२: ३९, विष्णुप्रसाद पोखरेल २०६२: ६८, मनस्विराज पन्त २०६२: ८०, पीताम्बरलाल यादव २०६२: ९०, राजेश आचार्य २०६२: १५४-१५५, रामप्रसाद पन्त २०६३: २३-२४, लक्ष्मीप्रसाद दाहाल २०६३: ७०, भूपनिधि पन्त २०६३: ८९-९०, अनिल कुमार पोखरेल र अपार कुमार लम्साल २०६३: १३२-१३३, माधव काफ्ले २०६४: ४६।

२. नयराज पन्त २०७१: ३०५-३१०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी सबै पत्र लक्ष्मीपति-नयराजसङ्ग्रहमा सुरक्षित छन्। रजिस्ट्रारलाई वि.सं. २०२३ माघ २८ गते लेखेको पत्र दिनेशराज पन्त (वि.सं. २००६ मा जन्म)को हस्ताक्षरमा साफीरूपको छ र त्यसको कार्बोन कपी छ। वि.सं. २०२३ फागुन ३ गते श्री ५ लाई लेखेको पत्र महेशराज पन्त (वि.सं. २००१ मा जन्म)को हस्ताक्षरमा खेस्रा रूपको छ। दोस्रो पत्रका २ पाठ छन्। ती दुवै साफी रूपका छन् र दुवै कार्बोन कपी हुन्। ती २ पाठमध्ये पहिलो विस्तृत रूपको र अर्को अलि संक्षिप्त छ। अघिल्लो दिनेशराज पन्तको र पछिल्लो धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१)को हस्ताक्षरमा छ। दोस्रो पत्रका २ पाठमध्ये अघिल्लो लामो भएकोले दरबारमा पठाउनचाहिँ धनवज्र वज्राचार्यको हस्ताक्षरमा भएको पाठ पठाएको हुनुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी लेख पहिले प्रकाशित भएका पत्रिका वा पुस्तकको विवरण

पहिलो खण्ड

१. **को हुन् त नयराज पन्त**

वि.सं. २०६९।५।७।५ मा काठमाडौँबाट राजधानी न्यूज पब्लिकेशनद्वारा प्रकाशित *राजधानी* १२ वर्ष ८१ अङ्कको ७ पृष्ठमा छापिएको *संस्कृतका अपवाद विद्वान्*।

वि.सं. २०७० मा काठमाडौँबाट ज्ञानगुनप्रकाशनद्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *ज्ञानगुनका कुरा भाग– १७८, नयराज पन्त अङ्क– ३०, नयराज पन्त स्मृति अङ्क–* २० का १६-२० पृष्ठमा छापिएको *को हुन् त नयराज पन्त ?*।

२. **जन्मशताब्दीमा नयराज पन्तलाई सम्झँदै**

वि.सं. २०७०।५।१७ मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *गोरखापत्र* ११३ वर्ष १०३ अङ्कको ग पृष्ठमा छापिएको *जन्मशताब्दीमा नयराज पन्तलाई सम्झँदै* ।

३. **एउटा नयराज पन्त नजन्मेको भए ...**

वि.सं. २०७०।५।१७ मा काठमाडौँबाट नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित *नागरिक** ५ वर्ष ११६ अङ्कको १३ पृष्ठमा छापिएको *एउटा नयराज पन्त नजन्मेको भए ...*।

दोस्रो खण्ड

१. **नयराज पन्तले खोलेको पाठशाला र त्यसको वरिपरि**

वि.सं. २०४३ मा काठमाडौँबाट महेशराज पन्तद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*मा १-२५ पृष्ठमा छापिएको *किन म यस पुस्तकको प्रकाशक बनें ?* ।

२. **नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली*को लिपिबन्ध**

वि.सं. २०५९ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली*का क-ङ पृष्ठमा छापिएको *यस पुस्तकको विषयमा* ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३. नयराज पन्तको दृष्टिमा वि.सं. २००७-२००८ को नेपाल

वि.सं. २०६२ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *नेपालका बौद्धिक विभूति नयराज पन्तका* १२९-१४१ पृष्ठमा छापिएको *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल* [*वाङ्मुख*], १२९-१३१ पृष्ठ।

४. नयराज पन्तको दृष्टिमा वि.सं. २००७-२००८ को नेपाल ५ खण्ड

वि.सं. २०६३ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *असाधारण विद्वान् नयराज पन्तका* ४१-५७ पृष्ठमा छापिएको *नयराज पन्तको दृष्टिमा वि.सं. २००७-०८ को नेपाल ५ खण्ड* ।

५. पण्डित नयराज पन्त, वैद्य दिव्यवज्र वज्राचार्य र आयुर्वेद-रक्षा

वि.सं. २०६३ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित *पूर्णिमा* १२४ पूर्णाङ्कका ३६-७६ पृष्ठमा छापिएको *पण्डित नयराज पन्त, वैद्य दिव्यवज्र वज्राचार्य र आयुर्वेद-रक्षा* ।

६. धनवज्र वज्राचार्यको सन्दर्भमा नयराज पन्त

वि.सं. २०६४ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र नेबरहुड बोर्डिङ्ग स्कूलद्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *धनवज्र वज्राचार्य: स्मृति र स्पन्दन*मा छापिएको *धनवज्र वज्राचार्य: स्मृति र स्पन्दन हेर्दा मनमा लागेका कुरा* (१-७५ पृष्ठ)बाट।

७. नयराज पन्तलाई चिनाउनको लागि

वि.सं. २०६५ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठानद्वारा प्रकाशित *नयराज पन्तलाई चिनाउनको लागि– संस्कृतमा लेखिएका, उनका फुटकर केही पद्य र गद्यको उल्था*बाट।

८. अलिकति ज्ञानगुनका कुराको विषयमा

वि.सं. २०६८ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठानद्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *ज्ञानमणि नेपाल– अक्षरको अभिवादन*मा छापिएको नेपालको, *विद्यासम्बन्धी इतिहासतर्फ केही थप पाइला– अलिकति ज्ञानगुनका कुरा, नयराज पन्त र संशोधन-मण्डलबारे; अलि बढी ज्ञानमणि नेपाल र नेपालको माध्यमिक कालको इतिहासबारे* (१-३० पृ.)बाट।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

९. **इतिहास-संशोधनको प्रमाण-प्रमेयको उपोद्घात र त्यसको वरिपरि**

वि.सं. २०६९ मा ज्ञानगुनसाहित्यप्रतिष्ठानद्वारा प्रकशित, नयराज पन्तको *म गोबरगणेश बनेछुमा* छापिएको *मुखबन्ध* (१-२५ पृष्ठ) ।

१०. **निरन्तर चलिरहेको, विद्यासम्बन्धी एउय अभियानको ६० वर्ष कटेको अवसरमा**

वि.सं. २०६९।६।७।१ मा प्रकाशित *राजधानी* १२ वर्ष ११२ अङ्कको ७ पृष्ठमा छापिएको *संशोधन-मण्डलको सान्दर्भिकता** ।

११. **नयराज पन्तको वि.सं. २००७-२००८ को डायरीको विषयमा**

वि.सं. २०६९।७।१५।४ मा प्रकाशित *राजधानी* १२ वर्ष १४४ अङ्कको ७ पृष्ठमा छापिएको *डायरीः प्रजातन्त्रारम्भको इतिहास* ।

१२. **आफ्ना विद्यार्थीको लागि नयराज पन्तले वि.सं. २००९ को दशैँमा गरेको प्रार्थना**

वि.सं. २०६९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित *पूर्णिमा* १३७ पूर्णाङ्कको ९० पृष्ठमा छापिएको *नयराज पन्तले आफ्ना विद्यार्थीको लागि वि.सं. २००९ को दशैँमा गरेको प्रार्थना* ।

१३. **नयराज पन्त र नेपालमा संस्कृतविश्वविद्यालय**

वि.सं. २०६९।११।१।३ मा प्रकाशित *राजधानी* १२ वर्ष २४५ अङ्कको ६ पृष्ठमा छापिएको *नयराज पन्त र नेपालमा संस्कृत विश्वविद्यालय* ।

१४. **बालकृष्ण सम, अनि उनको विषयमा नयराज पन्त**

वि.सं. २०६९।१२।१।५ मा प्रकाशित *राजधानी* १२ वर्ष २७५ अङ्कको ७ पृष्ठमा छापिएको *बालकृष्ण सम अनि उनको विषयमा नयराज पन्त* ।

१५. **ब्राह्मणपुत्र क्रिस्तान स्कूलमा पढ्दा नयराज पन्तको मनमा खेलेका कुरा**

वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३८ पूर्णाङ्कको १७५-१७९ पृष्ठमा छापिएको *ब्राह्मणपुत्र क्रिस्तान स्कूलमा पढ्दा नयराज पन्तको मनमा खेलेका कुरामा वाङ्मुख* ।

१६. **नयराजको नजरमा बी.पी.- एकाध बुँदा**

वि.सं. २०७०।२।१।४ मा प्रकाशित *राजधानी* १२ वर्ष ३३७ अङ्कको ७ पृष्ठमा छापिएको *नयराजको नजरमा बी.पी.– एकाध बुँदा* ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७. **नयराज पन्तको दृष्टिमा श्री ३ जङ्ग र वरिपरि**

वि.सं. २०७० मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठानद्वारा प्रकाशित, महेशराज पन्तद्वारा सम्पादित *नयराज पन्तको दृष्टिमा श्री ३ जङ्गबहादुर राणा*का क-त पृष्ठमा छापिएको *वाङ्मुख* ।

१८. **केही कुरा नेपाल-सांस्कृतिक परिषत्को र संशोधन-मण्डलको उद्गमको विषयमा**

वि.सं. २०७०।६।१६।४ मा प्रकाशित *राजधानी* १३ वर्ष १२० अङ्कको ७ पृष्ठमा छापिएको *नेपाल-सांस्कृतिक परिषत्को संशोधन-मण्डलको उद्‌गमको विषयमा केही कुरा*।

१९. **यदुनाथ खनाल, अनि उनीसँग नयराज पन्त जोडिएको कथा**

वि.सं. २०७०।७।३।१ मा प्रकाशित *राजधानी* १३ वर्ष १३१ अङ्कको ७ पृष्ठमा छापिएको *यदुनाथ खनालको जन्मशताब्दीको प्रसंगमा*।

२०. **नरहरिनाथ, अनि उनीसँग नयराज पन्त जोडिएको कथा**

वि.सं. २०७०।११।१५।५ मा प्रकाशित *राजधानी* १३ वर्ष २५८ अङ्कको ७ पृष्ठमा छापिएको *योगी नरहरिनाथलाई सम्झँदै*।

२१. **बाबुराम आचार्य, अनि उनीसँग नयराज पन्त जोडिएको कथा**

वि.सं. २०७०।१२।२।१ मा प्रकाशित *राजधानी* १३ वर्ष २७५ अङ्कको ७ पृष्ठमा छापिएको *बाबुराम आचार्यको सम्झनामा*।

वि.सं. २०६९।१२।१५।५ मा प्रकाशित *राजधानी* १२ वर्ष २८९ अङ्कको ७ पृष्ठमा छापिएको *नेपालको इतिहासको खोजीमा धनबज्र* बज्राचार्य**बाट।

२२. **त्रिभुवनविश्वविद्यालयले वि.सं. २०२३ मा लिएको परीक्षामा धाँधली**

वि.सं. २०७१ मा प्रकाशित *पूर्णिमा* १४० पूर्णाङ्कका २९९-३०४ पृष्ठमा छापिएको *त्रिभुवनविश्वविद्यालयले वि.सं. २०२३ मा लिएको परीक्षामा धाँधली नयराज पन्तको भनाइतर्फ फेरि एकपल्टमा वाङ्मुख* ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो पुस्तक तयार पार्दा काम लिइएका साधनको तालिका

अ कलेक्शन् अफ् ट्रीटिज्, इन्गेज्मेन्ट्स् यान्ड् सनद्ज् रिलेटिङ् टु इन्डिअ यान्ड् नेबरिङ् कन्ट्रिज्

= चार्ल्स उम्फरस्टन ऐचिसन हेर्नू ।

अंगूरबाबा जोशी २०६९

= वि.सं. २०६९ मा काठमाडौँबाट ज्ञानगुनप्रकाशनद्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *ज्ञानगुनका कुरा भाग– १६२, नयराज पन्त अङ्क– २९, नयराज पन्त स्मृति अङ्क– १९* का ८-९ पृष्ठमा छापिएको, अंगूरबाबा जोशीको *प्रकाण्ड विद्वान् स्व. प्रा. नयराज पन्तज्यूमा श्रद्धाञ्जली** ।

अनन्तकृष्ण शास्त्री, हाराणचन्द्र शास्त्री, राजेश्वर शास्त्री द्रविड र श्रीजीव न्यायतीर्थ १९८७[१]।

= शाके १८५२ (वि.सं. १९८७) मा काशीबाट ब्राह्मणमहासम्मेलनद्वारा प्रकाशित; *ब्राह्मणमहासम्मेलनम्* ३ वर्ष ५ सङ्ख्यामा छापिएको अनन्तकृष्ण शास्त्री, हाराणचन्द्र शास्त्री, राजेश्वर शास्त्री द्रविड र श्रीजीव न्यायतीर्थको लेख ।

अनन्त सदाशिव अलतेकर २००५

= ई.सं. १९४८ (वि.सं. २००५) मा काशीबाट नन्द किशोर यान्ड ब्रद्अर्ज़द्वारा प्रकाशित, अनन्त सदाशिव अलतेकरको *एड्युकेशन् इन् एन्शन्ट् इन्डिअ* (प्राचीन भारतमा शिक्षा) ३ संस्करण ।

अनिरुद्ध तिमसिना २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *प्रज्ञा मनीषी: नयराज पन्त*का १५६-१६१ पृष्ठमा छापिएको अनिरुद्ध तिमसिनाको *विद्रोह र स्वाभिमानका प्रतिमूर्ति: नयराज पन्त* ।

अनिल कुमार पोखरेल र अपार कुमार लम्साल २०६३

= वि.सं. २०६३ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *असाधारण विद्वान् नयराज*

---

१. यो लेख कसले लेखेको हो, त्यो कुरा त्यहाँ नखुलाइएकोले *ब्राह्मणमहासम्मेलनम्*का सम्पादकहरूकै नाउँमा यो लेख दर्ता गरिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पन्तका १३१-१३४ पृष्ठमा छापिएको, अनिल कुमार पोखरेल र अपार कुमार लम्सालको *स्वाभिमानका सगरमाथा: नयराज पन्त– संक्षिप्त समीक्षा।*

अन्धवेग

= बालकृष्ण शमशेर ज.ब.रा. १९९५ हेर्नू ।

अभिलेख-संग्रह १ भाग

= रामजी तेवारी आदि २०१८ हेर्नू ।

अभिलेख-संग्रह २ भाग

= रामजी तेवारी आदि २०१८ क हेर्नू ।

अभिलेख-संग्रह ३ भाग

= गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८ हेर्नू ।

अभिलेख-संग्रह ४ भाग

= नयनाथ पौडेल २०१८ हेर्नू ।

अभिलेख-संग्रह ५ भाग

= रामजी तेवारी आदि २०१९ हेर्नू ।

अभिलेख-संग्रह ६ भाग

= रामजी तेवारी आदि २०१९ क हेर्नू ।

अभिलेख-संग्रह ७ भाग

= रामजी तेवारी आदि २०१९ ख हेर्नू ।

अभिलेख-संग्रह ८ भाग

= रामजी तेवारी आदि २०१९ ग हेर्नू ।

अभिलेख-संग्रह ९ भाग

= रामजी तेवारी आदि २०२० हेर्नू ।

अभिलेख-संग्रह १० भाग

= रामजी तेवारी आदि २०२० क हेर्नू ।

अभिलेख-संग्रह ११ भाग

= रामजी तेवारी आदि २०२० ख हेर्नू ।

अभिलेख-संग्रह १२ भाग

= रामजी तेवारी आदि २०२० ग हेर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अमरकोष

= अमरसिंह हेर्नू ।

अमरमाया

= लीलाध्वज थापा क्षत्री २००२ हेर्नू ।

अमरसिंह *अमरकोष*

= वि.सं. १९४६ मा बम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्तद्वारा सम्पादित *नामलिङ्गानुशासनं नाम अमरकोषः। पण्डितवरश्रीमदमरसिंहविरचितः। महामहोपाध्याय-श्रीभट्टोजिदीक्षितात्मजविद्वद्वरश्रीभानुजिदीक्षितकृतया व्याख्यासुधाख्यया व्याख्यया सहितः* (*नामलिङ्गानुशासन* नाउँ भएको *अमरकोष*, पण्डितहरूमा श्रेष्ठ श्रीमान् अमरसिंहले बनाएको । महामहोपाध्याय श्रीभट्टोजि दीक्षितका छोरा, विद्वान्हरूमा श्रेष्ठ श्रीभानुजि दीक्षितले बनाएको *व्याख्यासुधा*नाउँको व्याख्यासहित) ।

अम्बिकाप्रसाद उपाध्याय १९८६

= वि.सं. १९८६ मा बनारसबाट देवीप्रसाद उपाध्यायद्वारा प्रकाशित, अम्बिकाप्रसाद उपाध्यायको *नेपालको इतिहास* २ संस्करण ।

अरविन्द रिमाल २०६२

= वि.सं. २०६२ मा काठमाडौँबाट टंक*प्रसादआचार्यस्मृतिप्रतिष्ठानद्वारा प्रकाशित, अरविन्द रिमालको *१९९७ देखि २०१७ साल– एक अवलोकन*।

अर्याल २०२३

= वि.सं. २०२३।५।१८।७ मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *गोरखापत्र* ६६ वर्ष १२१ अङ्कका ५, ८, ९ पृष्ठमा छापिएको, अर्यालको *"खरदार बाजे"* र *इतिहासको ठेली* ।

अलका शर्मा २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *प्रज्ञा मनीषीः नयराज पन्त*का १३७-१४१ पृष्ठमा छापिएको अलका शर्माको *आफ्नै परिवारका दृष्टिमा प्राज्ञ पन्त– नयराज पन्तका कान्छा सुपुत्र प्रा. दिनेशराज पन्तसँगको कुराकारी* ।

अशोकवज्र वज्राचार्य २०६४

= वि.सं. २०६४ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र नेबरहुड बोर्डिङ्ग स्कूलद्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *धनवज्र वज्राचार्यः स्मृति र स्पन्दन*का ७७-७८ पृष्ठमा छापिएको; अशोकवज्र वज्राचार्यको *पुज्य* पिता धनवज्रको संझनामा* ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अशोक वाजपेयी २०६५

= ई.सं. २००८ मे २५ (वि.सं. २०६५ ज्येष्ठ १२ गते) नयाँ दिल्लीबाट इंडियन एक्सप्रेस न्यूजपेपर्सद्वारा प्रकाशित *जनसत्ता*को ६ पृष्ठमा छापिएको, अशोक वाजपेयीको *कभी-कभार* (कहिलेकहीँ) कोलममा *बनारस* ।

अष्ट्याध्यायी

= पाणिनि हेर्नू ।

असाधारण विद्वान् नयराज पन्त

= शेषराज सिवाकोटी २०६३ हेर्नू ।

आचार्यवंशावली

= आचार्य सदाशिव दीक्षित हेर्नू ।

आचार्य सदाशिव दीक्षित १९५९

= वि.सं. १९५९ मा काशीबाट प्राभाकरीयन्त्रालयद्वारा प्रकाशित, आचार्य सदाशिव दीक्षितको *आचार्यवंशावली* ।

आदर्श १ सङ्ख्या

= ई.सं. १९९३ (वि.सं. २०५०)मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्ज़्द्वारा प्रकाशित *आदर्श– अ सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (*आदर्श*– संशोधन-मण्डलको पत्रिका *पूर्णिमा*को पूरक) १ सङ्ख्या ।

आदर्श २ सङ्ख्या

= ई.सं. २००२ (वि.सं. २०५८) मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्ज़्द्वारा प्रकाशित *आदर्श* २ सङ्ख्या ।

इतिहास-प्रकाश १ अङ्क

= वि.सं. २०१२ मा काठमाडौँबाट इतिहास-प्रकाश-मण्डलद्वारा प्रकाशित *इतिहास-प्रकाश* १ अङ्क ।

इतिहास-प्रकाश २ अङ्क १ भाग

= वि.सं. २०१३ मा काठमाडौँबाट इतिहास-प्रकाशक-संघद्वारा प्रकाशित *इतिहास-प्रकाश* २ अङ्क १ भाग ।

इतिहास-प्रकाश २ अङ्क २ भाग

= वि.सं. २०१३ मा प्रकाशित *इतिहास-प्रकाश* २ अङ्क २ भाग ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास-प्रकाश २ अङ्क ३ भाग

= वि.सं. २०१३ मा प्रकाशित *इतिहास-प्रकाश* २ अङ्क ३ भाग ।

इतिहास-प्रकाशमा सन्धिपत्रसंग्रह

= नरहरिनाथ २०२२ हेर्नू ।

इतिहास-संशोधन ४१ सङ्ख्या

= धनवज्र वज्राचार्य २०१४ क हेर्नू ।

इतिहास-संशोधन ६८ क्रमागत सङ्ख्या

= संशोधन-मण्डल २०२५ हेर्नू ।

इतिहास-सहायक

= नयराज पन्त २००७ छ हेर्नू ।

इन्दिरा जोशी [२०६०] २०६२

= वि.सं. २०६०।७।१२।४ मा काठमाडौँबाट कान्तिपुर पब्लिकेशन्सद्वारा प्रकाशित *कान्तिपुर*को ७ पृष्ठमा छापिएको, इन्दिरा जोशीको *प्रज्ञा क्षेत्रका लौहपुरुष पं. नयराज पन्त* ।

वि.सं. २०६२ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *नेपालका बौद्धिक विभूति नयराज पन्त*का ६१-६४ पृष्ठमा फेरि प्रकाशित ।

इरेपूअर्अब्ल् लस् २०५९

= वि.सं. २०५९।७।२२।६ मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *द राइजिङ् नेपाल्* (उदीयमान नेपाल)को ४ पृष्ठमा छापिएको सम्पादकीय* इरेपूअर्अब्ल् लस् (पूरा गर्न नसकिने हानि) ।

ईश्वर बराल २००९

= *नेपाल-सांस्कृतिक परिषद्-पत्रिका** १ अङ्कका ४३-५२ पृष्ठमा छापिएको, ईश्वर बरालको *थारु जाति र तिनको संस्कृति* ।

ईश्वर बराल २००९ क

= वि.सं. २००९ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक परिषद्द्वारा प्रकाशित *नेपाल-सांस्कृतिक परिषद्-पत्रिका** १ अङ्कका ६०-६१ पृष्ठमा प्रकाशित, ईश्वर वरालको *सम्पादकीय** ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर बराल २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नेपाल-सांस्कृतिक परिषद्द्वारा प्रकाशित *नेपाल-सांस्कृतिक परिषद्-पत्रिका** २ अङ्कका ३२-४० पृष्ठमा छापिएको, ईश्वर बरालको *नेपाली भाषाको एउटा पुरानो नमूना* ।

उपिन्दर सिंह २०६१

= ई.सं. २००४ (वि.सं. २०६१) मा दिल्लीबाट पर्मानन्ट ब्ल्याकद्वारा प्रकाशित, उपिन्दर सिंहको द *डिस्कभ्अरि अफ् इन्डिअः अर्लि आर्कीअल्अजिस्ट्स् यान्ड् द बिगिनइङ्ज़् अफ् आर्कीअल्अजि* (भारतको खोज– उठानका पुरातत्त्वविद् र पुरातत्त्वका प्रारम्भ) ।

उपेन्द्र गौतम २०६४

= वि.सं. २०६४ मा काठमाडौँबाट रोचक घिमिरेको प्रधानसम्पादकत्वमा प्रकाशित *रचना* ९६ पूर्णाङ्कका ५६ -६० पृष्ठमा छापिएको उपेन्द्र गौतमको *ज्ञानगुनका कुरा– कति महेश, कति शेष ?*।

एच.पी. शर्मा (मिश्र)

= बेमितिको, काठमाडौँबाट आशिष* बुक्स हाउसद्वारा प्रकाशित, एच.पी. शर्मा (मिश्र)को *१३१ वर्षे पात्रो वि.सं. १९७० देखि २१०० सम्म* ।

ऐतिहासिक पत्रसंग्रह १ भाग

= धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१४ क हेर्नू ।

ऐतिहासिक पत्रसंग्रह २ भाग

= रामजी तेवारी आदि २०२१ हेर्नू ।

एन्रिक[२] गर्जिल्लि २०५७/५८

= ई.सं. २००१ (वि.सं. २०५७/५८) मा वीस्बादेनबाट फ्रन्त्स श्ताइनरद्वारा प्रकाशित, *जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर्* (नेपाल रिसर्च सेन्टरको पत्रिका) १२ ठेलीका ११५-१४९ पृष्ठमा छापिएको एन्रिक गर्जिल्लिको *अ स्यान्स्क्रिट् लेट्अर् रिट्न् बाइ सिल्भिं लेवि इन् १९२३ टु हेमराज शर्मा अलङ् विद् सम् हिद्अरटु अन्नोन् बाइअग्राफ्इक्ल् नोट्स्* (सिल्भिं लेविले वि.सं. १९८० मा हेमराज शर्मालाई संस्कृतमा लेखेको चिठी–चरित्रसम्बन्धी, अहिलेसम्म थाहा नभएका केही टिप्पणीसहित) ।

---

२. यस नामको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऐश्वर्यधर शर्मा २०११

= वि.सं. २०११[३] मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ७२-७४ पृष्ठमा छापिएको, ऐश्वर्यधर शर्माको *।।भक्तपुराधिपते रणजिन्मल्लस्य स्वर्णपत्राभिलेखः।। [वि.सं. १८१०]* (भक्तपुरका राजा रणजित् मल्लको, सुवर्णपत्रमा कुँदिएको लेख [वि.सं. १८१०]) ।

ऐश्वर्यधर शर्मा २०११ क

= वि.सं. २०११ मा काठमाडौँबाट नरहरिनाथ, बुद्धिसागर पराजुली, रत्नबहादुर वज्राचार्य, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* २ वर्ष १-३ अङ्कका १८-१९ पृष्ठमा छापिएको; ऐश्वर्यधर शर्माको *ललितपुराधीश्वरस्य सिद्धिनृसिंहमल्लस्य शिलालेखः। पाटनदरबार पछाडि भण्डारखाल पोखरी पूर्व ढुङ्गे धाराको दायाँपट्टिको शिलामा [वि.सं. १७०४]* (ललितपुरका राजा सिद्धिनृसिंह मल्लको शिलालेख) ।

ऐश्वर्यधर शर्मा र गौतमवज्र वज्राचार्य २०१२

= वि.सं. २०१२ घटस्थापनाको दिन काठमाडौँबाट ऐश्वर्यधर शर्मा र गौतमवज्र वज्राचार्यद्वारा प्रकाशित, उनीहरूकै

इतिहास-संशोधन

[९ संख्या]

श्रीसूर्यविक्रमज्ञवाली वी.ए.वी.टी. विरचित "पृथ्वीनारायण शाह" नामक पुस्तकमा रहेका अशुद्धिहरू।

ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०१२

= वि.सं. २०१२।२।२५।४ मा काठमाडौँबाट ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित; उनीहरूकै

इतिहास-संशोधन

[८ संख्या]

श्रीवास्तव त अवास्तव कुरो पो गर्नु हुदोरहेछ।

ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११

= वि.सं. २०११।९।१८।१ मा काठमाडौँबाट ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित; उनीहरूकै

---

३. यस अङ्कको प्रकाशनमिति यही अङ्कमा वि.सं. २०१० चैत्रशुक्लएकादशी दिइएको छ । यस वर्ष चैत्रशुक्लएकादशी वि.सं. २०११ वैशाख १ गते परेकोले (महेशराज पन्त २०५८: १३८ मा ५ सङ्ख्याको टिप्पणी) माथि प्रकाशनसमय २०११ लेखिएको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास-संशोधन
[५ संख्या]

भूपालेन्द्रको विषयमा इतिहासकारहरूको भ्रम र त्यसको निराकरण।

ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ क

= वि.सं. २०११।११।२६ मा काठमाडौँबाट ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित; उनीहरूकै

इतिहास-संशोधन
[६ संख्या]

श्री हेमलाल जोशी बी.ए. को नेपालको इतिहासमा रहेको अशुद्धिको नमूना।

ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०१२

= वि.सं. २०१२ वैशाखपूर्णिमाको दिन काठमाडौँबाट ऐश्वर्यधर शर्मा, घनश्याम सुवेदी, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित; उनीहरूकै

इतिहास-संशोधन
[७ संख्या]

*श्री ५ रणबहादुर शाहले स्वामी भए पछि लिएको, नाममा इतिहस*कारहरूले, गरेको अशुद्धिको निराकरण।*

कमल दीक्षित २०५०

= वि.सं. २०५० मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित, कमल दीक्षितको बुइँगल ४ संस्करण।

कमल दीक्षित २०७१

= वि.सं. २०७१।५।१-७ मा ललितपुरबाट हिमाल मिडियाद्वारा प्रकाशित *हिमाल* साप्ताहिक खबर पत्रिका ४०३ पूर्णाङ्कको १२ पृष्ठमा छापिएको, कमल दीक्षितको *मजलिस घरबाट*– १० ।

कमलप्रकाश मल्ल २०३६

= ई.सं. १९७९ (वि.सं. २०३६) मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित, कमलप्रकाश मल्लको द रोड् टु नोह्वेर् (कहीँ पनि नपुग्ने बाटो) का १७१-१७८ पृष्ठमा छापिएको, उनैको *यान् इन्टिलेक्ट्युअल् इन् द कर्इडर्ज् अफ् पाउअर्* (१ जना बुद्धिजीवी शक्तिकेन्द्रमा)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमलप्रकाश मल्ल २०३९

= ई.सं. १९८२ (वि.सं. २०३९) मा काठमाडौँबाट एड्युकेशनल एन्टर्‌प्राइजद्वारा प्रकाशित, कमलप्रकाश मल्लको *क्ल्यास्इक्ल् नेवारी लिट्अर्‌इचर्: अ स्केच्* (प्राचीन नेवारी वाङ्मयको उन्मीलन) ।

कमलप्रकाश मल्ल २०४०

= वि.सं. २०४० मा कीर्तिपुरबाट नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *कन्ट्रिब्युशन्ज् टु नेपालीज् स्टड्इज्* (नेपालविषयका विद्यासम्बन्धी लेख) ११ ठेली १ सङ्ख्याका १२५-१३३ पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको द *लिमिट्स् अफ् सर्फेस् आर्‌किअल्अजि* (जमीनमाथिको पुरातत्त्वका सीमा) ।

कमलप्रकाश मल्ल २०४१

= ई.सं. १९८४ (वि.सं. २०४१)मा काठमाडौँबाट नेपाल स्टड्इ सेन्टरद्वारा प्रकाशित, कमलप्रकाश मल्लको *इम्पेक्अब्ल् हिस्टोरिओग्रफि इन् नेपाल्, अ रिबुट्ल्* (नेपालमा निर्दोष इतिहासरचना– प्रतिवाद) ।

कमलप्रकाश मल्ल २०५७

= ई.सं. २००० (वि.सं. २०५७) मा काठमाडौँबाट च्वसापासाद्वारा प्रकाशित, कमलप्रकाश मल्लको प्रधानसम्पादक र काशीनाथ तमोट आदि ९ जना शब्दसङ्कलक र तेजरत्न कंसकार सम्पादक भई तयार गरिएको *अ डिक्शन्अरि अफ् क्ल्यास्इक्ल् नेवारी, कम्पाइल्ड् फ्रम् म्यान्युस्क्रिप्ट् सोर्स्इज्*[४] (लेखोट पुस्तकहरूबाट शब्दसङ्कलन गरिएको, पुरानो नेवारीको कोष) ।

कमलप्रकाश मल्ल २०६१[५]

= वि.सं. २०६१ मा काठमाडौँबाट नेपाल टेक्ष्ट सोसाइटीद्वारा प्रकाशित; कमलप्रकाश मल्लको *नेपालका इतिहास- संशोधकहरुको उत्थान र पतन* ।

---

४. **म्यान्युस्क्रिप्ट् सोर्स्इज्** अर्थात् **लेखोट पुस्तकहरूरूपी आकर** भनी यहाँ लेखिएकोले र यस कोषमा शिलापत्र र ताम्रपत्रबाट पनि शब्द लिइएकोले (कमलप्रकाश मल्ल २०५७: भूमिकाखण्ड २९) यस कोषको नाउँ नै अव्याप्तिदोषले दूषित छ भनी भनिरहनुपर्दैन ।

५. यस पुस्तिकामा दिइएको मिति **नेपालसंवत् १११५** छ । यसको मतलब यो पुस्तिका **वि.सं. २०५१** वा **२०५२** मा छापिएको ठहर्छ । तर त्यस पुस्तिकाको मूल भागमा वि.सं. २०५४ वैशाख १२ र १९ गतेका *देशय्मरु झ्या:* र वि.सं. २०५४ ज्येष्ठ ४ गतेको *नेपाल समाचारपत्र*मा छापिएका लेखको चर्चा (त्यस पुस्तिकाको ५ पृष्ठ) भएकोले तथा त्यही पुस्तिकाको सन्दर्भ-सूचीमा *पूर्णिमा* ९२ पूर्णाङ्क पनि परेकोले (उही: २९ पृष्ठ) र त्यो पूर्णाङ्क वि.सं. २०५४ चैत्रमा मात्र निस्केकोले, कमलप्रकाश मल्लको त्यो पुस्तिका छापिनेबित्तिकै सरोजकुमार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कमलप्रकाश मल्ल २०६४

= वि.सं. २०६४ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित; धनवज्र वज्राचार्यको *गोपालराजवंशावलीको ऐतिहासिक विवेचना*का v-xiii पृष्ठमा छापिएको, कमलप्रकाश मल्लको *इन्ट्रडक्शन् टु द हिस्टरिक्ल् यान्अलिसिस् अफ् द गोपाल-राजवंशावली* (*गोपालराजवंशावली*को ऐतिहासिक विवेचनाको उपोद्घात) ।

कमलमणि दीक्षित, शरद्चन्द्र* शर्मा र घटराज भट्टराई २०५३

= वि.सं. २०५३ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित; कमलमणि दीक्षित, शरद्चन्द्र* शर्मा र घटराज भट्टराईको *एउटा अर्को बुइँगल*।

कमलाकर *सिद्धान्ततत्त्वविवेक*

= वि.सं. १९८५ मा लखनौबाट नवलकिशोर प्रेसद्वारा प्रकाशित, गङ्गाधर मिश्रद्वारा सम्पादित *श्रीमन्नृसिंहदैवज्ञात्मजश्रीमत्कमलाकरदैवज्ञविरचित: सिद्धान्ततत्त्वविवेक: त्रिप्रश्नाधिकारान्त: (पूर्वार्धभाग:)* । [...] *पण्डितश्रीगङ्गाधरशर्मणा विरचितेन वासनाभाष्येण समलङ्कृत:* (श्रीमान् नृसिंह दैवज्ञका छोरा, श्रीमान् कमलाकर दैवज्ञले बनाएको *सिद्धान्ततत्त्वविवेक*–त्रिप्रश्नाधिकारसम्म (पूर्वार्धभाग) । पण्डित श्रीगङ्गाधर शर्माले बनाएको वासनाभाष्यले सिँगारिएको) ।

शाके १८५७ (वि.सं. १९९२) मा भागलपुरबाट मिथिला-मुद्रणयन्त्रालयद्वारा प्रकाशित, गङ्गाधर मिश्रद्वारा सम्पादित *सिद्धान्ततत्त्वविवेक: ।(बिम्बाधिकारादिचन्द्रग्रहणाधिकारान्त: ।) सकलगणकसार्वभौमश्रीमन्नृसिंहदैवज्ञात्मजश्रीकमलाकरविरचित: ।* [...] *श्रीवैद्यनाथ-संस्कृतविद्यालयाध्यापकेन श्रीगङ्गाधरमिश्रशर्मणा विरचितेन वासनाभाष्येण समलङ्कृत:* (सबै ज्योतिषीहरूमध्ये श्रेष्ठ, श्रीमान् नृसिंह दैवज्ञका छोरा श्रीकमलाकरले बनाएको *सिद्धान्ततत्त्वविवेक*– बिम्बाधिकारदेखि चन्द्रग्रहणाधिकारसम्म । श्रीवैद्यनाथसंस्कृत-

---

आचार्य (२०६१)ले वि.सं. २०६१ माघ १७ गतेको *गोरखापत्र*मा त्यस पुस्तिकाको आलोचना गरी लेखेकाले र कमलप्रकाश मल्लले आफ्नो त्यो पुस्तिका मलाई दिँदा त्यहाँ

डा. महेशराज पन्तमा

सप्रेम

कमलप्रकाश मल्ल

माघ १४, २०६१

भनी लेखेकाले पुस्तिकामा दिइएको मिति ठीक नभएको स्पष्ट हुन्छ । वास्तव प्रकाश भएको मितिभन्दा पुस्तिकामा कमसेकम १२ वर्षअगाडिको मिति दिइएको यताबाट देखिएको छ । वि.सं. २०६१ मा छापिएको पुस्तिकामा १० वर्षअगाडिको मिति किन दिनुपर्‍यो, त्यो अनुसन्धेय छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालयका अध्यापक पण्डित श्रीगङ्गाधर मिश्र शर्माले बनाएको वासनाभाष्यले सिँगारिएको) ।

कमाण्डर २०५९

= वि.सं. २०५९।७।२४।१ मा काठमाडौँबाट युगनाथ शर्मा पौडेलद्वारा प्रकाशित *कमाण्डर* ४ वर्ष ३१८ अङ्कको २ पृष्ठमा छापिएको *नयराज पन्त* ।

कर्क्प्याट्रिक १८६८

= ई.सं. १८११ (वि.सं. १८६८)मा लन्डनबाट विल्यम मिल्अरद्वारा प्रकाशित, कर्क्प्याट्रिकको *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाउल्, बीइङ् द सब्स्टन्स् अफ् दि अब्ज़र्भ्रेशन्ज् मेड् ड्यूरिङ् अ मिश्अन् टु द्याट् कन्ट्रि इन् द यर् १७९३* (नेपाल राज्यको वर्णन– वि.सं. १८४९ मा त्यस देशमा गएको दूतमण्डलले त्यहाँ देखेका कुराको सार) ।

कल्हण *राजतरङ्गिणी*

= ई.सं. १८९२ (वि.सं १९४९)मा लाहुरबाट प्रकाशित, मार्क ओरेल स्टीनद्वारा सम्पादित *कल्हण'ज् राजतरङ्गिणी, अर् क्रनिक्ल् अफ् द किङ्ज् अफ् कश्मीर्* (कल्हणको *राजतरङ्गिणी* अथवा कश्मीरका राजाहरूको पुरावृत्तग्रन्थ) ।

काजूहीको साएगी २०५६

= ई.सं. १९९९ (वि.सं. २०५६)मा तोक्योबाट आकासी स्योतेनद्वारा प्रकाशित, काजूहीको साएगीको *कोदाइ नेपाल सिर्यो लिच्छवि– निदाइ नो मेइबुन् स्यूसेई* (प्राचीन नेपालको ऐतिहासिक सामग्री– लिच्छविकालका उत्कीर्णलेखसङ्ग्रह) ।

कान्तिपुर २०५९

= वि.सं. २०५९।७।१९।३ मा काठमाडौँबाट कान्तिपुर पब्लिकेशन्सद्वारा प्रकाशित *कान्तिपुर* १० वर्ष २५६ अङ्कको १२ पृष्ठमा छापिएको *प्रसिद्ध इतिहासविद् नयराज पन्तको अन्तिम अवस्थामा सोमवार पशुपति आर्यघाट सेवाकेन्द्रमा घाटेवैद्य सुवर्ण वैद्य नारी छाम्दै । नजिकै पन्तका छोरा इतिहासका प्राध्यापक दिनेशराज पन्त इतिहासविद् पन्तको सोमबार* साँझ निधन भयो* (फोटो) ।

कान्तिपुर २०५९ क

= वि.सं. २०५९।७।२२।६ मा प्रकाशित*कान्तिपुर* १० वर्ष २५७ अङ्कको २ पृष्ठमा छापिएको *इतिहासकार पन्तको निधनमा संघ-संस्थाहरूबाट शोक व्यक्त* ।

कामन्दकीयनीतिसार

= शाके १८८६ (वि.सं. २०२१) मा पूनाबाट आनन्दाश्रम प्रेसद्वारा प्रकाशित, साङ्गवेदविद्यालयका विद्वान्हरूको आयोगद्वारा सम्पादित *जयमङ्गलोपाध्यायनिरपेक्षाभ्यां*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संवलित: कामन्दकीयनीतिसार: (*जयमङ्गला र उपाध्यायनिरपेक्षाले युक्त कामन्दकीयनीतिसार*) २-३ भाग।

कालिदास *मालविकाग्निमित्र*

= ई.सं. १९८५ (वि.सं. २०४१/२०४२) मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा फेरि प्रकाशित, मोरेश्वर रामचन्द्र कालेद्वारा सम्पादित *द मालविकाग्निमित्रम् अफ् कालिदास* (कालिदासको *मालविकाग्निमित्र*)को ई.सं. १९६० (वि.सं. २०१६/१७)को संस्करणको पुनर्मुद्रण।

यसका संस्कर्ता जयानन्द एल. दबे र एस.ए. उपाध्याय।

काव्यादर्श

= दण्डी हेर्नू।

काशीनाथ आचार्य दीक्षित २०३१

= वि.सं. २०३१ मा काठमाडौँबाट नरेन्द्रमणि आचार्य दीक्षितद्वारा प्रकाशित तथा सम्पादित, काशीनाथ आचार्य दीक्षितको *भएका कुरा*।

काशीनाथ तमोट २०३१

= वि.सं. २०३१ मा काठमाडौंबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *मधुपर्क* ७ वर्ष ५ अङ्कका १५-१९ पृष्ठमा छापिएको, काशीनाथ तमोटको *मदन पुरस्कार प्राप्त लिच्छवि कालका अभिलेख*।

काशीप्रसाद जायस्वाल १९९२

= ई.सं. १९३६ (वि.सं. १९९२) मा पटनाबाट प्रकाशित *जर्नल् अफ् द बिहार् यान्ड् ओरिस्सा रिसर्च् ससाइइटि* (बिहार यान्ड ओरिस्सा रिसर्च ससाइइटिको पत्रिका) २२ ठेलीका ८१-९५ पृष्ठमा छापिएको, काशीप्रसाद जायस्वालको *यान् अन्रिकर्ड्इड् मोह्यामृइडन् इन्भेझन् अफ् नेपाल्* (कतै नचढेको, नेपालमा भएको मुसलमानी हमला)।

काशीप्रसाद जायस्वाल १९९३

= ई.सं. १९३६ (वि.सं. १९९३) मा प्रकाशित *जर्नल् अफ् द बिहार् यान्ड् ओरिस्सा रिसर्च् ससाइइटि* २२ ठेलीका १५७-२६४ पृष्ठमा छापिएको, काशीप्रसाद जायस्वालको *क्रोनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल्, ६०० बी.सी. टु ८८० ए.डी.* (नेपालको कालनिर्णय र इतिहास, वि.पू. ५४३ देखि वि.सं. ९३६ सम्म)।

कुँवर राणाजीहरुको बृहत् वंशावली

= वि.सं. २०५६ मा काठमाडौँबाट पाञ्चायन प्रकाशनद्वारा प्रकाशित *कुँवर राणाजीहरुको बृहत् वंशावली*।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुलप्रसाद खनाल २०५९

= वि.सं. २०५९ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एडभान्स इन्टरनेशनल मोडेल उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *स्वाभिमानका सगरमाथा नयराज पन्त*का ७८-८५ पृष्ठमा छापिएको, कुलप्रसाद खनालको *प्राज्ञ पन्त: साधना र आत्मसम्मानको प्रतीक*।

कुल्लूक *मन्वर्थमुक्तावली*

= शाके १८०५ (वि.सं. १९४०) मा बम्बईबाट निर्णयसागरप्रेसद्वारा प्रकाशित, विठ्ठल नारायण गोरेद्वारा सम्पादित *मनुस्मृतिः । श्रीमत्कुल्लूकभट्टविरचितया मन्वर्थमुक्तावल्याख्यया व्याख्यया समेता* (*मनुस्मृति*– श्रीमान् कुल्लूक भट्टले बनाएको *मन्वर्थमुक्तावली*नाउँको व्याख्यासहित) ।

कृष्णराज खनाल २०५८

= वि.सं. २०५८ मा काठमाडौँबाट नगेन्द्रनाथ खनालद्वारा प्रकाशित, कृष्णराज खनालको *प्रो. हरिनाथ खनाल: जीवनी र परिवेश*।

केरो लक्ष्मण छत्रे १९१५

= शाके १७८० (वि.सं. १९१५) मा बम्बईबाट गणपत कृष्णाजीद्वारा प्रकाशित, केरो लक्ष्मण छत्रेको *ग्रहसाधनाचीं कोष्टकें** (ग्रहसाधन गर्ने कोष्ठकहरू) ।

केशव मणि आचार्य दीक्षित २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट गिरीश मणि आ. दीक्षितद्वारा प्रकाशित, केशव मणि आचार्य दीक्षितद्वारा सम्पादित *सम्झनाको बाटोमा* ।

केशवमणि आचार्य दीक्षित २०५६

= वि.सं. २०५६ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, केशवमणि आचार्य दीक्षितद्वारा सम्पादित, चक्रपाणि चालिसेले गरेको नेपाली उल्थासहितको *आचार्यवंशावली* ।

केशवमणि आ.दी. २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष ९ अङ्कका ३८-४३ पृष्ठमा छापिएको केशवमणि आ.दी.को *चन्द्रशेखरपत्रानुवादः* (चन्द्रशेखरको चिठीको उल्था) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केशवमणि आ.दी. २०११

= वि.सं. २०११[६] मा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका ३७-४१ पृष्ठमा छापिएको; केशवमणि आ.दी.को *राजेन्द्रपत्रम्* (राजेन्द्र[विक्रम शाह]को चिठी)।

केशवमणि आ.दी. २०५६

= वि.सं. २०५६ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित, चक्रपाणि चालिसेद्वारा अनूदित, केशवमणि आ.दी.द्वारा सम्पादित *आचार्य वंशावली*।

केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारी २००९

= वि.सं. २००९।६।५ मा काठमाडौँबाट केशवमणि आ.दी., महेन्द्रनाथ अधिकारी र सुरेन्द्रनाथ अधिकारीद्वारा प्रकाशित, उनीहरूकै

इतिहास संशोधन

[संख्या १]

इतिहासकारहरूको असावधानीले गर्दा छोरा बाबु, बाबु छोरा भएर कान्तिपुरेमल्ल-राजाहरूको वंशमा गडवडी हुँदा त्यस भ्रमको प्रमाण सहित निराकरण।

कौटलीय अर्थशास्त्र

= ई.सं. १९०९ (वि.सं. १९६६) मा मैसूरबाट गभ्अर्नमेन्ट अरृइअन्टल लाइब्ररिद्वारा प्रकाशित, आर. शाम शास्त्रीद्वारा सम्पादित *कौटिलीयं* अर्थशास्त्रम्* ।

ई.सं. १९६९ (वि.सं. २०२५) मा बम्बईबाट बम्बईविश्वविद्यालयद्वारा प्रकाशित, आर.पी. काङ्लेद्वारा सम्पादित द *कौटिलीय* अर्थशास्त्र पार्ट् १: अ क्रिट्इक्ल् एडिशन् विद् अ ग्लस्अरि* (*कौटलीय अर्थशास्त्र* १ भाग, शब्दार्थसूचीसहितको परीक्षणात्मक संस्करण) २ संस्करण।

गुहनाथ पौडेल २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट आगमप्रकाशनद्वारा प्रकाशित, गुहनाथ पौडेलको *आँसीको रातका* १-२० पृष्ठमा छापिएको, उनैको *भोलाकी गृहिणी* ।

गुहनाथ पौडेल २०६० क

= *आँसीको रातका* २१-६१ पृष्ठमा छापिएको, उनैको *महाविद्यावारिधि पं. नयराज पन्त* ।

गुहनाथ पौडेल २०६४

= वि.सं. २०६४ मा काठमाडौँबाट गुहनाथ पौडेलद्वारा प्रकाशित, नयराज पन्तको *दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडीका* क-ट पृष्ठमा छापिएको गुहनाथ पौडेलको *प्रकाशकीय** ।

---

६. यही तालिकाको ३ सङ्ख्याको टिप्पणी हेर्नू।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुहनाथ पौडेल २०६५

= वि.सं. २०६५ मा काठमाडौँबाट आगमप्रकाशनद्वारा प्रकाशित, गुहनाथ पौडेलद्वारा सम्पादित, भोलानाथ पौडेलको *भक्तपुरको राजकुलो*मा गाँसिएको, गुहनाथ पौडेलको *सम्पादकीय** (मूल पुस्तकको भन्दा भिन्नै पृष्ठसङ्ख्या भएका १-९२ पृष्ठ)।

गेओर्ग ब्यूलर [१९४५] २०४०/४१

= ई.सं. १८८८ (वि.सं १९४५) मा बम्बईबाट बम्बे एड्युकेशन ससाइइटिं'ज़ प्रेसद्वारा प्रकाशित *दि इन्डिअन् यान्टिक्वरि* (भारतीय प्रत्नतत्त्व) १७ ठेलीका २९२-२९७ पृष्ठमा छापिएको, गेओर्ग ब्यूलरको *पन्डिट् भग्वान्लाल् इन्द्रजी* ।

यो ठेली ई.सं. १९८४ (वि.सं. २०४०/४१)मा दिल्लीबाट स्वाति पब्लिकेशन्ज़द्वारा फेरि प्रकाशित।

गोपाल भण्डारी २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *प्रज्ञा मनीषी: नयराज पन्त*का १७३-१८१ पृष्ठमा छापिएको गोपाल भण्डारीको *दीर्घतपस्वी गुरु पं. नयराज पन्तको योगदान-परिचय* ।

गोपीनाथ शर्मा २०५०

= वि.सं. २०५० मा काठमाडौँबाट रविनराज भण्डारीद्वारा प्रकाशित, गोपीनाथ शर्माको *नेपालमा शिक्षाको इतिहास* २ संस्करण।

गोरखापत्र २००७

= वि.सं. २००७।७।२३।४ मा काठमाडौँबाट प्रेमराज शर्माको सम्पादकत्वमा प्रकाशित *गोरखापत्र* अतिरिक्ताङ्कका १-२ पृष्ठमा छापिएको *श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहको राज्यारोहण. श्री ५ महाराजाधिराज त्रिभुवन वीरविक्रम शाहको पदच्यूत** ।

गोरखापत्र समाचारदाता २०५९

= वि.सं. २०५९।७।२२।६ मा काठमाडौँबाट गोरखापत्रसंस्थानद्वारा प्रकाशित *गोरखापत्र* १०२ वर्ष १७९ अङ्कको ३ पृष्ठमा छापिएको *प्रसिद्ध इतिहासविद् नयराज पन्तको निधन– नेपालको इतिहास र साहित्यमा अपूरणीय क्षति* ।

गोरखापत्र समाचारदाता २०६९

= वि.सं. २०६९ श्रावण १५ गते सोमवारको दिन प्रकाशित *गोरखापत्र* ११२ वर्ष ८६ अङ्कको १ पृष्ठमा छापिएको, गोरखापत्र समाचारदाताको *'हुलाकको महत्त्व सकिएको छैन'*।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोविन्दराज *मन्वाशयानुसारिणी मनुटीका*

= जयन्तकृष्ण हरिकृष्ण दवे २०३२ हेर्नू ।

गो.वि. देवस्थली २००९

= वि.सं. २००९ मा काठमाडौँबाट नेपाल-सांस्कृतिक परिषद्द्वारा प्रकाशित *नेपाल-सांस्कृतिक परिषद्-पत्रिका** १ अङ्कका २१-२८ पृष्ठमा छापिएको, गो.वि. देवस्थलीको *शबर र पतञ्जलि* ।

गौतमवज्र वज्राचार्य २०१०

= वि.सं. २०१० वैशाखमा काठमाडौँबाट बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *पुरुषार्थ*का १६-१७ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *वैद्य ?*।

गौतमवज्र वज्राचार्य २०११

= वि.सं. २०११[७] मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका २०-२२ पृष्ठमा छापिएको; गौतमवज्र वज्राचार्यको *थापान्वयेन भीमसेनेन दूताय लोकरमणाय प्रहितं पत्रम्* (थापावंशका भीमसेनले दूत लोकरमणलाई पठाएको चिठी) ।

गौतमवज्र वज्राचार्य २०१८

= वि.सं. २०१८।९।१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको

इतिहास-संशोधन

[५२ क्रमागत संख्या]

श्री ५ रणबहादुर शाहले स्वामी भएपछि लिएको नाममा नयाँ प्रकाश [आत्मसंशोधन] ।

गौतमवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९।१।१ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको

इतिहास-संशोधन

[५४ क्रमागत संख्या]

प्राध्यापक श्रीतोत्रराज पाँडे तथा श्रीगुरु पं. नयराज पन्त विरचित 'नेपालको संक्षिप्त इतिहास' मा तथा अरू इतिहासकारहरूका ग्रन्थमा रहेका अशुद्धिको संशोधन ।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८

= वि.सं. २०१८ कार्तिक-संक्रान्तिको दिन काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *अभिलेख-संग्रह* ३ भाग ।

---

७. यही तालिकाको ३ सङ्ख्याको टिप्पणी हेर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१९

= वि.सं. २०१९।१२।७।४ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको

सावधान-पत्र

(४ संख्या)

शाही नेपाल एकेडेमीका सदस्य सचिव श्रीसूर्यविक्रम ज्ञवाली बी.ए. बी.टी. ज्यूले इतिहास लेख्नुभन्दा पहिले अरूले खोजी गरी प्रकाश गरिसकेका (आफूले लेख्न लागेका विषयका) इतिहास मनन गर्नु आवश्यक छ।

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२०

= वि.सं. २०२०।२।२८।३ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको

सावधान–पत्र

(६ संख्या)

[ज्ञवालीविषयक ३ संख्या]

वि.सं. २०१२ मा इतिहास-संशोधनले सप्रमाण सिद्ध गरिसकेका कुरालाई वि.सं. २०१९ मा पनि अण्डबण्ड पारी भ्रम पार्ने दुराग्रह गर्ने रायल नेपाल एकेडेमीका सदस्य सचिव श्रीसूर्यविक्रम ज्ञवाली बी. ए. बी. टी.ज्यू आफूलाई विद्वान् संझनुहुन्छ भने उहाँले सप्रमाण इतिहास-संशोधनको खण्डन गर्न सक्नुपर्छ।

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० क

= वि.सं. २०२०।३।८।७ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको

सावधान–पत्र

(७ संख्या)

[ज्ञवालीविषयक ४ संख्या]

[ज्ञवालीविषयक ६ पूर्णसंख्या]

रायल नेपाल एकेडेमीका सदस्य सचिव श्रीसूर्यविक्रम ज्ञवाली बी.ए.बी.टी.ज्यू ! इतिहास-संशोधनको प्रामाणिकता रहन दिनु हुन्न भनी योजनावद्ध जालको सृष्टि गर्ने दुराग्रह गर्दा तपाईंले आफ्नो ग्रन्थलाई उपहासपात्र बनाउनुभएको छ।*

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ख

= वि.सं. २०२०।३।२५।३ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सावधान–पत्र
(९ संख्या)
[ज्ञवालीविषयक ६ संख्या]
[ज्ञवालीविषयक १० पूर्ण संख्या]

प्रमाणद्वारा सिद्ध भइसकेका कुरालाई नमान्नु नै ज्ञवालीजीको वैज्ञानिकता हो कि ?

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० ग

= वि.सं. २०२०।४।७।२ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको

सावधान–पत्र
(१० संख्या)
[ज्ञवालीविषयक ७ संख्या]
[ज्ञवालीविषयक ११ पूर्णसंख्या]

ज्ञवालीज्यूलाई यस्तो लेख्ने धृष्टता कताबाट आयो ?

गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेल २०२० घ

= वि.सं. २०२०।५।१५।२ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित; गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको

सावधान–पत्र
(११ संख्या)
[ज्ञवालीविषयक ८ संख्या]
[ज्ञवालीविषयक १३ पूर्णसंख्या]

इतिहासप्रसिद्ध स्वास्नी छोरीको समेत भेद छुट्याउन नसक्ने श्रीबालचन्द्र शर्माजीले जथाभावी लेख्नुभएको कुरालाई इतिहास-संशोधनले सप्रमाण खण्डन गरेको थियो । शर्माज्यूको वकील भई शर्माज्यूको दोष ढाकछोप गर्न श्रीसूर्यविक्रम ज्ञवालीज्यू अनर्थ इतिहास लेखी शर्माज्यूलाई रिझाउन र नेपालको इतिहास भ्रष्ट पार्न लाग्नुभएको छ ।

गौरीबहादुर कार्की २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *नयराज पन्तः स्मृति र स्पन्दन*का १७०-१७५ पृष्ठमा छापिएको, गौरीबहादुर कार्कीको *आचार्य नयराज पन्तज्यूको सम्बन्धमा केही कुरा* ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रीष्मबहादुर देवकोटा [२०१६] २०३६

= वि.सं. २०१६ मा काशीबाट केशवचन्द्र गौतमद्वारा प्रकाशित, ग्रीष्मबहादुर देवकोटाको *नेपालको राजनीतिक दर्पण* १ भाग ।

वि.सं. २०३६ मा काठमाडौँबाट ध्रुवबहादुर देवकोटाद्वारा प्रकाशित द्वितीयावृत्ति ।

घटराज भट्टराई २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट लक्ष्मीप्रसाददेवकोटाप्रतिष्ठानद्वारा प्रकाशित, घटराज भट्टराईको *नेपाली लेखककोश* ।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११

= वि.सं. २०११[८] मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १ वर्ष १०-१२ अङ्कका २२-२६ पृष्ठमा छापिएको; घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माको *पार्थिवेन्द्रमल्लस्याभिलेख: [वि.सं. १७३५]* (पाथिवेन्द्र मल्लको उत्कीर्ण लेख [वि.सं. १७३५]) ।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ क

= वि.सं. २०११।१।९।४ मा काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित; उनीहरूकै *इतिहास-संशोधन*

*पं. अम्विका*प्रसाद उपाध्याय एम्. ए. वी. एल्‌को मतमा आमा र स्वास्नीमा अभेद।*

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ख

= वि.सं. २०११।५।२१।२ मा काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित; उनीहरूकै

इतिहास-संशोधन
(२ संख्या)

श्री बालचन्द्र शर्मा एम्.ए. साहित्यरत्नजी भानिजलाई छोरो भनी कल्पना गर्नु हुन्छ, मुद्राको अक्षर अशुद्ध पढ्नु हुन्छ, शासनकालमा पनि गडवड गर्नु हुन्छ ।

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ ग

= वि.सं. २०११ घटस्थापनाको दिन काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित; उनीहरूकै

इतिहास-संशोधन
[३ संख्या]

रामजी उपाध्यायको "नेपालदिग्दर्शन" मा रहेका केही अशुद्धिको दिग्दर्शन ।

---

८. यही तालिकाको ३ सङ्ख्याको टिप्पणी हेर्नू ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्मा २०११ घ

